# भूमि र कृषिको अर्थराजनीति

केशव बडाल

**प्रकाशक**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

**संस्करण**
चैत, २०६६

© लेखक

**मुल्य** : २५०/-
ISBN : ९७८-९९९३३-८१०-९-९

**ले-आउट** : **कुमार थापा**
**आवरण** : **राजन काफ्ले**

यसमा व्यक्त विचार, विश्लेषण र निष्कर्ष लेखकका निजी हुन । त्यसलाई प्रकाशकको आधिकारिक धारणा मान्न मिल्दैन ।

## हार्दिक धन्यवाद :

डा. शिव शर्मा, घनेन्द्र बस्नेत, प्रेम दङ्गाल, जगत बस्नेत र जगत देउजा- प्रकाशन गर्न निरन्तर प्रेरणा र योगदानका लागि ।

अध्यापक तथा साहित्यकार नरनाथ लुइँटेल- असरल्ल पाण्डुलिपिहरुलाई एउटै मालामा उनेर पुस्तकको आकार दिएकामा ।

केदार कोइराला र रमेश पोखरेल- शीर्षक श्रृङ्खला र विषय मिलाउन गरिएको महत्वपूर्ण योगदानका लागि ।

डा. युवराज खतिवडा- पुस्तक अध्ययन, भूमिका लेखन र महत्वपूर्ण सुझावका निम्ति ।

अमृत बोहरा, जननेता मदन भण्डारी, जे. एन. खनाल, मोदनाथ प्रश्रित, माधव नेपाल, मनमोहन अधिकारी- मलाई यस क्षेत्रमा अघि बढ्ने प्रेरणा र प्रोत्साहनका लागि ।

देशभरका भूमिहीन र सम्पूर्ण किसान समुदाय, कृषि तथा भूमि समस्या समाधानमा क्रियाशील नेता तथा कार्यकर्ता, यस क्षेत्रका विज्ञ, वैज्ञानिक र अनुसन्धानकर्ता- मलाई हरेक सन्दर्भमा स्नेह, सद्भाव, प्रेम र उत्साह दिएवापत ।

देन्जु, कोमल, शान्ति, श्रृजन, लक्ष्मी बडाल- जसको सहयोगबिना यो काम पूरा हुने थिएन ।

राजन काफ्ले- आवरणका लागि, कुमार थापा- लेआउटका लागि र रघुनाथ लामिछाने- भाषा सम्पादनका निम्ति ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र- प्रकाशनका लागि ।

*- लेखक*

## समर्पित

किसान आन्दोलनका प्रेरक व्यक्तित्व तुलसीलाल अमात्य, पुष्पलाल, जयगोविन्द शाह, भीमदत्त पन्त, भीमबहादुर सेन, गुमरा थारु, एकदेव आले, मुखलाल महतो, रामनाथ दाहाल, कृष्ण कुइँकेल, नेत्र घिमिरे, नारायण श्रेष्ठ, विरेन राजवंशी, इली थामी, वीरबहादुर थामी, दशरथ चेपाङ, सन्तबहादुर चेपाङहरुप्रति ।

# भूमिका

नेपालमा राष्ट्रियता, राष्ट्रिय अखण्डता, लोकतन्त्र, जनाधिकार र जनजीविकाका पक्षमा धेरै आन्दोलन भएका छन्, जसले गर्दा मुलुकले राजीतिक र सामाजिक परिवर्तन देख्न पाएको छ । राजनीतिक प्रणाली निरङ्कुश राजतन्त्र, संवैधानिक राजतन्त्र हुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरित भइसकेको छ । सामाजिक चेतनाको स्तर ह्वात्तै माथि उठेको छ भने आर्थिक समृद्धि र त्यसभित्रको समन्यायिकताका आवाज पनि विभिन्न कोणबाट उठिरहेका छन् । परम्परावादी र अर्धसामन्ती उत्पादन पद्धतिबाट आधुनिक तथा न्यायपूर्ण उत्पादन सम्बन्धमा रुपान्तरण नभएसम्म मुलुकले हासिल गरेको लोकतन्त्र वा राजनीतिक अधिकार सुदृढ बन्न सक्दैन भन्ने तथ्यप्रति पनि राजनीतिक ऐक्यबद्धता बढेको छ । तथापि, नेपालका राजनीतिक आन्दोलनले आर्थिक र सामाजिक मुद्दालाई व्यवस्थित ढङ्गले अघि बढाउन नसकेको, राजनीतिक मुद्दाले आर्थिक मुद्दालाई ओझेलमा पार्ने गरेको तथा आर्थिक रुपान्तरणको ठोस सोच र कार्यक्रम अघि सार्न नसकिएको यथार्थ पनि हामीसामु छ ।

मुलुककै उत्पादनको प्रमुख साधन भूमि, प्रमुख उत्पादक शक्ति श्रमिक किसान र गरिबी तथा पछौटेपनमा रहेका प्रमुख ग्रामीण कृषकलाई केन्द्रित गरेर भएका राजनीतिक तथा सामाजिक आन्दोलन पनि अपेक्षाकृतरुपमा सफल हुन सकेका छैनन् । यस पृष्ठभूमिमा **"भूमि र कृषिको अर्थ-राजनीति"** शीर्षकमार्फत् नेकपा एमालेका शीर्ष नेता, विकास चिन्तक र भूमि तथा किसान आन्दोलनकै जुझारु नेता केशव बडालद्वारा लेखिएको यो पुस्तकमा प्रस्तुत धारणा मुलुकको अधुरो आर्थिक-सामाजिक क्रान्ति र रुपान्तरणलाई पूर्णता दिन सहयोगी हुने निश्चित छ ।

नेपालको अर्थ-राजनीतिमा भूमिको स्वामित्वसम्बन्धी मुद्दा अत्यन्तै पेचिलो रहँदै आएको छ । भूमिको स्वामित्व प्रणाली, भूस्वामित्वको परिमाण र भूमिमा रहेका उत्पादन सम्बन्धले सामन्तवादको पृष्ठपोषण गरिरहेको र यसले राजनीतिक अग्रगमन र मुलुकको लोकतन्त्रीकरणमा समेत वाधा पुर्‍याइरहेको महसुस गरिन्छ । त्यसैकारण २०६२-६३ को जनआन्दोलनअघि नेकपा माओवादीसँग भएको बृहत् शान्ति सम्झौता, त्यसपछिका सरकारका साझा न्युनतम कार्यक्रम र सरकारका नीति तथा कार्यक्रममा समेत भूमिसुधारले प्राथमिकता पाइरहेको छ । तथापि यसको कार्यान्वयनका विषयमा दलबीच मतक्यैता छैन भने एउटै पार्टीभित्र पनि भिन्न अवधारणा देखिन्छन् । नेकपा एमालेका नेता केशव बडालले २०५२ सालमा गठित भूमिसुधार आयोगको अध्यक्षका रुपमा प्रस्तुत गर्नुभएको भूमिसुधारसम्बन्धी प्रतिवेदन अहिलैसम्मकै सबैभन्दा वैज्ञानिक, प्रगतिशील र व्यावहारिकमात्र नभएर भिन्न राजनीतिक-आर्थिक सोच राख्ने पार्टी, निकाय वा संस्थालाई समेत ग्राह्य ठहरिएको छ । तर त्यसको कार्यान्वयन हुन नसक्नु त आफ्नो ठाउँमा छँदैछ, त्यसको सार विस्तृतरुपमा जनसमक्ष पुग्न पनि सकेको छैन । लेखकले यो पुस्तकमार्फत् त्यसको सार जनसमक्ष ल्याउनुभएको छ, जसबाट भूमिसुधारसम्बन्धी बहस अब जनस्तरसम्म पुग्ने महसुस मैले गरेको छु ।

नेपालमा सदियौंदेखि विद्यमान सामाजिक-आर्थिक शोषण, उत्पीडन, अन्याय, अत्याचार र वञ्चितीकरणका विरुद्ध धेरै किसान आन्दोलन भएका छन् । तर एकातिर किसान आन्दोलनले उठाएका माग राज्यले सम्बोधन गर्न सकेको छैन भने किसान आन्दोलन आफै मौसमी अभियान जस्तो भएको छ । उद्योगी, व्यापारी, कर्मचारी वा मजदुरको तुलनामा किसान सङ्गठनहरुको जनाधार फराकिलो भए तापनि आन्दोलन निरन्तर र सशक्त हुन नसक्दा तथा किसानका समस्याप्रति राज्य संवेदनशील नहुने गरेकाले पनि साना मझौला किसान आर्थिक सामाजिक प्रताडनमा परिरहेकै छन् । लेखकले पुस्तकमार्फत् भूमि र किसान आन्दोलनको इतिहास समेट्दै किसानका जायज मागलाई पुनरावृत्त गरी नीति निर्मातालाई झक्झक्याउनुभएको छ ।

भूमिहीन तथा सुकुम्बासी जस्तो मानवीय संवेदनाको विषय तथा दासप्रथाको अवशेष कमैया, हलियालगायतका समस्या राष्ट्रिय राजनीतिमा दशकौंदेखि हावी हुँदै आएका छन् । यी समस्या समाधानका लागि चालिएका कदम आयोग गठनमा सीमित छन् भने भएका समाधान पनि विवादरहित छैनन् । कमैया वा हलिया समस्या गैरसरकारी संस्थाहरुको साधन परिचालन गर्ने माध्यम बनेको छ । एकातिर एउटा घर र कोठेबारीका लागिसमेत जमिन नहुनेहरु राज्यबाट पहल गरिएका आवास योजना वा कृषि विकास कार्यक्रमबाट समेत लाभान्वित हुन नपाएको यथार्थ हाम्रो सामु छ भने अर्कोतिर जग्गावालाले नै सुकुम्वासीका नाममा आकर्षक जग्गा तथा वन कब्जा गरिरहेको अवस्था पनि छ । आ.व. २०६६/६७ मा सरकारले **"जनता आवास"** कार्यक्रममार्फत् पहिलो पटक गरीब, उत्पीडित र उपेक्षित वर्गको आवासको व्यवस्था राज्यको दायित्वका रुपमा अघि बढाएको छ । तर आवासका लागि ५ धुर वा २ आना जग्गा नै नभएका सुकुम्बासी यसबाट लाभान्वित हुन पाउने अवस्था छैन । त्यस्तै साना किसान विकास कार्यक्रमहरुसमेत भूमिहीन किसान समक्ष पुग्न नसकेको अवस्था छ । भूमिहीनलाई न्युनतम जमिनमाथिको भोगाधिकार सुनिश्चित गर्दै जीविकोपार्जन र राज्य सुविधा उपयोग क्षमता अभिवृद्धि गर्नेतर्फ सुकुम्वासी समस्या समाधान आयोग लाग्नुपर्ने बेलामा लेखकको विश्लेषण सम्बन्धित सबैलाई सहयोगी हुने देखिन्छ ।

मुक्त कमैयाको विषय त सरकारी कर्मचारीतन्त्रको संवेदनहीनता र अन्तरमन्त्रालय समन्वय र सहकार्यको कमीको द्योतकमात्र हो । यति सामान्य विषय पनि दशकौंसम्म समाधान नहुनु भनेको सिंहदरबार र यसको वरिपरि बस्नेहरुको मानवीय संवेदनशीलता र निर्णय क्षमतामाथिको प्रश्न चिह्न हो । यसलाई निराकरण गर्न अझै कलम चलाइरहनुपर्ने बाध्यता सबैले बुझ्नैपर्ने हुन्छ ।

कृषि र ग्रामीण विकासमा सन्दर्भमा विश्व आर्थिक समुदायको भूमिका कम विवादास्पद छैन । बजार अर्थतन्त्रको वकालत गरेर नथाक्ने पुँजीवादी मुलुक र तिनको प्रभुत्वमा सञ्चालित बहुपक्षीय विश्व संस्थाहरु हाम्रो जस्तो मुलुकमा कृषि क्षेत्रमा राज्यको सहयोगलाई नकार्दै आइरहेका छन् । कृषि उत्पादनको आयातमा उच्च भन्सार दरबाट संरक्षण गर्दै कृषकलाई मल, बिउ, सिचाई, विद्युत् तथा पुँजीमा अनुदान दिएर कतिपय मुलुकले कृषिलाई राज्य संरक्षित क्षेत्रका रुपमा राखेका छन् । तर नेपालले अन्तर्राष्ट्रिय दबाबकै कारण सीमित परिमाणमा उपलब्ध गराइएको रासायनिक मलको अनुदान र साना किसानलाई दिइएको व्याज अनुदानसमेत फिर्ता लिनुपरेको इतिहास छ । कृषि उत्पादनको मूल्य पनि अनिश्चित छ । यस परिप्रेक्ष्यमा कृषिमा राज्यले गर्नुपर्ने लगानी र अनुदानबारे लेखकले सशक्तरुपमा स्पष्ट विचार राख्नुभएको छ, जुन नेपालका सरकारी नीति निर्मातालाई सही निर्णय गर्न सहयोगी हुने नै छ । त्यस्तै किसानका क्षेत्रगत समस्या औल्याउने क्रममा तराई किसानको अवस्था, पिछडिएको समुदायको समस्या तथा ती समस्या समाधानका लागि गरिएका आन्दोलन र मेची-महाकाली किसान जागरणको विवरण पनि कृषकको धरातलीय यथार्थ बुझ्न पर्याप्त छन् ।

एसियाका धेरै मुलुकले १९५०-६० को दशकअगावै भूमिसुधार सम्पन्न गरी कृषिलाई औद्योगिक विकासको आधारका रुपमा स्थापित गरिसकेका थिए । १९८०-९० को दशकमा आइपुग्दा ती मुलुक एसियाकै विकासका तारा भइसकेका थिए । पूर्वी एसियाका जापान, कोरिया, ताइवान, भियतनाम हुन वा दक्षिण एसियाको भारतका केही प्रान्त होस्, भूमिसुधार ती मुलुकको उत्पादकत्व वृद्धि, खाद्य सुरक्षा, सामाजिक विकास र आर्थिक समृद्धिको आधार वनेको तथ्य हाम्रा सामु प्रष्ट छ । लेखकले यसलाई आफ्नो पुस्तकमा विस्तृतरुपमा समेट्नुभ
सुरु गरेको भूमिसुधार अहिले पनि राज्यको एजेण्डाकै रुपमा मात्र सीमित छ र वदलिँदो उत्पादन सम्बन्ध तथा सेवा क्षेत्रको विस्तारले यो एजेण्डा नै छायाँमा समेत पर्न थालेको छ ।

राज्य निर्देशित र योजित विकासको ढाँचा असफल भएको बहानामा बजार निर्देशित अर्थ प्रणालीको अनुशरण गर्न हाम्रो जस्ता

अतिकम विकसित मुलुक पनि सन् १९८० को दशकदेखि नै उद्दत भएर लाग्यौं । तर अनुभवले के देखायो भने राज्यको उपस्थिति नभएको क्षेत्रमा बजारको पहुँच पनि पुग्दो रहेनछ र बजार पुगे पनि त्यसले सबैलाई न्याय गर्न सक्दो रहेनछ । सरकार र निजी क्षेत्र उपस्थित नरहेका र दुवैबाट विकासको लाभ लिन नसकेका समाजका कमजोर वर्ग, साना किसान, व्यवसायी, न्युन वैतनिक कर्मचारी तथा मजदूर गरी लाखौं नेपाली सहकारिताको माध्यमबाट **"शान्त क्रान्ति"** का रुपमा मुलुकको आर्थिक-सामाजिक रुपान्तरणमा लागिरहेका छन् । सरकारभन्दा कुशल निजी क्षेत्र, न्यायपूर्ण र समतामूलक आर्थिक विकासको रुपरुेखा कोर्दै अघि बढिरहेको सहकारी आन्दोलन केशव बडाल जस्ता ऊर्जाशील व्यक्तित्वको नेतृत्व र वैचारिक मार्ग दर्शन पाएर अहिले मुलुकको अर्थराजनीतिकै केन्द्रमा स्थापित हुने क्षमता हासिल गरेको छ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको लक्ष्यमा पुग्न सहकारी आन्दोलन एउटा कोषे ढुङ्गा सावित हुने मा दुई मत छैन । यसै प्रसङ्गमा लेखकले आफ्नो पुस्तकमा सहकारिताको सिद्धान्त तथा शिक्षाबारे विश्लेषण गर्दै सहकारिताको माध्यमबाट समाजले लिन सक्ने लाभबारे प्रकाश पार्नुभएको छ । सहकारी क्षेत्रमा काम गर्ने सबैका लागि यो प्रस्तुति उपयोगी हुने त छँदैछ, सहकारीताका नाममा विसङ्गति फैलाउने प्रवृत्तिलाई पनि यो शिक्षाप्रद हुनेछ ।

नेपालको विकासका समस्या न्युन आर्थिक वृद्धि वा सामाजिक वाञ्चितीकरण वा सुशासनको अभावमा मात्र सीमित छैनन् । आयको बढ्दो असमानता, भौगोलिक वञ्चितीकरण, सामाजिक मूल्य-मान्यता तथा विदेशी सहायतामा आश्रित विकासको ढाँचा पनि त्यत्तिकै जिम्मेवार छन् । हामीले अपनाएको राजनीतिक प्रणालीले यी समस्याको समाधान गर्नैपर्छ । जनताका न्युनतम अपेक्षा पूरा गर्नैपर्छ । अधिकारमा आधारित योजना तर्जुमा र न्युनतम सेवा-सुविधा प्रदायमा राज्यले ध्यान नपुऱ्याउँदा जनताले जस्तोसुकै राजनीतिक प्रणालीको पनि विकल्प खोज्दा रहेछन् भन्ने इतिहासले सिद्ध गरिसकेको छ । लेखकको यो पुस्तकबाट यस विषयमा हामीले धेरै सिक्ने ठाउँ छ ।

अन्त्यमा, राजनीतिक जीवनमा अत्यन्त क्रियाशील रहेर अत्यन्त धेरै समय राजनीतिक गतिविधिमा बिताउनुपर्ने बाध्यताका बीच पनि समय बचत गरेर सिजर्नशील ढङ्गले आर्थिक-सामाजिक विकासका लागि लेखनका माध्यमले समेत योगदान पुऱ्याउने लेखक हामी सबैका लागि उदाहरणीय हुनुहुन्छ । पुस्तकमा प्रस्तुत विचार तथा तथ्यको अध्ययनबाट प्रगतिशील, न्यायपूर्ण र समतामूलक नेपाल निर्माण गर्न लागिपरेका सबैलाई अग्रगामी सोच विकासमा अवश्य सहयोग पुग्नेछ ।

*युवराज खतिवडा*
*उपाध्यक्ष, राष्ट्रिय योजना आयोग*

## विषय-सूची

**परिच्छेद - एक : भूमि र कृषिसम्बन्धी सैद्धान्तिक अवधारणा.............१**
१. अवधारणा.....................................................................१
२. उत्पादन प्रणाली ..............................................................३
३. विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था.......................५
४. उत्पादक शक्तिको विकास र उत्पादकत्व................................७
५. समाज विकासमा उत्पादक शक्तिको भूमिका.............................७
६. कृषि क्रान्ति र त्यसको व्यावहारिक पक्ष..................................९
७. कृषि क्षेत्रको व्यवसायिकरण................................................१०
८. आमुल परिवर्तनकारी शक्तिका रुपमा किसानको भूमिका............१२

**परिच्छेद - दुई : भूमि र कृषि सम्बन्धी परिवेश..........................१७**
१. नेपालको भू-बनोट स्थिति..................................................१७
२. भूमि, कृषि, वन तथा वनस्पति र पशुपालन व्यवसायको स्तर......१९
३ नेपालमा विद्यमान कृषि तथा भूमि सम्स्या.............................२३

**परिच्छेद - तीन : किसान आन्दोलन र चुनौती...........................३०**
१. किसान आन्दोलनका चुनौती र आजको आवश्यकता.................३०
२. विगतका राष्ट्रिय/अन्तराष्ट्रिय अनुभव...................................३१
३. नेपालका किसान आन्दोलनको ऐतिहाँसिक पृष्ठभूमि..................३२
४. किसान आन्दोलनको वर्तमान अवस्था....................................३३
५. किसान आन्दोलन र विषयगत संगठन निर्माणको सवाल...........४३
६. नेपाली किसान आन्दोलनका पचास वर्ष.................................४३
७. मेची-महाकाली किसान जागरण मार्च अभियान.......................६९

**परिच्छेद - चार : स्थानीय वर्ग सङ्घर्ष...................................१०३**

**परिच्छेद - पाँच : बडाल आयोग प्रतिवेदनको सार......................१२९**
१. भूमिमा रहेको दोहोरो नियन्त्रण अन्त्य गर्ने सम्बन्धी सुझाव..... १२९
२. सुझाव कार्यान्वयनको आवश्यकता ..................................१४८

**परिच्छेद - छ : सार्वभौमसत्ता सम्पन्न जनता र कमैया प्रथा.........१५५**

**परिच्छेद - सात : विगतका प्रेरक प्रसङ्ग...............................१६२**
१. भूमिसुधारका प्रखर हिमायती जगन्नाथ आचार्य.................... १६२
२. पुष्पलाल र किसान आन्दोलन .........................................१७०
३. कमरेड तुलसीलाललाई सम्झदा........................................१७५

**परिच्छेद - आठ : अन्तराष्ट्रिय अनुभव.................................१८३**
१. जापानको अनुभव..........................................................१८३
२. उत्तर कोरियाको अनुभव ................................................१८४
३. दक्षिण कोरियाको अनुभव...............................................१८४
४. ताइवानको अनुभव........................................................१८६
५. भियतनामको अनुभव.....................................................१८६
६. भारतमा भएको भूमिसुधारको सामान्य झलक.......................१९२

**परिच्छेद - नौ : भूमि र संविधान.........................................१९७**
१. दक्षिण कोरियाको संविधानमा भूमि....................................२०२
२. जापानको संविधान र भूमिसुधार .....................................२०४
३. ताईवानमा भूमिसुधार......................................................२०६
४. बङ्गलादेशको संविधानमा भूमिसुधार..................................२०७
५. चीनको संविधानमा भूमिसुधार..........................................२०८
६. सङ्घीय गणतन्त्र जर्मनीको संविधानमा भूमि........................२०८
७. गणतन्त्र अङ्गोलाको संविधानमा भूमि................................२०९
८. इन्डोनेसिया गणतन्त्रको संविधानमा भूमि............................२०९
९. आयरल्यान्डको संविधानमा भूमि.......................................२०९

**परिच्छेद - दश : कृषक र कृषि क्षेत्रमा अवको जोड..................२११**
१. नेपालको औद्योगिक विकासमा क्रान्तिकारी भूमिसुधारको महत्व..२११
२. भू-उपयोगको नीति.......................................................२१६
३. गलगत आर्थिक नीतिविरुद्ध ठोस कमद आवश्यक..................११८
४. जमिनमा नयाँ हदबन्दीको आवश्यकता...............................२२३
५. अन्य देशको अनुभव......................................................२२४
६. सहकारी सिद्धान्त र शिक्षाको प्रयोग र प्रसार.........................२२७
७. आर्थिक, सामाजिक रुपान्तरण र आर्थिक मोडल....................२२९
८. अनुसन्धान र विकास.....................................................२३२
९. परनिर्भरता हैन, आत्मनिर्भरतामा जोड................................२३४
१०. आर्थिक, सामाजिक रुपान्तरणमा कृषि तथा भूमिको स्थान.......२३७
११. नेपालमा भूमिसुधार.....................................................२४०
१२. क्रान्तिकारी भूमिसुधार भनेको के हो ?.............................२४२
१३. कृषि क्षेत्रमा बढ्दो अन्तराष्ट्रिय दबाब र सामनाको तयारी.....२४८
१४. मध्यम किसानको बेवास्ता देशकै लागि हानिकारक..............२५२
१५. कृषि-श्रमिकको उत्थान आवश्यक...................................२५७
१६. किसान सङ्घ र कृषि श्रमिक सङ्गठनबीच अन्तरसम्बन्ध.......२५८
१७. कृषि विकासको समस्या र समाधान..................................२६३

# परिच्छेद - एक

## भूमि र कृषिसम्बन्धी सैद्धान्तिक अवधारणा

### १. अवधारणा

सबैभन्दा नभई नहुने कुराको सबैभन्दा बेवास्ता हुँदै आएको छ । हावा नभए केही मिनेट, पानी नभए केही दिन बाँच्न नसकिएझैं अन्न अर्थात् कृषि उपज नभए थोरै दिन पनि बाँच्न सकिँदैन । तर वर्तमान समाज यी चिजभन्दा पनि महत्व मानेर अन्य आधुनिक पुँजीवादी बजारमा उत्पादित वस्तुतर्फ बढी आकर्षित भएको छ । यो स्थितिमा बहुसङ्ख्यक श्रमजीवी जनता क्रियाशील रहेको कृषि क्षेत्रको क्रान्तिकारी परिवर्तनका लागि त्यसका सैद्धान्तिक र व्यावहारिक पक्षको गहन अध्ययन विश्लेषणमा पर्याप्त ध्यान जान सकेको छैन । गैरकृषि क्षेत्रको जे/जति मात्रा र स्तरमा विकास भए पनि कृषि क्षेत्रको कम महत्व हुन सक्दैन । कृषि क्षेत्रको विकासको जगविना यस क्षेत्रका उत्पादन शक्ति किसान र उत्पादनका साधन भूमिको व्यवस्थित र प्रभावकारी विकास नगरिकन अरु क्षेत्रको विकास हुन सक्दैन र कतै भइहाले पनि टिक्न सक्दैन ।

यसकारण कृषि क्षेत्रको विकासको सैद्धान्तिक अवधारणा प्रष्ट हुने र नहुने कुराले नै त्यो समाजको विकासलाई कता र कुन स्तरमा विकास गर्दैछ भन्ने कुराको निक्यौल गर्दछ । हाम्रो जस्तो विकासशील अवस्थामा रहेको देशको कृषि, वन, पशुपालन, जलस्रोत, पर्यटन, मानव संसाधन, पूर्वाधार विकास आदिको मूल आधार कृषि हो । कृषि क्षेत्रमा हालसम्म पनि लगभग ६५% श्रमशक्ति आश्रित छ । कृषक गाउँ र दूरवर्ती गाउँमा बस्छन् । उनीहरूको उत्साह, जाँगर, क्रियाशीलता र आत्मविश्वासले देश नै गतिवान हुन्छ । उनीहरूको निराशा, कुण्ठा, दिग्दारी, निष्क्रियता, पलायनता र गति मन्दताले देश नै मूर्दा जस्तो हुन पुग्छ । यसकारण नेपाल र नेपाली जस्तै अवस्था भएका देशको मूल चालक शक्ति ग्रामीण किसान हुन् । यो शक्तिलाई





आफ्नो स्वार्थअनुकूल नियन्त्रण गर्न सामन्तवादका अवशेष अर्धसामन्ती उत्पादन सम्बन्ध र साम्राज्यवादको नयाँ अवतार अन्तर्राष्ट्रिय एकाधिकार कम्पनी र अन्तर्राष्ट्रिय वित्तीय संस्था लागिरहेका छन् ।

कृषिको विकास र सुधारका क्षेत्रलाई सिङ्गो सामाजिक आर्थिक आधार र क्षेत्रसँग गाँसेर हेर्नुपर्छ । कतिपय व्यक्ति सङ्घ/संस्थाले यसलाई अलग समस्याका रुपमा लिने र समाधान पनि त्यसै आधारमा खोज्ने तरिका अङ्गालेका छन् । त्यो विलकुल सही होइन र केही शताब्दी वा केही दशकबाट सुरु भएको पुँजीवादी विकास र धेरै लामो समयदेखि विकसित हुँदै आएको कृषि क्षेत्रको विकासमा गैरकृषि क्षेत्रले कृषि क्षेत्रलाई कसरी उछिन्न सक्यो भन्ने प्रश्न पनि उठाइने गरिन्छ । त्यसका आफ्नै कारण छन् । कृषि क्षेत्रको मूल उत्पादनको साधन भूमि स्थानान्तरण गर्न सकिँदैन, अनुकूल वा प्रतिकूल जस्तोसुकै स्थानमा भए पनि सोही ठाउँमा गएर उत्पादन र उत्पादन कार्यका पूर्वाधार विकास गर्नुपर्ने हुन्छ । निजी उपभोगका लागि भए पनि र बजारका लागि भए पनि त्यसै गर्नुपर्छ । तर गैरकृषि क्षेत्र अर्थात् उद्योग (उत्पादनमूलक, सेवामूलक वा अन्य क्षेत्र) को स्थापना र विकासका लागि स्थान छनौटको सुविधा रहन्छ । जुन उत्पादन विकास, वितरण, विनिमय र उपभोग सबैका लागि सुगम हुन सक्छ ।

जुम्ला वा मार्फामा फल्ने स्याउलाई काठमाडौँमा फलाउन सकिँदैन तर उद्योग जहाँ सुगम र सम्भव छ, त्यहीँ स्थापना गर्न सकिन्छ । यस कारण कृषि अरु व्यवसायभन्दा पछाडि परेको छ । एकातिर यी कारण छन् भने अर्कातिर अब आएर स्वतन्त्रपूर्वक आफ्नै साधन, सिप, स्रोत, औजार, मल, बिउविजनबाट उत्पादन भैरहेको कृषि क्षेत्र अब बहुराष्ट्रिय कम्पनीले उत्पादन गरेको रासायनिक मल, बहुराष्ट्रिय कम्पनीले विशेष प्रविधिबाट तयार गरेको हाइब्रिड बिउ, अन्तर्राष्ट्रिय वित्तीय संस्थाको नियन्त्रण र निर्देशनमा सञ्चालित ब्याङ्कहरूको नियन्त्रणमा बाँधिएको छ । एकातिर चरम पछौटेपनको शिकार छ, अर्कातिर अन्तर्राष्ट्रिय बृहत् लगानी क्षमता भएका वित्तीय संस्थाको दबाबबाट तयार गरिएको नीतिको घेरामा बाँधिएको छ । खासगरी

वि.सं. २०२० पछि नेपालको कृषि क्षेत्र स्वतन्त्र रहन सकेन र बाहिरी दबाबको सामना गरिरहनुपरेको छ ।

फ्रान्सको राज्य क्रान्ति र सारा युरोपमा भएको पुँजीवादी क्रान्तिपछि जसरी त्यहाँ राष्ट्रिय पुँजीको विकास भयो, त्यसरी हाम्रो देश र दक्षिण एसियामा पनि त्यस्तो हुन सकेन । हाम्रो राष्ट्रिय पुँजी अत्यन्तै दुर्वल रह्यो । कृषि विकासका सामान्य र दैनिक नियमित काममा बाहिरी हस्तक्षेप बढ्यो । रासायनिक मल आपूर्ति गर्न, सिचाई सुविधा उपलब्ध गराउन, कृषि कार्यमा ऋण प्रवाह गर्न, बजार व्यवस्थापन गर्नसमेत विदेशी स्वार्थलाई नाघ्न नसक्ने, आफ्नो हित केमा छ भनेर बोल्न नसक्ने दयनीय स्थितिमा पुग्यो । भूमिको सवाल कृषि विकासका लागि गरिनुपर्ने तमाम कामका सवालमा कृषि, भूमि, वन, जलस्रोत, रासायनिक मल आदिबारे नीतिगत, कानुनी र व्यावहारिक क्षेत्रमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले दिएको दबाब र निर्देशनलाई शासक वर्गले नतमस्तक भएर स्वीकार गर्ने, किसानका वास्तविक हितविपरित, प्रगतिविपरित काम भइरहेका छन् ।

## २. उत्पादन प्रणाली

उत्पादन प्रणालीबारे विचार, मान्यता, दृष्टिकोण र सिद्धान्तको आधारमा भिन्नाभिन्नै पक्षको भिन्नाभिन्नै भनाई छन् । तिनलाई हामीले आफ्नै धरातलमा उभिएर बुझ्नु, विश्लेषण गर्नु र लागू गर्नुपर्छ । संयुक्त राज्य अमेरिका, ब्रिटेन, बेल्जियम, अस्ट्रेलिया, रुस जस्ता ठूला र सम्पन्न राष्ट्रमा विशाल भू-भाग र अत्यन्त थोरै प्रतिशत नागरिकमात्रै कृषि पेशामा संलग्न छन् । तिनले अत्याधुनिक औजार उपकरण प्रयोग गरेर खेती गर्छन् । त्यहाँ राम्रा उत्पादन गरेका पनि होलान् । हाम्रा केही विज्ञ व्यक्तित्व, केही सतहबाट मात्रै अध्ययन गर्ने नीति निर्माता भन्ने गर्छन्- ठूलो पैमानाको उत्पादनले मात्रै प्रतिइकाई ज्यादा उत्पादन गर्न सक्छन् । यिनीहरू ठोस स्थितिको ठोस विश्लेषण गर्दैनन् र गरिरहन जरुरी पनि ठान्दैनन् । यस्ता व्यक्ति प्राय: ठूला जमिनदार परिवारका सदस्य हुने गर्छन् र भूमिको प्रचुरताको मात्रै अनुभव उनीहरूसँग छ । भूमिहीन गरिब किसान जसको अन्य पेशा अङ्गाल्ने सिप र शिक्षा पनि छैन, उत्पादनको साधन जमिन पनि छैन, तिनीहरुबारे यिनलाई कुनै मतलब र जानकारी पनि छैन ।





अर्को भनाई छ- स-साना कित्तामा मात्रै प्रतिइकाई बढी उत्पादन हुन्छ । हाल दक्षिण एसियाभरिको अध्ययनले त्यही देखाएको छ । हुन पनि स-साना कित्तामै बढी उत्पादन हुन्छ । खण्डीकरणको कुप्रभाव पर्दैन । यस भनाईमा केही सत्यता भए पनि यो अनिवार्य सर्त हुन सक्दैन । दक्षिण एसियामा कृषिका लागि पूर्वाधार विकास न्युन भएको अर्धसामन्ती अवस्था अझै कायम रहेको, सामन्त जमिनदार वर्गको जमिन ओगट्ने तहको मात्रै चिन्ता रहेको र कृषिमा व्यापक लगानी गरेर आधुनिक र व्यावसायिक खेती गर्ने स्तरमा समेत नपुगेको, कृषि विकासका लागि आवश्यक श्रमशक्ति सुलभ भएको र मेसिनीकरण सम्भव भएको इलाकामा पनि त्यसतर्फ नगएको, पछौटे उत्पादन प्रणाली भएका हुनाले आफ्नै स-साना जमिनका टुक्रामा आफै खेती गर्ने किसानको स्याहार पुग्ने हुँदा साना जोतवालाको पनि प्रतिइकाई बढी उत्पादन हुन गएको हो । उत्पादन वृद्धिका लागि साना जोत वा सानो कित्ता अनिवार्य होइन ।

यसैगरी सामाजिक उत्पादनमा प्रतिइकाई ज्यादा उत्पादन हुन्छ भन्ने भनाई पनि कम ओजनदार भएर आउँदैन । हामी मिलीजुली बसौँ र बाँडीचुँडी खाउँ भन्ने भावनाका हिमायती भएको हुनाले सामूहिक खेतीको पक्षमा जोड दिनु जरुरी छ र जोड दिनु पनि पर्छ । तर यसमा पनि निरपेक्षरुपमा सकारात्मक आशा गर्न सकिँदैन । सहकारी सफल हुन सहकारीका सदस्यको उच्च सामूहिक भावना, राष्ट्र र जनताप्रतिको समर्पणको भावना, सकारात्मक प्रतिस्पर्धा अर्थात् कामका लागि क्रियाशीलताको क्षेत्रमा, सिप र दक्षताको विकासको क्षेत्रमा, सामाजिक न्यायको क्षेत्रमा, उत्पादन वृद्धिको क्षेत्रमा, आधुनिक व्यवस्थापन र उत्पादन विधिको क्षेत्रमा युग सुहाउँदो गरी दिनसक्ने सभ्य सदस्यबीच गठित सहकारी वा सामूहिक पहल भएमा प्रतिइकाई ज्यादा उत्पादन हुन्छ अन्यथा सामूहिक उत्पादन इकाईमा काम गर्नेको घटाघटको प्रतिस्पर्धा, आलस्यको प्रतिस्पर्धा, काम चोरीको प्रतिस्पर्धा भएको पनि संसारका कतिपय देशमा अनुभव भइसकेको छ । सामूहिक उत्पादन वा सहकारी उत्पादनमा बढी नै उत्पादन हुन्छ भन्ने पनि निश्चित छैन ।

उत्पादन सकारात्मक ढङ्गले बढ्नका लागि सर्वप्रथम उत्पादक शक्ति प्रोत्साहित हुनुपर्छ । उत्पादनका साधन परापूर्वकालदेखि थिए । उत्पादनका साधनको प्रचुरता मानव उत्पत्तिभन्दा पहिले पनि थिए तर जबसम्म मानवले उपलब्ध साधनको सही उपयोग गर्न सिक्यो तबमात्र उत्पादनको, वितरणको, विनिमयको र त्यसको उपभोगबारे नयाँ नयाँ जटिलता देखा पर्न थाले । धर्तीमा उपलब्ध साधनलाई मानव उपयोगी बनाउने उत्पादक शक्ति खासगरी किसान प्रोत्साहित र उत्साहित भएपछि नै उत्पादन बढ्दै जान्छ । तराईमा तीन विघा जमिन हुने दुःख पाएर बसेका पनि छन् । पहाडमा तीन रोपनी जमिन हुनेले घना खेतीबाट एक परिवार राम्रैसँग पालेका पनि छन् । समग्रमा भन्नुपर्दा उत्पादक शक्ति प्रोत्साहित छ, उत्साहित छ, सुसंस्कृत र सभ्य छ, सामूहिक वा सहकारी ढङ्गले उत्पादन कार्यमा जुटेको छ भने सबैभन्दा कम लागतमा धेरै उत्पादन यसमै हुन्छ, अन्यथा उल्टो परिणाम पनि भेट्न सकिन्छ । संसारमा उत्पादक शक्ति सामूहिकरुपमा उत्पादन गर्छ । एउटा ठालु व्यक्तिगतरुपमा उपभोग गर्छ भने त्यस्तो उत्पादन प्रणाली भएको ठाउँमा प्रतिइकाई उत्पादन ज्यादा हुनै सक्दैन ।

हाम्रो देशको सन्दर्भमा भौगोलिक विविधता, प्रविधिको प्रयोग, उत्पादन र उत्पादन शक्तिलाई जागृत, सङ्गठित र सक्रिय बनाउने कार्यले उत्पादन, वितरण, उपभोग सबैतिर समानुपातिक स्थिति सिर्जना गर्न सकिन्छ । जमिन, जङ्गल, जल, हावालगायत् प्राकृतिक स्रोत साधन जनताको हो, जनता ठग्नेको होइन भन्ने मान्यता स्थापित गर्नु अनिवार्य आधार हो ।

## ३. विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था

हाम्रो देशको वर्तमान स्थिति अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा छ । हाम्रो देशमात्र होइन, सिङ्गै दक्षिण एसिया यो अवस्थाबाट मुक्त हुन सकेको छैन । इतिहासको सिंहावलोकन गर्दा प्राचीन र आधुनिक युगकै प्रारम्भसम्म संसारको सभ्यताको तुलनामा दक्षिण एसिया पछौटेभित्र पर्दैन । तर युरोपमा इ. सं. १७७९ बाट सुरु भएको फ्रान्सेली राज्य क्रान्ति र क्रमशः सिङ्गै युरोपमा पुँजीवादी क्रान्तिले सामन्ती उत्पादन सम्बन्ध ध्वस्त पारेर पुजीवादी उत्पादन





प्रणाली स्थापना गरेपछि जसरी ती देशमा आधुनिक विकास हुँदै गयो, तर हाम्रो जस्तो देशमा त्यस्तो विकास हुन सकेन ।

एसियाकै पनि तुलनात्मकरुपमा कृषिमा रहेको सामन्ती भू-स्वामित्व अन्त्य गरेर पुँजीवादी ढङ्गले कृषि अर्थतन्त्रमा पुनर्गठन गरिएको जापान, कोरिया, ताइवान, भियतनाम, चीन, लाओसलगायत्का देशले विकासको गति लिन सफल भए । यसका पछाडि हजार कारण भए पनि प्रमुख कारण त्यहाँ सामन्ती भू-स्वामित्वको अन्त्य नै रहेको थियो । साथै सामन्ती भू-स्वामित्व अन्त्यपछि सिङ्गै ग्रामीण क्षेत्र र किसानमा आएको जागरणले क्रमशः विदेशी दबाब, नियन्त्रण र निर्देशन प्रतिवाद गर्न सक्ने क्षमता पनि विकास हुँदै गयो । आफ्नै अर्थतन्त्र सवल हुँदै गएपछि अन्तर्राष्ट्रिय दबाब र नियन्त्रणबाट नदब्ने स्तरको हैसियत पनि विकास हुँदै गयो । तर सिङ्गै दक्षिण एसियामा त्यस्तो हुन सकेको छैन । भारतकै कुरा गर्दा पञ्जाब, हरियाना, हिमाञ्चल प्रदेश, मेरठ, केरला, पश्चिम बङ्गालमा केही हदसम्म सामन्ती साङ्लो चुँडाल्दै गएको हुनाले केही फरक स्थिति देखिए पनि भारतका बिहार, भारखण्ड, उत्तर प्रदेश, आन्द्र प्रदेश, महाराष्ट्र उडिसालगायत्का ठूला ठूला राज्यमा अहिले पनि सामन्ती भू-स्वामित्व कायमै छ ।

कृषि अर्थतन्त्रमा पुँजीवादी सुधारसमेत हुन सकेको छैन । ती देशमा अहिलेसम्म पनि भूमिको वितरणमा असमानता, भूमिहीन तथा गरिब किसानको अत्याधिक सङ्ख्या र अत्यन्त दयनीय आर्थिक सामाजिक स्थिति, सामन्त जमिनदार वर्गको हैकम, दमन, शोषण, उत्पीडन र ज्यादतिको अवस्था कायमै छ । यस्तै र योभन्दा पनि गए गुज्रिएको हालत पाकिस्तानमा छ । बङ्गलादेशमा त्यस्तै छ र श्रीलङ्कामा केही ज्यादा व्यावसायिक खेती र कृषिमा पुँजीवादी विकास भएको भए तापनि एकातिर सामन्ती शोषण कायम छ भने अर्कातिर बहुराष्ट्रिय निगमको अधिनमा लगभग एक चौथाई जमिन केन्द्रित भैसकेको छ । जमिनको वितरण अत्यन्त असमान छ । भुटानमा यी सबैतिर भन्दा ज्यादा सामन्ती भू-स्वामित्व कायम छ । यसरी दक्षिण एसियामा विद्यमान पछौटेपनको मूल जरो भनेको अर्धसामन्ती, अर्धऔपनिवेशिक अवस्था नै हो । यो अवस्था विकासका हर क्षेत्रमा बाधक छ र त्यस्तो स्थितिबाट देशलाई मुक्त गर्न जरुरी छ । त्यसरी मात्रै देशका प्रमुख

उत्पादक शक्ति किसान र प्रमुख उत्पादन क्षेत्र कृषिको विकास हुन सक्छ । कृषिको विकासले गैरकृषि क्षेत्रको विकासमा क्रान्तिकारी परिवर्तन ल्याउन आधार तयार गर्छ । यस सम्बन्धमा जबज ( जनताको बहुदलीय जनवाद) कार्यक्रमले प्रष्ट अठोट गर्दै भनेको छ- “जमिनमाथि रहेको सामन्ती भू-स्वामित्वको पूर्णरुपमा उन्मूलन गरी अर्धसामन्ती शोषणका सम्पूर्ण रुपहरूलाई समाप्त पारिनेछ । क्रान्तिकारी भूमिसुधारको कार्यक्रम कार्यान्वित गर्दै वास्तविक जोताहा तथा भूमिहीन किसानलाई भूमि वितरण गरिनेछ ।”

## ४. उत्पादक शक्तिको विकास र उत्पादकत्व

उत्पादक शक्ति उत्साहित र प्रोत्साहित नभई उत्पादकत्व वृद्धि हुन सक्तैन । अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्था विद्यमान भएको हुनाले यहाँको उत्पादक शक्ति अत्यन्त अपमानित, अपहेलित, अविकसित अवस्थामा छ । यो स्थितिले गर्दा निराश र उदासीन छ । उत्पादनका साधनमध्ये मूल साधन भूमि हो । असल भूमिको ठूलो मात्रा सामन्त जमिनदार वर्ग र दलाल तथा नोकरशाही पुँजीपति वर्गको अधिनमा छ । भूमिहीन तथा अत्यन्त न्युन भूमि भएको अर्थात् ०.२ हेक्टरभन्दा कम जमीन भएका लगभग १० लाख परिवार अत्यन्त कष्टकर जीवन बिताइरहेका छन् । आजको युगमा पनि हलिया प्रथा विद्यमान छ । एकातिर अत्यन्त उब्जाउ जमिनको ठूलै हिस्सा बाँझो, अर्धबाँझो वा न्युन उपयोगमा छ भने अर्कातिर सक्रिय श्रमशक्ति भूमिहीन तथा गरिब किसान परिवारका सदस्य आफ्नो श्रम र सिप लगाउने जमिनको अभाव, वैकल्पिक पेशाका लागि आधार र सिप नभएकाले बेरोजगार र अर्धबेरोजगार भएर वा विदेशमा गएर निम्न तहको काम गर्न विवश छन् । यस्तो स्थितिमा क्रान्तिकारी परिवर्तन नल्याइ न उत्पादक शक्तिको विकास हुन्छ, न त उत्पादकत्वको विकास हुन्छ । न गैरकृषि क्षेत्रकै विकासमा गति आउँछ । यस्तो स्थिति बदल्नका लागि कृषिमा क्रान्तिकारी परिवर्तन जरुरी छ ।

## ५. समाज विकासमा उत्पादक शक्तिको भूमिका

सिङ्गै समाज विकासमा उत्पादक शक्तिको अग्रणी र निर्णायक भूमिका हुन्छ । कृषि, उद्योग, सेवा सबै क्षेत्रको विकासमा उत्पादक





शक्तिको स्तर र उत्साहको निर्णायक भूमिका निर्वाह गर्छ । उनीहरूको सिप, दक्षता, अनुभव, जाँगर र आशावादिता हुनु, कम हुनु र नहुनुले सिङ्गै समाजका समग्र विकासका क्रियाकलापलाई प्रभाव पारिरहेको हुन्छ । वास्तवमा उत्पादक शक्ति भन्नु नै प्रकृति प्रदत्त स्रोत र साधनसँग गाँसिएका उत्पादन कार्यमा लागेका जनतासँगको एकीकृत सम्बन्धलाई राजनीतिक अर्थशास्त्रको सामान्य भाषामा उत्पादक शक्ति भनिन्छ । उत्पादक शक्तिको चेतना सिप र क्षमतालाई उत्साहका साथ प्रकृतिले दिएका स्रोत र साधनलाई आजको मानवीय आवश्यकताअनुरुप उत्पादन र उपयोगमा ल्याउन गरिएको कार्यले उत्पादक शक्तिको स्तर, उत्पादक शक्ति र उत्पादन सम्बन्धबीचको अन्तरसम्बन्ध स्वरुप समाजको वर्ग सङ्घर्षको स्तर र स्वरुप उजागर गर्दछ । हाम्रो देशको उत्पादक शक्तिमध्येको श्रमशक्ति प्राय अशिक्षित, असङ्गठित र उत्पादन साधनबिहीन छ । जसका कारण ऊ निराश पनि छ । उत्पादक शक्तिलाई हेर्ने, विचार गर्ने, विश्लेषण गर्ने, परिचालन गर्ने, राज्यको अधिसंरचना कस्तो छ, त्यसै आधारमा उत्पादक शक्तिको विकासको गति निर्धारण हुन्छ ।

अधिसंरचना भनेको माथिल्लो ढाँचा हो, जसमा राजनीति, आर्थिक नीति, कानुन, नैतिकता, दर्शन, धर्म कस्तो छ त्यसैअनुरुप सङ्गठन र पार्टी गठन भएका हुन्छन् र परिचालित हुन्छन् । हाम्रो देशमा अर्धसामन्ती र अर्धऔपनिवेशिक आर्थिक आधारमा उभिएको राज्यसत्ता, अचेत, अविकसित, अशिक्षित, असङ्गठित चरम गरिबी र पछौटे पूर्वाधारको अवस्थामा रहेका बहुसङ्ख्यक श्रमजीवी जनता, खासगरी किसान छन् । लगभग ४० प्रतिशत जनता निरक्षर छन् । राजधानी भएकै जिल्लाका कतिपय गाउँमा जान ३ घण्टा पैदल हिँड्नुपर्ने अवस्था छ । १२ जिल्ला यातायातले छुन पनि सकेको छैन । मध्ययुगीन औजार हलो, कोदालो, हँसिया, गल, घन, खुर्पा, बन्चरो, डोको, नाम्लो, खर्पन, टोकरी, बैल तथा राँगा गाडा र भेडा खच्चरको प्रयोग आज पनि ठूलो क्षेत्रमा ठूलै मात्रामा भैरहेको छ । उत्पादक शक्तिलाई सक्षम बनाउन तालिमको व्यवस्था पूरै झारा टरुवा छन् । उत्पादनका साधनको वितरण ढाँचा पूरै असमान छ, अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाको छ ।

यस्तो अवस्थामा क्रान्तिकारी परिवर्तन नगरिकन उत्पादक शक्तिलाई दक्ष र उत्पादनका साधनको मालिक नबनाइकन सन्तुलित विकास र त्यसको गति तीव्र हुनै सक्तैन । यसरी मात्रै उत्पादक शक्तिलाई सक्षम र दक्ष बनाउन सकिन्छ । क्रान्तिकारी भूमिसुधार गरी छरिएर रहेको उत्पादनका साधनबिहीन भएको कृषि श्रमिक, भूमिहीन किसान, गरीब किसान र सम्पूर्ण श्रमजीवी किसानको मुक्ति र विकास गर्न सकिन्छ । सामन्ती भू-स्वामित्व अन्त्यका लागि भूमि व्यवस्थामा क्रान्तिकारी परिवर्तन आवश्यक छ ।

## ६. कृषि क्रान्ति र त्यसको व्यावहारिक पक्ष

कृषि क्रान्तिको सार पक्ष यस क्षेत्रमा सामाजिक न्याय र उत्पादकत्व वृद्धिलाई गतिवान ढङ्गले आमूल परिवर्तनकारी ढङ्गले अघि बढाउनु हो । हाम्रो देशको सन्दर्भमा कृषि नै सबै क्षेत्रको विकासको आधार हो । यो क्षेत्रको विकासले गति नलिएसम्म उद्योग, व्यापार, व्यवसायको विकास, रोजगारीको सिर्जना, गरिबी निवारण, आयात प्रतिस्थापन, निर्यात प्रबर्द्धन बचत र लगानी क्षमताको विकास, समाजमा शान्ति र अमनचयन, पूर्वाधार विकास जस्ता कुनै पनि क्षेत्रको विकास पनि सम्भव छैन । शिक्षा, स्वास्थ्य र वातावरण रक्षाको पनि सम्भावना रहँदैन । यी किसान, ग्रामीण जनताको उत्साह, जाँगर र क्रयशक्ति विकास नभएसम्म अर्थतन्त्रका अरु सम्भावना पनि अवरुद्ध हुन्छन । अभाव, गरिबी, अशिक्षा, अस्वस्थ र निराशा जस्ता विकासका कुनै पनि क्षेत्रमा जनताले तरङ्ग ल्याउन सक्तैनन् । हाम्रो देशको समग्र आर्थिक विकासको आधार नै कृषि भएको हुनाले यस क्षेत्रमा नयाँ तरङ्ग ल्याउनुपर्छ । यसका लागि वर्तमान संरचनाको आमूल परिवर्तन आवश्यक छ । सामन्ती भूस्वामित्व अन्त्य गरी लोकतान्त्रिक ढङ्गले कृषि अर्थतन्त्र पुनर्गठन गर्न आवश्यक र अनिवार्य छ । त्यो पक्षमा कदम नचाली कुनै अन्य कदम सफल हुन सक्तैन ।

सामन्ती भूस्वामित्व अन्त्य गरेर भूमिहीन गरिब किसानले जमिन प्राप्त गरेपछि उनीहरूमा नयाँ उत्साह, जाँगर र साहस पैदा हुन्छ । उत्साह र चित्त प्रसन्नता भनेको आफैँमा सशक्त ऊर्जा हो । त्यो ऊर्जा र आशावादिताका साथ सिचाई, कृषि सडक, कृषि सहकारी, कृषि उद्योग, वैज्ञानिक र आयमूलक वन व्यवस्थापन





व्यावसायिकरुपले जडिबुटी, फलफूल तरकारी, मसला खेतीको विकास, पशुका लागि आवश्यक आहारामा आधारित वन तथा नश्ल सुधारको कार्यक्रमलाई सन्तुलित ढङ्गले विकास गर्न जरुरी छ । यसका लागि प्रभावकारी व्यवस्थापन, सिचाई, कृषि सडक, विद्युतीकरण, कृषि सहकारी, कृषि उद्योगलाई एकीकृत ढङ्गले लैजानका लागि अठोट, दृढता र प्रतिबद्धता जरुरी छ । कृषि उत्पादन वृद्धिका लागि जमिनको समस्या र सिचाई व्यवस्थापन भैसकेपछिको महत्वपूर्ण आवश्यक तत्व भनेको मल, बिउ हो । मलमध्ये तत्कालीनरुपले रासायनिक मलको आपूर्ति व्यवस्थित गरेर समस्या समाधान गर्दै लगे पनि दीर्घकालीनरुपले कम्पोष्ट मल, प्राङ्गारिक मलको वैज्ञानिक तथा सरल ढङ्गले उत्पादन विकास र उपयोगतर्फ जोड दिनुपर्छ । यसरी उत्पादनलाई दिगो स्वस्थकर र वातावरण संरक्षणसमेतलाई एकीकृत ढङ्गले लान सकिन्छ र लानुपर्छ ।

## ७. कृषि क्षेत्रको व्यवसायीकरण

कृषिमा आधुनिकीकरण गर्दा बाहिरी नक्कल गर्ने, त्यसलाई थेग्न नसक्ने र अलपत्र पर्ने काम विगतदेखि हुँदै आएको छ । हाम्रो देशका विशेषज्ञहरू खासगरी कृषिविज्ञ, कृषि प्राविधिज्ञ, योजनाकार, अर्थविद् र कतिपय राजनीतिक हस्ती पनि युरोप, अमेरिकाबाट वा त्यसैतर्फको अध्ययनबाट प्रभावित व्यक्ति छन् । त्यसैले गर्दा निकै टाढाका हाम्रो वास्तविकतासँग मेल नै नखाने गरी विचार प्रस्तुत गर्दछन् र नीति निर्माण गर्दै आएका छन् । त्यसैले अनेक प्रयत्नका बाबजुद पनि नेपालको अर्थतन्त्र अत्यन्त पछौटे अवस्थामा छ । २००७ सालसम्ममा नेपालभन्दा कतिपय क्षेत्रमा खासगरी प्रतिव्यक्ति आय र कृषि उत्पादकत्वको हिसाबले कमजोर रहेका पूर्वी, दक्षिणपूर्वी र दक्षिण एसियाली देशले हामीलाई धेरै पछाडि पारिसकेका छन् । हामी निकै कमजोर भैसकेका छौं । यसो हुनुमा नीतिमा खोट रहनु नै हो । हाम्रो देशमा खेती गरिएको जमिन सालाखाला प्रतिव्यक्ति ०.८ हेक्टरभन्दा बढी छैन । नेपाल, चीन, जापान, कोरिया लगभग उस्तैउस्तैखालको जनसङ्ख्याको तुलनामा जमिन कम भएका देशमा पर्दछन् । संयुक्त राज्य अमेरिकामा प्रतिव्यक्ति ६० हेक्टर, युरोपमा प्रतिव्यक्ति ४० हेक्टर पर्छ । यस्तो भएकाले युरोप-अमेरिकाको भूमि वितरण प्रणाली र

कृषि विकासको रुप हाम्रा लागि उपयोगी हुन सक्दैन । जापान, चीन, कोरियालगायत्का देशको भूमि वितरण र उपयोग ढाँचा मिल्दोजुल्दो हुन सक्छ ।

त्यसैगरी कृषिमा यान्त्रिकीकरण, आधुनिकीकरण र व्यावसायीकरण कसरी गर्ने भन्नेबारे पनि हाम्रै जस्तो भौगोलिक बनोट भएका देशहरूको अनुभव उपयोगी हुन सक्छ । यसतर्फ हाम्रो अध्ययन, योजना, व्यवहार बढी निकट हुनु उपयोगी हुन्छ । हाम्रो देशका हिमाली जिल्लामा १५% भू-भाग, पहाडी जिल्लामा ६८ प्रतिशत भू-भाग र समथर तराई भू-भाग १७ प्रतिशत पर्दछ । यान्त्रिकीकरण र आधुनिकीकरण गर्नु भनेको के हो ? यसमै अनेक बहस र विवाद हुन सक्छन् । कृषिको आधुनिकीकरण गर्ने यान्त्रिकीकरण गर्न समथर तराई क्षेत्रमा जोत्न ट्याक्टर, सम्याउन डोजर, ओसारपसार गर्न ट्रिपर, ट्रक, बाली काट्न हारभेस्टर, बाली झार्न थ्रेसर, यान्त्रिक सिचाई व्यवस्था, बिउ छर्ने, गोडमेल गर्ने, मल हाल्ने यन्त्रहरू उपयोगी हुन सक्छन् तर मध्य पहाडी भेग, हिमाली भेगमा यसरी सम्भव छैन । तर ती क्षेत्रमा पनि आधुनिकीकरण र यान्त्रिकीकरण जरुरी छ ।

यसका लागि कुन ठाउँमा के बाली, बिरुवा, वन, फलफूल जडिबुटी, मसला लगाउने हो, त्यसको समग्र पक्ष अध्ययन गरेर हरेक पकेट एरिया पहिचान गर्नुपर्छ । जुन ठाउँमा जे सबैभन्दा लाभकारी उत्पादन हुन्छ, त्यस ठाउँमा बाली लगाउने र त्यसकै लागि तालिम प्रशिक्षणको व्यवस्था गरेर कार्य विभाजन गराउनुपर्छ । श्रम विभाजनले जहाँ जसले जे उत्पादन गर्ने हो, त्यहाँ त्यसलाई त्यही विषयको ज्ञाता विशेषज्ञ बनाउनुपर्छ । यसका लागि राज्यको योजना र सम्बन्धित क्षेत्रका उत्पादक शक्तिको तत्परता आवश्यक पर्दछ । परम्परागत उत्पादन प्रणालीका सम्पूर्ण राम्रा पक्षलाई वैज्ञानिक रुप दिएर विकास गर्ने, त्यसैगरी परम्परागत उत्पादन प्रणालीका पछौटे र कमजोर पक्ष हटाएर त्यसको ठाउँमा आधुनिकीकरण गर्ने । यी दुवै पक्षलाई ध्यानमा राखेर हाम्रो देशको ठोस परिस्थिति र भौगोलिक बनोटका आधारमा कृषिलाई यान्त्रिकीकरण र आधुनिकीकरण गर्नुपर्छ ।

अहिले पनि कतिपय ठाउँमा भूमिलाई सही उपयोग गरिएको, सही वालीको छनौट गरिएको ठाउँमा उत्साहवर्द्धक उत्पादन भएका





उदाहरण पाइन्छन् । जुम्ला र मुस्ताङमा स्याउ खेती लाभकारी भएको छ । धादिङको धुसा गाविसको स्यादुलमा सुन्तलाको उत्पादनले नमुना देखाएको छ । आलु, अम्लिसो, अलैंची, अदुवा, ओलन (दूध) मा इलामले नमुना देखाएको छ । चितवनको चैनपुर गाविसले वन व्यवस्थापनबाट हुने लाभको नमुना देखाएको छ । नवलपरासीको भिउरानले मेवा उत्पादनको नमुना देखाएको छ । सर्लाहीको लालबन्दीले गोलभँडा फलाएर, बाराको सिमरौनगढले ताजा तरकारी फलाएर नमुना देखाएको छ । भर्खरैदेखि अलैंची खेती सुरु गरेको सङ्खुवासभाले २०५६ सालमा लगभग ४० करोडको अलैंची निर्यात गरेर परम्परागत खेतीभन्दा लाभकारी सावित गरेको छ ।

यसैगरी अनेक स्थानमा अनेक प्रकारका अन्न, फलफूल, तरकारी, जडिबुटी, मसला वनस्पति, बाली र पशुपंक्षी पालन व्यवसायले आफूसक्दो आधुनिकीकरण गरेको ठाउँमा लाभ भएको छ । परम्परागतरुपमा स्थिर भएको ठाउँ पछाडि परेको छ । कृषि क्रान्ति गरेर त्यसको व्यावहारिक पक्ष सवल बनाएको खण्डमा हाम्रो देश संसारका कुनै पनि देशको समकक्षमा पुग्न सक्छ । यसका लागि हामी सबैले कम्मर कस्नु जरुरी छ । निराशा प्रगतिको बाधक हो ।

## ८. आमूल परिवर्तनकारी शक्तिका रुपमा किसानको भूमिका

मार्क्सवादी सिद्धान्तका प्रवर्तक कार्ल मार्क्सले किसानलाई क्रान्तिको शक्तिका रुपमा स्वीकार्नुभएको थिएन । समाज गतिको विकाससँगै किसान परिवारका सदस्य कतिपय भूमिहीन गरिब किसान सर्वहारा वर्गमा रुपान्तरित हुँदै जान्छन् र कतिपय निम्न पुँजीपति वर्ग वा मध्यमवर्गमा रुपान्तरित हुन्छन् तर किसान आफैंमा क्रान्तिकारी शक्तिका रुपमा जागरुक हुँदैनन् भन्ने धारणा थियो । इतिहासको चालक शक्ति वर्ग सङ्घर्षलाई मान्नुहुने कार्ल मार्क्सले वर्ग सङ्घर्ष र क्रान्तिका महत्वपूर्ण शक्तिका रुपमा किसानलाई नलिनुमा अरु कारणभन्दा पनि युरोपको तत्कालीन स्थितिलाई ध्यानमा राखेर प्रस्तुत गर्नुभएको विचारका रुपमा लिनु उपयुक्त हुन्छ ।

सोभियत सङ्घका संस्थापक अक्टोबर क्रान्तिका नायक कमरेड लेनिनले पनि वर्ग सङ्घर्षका आधारभूत शक्तिका रुपमा मजदुरलाई

लिनुभएको छ । तर चिनिया क्रान्तिका नायक कमरेड माओत्सेतुङले आफ्नो अध्ययन, विश्लेषण लेखन पनि ग्रामीण क्षेत्रमा केन्द्रित गर्नुभयो । चिनिया कम्युनिष्ट पार्टीमा देखिएको छन्तुस्युको दक्षिणपन्थी सोच र किसान समस्याप्रतिको बेवास्ता, चाङको थाओको उग्रवामपन्थी चिन्तन र मजदुरबारे सोच बनाउने र किसान समस्या र किसान शक्तिलाई बेवास्ता गर्ने उग्र वाम सोचबाट असहमत हुँदै चिनिया समाजमा वर्गहरूको विश्लेषण गर्न थाल्नुभयो र सन् १९२६ मा यसबारे रिपोर्ट तयार गर्नुभयो । यसपछिका पनि तमाम कार्य चिनिया समाजको गहन अध्ययन विश्लेषण गरेर तिनको ठोस स्थितिको ठोस विश्लेषण गरेर क्रान्तिको आधारभूत शक्ति किसान हुन् र क्रान्तिको आधारभूत क्षेत्र ग्रामीण क्षेत्र हो भनेर किसान समुदायबाट क्रान्तिकारी शक्तिलाई सङ्गठित गर्दै सङ्घर्षशील ढङ्गले अघि बढाउन थाल्नुभयो । मार्क्स र लेनिनले भन्दा फरक ढङ्गले ग्रामीण वर्ग सङ्घर्ष, ग्रामीण आधार निर्माण गर्दै क्रान्ति सम्पन्न गर्ने कार्यको नेतृत्व गर्नुभयो ।

चिनिया समाजमा विकासका लागि मार्ग निर्देशन दिने दस्तावेजको रुपमा चर्चित उहाँको “दश प्रमुख सम्बन्धहरू” भन्ने पुस्तिकामा उहाँले खुलेर भन्नुभएको छ- “ठूलो उद्योगको विकास गर्ने तपाईंको इच्छा सक्कली हो कि नक्कली हो, सवल हो कि दुर्वल, यदि तपाईंको इच्छा नक्कली र दुर्वल छ भने तपाईंले कृषि र साना उद्योगलाई प्रहार गर्नु हुनेछ र तिनीहरूमा लगानी कम हुन्छ । यदि तपाईंको इच्छा साँच्चैको र सवल छ भने तपाईंले कृषि र साना उद्योगलाई महत्व दिनुहुनेछ । यसो गर्दा उत्पादन बढ्नेछ । साना उद्योगको कच्चा पदार्थ बढी उपलब्ध हुनेछ, बचत बढ्नेछ र ठूलो उद्योगमा लगानी गर्नका निम्ति ठूलो कोष प्राप्त हुनेछ ।” कमरेड माओका यी भनाई हाम्रो देशको सन्दर्भमा अत्यन्त उपयोगी र महत्वपूर्ण छन् । यसले नेपालका अल्पबुद्धिवाला बुद्धिजीवी, व्यवहार थाहै नभएका मार्क्सवादी र रोमान्टिक क्रान्तिकारी सबैलाई माओको भनाईले खण्डित गर्दछ ।

हाम्रो देशका कुल परिवारमध्ये अधिकांशले पारिवारिक श्रमले कृषि उत्पादन गर्दछन् । आफै र आफ्नै लागि उत्पादन गर्छन् । असार,





मङ्सिर वा सिजनमा ज्यालामा केही दिन काम लगाए पनि अधिकांश श्रम आफैं गर्छन् । कहिलेकाहीँ कतिपय ठाउँमा पर्म अर्थात् श्रम पैँचो लेनदेन पनि गर्दछन् । आमरुपमा मध्यम किसान, सामान्य मध्यम किसान, निम्न मध्यम किसान परिवार यसरी चलेको छ । अर्को ठूलो सङ्ख्या गरिब किसान जोसँग अत्यन्त थोरै जमिन हुन्छ र बाँकी समय ज्याला गरेर खान्छन् । बाँकी भूमिहीन किसान, कमैया, हलियाका रुपमा खेतबारीमा काम गरेर जीविका चलाउँछन् । अर्को भनेको धनी किसान, जसको जमिन प्रशस्तै हुन्छ, आफू पनि काममा भाग लिन्छन् प्रायः कामदार, हली, गोठाला, खेताला राखेर काम गराउँछन् । अर्को भनेको प्रशस्त जमिन भएको शोषण, उत्पीडन गर्ने सत्ता र प्रशासनको आडमा श्रमजीवी जनतालाई दबाउन प्रयत्न गरिरहने सामन्त जमिनदार हुन्छन् । अत्यन्त सानो सङ्ख्या १% भन्दा कम भएर पनि देशको अत्यन्त उब्जाउ मूल्यवान सिचाई हुने लगभग १३% कृषि भूमि यही वर्गको नियन्त्रणमा छ । गाउँमा उद्योगधन्दा कल कारखाना र गैरकृषि पेशा प्रायः छैन ।

यस्तो बेला क्रान्तिका वर्ग सङ्घर्षमा चालक शक्ति भनेको किसान समुदायभित्रको भूमिहीन किसान, गरिब किसान र मध्यम किसान परिवारभित्रकै सचेत र क्रान्तिकारी वर्ग हो, यो शक्तिलाई सचेत सङ्गठित र सङ्घर्षशील ढङ्गले अघि बढाएर नै कृषि क्रान्तिलाई सफलताको शिखरमा पुऱ्याउन सकिन्छ । यही अठोट र सिद्धान्त नै विज्ञानसम्मत र सही सावित भएको छ । खासगरी अर्धसामन्ती अर्धऔपनिवेशिक अवस्था कायम रहेका विकासशील देशका लागि प्रामाणित सावित भैसकेको छ । यसका लागि भूमिहीन किसान, कमैया, हली, गोठाला, खेताला, भरिया, गरिब किसान, निम्न मध्यम किसान, मध्यम किसानलाई सङ्गठित गर्ने, धनी किसानलाई पक्षमा तान्ने वा तटस्थ राख्ने, सामन्त जमिनदार वर्ग, जाली फटाहा तथा दलाल वर्गका विरुद्ध शक्ति केन्द्रित गर्ने र राष्ट्रियरुपमा अर्धसामन्ती अर्धऔपनिवेशिक स्थिति समाप्त गरी उत्पादनका साधन श्रमजीवी किसानमा पुऱ्याउने सम्पूर्ण आकार सिर्जना गरेर कृषि क्रान्तिको जग बसाउन सकिन्छ ।

भूमिमा गरिने कृषि क्रान्तिले सामाजिक न्यायको क्षेत्रमा क्रान्तिकारी पविर्तन ल्याउँछ र उत्पादनका क्षेत्रमा क्रान्तिकारी परिवर्तनको जग बसाइदिन्छ । यसरी सामाजिक न्याय उत्पादन वृद्धिका लागि समग्र कृषि क्रान्तिको जग बस्न जान्छ । तर भूमिको स्वामित्वका क्षेत्रमा क्रान्तिकारी परिवर्तन मात्रैले कृषि क्रान्ति हुन सक्दैन । यसका साथै उत्पादन विषय छनौट र आधुनिक बिउ विजनको विकास, सिचाई, कृषि सडक, कृषि सहकारी, कृषि उद्योग, कृषि बजारको व्यवस्थालाई एकीकृत ढङ्गले सञ्चालन गरी समाज विकासको चालक शक्तिलाई सचेत र सक्षम ढङ्गले अघि बढाउने कार्यलाई समग्रमा कृषि क्रान्ति भनिन्छ ।

सैद्धान्तिकरुपले हामी कहाँ छौँ र के गर्न आवश्यक छ, यसबारे माथि चर्चा गरिसकिएको छ । त्यसले प्रमाणित गरेको छ कि कृषि क्रान्ति विना हाम्रो समाजको विकास सम्भव छैन । आज हामी युरोप र संयुक्त राज्य अमेरिका भन्दा कृषिमा २०० वर्ष पछाडि र उद्योग र औद्योगिक प्राविधिक विकासमा १०० वर्ष पछाडि परिसकेका छौं । एसियाकै विकसित देश खासगरी पूर्वी एसियाका कतिपय देशको तुलनामा ५० वर्ष पछाडि परिसकेका छौं । दक्षिण एसियाकै हिसाबले पनि हामी लगभग पछौटे अवस्थामा छौं । यो अवस्थाबाट ती देशको हाराहारी वा समकक्षमा पुग्न र पछौटे अवस्थाको हीनताबोधबाट मुक्त हुन धेरै नै गतिका साथ काम गर्न जरुरी छ । विकासको गति पक्रेर अर्थात् विकासको लिगमा गाडी चलाइवरी हिँडाउन थालेका र कुदाइसकेका देशसँग विकासको प्रारम्भिक अवस्थामा रहेको हाम्रो जस्तो देशलाई ती देशको हाराहारीमा पुग्न ज्यादै परिश्रम आवश्यक छ । त्यो परिश्रम जसले एक दिन गएर उनीहरूलाई भेट्न सफलता प्राप्त गर्न सकोस्, वास्तवमा यो भयानक चुनौतीको विषय हो । अस्तित्वको रक्षा, राष्ट्रिय सार्वभौमिकताको रक्षा र स्वाभिमानका लागि हामीले त्यो गति पक्रन आवश्यक छ । तर त्यसरी अघि बढ्नका लागि वर्तमान अर्धसामन्ती अर्धऔपनिवेशिक अवस्था दौडन चाहने मान्छेको खुट्टामा नेल र हातमा हतकडी जस्तो भएर बसेको छ । यसले उत्पादक शक्तिको गतिवान वेग अवरुद्ध पारेको छ ।





कमरेड लेनिन भन्नुहुन्छ- "जसरी हरेक परिघटनाको मूल भौतिक कारण हुन्छ, त्यसरी नै मानव समाजको विकासमा भौतिक शक्ति र उत्पादक शक्तिको विकासले यसको निर्धारण गर्दछ ।" उत्पादन र उत्पादन विकासका लागि औजार र अन्य भौतिक साधन आवश्यक पर्छ तर श्रमका लागि आवश्यक पर्ने औजार, श्रमका साधन आदि पनि मान्छेले नै बनाएका चिज हुन् । यसकारण समाज विकासको इतिहासमा प्रकृतिबाट प्राप्त भौतिक पदार्थलाई आफ्नो श्रम र सिपको प्रयोगबाट मानवोपयोगी बनाउन श्रमको भूमिका अत्यन्त महत्वपूर्ण छ । तर हाम्रो समाजमा वर्तमान अर्धसामन्ती अर्धऔपनिवेशिक अवस्थामा श्रम गर्ने उत्पादक शक्ति दबिएका छन् । शोषण, उत्पीडन, दमन र भेदभावको शिकार भएका छन् । सबैभन्दा कष्टकर स्थानमा बसेर कष्टकर श्रम गर्ने र उत्पादन गर्नेहरू सबैभन्दा अपहेलित, अपमानित र प्रगतिका अवसरबाट वञ्चित छन् । मूल उत्पादक शक्ति उत्पादनका साधनबिहीन र दमित भएपछि विकासका तमाम ढोका अवरुद्ध हुनु स्वाभाविक हो । त्यसैकारण आज हाम्रो समाजको विकास गति मन्द अवस्थामा छ । यो अवस्था तोड्न र विकासको गति तीव्र पार्न कृषि क्रान्ति आवश्यक छ ।

◆

# परिच्छेद - दुई

## भूमि र कृषिसम्बन्धी परिवेश

### १. नेपालको भू-बनोट स्थिति

नेपाल एसिया महादेशको माझमा, दक्षिण एसियाको सिरानमा र हिमालय पर्वत श्रृङ्खलाको मध्य काखमा अवस्थित छ । १,४७,१८१ वर्ग किलोमिटर क्षेत्र भएको, यस क्षेत्रकै आफ्नो स्वतन्त्र अस्तित्वलाई अटुटरुपले सगरमाथा जस्तै उच्च राख्दै आउन सफल देश हो । आकारमा विश्वको सम्पूर्ण पृथ्वीको ०.३ प्रतिशत र सम्पूर्ण जमिनको ०.१ प्रतिशत मात्र क्षेत्रफल ओगटेको सानो देश भए पनि प्रकृतिप्रदत्त सम्पदाको दृष्टिले अत्यन्त समृद्ध र विविधतायुक्त विकट तर अत्यन्त सुन्दर देशको रुपमा संसारसामु स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न राष्ट्रका रुपमा सगौरव उभिएको छ ।

संसारको सबैभन्दा ठूलो र अग्लो पर्वत श्रृङ्खला भएको हिमालय दक्षिण एसियाका विभिन्न देश भएर फैलिएको छ । अफगानिस्तान, पाकिस्तान, भारत, नेपाल, भुटान, बङ्गलादेश र बर्मासम्म लमतन्न फैलिएको छ र हिमालयको दक्षिणतर्फ यी देश छन् भने उत्तरतर्फ विशाल चीन छ । यस्तो हिमालय पर्वत श्रृङ्खलाको दक्षिणतर्फको लगभग एक तिहाई खण्ड नेपालमा पर्दछ । विश्वको सर्वोच्च शिखर सगरमाथा, जसलाई संसारको छानो भनिन्छ, नेपालकै पूर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्लामा पर्दछ । हाम्रो देश पूर्व पश्चिम भएर तेर्सिएको छ । हिमालय पर्वत श्रृङ्खला नेपालको उत्तरतर्फ पूर्व-पश्चिम भएर गएको छ, त्यसैगरी मध्य पहाडी भागबाट महाभारत पर्वत श्रृङ्खला पनि समानान्तर भएर पूर्व-पश्चिम लमतन्न छ । त्यसैगरी दक्षिणको तराई समथल भू-भाग र महाभारत पर्वत श्रृङ्खलाको बीचमा चुरे पर्वत पनि लगभग पूर्व-पश्चिम भएर रहेको छ । यसरी नेपालको भू-बनोट हिमालय पर्वत श्रृङ्खला, मध्य पहाडमा महाभारत पर्वत श्रृङ्खला तथा चुरे पर्वत श्रृङ्खला र तराईको मैदान चारवटै भौगोलिक क्षेत्र पूर्व-पश्चिम तेर्सो





भएर रहेको छ । नेपालमा बहने नदी हिमालय र महाभारत पर्वतबाट उद्गम भई उत्तरबाट दक्षिणतिर बहने र जमिनलाई उत्तर दक्षिण चिरा पार्दै ओरालो दौड्ने हुँदा खासगरी सडक यातायात विकासमा बढी पुल आवश्यक पर्ने, खर्चालु र बारम्बार बाढी पहिरोको सामना गरिरहनुपर्ने खालको भू-बनोट छ ।

नेपाल एक अर्ब ३० करोड जनसङ्ख्या भएको विशाल देश चीन र १ अर्ब १० करोड जनसङ्ख्या भएको विशाल देश भारतको बीचमा अवस्थित छ । दुई विशाल देशको माझमा रहेको सानो हिमाली यो देश क्षेत्रफल र जनसङ्ख्याको हिसाबले सानो भए तापनि प्राकृतिक हिसाबले अनेक विविधताले भरिएको छ । समुद्र सतहबाट लगभग ५७.५ मिटर मात्र उचाईमा रहेको तराईको उष्ण प्रदेशदेखि लिएर ८,८४८ मिटर अग्लो सर्वोच्च शिखर सगरमाथासम्म फैलिएको हाम्रो देश प्राकृतिक र जैविक विविधताले भरिएको छ । देशको पूर्वदेखि पश्चिमसम्म प्रायः उत्तरबाट दक्षिण बहने हजारौं नदीनाला छन् । देशभर लगभग् ६,००० नदीनाला छन् । ५५ लाख हेक्टरभन्दा बढी जमिन वन सिमानाभित्र पर्छ र त्यसमा लगभग ३८ लाख हेक्टर हरियो वनले ढाकेको छ । बाँकी क्षेत्र उजाड छ तर वन लगाउँदा हराभरा बनाउन सकिन्छ । ३२ लाख हेक्टर खेतीयोग्य जमिन छ तर भौगोलिक विविधता र सिचाई अभावमा यसको अधिकांश भागमा मात्र खेती गरिएको छ । हाम्रो वन क्षेत्रभित्र लगभग ८०,०० भन्दा बढी जातका वनस्पति पाइन्छन् । जैविक सम्पदाबारे विभिन्न अध्ययनले के प्रमाणित गरेको छ भने जमिनको क्षेत्रफलको तुलनामा कम्तिमा १७ गुणा जैविक सम्पदा भएको देखिन्छ । यसको तात्पर्य हाम्रो देश प्राकृतिक हिसाबले संसारका अरु देशको तुलनामा समृद्ध छ । हाम्रो भविष्य उज्ज्वल छ र भविष्यमा हामीले नेपाललाई संसारको समृद्ध राष्ट्रका रुपमा विकसित गर्न सक्छौं । त्यसका लागि प्रकृतिले हामीलाई प्रशस्त जैविक विविधतायुक्त सम्पदा निःशुल्करुपमा दिएको छ । केवल अब प्रकृतिले दिएका यस्ता सम्पदाको हक रक्षा, प्रकोपबाट रक्षा तथा सदुपयोग र पूर्वाधार विकास गर्न भने हतार भइसकेको छ ।

## २. भूमि, कृषि, वन तथा वनस्पति र पशुपालन व्यवसायको स्तर

नेपालको वर्तमान आर्थिक आधारको मूल क्षेत्र कृषि हो । हाम्रो देशको कुल जनसङ्ख्याको ६५ प्रतिशतभन्दा बढी जनता कृषिमा आधारित छन् । देशको कुल राष्ट्रिय आयको ३२ प्रतिशतभन्दा बढी यसै क्षेत्रले दिएको छ । देशको कुल बसोबास क्षेत्रको लगभग ९० प्रतिशत भाग ओगट्ने ग्रामीण क्षेत्रमा कृषिको विकास स्तरले प्रभावित गरिरहने मात्र होइन, बाँकी गैरकृषि क्षेत्रको विकासलाई व्यापक असर पारिरहेको हुन्छ । कृषि क्षेत्रको एक प्रतिशत विकासले गैरकृषि क्षेत्रको विकासमा १.५ प्रतिशतले विकासको गति अघि बढ्ने हुँदा यस क्षेत्रको विकास वा विनास दुवैले सकारात्मक वा नकारात्मक असर पारिहाल्छ । कृषि विकासमा उत्पादनका साधनको वितरण स्थितिले उत्पादक शक्तिको उत्साह, जाँगर र सिप तथा प्रविधिको प्रयोगमा प्रभाव पारिरहेको हुन्छ । उत्पादक शक्ति किसान र उत्पादन सम्बन्ध सामन्त जमिनदार वर्ग भएपछि उत्पादक शक्ति र उत्पादन सम्बन्धबीचको अन्तरविरोध, कटुता र द्वन्द्वमा मुखरित हुनु अनिवार्य छ । यस्तो स्थितिमा न श्रमजीवी किसानको न त जमिनदारको, कसैको पनि विकास हुँदैन । समग्र कृषि अर्थतन्त्र पछौटे हुन पुग्छ ।

हाम्रो देशको कृषि विकासको स्तर अति नै पिछडिएको र परम्परागत हुनुमा मूल कारण भूमिको अर्धसामन्ती वितरण ढाँचा नै प्रमुख देखिन्छ । ८० प्रतिशतभन्दा बढी जनता कृषि पेशामा लागेका छन । कृषि विकासका लागि एउटा प्रमुख साधन जमिन मानिए तापनि अर्को साधन यसमा प्रयोग गरिने मानव श्रम, अर्को गोरु, राँगा र खच्चरलगायत्का पशु श्रम, परम्परागत हलो, कोदालो, कोदाली, कोदार, सावेल आदि छन् । यसका अलावा आधुनिक औजार ट्रेक्टर, हारभेष्टर, थ्रेसरलगायत्का सामान्य आधुनिक औजारको प्रयोगसमेत अत्यन्त सीमित तथा नगन्य मात्रमा केही सीमित किसानले मात्र प्रयोग गरेको पाइन्छ । संसारका विकसित देशमा खासगरी संयुक्त राज्य अमेरिका, बेलायत, बेल्जियम, अष्ट्रेलियालगायत्का देशमा कुल श्रमशक्तिको ५ प्रतिशतले कृषि क्षेत्रमा काम गर्छन् तर उपभोग गरिकन उत्पादनको आधाभन्दा बढी निर्यात गर्न सफल छन् । तर हाम्रो देशको ८०





प्रतिशतभन्दा बढी श्रमशक्तिले यही कृषि क्षेत्रमा सम्पूर्ण श्रम र सिप लगाउँदा पनि अरबौं मूल्यको कृषि उत्पादन खाद्यान्न, फलफूल, तरकारी, दूध, माछा, मासु, चिया, कफीको आयात गर्नुपर्ने बाध्यता छ । साथै अरबौंको व्यापार घाटा बेहोरिरहेको छ । यसको कारण र आधार विश्लेषण गर्दा यो क्षेत्रको प्रमुख उत्पादनको साधन जमिनको वितरण ढाँचामा रहेको विषमता र उत्पादन प्रविधिको पछौटेपन नै मूल कारणका रुपमा देखिन आएको छ । उत्पादनको साधन भूमि र त्यसको वितरण स्थिति चरम असमान भएकाले उत्पादनमा नकारात्मक परिणाम हुनु स्वभाविकै हो । जमिनको वितरण स्थितिबारे राज्यले भरपर्दो र वास्तविक तथ्याङ्क उपलब्ध गराउन नसकेका कारण सर्वमान्य तथ्याङ्क छैन तर सरकारी र गैरसरकारी खोजका तथ्याङ्क, दीर्घकालीन कृषियोजना, उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदनभित्रका तथ्याङ्क, अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनले गरेका खोज र गत कृषि गणनाका तथ्याङ्कसमेतलाई एकै ठाउँमा राखेर प्रशोधन गर्दा सालाखाला मान्य तथ्याङ्क अनुमान गर्न सकिन्छ । जमिनको वितरण असमान छ । खेतबारीमा बाह्रै महिना काम गर्ने गरिब तथा भूमिहीन किसानसँग जमिन छैन, भए तापनि अत्यन्तै न्यून छ तर अनुपस्थित जमिनदारको हातमा असल, उब्जाउ र सिँचित जमिन केन्द्रित छ । यस्तासँग भएको जमिनको राम्रो सदुपयोग भएको छैन, आधा हेक्टरभन्दा कम जमिन भएका बाह्रै महिना खेतबारीमा काम गर्ने कुल किसानको ५० प्रतिशत किसानसँग केवल ६.६ प्रतिशत कमसल खालको जमिन छ । १० हेक्टरभन्दा बढी जमिन हुने ठूला सामन्त जमिनदार वर्गसँग सबैभन्दा असल १३.१ प्रतिशत जमिन छ । यसरी माटोसँग साइनो सम्बन्धै नभएका ठूला जमिनदारसँग सबैभन्दा असल जमिन केन्द्रित छ । यसकारण उत्पादकत्वमा ह्रास र सामाजिक अन्याय भैरहेको छ ।

कृषि र ग्रामीण विकाससँग अत्यन्त निकट सम्बन्ध भएको वन, वनस्पति, पशुपालन र वन्यजन्तुको विकासमा पनि अर्धसामन्ती उत्पादन ढाँचाको प्रभाव जताततै देखिन्छ । कृषिको क्षेत्र परम्परागत औजार उपकरणको प्रयोग मात्रै होइन, लाभ-हानिको ख्यालै नगरी परम्परागतरुपमा जुन बाली जसरी लगाउने गरिएको थियो, त्यसैगरी लगाउने आम प्रचलन कायमै छ । बाउ-बाजेले धान, मकै, गहुँ, कोदो

लगाउँथे भने अहिले पनि आमरुपमा त्यही नै छ । केही नयाँ प्रयोग भनेको केवल रासायनिक मल र केही आधुनिक बिउ विजनको प्रयोगबाहेक कुनै पनि नयाँ परिवर्तन भएको छैन । त्यसैगरी वन र वनस्पतिको विकासमा पनि कुनै खास वैज्ञानिक ढङ्गले योजना बनाइएको छैन । लाखभन्दा बढी हेक्टर जमिन वन सिमानामा पर्छ । त्यो वन र वनस्पतिलाई उपयुक्त व्यवस्थापन विकास र उपयोग गर्ने हो भने देशको माटोको संरक्षण, पशु खाद्य, पानीको स्रोतको संरक्षण, बाढी पहिरोको नियन्त्रण, हरियाली र सुन्दरताको विकास, वन्यजन्तु तथा चराचुरुङ्गीको विकासमात्रै होइन, खेती गरिएको खेतबारी जस्तै वनलाई किसान जनताको अत्यन्त महत्वपूर्ण आयस्रोतको रुपमा सदुपयोग गर्न सकिन्छ तर अहिले वनको आयले वन व्यवस्थापनलाई बचाउन पनि सकेको छैन ।

एक तिहाई वन क्षेत्र उजाड भएको छ, एक तिहाई भाग बुट्यान र अत्यन्त काम उपयोगी वनले ओगटेको छ भने बाँकी एक तिहाई वन घना र बाक्लो छ तर योजनाबद्ध उपयोग, विकास र व्यवस्थापन नभएको हुँदा निरन्तर आयस्रोतको रुपमा राज्यले लाभ लिन सकिरहेको छैन । रुखको उमेरमा पाको, प्रौढ, जवान, बालक र बिरुवा क्रमशः हुनुपर्नेमा त्यस्तो छैन । सैयौं वर्ष पुराना रुखहरू छन् र त्यसपछिको पुस्ता नै छैन । कतै वन फाँडेर भष्म पारिएको छ, बिरुवा मात्रै छन् । कतै अनुपयोगी रुख छन् यसरी वनको व्यवस्थापन राम्ररी भएको छैन । यसलाई व्यवस्थित पार्न पशु घाँस, काठ, हरियाली र पानीको स्रोतको संरक्षण गर्ने रुखलाई प्राथमिकतामा र बाँकीमा अन्य रुख लाएर एउटै खाली नहुने गरी वृक्षरोपण गर्नुपर्छ । वनमा भएका रुखको उमेरको पनि सीमा हुन्छ, ती रुखको एक हदको उमेर पुगेपछि त्यसलाई उपयोगमा ल्याउने र वनमा एकपछि अर्को उमेरको क्रमशः पुस्ता मिलाएर व्यवस्थापन गर्न जरुरी छ । यसरी वनको व्यवस्थापन हुन नसकेर अथाह सम्पत्तिको स्रोत त्यसै खेर गइरहेको छ ।

त्यसैगरी हामीसँग अत्यन्त उपयोगी हजारौं प्रकारका वनस्पति छन् । तर त्यसलाई या जरोकिलो समाप्त पार्न लागिएको छ, या त त्यसको सदुपयोग पनि गर्न सकिएको छैन वा कतिपय रोक लगाइएको छ । वन्यजन्तुकै बारेमा पनि वनकै जस्तो व्यवहार गरिएको छ । सयौंखाले





वन्यजन्तु छन् । तिनको या शिकार गरी गरी समाप्त गरिएको छ, या त त्यसलाई उपयोगमा ल्याउन प्रतिबन्ध गरिएको छ । त्यसको सङ्ख्या र गुणको विकासका लागि व्यापक योजना बनाएर जाने हो भने मौरीपालन, हरिण, मृग, कस्तूरी आदि वन्यजन्तुको योजनाबद्ध विकास गर्ने हो भने प्रशस्त सम्भावना छ तर यसको व्यवस्थापन परम्परागत, रुढिवादी र पछौटे सोचका कारण विकास हुन सकेको छैन ।

जडिबूटीको विकासका लागि पनि त्यस्तैखालको व्यवहार गरिएको छ । ती कि प्रतिबन्धित छन् कसैले त्यसको रक्षा, विकास र व्यवस्थापनमा कुनै भूमिका नै खेलिरहेको छैन, कि त जरोकिलो नराख्ने गरी समाप्त गरिएको छ । त्यसको पनि अब त विकसित देशका कम्पनीहरूले आफ्नै नाममा पेटेन्ट राइट्स लिएर हामीलाई नै रोयल्टी तिराउने तरखरमा छन् । कृषि, वन र वनस्पतिको उचित व्यवस्थापन नभएपछि पशुपालन व्यवसायको विकास कमजोर हुनु स्वाभाविक नै हो । हामीसँग ७० लाखभन्दा बढी गाई छन् तर ती गाई मुस्किलले एक माना वा २ माना दूध दिने त्यो पनि ६ महिनाभन्दा बढी नदिनेखालका चोक्रे छन् । गाईवस्तु पाल्नेमध्ये कतिपयले त गाई दूध खान होइन, गउत खान मात्र भए पनि पालेका छन् । मान्छेका लागि गाई होइन, गाई पाल्न मानिस बाँचेका छन् । भैंसी, बाखापालन आदि पनि अत्यन्त निर्वाहमुखी परम्परागतस्तरबाट पालेका छन् । पशुपालन व्यवसाय लाभकारी हुन नश्ल सुधार, तिनको खाना, दाना, घाँस, बसोबास र बजार व्यवस्थित हुनुपर्छ । त्यस्तो हुन सकिरहेको छैन ।

समग्रमा हालको हाम्रो देशको सम्पूर्ण भूमि कृषि, वन वनस्पति जडिबूटी र पशुपालन व्यवसाय अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थाको छ । वितरण असमान छ, व्यवस्थापन अस्तव्यस्त छ, यसै क्षेत्रको विकासका लागि छुट्याइएको बजेटमा समेत भ्रष्टाचार, कमिशनखोरी भएकाले हाम्रो देशका अति महत्वपूर्ण यो क्षेत्रमा क्रान्तिकारी परिवर्तन गरेर लैजाँदा अर्थात् कृषि क्रान्तिको समग्र कार्यक्रमलाई व्यवहारमा उतारेर मात्र किसानमाथि भइरहेको शोषण, उत्पीडन दमन, भेदभाव र असमानता अन्त्य गर्न र विकासको गति तीव्र पार्न सकिन्छ ।

जनताको बहुदलीय जनवादी कार्यक्रममा पनि प्रष्ट उल्लेख छ- "वैज्ञानिक तथा उन्नत खेतीको विकास गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाइनेछ र कृषिमा आश्रित जनताको जीवनस्तर माथि उठाइनेछ ।" कृषि नीतिको विशेषता र महत्वपूर्ण पक्ष भनेको सामाजिक न्याय र उत्पादन वृद्धि हो । विगतमा एकपक्षीयरुपले कसैले सामाजिक न्यायतर्फ ध्यान दिने तर उत्पादकत्व वृद्धिको पक्षलाई छाडिदिने र अर्को पक्षले उत्पादन वृद्धिको पक्ष उठाउने तर सामाजिक न्यायलाई वास्तै नगर्ने सोचलाई जवजको कृषि नीतिले तोडेको छ । सामाजिक न्याय र उत्पादकत्व वृद्धिको पक्षलाई सँगसँगै समानान्तर ढङ्गले अघि बढाएर मात्रै कृषि क्रान्तिको कार्यक्रम व्यावहारिक र दिगो विकासका रुपमा लैजान सकिन्छ भन्ने धारणा अघि सारेको छ ।

सामान्यतयाः नेपाली र सिङ्गै दक्षिण एसियाको उत्पादकत्वको स्तर कमजोर छ । यसरी उत्पादकत्व कमजोर हुनुमा नेपालको र दक्षिण एसियाको प्राकृतिक कारण नभएर नीतिगत, कानुनी र व्यावहारिक क्षेत्रमा रहेको खोट मूल जिम्मेवार छ । भूमिको वितरण व्यवस्था, कृषि विकासका लागि आवश्यक नीतिगत व्यवस्था, बाली छनौट र कृषि विकासका लागि आवश्यक पूर्वाधार, प्रविधि उत्पादन, वितरण र बजारको समायोजनका क्षेत्रमा रहेको अर्ध औपनिवेशिक स्तरबाट माथि उठ्न नसक्नु, जमिनको असमान वितरण, मोही वेदखली, मोही हकको भरपर्दो आधार नहुनु, गुठी, विर्ता, जमिन कायम रहिरहनु, जमिनदारी हैकम र रजौटा प्रथासमेत कायम हुनु भूमिको वैज्ञानिक स्रेस्ताको व्यवस्था नहुनु, सबैभन्दा बढी काम गर्ने भूमिहीन तथा गरीब किसान सबैभन्दा अपमानित, अपहेलित हुनु, शोषण, उत्पीडन र दमनको शिकार भैरहनु र त्यसको सङ्गठित प्रतिरोध प्रभावकारी नहुनु समग्ररुपमा भन्नुपर्दा सामन्ती भू-स्वामित्व कायम रहनु नै हो । यसै कारण जवजको कृषि कार्यक्रममा "सामन्ती भूस्वामित्वको अन्त्य गर, जनवादी ढङ्गले कृषि अर्थतन्त्रको पुनर्गठन गर" भनेर कार्यक्रमको सार अभिव्यक्त गरिएको छ ।

## ३. नेपालमा विद्यमान कृषि तथा भूमि समस्या

कृषि तथा भूमि समस्या नेपालको प्रमुख समस्या हो । साथै प्रमुख सम्भावना पनि हो । नेपालमा कृषि तथा भूमि समस्या समाधान





भएमा देशको मुख्य समस्या समाधान हुन्छ । आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक र शान्ति सुरक्षाका समस्याको मुख्य कडीको रुपमा भूमि तथा कृषि समस्या रहेको छ । नेपालको प्रमुख उत्पादक शक्ति किसान र प्रमुख उत्पादनको साधन भूमि हो । देशको कूल गार्हस्थ उत्पादनको मुख्य भाग कृषिले नै दिन्छ । गरिबीको रेखामुनिका सबैभन्दा धेरै प्रतिशत पनि कृषि पेशाभित्रकै परिवार छन् । कृषि समस्या समाधानको मुख्य पक्ष भूमि समस्या नै हो । भूमि समस्या समाधान नभई कृषि उत्पादन तथा विकासका समस्या राम्ररी समाधान हुन सक्दैन । प्रथम पञ्चवर्षीय योजना २०१५ सालदेखि हालको दशौं योजनासम्म आइपुग्दा पनि भूमि समस्या समाधान भएन । कृषि तथा भूमि समस्या समाधान नहुनुको कारण पनि मूलतः भूमि समस्या समाधान नहुनु नै हो । जबसम्म सामन्ती भूस्वामित्व अन्त हुँदैन, तबसम्म कृषि क्षेत्रको समग्र विकास वा दिगो विकास हुन सक्तैन । कृषि तथा भूमि समस्याको मूल बाधक सामन्ती उपरीढाँचा हो, जसको उपस्थितिले सामन्ती भूस्वामित्वको अन्त्य र लोकतान्त्रिक ढङ्गबाट कृषि अर्थतन्त्रको विकासमा तगारोको काम गरिरहन्छ ।

कृषि भनेको बृहत् क्षेत्र हो । यसभित्र सम्पूर्ण भूमि, जल र जङ्गल पर्दछ । कृषि क्षेत्र उपयोगी बोटविरुवा र वनस्पतिले जल संरक्षण गर्नेदेखि पशुपालन, मौरीपालन, जडिबुटी तथा वनस्पति व्यवसायको विकाससँग गाँसिएको छ । पशुपंक्षी पालन, माछा पालन, वन्यजन्तु पालन, फलफूल तरकारी उत्पादन, अन्न खाद्य उत्पादन, कफी, चिया, जैतुन, मिचुमाता (अर्घेली) सिवोक्थोन, (डालेचुक) उत्पादनदेखि त्यसका लागि उपयुक्त जमिन, सिचाई, सडक तथा बजार व्यवस्थापन, आम श्रमजीवी किसानकमा स्वेच्छिक उत्साह सिर्जनाको वातावरण पर्दछ । प्रत्येक कृषक परिवारमा यो देश मेरो हो, देशले मेरोबारेमा सोचेको छ र मैले पनि देशका लागि केही त्याग र श्रम गर्नैपर्छ भन्ने भावना जागृत गारउन सक्नुपर्छ । उत्साह, आत्मविश्वास र जागरण गर्ने वातावरण केवल प्राविधिकमात्र नभई मनोवैज्ञानिक विषय पनि हो । प्रत्येक नागरिक र कृषक परिवारले आत्मविश्वासका साथ लोकतन्त्र उपभोग गर्न पाएको अनुभव गर्दाको उत्साह र जाँगर दबिएको, शोषण र उत्पीडनमा परिरहेको महसुस गरिरहेका जनताले गर्न सक्दैनन् । त्यसैले सामन्ती भूस्वामित्वको अन्त र लोकतान्त्रिक

ढङ्गबाट कृषि अर्थतन्त्रको विकास एक अर्कासँग अभिन्नरुपले गाँसिएको विषय हो ।

आफ्नो देशमा उपलब्ध सम्पूर्ण जमिन, जङ्गल, जल, जडिबुटी सबै जनताको हो । त्यसको वितरण, व्यवस्थापन र विकास पनि त्यसकै उपभोक्ता जनताले मात्र गर्न सक्छन् भन्ने विषयलाई प्रस्थान विन्दु बनाएरमात्र सही अर्थमा कृषि तथा भूमिको समस्या समाधान गर्न सकिन्छ । हालसम्मको अवस्था हेर्दा १० लाखभन्दा बढी भूमिहीन किसान परिवार भएको र उनीहरूसँग खेती गरेर खाने जमिन नभएको तर उनीहरू वर्षैभरि खेतबारीमा काम गरिरहेको हेर्दा श्रमजीवी गरिब तथा भूमिहीन किसानले सामूहिकरुपमा काम गरेर उत्पादन गर्ने तर जमिन मालिकले व्यक्तिगतरुपमा उपभोग गर्ने गरेको देखिन्छ । कृषि श्रमिक, हली, खेताला वा कमैया सबैको अवस्था यस्तै देखिन्छ ।

२०१३ सालदेखि योजनाबद्ध विकासको सुरुवात् भए तापनि अहिलेसम्म वाञ्छित सफलता प्राप्त नहुनुको कारण भनेको आधारभूत तहका गरिब तथा भूमिहीन किसानलाई सम्बोधन गरेर योजना नआउनु नै हो । जे/जति योजना बने, ती कागजमा मात्र बने, व्यवहारमा अनुवाद हुन सकेनन् । न प्रमुख उत्पादनको साधन भूमि वितरणमा नै कुनै ठोस कदम चालिए । कृषि विकासका लागि जमिनपछिको महत्वपूर्ण साधन भनेको जल अथवा पानी हो । देशभरमा ६००० खोलानाला छन् । सीम र जमिनमुनिको पानी पनि कतिपय स्थानमा उपलब्ध छ । पानीका ५ प्रमुख उपयोग छन् : खानेपानी, सिचाई, जलविद्युत, माछा पालन, पर्यटकीय महत्वका ताल, झरना आदि । यसको एकीकृत र समग्र उपयोगको अभियान सञ्चालन पनि भएन । देशको सबैभन्दा ठूलो भूभाग ओगट्ने मध्य पहाडी तथा हिमाली भागका कतिपय कटेका डाँडाका वस्ती तथा खेतीलाई सतह र जमिनमुनिको पानी उपलब्ध हुन नसक्ने ठाउँ हुन्छन् । तिनलाई वर्षात्को पानी सङ्कलन गरी स्रोत निर्माण गर्ने प्रयास पनि भएन । यदि जनतामा स्वाभिमान र उत्साह सिर्जना गर्न सकेमा जनताको अथाह श्रमशक्ति र बुद्धिको प्रयोगद्वारा सबै प्राकृतिक स्रोत उपयोग





गरी जीवनस्तर उठाउन सकिन्थ्यो तर दुर्भाग्य, त्यस्ता काम हुन सकेको छैन ।

हाम्रो देशमा करिब २६ लाख हेक्टर (दर्ता भएको) जमिनमा खेती गरिएको छ भने तीन चार लाख हेक्टर दर्ता नभएको ऐलानी जमिनमा खेती गरिएको छ । सबै जोड्दा लगभग ३० लाख हेक्टर होला । उता वन सिमानाभित्र पर्ने जमिन ५५ लाख हेक्टरभन्दा बढी छ । यो वनको विकास गर्दा कृषि, पशुपालन, मौरीपालन, जडिबुटी उत्पादन र काठ उत्पादनलाई गाँसेर एकीकृत ढङ्गले लैजाने हो भने खेती गरिएको भूमिले भन्दा वन क्षेत्रले नेपालको कुल गार्हस्थ उत्पादनमा बढी दिन सक्छ । यसमा पनि उपभोक्ता जनतलाई पर्याप्त अधिकार र लाभ दिँदा मात्रै विकास गर्न सकिन्छ । राज्यले सबैतिर हस्तक्षेप र नियन्त्रण गरेर विकास हुँदैन भन्ने कुरा वनसम्बन्धी ऐन २०४९ लागू भएपश्चात् सामुदायिक वनको अवधारणा आएपछि देखिएको छ ।

हाल देशभर १३,००० सामुदायिक वन उपभोक्ता समूह छन् । ९,९७,०७७ हेक्टर वन सामूदायिक वनअन्तर्गत छन् । यसमा लगभग १५ लाख घरधुरी र ९० लाख जनता संलग्न छन् । यो लगभग १० लाख हेक्टर सामुदायिक वनले जति यो देशका लागि उत्पादन र लाभ दिएको छ, त्यसको १०% पनि राज्यद्वारा सञ्चालित ४५ लाख हेक्टर सरकारी वनले दिएको छैन । यसले प्रमाणित गर्छ कि जनताले आफ्नो ठानेर काम गर्दाको लाभ के हो भन्ने कुरा । यो सबै भूमि, जल, जडिबुटी, पशुपालन सबैमा लागू हुन्छ । वनमा लगाइने बोटविरुवाको छनोटले कृषि, पशुपालन, मौरीपालन र पानीको स्रोत रक्षा गर्न ठूलो योगदान गर्छ । जनताको जीवनस्तरमा सुधार र उपभोग क्षमता वृद्धिसँगै पानीको प्रयोग बढ्दै जान्छ तर पानीका स्रोतहरू घट्दै जाँदैछन् । यस्तो स्थितिबाट बच्न पशुपालन व्यवसाय बढाउन र पानीको स्रोत संरक्षण र विकास गर्न पनि कुन ठाउँमा कस्ता बोट विरुवा र वनस्पति लगाउने भन्ने कुराले महत्व राख्छ । फल, पशु घाँस, पानीको स्रोत रक्षा, मौरी पालन र माटो संरक्षणसमेतलाई ध्यानमा राखेर बोट बिरुवाले ढाक्नुपर्छ ।

देशका कुल किसान परिवारमध्ये ७०% सँग आधा हेक्टरभन्दा कम जमिन छ । समग्रमा भन्नुपर्दा धेरै हुने र थोरै हुनेका बीचको खाडल

निकै ठूलो छ । माथिको तथ्याङ्कले समस्या पहिचान गर्न मद्दत गर्ला । अलग अलग वर्ग, पेशा र क्षेत्रका अलग अलग प्रकृतिका अनेक समस्या छन् । यी प्रत्येक समस्याको सामाधान सम्भव छ । त्यसका लागि इच्छाशक्ति र अठोट बोकेको राज्य सञ्चालन र आम जनताको विश्वास आर्जन गर्ने समस्या छ । उपयुक्त ढङ्गले दूरदृष्टि र अठोट भएको सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि भिजन र आँट भएको राज्य सञ्चालक भएमा यी समस्या जनताकै बलमा हल गर्न सकिन्छ । समस्याको पात चुड्ने र जरो, फेद नचलाउने विगतका गलत नीतिका कारण उत्पन्न समस्याले गम्भीर रुप धारण गरेको छ । समस्या साँच्चै समाधान गर्ने हो भने सामन्ती भूस्वामित्व अन्त्य र लोकतान्त्रिक ढङ्गले कृषि अर्थतन्त्रको विकास गर्नुपर्छ ।

देशभरका समस्याबारे माथि चर्चा भइसकेको छ । यहाँ मध्य पहाडी क्षेत्रको सबैभन्दा घना वस्ती भएका १० वटा जिल्लाका बारेमा यस लेखमा विशेष चर्चा गर्ने जमर्को गरिएको छ । मध्य पहाडी क्षेत्रको विकासबारे दीर्घकालीन कृषि योजनाले सघन खेतीका बारेमा, बढी मूल्यका नगदेवालीका बारेमा, कफी, चिया, फलफूल, तरकारी, मसलावाली, जडिबुटी, बोटविरुवा, वनस्पतिका बारेमा जोड दिएको छ र तर यी सबै कुराका लागि खासगरी सिचाइबारे आवश्यक ध्यान दिन सकेको पाइँदैन । यसैगरी सघन ढङ्गले उत्पादकत्व वृद्धिबारे जसरी जोड दिएको छ, त्यसै मात्रामा मानव मनोविज्ञान र सामाजिक पक्ष सामाजिक न्यायको पक्षमा पर्याप्त ध्यान दिन सकेको पाइँदैन । यस क्षेत्रका लाखौं उत्पादनका साधनबिहीन, प्राविधिक र बौद्धिक क्षमताबिहीन लेखापढी न्युन भएका र निरक्षर किसानबारे त्यसले सम्बोधन गर्न नसकेको देखिन्छ ।

हामीले भूमिसुधारका कुरा गरिरहेका छौं । यसका लागि शोषण, अन्याय, थिचोमिचो, दमन र छुवाछुत जस्ता कुरालाई समाप्त पार्नैपर्छ । हामीले सुधार गर्ने भनेको वितरण प्रणालीमा व्यापक सुधार गर्ने हो, पुराना औजार उपकरणलाई नयाँ वैज्ञानिक औजार उपकरणमा विकसित गरेर सुधार गर्ने हो । धान, मकै, गहुँ, वा कोदो खेती गर्दा लाभ भएको छैन भने त्यसको ठाउँमा फलफूल तरकारी जडिबूटी खेती गर्ने वा पशुपंक्षी पालनमा सुधार गर्ने हो ।





दुई माना दूध दिने चोक्रे गाईको सट्टा २० लिटर दूध दिने जर्सी गाई पाल्ने हो । अविकसित बिउ विजन प्रयोगको ठाउँमा सुधारिएको विकासे बिउविजन प्रयोग गर्ने हो । खर्पन, डोकोमा बोकेर ढुवानी गर्ने ठाउँमा गाडी, ट्रक वा ट्रेक्टर, रोपवे आदिबाट ढुवानी गर्ने हो । सिचाईमा पानी खेर नजाने नयाँ नयाँ विधिबाट पोखरी, स्पिङ्कल, थोपा सिचाई विधि प्रयोग गर्ने हो । आकासे पानी सङ्कलन गर्ने, सिचाई गर्ने विधि प्रयोग गर्ने हो । फलेका वस्तु जस्ताको तस्तै बिक्री गर्ने ठाउँमा प्रशोधन गरेर बिक्री हो । एक्लाएक्लै उत्पादन तथा वितरण गर्ने क्रमलाई सहकारीमार्फत् वा सामूहिक प्रयत्नबाट गर्ने र लागत कम लाभ बढी गर्ने हो । खोरियापाखामा ४ डोको मकै फल्ने ठाउँमा ३० डोका स्कुस फलाउने, कुविण्डो, फर्सी, लौका, घिरौंलो, कुरिलो, काउली वा अरु कुनै रुखोसुखो पाखामा पनि फल्ने फल लगाउने हो । यसरी सुधार पनि गर्दै लानुपर्छ ।

“आमूल परिवर्तन गरौंला, अनिमात्रै आधुनिक उत्पादनमा जाउँला” भन्ने कुरा अल्छीका गफमात्र हुन् । उत्पादन प्रणालीमा सुधार, शोषण उत्पीडनविरुद्धको सङ्घर्ष, आधुनिक र लाभकारी उत्पादनको अभियानसँगै लानुपर्छ । यसरी मात्रै विकसित सुन्दर शान्त र प्रगतिशील नेपाल निर्माण गर्न सकिन्छ । क्रान्ति र परिवर्तन भनेको भौतिक जगतको मात्रै प्रश्न होइन । सोच्ने, विचार गर्ने, व्याख्या गर्ने, व्यवहार गर्ने हर क्षेत्रमा क्रान्तिकारी परिवर्तन गर्नुपर्ने हुन्छ । १७८९ मा फ्रान्सको राज्य क्रान्ति सुरु भयो । त्यो एउटा उत्पादन प्रणालीका विरुद्ध अर्को उत्पादन प्रणाली स्थापनाको सङ्घर्ष थियो । १८३० मा पुग्दा सारा युरोपमा सामन्ती उत्पादन प्रणाली सुरु भयो । पुँजिवादी उत्पादन प्रणाली अन्त भयो ।

यसले सिङ्गै युरोपको समग्र क्षेत्रको विकासमा क्रान्तिकारी परिवर्तन ल्यायो । एसिया खासगरी पूर्वी तथा दक्षिण-पूर्वी एसियामा दोस्रो विश्वयुद्धपछि सामन्ती भूस्वामित्वको समाप्ती र कृषि क्षेत्रमा आधुनिकीकरणको सुरुवात भयो । यसले ती देश खासगरी जापान, कोरिया, ताइवानलगायत्मा आर्थिक विकासमा भयानक परिवर्तन भयो । दक्षिण एसिया नै त्यस्तो क्षेत्र भयो, जहाँ सामन्ती भूस्वामित्व यथावत् रहेकाले पछौटे अवस्था रहिरह्यो । नेपाल पनि दक्षिण एसियाकै एक

देश भएको हुनाले हामी जुन समस्याबाट पीडित छौँ त्यसको कारण सामन्ती भूस्वामित्व रहिरहनु र लोकतान्त्रिक ढङ्गले कृषि अर्थतन्त्रमा विकास नहुनु मुख्य कारण हो ।

कृषि क्षेत्रको १ प्रतिशतमात्र उत्पादन बढ्नु भनेको गैरकृषि क्षेत्रमा १.५ प्रतिशतले स्वतः वृद्धि हुनु हो । कृषि क्षेत्रमा १ प्रतिशत उत्पादन घट्नु भनेको गैरकृषि क्षेत्रमा १.५ प्रतिशतले स्वतः उत्पादन घट्नु हो । यसको तात्पर्य नेपालमा जुद्धशमशेरका पालादेखि औद्योगिक विकासका बारेमा धेरै नीति तथा कार्यक्रम र योजना आएर पनि विकास नहुनुमा कृषि क्षेत्रमा सामन्ती उत्पादन सम्बन्ध रहिरहनु प्रमुख कारण हो । तसर्थ हाम्रो अभियानको मूल आधार सामन्ती भूस्वामित्वको अन्त गर्न र लोकतान्त्रिक कृषि अर्थतन्त्रको विकास गर्ने उद्देश्यसँग गाँसेर सुधार र क्रान्तिकारी परिवर्तनका कार्यक्रम हुनुपर्छ । मध्यपहाडका १० जिल्लामा पनि मूलतः यही नियम लागू हुन्छ भन्ने कुरा प्रस्तुत तथ्याङ्कले पुष्टि गरिसकेको छ ।

◆



# परिच्छेद - तीन

## किसान आन्दोलन र चुनौती

### १. किसान आन्दोलनका चुनौती र आजको आवश्यकता

सामन्ती तथा अर्धसामन्ती शोषण, अनेकखाले उत्पीडन, दमन र भेदभावबाट मुक्ति पाउन किसानद्वारा गरिने सचेतन प्रयास, सङ्गठित प्रयास, सङ्गठित अभियानलाई किसान आन्दोलन भनिन्छ । किसान आन्दोलनको इतिहास खोज्दै जाँदा सामन्ती भू-स्वामित्वको सुरुवात्कालबाटै जन्म भएको पाइन्छ । अनेक ठक्कर, हण्डर, अनेक पटकको सफलता र असफलताको शृङ्खला नै किसानको जीवन शृङ्खला भएको छ । किसान आन्दोलन शान्तिपूर्ण र हिंसात्मक दुवैखाले भएका छन् र दुवै प्रकृतिका आन्दोलनले समाज विकासमा योगदान गरेका छन् ।

मानिस भन्ने गर्छन्- किसान आन्दोलन किन अनिवार्य छ र ? समाज विकासको गतिलाई तीव्र पार्ने विकासको गतिविधि परिचालन गरेपछि किसान आन्दोलनविना पनि त विकास हुनसक्छ नि । यो विचार यत्रतत्र सर्वत्र पाइन्छ । झट्ट हेर्दा मानिस यो चिन्तनलाई ठीकै त हो नि भन्ने गर्छन् । तर वास्तविकता त्यस्तो होइन । किसान आन्दोलनविना कृषि क्षेत्रको, ग्रामीण क्षेत्रको विकासको गति नै अघि बढ्न सक्तैन ।

कृषि क्षेत्रको, ग्रामीण क्षेत्रका किसानको पारिवारिक र सामाजिक जीवनको पछौटेपन, एकलकाँटेपन, निराशा, निरुत्साह, हीनताबोध, अभाव, गरिबी, अशिक्षा, आत्मसम्मानको कमी, कुण्ठा यी सबै कुराको बन्धनबाट किसान मुक्त हुन जरुरी छ । जसका लागि किसान आन्दोलन आवश्यक छ । सामन्तवादले सिकाएको पराबलम्बी चिन्तनबाट मुक्त हुन र आत्मसम्मान, स्वाभिमान र उत्साहका लागि किसान आन्दोलन आवश्यक पर्छ । आफ्नै मस्तिष्कमा आफ्नै परिवार, गाउँ टोल र बस्तीमा व्याप्त सामन्ती संस्कारविरुद्ध आधुनिक,

वैज्ञानिक र विकसित चिन्तन प्रणालीमा समाज अघि बढाउन सामन्ती प्रकृतिका शोषण, उत्पीडन, दमनका विरुद्ध स्वतन्त्रता र स्वाभिमानपूर्वक अघि बढ्ने आधार बनाउन किसान आन्दोलनको आवश्यकता र महत्व थियो र छ । सामन्तवादका सब अवशेषबाट समाजलाई मुक्त गर्न, विकासका सबै ढोकालाई वैज्ञानिक ढङ्गले खुला गर्न किसान आन्दोलनलाई वैज्ञानिक र व्यावहारिक ढङ्गले सञ्चालन गरिनुपर्छ ।

## २. विगतका राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुभव

फ्रान्सको राज्य क्रान्ति सारा युरोप र अमेरिकामा भएको पुँजीवादी क्रान्तिको इतिहास केलाएर हेर्दा ती देशमा भएका सामन्तवाद विरोधी किसान आन्दोलनको ऐतिहासिक पृष्ठभूमि र पहलकदमीको ठूलो महत्व र भूमिका पाइन्छ । किसान आन्दोलनबाट विकसित हुँदै गएको पुँजीवादी क्रान्तिले विज्ञान र प्रविधिको क्षेत्रमा विकास गर्न, आधुनिक औजार र कलकारखानाको विकासमा, रुढीवादी चिन्तन प्रणालीको स्थानमा आधुनिक र विकसित सोच विकास भए, हुँदै गए । समाजमा उपलब्ध साधन र स्रोतलाई मानवीय हितका लागि अधिकतम वैज्ञानिक ढङ्गले सदुपयोग गर्ने मामिलामा किसान आन्दोलनको योगदान निकै महत्वपूर्ण रह्यो ।

युरोप र अमेरिकाबाहेक जापान, उत्तर कोरिया र दक्षिण कोरिया, थाइलैण्ड, भारतको तेलाङ्गानासमेत अनेक भागका किसान विद्रोह, चीन र भियतनाममा समेत भएका किसान आन्दोलन र नेपालका किसान आन्दोलन पनि भएको र नभएको इलाकामा आर्थिक सामाजिक विकासको अवस्थामा प्रष्ट अन्तर भएको पाइन्छ । नेपालको पश्चिम र सुदूर पश्चिम इलाका, भारतको उत्तर प्रदेश र विहारका क्षेत्रहरू तुलनात्मकरुपले पछाडि परेका छन् । यसको कारणलाई निष्पक्ष ढङ्गले खोज्दाखेरी सामन्ती भूस्वामित्वको जकडबन्दी संस्थागत हुनु र सशक्त किसान आन्दोलन नहुनु, भएको पनि कमजोर, शिथिल र विशृङ्खलित हुनु, यस भेगको आर्थिक सामाजिक क्षेत्रको विकासका पछाडि पर्ने कारण हो भन्न असजिलो मान्नुपर्दैन । अतः किसान आन्दोलन विकसित हुनु देशको सबैभन्दा ठूलो सङ्ख्या र ठूलो इलाकामा फैलिएर बसेका उत्पादक शक्ति जाग्नु र नजाग्नुमा





अन्तरको रुपमा हेरिनुपर्छ । त्यसकारण किसान आन्दोलन जाग्नु देशको सबैभन्दा ठूलो उत्पादक शक्ति जाग्नु हो । किसान आन्दोलन शिथिल हुनु देशको सबैभन्दा ठूलो सङ्ख्या र क्षेत्रमा फैलिएको उत्पादक शक्ति शिथिल हुनु हो । त्यसकारण देशको कृषि, उद्योग, व्यापार, व्यवसाय, प्रविधि सबै क्षेत्रको विकासका लागि वैज्ञानिक ढङ्गले किसान आन्दोलित हुनु आवश्यक छ ।

## ३. नेपालका किसान आन्दोलनको ऐतिहासिक पृष्ठभूमि

दमन र प्रतिरोध सँगसँगै हुने गर्छ । तर दमनको सङ्गठित प्रतिरोध नभइकन भएको प्रतिरोध अर्थपूर्ण भएको कमै पाइन्छ । नेपालमा पनि शताब्दियौँ पहिलेदेखि नै सामन्ती शोषण उत्पीडन भेदभाव र दमनविरुद्ध अनेकन प्रतिरोध भएको पाइए तापनि सङ्गठित आन्दोलनको प्रयत्न २००६ सालमा कमरेड पुष्पलालको अगुवाइमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीको स्थापना र घोषणापत्र एवम् प्रथम पर्चाले नै सुरुवात् गरेको थियो । पार्टी स्थापनापछि निरङ्कुश राणाशाहीका विरुद्ध सम्पूर्ण किसानलाई उत्रन आह्वान गर्दै पार्टी अघि बढ्न थाल्यो । २००७ सालमा बहुदलीय राजनीतिक व्यवस्था स्थापना भयो र त्यसपछि २००८ सालमा औपचारिकरुपमा कमरेड तुलसीलाल अमात्यको अध्यक्षतामा अखिल नेपाल किसान सङ्घले 'जमिन कसको जोत्नेको' नारा अघि सार्‍यो ।

मोहियानी हक मोहीलाई, गुठी जमिन जोताहालाई, कुतको दर घटाउने, ज्याला वृद्धि गर्ने, कामको समय कम गर्ने, बेठ, बेगारी र गुहार अन्त्य गर्ने, भूमिहीन र गरिब किसानलाई जमिन दिने, जमिनको हदबन्दी तोक्ने, समग्रमा क्रान्तिकारी भूमिसुधार लागू गर्ने, ब्याजदर कम गर्ने, किसानलाई मल बिउ र सरल दरमा ऋण उपलब्ध गराउने र रजौटा, जमिनदारी, तालुकदारी, जिम्वाली प्रथा खारेज गर्ने, किसानलाई पनि देशको श्रमिक र सम्मानित नागरिकका हैसियतले- "तँ होइन तपाईं भन्नुपर्छ (जी कहो आन्दोलन) भन्ने जस्ता प्रभावकारी कार्यक्रमका साथ किसान आन्दोलन सचेत सङ्गठित र सङ्घर्षशील ढङ्गले उठ्न थाल्यो । बारा, पर्सा, रौतहट, सिराहा, दाङ, काठमाडौँ, काभ्रेसमेत देशका अनेक भागमा किसान आन्दोलन उठ्न थाल्यो । यो आन्दोलनको तापक्रम सुदूर पश्चिमाञ्चलको

डडेलधुरादेखि कञ्चनपुरसम्म आन्दोलनका रुपमा मात्र नभई किसान सशस्त्र सङ्घर्षका रुपमा अघि बढ्न थाल्यो । यसको नेतृत्व भीमदत्त पन्तले गर्न थाल्नुभयो ।

लुम्बिनी अञ्चलमा लगभग त्यस्तै प्रकारले भीमबहादुर सेनको नेतृत्वमा आन्दोलन उत्रन थाल्यो । यसरी विविध प्रकारको किसान आन्दोलन अघि बढ्न थाल्यो । यी सबै आन्दोलन किसान हकहितका लागि सामन्ती शोषण, उत्पीडनविरूद्ध लक्षित थिए । यो आन्दोलन खासगरी २००९ सालदेखि २०१२ सालसम्म निकै उत्कर्षमा पुग्यो । देशका पूर्व, पश्चिम तराई पहाड चारैतिरका किसान, जाली तमसुक च्यात्ने, ऐलानी पर्ति जमिन कब्जा गर्ने, शोषक जमिनदारको भकारी कब्जा गर्ने, चर्को ब्याज र घुसखोरीविरुद्ध हमला गर्ने, तमाम जल्दाबल्दा विषयमा आन्दोलित भए ।

यो अवधि किसान आन्दोलनको इतिहासमा ज्यादै सफल र प्रभावकारी काल रहन गयो । यसबेला कमरेड पुष्पलालको नीतिगत नेतृत्व, कमरेड मनमोहन अधिकारीको पार्टीगत नेतृत्व र कमरेड तुल्सीलालले किसान सङ्घर्षको नेतृत्व गर्नुभयो । यो उत्साह, जाँगर र जोशपूर्ण आन्दोलनमाथि पानी खन्याउन डा. केशरजङ्ग रायमाझीको नेतृत्व मण्डली सफल भएपछि किसान आन्दोलन शिथिल, निरास र दिशाबिहीन हुँदै गयो । यसै क्रममा एक शताब्दीको सङ्घर्षपछि जनताले प्राप्त गरेका बोल्ने, लेख्ने, सङ्गठित हुने र चुन्ने/चुनिने हकसमेत गयो र ३० वर्ष पञ्चायती निरङ्कुश व्यवस्था स्थापना भयो । यसैबेला पनि देशका अनेक भागमा किसान आन्दोलन भए । तर एकीकृत र देशव्यापीरुपमा अघि बढ्न सकेन । आन्दोलन भए पनि किसान हकका लागि भन्दा राजनीतिक व्यवस्था परिवर्तनका लागि केन्द्रित भयो ।

## ४. किसान आन्दोलनको वर्तमान अवस्था

वर्तमान अवस्थामा किसान आन्दोलन सुषुप्त र शिथिल छ । छिटफुट आन्दोलन भएको देखिए पनि आन्दोलनले राष्ट्रिय आकार लिन सकेको छैन । अखिल नेपाल किसान सङ्घसमेत प्रायः सबै किसान सङ्गठन निम्न पुँजीपति वर्ग र मध्यम किसानको नेतृत्वमा अल्झिएको छ ।





वर्गको उत्पत्ति जुनसुकै तहबाट भए पनि किसान समस्या बुझ्ने र समाधानका लागि निस्वार्थ ढङ्गले काम गर्ने नेतृत्व विकास भएन । किसान मुक्तिका लागि गरिने प्रयास आत्मकेन्द्रित अर्थात् आफू केन्द्रित भएर देखापर्ने गरेको छ । मल, बिउ, कीटनाशक औषधीका समस्यालाई लिएर हुने आन्दोलनले भूमिहीन किसान र अत्यन्त थोरै जमिन हुने किसानलाई छुँदैन । सिचाई समस्यालाई लिएर गरिने आन्दोलनले पनि भूमिहीन र गरिब किसानलाई प्रभाव पर्दैन । किसानले उत्पादन गरेको उत्पादनको उचित मूल्यको माग गरेर गरिने आन्दोलनले वर्षमा अधिकांश अवधि किनेर खानुपर्ने परिवारलाई प्रभाव पर्दैन ।

त्यसैगरी 'जमिन जोत्नेको' नाराले मध्यम किसानलाई आकर्षित गर्दैन, बनी ज्याला वृद्धिको नाराले पनि मध्यम किसानलाई आकर्षित गर्दैन । मध्यम किसान र धनी किसानका समस्या सिचाईको व्यवस्था, कृषि उपजको उचित मूल्य, मल, बिउ, कीटनाशक औषधी, बजार, कृषि सडक, सरल र सस्तो ब्याजदरमा ऋणका कुराले यो वर्गलाई प्रभाव पार्न आकर्षित गर्ने गर्छ । त्यसैगरी उचित ज्याला, कामको समय घटाउने, हदबन्दी घटाउने, भूमिहीन गरिब किसानलाई जमिन दिने, सस्तो र सुलभरुपमा खाद्यान्न तथा लत्ताकपडाको व्यवस्था, रोजगारमूलक तालिम, प्रशिक्षण, सहकारी उत्पादन प्रणालीलाई प्रभावकारी बनाउने जस्ता कुराले आकर्षित र प्रभावित गर्न सक्छ । वर्तमान अवस्थामा किसान आन्दोलनले राष्ट्रिय आकार लिन नसक्नाका कारण किसानका मागको छनौट, विषयको छनौट, स्थान विशेषको समस्याको छनौट, आन्दोलनमा सहभागी हुने आन्दोलनकारी शक्ति र मागका विषयवस्तुबीचको तालमेल नभएर पनि आन्दोलनले गति लिन नसकेको हो । एउटै अखिल नेपाल किसान सङ्घमा भूमिहीन र गरिब किसान परिवारका कृषि मजदुर र तिनैलाई काममा कज्याउने उच्च मध्यम, मध्यम र धनी किसान रहेकाले पनि आन्दोलनले गति लिन नसकेको हो ।

यसै कुरालाई ध्यानमा राखेर २०५३/७/३ मा कृषि मजदुर सङ्घ नेपाल गठन भएको छ । यो कृषि मजदुर सङ्घ नेपालको गठनले आ-आफ्नो वर्गीय स्वार्थअनुरुपको माग राखेर दबाब गर्न सजिलो भएको

छ र आफ्नै स्वार्थविपरित मागमा आफैँ उत्रनुपर्ने बाध्यात्मक अवस्थाबाट मुक्त भएका छन् । नीतिगतरुपमा भएको यो सोचले किसान आन्दोलनलाई व्यावहारिक रुप दिँदै वर्गीय हक हित र इज्जतका लागि सङ्घर्ष गर्न अलिक सजिलो भएको छ । तर पनि जसरी आन्दोलन जानुपर्ने हो त्यसरी जान सकेको छैन । यसपछाडिका खास कारण पत्ता लगाउनुपर्छ र किसान आन्दोलनका बाधक कारण पन्छाएर आन्दोलन सञ्चालन गर्नुपर्छ ।

आज पनि गाउँगाउँमा बस्तीबस्तीमा सामन्ती र अर्धसामन्ती शोषण कायम छ । दिन बित्दै जाने क्रममा शोषणको रुप परिवर्तन भएको छ । मात्रा पनि परिवर्तन भएको छ । तर अझै शोषण व्याप्त छ । तर आन्दोलन शिथिल छ । यसका कारण किसान आन्दोलनको नेतृत्वदायी पङ्क्तिको वर्ग दृष्टिकोणमा समस्या छ । नेतृत्व निर्माण र नीति निर्माणमा श्रमजीवी वर्गीय चिन्तन अभाव छ । जमिन कमाउन दिएर अधिया, बटैयामा लगानी गरेर लाभ लिने, ज्यालामा काम लगाउने र परिवार धान्ने, चर्को ब्याजमा लगानी गर्ने र त्यसबाट परिवार चलाउने, आमरुपमै शोषक परिवारबाट आएका व्यक्तिको हातमा नेतृत्व रहने, श्रमजीवी वर्गीय चिन्तन नभएकाको हातमा जिम्मेवारी दिने, श्रमजीवी वर्गीय व्यक्तिमा नेतृत्व छ भने पनि त्यस्ता व्यक्ति शोषक वर्गको घेरामा अल्झने, त्यसलाई तोड्न नसक्नेको हातमा नेतृत्व रहँदासम्म किसान आन्दोलन अघि बढ्न सक्तैन । आन्दोलन क्षणिकरुपमा आफ्नो राजनीतिक लाभका लागिमात्रै सञ्चालन गरियो भने त्यो आन्दोलनले लक्ष्य प्राप्त गर्न सक्तैन । आन्दोलनले लक्ष्य प्राप्त गर्नका लागि नेतृत्वको इच्छाशक्ति प्रवल हुनुपर्छ । वर्ग दृष्टिकोण प्रष्ट हुनुपर्छ । त्याग, समर्पण र श्रमिक वर्गीय दृष्टिकोण प्रवल हुनुपर्छ । कष्टसाध्य सङ्घर्षका लागि तम्तयार हुने व्यक्तिले मात्रै किसान आन्दोलन हाँक्न सक्छन् ।

अहिले किसान आन्दोलन शिथिल छ । शिथिल हुनुको पछाडि कारण छ । कारणहरूमा या आन्दोलनमा नेतृत्वको दृष्टिकोण प्रष्ट छैन, त्याग र समर्पणको भावना छैन, किसान आन्दोलनको लगाम मध्यम किसान र निम्न पुँजीपति वर्ग सोच भएकाको हातमा छ । नेतृत्वले आफूलाई श्रमजीवी वर्गभित्र पार्न सकेको छैन । आन्दोलनबाट





रिसाउने केही धनी किसान र जमिनदार वर्ग उसले देख्छ तर त्यसबाट सामाजिक, आर्थिक मुक्तिका लागि सङ्घर्षरत् लाखौं भूमिहीन किसान, कृषि श्रमिक, गरिब किसान, हलिगोठाला खेताला र कमैयाको पङ्क्ति र शक्ति देख्दैन । किसान सङ्गठन र सङ्घको अवस्था यस्तै छ । यो अवस्था मूल्याङ्कन गरेर पार्टीले आफ्नो योजना बनाउनुपर्छ । सङ्गठनको गठन, पुनर्गठन गर्नुपर्छ र आन्दोलनका लागि सङ्गठन, आन्दोलनका लागि सदस्यता, आन्दोलनका लागि अभियान, आन्दोलनका लागि माग र आन्दोलनका लागि कार्यक्रम र आन्दोलन केन्द्रित कार्यनीति तय गर्नुपर्छ र सबै आन्दोलन श्रमजीवी किसानको हक अधिकार र इज्जतका लागि, कृषि क्रान्तिका लागि र किसान मुक्तिका लागि हो भन्ने कुरामा सबै प्रष्ट हुनुपर्छ ।

## देशका विभिन्न भागमा भएका किसान आन्दोलनका झलक

| मिति वि.सं.मा | देशका विभिन्न भागमा भएका किसान आन्दोलनका झलक |
|---|---|
| २००८ वैशाख १७ गते | अखिल नेपाल किसान सङ्घ स्थापना । |
| २००८ वैशाख २० गते | बर्दियाको राजापुरका किसान, कमैया, हली-गोठाला, खेताला सामन्त र जमिनदार वर्गको चरम शोषण, उत्पीडन, दमन र भेदभावविरुद्ध सचेत र सङ्गठित ढङ्गले सङ्घर्षको मैदानमा उत्रिए । राणा-कङ्ग्रेसको गठबन्धन सरकारले विरोध जुलुसमा उत्रेका किसानमाथि अन्धाधुन्ध गोली चलाउँदा ६ जना किसान ठहरै मारिए र २७ जना घाइते भए । तर यसविरुद्ध सशक्त आन्दोलन हुन सकेन । |
| २००८ साल जेठ १२ गते | बारा र पर्साका कृषि मजदुर वीरगन्ज वरिपरिका सामन्त जमिनदार र व्यापारीको खेतमा काम गर्दथे । दैनिक १७ आना नगद अथवा त्यही |

| | |
|---|---|
| | बराबरको अन्न ज्याला माग गर्ने किसानलाई सामन्त र व्यापारी खेत मालिकले दिनको ५ आना बराबर मात्रै ज्याला दिने भनेपछि त्यसका विरुद्ध कृषि मजदुरले सामन्त तथा व्यापारीका विरुद्ध उचित ज्याला माग गर्दै नारा जुलुससहित सडकमा उत्रिएका थिए । त्यो आन्दोलन जायज र प्रभावकारी थियो । शान्तिपूर्ण तर लडाकु ढङ्गले नारा जुलुसमा उत्रिएका कृषि मजदुरमाथि राणा कङ्ग्रेस संयुक्त सरकारले अन्धाधुन्ध गोली चलायो । त्यो गोलीबाट ५ जना कृषि मजदुर घटनास्थलमै मारिए र १२५ जना घाइते भए । २००८ सालमै भोजपुरको टक्सार बजारमा शङ्कर राईको नेतृत्वमा मोहियानी हक प्राप्तिका लागि प्रभावकारी आन्दोलन भएको थियो । भोजपुरको नेपाल डाँडामा सामन्तको ढुकुटी फोड आन्दोलन-दलबहादुर राई, अन्तरे राई र मानबहादुर राईको अगुवाईमा भएको थियो । त्यसैगरी भोजपुरका विभिन्न भागमा यस्तैखालका किसान आन्दोलन भएका थिए । |
| २०१० साल असारमा | सुदूर पश्चिममा कमरेड भीमदत्त पन्तको नेतृत्वमा भएको सङ्घर्षको प्रकृति अलि फरक थियो । त्यस भेगमा खासगरी सुदूर पश्चिमाञ्चल क्षेत्रमा हुने गरेको सामन्ती शोषण, कर्मचारीतन्त्रको शोषण र प्रहरी दमनको चरम रुप भएका कारण सुरुवातमै हतियारबद्ध आन्दोलन सुरु भयो । त्यसैबेला भीमको सशक्त सङ्घर्षलाई दमन गर्न पक्राउ गर्नेलाई ५००० रुपैयाँको इनाम घोषणा गरियो । नेपाली फौजले नसकी भारतीय फौज गुहारेर त्यसबेलाको कङ्ग्रेस सरकारले सोही वर्षको साउन २० गते डडेलधुराको जङ्गलमा भीमदत्तको हत्या गऱ्यो । |





| | |
|---|---|
| २०११ सालमा | तनहुँको दमौली गुणादी, आँबु र गोरखाको च्यालिङटारमा कमरेड एकदेव आलेको नेतृत्वमा जाली तमसुक च्यात्ने, सुकुम्बासीलाई बसोबास गराउने काम भएको थियो । जाली तमसुक च्यात्ने, जाली फटाहा विरोधी आन्दोलन भएको थियो ।<br><br>झापाका किसानको “खमारबन्द आन्दोलन” भ्रमणसिंह राजबंशीको अगुवाईमा भएको थियो । यसै समयमा मोरङको हसन दह र अमरदहमा पनि किसन आन्दोलन भएको थियो ।<br><br>बारा, पर्सा र रौतहटमा रे नही जि कहो आन्दोलनले सशक्तता पाएको थियो । निरङ्कुश दमनकै सिलसिलामा बाराको गडहलमा किसान योद्धा कमरेड मुखलाल महतोले शहादत प्राप्त गर्नुभएको थियो । त्यहाँका किसानले हत्याको विरुद्ध प्रतिरोध सङ्घर्ष गरेका थिए । |
| २०१७ सालमा | दाङको बेलुवामा किसान आन्दोलन भएको थियो । त्यस आन्दोलनको नेतृत्व कमरेड गुम्राह थारुले गर्नुभएको थियो । त्यसै आन्दोलनका क्रममा कमरेड गुमराह थारुको हत्या भएको थियो । |
| २०२१ सालमा | चितवनको पिठुवा गा.वि.स. मा किसानको बसोबास गराउने सिलसिलामा त्यस कार्यक्रमका अगुवा खडानन्द लामिछाने सरकारी दमनका कारण मारिनुभयो । |
| २०२३ सालमा | नवलपरासीको परासी र रुपन्देहीको अजगरामा जबरजस्ती बचत उठाउने कुराको विरुद्धमा उभिएका जनताको आन्दोलन उल्लेखनीय छ । त्यसरी बिहान बेलुका ताउलो तताउने अन्न नभएका गरीब तथा भूमिहीन किसानलाई पनि |

| | |
|---|---|
| | जबर्जस्ती बचत असुल गर्ने पञ्चायती नीतिका विरुद्ध आन्दोलनमा उत्रेका उक्त दुवै ठाउँका किसानमाथि दमन गरी कयौँ व्यक्तिको हत्या गरियो तर त्यस्तो दमनबाट पनि जनता हार नमानी सङ्घर्षबाट विमुख भएनन् । |
| २०२५/२७ सालतिर | मेची र कोशीका झोडा फाँडेर बसेका सुकुम्बासी, भूमिहीन किसान तथा गरीब किसानमाथि भएको निर्मम दमनविरुद्ध गरिएको सङ्घर्ष उल्लेखनीय छन् । |
| २०२८ सालमा | किसानमाथि हुने गरेको व्यापक शोषण, उत्पीडन र दमनविरुद्ध झापा किसान विद्रोह भयो । यो एउटा ऐतिहासिक आन्दोलनका रुपमा नेपाली किसान आन्दोलनमा महत्व राख्छ ।<br><br>झापाका क्रान्तिकारी कमरेडहरूले निरङ्कुश पञ्चायती तानाशाही व्यवस्थाका रक्षक सामन्त वर्ग तथा दलाल नोकरशाही पुँजीपति वर्गले किसानमाथि चरम अत्याचार गर्न थालेपछि त्यसविरुद्ध विद्रोहको ज्वाला दन्काउन थाले । भूमिहीन र गरिब किसानमाथि भएको अत्याचारकै विरुद्ध झापा विद्रोह तथा झापा किसान विद्रोहका रुपमा सामन्तविरुद्ध जाइलाग्न थाले । यसै क्रममा कृष्ण कुइँकेल, नारायण श्रेष्ठ, रामनाथ दहाल, नेत्र घिमिरे, विरेन राजवंशीलगायत् अनेक कमरेड शहीद हुनुभयो, अनेक कमरेडले जेलको यातना भोग्नुपऱ्यो, अनेक भूमिगत ढङ्गले सङ्घर्षमा संलग्न हुनुभयो । यथार्थमा यो पनि उग्रवामपन्थी तरिकाको किसान सङ्घर्ष नै थियो । तर चरम निरङ्कुशताका कारण सङ्घर्षको त्यो रुप हुन गएको थियो । |





| | |
|---|---|
| २०३० साल कात्तिक २६ गते | लुम्बिनी अञ्चलका सबै जिल्लाका सदरमुकाममा किसानका जल्दाबल्दा माग राखी भव्य र सङ्घर्षशील प्रयत्न भयो । यस क्रममा व्यापक लाठीचार्ज, दमन र धरपकड भयो । कमरेड केशरमणि, हेमनाथ भुसाल, वेदुराम भुसालसमेत अनेक नेता तथा कार्यकर्ता जेल पर्नुभयो । |
| २०३३ सालमा | खोटाङ जिल्लाको साउने, सुन्तले र फाकयाङ गाविसमा मोहियानी हक र वर्षको एक बाली अधिया र एक बाली पूरै किसानलाई भनेर आन्दोलन गरेका थिए । यसको नेतृत्व गणेशप्रसाद कोइराला र ध्यानकुमार राईले गर्नुभएको थियो ।<br><br>काभ्रे जिल्लाका तिमाल र मण्डन भेगमा चर्को ब्याज विरोधी, जुवातास विरोधी आन्दोलन भएको थियो । |
| २०३४ सालमा | चितवन जिल्लाको जुगेडीमा चरम शोषणका विरुद्ध किसान सङ्घर्ष भएको थियो, त्यो सङ्घर्षमा दशरथ चेपाङ र सन्तबहादुर चेपाङको हत्या भएको थियो र कयौँ किसान जेल पर्नुभएको थियो । यसै वर्ष तनहुँ जिल्लामा उचित ज्यालाका लागि हलीले सङ्गठित आन्दोलन गरेका थिए । |
| २०३५ सालमा | सिन्धुपाल्चोक जिल्लामा वत्याहा, चर्को ब्याज र शोषण विरोधी सङ्घर्ष भएको थियो । |
| २०३५/३६ सालमा | इलाममा किसानले सङ्घर्ष गरेका थिए । |
| २०३६ सालमा | धनकुटाको खोकु छिन्ताङमा किसानमाथि भयानक दमन तथा हत्याकाण्ड भयो । यसका |

| | |
|---|---|
| | विरुद्ध किसानले प्रतिरोध पनि गरे । त्यस घटनामा क. भैरवबहादुर राई, गोपाल आनन्द राई, गम्बे दमाई, केशरमान राई, रणध्वज पुमा राई, बलबहादुर खत्री, चन्द्रध्वज दमाई, गङ्गाबहादुर टुप्रिहाङ, धनबहादुर दमाई, लाखमान राई, टेकबहादुर विश्वकर्मा, श्रीमाया राई, पञ्चमान राई, झगेन्द्र राई, नेत्र गुरागाईको कायरपूर्वक हत्या भएको थियो । यसैगरी तेह्रथुमको छिपुवा खोलामा किसान आन्दोलन हुँदा नेत्र गुरागाई प्रहरी दमनबाट मारिनुभएको थियो ।<br><br>दाङका किसानले न्याय, इज्जत प्राप्तिका लागि र शोषणविरुद्धको सङ्घर्ष सञ्चालन गरेका थिए । |
| २०३६ साल जेठ १४ गते | सुर्खेत जिल्लाको दशरथपुर किसान आन्दोलनमा भयानक दमन भयो । दमनका क्रममा किसान कार्यकर्ता इन्द्रबहादुर विसी, हर्कबहादुर सार्की, धर्मदत्त तिवारी, न्याउले विश्वकर्मा, कर्णबहादुर खत्री, लालबहादुर टमटा, बहादुर लापनेसमेत ७ जना मारिनुभयो । यस घटनाले किसान सामन्त वर्गविरुद्ध जुझारु सङ्घर्षमा जुट्न थाले । |
| २०३६ सालमा | सिन्धुली र महोत्तरीका किसानले शोषण, उत्पीडन र दमनविरुद्ध सङ्घर्ष गरेका थिए । |
| २०३६/३७ सालमा | धनुषाका गरिब किसान र भूमिहीन किसानले ज्याला वृद्धिका लागि सङ्घर्ष गरेका थिए ।<br><br>झापा, मोरङ र सुनसरीका किसानले आफूले उत्पादन गरेको पाटा तथा अन्य बालीको उचित मूल्य प्राप्तिका लागि गरेको सङ्घर्ष उल्लेखनीय छ । |
| २०३९ सालमा | झापा र मोरङका किसानले विभिन्न माग |





| | |
|---|---|
| | सङ्कलन गरी उठाएको किसान सङ्घर्ष उल्लेखनीय छ । |
| २०४० साल माघ १ गते | माघे सक्रान्तिको दिन भेलामा नाचगान गरिरहेका किसानमाथि भएको पिस्कर दमनमा कमरेड इली थामी र वीरबहादुर थामीको हत्या भयो । कयौँ जना घाइते हुनुभयो र कयौँ जेल पर्नुभयो । त्यो दमनको देशव्यापी प्रतिरोध भयो । |
| २०४२ सालमा | काभ्रे, चितवन, मोरङ, इलाम, स्याङ्जा, कास्कीसमेत अनेक जिल्लाका दूध उत्पादक किसानले सङ्घर्ष गरेका थिए । |
| २०४३ सालमा | १४ सूत्रीय माग राखी चितवनका किसानले उठाएका किसानका आवाज उल्लेखनीय छन् । यसबाहेक देशका अनेक भागमा अनेक किसिमका सङ्घर्षमा किसानले भाग लिएका थिए । यी सबै आन्दोलनमा अखिल नेपाल किसान सङ्घले नेतृत्व गरेको छ । यी सबै आन्दोलनको विस्तृत व्याख्या यहाँ प्रस्तुत गर्न सम्भव छैन । त्यसैले त्यस्ता आन्दोलनका इतिहास, दमन र प्रतिरोधका इतिहास हरेक गाविस र जिल्लाको सङ्कलन गरी अभिलेख राख्ने र आवश्यक व्यक्तिलाई सम्मान दिने काम गर्न जरुरी छ । |
| २०४३ साल | राष्ट्रव्यापी जनआन्दोलन र देशभरिका महत्वपूर्ण आन्दोलनको केन्द्रमा किसानको अहम भूमिका निर्णायक रहेको थियो । देशका विभिन्न भागमा यस आन्दोलनमा किसानको भूमिका निर्णायक रहृयो । २०४६ साल चैत १६ गतेबाट सुरु भएको ललितपुर कब्जा गर्ने योजना बनाउने र नगर मुक्त गर्ने कार्यक्रममा किसान सङ्घका केन्द्रीय र जिल्लाका कमरेडको निर्णायक भूमिका |

| | |
|---|---|
| | थियो । कीर्तिपुरलाई मुक्त गर्ने भूमिका र भक्तपुरको सङ्घर्षमा किसानको महत्वपूर्ण भूमिका थियो । त्यसैगरी चितवन, सिरहा, झापा, धनुषा, सर्लाही, बारा, मकवानपुरलगायत्का ठाउँमा किसान सङ्घका साथीको ठूलो भूमिका थियो । |

## ५. किसान आन्दोलन र विषयगत सङ्गठन निर्माणको सवाल

अखिल नेपाल किसान सङ्घ विविध विषय, उत्पादन कार्यमा लागेका किसानका अनेक सङ्गठनहरूको छाता सङ्गठनको रुपमा लानु आवश्यक छ । उखु उत्पादक किसान, सूर्ति उत्पादक किसान, तरकारी उत्पादक किसान, फलफूल उत्पादक किसान, कुखुरापालक किसान, दूध उत्पादक किसान, माछा उत्पादक किसान र जडिबुटी, चिया, कफी, जूट उत्पादक किसानसमेत अनेक विषय उत्पादन कार्यमा लागेका किसान र धान, मकै, गहुँ, कोदोलगायत् अन्न, दलहन, तेलहन उत्पादक किसानका आम समस्या र खास समस्या हुन्छन् । आम समस्या र खास समस्याबीचको अन्तर र समानतालाई ध्यानमा राखेर आन्दोलनको विषय तय गरिनुपर्छ । सबैखाले उत्पादक किसानका समस्यामा केन्द्रित सङ्गठन निर्माण गर्ने, आन्दोलन सञ्चालन गर्ने र जेसुकैखाले आन्दोलन भए पनि ती सबै आन्दोलनको मुख्य उद्देश्य सामन्तवाद र साम्राज्यवाद विरोधी हुनु आवश्यक हुन्छ । किनकि सबै समस्याको जड सामन्तवाद, साम्राज्यवाद र सबै समस्याको समाधान जनताको बहुदलीय जनवादी क्रान्ति हो भन्ने कुरा भुल्न मिल्दैन ।

## ६. नेपाली किसान आन्दोलनका पचास वर्ष

किसानलाई सामन्ती बन्धनबाट मुक्त गर्न, सामन्ती व्यवस्था अन्त्य गर्न, जनवादी राज्य व्यवस्था स्थापना गर्न लागेका सङ्घर्षशील किसानलाई सङ्गठित गर्न, स्वतन्त्र जनवर्गीय सङ्गठनका रुपमा व्यवस्थित गर्न अखिल नेपाल किसान सङ्घको जन्म भएको थियो । वि.सं. २००८ साल वैशाख १७ गते आयोजित एक राष्ट्रिय भेलाले





कमरेड तुलसीलाल अमात्यको अध्यक्षतामा अखिल नेपाल किसान सङ्घ केन्द्रीय कमिटी गठन गरेको थियो । यस कमिटीको महामन्त्रीमा कमरेड शम्भुराम, उपाध्यक्षमा रामहरि शर्मा, सदस्यमा निरञ्जनगोविन्द वैद्य, कमलराज रेग्मी, नरबहादुर कर्माचार्य, गोपाल पण्डित, खड्गबहादुर सिंह, जुजु काजी, सानो महर्जन, देवेन्द्रलाल, राम राजथला, पदमबहादुर बुढाथोकी आदि रहनुभएको थियो । सङ्घ स्थापन हुँदा यसको मुख्य उद्देश्यमा भनिएको छ- “अखिल नेपाल किसान सङ्घको अन्तिम उद्देश्य देशको यो सामन्ती भूमि व्यवस्थालाई खत्तम गर्न सामन्तहरूको हातमा रहेको तमाम जग्गा जमिन तथा उत्पादनका साधन विना मुआब्जा जफत गरी खेतहीन तथा जमिनका आवश्यकता भएका किसानलाई बाँडिदिने हो ।” त्यसैगरी उक्त घोषणापत्रको अन्त्यमा भनिएको छ- “त्यसकारण किसान सङ्घको आखिरी उद्देश्य पूर्णरुपले देशबाट सामन्तवादको जरालाई नै उखेल्ने भए तापनि किसान सङ्घ आजको स्थितिअनुसार यी मागलाई आफ्नो तत्कालिक प्रोग्रामको रुपमा अगाडि बढाउँछ ।”

सङ्घको केन्द्र स्थापनापश्चात् पूर्व कोशी प्रान्तीय कमिटी, पश्चिम कोशी प्रान्तीय कमिटी, उत्तर गण्डक प्रान्तीय कमिटी, दक्षिण गण्डक प्रान्तीय कमिटी, पश्चिम गण्डक प्रान्तीय कमिटी, मध्य गण्डक प्रान्तीय कमिटी र कर्णाली कमिटीसमेत २४ जिल्लामा कमिटी गठन गरी अखिल नेपाल किसान सङ्घको झण्डा फहराइएको थियो ।

## प्रथम राष्ट्रिय सम्मेलन

सङ्घको प्रथम राष्ट्रिय सम्मेलन २००९ सालमा रौतहटको महमदपुरमा भएको थियो । यो सम्मेलनले पनि कमरेड तुलसीलाल अमात्यलाई नै अध्यक्षमा निर्वाचित गर्‍यो । यस सम्मेलनमा सहभागी हुने कमरेडहरूमा शम्भुराम र निरञ्जनगोविन्द वैद्यसमेत हुनुहुन्थ्यो । अरूबारे पूरा विवरण प्राप्त हुन सकेको छैन । प्रथम राष्ट्रिय सम्मेलनपछि पार्टीका तत्कालीन महासचिव कमरेड मनमोहन अधिकारी र किसान सङ्घका अध्यक्ष तुलसीलाल अमात्य दुवै जना किसान हक अधिकार र इज्जत प्राप्तिका लागि सही सोच बोकेर अगाडि बढ्नुभएको थियो । राष्ट्रिय सम्मेलनले पारित गरेको कार्यक्रम तथा नीतिका आधारमा किसान सङ्घ सङ्घर्षशील हुँदै देशव्यापीरुपमा

फैँलदै गयो । किसानले स्वाभिमानपूर्वक ज्युनुपर्दछ भन्ने भावनालाई उच्च राख्दै मोहियानी हक स्थापित गर्न, विर्ता एवम् जमिनदारी प्रथा खारेज गर्न, कृषि उपजको न्यायोचित हिस्सा पाउन, अनुचित ब्याज तथा जाली तमसुकविरुद्ध आवाज उठाउन, राणा कङ्ग्रेसको सामन्तवाद परस्त किसान विरोधी नीतिविरुद्ध शङ्खघोष गर्न अखिल नेपाल किसान सङ्घको झण्डामुनि सङ्घर्ष तेज हुँदै गयो । किसान सङ्घको सङ्गठन मजबुत हुँदै गयो । २०११ सालसम्ममा करिब ३ लाख किसानले सङ्घको सदस्यता लिइसकेका थिए ।

## दोस्रो राष्ट्रिय सम्मेलन

अखिल नेपाल किसान सङ्घको दोस्रो राष्ट्रिय सम्मेलन २०११ साल जेठ १९-२१ मा भएको थियो । सम्मेलन तत्कालीन महोत्तरी जिल्लाको जनकपुर क्षेत्रमा पर्ने बाह्र विघामा भएको थियो । त्यसबेला सञ्चालन भएको किसान आन्दोलन दबाउन त्यस भेगका सामन्त जमिनदार, अन्तरिम सरकारका प्रशासक, प्रहरी पूरै शक्तिसाथ लागेका थिए । त्यस्ता सबै बाधा विरोध र दमन चिर्दै दोस्रो राष्ट्रिय सम्मेलन भव्यरुपमा सम्पन्न भएको थियो । सम्मेलनको उद्घाटन कार्यक्रममा त्यस समयमा पनि १० हजारभन्दा बढी किसानको सहभागिता थियो । यो सम्मेलनमा करिब ३०० प्रतिनिधि तथा ५०० पर्यवेक्षकले भाग लिएका थिए । सम्मेलनबाट ३१ सदस्यीय केन्द्रीय काउन्सिल गठन गरिएको थियो । यो केन्द्रीय काउन्सिल वा केन्द्रीय कमिटीको अध्यक्षमा तुलसीलाल अमात्य, उपाध्यक्षमा कमलराज रेग्मी र डि.पी. अधिकारी, महामन्त्रीमा कमरेड शम्भुराज निर्वाचित हुनुभएको थियो ।

## दोस्रो राष्ट्रिय सम्मेलनदेखि २०३७ को पुनर्गठनसम्म सङ्घको स्थिति

२०११ सालमा भएको दोस्रो सम्मेलनपछि आन्दोलनलाई लक्ष्यसम्म पुऱ्याउने गरी सङ्गठित गर्न नसके पनि त्यस बेलासम्ममा सदस्य सङ्ख्या ५ लाख पुगेको थियो । तर सङ्गठन निर्माणमा त्यसरी नै गति आउन भने सकेन । वर्ग दृष्टिकोण प्रष्ट लिएको, सचेत र सङ्घर्षशील सङ्गठन बनाउने काम कमजोर भएकाले आन्दोलनले खारिएका कार्यकर्तासमेत सङ्गठनमा आबद्ध गर्ने र लक्ष्य प्राप्ति





नभएसम्म काम गर्ने वातावरणको विकास भएन । सङ्घको नेतृत्वमा विस्तारै विवाद बढ्न थाल्यो । आन्दोलन शिथिल हुँदै गयो, सङ्गठन झन् कमजोर हुँदै गयो । कम्युनिष्ट पार्टीको नेतृत्वमा डा. केशरजङ्ग रायमाझी आइसकेपछि किसान आन्दोलनमा पानी खन्याएजस्तै हुन थाल्यो । भएको सङ्गठन पनि दिशाहीन हुँदै गयो । फुट, विभाजन र दिशाहीनतामा अल्झिएको सङ्गठनमा कार्यकर्ता क्रमशः निराश, शिथिल हुँदै गएकाले सङ्गठन कमजोर हुँदै गयो ।

२०१५ सालको आम चुनावसम्म जेनतेन किसान सङ्घ केही काम गर्दै थियो र किसान सङ्घकै चार जना नेतालाई संसदमा पुऱ्याउन सफल पनि भएको थियो । तर संसद र ग्रामीण वर्ग सङ्घर्ष, संसद र सामन्ती भूस्वामित्वको अन्त्य गर्ने अभियानमा आवश्यक तालमेल मिलाउन नसक्दा त्यस बेलाको उर्बरक अन्तर्राष्ट्रिय स्थितिलाई राम्ररी पक्रन सकेन । किसान सङ्घ र किसान आन्दोलनको गति मन्द भएको, कङ्ग्रेस दुई तिहाईको घमण्डले चुर चुर भएको, कम्युनिष्ट पार्टी विवाद र फुटमा अल्झिएको, दरबारले निहुँ खोजिरहेको, पुराना सामन्त सात सालपूर्वको स्थितिमा लाने प्रयत्न गरिरहेको मौका पारी २०१७ को काण्ड रच्न राजा सफल भए । पार्टी र जनसङ्गठन प्रतिबन्धित भए । असङ्ख्य नेता तथा कार्यकर्ता जेल हालिए, अनेक नेता तथा कार्यकर्ता भूमिगत हुन वा प्रवासिन बाध्य भए ।

यो स्थितिमा किसान सङ्घको केन्द्रीय नेतृत्व पूरै निष्क्रिय भयो । केन्द्रीय नेता क. तुलसीलाल नै क्रियाशील हुन सक्नुभएन । सङ्गठन अस्तव्यस्त भयो । शोषण, उत्पीडन, दमनविरुद्ध सङ्घर्षशील कार्यकर्ता चुप लागेर बसेनन् । स्थानीयरुपमा भए पनि फेरि कुनै न कुनै रुपले सङ्घर्षमा उत्रे । अनेकखालका दमनकारी हतकण्डा पञ्चायतले अपनाए पनि किसान त्यसलाई चिर्दै किसान सङ्घका नाममा वा अन्य कुनै नाममा सामन्तवाद साम्राज्यवाद विरोधी गतिविधि कायम राखे ।

देशभरका किसानको उत्साह जाँगर र सङ्घर्षशील भावनालाई एउटै मालामा गाँस्न राष्ट्रिय स्तरको सङ्गठन र धेरै ठाउँमा अगुवा नेताको पनि आवश्यकता हुन थाल्यो । २०३७ सालमा लुम्बिनी अञ्चल नवलपरासी जिल्लाको बेडिमणिपुर गाविसको डाँडाजोरमा सन्तबहादुर वि.क.को घरमा पार्टीतर्फको किसान फाँट प्रमुख क. अमृत बोहराको

योजना तथा उपस्थितिमा कमरेड माधव पन्तको अध्यक्षतामा केन्द्रीय तयारी समिति बन्यो । सो भेलाले कोशी, सगरमाथा, जनकपुर, नारायणी, वागमती, लुम्बिनी, गण्डकी, धौलागिरीसमेतका नयाँ पुराना किसान कार्यकर्ताको उपस्थितिमा एउटा सङ्गठन निर्माण गऱ्यो, जसले स्थानीय प्रचारप्रसार र सङ्गठन विस्तारका काम गऱ्यो । तर प्रभावकारी ढङ्गले काम उठ्न सकेन । त्यसपछि २०३९ साल भाद्र १७ गते फेरि केन्द्रीय तयारी समिति पुनर्गठन गरियो । यो पुनर्गठनमा मेची र सुदूर पश्चिमका कमरेडसमेत थपिनुभयो । यो पुनर्गठनपछि अखिल नेपाल किसान सङ्घको केन्द्रीय अध्यक्षमा कमरेड अमृत बोहरा सर्वसम्मतिले निर्वाचित हुनुभयो । त्यसपछि किसान सङ्घमा नयाँ रक्तसञ्चार र गति आउन थाल्यो । आन्दोलन योजनाबद्धरुपले हुन थाले ।

२०४२ सालमा अखिल नेपाल किसान सङ्घ फेरि पुनर्गठन भयो । यो पुनर्गठनपछि किसान सङ्घको सङ्गठनात्मक विकास अझ व्यवस्थित हुँदै गयो । यसबेला, मध्यपश्चिमाञ्चल दक्षिण क्षेत्रीय कमिटी, मध्य उत्तर क्षेत्रीय कमिटी, पश्चिमाञ्चल क्षेत्रीय कमिटी, पश्चिम कमिटी बनेका थिए र क्रियाशील थिए । २०४३ सालको आन्दोलनमा अनेकिसङ्घका सबै नेता तथा कार्यकर्ताले आन्दोलनको मोर्चा सम्हाल्नुभएको थियो । विभिन्न अञ्चलको कमाण्डिङ्गसमेत गर्नुभएको थियो । किसान र किसान सङ्घका नेताले खेलेको भूमिका उल्लेखनीय थियो । बहुदलीय व्यवस्था स्थापनापछि वि.सं. २०४७ असारमा अनेकिसङ्घ केन्द्रीय तयारी समिति विस्तार गरी तेस्रो राष्ट्रिय सम्मेलन आयोजक कमिटी गठन गरिएको थियो । तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न हुँदाको समयसम्म ६ लाख सदस्यता वितरण भएको थियो ।

## तेस्रो राष्ट्रिय सम्मेलन

अखिल नेपाल किसान सङ्घको तेस्रो राष्ट्रिय सम्मेलन अनेक रचनात्मक कार्यक्रमका साथ भव्यपूर्वक गण्डकी अञ्चल, माछापुच्छ्रेको फेदी पोखरा नगरमा भएको थियो । २०४७ साल आश्विन २५ गते देशव्यापी वृक्षारोपण कार्यक्रम थियो भने सम्मेलनस्थल पोखराको बाटुलेचौर नजिकै सेती नदीको किनारमा भव्य वृक्षरोपण कार्यक्रम





भएको थियो । यो कार्यक्रमका प्रमुख अतिथि जननेता कमरेड मदन भण्डारी हुनुहुन्थ्यो । त्यो वृक्षरोपणअघि भएको मन्तव्य समारोहमा जननेता मदन भण्डारीले भन्नुभयो- "ध्वंश नगरी निर्माण हुँदैन, त्यस्तो ध्वंश मात्रै कामयावी हुन्छ, जुन ध्वंश निर्माणकै लागि गरिन्छ । हामीले पञ्चायती निरङ्कुश व्यवस्था ध्वंश गऱ्यौं, अब सार्वभौमसत्ता सम्पन्न संसद निर्माणको क्रममा छौं । अहिले पनि प्रतिगमनका खतरा समाप्त भएका छैनन् । जनताका अधिकार खोस्न षड्यन्त्रका चाल अझै जारी छन्, सतर्कता अपनाउनै पर्छ । पञ्चायतले बनाएको राज्य संयन्त्र, राज्य मेसिनरीमा भएको सकारात्मक पक्ष र तत्व उपयोग गर्दै नकारात्मक पक्ष, अपराधी र भ्रष्ट तत्वलाई दण्डित गर्नुपर्छ । नत्र फेरि २०१७ साल जस्तै सङ्कट निम्त्याउन सक्छन् । सामन्तवादका अङ्ग प्रत्यङ्ग समाप्त गर्ने साम्राज्यवादको थिचोमिचो समाप्त गर्न हाम्रा आन्दोलन, किसान आन्दोलन सशक्त ढङ्गले लाग्नुपर्छ ।" यी उहाँका सारगर्भित भनाइसाथ उहाँले समेत हजारौं किसान साथीसँगै वृक्षरोपण गर्नुभयो ।

२०४७ असोज २६ गते बिहान पोखराको दीपेन्द्र सभागृहमा बन्द सत्र सुरु भयो । सभागृह विभिन्न आकर्षक नारा व्यानर, शहीदका तस्बिरले सजिसजाउ थियो । प्रत्येक प्रतिनिधि, पर्यवेक्षक, आयोजक, अतिथिको छातीमा आकर्षक व्याच लगाइएको थियो । दीपेन्द्र सभागृहमा खचाखच प्रतिनिधि, पर्यवेक्षक बस्नुभएको थियो । यो सत्रको अध्यक्ष मण्डलका अध्यक्ष पनि क. अमृत बोहरा नै हुनुहुन्थ्यो । यो बन्द सत्र लगातार ३६ घण्टा चल्यो । बन्द सत्रमा कमरेड अमृत बोहराले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो र विधान कार्यक्रम कमरेड केशव बडालले प्रस्तुत गर्नुभएको थियो । प्रतिवेदन, विधान र कार्यक्रम प्रस्तुत गरिसकेपछि हरेक अञ्चलको एक एक समूह विभाजन गरी सुझाव सङ्कलन गरी उक्त दस्तावेज सर्वसम्मतिले पारित भएको थियो र २९ सदस्यीय केन्द्रीय कमिटीको पनि छनोट गरेको थियो । जसबाट अध्यक्ष क. अमृत बोहरा, महासचिव क. केशव बडाल, उपाध्यक्ष क. पाण्डवराज घिमिरे, सूर्य कन्दङ्वा, सत्यनारायण मण्डल, सिद्धिनाथ ज्ञवाली, किरण गुरुङ, सचिव क. कृष्णगोपाल श्रेष्ठ कोषाध्यक्ष जीतवीर लामा तथा सदस्यमा देवी बराल, भुवनसिंह राई, हिराबहादुर सुनवार, पुल्कित ठाकुर, शत्रुघन उपाध्याय, रामप्रसाद

ढकाल, वीरबहादुर लामा, चक्र पराजुली, प्रेमनारायण पौडेल, भीमनारायण थारु, देव रानामगर, भीमबहादुर कडायत, मेघबहादुर वि.सी, छविलाल ओली, बालकुमारी थापामगर, गोमा देवकोटा, तारा सोमयाङ्या, गुरु बराल, प्रेमबहादुर सिंह, मानबहादुर बाठामगर रहनुभएको २९ सदस्यीय केन्द्रीय कमिटी गठन भएको थियो ।

## नेकपा (माले) र नेकपा (मार्क्सवादी) एकीकरणपछिको किसान सङ्घ

नेपाल कम्युनिष्ट पार्टी (माले) र नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) बीच २०४७ पुस २१ गते एकीकरण भएपछि तत्कालै किसान सङ्घबीच एकीकरण हुन सकेन । फलस्वरुप त्यसबीचमा सङ्घको काममा गति आउन सकेन । दुवै पार्टीसँग नजिक रहेर काम गरिरहेका अनेकिसङ्घका जिम्मेवार प्रतिनिधिको संयुक्त बैठकबाट २०४८ साउन २४ गते एकीकरण प्रक्रिया पूरा भएको थियो ।

त्यसपछि सोही महिनाको २८ गते बसेको पहिलो बैठकले कार्य विभाजन र पदाधिकारीको छनौटसमेत गऱ्यो । जसमा अध्यक्ष- अमृतकुमार बोहरा, उपाध्यक्ष- सूर्य कन्दङ्वा, सत्यनारायण मण्डल, देवनारायण महर्जन, सिद्धिनाथ ज्ञवाली, कृष्ण ब. शाही, महासचिव- केशव वडाल, सचिव कृष्णगोपाल श्रेष्ठ, कोषाध्यक्ष जीतवीर लामा, सदस्य पाण्डवराज घिमिरे, किरण गुरुङ, रतनमान तुलाधर, सुरथ ब. खत्री, केशव खड्का, दुःखीलाल चौधरी, हिरालाल चौधरी, छविलाल चौधरी, पूर्ण विश्वकर्मा, महादेव शाह, खड्का ब. गुरुङ, मित्र ब. श्रेष्ठ, तारा सोमयाङ्या, भुवनसिंह राई, देवी बराल, हिरा ब. सुनवार, पुल्कित ठाकुर, गोमा देवकोटा, राम प्र. ढकाल, वीर ब. लामा, बालकुमारी थापामगर, शत्रुधनप्रसाद उपाध्याय, चक्र ब. पराजुली, प्रेमनारायण पौडेल, भीमनारायण थारु, छविलाल वली, देव राना मगर, रोमहर्ष धिताल, प्रेम ब. सिंह, भीमबहादुर कडायत, मेघ ब. वि.सी., वीरसिंह महर्जन रहनुभएको थियो । सल्लाहकार बलराम उपाध्याय रहनुभएको थियो ।

२०५१ मा सङ्घका अध्यक्ष तथा महासचिव सङ्घबाट बिदा भै पार्टीको अन्यत्र जिम्मेवार भई गएपछि पार्टीको तर्फबाट किसान फाँट





हेर्ने जिम्मेवारी पाएका कमरेड त्रिलोचन ढकालको संयोजकत्वमा पुनर्गठन गरिएको थियो ।

## नेकपा (एमाले) संसदीय दल विभाजनपछिको किसान आन्दोलनको अवस्था

पार्टी केन्द्रको आयोजनामा २०५४ चैत ५-६ गते अगुवा किसान पार्टी कार्यकर्ता राष्ट्रिय भेला सम्पन्न भई केही समययता किसान फाँटको काममा आएको शिथिलता चिर्न तथा देशमा किसान हकहित तथा अधिकारका लागि आन्दोलन उठाउन सङ्घ पुर्नगठन गरिएको थियो । भेलाले चौथो राष्ट्रिय सम्मेलन आयोजक कमिटी गठन गरी काम सुरु गरेको थियो । भेलापछि बसेको राष्ट्रिय सम्मेलन आयोजक कमिटीको बैठकले प्रत्येक जिल्लामा सङ्घका जिल्ला कमिटी गठन/पुनर्गठनको अभियानलाई तेज बनाउने निर्णय गऱ्यो । विषयगत उत्पादनसँग सम्बन्धित किसानको सङ्घ निर्माण गर्ने कामलाई जोडताडका साथ अगाडि बढायो । यसै क्रममा २०५५ वैशाख १० देखि जेठ २७ सम्म मेची-महाकाली सङ्गठन सुदृढीकरण अभियान सञ्चालन गरियो ।

यस अभियानमा सङ्घका जिल्ला कमिटी पुनर्गठन गरिए । प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । लामो समयदेखि सङ्घको मुखपत्रको रुपमा रहेको किसान जागरण नियमित प्रकाशन नभइरहेको सन्दर्भमा प्रकाशन सुरुवात् गरियो । भेलाले तय गरेका किसानका समस्यालाई मागका रुपमा सूत्रीकरण गरी ३८ सूत्रीय माग लिएर सरकारसँग अनुरोध गर्ने उद्देश्यले एक प्रतिनिधिमण्डलले प्रधान मन्त्रीसँग (२०५४ चैत ७ गते) भेट गरी माग पूरा गर्न अनुरोध गरेको थियो । मागका सबै पक्षका सम्बन्धमा किसानलाई प्रष्ट पार्न जिल्ला जिल्ला, गाउँ गाउँमा व्यापक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । सरकार परिवर्तन भएकाले २०५५ असार ८ गते पुनः प्रधान मन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष ज्ञापनपत्र प्रस्तुत गऱ्यो ।

भेलाले किसान सङ्घलाई महासङ्घमा रुपान्तरण गर्ने कामको सुरुवात् गऱ्यो । यसका लागि विभिन्न विषयगत किसान सङ्घ निर्माण गर्ने कामको योजना बनायो । यस्ता व्यावसायिक सङ्घमा उखु उत्पादक किसान सङ्घ, तरकारी तथा फलफूल उत्पादक

किसान सङ्घ, दूध उत्पादक किसान सङ्घ, कुखुरापालक किसान सङ्घ, माछापालक किसान सङ्घ, चिया तथा कफी उत्पादक किसान सङ्घ थिए ।

भेलाले ४१ सदस्यीय चौथो राष्ट्रिय सम्मेलन आयोजक कमिटी गठन गऱ्यो । कमिटीमा निम्न कमरेड रहनुभएको थियो- संयोजक केशव बडाल तथा सदस्यमा देवी बराल भुवनसिंह राई, हरिदेव मण्डल, प्रेम दङ्गाल, दुर्गालाल श्रेष्ठ, बालकृष्ण वि.सी. रामकुमारी ज्ञवाली, लीला राना, हरि वैरागी दाहाल, मानपुर चौधरी, राममणि पोखरेल, रन्दल राई, आनन्द यादव, गणेश नेपाली, पिताम्बर पौडेल, त्रिलोकी चौधरी, उर्मिला अर्याल, टीकाराम महर्जन, शेषमणि शर्मा, उमेशचन्द्र थापा, ढाकाराम अर्याल, ईश्वरी प्र. शर्मा, हेमनाथ भुषाल, नरुलाल चौधरी, शेरबहादुर के.सी. चक्र फडेरा, हनुमान चौधरी, भुवन पौडेल, सिर्जना शर्मा र स्थिरप्रसाद घिमिरे । सल्लाहकार कमिटी प्रमुख कमरेड अमृतकुमार बोहरा तथा सदस्यमा रङ्गनाथ जोशी, रामचन्द्र महर्जन, ओम थपलिया, नन्दीकेशर न्यौपाने र अरविन्द मेहता रहनुभएको छ ।

## चौथो राष्ट्रिय सम्मेलन

सङ्घको चौथो राष्ट्रिय सम्मेलन (२०५५ साल मङ्सिर १९-२१) राजविराजमा भव्यताका साथ सम्पन्न भएको थियो । सम्मेलनको उद्घाटन समारोहमा लाखौं किसान, मजदुर, महिला, विद्यार्थी, युवा तथा अन्य तह र तप्काका जनसमुदायको उपस्थिति थियो । यो सम्मेलनमा जनसमुदायको सहभागिता नेपाली किसान आन्दोलनकै इतिहासमा ठूलो रह्यो । जनपरिचालनमा खासगरी सम्मेलनस्थल नजिकका जिल्लामा घनीभूत ढङ्गले प्रत्येक जिल्ला, नगर, गाउँ विकास समिति तथा वडासम्म पनि किसान समुदायलाई मङ्सिर १९ गते राजविराज जाऔँ भन्ने अभियान सञ्चालन गरिएको थियो । सप्तरीका अधिकांश गाउँ विकास समिति तथा छिमेकी जिल्ला सिरहा, उदयपुर, सुनसरी तथा मोरङ, झापाबाट किसान ऱ्याली, जुलुस तथा नाराका साथ राजविराज आएका थिए । सम्मेलनमा आमरुपमा देशैभरबाट किसानको सहभागिता थियो ।





सम्मेलन तयारीकै सिलसिलामा खासगरी सम्मेलनस्थल राजविराजमा प्रत्येक किसानको घरघरमा गई पर्चा तथा अपिल वितरण गर्दै सम्मेलन सहयोग अभियान सञ्चालन हुनु सम्मेलनको अर्को महत्वपूर्ण पक्ष थियो । यस काममा प्रत्येक घरबाट कम्तीमा एक मुठी चामल सम्मेलन सहयोग उठाइएको थियो । यसरी निकै ठूलो परिमाणमा चामल तथा अन्य जिन्सी सम्मेलन सहयोग उठाइएको थियो । सम्मेलन व्यवस्थितरुपमा सम्पन्न गर्न २ सय ५० जनाको स्वयम्सेवक टोली सक्रिय थियो । जसमध्ये ५० जना महिला थिए । राजविराज नगर आकर्षक नारा झण्डा र व्यानरले सिङ्गारिएको थियो । नगरभित्रका सडक, चोक, गल्ली र विभिन्न प्रतिष्ठानअगाडि स्वागतद्वारले हरेक सहभागी जनसमुदाय तथा अतिथि कमरेडलाई स्वागत गरिरहेको थियो । नगरभित्र मात्रै १५० भन्दा बढी स्वागतद्वार सजाइएका थिए । यी स्वागतद्वार आमरुपमा नगरबासीले आफैं बनाएका थिए ।

देशभरिबाट प्रतिनिधि, अतिथि र उद्घाटन समारोहका सहभागी एक दिनपहिलेदेखि नै आउने क्रम सुरु भएको थियो । उद्घाटन सत्रमा राजविराजमा कहीं कतै खाली ठाउँ थिएन । सारा स्थान किसानले भरिभराउ थियो । राज रङ्गशाला वरिपरिका भित्ता विशाल विशाल अक्षरमा आकर्षक नाराले सजिएका थिए । मञ्चका अगाडिपट्टि दायाँ र बायाँ अग्ला अग्ला बाँसका खम्बामा ४७ वटा झण्डा फहराइरहेको थियो । मञ्चका अगाडि विशाल ४ वटा झण्डा फहराइरहेका थिए । ४७ वटा झण्डाले अनेकिसङ्घ स्थापनाको ४७ औं वर्षको सङ्केत र ४ वटा झण्डाले चौथो राष्ट्रिय सम्मेलनको सङ्केत गरिरहेको थियो । त्यसैगरी विषयगत किसान सङ्घका झण्डा मञ्चको पूर्व पश्चिमतर्फ पङ्क्तिबद्ध गरी सजाइएका थिए र पाँचवटा नाङ्लोमा ती विषयगत सङ्गठनको लोगो राखिएको थियो । राज रङ्गशालाको बीच भागमा ४ वटा बाँसका लिङ्गाको टुप्पामा अनेकिसङ्घको झण्डा दायाँ बायाँ र ने.क.पा. एमालेको झण्डा माझमा राखेर कलश जस्तै गरी किसान सङ्घका झण्डाका पोष्टर, तोरनले रोमाञ्चित र आकर्षित बनाइएको थियो । मञ्चको ठीकअगाडि अग्लो टावरबाट सिटी केबुल टेलिभिजनको प्रत्यक्ष प्रसारणको कार्य भइरहेको थियो ।

देशभरका किसान, महिला, मजदुर, युवा, विद्यार्थी, वृद्ध र बालकको मानवसागरले राजविराज ढपक्क ढाकेको थियो । कार्यक्रममा सहभागी जनसमुदायमध्ये २० प्रतिशतमात्र रङ्गशालामा पस्न र अट्न सकेका थिए । रङ्गशालामा झाँकी प्रस्तुत गर्न आएकाहरू समेत पस्न सकेनन् । विशाल मानवसागरमा उनीहरू बिलिन भए ।

नेपालको सर्वाधिक लोकप्रिय पार्टी नेकपा (एमाले) का अध्यक्ष कमरेड मनमोहन अधिकारी र महासचिव कमरेड माधव नेपालको उपस्थितिको क्रममा लाखौं किसानले ताली बजाएर स्वागत गरेका थिए । त्यसैगरी पार्टीका विशिष्ट नेता, विदेशी पाहुना र अन्य अतिथिको हार्दिक स्वागत भएको थियो । कार्यक्रमको प्रत्यक्ष प्रसारण स्थानीय स्पेस टाइम, केबुल टि.भी.को माध्यमबाट गरिएको थियो । जनस्तरबाट सञ्चालन भएको कार्यक्रममा नेपालकै इतिहासमा पहिलो पटक यो कार्यक्रमको प्रत्यक्ष प्रसारणको व्यवस्था गरिएको थियो । यस किसिमको व्यवस्थाले गर्दा राजविराजवासीले आफ्नो घरको कोठामै बसेर अत्यन्त उल्लासमय वातावरणमा सम्पन्न भएको कार्यक्रम अवलोकन गर्ने अवसर पाएका थिए ।

सम्मेलनको विधिवत् उद्घाटन नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष कमरेड मनमोहन अधिकारीबाट भएको थियो । उद्घाटन समारोहका प्रमुख वक्ता कमरेड मनमोहन अधिकारी तथा पार्टीका महासचिव कमरेड माधवकुमार नेपाल रहनुभएको थियो । सम्मेलनका अन्य वक्ता पार्टी स्थायी समिति सदस्य तथा सङ्गठन विभाग प्रमुख कमरेड अमृतकुमार बोहरा, स्थायी कमिटी सदस्य भरतमोहन अधिकारी तथा केन्द्रीय सदस्य सुरेश कार्की रहनुभएको थियो । सम्मेलनको यो सत्रमा अन्य स्वदेशी तथा विदेशी अतिथिले सम्मेलनको सफलताका लागि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मन्तव्य व्यक्त गर्नेमा पार्टीका जनवर्गीय सङ्गठनका तर्फबाट विभिन्न कमरेड रहनुभएको थियो भने बङ्गलादेश कृषि श्रमिक सङ्घका नरुर अनवरलगायत्का अन्य भाइचारा किसान सङ्घका अतिथि प्रतिनिधिले सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । समुद्घाटन कार्यक्रमको सभापतित्व आयोजक कमिटीका संयोजक





केशव बडालले गर्नुभएको थियो भने स्वागत भाषण मानपुर चौधरी, धन्यवाद ज्ञापन हनुमान चौधरी तथा कार्यक्रम सञ्चालन प्रेम दङ्गालले गर्नुभएको थियो ।

सम्मेलनको दोस्रो दिन मङ्सिर २० गते बन्द सत्र सुरु भयो । बन्द सत्रको पहिलो दिनको पहिलो सत्रको कार्यक्रम आयोजक कमिटीको तर्फबाट सञ्चालन गरिएको थियो । बन्द सत्रलाई भारत पश्चिम बङ्गालका सहकारी मन्त्री तथा दक्षिण एसियाली किसान मञ्चका सदस्य भक्तिभूषण मण्डल तथा दक्षिण एसियाली किसान मञ्चका सह संयोजक विप्लब हलिमले सम्बोधन गर्नुभएको थियो । सम्मेलनको बन्द सत्र सञ्चालन गर्न कमरेड अमृतकुमार बोहराको अध्यक्षतामा ५ सदस्यीय अध्यक्ष मण्डल गठन गरिएको थियो । अध्यक्ष मण्डलका अन्य कमरेड सुरेश कार्की, हरिदेव मण्डल, टीकाराम महर्जन, पशुपति चौलागाईं रहनुभएको थियो । बन्द सत्रमा सङ्घको कार्यक्रम र राजनीतिक तथा साङ्गठनिक प्रतिवदेन क. केशव बडालले र विधान संशोधनको मस्यौदा क. दुर्गालाल श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो । उपरोक्त दस्तावेज प्रस्तुत गरिसकेपश्चात् प्रतिनिधिलाई १० वटा छुट्टाछुट्टै समूहमा विभाजन गरी छलफलका लागि समूह विभाजन गरी सो दिनको निर्धारित कार्यक्रम समाप्त भएको थियो ।

बन्द सत्रको दोस्रो दिन मङ्सिर २१ गते बिहानैबाट समूहगत छलफल सुरु भई सम्मेलनमा प्रस्तुत गरिएका दस्तावेजउपरको समूहगत छलफलको निष्कर्षका रुपमा प्रतिवेदन प्रस्तुत भएको थियो । त्यसपछि अध्यक्ष मण्डलका तर्फबाट दस्तावेजहरूमा प्राप्त उपयुक्त सुझाव समावेश गर्ने गरी निर्णयार्थ उक्त प्रस्तावलाई सर्वसम्मतिका साथ पारित गर्‍यो । यसपछि कमरेड सुमन प्याकुरेल, रामकुमार ज्ञवाली र चक्र फडेरा रहेको निर्वाचन कमिटी गठन गरी निर्वाचनको प्रक्रिया सुरु गरिएको थियो । प्रत्येक अञ्चलबाट कम्तिमा १ जना केन्द्रीय कमिटीको सदस्य रहने गरी ३५ जनाको केन्द्रीय कमिटी हुने निर्णय हलबाट पारित भएबमोजिम सबै अञ्चलबाट सर्वसम्मत निर्णयका साथ उम्मेदवारको मनोनयन परेको हुनाले अध्यक्ष मण्डलको तर्फबाट निर्वाचित केन्द्रीय कमिटी घोषणा भयो ।

नेतृत्व निर्माणको घोषणापश्चात् अध्यक्ष मण्डलका अध्यक्ष कमरेड अमृत बोहराले नवनिर्वाचित केन्द्रीय कमिटीका सदस्यलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो । नवगठित केन्द्रीय कमिटीको पहिलो बैठक अध्यक्ष मण्डलका अध्यक्ष कमरेड अमृत बोहराको अध्यक्षता र अध्यक्ष मण्डलका सदस्य सुरेश कार्कीको समुपस्थितिमा सम्पन्न भई बैठकले पदाधिकारी छनौट गऱ्यो । नवनिर्वाचित केन्द्रीय कमिटीका तर्फबाट अध्यक्ष कमरेड केशव बडालले प्रतिबद्धता व्यक्त गर्नुभयो भने सङ्गठनको आय-व्ययको विवरण नवनिर्वाचित महासचिव क. प्रेम दङ्गालले प्रस्तुत गर्नुभयो । अध्यक्ष मण्डलका सदस्य कमरेड सुरेश कार्कीले समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्ताव प्रस्तुत गर्नुभयो र हलबाट प्रस्ताव पारित गरियो ।

सम्मेलनको अन्त्यमा अध्यक्ष मण्डलका अध्यक्ष कमरेड अमृतकुमार बोहराले नवनिर्वाचित केन्द्रीय कमिटीलाई बधाई तथा पार्टीको तर्फबाट आवश्यक निर्देशन दिँदै सम्मेलन सम्पन्न गर्ने काममा सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्दै सम्मेलनको कार्यक्रम समाप्त भएको घोषण गर्नुभयो । सम्मेलन समाप्तिपश्चात् अखिल नेपाल किसान सङ्घ जिन्दावादको नारा तीन पटक लगाइएको थियो । यसरी सम्मेलन नेपाली किसान आन्दोलनमा प्रभाव पार्ने अति महत्वपूर्ण निर्णय गरी भव्यतासाथ सम्पन्न भयो ।

सम्मेलनले आगामी ४ वर्षका लागि ३५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गरेको छ । कमिटीका पदाधिकारी तथा सदस्य निम्नबमोजिम थिए- अध्यक्ष केशव बडाल, उपाध्यक्ष देवी बराल, महासचिव प्रेम दङ्गाल, कोषाध्यक्ष टीकाराम महर्जन, सचिव नरुलाल चौधरी तथा सदस्य भुवनसिंह राई, देवेन्द्र बस्नेत, धनबहादुर थेवे, आर.सि.लिम्बू, मानपुर चौधरी, राममणि पोखरेल, भुवन पौडेल, उमेशचन्द्र थापा, गणेश नेपाली, पिताम्बर पौडेल, त्रिलोकीनारायण चौधरी, देवशङ्कर पौडेल, कृष्ण अर्याल, दुर्गालाल श्रेष्ठ, सिर्जना शर्मा, जीवन खड्का, ढाकाराम अर्याल, ईश्वरीप्रसाद पाण्डे, हेमनाथ भुषाल, लीला राना मगर, शेरबहादुर के.सी. खड्गबहादुर खड्का, बालकृष्ण वि.सी., हनुमान चौधरी, लक्ष्मण खड्का, उर्मिला अर्याल, ओमबहादुर बुढा, ओम थपलिया, बद्रीनाथ देवकोटा, स्थिरप्रसाद घिमिरे ।





## सङ्घको स्वर्ण जयन्ती कार्यक्रम

- २०५७ साल वैशाख १७ गते पत्रकार सम्मेलन आयोजना गरी स्वर्ण जयन्तीको अवसरमा आयोजना गरिने वर्षभरिको कार्यक्रम घोषणा गरिएको थियो ।
- मेची-महाकाली किसान जागरण अभियानको सिलसिलामा स्थानीय विभिन्न भाषामा अपिल प्रकाशित गरी वितरण गरिएको थियो ।
- जागरण अभियानको समापनको अवसरमा एक आकर्षक पोष्टर प्रकाशित गरी देशव्यापी वितरण गरिएको थियो ।
- सङ्घले अगाडि सारेका ३८ सूत्रीय माग तथा स्वर्ण जयन्ती वर्षका नारा अधिराज्यव्यापी भित्तेलेखन गरिएको थिए ।
- किसान हकहित तथा अधिकारका लागि विगतमा योगदान गर्ने किसानलाई किसान जागरण मार्चका क्रममा सम्मान गरिएको थियो ।
- किसान शहीद परिवारलाई सम्मान गरिएको थियो ।
- स्थानीय तहमा विभिन्न जिल्लामा कृषि मेला आयोजना, वृक्षरोपण, बिउ, वेर्ना वितरण तथा सरसफाई कार्यक्रम सञ्चालन गरिएको थियो ।
- केन्द्रमा दक्षिण तथा दक्षिणपूर्वी एसियाली भूमिसुधार तथा कृषि विकाससम्बन्धी ३ दिने गोष्ठी नगरकोटमा आयोजना गरिएको थियो । त्यसैगरी स्थानीय स्तरमा सङ्घको इतिहास अन्वेषण तथा अन्य स्थानीय विषयमा गोष्ठी आयोजना गरिएको थियो ।
- स्वर्णजयन्ती कार्यक्रम समापनपश्चात् अनेकिसङ्घका पचास वर्षहरू नामक स्मारिका प्रकाशित गरिएको छ ।
- शालिक निर्माण ।

देशको कम्युनिष्ट तथा किसान आन्दोलनका अग्रज तथा शहीदहरूको शालिक निर्माण गरिने योजना रहेकामा सुदूरपश्चिमाञ्चलको अत्तरियामा कमरेड भीमदत्त पन्तको शालिक निर्माण भएको छ । मध्यपश्चिमाञ्चल क्षेत्रको प्रतीकका रुपमा शहीद गुम्राह थारुको

शालिक निर्माण गर्ने काम दाङको घोराहीमा सम्पन्न भइसकेको छ । पश्चिमाञ्चल क्षेत्रको तनहुँको दमौलीमा कमरेड एकदेव आलेको शालिक निर्माण गर्ने काम सम्पन्न भइसकेको छ । त्यसैगरी मध्यमाञ्चल विकास क्षेत्रको बारामा कमरेड मुखलाल महतोको शालिक निर्माण भइसकेको छ । पूर्वाञ्चल विकास क्षेत्रमा झापाका ५ शहीद नेत्र घिमिरे, रामनाथ दाहाल, कृष्ण कुइँकेल, विरेन राजबंशी, नारायण श्रेष्ठको संयुक्त स्मारक निर्माणाधीन अवस्थामा छ । किसान सङ्घ स्थापनाकालीन तथा पहिलो र दोस्रो सम्मेलनबाट निर्वाचित अध्यक्ष कमरेड तुलसीलाल अमात्यको शालिक निर्माण गर्ने काम ललितपुरमा भइरहेको छ ।

## यात्राको अनुभव

१. नेपालको इतिहासमा यसप्रकारको मार्च पहिलो पटक अखिल नेपाल किसान सङ्घको आयोजना, नेतृत्व र नेकपा (एमाले) को पूर्ण साथ सहयोगमा आयोजना भएको थियो ।

२. अनेकौं विघ्न, बाधा र प्रतिकूलताका बाबजुद यो मार्च अत्यन्त भव्यतासाथ सम्पन्न भएको छ ।

३. किसान सङ्घको नीति, कार्यक्रम, माग, आन्दोलनका अन्य पक्षबारे किसानबीच राम्ररी पुऱ्याउन मार्च सफल भएको छ ।

४. मार्चले नेकपा (एमाले) को नीति, विचार र कार्यक्रम आम किसानबीच पुऱ्याउन मद्दत गरेको छ ।

५. यस क्रममा आम किसानलाई सार्वजनिक समारोहबीच सदस्यता प्रदान गर्ने काम भएको छ । अभियानले सङ्घको सदस्यता वृद्धि गरेको छ । मार्चका क्रममा विभिन्न राजनीतिक पार्टी परित्याग गरी एउटा ठूलो जनताको पङ्क्ति नेकपा (एमाले) मा प्रवेश भएका छन् ।

६. मार्चका क्रममा किसानका स्थानीय समस्या सङ्कलन गर्ने काम भएको छ । किसानका समस्या किसानका घरदैलोमा पुगी सङ्कलन तथा छलफल गर्ने काम सम्पन्न भएको छ । यसले आगामी दिनमा किसान आन्दोलन उठाउन मद्दत गर्ने कुरामा विश्वास गरिएको छ ।





७. किसान आन्दोलन, कम्युनिष्ट आन्दोलनमा तथा उत्पादन वृद्धिको आन्दोलनमा योगदान पुऱ्याउने किसान योद्धालाई सम्मान गर्ने काम अत्यन्त प्रभावकारी भएको छ । सम्मानित हुने अधिकांश योद्धा विभिन्न जनजाति, उत्पीडित, दलित तथा आधारभूत तथा आन्दोलनकारी जनताको पङ्क्तिका छन् ।

८. यसै अवसरमा आम किसान कार्यकर्ताले किसान सङ्घको कार्यक्रम, नीति, माग र आन्दोलनबारे प्रशिक्षित हुने अवसर प्राप्त गरेका थिए । किसान कार्यकर्तालाई हरेक दिन नियमित र व्यावहारिक प्रशिक्षण दिइएको थियो ।

९. यस मार्चका क्रममा सङ्घले उद्घोष गरेको बीस लाख किसान परिचालन गर्ने उद्देश्य पूरा भएको छ । यात्राले कुनै न कुनै रुपबाट अधिराज्यका सबै जिल्लाका जनताको बीचमा जागरण सन्देश पुऱ्याउन सफल भएको थियो ।

१०. यात्रामा वृद्ध तथा महिलाको पनि सक्रिय र नियमित सहभागिता थियो ।

११. तराई, पहाड, विभिन्न जनजाति, भाषाभाषीमा जनताबीच एकता कायम गर्न र राष्ट्रिय भावना जगाउन मद्दत गरेको थियो ।

१२. यो मार्चको क्रममा अनेकिसङ्घ र पार्टीलाई आधारभूत तहका जनताबीच पुऱ्याउने काम भएको छ ।

१३. यो यात्राले जनताको पङ्क्तिमा देखिएको विभिन्न प्रकारका निराशा, कुण्ठा चिर्दै त्याग र बलिदानको भावना विकास गरेको थियो । समाजको अग्रगतिका लागि बलिदान गर्ने, योगदान गर्नेको सम्मान हुँदोरहेछ भन्ने स्थापित भएको छ ।

१४. यो कार्यक्रमका क्रममा व्यवस्थापकीय काममा ठूलो पङ्क्ति लगभग पचास हजार (सबैतिर जोड्दा) को हाराहारीमा अहोरात्र खटिनु एउटा महत्वपूर्ण उपलब्धिका रुपमा लिनुपर्दछ ।

१५. यो कार्यक्रममा विभिन्न पार्टीसँग नजिक रहेका व्यक्ति तथा जनसमुदायको सद्भाव, शुभेच्छा र सक्रिय सहभागिता थियो ।

१६. मार्चकै क्रममा अनेकौं विषयलाई उठाएर किसानका समस्या समाधान गराउने तहमा पुऱ्याउनु एउटा महत्वपूर्ण उपलब्धि थियो ।

१७. यात्रामा लगातार हिँड्ने यात्री बिरामी र अशक्त हुँदा पनि यात्रा छाड्नु भएन ।

## किसान सङ्घले उठाएका जल्दाबल्दा माग

अखिल नेपाल किसान सङ्घले किसानका जल्दाबल्दा माग उठाई २०५४ चैत ७ गते सरकारसमक्ष ज्ञापनपत्र प्रस्तुत गरेको थियो । सरकारले त्यसउपर खासै चासो नदेखाएको अनुभव भएपछि २०५५ असार ८ गते प्रधान मन्त्रीलाई एक अल्टिमेटम दिइयो । त्यस पत्रमा भूमिसम्बन्धी १० माग, कृषिसम्बन्धी २५ माग र वातावरणसम्बन्धी ३ माग छन् । ती सबै मागलाई प्रतिनिधित्व गर्ने उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदन लागू गर भनेर माग गरेका छौँ । यी सबै माग हाम्रो देशमा सामाजिक न्याय र उत्पादन वृद्धिका लागि जरुरी छन् । यो राष्ट्रिय स्वाभिमान र राष्ट्रिय विकासका लागि नगरी नहुने काम हो । जनतन्त्रलाई श्रमजीवी जनताको घरघरमा पुऱ्याउनका लागि, नेपालको संविधान २०४७ को भावनाअनुरुप जनतालाई सार्वभौसत्ता सम्पन्न गराउनका लागि यी माग पूरा गर्न जरुरी छ ।

## अखिल नेपाल किसान सङ्घले अगाडि सारेका किसानका ३८ सूत्रीय माग

क) उच्चस्तरीय भूमिसुधार आयोग (बडाल आयोग) को प्रतिवेदन सार्वजनिक गरी उक्त आयोगले सिफारिस गरेका सुझाव तथा दीर्घकालीन कृषि योजनाले प्रस्तावित गरेका समग्र कार्यक्रम संयुक्तरुपमा लागू गरियोस् ।

## भूमिसम्बन्धी माग

- लामो समयदेखि मोहीका रुपमा अर्काको जमिन कमाएका तर मोहियानी हक स्थापित नभएका मोही किसानलाई मोहियानी हक प्रदान गरी बराबरी जमिन दिएर दोहोरो नियन्त्रण प्रणाली अन्त्य गरियोस् ।





- सम्पूर्ण भूमिहीन, गरिब किसान तथा कमैयालाई गरिखान पुग्ने जमिन प्रदान गरियोस् ।
- किसानले जोती, भोगी आएका तर विभिन्न बहानामा दर्ता हुन नसकेका जमिनलाई जमिन भएकै ठाउँमा टोली पठाई सार्वजनिक सर्जमिन गरी जोत्नेको नाममा तत्काल दर्ता गरियोस् ।
- किसानले जोती, भोगी आएको गुठी जमिनको वक्यौता, कुत, तिरो सम्पूर्णरुपमा मिनाहा गरी जोती-भोगी आएका किसानकै नाममा तत्काल रैकरमा परिणात गरियोस् र मठ-मन्दिर, गुम्बा, मस्जिदका लागि वैकल्पिक व्यवस्था गरियोस् ।
- अहिलेसम्म रजौटा, चौतरिया, काजी खलकलगायत् विभिन्न विर्तावालका नाममा कायम रहेका तर जोताहाले जोत भोग गरिरहेका जमिन जोती भोगी आएका किसानका नाममा स्थलगत सर्वेक्षण गरी तत्काल दर्ता गरियोस् ।
- सम्पूर्ण असुरक्षित (बाढी, पहिरो तथा अन्य प्राकृतिक प्रकोपका कारण) बस्ती पहिचान गरी त्यहाँ बसोवास गर्ने जनतालाई सुरक्षित स्थानमा व्यवस्थितरुपमा बसोबास व्यवस्था गरियोस् ।
- देशभरि अलपत्र परेका, खेर गएका, बसोबास र खेतीपाती गर्न सकिने तर वन सिमानामा नपरेका जमिन तत्काल पत्ता लगाई त्यस्ता जमिन भूमिहीन किसानलाई प्रदान गरियोस् ।
- नदीको कटानबाट बनेको बगर जमिनलाई कृषि वनका रुपमा विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरियोस् र उपयुक्त ठाउँमा भूमिहीन किसानलाई बसोबास व्यवस्था गरियोस् ।
- मालपोत, नापी, भूमिसुधार कार्यालयसमेत सबै क्षेत्रमा हुने गरेका भ्रष्टाचार ढिलासुस्ती, भेदभाव अन्त्य गर्न विशेष व्यवस्था गरियोस् ।
- नेपाल कम्युनिष्ट पार्टी (एमाले) सरकारको समयमा सुकुम्बासी तथा भूमिहीन किसानलाई वितरण गरिएको जमिनको लालपूर्जा

पाउने सबै गरिब तथा भूमिहीन किसानलाई विना झन्झट उनीहरूले हकभोग गर्ने वातावरण सिर्जना गरियोस् ।

## कृषि क्षेत्रका माग

(क) - सिचाई विकासलाई कम लागतमा, छिटोछरितो र व्यावहारिक ढङ्गले सञ्चालन गर्न राष्ट्रिय सिचाई विकास बोर्ड गठन गरी त्यसमा किसान सङ्घका प्रतिनिधिसमेत समावेश गरी सिचाई क्षेत्रको काम प्रभावकारी ढङ्गले कार्यान्वयन गरियोस् ।

- कन्काई बहुउद्देश्य आयोजना, सुनकोशी-कमला डाइभर्सन बहुउद्देश्य आयोजना, वागमती हाइड्याम बहुउद्देश्य आयोजना, भेरी-बबई सिचाई आयोजना, शारदा दाङ बहुउद्देश्य आयोजनालाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न कदम चालियोस् ।

- साना सिचाई आयोजना जिल्ला विकास समितिमार्फत् सञ्चालन गर्ने नीति लागू गरियोस् ।

- कृषि उत्पादन, भण्डार, तथा कृषि उद्योगमा प्रयोग हुने विद्युत् महसुलमा ७५ प्रतिशत छुट हुने व्यवस्था गरियोस् ।

(ख) विश्व व्यापार सङ्गठनको नीतिअनुरुप विकसित तथा शक्तिशाली राष्ट्रले बौद्धिक सम्पदामाथिको हक संरक्षण गर्ने नाममा हाम्रो जस्ता कमजोर राष्ट्रका बाली, वनस्पति, जडिबुटीको पेटेन्ट राइट्स लिएर हस्तक्षेप गर्दैछन् । यसबाट हाम्रो हक रक्षा गर्न प्रभावकारी कदम चालियोस् ।

(ग) कृषि अनुसन्धान परिषद्ले गर्ने अनुसन्धान तथा अन्य कार्यक्रम नेपाली किसानको आवश्यकता र मागमा आधारित रहेर कृषि अनुसन्धान नीति तय गरियोस् । अनुसन्धानमा लगानी वृद्धि गरियोस् ।

(घ) निम्नमध्यम, गरिब किसान र त्योभन्दा तल्ला वर्गका किसानले लिएको ऋण विभिन्न कारणले घाटा परी तिर्न





नसकेको अवस्था छ । दस हजार रुपैयाँसम्मको यस्तो ऋण मिनाहा गरियोस् ।

(ङ) देशका प्रत्येक स्थानमा किसानले चाहेको मल, बिउ र प्रविधि सरल, सुलभ र प्रभावकारी ढङ्गले व्यवस्था गरियोस् ।

(च) किसानले बाली लगाउने समयमा अधिकारकै रुपमा सुलभ दरमा कृषि ऋण पाउने व्यवस्था गरियोस् । त्यस्तो ऋणको वार्षिकरुपमा ब्याज वा किस्ता भुक्तानी गर्ने व्यवस्था गरियोस् । चक्रवृत्ति ब्याजको प्रथा खारेज गरियोस् । किसानले लिएको ऋणमा १२ प्रतिशतभन्दा बढी ब्याज नलिने व्यवस्था गरियोस् ।

(छ) कोल्डस्टोर स्थापना गर्नका लागि आवश्यक यन्त्र, उपकरण आयात गर्दा लाग्ने कर मुक्त गरियोस् । यस प्रयोजनका लागि सस्ता ब्याजदरमा सुलभ तरिकाले ऋण दिने व्यवस्था गरियोस् । कोल्डस्टोरले प्रयोग गर्ने विद्युत् महसुलमा ५० प्रतिशत छुट दिइयोस् । निजी क्षेत्रले शीत भण्डार स्थापना गर्न नसकेका स्थानमा सरकारी स्तरबाट निर्माण गरियोस् ।

(ज) कुखुरापालक किसानका लागि आवश्यक पर्ने यन्त्र, उपकरण तथा कुखुराको दाना तथा दानामा प्रयोग हुने औषधीमा भन्सार तथा अन्य कर मुक्त गरियोस् । यस प्रयोजनका लागि सहुलियत दरमा ऋण व्यवस्था गरियोस् । बाहिरबाट कुखुराको मासु, फुल आयात गर्न निरुत्साहित गरियोस् ।

(झ) तरकारी उत्पादक किसानलाई औजार उपकरण, मल, बिउ सरल ढङ्गले उपलब्ध गरियोस् । शीत भण्डारसम्बन्धी तालिम र प्रविधिको प्रभावकारी व्यवस्था गरियोस् ।

(ञ) फलफूल उत्पादक किसानका लागि निरोगी बिउ, बेर्ना उत्पादन गर्न प्रत्येक गाउँ विकास समितिमा एउटा व्यवस्थित नर्सरी स्थापना गर्न आवश्यक पूर्वाधार, प्रविधि तथा प्राविधिक उपलब्ध गराइयोस् । र, प्रत्येक गाउँ विकास

समितिमा गोबर तथा माटो जाँच्ने यन्त्र राखी किसानलाई तालिम दिने व्यवस्था गरियोस् ।

(ट) देशका सबै चिनी मिलमा विद्युत् उत्पादन गर्ने यन्त्र जडान गरियोस् । उखु उत्पादन गर्ने किसानलाई सस्तो, सुलभ र सरल तरिकाले उत्पादन गर्न सघाउने नीति प्रभावकारी ढङ्गले लागू गरियोस् । उखु उत्पादक किसानले लाभकारी मूल्य पाउने व्यवस्था गरियोस् ।

(ठ) नेपालका चुरोट कारखानाले कम्तीमा ७५ प्रतिशत नेपाली सुर्ती प्रयोग गर्ने व्यवस्था गरियोस् । उच्च गुणस्तरको सुर्ती देशभित्र उत्पादन गर्ने व्यवस्था गरियोस् ।

(ड) देशभित्र तत्काल कफी, अदुवा र अलैंची प्रशोधन कारखाना स्थापना गरियोस् ।

(ढ) कपास उत्पादक किसान र जूट उत्पादक किसानलाई हतोत्साहित गर्ने वर्तमान स्थिति अन्त्य गरी उनीहरूलाई प्रोत्साहित गर्नेखालका कार्यक्रम लागू गरियोस् र कपास उत्पादक किसानलाई लाभकारी मूल्य दिलाइयोस् ।

(ण) दुर्गम क्षेत्रका फलफूल, तरकारी उत्पादक किसानलाई प्रोत्साहन गर्न हवाई ढुवानी सुविधा व्यवस्था गरियोस् । खासगरी जुम्ला र मुस्ताङबाट स्याउ बजारसम्म पुऱ्याउन भाद्रदेखि मङ्सिरसम्म प्रतिके.जी ढुवानी भाडामा ७५ प्रतिशत कम गरियोस् ।

(त) दुग्ध उत्पादक तथा मासु उत्पादक किसानलाई प्रोत्साहनका लागि आवश्यक ठाउँमा चिलिङ सेन्टर, चिज कारखाना, मासु प्रशोधन कारखाना स्थापना गर्न ठोस र प्रभावकारी व्यवस्था गरियोस् । पशुपंक्षीको आहारा उत्पादन, विकास तथा व्यवस्थापन गर्नका लागि वन क्षेत्र तथा अन्य सम्भव क्षेत्रमा राष्ट्रियरुपमा ठोस योजना बनाइ कार्यक्रम सञ्चालन गरियोस् ।





(थ) तराई तथा मध्य पहाडी भेगमा जङ्गल र वनबुट्यानमा चरन नियन्त्रण गरियोस् । पशुपालन व्यवसायलाई सघाउ पुग्नेखालका घाँस, डालेघाँस विकासमा जोड दिइयोस् । वनबाट पशुपालन, मौरीपालन व्यवसाय र पानीको स्रोत संरक्षण गर्ने काममा केन्द्रित भई वन विकास गराउने काममा राष्ट्रिय सोच विकास गरियोस् । हिमाली क्षेत्रमा भेडा, च्याङ्ग्रा तथा चौंरीपालक किसानको समस्या अध्ययन गरी तत्काल समाधान गरियोस् ।

(द) ग्रामीण कृषि उद्योग स्थापना, प्राविधिक तालिम व्यवस्था, युद्धस्तरमा सिचाई कार्यक्रम सञ्चालन गरेर, वनलाई कृषि वनका रुपमा विकास गर्नेलगायत् अन्य उपायमार्फत् ग्रामीण क्षेत्रको बेरोजगारी समस्या समाधान गर्न रोजगार सिर्जना गर्नेखालका विशेष र ठोस कार्यक्रम सञ्चालन गरियोस् ।

(ध) पशु बीमा, फलफूल बाली बीमा, अन्न बाली बीमाको व्यवस्था गरियोस् । प्रिमियममा सरकारी अनुदानको व्यवस्था गरियोस् । पशुको नश्ल सुधार र पशु स्वास्थ्य केन्द्र प्रत्येक गाउँ विकास समितिमा सञ्चालन गरियोस् ।

(न) किसानले उत्पादन गरेका वस्तुका लागि राष्ट्रिय, अन्तर्राष्ट्रियरुपमा बजार खोजी गरी उत्पादक किसानलाई सो ठाउँसम्म पुग्न सक्ने आधार तयार गरी बजार व्यवस्था गरियोस् ।

(प) कृषि विश्वविद्यालय तत्काल स्थापना गरियोस् । कृषि शिक्षालाई माध्यमिक तहदेखि नै अनिवार्य गरियोस् ।

(फ) स्रोत र सम्भावनाका आधारमा ग्रामीण कृषि उद्योगका लागि ठोस नीति तथा कार्यक्रम लागू गरियोस् ।

(ब) धितो राख्ने जायजेथा नभएका गरिब तथा भूमिहीन किसानले सामुहिक जमानीमा समुदायमार्फत् ऋण पाउने व्यवस्था गरियोस् ।

(भ) भूमि, पशुपालन, तरकारी विकास ब्याङ्क, तरकारी उत्पादन विकास ब्याङ्क, फलफूल विकास ब्याङ्क स्थापना गरियोस् वा स्थापित भएका सरकारी ब्याङ्कहरूबाट यी क्षेत्रमा विभाग खोली प्रभावकारी ढङ्गले कार्यक्रम सञ्चालन गरियोस् ।

## वातावरणसम्बन्धी माग

- वातावरण संरक्षणका लागि हिमाली क्षेत्रको वनबाहेक वन जङ्गलमा पशु चरन बन्द गरियोस् । आगलागीबाट रोक्ने उपाय गरियोस् । एक इन्च भूमि पनि खाली नराखी वृक्षरोपण गर्न प्रभावकारी र व्यावहारिक कदम चालियोस् ।
- वृक्षरोपण गर्दा फल, काठ, पशु घाँस, पानीको स्रोत संरक्षण गर्ने र हरियाली हुने रुखलाई पहिलो प्राथमिकता दिइयोस् । पशु घाँस, काउ र हरियाली हुने रुखलाई दोस्रो प्राथमिकता दिइयोस् । कृषि र पशुपालन हुने क्षेत्रमा सल्लाको रुख रोप्न बन्द गरियोस् ।
- तराई तथा पहाडका बस्ती नजिकका वन उपभोक्तालाई नै वनको संरक्षण, विकास र उपयोग गर्ने जिम्मा दिने व्यवस्था गरियोस् । तराईका जङ्गलबाट टाढा रहेका गाविसलाई पनि वन उपभोगका लागि उपभोक्ता सदस्य बनाउने विशेष व्यवस्था गरियोस् ।

## सङ्गठन निर्माण, परिचालन, सङ्घर्ष सञ्चालनलगायतका विषयमा अख्तियार गरिएका नीति

(क) राष्ट्रिय सम्मेलन तथा केन्द्रीय कमिटीका विभिन्न बैठकले बनाएका योजनाअनुसार किसान सङ्घका समिति गठन/पुनर्गठनको प्रक्रियालाई अगाडि बढाउन सकिएको छैन । सङ्गठनको यो काम अति महत्वपूर्ण हो । सङ्गठनको आधार सदस्य र स्थानीय कमिटी नै हुन् । कतिपय ठाउँमा कमिटी छैनन् वा भएका पनि फितला छन् भने कुनै पनि कार्यको गति अघि बढ्दैन । यस्ता कमिटीले आन्दोलनको नेतृत्व गर्न सक्दैनन् । यस कामलाई हामीले राष्ट्रिय सम्मेलनको मार्ग निर्देशनलाई ख्याल गरी युद्धस्तरमा सम्पन्न गर्नुपर्दछ । अखिल नेपाल किसान





सङ्घका केन्द्र, अञ्चल, जिल्ला, गाउँ तथा टोल कमिटी गठन नभएका ठाउँमा गठन गर्ने र निष्क्रिय रहेकालाई पुनर्गठन गरी क्रियाशील बनाउनुपर्दछ । प्रत्येक टोलमा सङ्घको कमिटी बनाउने हिसाबले एक टोल एक सङ्गठनको नारा अगाडि बढाउनुपर्दछ ।

(ख) आम किसानका बीचमा सङ्घलाई स्थापित गराउन सङ्घको सदस्यता पाँचौं सम्मेलनसम्ममा बीस लाख पुऱ्याउने निर्णय राष्ट्रिय सम्मेलनले गरेको थियो । आम किसानलाई किसान सङ्घको सदस्य बनाउने काम हुन सकेको छैन । सम्मेलनले निर्देशन गरेको सङ्ख्याको थोरै प्रतिशत मात्र कार्यान्वयन हुन सकेको छ । किसान सङ्घको सदस्यता वितरणको अभियानलाई अत्यन्त तेज बनाउनुपर्दछ ।

(ग) सङ्घका नेता तथा कार्याकर्ताको वैचारिकस्तर माथि उठाउन, राजनीतिक तथा साङ्गठनिक कुशलता अभिवृद्धि गर्न, किसान हकहित तथा अधिकारका विषयमा प्रष्ट पार्न, सङ्घले उठाएका मागलगायत्का विषयमा व्यापक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यसको ठोस योजना स्थानीय कमिटीले तय गर्नु उपयुक्त हुनेछ ।

(घ) किसान तथा कृषि क्षेत्रका ठोस समस्या सङ्कलन अझै हुन सकेको छैन । समस्या पहिचान नभई समाधान निकाल्न सकिँदैन । किसानले दिनदिनै भोगिरहेका समस्या खासगरी भूमि सम्बन्धमा, उनीहरूमाथि भैरहेको सामन्ती शोषण भेदभाव आदि समस्यालाई समाधान गर्न व्यवस्थितरुपले सङ्कलन गर्नुपर्दछ । यसले कार्यकर्ताको क्षमता वृद्धि गर्न र सङ्घर्ष सञ्चालन गर्न आधार दिन्छ ।

(ङ) स्थानीय तहमा किसानका समस्या सङ्कलन गरेपछि ती समस्यालाई स्थानीय मागमा रुपान्तरित गर्नुपर्दछ । रुपान्तरित माग स्थानीय स्तरमा उठाउँदै स्थानीय सङ्घर्ष सञ्चालन गर्न जोड दिनुपर्दछ । त्यो आन्दोलनलाई राष्ट्रिय आन्दोलनमा विकास तथा विस्तार गर्ने नीति अख्तियार गर्नुपर्दछ ।

(च) किसानमा चेतना विकास गराउन, राजनीतिक तथा साङ्गठनिकरुपमा प्रशिक्षित गराउन, सङ्घका गतिविधि प्रचारप्रसार गरी किसान क्षेत्रमा जागरण ल्याउन महत्वपूर्ण भूमिका खेल्ने किसान सङ्घको प्रकाशन किसान जागरणलाई त्रैमासिकरुपमा नियमित प्रकाशित गरिँदै आएको भए पनि आर्थिक कठिनाईले यसलाई नियमित बनाउन सकिएको छैन । नियमित ग्राहक युद्धस्तरमा बनाइ यसको स्तरीयतामा जोड दिँदै प्रकाशन नियमित गर्नुपर्दछ ।

(छ) हामी हाम्रा गतिविधिलाई प्रचारमा लाने काममा अत्यन्त पछाडि परेका छौँ । सरकारी सञ्चार माध्यमले श्रमजीवी किसानका पक्षमा काम गरिरहेको छैन । काम नगर्ने मात्र हैन, अनेकौं भ्रम फैलाइरहेका छन् । त्यसो भएकाले प्रचारको कामलाई व्यवस्थित गर्नुपर्दछ । यसका लागि सङ्घको केन्द्र तथा जिल्लामा छुट्टै निकाय बनाइ प्रचारका गतिविधि सञ्चालन गर्नुपर्दछ ।

(ज) सङ्घको आर्थिक अवस्था अत्यन्त कमजोर छ । यो अवस्थालाई सवल नबनाएसम्म सङ्घका गतिविधि अगाडि बढ्न सक्दैनन् । यसका लागि सङ्घको आर्थिक प्रतिवेदन तथा आगामी आर्थिक योजनालाई पूर्ण कार्यान्वयन गराउन लाग्नुपर्दछ । नयाँ नयाँ उपाय र स्रोत खोजी गर्नुपर्छ । सङ्घको केन्द्रले एक किसान परिवार एक पाथी अन्न वा एक दिनको ज्याला न्युनतमरुपमा उठाउने अभियान सञ्चालन गर्ने निर्णय गरेको भए पनि यो निर्णय कार्यान्वयन हुन सकेको छैन । यसलाई हरहालतमा पूरा गराइ सङ्घको आर्थिक अवस्था मजबुत बनाउनै पर्दछ ।

(झ) विगतमा सङ्घको कार्यालय व्यवस्थित हुन सकेनन् । कमिटीका कार्यालय नहुने, भएका पनि नियमितरुपमा नखुल्ने, खुले पनि राम्रो व्यवस्थापन नहुने अवस्था रह्यो । अहिलेको खुल्ला परिस्थितिमा सङ्घका कार्यालयबाट सबै कामको समन्वय गर्न सकिन्छ । यसको लागि केन्द्रदेखि गाउँ तहसम्म कार्यालय खोली त्यसको नियमित सञ्चालनका लागि आवश्यक व्यवस्था गर्नुपर्दछ ।





(ञ) किसान सङ्घको काममा गति नआउनाका कारणमध्ये यसमा कार्यरत् नेता तथा कार्यकर्ताको दोहोरो, तेहेरो जिम्मेवारी भएर पनि हो । किसान फाँट वा सङ्घमा कार्यरत् नेता तथा कार्यकर्ताको अन्यत्र जिम्मेवारी भए पनि मूल जिम्मेवारी सङ्घको कामको हुनुपर्दछ । कामको मूल्याङ्कन पनि सङ्घमा रहेर खेलेको भूमिकाका आधारमा गर्ने परिपाटी बसाल्नुपर्दछ । यसका लागि पार्टीसँग आवश्यक समन्वय गरी भरसक सङ्घमा रहेर जिम्मेवारी बोकेका कमरेडलाई अन्यत्र कार्यकारी जिम्मेवार नबनाउने जुनसुकैको कमिटीमा भए पनि किसान फाँट हेर्नेगरी जिम्मा दिने नीति अपनाउनुपर्दछ ।

(ट) सङ्गठन निर्माण, सदस्यता वितरण, प्रशिक्षण अभियान सञ्चालन, प्रचार तथा प्रसार र प्रकाशनलगायत्का विषयमा जति बेला जे पर्‍यो त्यही गर्ने परिपाटी सङ्घमा हुनुहुँदैन । यस्तो परिआएका बेलामात्र काम गर्ने, यस सम्बन्धमा कुनै ठोस योजना नबनाई काम गर्नाले काम अव्यवस्थित हुने मात्र होइन, काममा निरन्तरता तथा परिणाममुखी पनि नहुने गर्दछ । यसकारण प्रत्येक कमिटीले आफ्नो क्षेत्रको कामको विस्तृत योजना वर्षको सुरुमा वा कमिटी निर्माण भएपछि तत्कालै तयार गरी समय तालिकाअनुसार गर्नुपर्दछ । त्यस्तो योजनाको एकप्रति एक तहमाथिको कमिटीलाई जानकारी गराउनुपर्दछ ।

(ठ) उपरोक्त विषयमा निर्णय गर्नु र योजना बनाउनुमात्र पर्याप्त हुँदैन । तिनको वास्तविकरुपमा कार्यान्वयन भए/नभएको अनुगमन र मूल्याङ्कन गर्ने परिपाटीको विकास गरी नियन्त्रण र सन्तुलनको नीति बनाउनुपर्दछ । यो कामलाई व्यवस्थित गर्न प्रत्येक कमिटीमा निश्चित व्यक्तिलाई जिम्मा दिने व्यवस्था गरिनु आवश्यक छ भने माथिल्लो कमिटीले समय समयमा तल्ला कमिटीहरूको कामको अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ ।

(ड) विषयगत किसान सङ्घको काम अगाडि बढ्न सकेको छैन । विषयगत उत्पादक किसान क्षेत्रमा सुरु भएको कामलाई सुदृढ

गर्नुपर्दछ । यसका लागि छुट्टै योजना बनाइ उनीहरूका समस्या उठाउनुपर्दछ ।

(ढ) सङ्घको अन्तर्राष्ट्रिय क्षेत्रमा किसान हक हित तथा अधिकारका लागि काम गरिरहेका विभिन्न सङ्घ/संस्थासँगको सम्बन्ध विस्तार हुँदै गएको छ । यसलाई अझ व्यापक पार्नुपर्दछ । हाम्रो सङ्घले दक्षिण एसियाली किसान मञ्चको संयोजक तथा सचिवालयको कामको समन्वय पनि गरिरहेको छ । हालैमात्र दक्षिण एसियाली भूमिसुधार गोष्ठी तथा मञ्चको छैटौं बैठक भव्यताका साथ आयोजना गरी यस क्षेत्रमा आफूलाई स्थापित गरेको छ । यस क्षेत्रमा किसान आन्दोलनको विकास र विस्तार गर्ने कुरामा अझ थुप्रै काम गर्न बाँकी छन् । यी काम पनि प्राथमिकताका साथ अगाडि बढाउनुपर्दछ ।

## ७. मेची–महाकाली किसान जागरण मार्च अभियान

मेची महाकाली किसान जागरण मार्च अभियानले श्रमजीवी जनताको हितमा क्रान्तिकारी भूमिसुधार नगरी देश विकासको गति अगाडि बढ्दैन, किसानको जीवनस्तर माथि उठाउन सकिँदैन, आम बेरोजगारलाई रोजगारीको व्यवस्था गर्न सकिँदैन, किसान जागरण र उत्साह भर्न सकिँदैन भनी प्रमुख ढङ्गले उठाएको थियो । जमिनको मालिक किसानलाई बनाउन उच्चस्तरीय भूमिसुधार आयोग (बडाल आयोग) को प्रतिवेदन सार्वजनिक गरी यसले दिएका सुझाव लागू गराउने आधार सिर्जना गर्न यो अभियान सञ्चालन गरिएको थियो । अखिल नेपाल किसान सङ्घले तीन/चार वर्षयता उठाउँदै, ज्ञापन दिँदै, धर्ना गर्दै, आन्दोलन सञ्चालन गर्दै आएका ३८ सूत्रीय माग पूरा गराउन आम किसानलाई जागृत गर्नु थियो यो मार्चको अर्को महत्वपूर्ण उद्देश्य तराईका सम्पूर्ण नेपाली नागरिकलाई नागरिकता दिलाउन सरकारलाई दबाव सिर्जना गर्ने अभियान थियो ।

राज्य आतङ्क बन्द गराउन, जनताको जीउधनको रक्षा गराउन, शान्ति सुरक्षा कायम गराउन, राष्ट्रहितको रक्षा र सम्वर्द्धन गराउने अर्को अठोट थियो- यो जागरण मार्चले तराईका फाँट छिचोल्नुको अर्थ । देशमा आकासिँदै गएको महङ्गी नियन्त्रण गर्न सरकारलाई दबाब





दिनु थियो, महङ्गीको मारमा परेका किसानलाई जागृत र सङ्गठित गरेर यो यात्राले । एक्लाएक्लै काम गर्नुभन्दा सामुहिक भावना, सहकार्य गरेर काम गर्दा फाइदा हुने सन्देश बोकेर कृषि सहकारीको कार्यक्रम प्रभावकारी गराउनु थियो किसानका बीच गएर जागरणका यात्रीले ।

भूमिहीन किसान र गरीब किसानमा जमिनको पहुँच पुऱ्याउन, किसानले जोतीभोगी आएको गुठी जमीन विनासर्त रैकर गराउन, मोही बेदखली गर्ने, मोहियानी नदिनेमाथि कारबाही गर्न, चर्को ब्याज लिने र चक्रवृत्ति ब्याज खाने व्यक्ति र संस्थामाथि कारबाही गर्न, साना किसानको ऋण मिनाहा गराउन र ब्याङ्कबाट १० प्रतिशत ब्याजदरमा किसानलाई ऋण दिलाउन, भ्रष्टाचारीलाई ठेगान लगाउन, रासायनिक मलमा अनुदान स्थापित गराउन र मूल्य वृद्धि फिर्ता गराउन, भ्रष्टाचार, ढिलासुस्ती, भेदभाव अन्त गर्न, किसानको उत्पादनको उचित मूल्य कायम गराउन, जैविक विविधतामाथि किसानको हक कायम गराउने अभियानको आधार तयार गराउनु मार्चमा सहभागी भएका किसान कार्यकर्ताको अभिष्ट थियो । समग्रमा अर्धसामन्ती अर्ध औपनिवेशिक शोषणका जरा उखेल्न र जनताको घर आङ्गनमा प्रजातन्त्रको उज्यालो घाम पुऱ्याउन सशक्त किसान आन्दोलन उठाउने आधार सिर्जना गर्न यो मेची महाकाली किसान जागरण मार्च सञ्चालन गरिएको थियो ।

मार्चका क्रममा देखिएका स्थानीय किसानका समस्यामा खासगरी ग्रामीण क्षेत्रमा सामन्त, जमिनदारको थिचोमिचो, अन्याय, अत्याचार किसानले भोगिरहनुपरेको पाइयो । सामन्त, जमिनदारले किसानलाई जाली किर्ते गरी फसाउने, झुटा मुद्दा लगाई सताउने काम भइरहेकै पाइयो । यस्ता शोषक, सामन्तका विरुद्धमा उनीहरूकै गाउँ, ठाउँमा पुगेर सार्वजनिक समारोहका बीच त्यस्ता अत्याचारकिो नाम काढेरै, लल्कार्दै, अब आइन्दा किसानमाथि थिचोमिचो नगर्न सशक्त चेतावनी दिँदै, गरेमा कारबाही गर्ने उद्‌घोष गर्दै, कतिपय ठाउँमा कारबाही गर्दै, सामन्तको गाउँ गाउँमा रहेको रजाइको अन्त गर्ने काममा ठोस सफलता हासिल मार्चले गरेको छ । बेठबेगारी प्रथा अहिले कायम रहेको पाइएको छ । किसानको सेवाका लागि खडा गरिएका

अड्डाबाट किसानमाथि भेदभाव गर्ने, किसानलाई हेप्ने, ढिलासुस्ती र भेदभाव गर्ने, किसानको कुनै पनि काम घूस नदिएसम्म नबन्ने स्थिति अहिले पनि रहेको कार्यालयअगाडि धर्ना गर्ने, सार्वजनिक समारोह गरी भ्रष्टाचार नगर्न, ढिलासुस्ती नगर्न किसानलाई नहेप्ने सशक्त चेतावनीसहित आवश्यक अन्य दबाब दिने काम भएको छ ।

किसानका अन्य आम समस्यामा सिचाइको व्यवस्था नहुनु, रासायनिक मल, बिउः, कीटनाशक औषधी महङ्गो हुनु, समयमा उपलब्ध नहुनु, सङ्गठित बजार व्यवस्था गर्न नसक्नु, कृषि ऋण सस्तो, सुलभ नहुनु, मुक्त कमैया, भूमिहीन, गरिब किसान तथा सुकुम्बासीलाई जमिन उपलब्ध गराउन नसक्नु, नदी कटान, वन फडानी आदि छन् । आगामी दिनमा यिनै समस्या अगाडि सारी किसान आन्दोलन उठाउनुपर्ने आम किसानबाट सुझाव आएको छ ।

यस अवसरमा सम्पन्न गरिएको अर्को महत्वपूर्ण काम हो- किसान योद्धाको सम्मान । देशको प्रजातान्त्रिक आन्दोलन, कम्युनिष्ट आन्दोलन र किसान आन्दोलनमा महत्वपूर्ण भूमिका खेल्ने योद्धालाई उल्लेख्य सङ्ख्यामा सम्मान गरिएको छ । रुटमा परेका प्रत्येक गाविस तथा नगरपालिकाका वडामा एक जना उत्कृष्ट किसानलाई सम्मान गर्ने काम अत्यन्त प्रभावकारी सावित भएको छ । समाजको अग्रगति र प्रगतिका लागि लागेका, उत्पादन वृद्धिको आन्दोलनमा अगुवाको भूमिका खेलेका, सामाजिक न्यायको आन्दोलनलाई आफ्नो गाउँ, ठाउँमा नेतृत्व प्रदान गर्ने त्यस्ता निधिलाई किसान सङ्घले सम्मान गरेको छ । गाउँ गाउँमा घर छिमेकमा पुगेर जनताका बीचमा, आम किसानका बीचमा, न्याय, समानता र मुक्तिका लागि योगदान गर्ने व्यक्तिलाई उसको योगदानको चर्चा गर्दै उच्च सम्मान र अभिनन्दन किसान सङ्घले गरेको छ । जुन कार्यक्रम अत्यन्त प्रभावकारी रहेको छ । सफलताका साथ सम्पन्न भएको छ । यो यात्राका अनुभवका श्रृङ्खला अनन्त छन् । जुन क्रमशः जनताका बीचमा आउने नै छन् ।

किसान सङ्घको स्वर्ण जयन्तीको अवसर पारेर ०५७ फागुन १ गते यो मार्च सुरु गरिएको थियो । झापाको मेची नदी किनाराबाट सङ्घका अध्यक्ष कमरेड केशव बडालको नेतृत्वमा र फागुन ५ गते महासचिव कमरेड प्रेम दङ्गालको नेतृत्वमा कन्चनपुरको दोधारा





चाँदनीको बाबाथानबाट मार्च सुरु भएको थियो । लगातार ३२ दिनसम्म पैदल यात्रा सञ्चालन गरिएको उक्त मार्च चितवनको भरतपुरमा आई विशाल किसान सभामा परिणत भएको थियो । मार्चका दुवै टोलीमा नेकपा (एमाले) का नेता, कार्यकर्ता, किसान नेता तथा कार्यकर्ता, समर्थक शुभचिन्तकको अत्यन्त उत्साहजनक सहभागिता थियो । यो मार्चमा २० लाख किसान जनतालाई परिचालन गरिएको थियो । ३०० भन्दा बढी स्थानमा किसान सभा आयोजना गरिएका थिए । यो मार्चपश्चात् किसान सङ्घले किसान आन्दोलन उठाउने एउटा सशक्त आधार तयार गरेको सर्वत्र विश्वास गरिएको थियो ।

## मेची महाकाली किसान मार्चका क्रममा जे देखियो

अखिल नेपाल किसान सङ्घको स्वर्ण जयन्ती समारोहका अनेक कार्यक्रममध्ये मेची महाकाली किसान जागरण मार्च कार्यक्रम सबैभन्दा चुनौतीपूर्ण र महत्वपूर्ण थियो । बहुसङ्ख्यक जनता किसान छन् । प्रमुख उत्पादक शक्ति किसान छन् । प्रमुख उत्पादनको साधन भूमि हो । श्रम शक्तिको प्रतिशतभन्दा आधामात्रै कुल गार्हस्थ उत्पादनमा योगदान छ भन्नेबित्तिकै कृषि क्षेत्रमा गरिबी छ भन्ने अनुमान स्वतः गरिने विषय हो । त्यो उत्पादनभित्र पनि वर्ग छ । भूमिहीन किसान छन्, जसको या जमिन नै छैन, या त छाप्रो बनाउने जमिनमात्रै छ । उता गरिब किसान छन्, भएको जमिनले जीवनयात्रा चल्दैन ।

वर्षको अधिकांश समय अर्काको जमिन जोतेर, ज्याला गरेर वा मजदुरी गरेर छाक टार्नुपर्छ । अर्को मध्यम किसान जसको जमिन छ, खेती आफैं गर्छ, सिजनमा ज्याला लगाएर पनि अर्मपर्म गरे पनि सामान्यतया आफैँ काम गर्छ । अर्को धनी किसान वर्ग छ जोसँग जमिन प्रशस्तै छ, आफू पनि काम गर्छ, अरुलाई पनि बेस्सरी काममा जोत्छ । अर्को सामन्त जमिनदार छ । ऊ आफैं काम गर्दैन । शोषण, दमन गर्छ । ऐसआराम गर्छ । प्रशासनसँग सम्बन्ध गाँस्छ । प्रशासन र राज्य शक्तिको समेत उपयोग गरेर शोषण र दमन गर्छ । जालझेल गर्छ, चर्को ब्याज खान्छ । यस्तै ५ वटा वर्ग गाउँ गाउँमा छन् । यिनैभित्र किसान जनता पर्छन् । यसमा पनि सामन्त, जमिनदार वर्ग

१ प्रतिशतमात्रै छन्, बाँकी ८० प्रतिशत भूमिहीनदेखि धनी किसानसम्मका छन्, यो वर्ग नउठी देश उठ्दैन । यो वर्ग सचेत सङ्गठित, सङ्घर्षशील नभई न सामाजिक न्याय हुन्छ न उत्पादन नै वृद्धि हुन्छ ।

यस्तो स्थितिमा केही त गर्नैपर्छ भनेर मेची महाकालीसम्म किसान जागरण मार्च कार्यक्रम राखेका हौं । यसले किसानका बीच केही मात्रामा भए पनि जागरण पैदा गर्छ । सचेतना र शिक्षा, स्वाभिमान र स्वाधीनता, प्रजातान्त्रिक संस्कार र विकास अभिन्न विषय हुन् । यसका लागि मेची नदी किनारदेखि महाकालीपारिको दोधारासम्मको जागरण मार्चले किसानमा हौसला ल्याउँछ र जागरण मार्चमा हिँड्ने किसान नेता र कार्यकर्तामा अनुभव थपिन्छ । जनताको घर आँगनमा गएर, जनतासँग प्रत्यक्ष भेटघाट गरेर, जनताले दिएको खाएर, जनतासँगै दिनरात बिताएर लगातार ३२ दिनसम्म हिँड्ने कुराले थोरै भए पनि जागरण ल्याउन सक्छ भनेर हामीले यो कार्यक्रम राख्यौं । कार्यक्रम अत्यन्त सफलसाथ सम्पन्न भयो ।

हाम्रो यात्रामा हिँड्ने सम्पूर्ण साथीमा नेकपा (एमाले) प्रतिको आस्था व्यापक भएको पायौं । हाम्रो यात्राको त्यो लामो लस्करलाई स्वागत गर्न बसेका किसान, पुरुष, महिला, युवा र बालक, खेत जोत्दा-जोत्दै, घाँस काट्दा-काट्दै, मेला छाडेर हाम्रो स्वागतमा दौडँदै आए । जनताको माया र विश्वासले पारेको प्रभाव वर्णनीय छ ।

यात्राका क्रममा सामान्यतया हरेक गाउँ विकास समिति प्रवेश गर्दा स्वागतद्वारसहितको भव्य स्वागत गरिन्थ्यो । त्यस गाउँका प्रतिष्ठित, सामाजिक न्याय, उत्पादन वृद्धिका लागि सङ्घर्ष गरेका किसान योद्धामध्येका सबैभन्दा महत्वपूर्ण पाका व्यक्तित्वको सम्मान कार्यक्रम राखिन्थ्यो । त्यो कार्यक्रममा स्थानीय व्यक्तित्वमध्ये कम्तीमा २ जनाले सम्बोधन गरिन्थ्यो । समय हुँदा व्यवस्थिति सभा, नहुँदा कोणसभा यस्तै क्रमसँग अघि बढिरहन्थ्यो । यस्तो सभा चलुन्जेल मेची-महाकाली जागरण यात्रामा सहभागी किसान नेतामध्ये प्रत्येक एक जना स्थानीय किसानसँग स्थानीय समस्या र सुझाव सङ्कलन गर्न कुराकानी गर्नुहुन्थ्यो । एवम् रितले पूर्वतर्फ १ सय ३२ सभा र २५ कोणसभा भए । पूर्वतर्फ ३३७ जनालाई दोसल्ला ओढाएर सम्मान गर्ने





काम भयो । पश्चिमतर्फ लगभग ३ सय जनालाई दोसल्ला ओढाएर सम्मान गर्ने काम भयो ।

यात्राको रुटमा पर्ने, त्यसको छेउछाउमा पर्ने गाविस र उत्तर-दक्षिणबाट आउनुभएका जनसमुदायले अनेक समस्या राख्नुभयो । कयौँले यो समस्या समाधान गर्न दौडाहा टोली भन्ठानेर दर्खास्तका चाङ लिएर पनि आउनुभयो । हाम्रा साथीले हाम्रो उद्देश्य र कार्य सविस्तार बताउनुभएपछि दर्खास्त लिएर आएका किसान झण्डा बोकेर नारा लगाउन थाल्नुहुन्थ्यो । हाम्रो यात्रामा लागेका मुख्य नारा यस प्रकार थिए- “मेची-काली जोड्छौँ, सामन्ती सत्ता तोड्छौँ, तराई पहाड एक हौँ, सम्पूर्ण किसान एक हौँ, क्रान्तिकारी भूमिसुधार लागू गर, बडाल आयोगको प्रतिवेदन लागू गर, जमिन जङ्गल जनताको, जल जडिबुटी जनताको, भूमिहीनलाई जमिन दे, सम्पूर्ण कमैयालाई जमिन दे, अखिल नेपाल किसान सङ्घ जिन्दावाद, नेकपा (एमाले) जिन्दावाद, दमनकारी सत्ता मुर्दावाद” आदि ।

आँखाले नदेख्ने लस्करमा लगातार नारा घन्किरहन्थे । स्थानीय जनता उत्साहित भएर विभिन्न बाजागाजा झाँकीसाथ स्वागत गर्दै सामेल हुँदै जान्थे । अगाडि अगाडि लगातार हिँड्ने ७० वर्षमाथिका वृद्ध किसान नेता थिए । त्यसपछि अनेकिसङ्घको झण्डा, नेकपा (एमाले) को सूर्यध्वजा झण्डा, त्यसपछि मेची महाकाली किसान जागरण मार्चको मूल व्यानर । व्यानरअगाडि किसान सङ्घ र पार्टीका नेता र त्यसपछि स्थानीय जनता । अन्तिममा फेरि किसान सङ्घका जिम्मेवार नेता, जसले सम्पूर्ण पदयात्री कमरेडलाई व्यवस्थित गर्ने कुरामा महत्वपूर्ण भूमिका निभाउनुहुन्थ्यो ।

यसरी मेची-महाकाली यात्रा प्रारम्भ भएको थियो । यात्रामा सहभागी नियमितबाहेकका सम्बन्धित जिल्ला र स्थानीय जनसमुदाय केही घण्टा हिँडेपछि आ-आफ्नो घर वा साथीभाइकोमा जानुहुन्थ्यो । नियमित हिँड्ने जागरण मार्चका कमरेडसमेत लगभग २ सयदेखि ३ सयसम्मका कमरेडलाई खान, बस्न, स्थानीय कमिटी र जनताले व्यवस्था गर्नुहुन्थ्यो । खाना खाँदा सामान्यतया पालो गर्नुपर्दा ६० वर्षमाथिका ३० वर्षमुनिका र महिलालाई प्राथमिकता दिने गरिन्थ्यो । बाँकीलाई त्यसपछि व्यवस्था गरिन्थ्यो । राति सुत्ने ठाउँका लागि ७०

माथिका र महिलालाई अलग्गै व्यवस्था गरिन्थ्यो । त्यसपछि यात्रामा नियमित हिँड्ने साथीका लागि व्यवस्था गरिन्थ्यो । सबैको व्यवस्था भएपछि मात्रै किसान सङ्घका केन्द्रीय कमिटीका साथीको पालो आउँथ्यो । यात्रा अवधिभर किसान सङ्घका अध्यक्ष, उपाध्यक्ष, महासचिवसमेत सम्पूर्ण पदाधिकारी, राष्ट्रिय परिषद्का सदस्य, अञ्चल सदस्य, जिल्ला अध्यक्षसमेत अशक्तबाहेक सबैजना यात्रामा हिँड्नुभएको थियो ।

यात्रा क्रममा प्रत्येक दिन बिहान ४ बजे उठ्ने, ६ बजे नित्यकर्म सक्ने । ६ देखि ८ बजेसम्म हाजिरी, प्रशिक्षण, प्रश्नोत्तर, समस्या अवगत आदि कार्य नियमित हुने गर्थ्यो, लगातार ३२ दिनसम्मको कार्य र प्रत्येक कार्यक्रम अवधिमा स्थानीय किसानसँगको कुराकानीले किसान सङ्घका नेता तथा कार्यकर्तामा नयाँनयाँ अनुभव थपिरहेको थियो । क्षमता वृद्धिमा मद्दत पुगिरहेको थियो । सिङ्गै यात्राभरि यात्रामा हिँड्ने कसैले पनि अरुलाई असर पर्ने गरी कोठामा, पदयात्रा क्रममा धूमपान, खैनी आदि प्रयोग गर्नुभएन ।

कतिपय जनजाति कमरेड सामान्यतया घरमा हल्का मदिरा सेवन गर्ने चलनभित्रका हुनुहुन्थ्यो । उहाँहरूले पनि यात्रा अवधिभरि त्यसको सम्झना पनि गर्नुभएन । यात्राकै क्रममा विभिन्न चाड परे । यात्राकै क्रममा होली पर्‍यो । शहीद दिवस फागुन २१ यात्रामै पर्‍यो । ती सबै दिवस र चाड शालीन, भद्र ढङ्गले यात्रामै मनाइयो । फागुन २१ शहीद दिवसका दिन पूर्वतर्फको रौतहटमा भव्यरुपले मनाइयो । त्यस दिन महिला शहीद हाडसिमा साइँलीका छोरा, रघुधन राईलाई विशेष सम्मान गर्ने कार्यक्रम पनि भयो । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस पर्सा जिल्लामा मनाइयो । अनेकिसङ्घ केन्द्रीय सदस्य उर्मिला अर्यालले यसबारे विशेष प्रवचन पनि दिनुभयो । कतिपय मुस्लिम बस्तीमा विशेष खानासमेत व्यवस्था गरिएको थियो ।

समग्रमा यो किसान जागरण मार्चको रुट पर्ने सबै बस्ती चाड आएजस्तै उत्साहपूर्णरुपले सजाइएका थिए । सबै उमेर, पेशा र वर्गका किसानले किसान सङ्घको स्वर्ण जयन्ती कार्यक्रमलाई आफ्नै चाडका रुपमा मनाइरहेका थिए । यी सबै कारणले लामो यात्राको थकाई, बुङबुङ उडेको धूलो, फोहोरले ढाकिएका गल्ली र वस्ती पाइतालामा





उठेका फोका पनि सहजै सहन सकिने भएको थियो । नेपालको इतिहासमा आजसम्म यस्ता कार्यक्रममध्ये ऐतिहासिक स्थान ओगट्ने यो जागरण मार्च आफैँमा एउटा आन्दोलन थियो । आफैँमा एउटा जागरण अभियान थियो । नेपाल आमाका सबै सन्तानबीचको एकता सौहार्द्धता सद्भावलाई व्यवहारमै साकार पार्ने कार्यक्रम थियो ।

यात्रामा हिँड्ने देशका हिमाली, पहाडी, भित्री मधेश र तराई सबै भेगका साथी हुनुहुन्थ्यो । हिन्दू, मुसलमान, बुद्धिष्ट, क्रिश्चियन सबै धर्मसँग सम्बद्ध व्यक्ति एउटै परिवारका सदस्य भएर व्यवहारमा उत्रनु कम महत्वको कुरा थिएन । ३३ दिनसम्मको यात्रामा आत्मीयता कति बढेछ भने यात्राको समाप्तिको एक दिनअगाडि एक सहयात्री कमरेडले भन्नुभयो- "कार्यक्रम सकिएपछि हामी आ-आफ्नो कार्यक्षेत्रमा जान्छौँ, अब कहिले भेट होला, बिदा हुने बेलामा म हात मिलाएर बिदा हुन सक्तिन, म अलिक भावुक छु ।" यस्तै यस्तै तरिकाले यात्रा सम्पन्न भयो । तर यात्रामा के के देखियो ? यसबारेको अनुभव सिङ्गै देशले थाहा पाउनुपर्छ भन्ने लागेको छ ।

०५७ माघ २९ गते मकालुको बस चढेर हामी काँकडभिट्टा पुग्यौँ । राति कमरेड रामचन्द्र उप्रेतीको घरमा बसियो र फागुन १ गते काँकडभिट्टाको देवकोटा पार्कमा विशाल सभाका साथ मेची-महाकाली किसान जागरण मार्च कार्यक्रमको उद्घाटन किसान सङ्घका केन्द्रीय अध्यक्ष केशव बडालबाट भयो । त्यहाँ नेकपा (एमाले) का केन्द्रीय सदस्य गुरु बराल, देवराज घिमिरे वक्ता हुनुहुन्थ्यो भने अनेकिसङ्घ उपाध्यक्ष देवी बरालको सभापतित्व र कमरेड आरसी लिम्बूले सञ्चालन गर्नुभएको थियो । यो विशाल सभाकै बीच मेची अञ्चलकै सम्मानित व्यक्तित्व ७२ वर्षीय रत्नबहादुर राई र ५८ वर्षीय कर्णबहादुर मगरलाई दोसल्ला ओढाएर सम्मान गर्ने काम भयो ।

झापा जिल्ला नेपालको राजनीतिक इतिहासमा त्याग, तपस्या, बलिदान, जेल, नेल यातनालाई तिरन बराबर नठानी सङ्घर्ष गरेको इतिहास भएको जिल्ला हो । तर त्यहाँ पनि शोषण, उत्पीडन दमन, अभाव र गरिबीले बहुसङ्ख्यक किसानलाई छाडेको रहेनछ । त्यहाँको समस्या बुझ्दा त्यहाँ पनि लगभग १५ हजार परिवार भूमिहीन रहेछन् । कुल परिवारमध्ये २५ प्रतिशतसँग आधा हेक्टरभन्दा कम जमिन छ ।

४५ प्रतिशत जनता अझै पनि निरक्षर छन् । ब्याङ्क र वित्तीय संस्थाबाट ऋण लिन सक्ने केवल १० प्रतिशत जनता मात्रै छन् । ९० प्रतिशत साहू-महाजनको चर्को ब्याजको शोषणमा परेका छन् । बेरोजगारी समस्या विकराल छ । मोही बेदखली व्यापक छ । जाली किर्ते गर्ने र ऐलानीमा युगौंदेखि बसेका जनताको जमिन जालीफटाहाले दर्ता गर्ने र गरिब किसानलाई बिचल्ली बनाउने काम व्यापक छ । सम्पूर्ण कृषकमध्ये सहकारी संस्थासँग गाँसिएर कारोबार गर्ने एक प्रतिशत पनि छैनन् ।

सिञ्चित जमिन १० प्रतिशतभन्दा बढी छैन । देशका अघि बढेका २५ जिल्लामध्येको हालत यस्तो छ भने देशका अन्य भागका किसानको हविगत कस्तो होला ? सहजै अनुमान गर्न सकिन्छ । यस्तो स्थितिका कारण शिक्षित तथा अर्धशिक्षित युवा असन्तुष्ट र विद्रोही मनस्थितिमा छन् । यथास्थितिलाई तोड्नुपर्ने, सामन्ती भू-स्वामित्वको अन्त गर्नुपर्ने, कृषि अर्थतन्त्रको पुनर्गठन गर्नुपर्ने, कृषि क्रान्ति गरेर सामाजिक न्याय र उत्पादन वृद्धिमा नयाँ अभियान सञ्चालन गर्नुपर्ने अवस्था छ । फागुन १ मा देवकोटा पार्कको कार्यक्रममा सम्मानित ७२ वर्षका रत्नकुमार राईले भन्नुभयो- "नेपाली किसान सुतेका बाघ हुन्, मेची महाकाली किसान जागरण मार्चले किसानलाई ब्युँझाउन सकोस्, ब्युँझेपछि किसानलाई शोषण गर्ने स्याललाई ठेगान लगाउन सक्छन् ।" वास्तवमा रत्नकुमार राईको मात्र होइन, त्यहाँ उपस्थित हजारौँ किसानको जोश, जाँगर र उत्साह हेर्दा नेपाली किसान अब विस्तारै जुर्मुराउँदै छन् भन्ने कसैले इन्कार गर्न सक्दैनन् ।

बहुदलीय राजनीतिक व्यवस्था आएको ११ वर्ष भयो । २ वटा पञ्चवर्षीय योजना अवधि सकिन लाग्यो । कृषि विकास, गरिबी निवारण, ग्रामीण विकास जस्ता कोरा योजना पञ्चायतकालमा पनि भनिन्थ्यो । पञ्चायतकालमा शोषणरहित समाज सिर्जना गर्ने भनिन्थ्यो, अहिले गरिबी निवारण गर्ने भनिन्छ तर परिणाम के छ भन्नेबारे अनुगमन कसैले गरेको देखिँदैन ।

नवौँ पञ्चवर्षीय योजनाले विद्यमान भूस्वामित्वको स्थितिमा परिवर्तन गरी सिमान्त तथा स-साना कृषक र भूमिहीन कृषकको स्वामित्वमा जमिनको पहुँच पुऱ्याउने अठोट गरेको थियो । रोजगार सिर्जना गर्ने,





पिछडिएका समुदायका लागि कार्यक्रम, गरिबीको रेखामुनिका जनताको जीवनस्तर उठाउने ठोस कार्यक्रम सञ्चालन गर्ने, पिछडिएका वर्गका समुदायलाई सवल बनाउने, शिक्षा, तालिम, सुलभ ऋण, आदिबारे दर्जनौँ प्रतिबद्धता कागजमा भए पनि तराई जस्तो सुगम ठाउँमा समेत त्यसको अनुभूति हुन सक्ने गरी काम भएको कतै पाइएन । आज पनि भूमिहीन गरिब किसानको हालत उस्तै छ । हुँदाहुँदा कतिपय गाउँ वस्तीमा उत्पीडित जातिका जनतालाई विद्यालयमा छिर्न नदिने अवस्थासमेत हट्न नसकेको प्रमाण पाइएको छ । जमिन भूमिहीनले पाएका छैनन् । न्युनतम ज्याला तोकिए पनि २.५ किलो धानमा काम गर्न विवश छन् । ग्रामीण कृषि सडकको विकासको गति कछुवाकै जस्तो छ । सिचाइ र सडकका बजेटमाथि नै भ्रष्टचार भएको छ । गरिब किसानले ऋण लिनुपर्दा साहू महाजनको चर्को ब्याजकै सहारा लिनुपर्ने बाध्यता छ । आधारभूत तहका श्रमजीवी किसानसँग जमिन छैन । जोसँग केही जमिन छ, सिचाई छैन । जमिन छ, उत्पादनको मूल्य छैन । यो अवस्थालाई तोड्न अब गतिलै धक्का आवश्यक भएको छ ।

वर्तमान अशान्ति, अन्यौल र अस्तव्यस्त तोड्न कठोर कदम आवश्यक छ भन्ने यो मेची महाकाली किसान जागरण मार्चका क्रममा जे देखियो त्यसले झन् प्रमाणित गरेको छ । गरिब तथा भूमिहीन किसान खासगरी पछाडि परेका जाति-जनजाति जनतामा उत्पादनका साधन भूमि, व्यापक शैक्षिक जागरण प्राविधि क्षमता विस्तार गरेर आत्मविश्वास जगाउने कार्य नगरी शान्ति हुँदैन, विकास पनि हुँदैन भन्ने निष्कर्षमा हामी पुगेका छौँ ।

## तराईका किसान र तिनका समस्या

मेची महाकाली किसान जागरण मार्चका क्रममा दक्षिण तराईका गाउँ बस्ती हुँदै हाम्रो यात्राको लस्कर गुज्रियो । पूर्वतर्फको हाम्रो यात्रा कोशी ब्यारेजबाट पश्चिमतर्फ लागेपछि प्रायः दक्षिण तराईका घना बस्तीका बीचैबीच सभा, समारोह र भेला गर्दै स्थानीय किसानका समस्या र सुझाव सङ्कलन गर्दै जाँदा विभिन्न वस्तीमा विभिन्न समस्या अवगत भए । नदी कटानका समस्या, डुवानका समस्या, सिचाइको समस्या, कृषि सडकको समस्या, कृषि बजारका समस्या,

सुलभ ऋणको समस्या, स्कुल, अस्पताल र सरसफाइको समस्या, शान्ति सुरक्षाको समस्या, नागरिकता समस्या जस्ता तमाम समस्याभित्रको सबैभन्दा जटिल र मार्मिक समस्या भूमिहीन तथा छुवाछुतको समस्या भएको पाइयो । यस लेखमा त्यसैको सेरोफेरोमा मानव अधिकार र प्रजातन्त्रको हविगत ती गाउँमा कस्तो रहेछ त्यो पनि हामीले नियालेर हेरौँ ।

तराईका बस्तीमा, डोम, भङ्गी, मरिक, खत्वे, खङ, मण्डल, चमार, राम, महरा, दुसाध, हजरा, पासवान, मुसहर, सदा, माझी वातर, सरदार, ढोकेवा, तत्मा, दाश, झाँगड, हलखोर, कालन्दर, धोबी, बैठा, रजक, पासीलगायत्का जनतालाई "पानी नचल्ने" भन्दा रहेछन् । बढही, ठाकुर, विश्वकर्माको बारेमा पश्चिममा भन्दा फरक रहेछ । तराईका अनेकौं भागमा उक्त जाति जनजातिको बाक्लो बस्ती रहेछ । तिनीहरूमध्ये अधिकांश परिवारसँग आफ्नो जमिन छैन, जीविकाको कुनै उपाय छैन, शिक्षा र स्वास्थ्यसम्बन्धी चेतना पनि छैन । भारतको सीमा क्षेत्रमा बस्ने ती अधिकांश जनताको जीवन बझाङ, बाजुरा, हुम्ला र जुम्लाका विश्वकर्मा, मिजार र परियार आदि उत्पीडित जातिका जनताको भन्दा कुनै मानेमा विकसित देखिएन । शिक्षा, स्वास्थ्य, रोजगारीमा, सरसफाइमा, अन्धविश्वास र रुढिवादमा सबै क्षेत्रमा पछौटेपन पाइयो । अर्को कुरा बहुदलीय व्यवस्था स्थापना भएको १० वर्ष वितिसक्दा पनि नेपाल आमाका सन्तानले आफ्नै देशभित्र देश खोजिरहेका छन् । प्रजातन्त्रमा प्रजातन्त्र खोजिरहेका छन् ।

नागरिकता लिन जिल्ला प्रशासन कार्यालयमा जाँदा- "तपाईं नेपाली भए जमिनको लालपुर्जा त होला नि, तपाईंको नभए तपाईंका बाबु बाजेको त होला नि?" भन्दछन् । सुकुम्बासी समस्या समाधान आयोगमा गएर जमिन प्राप्तिका लागि दर्खास्त दिँदा- "तिम्रो नागरिकता प्रमाणपत्र देखाऊ अनि नाम लेखाउँला" भनेर जवाफ दिन्छन् । यो भनाई  सुनसरीका दशरथ उराउको हो । सिक्किमबाट दार्जलिङ, बर्मा, महाराष्ट्र र तिब्बतबाट आएका धनी सुकिलाले नागरिकता खरिद गरिरहेका छन् । तर युगौंदेखि नेपालमा बसेका सामन्त जमिनदार वर्गले चुस्दाचुस्दा निचोरेको कागतीजस्ता बनाइएका नेपाल आमाका सन्तान भने आफ्नै देशमा विरानो





हुनुपरेको छ । उनीहरूले बास पाएका छैनन् । तर आज पनि उनीहरू नेपाललाई माया गर्छन् । देश भनेपछि हुरुक्कै हुन्छन् ।

सुनसरीको लौकी गाविसका सूर्यनारायण उराउ भन्छन्- "२०११ सालमा कोशी सम्झौता भयो । कोशी ब्यारेज बनाउँदा हाम्रो र हामीजस्ता धेरैको जमिन डुबान र कटानले खाइदियो, हामी भूमिहीन भयौं । हाम्रो केही छैन, हाम्रो कुरा सुनिदिने पनि कोही भएन ।"

चार पटक प्रधान मन्त्री भइसकेका गिरिजाप्रसाद कोइरालाकै क्षेत्रका सैनिदाश उराउ भन्छन्- "कोशी ब्यारेज बनिसकेपछि बचेको जमिनमा बस्नेले पनि सुख पाएका छैनन् । उनीहरूलाई कोशी टप्पु आरक्षण केन्द्रका जङ्गली जनावरले सताउँछ ।" उनी समस्या सुनाउँदै भन्छन्- "हामी विस्थापित भएको ४० वर्ष भयो । कोशी ब्यारेज बनेर अरुको विकास भयो होला तर हाम्रो विनाश भयो । हामी भूमिहीन भयौं । जसको जमिन छ उनीहरू पनि कोही डुबानमा परे, कोही सिचाई नभएर सुख्खाको सामना गर्दैछन् । सुरक्षा छैन, शान्ति छैन, चुनाव आउँछ भोट हाल्न पाइँदैन, यस्तै छ ।"

मेची नदी किनारबाट लगातारको पदयात्राको नवौं दिन सप्तरीका विभिन्न गाउँ बस्ती हुँदै हाम्रो यात्रा गमरिया प्रवाह गाविसमा पुग्यो । जहाँ एक सभा आयोजना गरी १०५ वर्षीय रामकृष्ण सिंह भौरलाई दोसल्ला ओढाएर सम्मानित गरिएको थियो । स्थानीय र यात्रामा हिँड्ने साथीले बोलिसकेर सभा विसर्जन गरिसक्ने समयमा सम्मानित व्यक्तित्व रामकृष्ण सिंहले आफूले केही बोल्न चाहेको बताउनुभएपछि हामी हर्षविभोर भयौं । जीवनमा पहिलोपल्ट १०५ वर्ष उमेर पुगेका मान्छेको माइक्रोफोनमा बोलेको स्वर सुन्ने मौका मिल्यो भनेर सबै जना खुसी हुनुभयो । उहाँले भन्नुभयो- "२००९ सालदेखि २०१३ सालसम्म मसमेत हाम्रा साथीहरूले किसान हितका लागि सङ्घर्ष गरेका थियौं । धेरै जनाले जेलनेल भोगेका थियौं । पुलिसको दमन सहेका थियौं तर लगातार आन्दोलन लैजान सकेनौं । काम अधुरै रह्यो । अहिले देशभरिका किसान नेता मेची काली यात्रामा हिँडेको देखेर म अत्यन्त खुशी भएको छु ।" यति भन्दाभन्दै उनका आँखाबाट आँसुका धारा झरे । गला अवरुद्ध भयो । हाम्रो यात्राका अधिकांश साथीहरू खासगरी महिला साथी बढी भावुक हुनुभयो । मेची काली

मार्चको सहयात्री पार्वती दुलालले हातमा भएको माला कृष्ण सिंहको गलामा लगाइदिनुभयो । वातावरण पूरै भावुक भयो ।

“हामी काम गरेर खाने किसानको जात र क्षेत्र होइन, वर्ग हुन्छ । आज म खुशी छु, हिमाल, पहाड र तराईका जिल्लाका असङ्ख्य किसान र किसान नेता एक भएर किसान हकका लागि आन्दोलनमा लाग्नुभएको छ । मैले यस्तो दिन देख्न पाएँ । तपाईंहरू सफल हुनुहोस् । मेरो यही आशिर्वाद छ ।” अड्की अड्कीकन बोलेका उहाँका एक-एक शब्दबाट हाम्रो यात्राका साथीहरू प्रभावित हुनुभयो । राष्ट्रियता, राष्ट्रिय एकता, सामन्ती भूस्वामित्वको अन्त्यका लागि र किसानको मुक्तिका लागि सबै श्रमजीवी किसान एक हुनुपर्छ । जातीयता, क्षेत्रीयता र साम्प्रदायिक सद्भाव खल्बल्याउने कुराले किसानको हित हुँदैन भन्ने सन्देश कृष्णसिंह भौरको थियो ।

फेरि जोशिला नारा लगाउँदै हाम्रो यात्रा अघि बढ्यो । बाटाका दायाबाँया उभिएर फूलमाला अबिर लिएर स्वागत गर्ने जनसमुदायको घुइँचोले पदयात्रामा हिँडेका साथीमा ऊर्जा थप्दै जान्थ्यो । गाउँ गाउँ र बस्ती बस्तीबाट गुज्रँदै गएको मेची-महाकाली किसान जागरण मार्चले साँच्चै नै किसानबीच नयाँ उत्साह, जाँगर र जागरण पैदा गरिरहेको थियो । “सम्पूर्ण किसान एक हौँ, जमिन जङ्गल जनताको” जस्ता नारा घन्काउँदै यात्रा अघि बढिरहेको थियो ।

फागुन १८ गते हामी सर्लाहीको कौडेना गाविसमा पुग्यौँ । त्यहाँ कार्यक्रम सकेपछि मैले केही स्थानीय किसानसँग कुराकानी गरेको थिएँ । मेथरुलाललाई सोधिएका प्रश्नको जवाफ दिँदै उनी भन्छन्- “मेरो टोलमा ६ सय घर छन् । सबै गरिब किसान छौँ । मेरो ४ कट्ठा जग्गा छ । अरु कसैको छँदै छैन, कसैको २/४ कट्ठा छ । सधैँ ज्याला गरेर खान्छौँ । यहाँ न्युनतम ज्याला लागू भएको छैन । दैनिक ४ किलो धानमा ११ घण्टा काम गर्छौं । ऋण सापट ब्याङ्कबाट पाइँदैन, छोराछोरी पढाएको छैन । साहूले महिनाको ५ प्रतिशत ब्याज लिन्छ । बिरामी पर्दा अस्पताल जानसक्ने स्थिति छैन । केही केटा पञ्जाव हरियाणामा खेतमा काम गर्न गएका छन् ।”





कौडना गाविसकै श्रीमती रामपतिदेवी धानुकसँग पनि कुराकानी गर्‍यौँ । उनको भनाई यस्तो थियो- “छोराछोरी पढाएको छैन । जग्गा जमिन छैन । एउटा छाप्रो थियो । २०५१ मा त्यो पनि रामदत्ता चौधरी र मोजे चौधरीले उजाडिदिए । गरिबको पार्टी भनेको हुनाले २०५१ को आम चुनावमा सुरज छापको प्रचार गरेकी थिएँ । त्यै झोँकमा मेरो घरै उजाडिदिए । गाविस अध्यक्षकोमा उजुरी दिए पनि केही सुनेनन् । हामी गरिबलाई बाँच्नै गाह्रो भएको छ । केट्लीमा चिया बेचेर ज्यान बचाइरहेकी छु ।” यस्तै हाल इनरवा गाविसकी श्रीमती गङ्गादेवी धानुकको पनि छ । तराईको दक्षिण भागका गाउँ बस्ती जहाँ सिचाई, सडक, विद्युत् र विद्यालय सुविधा छ, त्यहाँ अलि जीवनस्तर उठेको छ । अन्यथा तराईको दक्षिण भेगका बस्तीमा प्रजातन्त्र पुगेको छैन । मानवाधिकार कुण्ठित भएको छ । शोषण व्यापक छ । भूमिहीन किसानको सङ्ख्या १४ देखि २५ प्रतिशतसम्म छ । शिक्षामा ध्यानै गएको छैन । खासगरी उत्पीडित जाति र भूमिहीन किसान परिवारका बालक स्कुल जाँदैनन् ।

यस भेगमा भूमिहीन र गरिब किसानले आधा जनसङ्ख्या ढाकेको छ । उनीहरूका समस्या, कथा र व्यथा अनेक छन् । तर जमिन हुने पनि सुखी र खुसी देखिँदैनन् । सर्लाही जिल्ला छोटवाल गाविसका नारायण रायसँग कुराकानी भयो । उनी यहाँका धनी किसान रहेछन् । उनको १५ विघा नम्बरी र १९ विघा ऐलानी जमिन रहेछ । प्रतिविघा २० मन धान फलाउँदा रहेछन् । यति धेरै जमिन भएका नारायण राय पनि खुसी छैनन् । खेतीमा जति लगानी हुन्छ त्यो पनि उठ्दैन । म आफैँ जोत्छु । खेती गर्छु, आफ्ना ज्यालामा काम पनि लगाउँछु । जमिन धरौटी राखेर ऋण लिन जाँदा दिँदैनन् । सिचाई छैन । चोरी डकैती लागेर हैरान हुन्छ । गोरु, भैँसीसमेत चोरिन्छ । धानको भाउ लागत पनि नउठ्ने छ । राम्रो सिचाई सडक, बिजुली सुविधा हुने हो भने २/३ विघा जमिनले पनि खान पुग्छ । हाम्रो भने हालत राम्रो छैन । भ्रष्टाचार गर्ने, नक्कली मालको व्यापार गर्ने, ब्याजमा लगानी गर्नेहरूको मात्रै बोलावाला छ । प्रशासन पनि उसकै पक्षमा उभिने गर्छ- नारायण राय थप्छन् ।

बहुदलीय व्यवस्था स्थापना भएको पनि ११ वर्ष भयो । दुईवटा पञ्चवर्षीय योजना अवधि पनि बित्न लागिसक्यो । नवौँ योजनाले भनेको छ- "भूमि नै देशको प्रमुख उत्पादनको स्रोत भएकाले भूमि व्यवस्थामा सुधार नल्याई कृषि उत्पादनमा वृद्धि र गरिबी निवारण गर्ने कार्य अधुरो रहन्छ । दीर्घकालीन कृषि योजनाले पनि यो समस्या समाधानका लागि भूस्वामित्व र जोत प्रणालीमा सुधार गरी उत्पादकत्व वृद्धिद्वारा आर्थिक वृद्धिमा तीव्रता ल्याउन अनुकूल स्थिति बनाउनुपर्ने सुझाव दिएको छ ।

देशको कूल कृषि भूमि करिब २६ लाख हेक्टर छ । राष्ट्रिय जोतको औसत आकार ०.९ हेक्टर अर्थात् १८.६ रोपनी छ । १ हेक्टरभन्दा कम जमिन हुने किसानको सङ्ख्या ७० प्रतिशत छ । यसमध्ये ४४ प्रतिशतसँग ०.५ हेक्टर अर्थात् १० रोपनीभन्दा घटी छ । जमिन हुनेसँग खेती गर्ने सिप छैन । सिप हुनेसँग काम गर्ने जमिन छैन । यस स्थितिले राष्ट्रिय उत्पादकत्व वृद्धिमा नै असर गरिरहेको छ । तसर्थ खेती गर्ने सिप हुनेहरूको पहुँचमा खेती भूमि आउन सक्ने अवस्था सिर्जना गरिनु जरुरी छ । भूमि व्यवस्थामा सुधारका लागि प्रभावकारी भूमिसुधार कार्यक्रम आवश्यक पर्ने र भूमिसुधार कार्यक्रमका साथै कृषि विकास तथा उत्पादन वृद्धिका लागि सहयोगात्मक सेवा पनि पुऱ्याउनुपर्छ । (नवौँ योजना पृष्ठ २६१ बाट) लगभग आधा जनसङ्ख्या या भूमिहीन किसान छन् । या त सिमान्त किसानका रुपमा छन् । उत्पादनका लागि सशक्त क्षमता भएका गरिब किसान तथा भूमिहीन किसान परिवारका लाखौँ युवा बेरोजगार छन् । सुनसरीदेखि पर्सासम्मका दक्षिणी तराई भेगबाट मात्रै लगभग ३ लाख कृषि श्रमिक पञ्जाव, हरियाणालगायत्का भारतीय खेतखलीहानमा काम गर्न जान्छन् । यहाँ जमिन हुनेहरूको जमिन पर्याप्त उपयोग हुन पाएको छैन । कयौँ जमिन अर्ध बाँझो वा बाँझो छ । कृषि पेशामा भएका मध्यम किसान र धनी किसान परिवार पनि सन्तुष्ट छैनन् । निराश र दिक्दार छन् । कृषि पेशाबाट भविष्य नबन्ने निष्कर्ष निकाल्दै वैकल्पिक पेशाको तलासमा लागेका छन् । जमिन जेथा भएको पनि पुलिस प्रशासनको बलमा शोषण उत्पीडन गर्ने जाली फटाहाबाहेक अरु कोही सन्तुष्ट छैनन् ।





यस्तो स्थिति तोड्न सम्पूर्ण भूमिहीन किसान र गरिब किसानमा जमिनको पहुँच पुऱ्याउने, मोही बेदखली तुरुन्त रोक्ने, सुलभ ऋणको व्यवस्था गर्ने, सिचाई, कृषि, सडक, कृषि सहकारी, कृषि उद्योग स्थापना गर्ने, रोजगार सुहाउँदो तालिमको व्यवस्था र युद्धस्तरमा शैक्षिक जागरण नल्याइकन कुनै समस्या समाधान हुन नसक्ने कुरा यो यात्राका क्रममा देखिएका जानकारी प्राप्त भएका र सुनिएका घटनाले प्रष्ट गरेको छ ।

एक्काइसौँ शताब्दीमा आएर पनि छुवाछुतको बहानामा लाखौं नागरिक अपमानित भएर बस्नुपरेको छ । एक टुक्रा जमिनका लागि गिडगिडाउनुपरेको छ । दिनको ३ किलो धानमा ११ घण्टा काम गर्नुपरेको छ । ऋण लिँदा चार गुणा बढीको कागत गरेर चर्को ब्याज तिर्न विवश हुनुपरेको छ । सिचाई, सडक र विद्युत्का लागि गिडगिडाउनुपरेको छ । यो स्थिति तोड्न अखिल नेपाल किसान सङ्घले अघि सारेका ३८ सूत्रीय माग पूरा गर्नेबाहेक विकल्प बाँकी छैन । यसका लागि सामाजिक न्याय र उत्पादन वृद्धिका पक्षमा हुने सम्पूर्ण नेपाली एक भएर अघि बढ्न नसके स्थितिले विकराल रुप लिने देखिन्छ ।

## रौतहट : आन्दोलनको अर्को नाम

समाज सामाजिक भइसकेको छैन । सिङ्गो नेपाल सिङ्गै नेपालीको भइसकेको छैन । धेरैका प्रतिनिधिले थोरैमाथि शासन गर्ने परिपाटी स्थापित भएको छैन । समूहले उत्पादन गर्ने र समूहले नै उपभोग गर्ने समाज स्थापित भइसकेको छैन । प्रजातन्त्रमा प्रजातन्त्र खोज्नु परिरहेको छ । आफ्नै देशमा देश खोज्नुपर्ने स्थिति कायमै छ । बहुसङ्ख्यक श्रमजीवी किसानका समस्या समाधान भएको छैन । वर्ष बिते, दशक बिते, शोषणको रुप फेरिएको छ तर सार फेरिएको छैन । ५० वर्षपहिले रौतहटको गौरमा लगाइएका नारा, उठाइएका माग अहिले पनि पूरै फेरिएका छैनन् । रौतहट जिल्ला किसान आन्दोलनको किल्ला हो । २०११ सालको जेठ महिनाको टण्टलापुर घाममा सर्लाही, बारा र रौतहटका हजारौँ किसानले विशाल ऱ्याली आयोजना गरेका थिए । त्यो ऱ्यालीमा लागेका नारा यस्ता थिए-

"जाली तमसुक रद्द गर"

"पुरानो ऋण रद्द गर"
"हनौरी जनौरी रद्द गर"
"जाली फटाहालाई दण्ड देऊ"
"किसानको वारेन्ट रद्द गर"
"मनको पसेरी ब्याज लागू गर"
"मोहियानी हक कायम गर"
"दैनिक ज्याला ४ सेर कायम गर"
"जमिन कसको ? जोत्नेको"
"कम्युनिष्ट पार्टीमाथिको प्रतिबन्ध फुकुवा गर" आदि ।

यिनै नाराका साथ सडकमा उत्रेका किसानले सामन्तको जाली तमसुक च्यातेका थिए । "रे" भन्नेलाई जी भन्न लगाए, प्रहरी प्रशासन र बडाहाकिमको बलमा धाक लगाउने सामन्तलाई, दशको हजार बनाउने जाली तमसुक किसानलाई बुझाउन ल्याउन बाध्य पार्ने कामसमेत भयो । हिंसाबाट होइन, बन्दूकको बलबाट होइन, हजारौँ हली-गोठाला, खेताला, मोही, गरिब किसान, भूमिहीन किसान र आम श्रमजीवी किसान सम्मिलित हजारौँको जुलुस र जुझारु सङ्गठनको बलले जनताको माग अघि सारेका थिए । वास्तविक आन्दोलन किसानको आन्दोलनबाट आफूलाई स्थापित गर्ने जिल्ला रौतहट हो । रौतहटको गौरवमयी आन्दोलनको इतिहास स्वर्णाक्षरमा लेखिएको छ र लेखिनुपर्छ, तर त्यसको निरन्तरता रहन भने सकेन । सामन्तवादको जगको गरुङ्गो ढुङ्गाका रुपमा रहेको गाउँका सामन्त तथा जाली-फटाहालाई नियन्त्रण गर्ने र शोषणरहित मुक्त समाज निर्माण गर्ने कार्यमा २०१३ सालपछि क्रमशः शिथिलता आयो ।

आज पनि गाउँमा जाली-फटाहा, शोषक र सामन्तको थिचोमिचो कायम छ । कम ज्याला, चर्को ब्याज, सुकिब्याज, झुटा मुद्दा, चुनावमा धाँधली र हत्या हिंसा कायमै छ । यसविरुद्ध सङ्घर्षशील परम्पराको ठाउँमा भनसुनवादी कार्यशैली विकास भएको छ । संसारका कुनै पनि देशमा, कुनै पनि जिल्ला वा गाउँमा भनसुनवादी कार्यशैलीबाट युगौंदेखि जरा गाडेर बसेको सामन्तवाद समाप्त भएको





छैन र हुँदैन पनि । त्यसविरुद्ध सङ्घर्षशील कार्यशैली अपनाउनु जरुरी छ ।

नेपाल कम्युनिष्ट पार्टी, अखिल नेपाल किसान सङ्घ र किसान आन्दोलन अभिन्न विषय हुन् । बारा, पर्सा, रौतहट र सर्लाहीको किसान आन्दोलन नेपालमा अत्यन्त ऐतिहासिक महत्व राख्ने विषय हुन् । अखिल नेपाल किसान सङ्घ २००८ साल वैशाख १७ गते स्थापना भएको थियो । २०५७ सालमा किसान सङ्घ स्थापनाको ५० वर्ष भएकाले किसान आन्दोलनको गौरवगाथालाई चिरस्थायी राख्न राष्ट्रव्यापीरुपमा स्वर्ण जयन्ती समारोह मनाउने निर्णय हामीले गरेका थियौँ । वर्षभर अनेक कार्यक्रम आयोजना गरी मनाउने निर्णयअनुरुप पाँचै विकास क्षेत्रमा किसान शहीदको शालिक तथा स्मारक निर्माण गर्ने र मेचीदेखि महाकालीसम्मको पैदल किसान मार्च अभियान सञ्चालन गर्ने योजना अत्यन्त महत्वाकाङ्क्षी योजना थियो । शालिक निर्माणबाहेकको अर्को महत्वपूर्ण कार्यक्रममा मेची महाकाली किसान जागरण मार्च र रौतहट जिल्लाको भूमिकाबारे यहाँ केही चर्चा गर्न उपयुक्त हुन आउँछ ।

मेची काली किसान जागरण मार्चको विशेषता के थियो भने सबै जाति, सबै भाषी, सबै धर्म, सबै संस्कृति र सबै उमेरका किसानको यस मार्चमा सहभागिता थियो । सतहत्तर वर्षका बहुजन यादव, ७९ वर्ष उमेरका टलकबहादुर रिमाल, ७१ वर्षका चैतु चौधरीलगायत्का व्यक्तिसमेत मार्चमा हुनुहुन्थ्यो । लगातार ३२ दिनको पैदलयात्रामा ७० वर्षभन्दा माथिका दर्जनौँ व्यक्ति हुनुहुन्थ्यो । यात्रा जनताको घना बस्ती केन्द्रित थियो । तराईंको राजमार्गमा जङ्गल पर्ने ठाउँपट्टि नगएर दक्षिण तराईको घनाबस्ती बीचबाट यात्रा गरिएको थियो । यो यात्राको सबैभन्दा मूल्यवान् र सन्तोषको विषय भनेको राष्ट्रिय एकता, राष्ट्रिय भावना, पारस्परिक स्नेह र विश्वासको वातावरण यसले सिर्जना गरेको थियो । हिल्सा, मुस्ताङ, लामोबगर, ओलाङचुङगोलादेखि लिएर दोधारा, चाँदनी, सुस्ता, महेसपुर, केचनासम्मका किसान एउटै महान् यात्रामा थिए । यादव, तेली, मुसहर, डोम, राई, लिम्बू, गुरुङ, मगर, तामाङ कुमाल नेवार, ठकुरी, सुनार, विश्वकर्मा, हलखोर, खत्वे, चौधरी, बोटे, शेर्पा, थामी, जिरेल, दनवार, माझी, ब्राह्मण, क्षेत्री सबै

सँगसँगै हिँडिएको थियो । हिन्दू, मुस्लिम, क्रिश्चियन, बुद्धिष्ट सबै धर्मका किसान सँगै हिँड्ने, सँगै खाने र सँगै बस्ने यो कार्यक्रमले सबैलाई भावविभोर पारेको थियो । तराईको सम्म ठाउँमा त सुखैसुख होला भनी ठान्ने हिमाली भेगका कमरेड तराईका भूमिहीन गरिब किसानका वस्ती मुसहर, डोम, चमार, हलखोर, सतार, वस्तीबाट हिँड्दै गर्दा त्यहाँको दुःख र पीडा आफ्नै आँखाले हेर्दा पारस्परिक दुःखसुख साटासाट गर्दाको भावपूर्ण वार्ता र छलफलको क्षण सिङ्गै नेपाल एउटै ठाउँमा समेटिएको भान हुन्थ्यो ।

यात्रामा २००७ सालदेखिका किसान हकअधिकार र इज्जतका लागि योगदान गर्ने किसानलाई दोसल्ला ओढाएर सम्मान गर्ने काम भएको थियो । किसानको आय वृद्धिका लागि नयाँ नयाँ बिउ विजन र प्रविधि उपलब्ध गराएर उत्पादकत्व वृद्धिमा योगदान गर्नेहरूलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । यसरी यात्रामा हरेक एक घण्टाको यात्रापछि सभा, सडक किनारमा फूलमाला अवीर र करतल ध्वनिको स्वागत, किसान हकहित र एकताको पक्षमा नारा आदिले सिङ्गै तराई तरङ्गित भएको थियो । त्यहाँ तराई र पहाडका जनताबीच कुनै भेदभावको गन्ध थिएन । पहाडका जनतामा राष्ट्रिय भावना बढी हुन्छ भन्ने भ्रममा परेका केही पहाडका साथी भारतीय सीमा नजिक बस्ने तराईका किसान जनताको राष्ट्रिय भावना देखेर भावविह्वल हुनुभएको थियो । तराईमा रहेका किसान जनताप्रति पहाडका मान्छेको आदरभाव छैन भन्ने भ्रम नामेट भएको थियो । तराई र पहाड सबैतिर अधिकांश जनता श्रमजीवी छन् । थोरै सङ्ख्यामा शोषक र जाली-फटाहा छन् । सबैतिर एउटै पीडा व्यथा भावना र चाहना छ । तराई पहाडबारे भेदभाव देखाएर ठग्न पल्केका केही सामन्त मात्रै हुन्, जाली फटाहा मात्रै हुन् भन्ने भावना यात्राभरिको अनुभव लिएर लगातारको हिँडाईपछि फागुन २० गते दिउसो हामी १० बजे बागमती नदी तरेर रौतहट जिल्लाको वसतपुर गाविसतर्फ प्रवेश गऱ्यौँ ।

सयौँको सङ्ख्यामा हातमा फूलका गुच्छा र माला लिएर उभिनुभएका नारायणी अञ्चलका पार्टीका नेता, स्थानिय निकायका नेता, जनसङ्गठनका नेता, विभिन्न पेशा व्यवसायका भद्र महिला तथा





पुरुषको त्यो भव्य स्वागतले लामो यात्राबाट आएका हामीबीच किसान मार्चका यात्राको थकाई हराएजस्तो भएको थियो । वसतपुर माध्यमिक विद्यालयका प्रधानाध्यापक कासीकान्त झा आफ्नो विद्यालयको प्राङ्गणमा स्वागत गर्न पाएकोमा नारायणी अञ्चलका एमाले नेता तथा कार्यकर्ताजत्तिकै हर्षित देखिनुहुन्थ्यो ।

त्याली अघि बढ्दै जाँदा प्रत्येक अञ्चल र जिल्ला परिवर्तनसँगै अञ्चल र जिल्लाको किसान सङ्घ तथा पार्टी नेताले जिम्मेवारी हस्तान्तरण-ग्रहण गर्ने गर्नुहुन्थ्यो । यस क्रममा कमरेड ज्ञानबहादुर भुजेलले कमरेड रामकुमार भट्टराईलाई, गणेश नेपालीले पिताम्बर पौडेललाई, केशव ढुङ्गानाले हरि घिमिरेलाई, राजकुमार उप्रेतीले ताहिर अन्सारीलाई झण्डा तथा जिम्मेवारी हस्तान्तरण गर्नुभयो । जनकपुर अञ्चलभरिको यात्राको अनुभव बताउँदै नारायणी अञ्चलका कमरेडलाई हस्तान्तरण गर्ने काम भयो । नारायणीबाट कमरेड केदार न्यौपाने, क. डोरमणि पौडेल, क. नगेन्द्र चौधरी र क. पुरुषोत्तम पौडेल आउनुभएको थियो । सोही बेला रौतहटका किसान आन्दोलनका पुराना हस्तीलाई सम्मान गर्ने कार्यक्रम थियो । यसरी सम्मानित हुने कमरेड निम्नलिखित हुनुहुन्छ :

| नाम | वर्ष | ठेगाना |
|---|---|---|
| क. जीतन वैठा | ७५ | वसतपुर गाविस |
| क. जदु महतो | ७५ | हजमिनियाँ |
| क. ब्रह्मदेव राउत | ७० | वसन्तपट्टी |
| क. मुन्नीलाल साह | ७० | वसन्तपट्टी |
| क. बेचन राउत | ७१ | हजमिनियाँ |
| क. हतिम खाँ | ७० | पिपरिया |
| क. लखन महतो | ७० | पिपरिया |
| क. अब्दुल जब्बर | ७० | राजपुर |
| क. रामशिवराय यादव | ७० | झुनखुनुवा |
| क. मालेवीअब्दुल जब्बर | ७० | राजपुर |
| क. छठु रावत | ८४ | वसतपुर |
| क. श्रीनाथ झा | ९० | वसतपुर |

| | | |
|---|---|---|
| क. गेना साह | ९५ | वसतपुर |
| क. लक्ष्मी महरा | ७५ | वसतपुर |
| क. दलरोगाराम चमार | ८० | वसतपुर |
| क. मिलन बैठा | ८५ | वसतपुर |
| क. रामआशीष यादव | ६० | झुनखुनुवा |
| क. हविंश मिश्र | | समपुर्वा |
| क. झगरुराम | | समपुर्वा |
| क. शेषसौकत अलि | | पिपरिया |
| क. मटुक दाश | | सर्मुजुवा |

सम्मानित व्यक्तिहरू नेपालको किसान आन्दोलनमा खासगरी २००८ देखि २०१३ सालसम्मको पर्सा सिरहासम्मको किसान आन्दोलन र हालसम्मको आन्दोलनमा आफ्नो बुद्धि वर्कत, सिप र क्षमतालाई समर्पण गर्नेहरू नै हुनुहुन्छ । उहाँहरूप्रति म हार्दिक सम्मान व्यक्त गर्दछु । उहाँहरूको अभिवादन गर्दछु । उहाँहरूको अभियान टुङ्गिएको छैन । देशमा अहिले पनि अर्धसामन्ती र अर्धऔपनिवेशिक स्थिति कायम छ । त्यसका विरुद्ध सशक्त किसान आन्दोलन अझै उठ्न जरुरी छ । संयोगले नै भनौँ, मेची महाकाली किसान जागरण मार्चका क्रममा फागुन २१ गते शहीद दिवसको दिनको यात्रा रौतहटमा नै पर्‍यो । हाम्रो यात्राकै क्रममा शहीद दिवस मनाउने कार्यक्रम थियो ।

सरमुजुवा गाविसको सुरमुजुवा नि.मा.वि.मा शहीद दिवस आयोजना गरियो । कमरेड पिताम्बर पौडेलको सञ्चालन, जयचन्द्र पटेलको स्वागत र कमरेड ताहिर अन्सारीको सभापतित्वमा भएको शहीद दिवस समारोहमा हाम्रो मेची काली किसान मार्चका सहयात्री (शहीद क. हाङसिमा साइँली अर्थात् श्रीमाया राईका छोरा) क. रघुधन राईलाई विशेष सम्मान कार्यक्रम रौतहटका कमरेडले राख्नुभयो । उक्त भावपूर्ण र भव्य समारोहमा क. वंशिधर मिश्र, क. रामकुमार भट्टराई, आर.सी. तुम्बा, देवी बराल, हरि घिमिरेसमेत म केशव बडाल आफैँले पनि सम्बोधन गरेका थियौँ ।

मेचीदेखि महाकालीसम्मको यो अभियानमा लगभग २० लाख जनता सामेल भएका थिए । त्यसमध्ये रौतहटको यात्रा दूरी सबैभन्दा थोरै





परेको भए तापनि जति दूरी पार गर्नुपर्ने थियो त्यो अत्यन्तै हार्दिक, स्मरणीय र महत्वपूर्ण रहेको थियो । मसँग आज पनि रौतहटका कमरेडहरूका स्नेह, माया र रोमाञ्चक स्वागत सहभागिताबाट प्राप्त ऊर्जाको सम्झना ताजै छ । अविस्मरणीय छ । उहाँहरूप्रति सम्मान गर्दै, जुनसुकैखालको निरङ्कुशता, एकदलीयताका विरुद्ध प्रजातन्त्र र शान्तिका पक्षमा जुधिरहनुहुनेछ, सामन्तवाद र साम्राज्यवादका विरुद्ध जुधिरहनुहुनेछ भन्ने आशासमेत गर्दछु ।

## पिछडिएको समुदायमा केन्द्रित किसान जागरण अभियान

*भर्खरै यहाँहरूले सम्पन्न गर्नुभएको मेची-महाकाली किसान जागरण मार्चका उपलब्धि के-कस्ता रहे ? मार्चको आयोजक अखिल नेपाल किसान सङ्घको अध्यक्षका हैसियतले उपलब्धिलाई कसरी उल्लेख गर्नुहुन्छ ?*

- मेची महाकाली किसान जागरण मार्च अखिल नेपाल किसान सङ्घको स्वर्ण जयन्ती समारोहको अवसर र उपलक्ष्यमा हामीले नेपाली किसानको घर-आङ्गनमा पुग्ने उद्देश्यका साथ आयोजना गरेको कुरा प्रष्ट्याइसकेका छौँ । अनेकिसङ्घलाई जनताको बीचमा स्थापित गर्ने, सङ्घले अघि सारेका ३८ सूत्रीय माग पूरा गराउनका निम्ति जनता जागरुक र आन्दोलित हुनुपर्ने आवश्यकताबोध गराउने, जनताका वास्तविक समस्याको वास्तविकता र समाधानका उपाय सम्बन्धमा जनताको भनाई सुन्नेसमेत उद्देश्य राखेर हामीले यो खालको अलिक कष्टकर र लामो यात्रा तय गर्‍यौँ । समग्रमा भन्नुपर्दा मेची महाकाली किसान जागरण मार्च तराईको अधिकांश दक्षिणी क्षेत्र, जहाँ प्रायः राजनीति र जागरणमूलक गतिविधि कम हुने घनाबस्ती छ । त्यो अत्यन्तै महत्वपूर्ण क्षेत्रबाट आफ्नो यात्रा तय गर्‍यौँ । त्यसबाट धेरै महत्वपूर्ण, अनुभव बटुल्ने, सुझाव सङ्कलन गर्ने र समस्या नजिकबाट पहिचान गर्ने कुरामा हामीले अत्यन्तै महत्वपूर्ण सफलता हासिल गरेका छौँ ।

*तपाईंहरूले उठाउँदै आउनुभएका समस्याभन्दा फरकखाले कुनै समस्या पनि पाउनुभयो ?*

- आमरुपमा अनेकिसङ्घले अघि सारेका ३८ सूत्रीय माग पूरा हुने हो भने अहिले हामीले देखेका र भोगेका समस्या हल हुन्छ । तर कतिपय विषयमा हामीले समस्याको जुन मात्रामा अनुमान गरेका थियौं, त्यसभन्दा ज्यादै फरक स्थिति पनि देख्यौँ । खासगरी तराई क्षेत्रका जनताले उकालो-ओरालो हिँड्नु नपर्ने हुँदा जुनरुपमा सहज जीवनस्तर र सुगमताको अनुमान गरेका थियौं, हाम्रो त्यो अनुमान मिलेन । यो मार्चमा किसान सङ्घका सम्पूर्ण नेता, केन्द्रीय कमिटीका सदस्य र जिल्ला अध्यक्ष सबैजसो सहभागी हुनुहुन्थ्यो ।

  उहाँहरूले एकदमै नजिकबाट तराईंका पाँच सातवटा समस्यालाई चिनाउने काम गर्नुभएको छ । जसमा सबभन्दा ठूलो भूमिहीनताको समस्या छ । खासगरी असाध्यै पिछडिएका जाति, जनजाति जस्तो दुसाध, चमार, डोम, मलाहा, केवट, धानुक, राजवंशी, मेचे, दराई, डुम, झगी, खत्वे मण्डल, महरा, हजरा, पासवान, माझी, बाँतर, सरदार, ढोकेवा, तत्मा, दास, झाँगड, हलखोर, धोवी, बैठा र पासवानलगायत्का बस्ती बस्तीबाट हाम्रो मार्च हिँड्यो । हाम्रा धेरै साथी त्यहाँको दुःख र कष्ट देखेर भावुक हुनुभयो, उहाँहरुका आँखामा आँसु पनि टल्पलाए । ती बासिन्दाको आफ्नो नाममा भूमि त छैन नै, सानो भकारी जत्रो छाप्रो छ । दिशा-पिसाब गर्ने ठाउँसमेत छैन र शौचालय बनाउने जग्गा पनि छैन । बाटोमा ज्यादै फोहोर छ । उनीहरूका निम्ति फोहोर फाल्ने कहीं कतै ठाउँ छैन । मान्छेले एकदमै घृणा गर्ने, विद्यालयमा भर्ना नगर्ने, भर्ना भएको विद्यार्थीलाई पनि अपमान र अवहेलना गरेर पढ्नै नसक्ने अवस्थामा पुऱ्याउने, जसले गर्दा अझै दशकौंसम्म अशिक्षा र पछौंटेपनको समस्या रहने स्थिति देखियो ।





*तपाईंहरू मुख्य मुख्य समस्याको कुरा गर्नुहोस् न ?*

- आमरुपमा अशिक्षा चरम मात्रामा छ । अलिअलि जग्गा जमिन भएका गरिब किसान पनि शिक्षामा ज्यादै पछाडि रहेको पाइयो । सरसफाईको क्षेत्रमा असाध्यै कमजोर अवस्था छ । जसका कारण स्वास्थ्यको स्थिति ज्यादै बिग्रँदो र गए/गुज्रेको छ । उपचारको पुरानो र रुढीवादी प्रचलन व्याप्त छ । धामी-झाँक्रीमा भर पर्ने अवस्था अझै पनि कायम छ । ज्याला दर अहिले पनि थुप्रै ठाउँमा ज्यादै न्युन छ । दिनभर काम गरेवापत बढीमा पाँच किलो र घटीमा दुई किलो धान पाउने ठाउँ थुप्रै रहेको पाइयो । सरकारले तोकेको न्युनतम आठ घण्टाको ६० रुपैयाँ ज्याला लागू नभएका ठाउँ प्रशस्तै छन् । ब्याजदर निकै चर्को छ । सयकडा दैनिक एक सुकी ब्याज प्रचलनमा छ । जसअनुसार मासिक सयकडा साढे सात रुपैयाँ ब्याज पर्छ । सयकडा पाँचदेखि साँढे सात रुपैयाँसम्म ब्याज तिर्नुपर्ने आम प्रचलन भेटियो । जसले गर्दा मध्यम किसानले ऋण लिएपछि गरिब किसानमा र गरिब किसान भूमिहीन किसानमा झर्ने स्थिति चलिरहेको छ ।

  माथिल्लो भनिने जातजातिमा पनि भूमिहीन किसानको समस्या छ, तर एकदमै ठूलो सङ्ख्यामा भूमिहीन किसान तल्लो जात भनिने, पिछडिएका, दलित र जनजाति छन् । यहींनेर अर्को मार्मिक कथा पनि छ । हामीले थुप्रै त्यो वर्ग र तहका किसानलाई सम्मानित पनि गरेका छौँ र लामो छलफल एवम् अन्तरक्रिया पनि गऱ्यौँ । उनीहरू आँखाभरि आँसु झारेर भन्छन्- "हामी दशौँ पुस्तादेखि यहाँ बस्दै आएका छौँ, तर जब नागरिकता लिनका निम्ति जान्छौँ, हामीलाई जग्गाको लालपूर्जा देखाउन भनिन्छ । हाम्रो नाममा जग्गा, जमिन र लालपूर्जा छैन । सुकुम्बासी समस्या समाधान आयोगमा थोरै भए पनि जग्गा देऊ भनेर निवेदन दिन जाँदा सोधिन्छ- तिम्रो नागरिकता खोइ ? यसरी आफ्नै देशका नागरिकले देश खोज्नुपर्ने स्थितिमा नेपाली दाजुभाइ छन् । जो वास्तविक नेपाली नै हुन् । तर विदेशबाट आएका मान्छेले सजिलै नागरिकता पाएका छन् । नेपालमा बसेको एक पुस्ता नबित्दै सिक्किम, भुटान र भारतका अन्य भागबाट आएका धनी र

व्यापारी कोही पनि नागरिकताबिहीन छैन । तर खास नेपालीहरू गरिब र भूमिहीन हुनुका कारण नागरिकताबिहीन हुनु दुःखको कुरो हो, तसर्थ तराईमा विद्यमान नागरिकता समस्याको तत्काल हल गर्नुपर्ने हामीले देख्यौं ।

तराईमा पानी प्रशस्त छ । तर त्यो खेर गइरहेको छ । सिचाईंको सुविधा छैन । मध्यम किसानले पनि सिचाई गरेर खेती गर्न पाएका छैनन् । थुप्रै ठाउँमा नहर बनेका छन् । तर नहरमा पानी आउँदैन । जस्तो गण्डक नहर रौतहटको पल्लो छेउसम्म गएको छ तर त्यसमा चाहिएको बखत कहिल्यै पानी आउँदैन । जब किसानले चना, मसुरो गहुँ काटेर सुकाएका हुन्छन्, त्यो भिजाउन गण्डक नहरमा पानी आउँछ । ०१६ सालदेखि अहिलेसम्म त्यो नहरमा सिचाई गर्ने बेला पानी आएको रेकर्ड छैन । अरु नहरको पनि यस्तो हालत छ ।

*किसानले अहिले भोग्नुपरेका समस्याबारे यात्राका क्रममा तपाईंहरूलाई कुनै अनुभूति भएन ?*

- किसानले उत्पादन गरेको वस्तुको मूल्य घटेको छ । तर उत्पादनमा प्रयोग गर्ने मल, बिउ कीटनाशक औषधी बिजुलीको भाउ तीव्र बेगमा बढेको छ । किसानको उत्पादनको मूल्य घटेका कारण आमरुपमा मध्यम किसानले बताए- 'यसपालि हाम्रो एउटा लैनो भैंसी मरे बराबरको घाटा भयो । पाँच वर्षअघि डिजेलको भाउ प्रतिलिटर साढे दश रुपैयाँ, युरिया मल प्रतिकिलो नौ रुपैयाँ थियो । अहिले युरिया प्रतिकिलो एघार रुपैयाँ, डिएपी एक्काइस रुपैयाँ र डिजेल प्रतिलिटर २६ रुपैयाँ भएको छ । तर धानको भाउ पाँच वर्षअघि ९ रुपैयाँ किलो थियो भने अहिले ६ रुपैयाँ किलोमा बेच्नुपरेको छ ।'

  सबभन्दा मार्मिक समस्या गाउँगाउँमा पुल, पुलेसा र कृषि सडकको समस्या निकै जटिल छ । म के कुरामा जोड दिन्छु भने तराईको हुलाकी सडक निर्माण कार्य युद्धस्तरमा अघि बढाउनु जरुरी छ । यदि हामी निर्णय गर्ने र कार्यकारी तहमा पुग्यौं भने तराईमा हुलाकी सडकको निर्माण कार्यलाई मुलुककै





प्राथमिकतामा राखेर अघि बढाउने वचनबद्धता पनि मैले जाहेर गरेको छु । तराईको दक्षिणी भेगको विकासका निम्ति हुलाकी सडक अत्यन्तै आवश्यक देखिएको छ । तराईमा झुटा मुद्दा लगाएर सोझा-सिधा मान्छेलाई फसाउने अनि मुद्दा लगाउने मान्छेले नै म मुद्दा मिलाइदिन्छु भनेर प्रशासनसँग मिलेमतो गरेर सर्वसाधारण जनतालाई सताउने गरेको स्थिति पनि पाइयो । चोरी, डकैती र अशान्तिका घटना बढेको स्थिति भेटियो ।

जनताका गोरु, भैंसी र खेत खलियानको अन्न चोरिने स्थिति सीमा क्षेत्रमा बढिरहेको अवस्था छ । कृषिमा आधुनिक उत्पादन प्रणालीको प्रयोग नभएको, प्रतिहेक्टर उत्पादन कम भएको, व्यवस्थित खेती प्रविधिको जानकारी नभएको र तुलनात्मकरुपमा लाभदायक बाली सम्बन्धमा न्युन अनुभव रहेको अवस्था पनि हामीले पायौं । समग्रमा भन्ने हो भने हामीले अघि सारेका ३८ सूत्रीय मागमा समेत नपरेका यस्ता थुप्रै समस्या पहिचान गर्ने काम यस क्रममा भएको छ ।

## उत्साहजनक जनपरिचालन

तपाईंहरूका ३८ सूत्रीय माग र क्रान्तिकारी भूमिसुधारको कुरा सामान्य किसानले बुझ्न सके त ?

- किसान मार्चको क्रममा हामी हरेक दिन बिहान चार बजे उठ्थ्यौं र ६ बजेसम्म सबै काम पूरा गरी तम्तयार हुन्थ्यौं । त्यसपछि ८ बजेसम्म दुई घण्टा लामो समय नियमितरुपमा हाम्रो प्रशिक्षण चल्थ्यो । हामीले जहाँ प्रशिक्षण चलाउँथ्यौं, त्यहाँ स्थानीय जनताको ठूलो सङ्ख्यामा सहभागिता रहन्थ्यो । हामी ३८ सूत्रीय मागमध्ये प्रत्येकको छुट्टाछुट्टै व्याख्या गरेर बुझाउने काम गर्थ्यौं । मार्च अभियानको बाटोमा लगाउने नारा पनि हामीले ३८ सूत्रीय मागमा आधारित भएर तय गरेका थियौं । पूर्वतर्फको मात्रै कुरा गर्दा मेचीबाट नारायणगढसम्म आइपुग्दा हामी करिब ८ सय किलोमिटर लामो बाटो हिंड्यौं र त्यसबीचमा १ सय ३२ ठाउँमा औपचारिक सभा सम्पन्न गर्‍यौं । ती सभामार्फत् पनि हामीले आफ्ना कुरा आम जनतामा पुर्‍याएका छौं । त्यस क्रममा

जनताको तहमा यदि ३८ सूत्रीय माग पूरा हुने हो भने ग्रामीण किसानका समस्या हल हुन्छ भन्ने विश्वास बढेको हामीले पायौँ । हामीले हरेक जिल्लामा १५ हजार प्रति ती माग छापेर किसानका हातहातमा पनि वितरण गरेका छौँ । पश्चिमतिर पनि एवम् रितले भेला, प्रशिक्षण, आमसभा र अन्य कार्यक्रम सम्पन्न गर्दै अघि बढेको मार्च दोधारा चाँदनी हुँदै महेन्द्रनगर भएर टोली नारायणगढ आइपुग्यो । पश्चिमका बाँके, बर्दिया, कैलाली र कन्चनपुरमा कमैया समस्या पनि रहेकाले कमैयालाई मुक्त गरेर मात्र पुग्दैन, उनीहरूलाई गरिखान पुग्ने हिसाबले कम्तिमा १० कट्ठा जग्गा दिनुपर्छ भन्ने हाम्रो मुख्य जोड थियो । त्यस क्रममा हजारौँको सङ्ख्यामा कमैया पनि हाम्रो मार्चमा सहभागी भए । किसान र कमैयाबीच पर्खाल खडा गर्न खोज्ने एकथरी मान्छेको प्रयत्न चिर्ने हिसाबले पनि हामीले पहल गर्‍यौँ । किसान र कमैयाका भिन्नाभिन्नै समस्या रहेको भए तापनि साझा समस्याका निम्ति एकजुट भएर सङ्घर्ष गर्नुपर्छ भन्ने हाम्रो जोडका कारण हाम्रो मार्चमा किसान र कमैया दुवैको उत्साहजनक सहभागिता रह्यो । पश्चिममा कमैया समस्या पूर्वको भन्दा थप समस्याका रुपमा छ । अरुचाहिँ मूलभूतरुपमा पूर्वका जस्तै समस्या छन् । तिनको समाधानका निम्ति पश्चिम र पूर्व दुवैतर्फ एउटै  हिसाबले जनतालाई सचेत पार्ने काम भएको छ ।

*विचल्ली भइरहेको स्थितिमा उग्रवामपन्थी समूह माओवादीले कमैयालाई आकर्षित गरिहेको छ भन्ने पनि व्यापक चर्चा छ, तपाईहरूले कमैयालाई आकर्षित गर्ने के -कस्तो तरिका अपनाउनुभयो ?*

- सकारात्मक उद्देश्य लिएर अघि बढ्न चाहने यो देशका कुनै पनि राजनीतिक शक्तिले यहाँका श्रमजीवी जनता, कमैया र किसानको हितमा काम गर्छन् अर्थात् शारीरिक र मानसिक श्रम गरेर खाने जनताको पक्षमा कुनै पनि पक्षले प्रयत्न गर्छन् भने हामी त्यसलाई नकारात्मक रुपमा हेर्दैनौं । सबैप्रति हामी सकारात्मक छौं । कमैयाको वास्तविक मुक्तिको पक्षमा आवाज उठाउने जोसुकै पक्षप्रति पनि हामी सकारात्मक छौं । उनीहरूको आवाज





पनि हाम्रो माग र समस्या समाधान हुनुपर्ने पक्षमा रहेको पाउँछौँ । अरुले त्यसरी आवाज उठाउँदा हामीलाई अप्ठेरो पर्छ भन्ने हिसाबले हामी कहिल्यै पनि सोच्दैनौं । माओवादी त के कङ्ग्रेसकै मान्छेले पनि कमैयालाई काम गरेर खान पुग्ने जग्गा दिनुपर्छ भन्ने आवाज उठाउँछ भने त्यसलाई पनि सकारात्मक ढङ्गले लिन्छौँ ? यस्ता समस्यामा हामी कुनै प्रतिस्पर्धा र उछिनपाछिन नगरी साँचोरुपमा समस्या र समाधानको पक्षपोषण गरेर अघि बढ्छौं । हामी चाहन्छौँ- "मुलुकका बहुसङ्ख्यक श्रमजीवी जनताले यो देश मेरो हो र राज्यले मलाई पनि जिम्मेवार नागरिकको हैसियतमा इज्जत गर्‍यो भन्ने महसुस गर्न पाउनुपर्छ । हामी आफ्नो कुरा गर्दा श्रमजीवी किसान र कमैयाको पक्षमा लामो समयदेखि लड्दै आएका छौँ । कमैया मुक्तिको कुरा ०४७ सालमा सर्वप्रथम हामीले उठाएका थियौँ । यस मागमा अरु पक्षको पनि साथ, सहयोग र समर्थन प्राप्त हुँदा हामी खुसी हुन्छौं ।"

*तपाईंहरू धेरै सङ्ख्यामा धनी र मध्यम किसानको बीचमा पुग्नुभयो । वास्तविक किसान र कृषि श्रमिकबीच कम पुग्नुभएको भन्ने कुरा साँचो हो ?*

- मेची-महाकाली किसान जागरण मार्चको क्रममा पूर्वमा मात्रै ३ सय २ जना किसान आन्दोलनका योद्धा र अग्रज किसानको सम्मान गर्‍यौं । तीमध्ये आधाभन्दा बढी कृषि मजदुर परिवार छन् । १०५ र १०६ वर्षका वृद्ध पनि सम्मानित हुनुभएको छ । यसबाट पनि प्रमाणित हुन्छ कि यो अभियानमा कृषि मजदुर र किसान तथा सिचाई, कृषि सडक र उचित मूल्यको समस्या पनि जोडदाररुपमा उठाउने काम भएको छ । हामीले धनी किसानदेखि भूमिहीन किसानको समस्या पनि समेट्ने काम गर्‍यौं । हाम्रो विरोध मुख्यतः किसानमाथि शोषण, दमन, थिचोमिचो र अत्याचार गर्ने अत्याचारीविरुद्ध लक्षित गर्‍यौं । आफैं श्रम गर्ने धनी किसानलाई पनि हामीले सम्मान गरेका छौं ।

*आम किसानलाई मेची-महाकाली किसान जागरण मार्च हाम्रो आफ्नै अभियान हो भन्ने अनभूति दिलाउन सक्नुभयो त ?*

- हाम्रो यात्राका क्रममा प्रायजसो चार पाँच सय मान्छे सहभागी हुन्थे । हामी जहाँ पुग्यौं, स्थानीय जनताले चन्दा उठाएर व्यवस्था गरेको खाना खायौं । उहाँहरूले पराल ओच्छ्याएर व्यवस्था गरेको ठाउँमा सुत्यौं । हरेक गाउँ र बस्तीमा पुग्दा हामीले स्वागतद्वार बनाइएको पायौं । दायाँ-बायाँ पङ्क्तिमा महिला र ८०-९० वर्षका वृद्ध, बालबालिका र विद्यार्थी हातमा माला लिएर हाम्रो स्वागतमा लामबद्ध रहेको अवस्थामा भेट्यौं । हाम्रो आगमनमा उहाँहरूले ताली बजाएर खुशी व्यक्त गर्नुहुन्थ्यो । त्योखालको हार्दिक स्वागत र न्यानो माया देखेर हामीलाई लाग्यो- जनताको यस किसिमको हार्दिकता, उच्च सम्मान र विश्वासको भावनालाई अन्तिम समयसम्म कसरी कायम राख्ने होला ? हामीलाई जनताले साह्रै ठूलो बोझ बोकाउनुभएको छ, यो ऋण हामीले कसरी चुकाउने होला ? भन्ने पनि हामीलाई लाग्यो । यसबाट देखिन्छ- हाम्रो अभियानप्रति जनताको उच्च प्रकारको श्रद्धा, विश्वास र हार्दिकता थियो ।

*मार्चमा लगातार कति किसान हिँड्नुहुन्थ्यो ?*

- अस्थायीरुपमा हिँड्ने जतिसुकै धेरै सहभागी भए तापनि बास बस्ने र खाना खाने ठाउँसम्म हामी सकेसम्म सानो सङ्ख्या बनाउने प्रयत्न गर्थ्यौं । किनभने ठूलो सङ्ख्यालाई व्यवस्था गर्न स्थानीय साथीलाई पनि बोझ हुन्थ्यो । तैपनि मेचीदेखि महाकालीसम्मको यो अभियानमा कम्तिमा १५ देखि २० लाखको सङ्ख्यामा हामीले आम किसानलाई परिचालित गऱ्यौं । हामीले यति ठूलो सङ्ख्यामा किसानसँग भेटघाट गरेका छौं । मोटामोटीरुपमा समीक्षा गर्दा हाम्रो यो मार्च अभूतपूर्व र ऐतिहासिकरुपमा सफल भएको छ । तर लगातार हिँड्ने साथीहरूको कुरा गर्दा मेचीबाट लगातार हिँड्नेहरूको सङ्ख्या १ सय ६३ थियो । त्यो सङ्ख्यामा कहिलेकाहीँ साथीहरू थपिएर बढ्थ्यो भने कतिपय साथी बिरामी परेर घट्थ्यो पनि । तर लगातार हिँड्ने दुवै टोलीमा १ सय ५० को सङ्ख्यामा हुन्थ्यो । स्थानीय सहभागिताको कुरा गर्ने हो भने त एकसाथ ५ सय, एक हजार किसान पनि हिँड्नुभयो ।





हामी बास बस्ने र खाना खाने ठाउँमा कम्तिमा २ सय जनाको निम्ति व्यवस्था मिलाउने कुरा गरेका थियौं । वास्तवमा सिङ्गो मार्चमा हामीले अपेक्षा गरेकोभन्दा ठूलो सङ्ख्या सहभागी हुन चाह्यो । बिरामी परेका साथी पनि बीचबाट फर्किन मानेनन् । मार्चलाई एउटा व्रत, तपस्या र सङ्घर्षको रुपमा लिएर अन्तिम पटकसम्म अघि बढ्नुभयो । पूर्वतर्फको टोलीमा मकवानपुरका ७९ वर्षीय टलकबहादुर रिमाल, सप्तरीका ७७ वर्षीय बहुजन यादव, सिरहाका ७२ वर्षीय चैतु चौधरी, तेह्रथुमका ७२ वर्षीय बलराम तिम्सिना र झापाका ७३ वर्षीय टीकाराम कार्की अनवरत् हिँड्नुभयो । पश्चिमतिरबाट पनि बर्दियाका ७४ वर्षीय उमानाथ देवकोटा र कैलालीको ७३ वर्षीय मीनबहादुर थापा पनि यात्रामा निरन्तर हिँड्नुभयो । उहाँहरूले आजका युवालाई देखाउनका लागि पनि हामी हिँड्छौं भन्ने भावना राख्नुभएको थियो । अलिकति कष्टका काम गर्नेबित्तिकै थाक्ने, पार्टी र सङ्गठनले हामीलाई के दियो र ? भन्ने आजका युवा कार्यकर्ताको भावनालाई चुनौती दिँदै उहाँहरू त्यो उमेरमा पनि हिँड्नुभयो । उहाँहरूको हिँडाईका कारण स्थानीय जनता ज्यादै प्रभावित हुनुभयो ।

यसैगरी महिलाले पनि मेची नदीको किनारादेखि नारायणगढसम्मको ८ सय किलोमिटरको दूरी हिँडेर पार गर्नुभयो । त्यो यात्रामा ३ जना महिला लगातार हिँड्नुभयो भने सुनसरीबाट २ जना र रौतहटबाट १ जना थप गरी जम्मा ६ जना महिला नारायणगढसम्म आउनुभयो । यसरी लगातार हिँड्ने महिलामा पार्वती दुलाल तेह्रथुम, देवीका खत्री इलाम, रामकुमारी रेग्मी तेह्रथुम, तुलसा भण्डारी सुनसरी र राजपतिदेवी पट्टेल रौतहट हुनुहुन्थ्यो ।

*पूर्व-पश्चिम गरेर जम्मा कति दूरी हिँड्नुभयो ?*

- पूर्वतिर हामी करिब ८ सय किलोमिटर र पूर्वतिर करिब ८ सय किलोमिटर हिँड्यौं । पर्सामा मात्रै १ सय ११ किलो मिटर हिँड्यौं । गाउँ, बस्ती पुग्दा बाङ्गोटिङ्गो बाटो हिँड्दा

हाम्रो यात्राको दूरी यति धेरै भयो । पश्चिममा चाहिँ पूर्वको भन्दा कम दूरी रह्यो । देशको नक्साको हिसाबले पूर्वभन्दा पश्चिमको दूरी बढी हो । तर पूर्वको दूरी बढी हुनुको कारण हाम्रो यात्रा सुनसरी ब्यारेज आएपछि हामी सप्तरीतर्फ लाग्यौं, त्यसपछि उत्तरतर्फ लागेर लहान निस्क्यौं । कमला नदी तरेर फेरि दक्षिणतर्फ लाग्यौं । अनि सीमावर्ती गाउँ हुँदै अघि बढ्यौं । पश्चिमतर्फको यात्रा पनि करिब ६०० किलोमिटर भयो । यसरी हामीले झण्डै १४ सय किलोमिटर लामो यात्रा तय गर्‍यौं ।

*यो मार्च नै नेपालको सन्दर्भमा सबभन्दा लामो पैदलयात्रा हो भन्न सकिन्छ ?*

- हाम्रो जानकारीअनुसार यो नै सबभन्दा लामो पदयात्रा कार्यक्रम हो । केही वर्षअघि मोहनविक्रम र चित्रबहादुर के.सी.जीहरूले बुटवलबाट बाग्लुङसम्मको यात्रा गराउनुभएको थियो । निर्मल लामाजीको नेतृत्वमा धनुषाबाट सिन्धुली हुँदै काठमाडौंसम्मको यात्रा पूरा गर्नुभएको थियो । विष्णुबहादुर मानन्धरजीहरूले वीरगञ्जबाट मोरङसम्मको यात्रा चलाउनुभएको सुनियो तर अन्तिम विन्दुमा उहाँहरू केवल २ जना साथी मात्रै पुग्नुभयो । तर हाम्रो मार्चको क्रममा जस्तो ठूलो र यति लामो यात्रा भनेको यो पहिलोपटक भएको भन्ने हामीलाई लाग्छ । हाम्रो यात्रा राजमार्गबाट होइन, वस्तीवस्ती भएर महाकाली नदीपारि दोधारा चाँदनीबाट मेची नदीसम्म लामो यात्रा हो । यस किसिमको यो नेपालकै पहिलो यात्रा पनि हो । हाम्रो यो यात्रा महत्वपूर्ण सावित भएको कुरा थुप्रै शुभेच्छुकले बताउनुभएको छ ।

  हाम्रो पार्टी नपुगेको त कुनै ठाउँ पनि छैन, अधिराज्यका ३ हजार ९ सय १३ गाविस र ५८ वटै नगरपालिकामा एमालेको सङ्गठन उपस्थित छ । कतिपय यस्ता गाउँवस्ती छन्, जहा गाउँ पार्टी कमिटी बनेको छ, किसान सङ्घको पनि सङ्गठन पुगेको छ, तर पार्टी र किसान सङ्घको





गतिविधि कहिल्यै नपुग्ने ठाउँहरू पनि ५ सयभन्दा बढी सङ्ख्यामा जनताको साथमा हाम्रो मार्च पुग्यो । त्यस्ता ठाउँमा श्रमजीवी वर्गका जनताको बीचमा भेला, प्रशिक्षण गर्ने, अगुवालाई सम्मान गर्ने र उहाँहरूका कुरा सुन्ने काम हामीले गर्‍यौं । पदयात्रामा लगातार हिँड्ने १ सय ५० जना सहभागीमध्ये हरेकले एक/एक जना किसानसँग भेटेर समस्या बुझ्ने काम पनि गर्नुभयो । हाम्रो यसप्रकारको कार्यशैलीले पछाडि परेका गाउँवस्तीका जनताले महसुस गरेका छन्- 'वास्तवमा हाम्रो समस्याप्रति एमाले चिन्तित छ । किसान सङ्घ चिन्तित छ ।' खेत, खलिहानमा काम गरिरहेका महिला, बृद्ध र श्रमजीवी जनता पनि किसान मार्चलाई न्यानो आतिथ्य र स्वागत गर्ने काममा जुट्नुभयो र आफ्नो तर्फबाट खुशी प्रकट गर्नुभयो ।

## अत्याचारी हाम्रो खातामा छन्

*यो अभियानको क्रममा किसानलाई शोषण गरिरहेका बदमास र फटाहालाई कुनै कारवाही गर्ने काम पनि गर्नुभयो कि ?*

- हामीले किसानलाई सताउने, दुःख दिने, शोषण र अत्याचार गर्ने सामन्त, बदमास, शोषक र अत्याचारीको विवरण पर्याप्त मात्रामा सङ्कलन गरेका छौं । तर यात्राकै क्रममा तिनिहरूमाथि कारवाही गर्ने कामचाहिँ गरेनौं । किनभने निर्धारित कार्यक्रममा २ घण्टा मात्रै अवरोध वा अड्चन हुनेबित्तिकै हाम्रो गन्तव्यसम्म पुग्ने लक्ष्य पूरा हुँदैनथ्यो । तत्काल त्यही कुनै कारवाही गर्नुपर्ने तहका अन्याय, अत्याचार र बदमासीको विवरण पनि हामीले प्राप्त गर्‍यौं, किसानको उजुरी र गुनासो बुझ्यौं, सुन्यौं । तीमध्ये कतिपय मान्छेलाई सम्झाउने, बुझाउने काम सम्भव भएसम्म गर्‍यौं पनि । तर कारवाही गर्ने तहमा पुगेनौं । हामीले कारवाहीको निम्ति हतारिने र निर्धारित कार्यक्रममा बाधा व्यवधान खडा गर्नु उपयुक्त देखेनौं । त्यसखालका बदमासमाथि पछि योजनाबद्ध ढङ्गले कारवाही गर्नुपर्छ भन्ने हाम्रो मान्यता रह्यो ।

*भविष्यमा योजनाबद्ध ढङ्गले किसानमारा र उत्पीडकमाथि कारवाही गर्ने अभियान पनि सञ्चालन गर्नुहुन्छ ?*

- सबै भेला, आमसभा, प्रशिक्षण र जुलुसबाट हामीले जाली, फटाहा, अन्यायी अत्याचारी, शोषक, भ्रष्टाचारीलाई चेतावनी दिएका छौँ, भेटेर पनि सचेत बनाएका छौँ । हामीले सम्झाए, बुझाएपश्चात् कतिपय मान्छेले २/४ दिनपछि अब उपरान्त आफूले कहिल्यै शोषण, अत्याचार नगर्ने र पहिलेको गल्तीको निम्ति माफी मागेको पनि खबर पठाए तर केही मान्छे हामीले जति अपराध गरे पनि कसले पो विरोध गर्छ र ? भन्नेखालका पनि पाइए । तर हामी ती गाउँका जनताको बीचमै पुगेर अपराधीलाई सुध्रन चेतावनी दिएपछि उनीहरू पनि सच्चिनेछन् भन्ने ठानेका छौँ । तर जो मान्छे सच्चिदैनन्, तिनीहरूमाथि योजनाबद्ध ढङ्गले कारवाही गर्ने दिशामा पनि हामीले सोच्ने छौँ, त्यस दिशातर्फ अग्रसर बन्न बाध्य हुनेछौँ । यथास्थितिमा किसानमाथिको शोषण र अत्याचार रोकिँदैन भन्ने हाम्रो निष्कर्ष छ ।

## इतिहासको कडी जोड्दै छौं

*अखिल नेपाल किसान सङ्घ स्थापनाको पचास वर्ष पुगको छ, यस स्थितिसम्म आइपुग्दा तपाईंहरूले अग्रज नेताहरूको योगदान र विगतका चर्चित किसान आन्दोलनको इतिहाससँग आफ्नो मेची-महाकाली किसान जागरण यात्रालाई कसरी जोड्ने प्रयत्न गर्नुभएको छ ? अब भविष्यमा तत्काल के गर्दै हुनुहुन्छ ?*

- मैले अघि पनि भनें, सप्तरीमा १०५ वर्षीय कृष्णसिंह भौरलाई हामीले अहिले सम्मान गर्‍यौं । उहाँ २००९/१० सालतिर पनि निकै पाको उमेरको किसान योद्धा हुनुहुन्थ्यो । यस्ता धेरै व्यक्तिलाई हामीले यसपटक घरघर र गाउँगाउँमा पुगेर भेट्यौं, सम्मानित गर्‍यौं । जो पहिले किसान आन्दोलनमा निकै सक्रिय हुनुहुन्थ्यो । पछि घर-गृहस्थी गरेर बस्दै आउनुभएको थियो । हामी आज जे गरिरहेका छौँ र जे छौँ, यो अभियान पनि किसान सङ्घ स्थापनाकालका नेता





कमरेड तुलसीलाल अमात्य, नेकपाको स्थापनकालका नेता कमरेड पुष्पलाल र त्यसअघि नै कम्युनिष्ट आन्दोलनमा सक्रिय कमरेड मनमोहन अधिकारीजस्ता अग्रज नेताहरूको प्रेरणादायी योगदानबाट शिक्षा लिएर सम्पन्न गरेको कुरा म स्पष्ट पार्न चाहन्छु । हामीमा केही गरौँ भन्ने जुन भावना पैदा भएको छ र कष्टकर यात्रा सम्पन्न गरेका छौँ, यसका लागि पचपन्न वर्ष लामो नेपाली कम्युनिष्ट आन्दोलन र पचास वर्ष लामो किसान आन्दोलनको अनुभवको प्रेरणाकै परिणाम हो भन्ने मलाई लाग्छ ।

हामीले अग्रज नेताहरूले सङ्घर्षको मैदानबाट निर्माण गर्नुभएको किसान आन्दोलनको क्रान्तिकारी बिरुवामा अलिकति पानी हाल्ने काममात्रै गरेका छौँ । तसर्थ: अब हामीले किसान आन्दोलनको इतिहासलाई सकेसम्म मसिनो ढङ्गले अध्ययन, अनुसन्धान गर्ने, विगतको अनुभवबाट सिक्ने, कमी कमजोरीबाट पनि शिक्षा लिने र अगाडि बढ्ने प्रयत्नलाई व्यवस्थितरुपमा अघि बढाउने सोंचाई राखेका छौँ । हामी नेपाली किसान, आन्दोलनको स्वर्ण जयन्ती समारोहको महत्वपूर्ण पाटोका रुपमा एउटा स्मारिका निकाल्ने योजनामा जुटेका छौँ । जसमा पचास वर्ष लामो किसान आन्दोलनको इतिहास र अन्य विभिन्न विषयलाई पनि समेट्ने छौँ । जुन स्मारिका मुलुकका तमाम राजनीतिक पार्टी, किसान सङ्घ, अनुसन्धानकर्ताका निम्ति पठनीय सामग्री हुनेछ । त्यो कृतिले हाम्रा लागि पनि निर्देशिकाको काम गर्नेछ । ०५७ सालको बाँकी अवधिमा हामी त्यो स्मारिका प्रकाशनको काम र किसान आन्दोलनको तयारीका निम्ति पनि लगाउने छौँ ।

◆

# परिच्छेद - चार

## स्थानीय वर्ग सङ्घर्ष

### विषय प्रवेश

हामी जुन समाजमा बाँचिरहेका छौं, त्यो विभिन्न आर्थिक, सामाजिक स्तर भएका व्यक्तिको समूह हो । वर्तमान समाजको इतिहासको प्रारम्भमा आदिम युगमा श्रम विभाजन पनि थिएन, हुने र नहुनेको रुपमा वर्ग विभाजित पनि थिएन । तेरो मेरो भन्ने लँडाई झगडा, युद्ध र सङ्घर्ष पनि थिएन । वर्ग थिएन र वर्ग सङ्घर्ष पनि थिएन । उत्पादनका लागि खोजविन हुन थालेपछि, उत्पादनका उपाय पत्ता लागेपछि, उत्पादनको बचत हुन थालेपछि, उत्पादित वस्तुमा स्वामित्व र स्वामित्व रक्षाका कुरा आएपछि त्यही समाजभित्रबाट वर्ग उत्पत्ति भयो । उत्पादनका साधन र श्रमद्वारा उत्पादन हुन थाल्छ । उत्पादन भएका वस्तुमा व्यक्ति, वा समाजको स्वामित्व कायम हुन थाल्छ । उत्पादनका साधन र उत्पादित साधनमा निजी र निश्चित सामाजिक समूहको स्वामित्व कायम हुन थालेपछि निश्चित व्यक्ति वा समूह सम्पत्तिका स्वामी हुने र अरु बाँकी सम्पत्तिबिहीन, उत्पादनका साधनबिहीन भएपछि हुने र नहुने वर्गको समूह तयार हुन थाल्यो । यसपछि क्रमशः हुँदै नहुने, अलिअलि हुने, अलिक धेरै हुने र अथाह सम्पत्ति हुने गरी विभिन्न वर्ग तयार हुन थाल्यो । हुनेले नहुनेलाई, धेरै हुनेले थोरै हुनेलाई आर्थिक हैसियतकै आधारमा हेप्ने, चेप्ने, शोषण गर्ने र शासन गर्ने हुँदै आयो र आफूमाथिको अन्याय महसुस गर्न थालेपछि हुने र नहुने वर्गबीच वर्ग सङ्घर्ष हुन थाल्यो ।

### वर्ग सङ्घर्ष

समाजमा असमान वर्गबीच आपसी स्वार्थका निम्ति हुने सङ्घर्षलाई वर्ग सङ्घर्ष भनिन्छ । कार्ल मार्क्सले "इतिहासको चालक शक्ति नै उत्पादक शक्ति र उत्पादन सम्बन्धबीचको वर्ग सङ्घर्ष हो भन्नुभएको छ ।" लेनिनले- "अन्तरविरोधयुक्त समाजको विकासको प्रेरक शक्ति





वर्ग सङ्घर्ष हो" भन्नुभएको छ । वर्ग सङ्घर्षको मुख्य रुप आर्थिक, सामाजिक, राजनीतिक र विचारधारात्मक हुन्छ । यसमध्ये सर्वहारा, श्रमजीवी वर्गको राजनीतिक सङ्घर्ष शोषण र भेदभावबाट मुक्तिका लागि निर्णायक सर्तका रुपमा प्रस्तुत गरिएको छ । कमरेड लेनिनले वर्ग सङ्घर्षबारे जोड दिँदै अक्टुबर क्रान्तिको अनुभव बताउने क्रममा भन्नुभएको छ- "किसान समुदाय अन्य गैरसर्वहारा श्रमजीवी वर्ग र मेहनतकश जनताको नेतृत्वका लागि सङ्घर्ष, शोषक वर्गको प्रतिरोधलाई दमन, बुर्जुवा विशेषज्ञको उपयोगका लागि सङ्घर्ष, नयाँ समाजवादी श्रम अनुशासनमा शिक्षादीक्षाका लागि सङ्घर्ष गर्दै सर्वहारा वर्ग र बुर्जुवा वर्गबीचको सङ्घर्षको चरम रुप गृहयुद्ध हो ।" विकासले क्रान्तिकारी आधार तयार गर्दै जान्छ, क्रान्तिले विकासलाई पूर्ण गर्छ, वर्ग सङ्घर्ष र विकास अनि वर्ग सङ्घर्ष भइरहन्छ । यो क्रम वर्ग रहेसम्म रहिरहन्छ ।

लेनिनले यिनै कुरालाई ध्यानमा राखेर क्रान्तिका अगुवा शक्ति सर्वहारा वर्गले क्रान्तिका जगेडा शक्ति किसान समुदायलाई निर्णायक घडीमा सँगसँगै विशाल शक्तिका रुपमा उतार्नका लागि तम्तयारी गर्नुपर्ने कुराको महत्व दर्शाउनुभएको छ । रुसी अक्टुबर क्रान्तिपछि मुक्त भएका चीनलगायत् सबै देशमा स्थानीय वर्ग सङ्घर्ष र कृषि क्रान्तिलाई अत्यन्त महत्व दिएर नै सफलता प्राप्त गरेको पाइन्छ । हाम्रो देशको सन्दर्भमा पनि देशको प्रमुख उत्पादक शक्ति किसान, अर्को महत्वपूर्ण र निर्णायक शक्ति मजदुर र सम्पूर्ण श्रमजीवी वर्गले आफ्नो वर्गीय हित र मुक्तिका लागि वर्ग सङ्घर्ष गर्नु अनिवार्य छ ।

### स्थानीय वर्ग सङ्घर्ष

स्थानीय वर्ग सङ्घर्ष, स्थानीय समाजरुपी बिरुवालाई गोडमेल र मलजल गर्नुजस्तै हो । स्थानीय भन्नेबित्तिकै आमरुपमा ग्रामीण क्षेत्र र खास खासरुपमा नगर वा टोल बस्ती पर्छन् । समाजमा विद्यमान विभिन्न वर्ग र समुदायको भिन्नाभिन्नै स्वार्थ हुन्छ । भिन्नाभिन्नै स्वार्थ भएका वर्ग र वर्ग समूहको भिन्नाभिन्नै उद्देश्य हुनु स्वतः स्पष्ट छ । अर्ध सामन्ती, अर्ध-औपनिवेशिक देशमा भूमिहीन किसान, गरिब किसान र मध्यम किसानका लागि कृषि क्रान्ति हुन हतार भइसकेको हुन्छ भने सामन्त जमिनदार वर्ग, दलाल पुँजीपति वर्ग तथा भ्रष्ट र

जाली फटाहाका लागि यथास्थिति नै आवश्यक हुन्छ । तस्कर, माफिया, सट्टेवाज जामाखोरलाई अस्थिरता, अन्योल, अस्तव्यस्तता आवश्यक पर्छ भने इमानदार उद्योग, व्यापार, व्यवसायीका लागि शान्ति, सुशासन, स्थिरताको निरन्तर अग्रगतिसहितको आवश्यकता पर्छ । यहाँ चर्चा गर्न आवश्यक ठहर गरिएको स्थानीय वर्ग सङ्घर्ष सबैखाले शोषण, उत्पीडन, दमन, भेदभाव र पछौँटेपनका विरुद्ध अग्रगति र प्रगतिका लागि सामाजिक न्याय र उत्पादन वृद्धिसहितको सभ्य, अनुशासित सक्षम समाज निर्माणका लागि अर्थात् समाजमा आमूल परिवर्तनका लागि स्थानीय वर्ग सङ्घर्षको आवश्यकता र औचित्यबारे चर्चा गर्न खोजिएको हो ।

वर्ग सङ्घर्ष भन्नेबित्तिकै कम्युनिष्ट पार्टीको उदय भएपछि कम्युनिष्ट पार्टीको नेतृत्वमा कम्युनिष्टमात्रै मिलेर गरिने सङ्घर्ष हो कि भन्ने भान परेको पनि पाइन्छ तर त्यस्तो होइन । कम्युनिष्ट पार्टीको गठन हुनुभन्दा पहिले पनि थुप्रै वर्ग सङ्घर्ष भएका छन् । दाश प्रथाका विरुद्धमा भयानक विरोध, विद्रोह र सङ्घर्ष भएका छन् । सामन्तवाद र सामन्ती राज्य व्यवस्थाका विरुद्ध पनि भयानक सङ्घर्ष भएका छन् । मजदुर वर्गलाई साथ लिएर किसानको समर्थन प्राप्त गरेर पुँजीपति वर्गले १७८९ मा गरेको फ्रान्सको राज्य क्रान्ति र क्रमैसँग सारा युरोपमा सामन्तवादविरुद्ध सङ्घर्षमा मजदुर र किसानसमेतको साथ पाएर पुँजीपति वर्गले सफलता हासिल गऱ्यो । यो सफलताले ल्याएको युरोपको पुँजीवादी विकासबाट अनुभव हासिल गरेर अन्य देशका पुँजीपति वर्गले त्यही रफ्तारमा आफूलाई अघि बढाउन सकेनन् ।

पुँजीवादको विकाससँगै सङ्गठित मजदुर वर्गको विकास, कार्ल मार्क्स र मार्क्सवादी सिद्धान्तको उदयपछि संसारका पुँजीपति वर्गले सामन्त वर्गसँग निकटता र मजदुर वर्गसँग दूरी बढाउन थाल्यो । त्यसबेलासम्मको प्रगतिशील मानिएको पुँजिपति वर्ग जब सामन्त वर्गसँग साँठगाँठ गरेर उदीयमान सर्वहारा वर्ग र मजदुर वर्गीय आन्दोलनसँग टक्कर लिन सामन्त वर्गसँग सहकार्य गर्न थाल्यो । त्यसले गर्दा एसिया, अफ्रिका र ल्याटिन अमेरिकी क्षेत्रका पछौटे देशमा लामै समयसम्म सामन्ती शोषण, अर्ध-सामन्ती र अर्ध





औपनिवेशिक अवस्था कायम रह्यो । खासगरी दक्षिण एसियाली क्षेत्रका प्रायः सबै देशमा अर्धसामन्ती, अर्ध औपनिवेशीका शोषणका तानावाना अझै जटिल भएर रहेको छ । यस्ता देशमा क्रियाशील कम्युनिष्ट पार्टी र क्रान्तिकारी शक्तिमध्ये जसले किसानलाई सहीरुपमा बुझे, तिनले प्रगति गरे । जसले बुझेनन् वा बुझ्न चाहेनन्, तिनले ठूलो धक्का खाए ।

संसारका कतिपय वुर्जुवा राजनीतिक दल, जसले किसानको शक्ति र राजनीतिमा तिनको भूमिका र महत्वलाई बुझे, तीमध्ये कतिपयले वुर्जुवा सत्ता जोगाए, लम्ब्याए, कतिले अझै सवलढङ्गले नेतृत्व गरिरहेका छन् । नेपालकै कुरा गर्ने हो भने पनि वि.सं २०२१ को भूमिसम्बन्धी कार्यक्रमले पञ्चायतको आयु लम्ब्यायो । दोस्रो विश्वयुद्धपछि जापान, दक्षिण कोरिया, ताइवान, मलेसियालगायत्का वुर्जुवा वर्गले भू-स्वामित्वको क्षेत्रमा, कृषि विकासका क्षेत्रमा र ग्रामीण क्षेत्रको विकासमा चालेको कदमले अर्थात् किसानको ठूलो हिस्सालाई आकर्षित गर्ने सुधारका कदमले आफूलाई टिकाउन सफल भएको छ । ग्रामीण क्षेत्रको विकास, किसानको शक्ति र महत्व, ग्रामीण वर्ग सङ्घर्ष, सामाजिक न्याय र उत्पादन वृद्धिका लागि सङ्घर्ष आदि कुरालाई हल्का ढङ्गले लिने कम्युनिष्ट पार्टी र अन्य क्रान्तिकारी शक्ति या विफल भैसके या त कमजोर अवस्थामा छन् । कतै उग्रवामपन्थी गल्तीका कारण कतै दक्षिणपन्थी गल्तीका कारण आन्दोलनले निकै ठूलो धक्का खान बाध्य हुनुपऱ्यो ।

यी सबै अनुभवबाट सिक्दै हाम्रो देशका ठोस परिस्थितिको ठोस विश्लेषण गरेर मात्रै क्रान्तिकारी आन्दोलनलाई सफलताको शिखरमा पुऱ्याउन सकिन्छ । हाम्रो देशको स्थितिलाई हेर्दा आज पनि मुख्य उत्पादक शक्ति किसान र मुख्य उत्पादनको साधन भूमि भएकाले गम्भीर हुनैपर्छ । पार्टीको मुख्य एजेण्डा ग्रामीण वर्ग सङ्घर्ष र किसान आन्दोलन हुनुपर्छ । यसका लागि केवल केन्द्रीय तहले धारणा बनाएर मात्रै पुग्दैन, स्थानीय तहका सबै पार्टी कमिटीले आफ्नो मूल एजेण्डा बनाउनै पर्छ । नियमितरुपका भेला, समारोह, सम्मेलन, अधिवेशन, कमिटी गठन-पुनर्गठन, प्रशिक्षण जस्ता कार्यमा मात्रै हामी सीमित

रहन गयौँ र वर्ग सङ्घर्षलाई व्यवहारमा उतार्न सकेनौँ भने हाम्रो पार्टी केवल आदर्शको विद्यालय हुन पुग्छ ।

सभ्य, सालिन, भद्र सबै जिम्मेवारी पूरा गर्ने, सदस्यता शुल्क, लेबी नियमित बुझाउने, अध्ययन गर्ने, कमिटीका बैठक नियमित सञ्चालन गर्ने, नीति सिद्धान्त र कार्यक्रमबारे बुझ्ने र बुझाउने, सबै कार्य नियमित गर्ने तर वर्ग सङ्घर्षबाहेकका एजेण्डामा मात्रै क्रियाशील कमिटी परिचालित भएर पनि स्थानीय वर्ग सङ्घर्ष सञ्चालित छैन भने त्यस्तो कमिटीले परिणाम दिन सक्तैन । त्यसकारण हाम्रो सबै तहका कमिटीको अत्यन्त महत्वपूर्ण एजेण्डा वर्ग सङ्घर्ष हुनुपर्छ । स्थानीय तहको वर्ग सङ्घर्ष जति प्रभावकारी हुँदै जान्छ, त्यही मात्रामा वर्ग चेतना, वर्ग दृष्टिकोण धारिलो हुँदै जान्छ । त्यो धारिलो र चोटिलो वर्ग दृष्टिकोणसँगै विकसित वर्ग घृणा नै समाज विकासका मार्गमा तगारा बनेर बसेका शोषण, उत्पीडन, भेदभाव र दमनरुपी कुडाकर्कटलाई जलाएर भष्म बनाउन सक्ने शक्ति तयार गरेर नयाँ समाज रचना गर्न सक्ने क्रान्तिकारीकर्मीहरूको पङ्क्तिले मात्र नयाँ समाज स्थापना गर्न सक्छ ।

हाम्रो समाजमा पनि वर्ग उत्पतिसँगै कुनै न कुनै रुपको वर्ग सङ्घर्ष हुँदै आएको थियो । उत्पादक शक्ति (श्रमजीवी जनता) र उत्पादन सम्बन्ध शासक वर्गबीचका सङ्घर्षका अनेक आरोह/अवरोह पार गर्दै आएको नेपाली समाज पनि वर्ग सङ्घर्ष र घात/प्रतिघातको इतिहासले भरिएको छ । वर्ग सङ्घर्षका पुराना इतिहासको राम्रो खोजविन हुन सकेको छैन । प्रत्येक गाविस, नगर र जिल्लाका पार्टी कमिटीले यसको खोजीनीति गर्नुपर्छ र त्यसबाट उचित शिक्षा लिँदै अघि बढ्नुपर्छ । इतिहास हाम्रा गुरु हो, इतिहासमा भएका राम्रा कार्यबाट सकारात्मक शिक्षा लिने र इतिहासका गल्ती कमजोरीबाट सतर्क हुने कार्यलाई महत्वका साथ ग्रहण गर्नुपर्छ । सामन्तवाद र साम्राज्यवादको थिचोमिचोमा परेका नेपाली सर्वहारा श्रमजीवी जनताको मुक्तिका लागि सचेत, सङ्गठित र सङ्घर्षशील जुझारु कम्युनिष्ट पार्टीको आवश्यकतालाई महसुस गरेर क. पुष्पलालको अगुवाइमा २००६ साल वैशाखमा नेपाल कम्युनिष्ट पार्टी स्थापना भयो ।





कम्युनिष्ट पार्टीले आफ्नो पहिलो घोषणापत्रमा नै पूर्ण नागरिक स्वतन्त्रताको शङ्खनाद गर्दै "राणासँग सम्झौता होइन क्रान्ति, सामन्तवादी शासन व्यवस्थालाई चकनाचुर गर, विदेशी साम्राज्यवाद र भारतीय पुँजीवादको घेरा र प्रभावदेखि अलग होऊ, मजदुर र किसानको शासन खडा गर" भन्ने भावनाले जनतालाई सङ्गठित गर्न र त्यो सङ्गठित शक्तिले योजनाबद्धरुपले वर्ग सङ्घर्ष थालनी गऱ्यो । यसको केही समयपछि नै देशको प्रमुख उत्पादक शक्ति किसानमाथि भएको शोषण, थिचोमिचो र असमानताको अन्त्य गर्न र ग्रामीण श्रमजीवी जनता र सम्पूर्ण किसानलाई सङ्गठित वर्ग सङ्घर्षमा उतार्ने पार्टीको योजनामा थप बल पुऱ्याउन अखिल नेपाल किसान सङ्घ, अखिल नेपाल महिला सङ्घ, मजदुर सङ्गठनलगायत्का सङ्गठनमा सङ्गठित गर्दै सबै वर्ग र तहका श्रमजीवी जनतालाई सङ्घर्षमा उतार्ने प्रयत्न गऱ्यो । यसपछि तमाम अप्ठेरो र दमनको सामना गर्दै ग्रामीण जनता सङ्घर्षमा उत्रिए । देशका अनेक भागमा बलिदानपूर्ण सङ्घर्ष भए । स्थानीय वर्ग सङ्घर्षका केही उल्लेखनीय घटना र प्रवृत्तिबारे यहाँ चर्चा गर्नु आवश्यक र सान्दर्भिक हुनेछ ।

निरङ्कुश राणाशाहीको थिचोमिचो र शोषणबाट देशलाई मुक्त गराउन सकियो भने देशमा प्रजातान्त्रिक समाज स्थापना गर्न सकियो भने जनताका खासगरी किसान र मजदुरका कुरा सुनिएला, भूमिहीन तथा गरिब किसानले जमिन र सम्मान पाउलान्, मजदुरले रोजगारी र उचित ज्याला पाउलान् भन्ने लागेको थियो । राणा शासन हट्यो र राणा-कङ्ग्रेसको बहुदलीय सरकार स्थापना भयो । त्यसको केही दिनपछि नै गरिब किसान परिवारका छोराछोरी जो विराटनगर जूट मिलमा काम गर्थे, तिनले उठाएका न्यायोचित माग पूरा गर्नुको साटो २००८ वैशाख ५ गते तत्कालीन बडाहाकिमको आदेशमा ९ जना मजदुर मारिए । ५१ जना घाइते भए ।

त्यसरी नै २००८ साल वैशाख महिनामै बर्दिया जिल्लाको राजापुरका कमैया, हलिया, भूमिहीन किसान, गरिब किसान सामन्त जमिनदार वर्गको चरम शोषणका विरुद्ध सङ्गठितढङ्गले सङ्घर्षमा उत्रिएका थिए । त्यो अत्याचारविरुद्ध सडकमा उत्रेका किसानलाई दमन गर्न, सामन्त जमिनदार वर्गको इशारामा तत्कालीन संयुक्त सरकार उत्रियो ।

किसानको जुलुसमा अन्धाधुन्ध बर्साइएको गोलीले ६ जना किसान ठहरै मारिए । २७ जना किसान घाइते भए ।

यसैगरी बारा र पर्साका किसान वीरगन्जका व्यापारीको जमिनमा काम गर्ने ज्यामीले ज्याला वृद्धिको माग लिएर सङ्घर्षमा उत्रिएका थिए । दैनिक ५ आना ज्याला बढाएर १७ आना गरियोस् भन्ने गरिब किसानको मागलाई पूरा गर्न वीरगन्जका व्यापारी जमिनदार तयार भएनन्, सरकारलाई गुहार्न लागे । यस्तो स्थितिमा सङ्गठित सङ्घर्षको आवश्यकता महसुस गरी नेपाल कम्युनिष्ट पार्टी र अखिल नेपाल किसान सङ्घले गरिब किसान परिवारका कृषि मजदुरका माग जायज भएको ठहर गर्दै सङ्गठित र सङ्घर्षशील गरिब किसान र तिनलाई साथ दिने सबै किसान, मजदुर र विद्यार्थीसमेतलाई सडकमा उत्रन प्रेरित गऱ्यो । यो लडाकु तथा जोशिलो जुलुसमाथि तत्कालीन सरकारले २००८ साल जेठ १२ गते गोली प्रहार गरी ५ जना कृषि मजदुरलाई ठहरै मारे र १ सय २५ जनालाई घाइते बनाए । यसरी पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलको तराईको केन्द्र विराटनगर, वीरगन्ज बर्दियाको राजापुरमा भएको दमनले तत्कालीन सरकार सामन्त जमिनदार वर्गको हिमायती र गरिब किसान, मजदुरको बैरी रहेछ भन्ने कुरा सबै श्रमजीवी जनताले आफ्नै आँखाले देखे/भोगे । यसपछि देशका अनेक भागमा पार्टीको पहलकदमी र किसान सङ्घको प्रत्यक्ष नेतृत्वमा स्थानीय वर्ग सङ्घर्ष, लडाकु प्रतिरोधी सङ्घर्ष, जुलुस, धर्ना, सभा, ऱ्याली भए । शताब्दियौँदेखि चीर निद्रामा निदाएर दबिउका किसान ब्युँझिएर उठ्न थाले । राष्ट्रियताको सवाल खासगरी २००८ सालमा भएको दिल्ली सम्झौताविरुद्ध सशक्त ढङ्गले उत्रिएपछि नेपाल कम्युनिष्ट पार्टीमाथि तत्कालीन सरकारले प्रतिबन्ध लगायो । प्रतिबन्ध लगाउने तत्कालीन सरकारबिरुद्ध किसान सङ्घको झण्डामुनि पार्टीका नेता तथा कार्यकर्ता पनि स्थानीय वर्ग सङ्घर्ष र किसान आन्दोलनमा उत्रन थाले ।

यसपछि बारा, पर्सा र रौतहटमा हजारौँ किसान सामन्तविरुद्ध सङ्घर्षमा उत्रिए । जाली तमसुक गर्ने, ज्याला कम दिने, ज्यालाको भराई-जोखाइमा ठग्ने, भूस मिसिएको धान दिने, बेठबेगारी गराउने, अपमान अपहेलना गर्ने, तँ भनेर बोलाउने, मान्छेलाई मान्छेजस्तो





व्यवहार नगर्ने, “एरे” भनेर बोलाउनेविरुद्ध बृहत् आन्दोलन भयो । अन्यायविरुद्ध र स्वाभिमानका लागि गरिएको यो आन्दोलनमा लाखौंको तमसुक जलाइए । यो सङ्घर्षमा हजारौँ किसानको सहभागिता रह्यो । गढहलमा कमरेड मुखलाल महतोको हत्या भयो । हत्याविरुद्ध जनताले शान्तिपूर्ण तर लडाकु प्रतिरोध गरे । जे होस्, यो सङ्घर्ष स्थानीय वर्ग सङ्घर्षको महत्वपूर्ण घटनाका रुपमा स्मरण गर्न योग्य घटना हो ।

२००८ सालमा यसैगरी भोजपुरको टक्सार बजारमा शङ्कर राईको नेतृत्वमा मोहियानी हकका निम्ति भएको सङ्घर्ष, भोजपुरकै नेपालडाँडामा दलबहादुर राईको नेतृत्वमा भएको सामन्तविरुद्धको आन्दोलन, २०११ सालमा कमरेड एकदेव आलेको नेतृत्वमा तनहुँको दमौली गुणादी, आँबु, गोरखाको च्याङ्लिटारमा सुकुम्बासीलाई बसोबास गराउने, जाली तमसुक च्यात्ने जस्ता आन्दोलन भएको थियो । २०११ सालमा झापामा “खमारबन्द” आन्दोलन भ्रमणसिंह राजवंशीको नेतृत्वमा भएको थियो । यसै समयमा मोरङको हसनदह र अमरदहमा भएको स्थानीय वर्ग सङ्घर्ष पनि स्मरणयोग्य घटनाका रुपमा लिइन्छ । यस्तै २०१७ सालमा दाङको बेलुवामा भएको स्थानीय वर्ग सङ्घर्षकै क्रममा कमरेड गुमराह थारुको हत्या भएको थियो ।

सुदूर पश्चिमाञ्चलमा खासगरी हालको महाकाली अञ्चल र कैलाली जिल्लासम्म भीमदत्त पन्तको अगुवाइमा भएको सङ्घर्ष त्यसबेला र हालसम्मको पनि छुट्टै विशेषता राख्ने स्थानीय वर्ग सङ्घर्ष हो । त्यहाँका जनताले न्याय निसाफ नपाउने, दिनदहाडै लुटपाट, हत्या, हिंसा र बलात्कारको शिकार हुनुपर्ने, शोषण, उत्पीडनको सीमा नै नभएको, पार्टीको सम्पर्क व्यवस्थित नभएको, किसान सङ्घको पनि व्यवस्थित सम्पर्क नभएको बेला उत्साही क्रान्तिकारी भीमदत्त पन्तको नेतृत्वमा भएको त्यो सशस्त्र स्थानीय वर्ग सङ्घर्ष इतिहासले विशेषढङ्गले सम्झना गर्ने घटनाका रुपमा चर्चित छ । त्यहाँका अत्याचारी सामन्त जमिनदार वर्ग र बडाहाकिमसमेत भ्रष्ट कर्मचारीविरुद्ध भीमदत्त पन्तले जे गर्नुभयो, उहाँको चेतनाअनुसार सराहनीय घटनाका रुपमा लिनुपर्छ । उहाँको विद्रोहलाई दमन गर्न भारतीय फौज डाक्नुपर्ने स्थितिले त्यसबेला पार्टीले सशक्त योजना

बनाएर लाग्न सकेको भए आन्दोलनले नेपालको ठूलै हिस्सालाई आफ्नो अङ्गालोमा लिन सक्ने रहेछ भन्ने पुष्टि गर्दछ ।

भीमदत्तको आँट र साहसमा ठोस स्थितिमा ठोस विश्लेषण गरेर पार्टीले योजनाबद्ध र स्पष्ट उद्देश्यका साथ राष्ट्रव्यापी आन्दोलन सञ्चालन गर्न सकेको भए त्यसताकाको अनुकूल अन्तर्राष्ट्रिय परिस्थितिमा राम्रै परिणाम दिन सक्ने अनुमान गर्न सकिन्छ तर त्यस्तो हुन सकेन । प्रतिक्रियावादी शासक वर्गले आफैँ नियन्त्रण गर्न नसकेपछि भारतीय फौज प्रयोग गराएर भीमदत्तको हत्या गराए । त्यसपछि आन्दोलन शिथिल भयो ।

सुविचारित नीति, सिद्धान्त, कार्यक्रम त्यसको योजनामा सङ्घर्ष, संस्थागत सङ्घर्ष र समीक्षा नहुँदा भीमसँगै त्यो स्थानीय वर्ग सङ्घर्ष पनि सेलाएर गयो । उल्टो त्यसको नकारात्मक असरले लामो समयसम्म सङ्घर्षको गति आउन सकेन । कम्युनिष्ट पार्टी र किसान सङ्घ दुवैको एकिकृत योजनाका साथ भएका ग्रामीण वर्ग सङ्घर्ष र किसान आन्दोलन जसरी अघि बढ्नुपर्थ्यो, बढेन । २०१३ सालमा स्वास्थ्यका कारण उपचारका लागि क. मनमोहन चीन जानुपर्ने र कार्यबाहक महासचिव बन्न कमरेड पुष्पलाल तयार नभएपछि अवसरवादी डा. केशरजङ्गले मौका पाए ।

यसपछि स्थानीय र राष्ट्रिय दुवै वर्ग सङ्घर्ष शिथिल हुँदै गयो । किसान आन्दोलन र स्थानीय वर्ग सङ्घर्षमा आएको शिथिलताले २०१५ सालको आमनिर्वाचनमा अपेक्षित सफलता प्राप्त हुन सक्ने, त्यसको असरले गाउँ गाउँमा झन् झन् दमन शोषण बढ्दै गयो । स्थानीय वर्ग सङ्घर्ष झन् झन् शिथिल हुँदै गयो । जनता निराश र शिथिल हुँदै गए । कङ्ग्रेस सरकारको ज्यादति, व्यापक कङ्ग्रेसीकरण, देशका अनेक भागमा लुटपाट, केही नहुने श्रमजीवी किसान, मजदुरमाथि शोषण, अलि अलि हुनेहरूको लुटपाट जस्ता घटना हुन थाले । यस्तै यस्तै कारण जनता निराश र कङ्ग्रेस उद्दण्ड भएको समय पारी २०१७ सालमा सीमित प्रजातान्त्रिक अधिकार खोसेर निरङ्कुशता लाद्ने काम राजा महेन्द्रबाट भयो । सबै पार्टी, सबै सङ्घ-सङ्गठन प्रतिबन्धित भए ।





३० वर्षसम्म राजाको प्रत्यक्ष नेतृत्वमा पञ्चहरूको निरङ्कुश तानाशाही शासन सञ्चालन भयो । यस्तो स्थितिमा पनि देशका अनेक गाउँ बस्ती र जिल्लामा स्थानीय वर्ग सङ्घर्ष भए । २०१९ मा तेह्रथुममा स्थानीय जाली फटाहा र सामन्तविरुद्धको सङ्घर्षमा कमरेड नेत्र गुरागाईंको हत्या भयो । २०२१ सालमा चितवनको पिठुवा गाविसमा गरिब किसानको बसोबास गराउने कार्यक्रममा खडानन्द लामिछाने मारिनुभयो । तर आन्दोलन तेजगतिका साथ जान सकेन । नेपाल कमयुनिष्ट पार्टीको तेस्रो महाधिवेशनपछि कमरेड तुलसीलाल अमात्यले प्रभावकारी नेतृत्व दिन सक्नुभएन र कमरेड पुष्पलालसमेत जेलबाहिर रहनुभएका अरु कमरेडहरूले पनि आन्दोलनलाई हाँक्न आ-आफ्नो ठाउँबाट एकीकृत ढङ्गले अघि बढ्न बढाउन सक्नुभएन ।

क्रमशः पार्टी विभाजनको ओरालो बाटो लाग्न थाल्यो । एकातिर पञ्चायती दमन र अर्कोतिर पार्टी विभाजनको पीडाले जनतालाई निराश बनाउन थाल्यो । यस्तो बेला पञ्चायती शासकहरूले विभिन्न सुधारका भ्रमजाल फैलाउँदै गए । जसले गर्दा राष्ट्रिय स्तरमा सङ्गठित आन्दोलन उठ्ने स्थिति थिएन । प्रतिकूल अवस्थामा पनि पार्टीलाई राष्ट्रव्यापीरुपमा फैलाउँदै लाने र जनतालाई आन्दोलित गर्ने क्षमता पार्टीमा थिएन । यस्तो स्थितिमा आ-आफ्ना सोचअनुसार भिन्नाभिन्नै स्थानमा भिन्नाभिन्नै तरिकाले स्थानीय वर्ग सङ्घर्ष हुन थाले । जनतामाथि भएको चरम दमन, शोषण र अत्याचारबाट आक्रोशित क्रान्तिकारी कमरेड खासगरिकन झापाका कमरेडले झापा किसान विद्रोहका रुपमा निरङ्कुश पञ्चायती तानाशाही व्यवस्थाका रक्षक सामन्त जमिनदार वर्गविरुद्ध धावा बोल्न थाल्नुभयो । सैद्धान्तिकरुपमा केही उग्रवामपन्थी गल्ती भए तापनि त्यसले सिङ्गै देशलाई ब्युँझाइदियो ।

यस क्रममा धेरै जिम्मेवार कमरेड जेल पर्नुभयो । कमरेड कृष्ण कुइँकेल, नारायण श्रेष्ठ, रामनाथ दहाल विरेन राजवंशी, नेत्र घिमिरेलगायत्का कमरेडको निर्मम हत्या भयो । २०३० साल कात्तिक २६ गते लुम्बिनी अञ्चलका सबै जिल्ला सदरमुकाममा किसानले आफ्ना माग राखी सामन्तवादविरुद्धको त्यो सङ्घर्षमा होमिए । त्यो सङ्घर्षमा धेरै दमन भयो । कयौं घाइते भए, कमरेड केशरमणि,

हेमनाथ भुसाल, बेदुराम भुसालसमेत धेरै जना पक्राउ पर्नुभयो । त्यो सङ्घर्षले लुम्बिनी अञ्चलमा नया तरङ्ग ल्यायो । २०३३ सालमै काभ्रे जिल्लाको तिमाल भेग र मण्डन भेगमा चर्को ब्याजविरुद्धको आन्दोलन र जुवातास विरोधी आन्दोलन, २०३४ मा जुगेडीमा भएको शोषण विरोधी सङ्घर्ष, २०३६ सालमा धनकुटाको खोकुछिन्ताङमा भएको सङ्घर्ष र त्यहाँ भएको क. भैरव राईसमेत दर्जनौंको हत्या भयो भने २०३६ साल जेठ १४ गते सुर्खेतको दशरथपुर किसान आन्दोलनमा इन्द्रबहादुर वि.सी., हर्कबहादुर सार्कीसमेत ७ जनाको हत्या भयो । त्यहाँ पनि शोषक सामन्तविरुद्धको साँस्कृतिक कार्यक्रममा हत्या भएको थियो ।

यसैगरी देशमा भएका सबैखाले राजनीतिक सङ्घर्षमा बल पुऱ्याउने गरी स्थानीय वर्ग सङ्घर्षहरू भएका छन् । २०३६ सालको आन्दोलन, त्यसपछि हालैसम्म पनि गाउँगाउँमा, बस्ती बस्तीमा जिल्ला जिल्लामा स्थानीय र क्षेत्रीय वर्ग सङ्घर्ष सामन्ती र अर्धसामन्ती शोषणविरुद्ध स्पष्ट दृष्टिकोण र योजनाका साथ राष्ट्रियस्तरमा कहिल्यै हुन सकेको छैन । वास्तवमा यसको सही सिंहावलोकन जरुरी छ ।

## विगतका स्थानीय वर्ग सङ्घर्षका रुप

हाम्रो देशको स्थानीय वर्ग सङ्घर्षको इतिहास नियाल्दा मूलत विभिन्न भागमा विभिन्न समयमा भएका किसान सङ्घर्ष र स्थानीय वर्ग सङ्घर्ष अभिन्न रहेको पाइन्छ । सिङ्गै देशको जनसङ्ख्याको अधिकांश किसान भएको देशको मूल उत्पादक शक्ति किसान र मूल उत्पादनको साधन भूमि भएकाले ग्रामीण वर्ग सङ्घर्ष भन्नु नै किसान सङ्घर्ष नै हुन आउँछ । ग्रामीण जनसङ्ख्याको सानो हिस्सा विभिन्न गैरकृषि पेशामा क्रियाशील भए तापनि मूलत आफूलाई कृषक परिवारकै रुपमा लिने गरेको पाइन्छ । स्वदेश र विदेशका विभिन्न सहरमा रोजगारका खोजिमा भौतारिँदै हिँडेका नवजवान पनि खासगरी किसान परिवारकै हुने गर्छन् । देशभित्रै प्रहरी, सेना, निजामती, शिक्षण पेशामा रहेका सेवा क्षेत्रका जनसमुदायमध्ये पनि अत्याधिक सङ्ख्या किसान परिवारकै हुने गर्छन् । यसकारण ग्रामीण क्षेत्रमा ज्याला वृद्धि, तलब वृद्धि, रोजगारको माग र शोषण उत्पीडनविरुद्ध र सामाजिक न्यायका





लागि गरिने सङ्घर्षसमेतका स्थानीय वर्ग सङ्घर्षले किसान सङ्घर्षकै रुप लिन पुग्छ ।

यस कारण विगतका स्थानीय वर्ग सङ्घर्ष मूलत किसान सङ्घर्ष नै हुन् । माथि उल्लेखित २००७ सालयताका सङ्घर्षको माग, सङ्घर्षको रुप, सङ्घर्षको थालनी र अन्त्य, सङ्घर्षको उपलब्धि हेर्दा लक्षसहित योजना बनाएर थालिएको सङ्घर्ष जस्तो लाग्दैन । खास खास स्थान र खास खास प्रकृतिको दमन उत्पीडनविरुद्ध त्यस स्थानमा क्रियाशील कार्यकर्ता वा नेताको विवेकअनुसारका सङ्घर्ष भएको र खास उपलब्धिविना सम्झौताविना स्वतः स्थगन भएको पाइन्छ । कतै व्यापक हत्या, दमन, धरपकडपछि शिथिल भएर आन्दोलन स्थगित भएको, या त आन्दोलनले एक निश्चित उचाइ पाएपछि क्रमशः शिथिल हुँदै रोकिएको पाइन्छ ।

२००७ साल, २०३६ साल र २०४६ सालमा आन्दोलन एउटा स्तरमा पुगेर टुङ्गिएकोबाहेक २००६ सालमा पार्टी स्थापनापछि राणाशाही अन्त्य गर्ने र नौलो जनवादी क्रान्तिको तयारी गर्ने उद्देश्यसहित पार्टी गठन र त्यसै आधारमा सङ्गठन निर्माण र गतिविधि भए पनि स्थानीय वर्ग संङ्घर्षका लागि आह्वान र आग्रह धेरै भए तर एकीकृत र राष्ट्रिय योजना बनाएरै लागेको भेटिन्न । त्यसपछि पञ्चायतको अन्त्य र नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न सङ्गठन निर्माण र सङ्घर्षको तयारी गर भन्ने आम कुरा भए पनि ग्रामीण जनताका समस्या सञ्चालन गर्न साँच्चैको योजना बनाएर लागेको पाइँदैन । यसरी किन योजना बनेन, किन योजनाबद्ध ढङ्गले लाग्ने कार्य भएन ? यसका पछाडि के कारण छन् ? यो खोजिनीतिको विषय हो ।

देशका विभिन्न भागमा विभिन्न स्थानमा जे-जस्तो स्तरको जे/जतिमात्रामा ग्रामीण वर्ग सङ्घर्ष भए, त्यसको कारणको सिंहावलोकन गर्दा भिन्नाभिन्नै खालको पाइन्छ । जुनजुन स्थानमा पार्टीका पूर्णकालीन कार्यकर्ता वा अल्पकालीन कार्यकर्ता जहाँ जहाँ जमेर साङ्गठनिक काममा लागे, त्यहाँ त्यहाँ त्यही त्यही मात्रामा र स्तरका ग्रामीण वर्ग सङ्घर्ष भएको पाइन्छ । आजको माओवादी प्रभावित जिल्ला पनि हिजो बाक्लो आन्दोलन भएको ठाउँ नै हो । एउटा पार्टीको कार्यक्षेत्रभित्र पनि कार्यकर्ताको स्वभावअनुसार वर्ग

चरित्र, वर्ग दृष्टिकोणको आधारमा सङ्घर्ष भएको पाइन्छ । उस्तै उस्तैखालका समस्याबाट पिरोलिएका जनता भएको ठाउँमा पनि त्यहाँको सङ्गठकको क्षमता, आचरण र व्यवहारका आधारमा भिन्नाभिन्नै स्तरको सङ्घर्ष भएको वा केही पनि नभएको देख्न सकिन्छ ।

ग्रामीण वर्गसङ्घर्ष स्वतः पनि हुने होइन । तर पनि पार्टीले राष्ट्रव्यापीरुपमा ग्रामीण वर्ग सङ्घर्ष सञ्चालन गर्न विशेष कार्यक्रम बनाएर लगेको पाइँदैन । क्रान्ति गर्न क्रान्तिकारी सिद्धान्त, कार्यक्रम, सङ्गठन र सङ्घर्ष आवश्यक पर्छ । यसका लागि सबै पार्टी कार्यकर्ता लागिरहनुपर्छ भन्ने कुरा आदेशनात्मक र निर्देशनात्मकरुपमा वा आह्वानका रुपमा नभएको होइन, व्यापक भएको हो । तर ग्रामीण क्षेत्रका समस्या पहिचान गरी त्यसमै केन्द्रित भएर राष्ट्रव्यापी स्थानीय वर्ग सङ्घर्ष सञ्चालन गरेको पाइँदैन । तैपनि जुनजुन समय पार्टीले आफ्नो कामको केन्द्रविन्दु गाउँमा बनायो, त्यसबेला ग्रामीण वर्ग सङ्घर्ष भयो । सहर केन्द्रित भएको बेला शिक्षक, विद्यार्थी, कर्मचारी, बुद्धिजीवीबीच आन्दोलन भयो । २००७ सालको परिवर्तनका लागि राणा विरोधी सङ्घर्ष, २०१७ सालदेखि २०४६ सालसम्म पञ्चायत विरोधी सङ्घर्ष र त्यसपछि कङ्ग्रेसी सर्वसत्तावाद विरोधी सङ्घर्ष भएका छन् । त्यस्तो सङ्घर्षमा ग्रामीण क्षेत्रका सचेत जनता र कार्यकर्ताको उल्लेखनीय भूमिका थियो । तर त्यस्तो सङ्घर्षलाई ग्रामीण वर्ग सङ्घर्ष भन्नुभन्दा राजनीतिक परिवर्तनका लागि वा राजनीतिक सुधारका लागि सङ्घर्ष भन्नु उपयुक्त हुनेखाले सङ्घर्ष मात्रै भए । राष्ट्रव्यापी वा राष्ट्रियस्तरका स्थानीय वर्ग सङ्घर्ष योजनाबद्धरुपमा सञ्चालन गरिएन ।

## ग्रामीण वर्ग सङ्घर्षका समस्या

### विकल्परहित अवस्था नहुनु

नेपाल-भारतबीच खुला सीमा छ । प्रत्येक नेपाली बिनाकुनै रोकतोक भारत प्रवेश गर्न सक्छ । भारतको खेत खलीहानमा गएर काम गर्ने, कोइलाखानी र इँटाभट्टामा गएर काम गर्ने, सडक निर्माणमा काम गर्ने, उद्योगधन्दा कलकारखानामा काम गर्ने, सेना प्रहरी र अन्य





सरकारी सेवामा काम गर्ने, घरघरमा पालेपहरा बस्ने, घरेलु कामदारका रुपमा काम गर्ने र कतिपय सहरमा उल्लेखै गर्न नसकिने धन्दामा पनि लाग्ने गरेको नेपाली छन् । नेपालका सुदूरवर्ती गाउँबस्तीमा बसोबास गर्ने र तराईका समथर फाँटमा काम गर्ने भूमिहीन किसान, गरिब किसान र निम्न मध्यम किसान परिवारका सदस्य अशिक्षा र अज्ञानताको शिकार छन् । यस्ता जनता नै साहूको ऋण, पुर्ख्यौली ऋण, दुःख बिरामी र असर पर्दाको ऋणको भारमा पिल्सिएपछि मुग्लान पस्ने गर्छन् । जाली फटाहा, शोषक सामन्त, भ्रष्ट प्रशासनले जब जब दुःख, पीडा दिन थाल्छ, त्यस्ता बेला खानेपानी, सिचाई, कृषि सडक, विद्युत् आदिको सुविधा नभएको र भारतमा रम्झम् भएको कुरा सुनेपछि तुलबुलाएको मन शान्त पार्न थपक्क भारततर्फ लाग्ने मानसिकता छ । यस्तो स्थितिमा शोषणविरुद्ध जुझ्ने, पछौटेपनविरुद्ध जुझ्ने, पूर्वाधार विकासका निम्ति लागिपर्ने र आफ्नो गाउँ, आफ्नो बस्तीमा सामाजिक न्यायका लागि, विकासका लागि, उत्पादन वृद्धिका लागि सङ्घर्ष गर्नुबाहेक विकल्प नभइदिएको भए वर्ग सङ्घर्ष र उत्पादनका लागि सङ्घर्ष अलि गतिका साथ जान सक्थ्यो, स्थानीय वर्ग सङ्घर्ष तेज हुन सक्थ्यो । हाल अत्यन्तै पछौटे अवस्थामा रहन विवश गाउँ बस्तीमा हुने तेज वर्ग सङ्घर्षले त्यस्ता वर्ग सङ्घर्षका आँधीले सामन्तवादका अवशेषलाई बढारकुँडार पार्न सक्थ्यो तर त्यसो हुन सकेको छैन ।

अछाम, दैलेख, बझाङ, बाजुरा, बैतडी, रोल्पा कालिकोट, रुकुम, जाजरकोट ६०% भन्दा बढी गरिब किसान बसोबास भएको, शोषण उत्पीडन भएको, विकाशका पूर्वाधार नभएको जिल्लामा पर्छन् । तर त्यहाँ हजारौँ ऊर्जावान् उमेरका युवा शक्ति भारतका सहरमा भेटिन्छन्, गाउँमा होइन । यसैगरी तराईका सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, रौतहटको दक्षिण भेगका गरिब किसान भारतको पञ्जाव, हरियाणाका खेतबारीमा काम गर्न पुग्छन् त्यतै भेटिन्छन् । यो त केही उदाहरणमात्र हो । बाँकी ठाउँमा पनि ठूलै सङ्ख्यामा भारत जाने र जे भेटिन्छ त्यही काम गर्ने, गाँस, बास र कपासका लागि शिक्षा स्वास्थ्य, सडक र रोजगारका लागि जमेर ग्रामीण वर्ग सङ्घर्ष गर्न विकल्परहित हुन सकेको छैन । यो पनि अनेक कारणमध्ये एक हो ।

यसैगरी राई, लिम्बू, मगर, गुरुङ जातिको बाक्लो बस्ती भएका जिल्लामा हङकङ, मलेसिया, सिङ्गापुर, खाडी क्षेत्र, जापान, द. कोरियालगायत्का देशमा फौजी र गैरफौजी पेशामा गएका, उनीहरूले कुस्त पैसा कमाएर गाउँमा ठाँटसँग बसेका, लाहुरेहरूको गाउँको भुरेटाकुरे सामन्त जाली जुलुमीभन्दा भव्यताका साथ सान सौकत देखिने हुँदा "सम्पन्नता शोषणकै उपज हो" भन्ने कुरा खण्डित भएको महसुस गर्ने, आफू गरिब भएको शोषणबाट हो भन्ने नठानेर "मलाया र हङकङको लाहुरे हुन नपाएकाले हो" भन्ने सोचाइ पनि छ । स्थानीय समस्या खोजी गर्ने, समाधानका लागि सङ्घर्ष गर्ने कार्यमा लाग्नुको साटो कसरी विदेश फुत्कने भन्ने चिन्ता लिएर दिन बिताउने काममा सम्बन्धित गाउँका अगुवा चेतनाकै मान्छेसमेत लागेको पाइन्छ । यहाँ पनि "मैले मेरो गाउँ, मेरो जिल्ला मेरो देश नबनाइकन अरु विकल्प छैन" भन्ने भावना विकास गर्नका लागि उक्त विकल्पले पनि अलिकति वर्ग सङ्घर्षको तापक्रममा पानी खन्याएको छ ।

## स्थान र पेशाप्रतिको अस्थिर मनस्थिति हुनु

ग्रामीण क्षेत्र किसानकै बसोबास क्षेत्र हो । स्थानीय वर्ग सङ्घर्ष मूलतः किसान सङ्घर्ष नै हो । हाम्रा ग्रामीण किसानमध्ये अधिकांश आफ्नो पेशाप्रति उदासिन छन् । आफू बसेको ठाउँप्रति उदासिन छन् । आफ्नो सिप, आफ्नो पेशा, आफ्नो गाउँ, आफ्नो ठाउँप्रति विश्वस्त हुँदै त्यहाँ उत्पन्न समस्या समाधान गर्न, त्यहाँको शोषण उत्पीडनका विरुद्ध जमेर विरोध र सङ्घर्ष गर्न गम्भीरसाथ नलागेको पाइन्छ । त्यहाँको उन्नति प्रगतिका लागि, सामाजिक न्यायका लागि, पूर्वाधार विकासका लागि, राजनीतिक आधार सिर्जना गर्नका लीग गम्भीर ढङ्गले नलाग्ने, पेशा र बसाई सार्ने मुडमा रहने अस्थिर मनस्थितिले पनि स्थानीय वर्ग सङ्घर्षको गति मन्द बनाएको छ । हाम्रो गाउँको विकल्प छैन, हाम्रो पेशा र स्थानको विकल्प छैन । यही ठाउँ बनाउनुपर्छ । यहाँ भएको शोषण उत्पीडनको डटेर सामना गर्नुपर्छ । त्यसका लागि सचेत, सङ्गठित र सङ्घर्षशील भावनामा ग्रामीण जनतालाई आबद्ध गर्नुपर्छ भन्ने भावना विकास गर्न जरुरी छ । जमेर प्रत्येक गाउँ बस्तीमा आत्मविश्वासका साथ काम गर्ने सक्षम वर्गीय कार्यकर्ता हुन आवश्यक छ । यो आवश्यकता पूरा गर्न दोहोरै कार्य





गर्नुपर्छ । आन्दोलन र स्थानिय वर्ग सङ्घर्षले सक्षम वर्गीय कार्यकर्ता तयार गर्छ । सक्षम वर्गीय कार्यकर्ताले स्थानीय वर्ग सङ्घर्ष र आन्दोलन हाँक्न सक्छ । यो स्थानीय वर्ग सङ्घर्षलाई प्रभावकारी बनाउन अपनाउनुपर्ने द्वन्द्वात्मक सम्बन्ध हो । भएको शक्तिले स्थानीय वर्ग सङ्घर्ष सञ्चालन गर्ने, वर्ग सङ्घर्ष र आन्दोलनले खारेको कार्यकर्तालाई अझै व्यवस्थितरुपले सङ्गठित गर्ने, त्यो सक्षम र व्यवस्थित सङ्गठनले अझै सशक्त आन्दोलन र स्थानीय वर्ग सङ्घर्ष सञ्चालन गर्नुपर्छ । हालको स्थानीय वर्ग सङ्घर्षका समस्याबाट उदासिनतालाई चिर्दै तोड्दै जानुपर्छ । समाजको शोषण र भेदभावका विरुद्ध, कुसंस्कार कुरितिका विरुद्ध, जातीय तथा लैङ्गिक भेदभावका विरुद्ध, क्षेत्रीय विभेदका विरुद्ध, जुवातास दुर्व्यसनका विरुद्ध, समाजको अग्रणी र प्रगतिका लागि स्थानीय वर्ग सङ्घर्ष सञ्चालन गर्न जरुरी छ । स्थान र पेशाप्रति अस्थिर मनस्थिति तोड्नुपर्छ ।

## स्थानीय पार्टी कार्यकर्ता आधारभूत वर्गकामा सीमित हुनु

पार्टी वरिपरिका सम्पूर्ण जनसङ्गठन तथा पेशागत सङ्गठन, स्थानीय निकायका पदाधिकारी तथा सदस्य तुलनात्मकरुपले अलिक अगुवा र हुनेखाने परिवारबाट आएका छन् । अशिक्षा, गरिबी, व्यस्तता, अत्यन्त न्युन शिक्षा वा निरक्षर भएका कारण भूमिहीन किसान, गरिब किसान, सहरिया गरिबबाट स्थानीय नेतृत्व दिन सक्ने तहका कार्यकर्ता थोरै हुनु र प्रायः मध्यम किसान र निम्न पुँजीपति वर्ग स्रोतबाट आएका शिक्षक, विद्यार्थी, कर्मचारी क्षेत्रबाट राजनीतिमा प्रवेश गरेका कार्यकर्ताको बाहुल्यता छ । यो पङ्क्ति सामान्यतया गाउँका अलिक हुनेखाने परिवारबाटै आएका छन् । ग्रामीण क्षेत्रमा चर्को ब्याजबाट गर्ने शोषण, ज्याला मजदुरीबाट गर्ने शोषण, मोहियानी बेदखली गर्ने, स-साना पसल-व्यापारबाट गर्ने शोषण, स-सानाखाले लेखनदास, दलाली गर्ने, जाली, किर्ते गर्ने, मुद्दा-मामिलाको मध्यस्थानबाट गर्ने शोषण साँध-सिमाना, पानीपँधेरो, घाट, चरन, वनलगायत्को उपयोग र उपभोगमा प्रशासनसँग मिलेमतो गरी अचेत, असङ्गठित र गरिब किसानलाई नोक्सान पार्ने प्रकृतिको शोषण, स्थानीय निकाय र उपभोक्ता समितिमा बसेर आएको बजेट हिनामिना गर्ने, लाभ लिने

यस्ता प्रकृतिका शोषण र भ्रष्टाचार गर्नेहरू सामान्यतया त्यही वर्गका हुने गर्छन् ।

यस्ता कुराविरुद्ध नाता-गोता कूल-कुटुम्ब छिमेकी दाजुभाइ नभनिकन श्रमजीवी वर्गका निम्ति झम्टेर स्थानीय वर्ग सङ्घर्ष हाँक्ने आँट र दृष्टिकोणको अभाव छ । यो स्थिति तोड्न स्थानीय पार्टी कार्यकर्तामा वर्गीय भावना, दृष्टिकोण, वर्ग घृणा तेज बनाउने गरी पार्टीको जुझारु गतिविधि नथालीकन स्थानीय वर्ग सङ्घर्ष तेजिलो, धारिलो र सशक्त हुन सक्दैन । त्यो मामिलामा हाम्रो ध्यान केन्द्रित हुन र राष्ट्रव्यापीरुपमा पार्टीको केन्द्रदेखि स्थानीय कमिटीसम्म शुद्धीकरण अभियान सञ्चालनको समस्या छ ।

## जथाभावी पार्टी प्रवेश प्रभाव

हाम्रो पार्टीले बहुदलीय खुला समाज, बहुदलीय प्रतिस्पर्धाको प्रणाली, शक्तिपृथकीकरणको सिद्धान्त, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमतको विपक्ष रहने कुरा कार्यक्रममा स्पष्ट र खुल्लारुपले अघि सारिसकेपछि र २०५१ सालमा एमालेको अल्पमतको सरकार हेरिसकेपछि विभिन्न बुर्जुवा राजनीतिक पार्टी परित्याग गर्दै एमालेमा आउने क्रम तीव्र भएको छ । कतिपय स्वतन्त्र नागरिक, जो विभिन्न पेशा-व्यवसायमा, विभिन्न समुदायका आ-आफ्ना संस्कार, संस्कृति चालचलन र रहनसहन यथावत् राखेर एमालेमा प्रवेश गरेका छन् । यसरी प्रवेश गर्नेको लहर नै चलेको छ । यसरी प्रवेश गर्ने क्रम राम्रो पनि हो तर यसका साथै गैरसर्वहारा चरित्र, गैरसर्वहारा चिन्तन, गैरसर्वहारा क्रियाकलाप र कतिपय शोषक तथा भ्रष्ट मनोवृत्ति र व्यवहारसहित आएका पनि छन् ।

पार्टीलाई समर्थन गरेपछि, बेलाबखत लेवी चन्दा दिएपछि, आम्नेसाम्नेको व्यवहारमा राम्रो बोलीचाली गरेपछि बाँकी अवधिमा जेसुकै गरे पनि कम्युनिष्ट हुन पाइन्छ भन्ने गलत चिन्तनले प्रवेश पाएको छ । पार्टी प्रवेश गराउने, त्यसपछि तिनलाई व्यवहार र सिद्धान्त दुवै क्षेत्रबाट रुपान्तरित गर्न गर्नुपर्ने काम केही नगर्ने । यो सबै देखेका पार्टीभित्रका इमानदार र आधारभूत वर्गका कार्यकर्ता निराश र निरुत्साहित हुन्छन् । वर्ग घृणा कमजोर हुँदै जाने, आफैंभित्र





समस्या छ भने कहाँ कसको विरुद्धमा कसरी सङ्घर्ष गर्ने, किन सङ्घर्ष गर्ने भन्ने धारणा विकसित हुँदै जाने कारणले पनि स्थानीय वर्ग सङ्घर्षले गति लिन सकेको छैन ।

यस्तो स्थिति तोड्न पार्टीभित्र र बाहिर जहाँसुकै जतासुकै देखिने शोषण, उत्पीडन, अपमान अपहेलना, भ्रष्ट आचरणविरुद्ध पार्टी कमिटीहरूले पार्टीको घोषित नीतिभित्र रहेर नियमित सङ्घर्ष गर्नुपर्छ । अनिमात्रै असल उद्देश्यका लागि जुट्ने र खराब क्रियाकलाप गैरसर्वहारावादी क्रियाकलापविरुद्ध जुध्ने कार्यलाई आफ्नो दैनिक कार्य बनाउनुपर्छ । यसका लागि स्थानीय पार्टी कमिटीले आफ्नो नियमित एजेण्डा बनाउनुपर्छ तर बनाउन सकिएको छैन । स्थानीय वर्ग सङ्घर्ष प्रभावकारी हुन नसक्नुको कारणमा यो पनि महत्वपूर्ण हुन गएको छ ।

## पार्टीको वर्गीय पहिचान जनताको सामु अस्पष्ट हुनु

एउटै परिवारमा, एउटै राजनीतिक दलमा र एउटै समुदायमा समेत विविधता देखिन्छ । भिन्नाभिन्नै दर्शनमा आधारित राजनीतिक दलमा राजनीतिक कार्यक्रम, कार्यनीति र नारा भिन्नाभिन्नै भए पनि वर्गीय पहिचान अस्पष्ट हुँदै गएको छ । एकै परिवारका बाबु सामन्ती शोषणमा लागिरहेको छ । त्यही घरको छोरो क्रान्तिकारी पार्टीमा सामेल भएको छ, चर्को कुरा गर्छ, चर्को भाषण गर्छ, पढेलेखेको छ, पार्टीको स्थानीय कमिटीमा पनि सङ्गठित छ । स्थानीय निकाय निर्वाचनमा निर्वाचित पनि भएको छ । यस्तो स्थितिमा प्रत्येक गाउँ, टोल गाविस तहमा जनविरोधी क्रियाकलापमा लागेका भ्रष्ट र शोषक वर्गका विरुद्धको सङ्घर्ष सङ्गठित गर्नुपर्ने पार्टी कमिटी र त्यसका जिम्मेवारको वर्ग चरित्र, वर्ग स्रोत, वर्ग सम्बन्धका कारण आधारभूत वर्गका श्रमजीवी वर्ग आक्रामक हुन सकेका छैनन् । यस्तो स्थितिमा स्थानीय पार्टी कमिटी, जनसङ्गठन र पेशागत सङ्गठनमा वर्गीय प्रष्टता आवश्यक पर्छ । जुनसुकै वर्ग स्रोतबाट आएका कार्यकर्ता वा नेता भए पनि आधारभूत वर्ग श्रमजीवी वर्गको पक्षमा श्रमजीवी वर्गलाई सचेत र सङ्गठित गर्दै स्थानीय वर्ग सङ्घर्ष सञ्चालन गर्नुपर्नेमा व्यावहारिकताका नाममा गैरसर्वहारावादी उदारता वा वर्ग विचलनका कारण अल्मलिएको स्थानीय पार्टी कमिटीले सङ्घर्ष हाँक्न

असमर्थ भएको छ । यो पनि स्थानीय वर्ग सङ्घर्ष सञ्चालनका लागि बाधक पक्ष हुन गएको छ ।

## संसदीय सङ्घर्षबारे बुझाईमा अस्पष्टता

गाउँमा गाविस आफ्नै पार्टीको छ, जिल्लामा जिविस आफ्नै पार्टीको छ, केन्द्रमा वेलाबखत सरकार बनेको छ । गाउँ, जिल्ला र केन्द्रमा विभिन्न वुर्जुवा पार्टी र वुर्जुवा व्यक्तित्व हरेकसँग सहकार्य भइरहेको छ । स्थानीयदेखि लिएर केन्द्रका नेतासम्म सबै आ-आफ्नो तहका बुर्जुवा नेताहरूसँग एकै मञ्चमा उपस्थित हुन्छन्, सँगसँगै काम गरिरहेका छन् । भेला समारोहमा सँगै सहकार्य गरिरहेका छन् । जसका विरुद्ध सङ्घर्ष गर्नुपर्ने छ, जुन सङ्गठन, संस्था, वर्ग वा समूदायका विरुद्ध वर्ग सङ्घर्ष गर्नुपर्ने हो, तीसँगै अगुवा नेताको सहकार्य भएको, एउटै मञ्चमा बसेको सङ्घर्षमा सहभागी हुनुपर्ने कार्यकर्ता र जनताले हेरिरहेका छन् । त्यस्तो स्थितिमा सङ्घर्ष सञ्चालन गर्न सरल हुँदैन । प्रतिक्रियावादी पार्टीहरू विपक्षमा छन्, त्यस्ता ठाउँमा सङ्घर्षप्रतिको अस्पष्टता बढी भएको पाइन्छ । समग्रमा संसदीय सङ्घर्षको मर्मलाई नबुझेर संसदीय सङ्घर्षसँगै वर्ग सङ्घर्षलाई कसरी तेज गतिसाथ लानुपर्छ भन्नेबारे राजनीतिक वैचारिक अस्पष्टता यत्रतत्र पाइन्छ ।

विद्यमान अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक समाजलाई आमूल परिवर्तन गर्न तीव्र वर्ग सङ्घर्षको आवश्यकता छ र त्यो स्थानीयरुपमा जाँदा प्रष्ट, मूर्त र जुझारु सङ्घर्ष हुनु जरुरी छ । तर त्यो भइरहेको छैन । स्थानीय निकायमा उठाउन र जिताउन सजिलो पर्ने ठानेर कतिपय ठाउँमा खातापिता वर्गका व्यक्तिलाई उम्मेदवार बनाउने गरिएको छ । खातापिता वर्गका जनप्रतिनिधिको रहनसहन जीवनशैली अलि भरिभराउ हुने हुँदा त्यहीअनुसारको खर्च वर्च हुने । खर्चवर्च चलाउन आर्थिक क्षेत्रमा प्रलोभन लापरबाही र दुरुपयोग हुने । अनि स्थानीय जनताले पार्टी भनेको यस्तै रहेछ भनेर पछाडि कुरा काट्ने, टिप्पणी गर्ने, शिथिल र पलायन हुने तर गलत क्रियाकलापविरुद्ध सङ्घर्ष नगर्ने स्थिति छ ।

यस्तो स्थिति आउनमा पार्टीको कार्यक्रम र कार्यनीति दोषी भएको ठान्ने तर त्यस्तो स्थितिलाई सामना गर्ने उपायको खोजी नगर्ने प्रवृत्ति





पनि देखिएको छ । यसलाई तोड्न स्थानीय वर्ग सङ्घर्षलाई मूर्त, स्पष्ट र जुझारु सङ्घर्षको कार्यक्रम बनाएर स्थानीय निकाय भनेको सामाजिक न्यायका निम्ति सङ्घर्ष गर्ने महत्वपूर्ण अङ्गका रुपमा विकास गर्न लागिपर्नुको साटो पार्टी कमिटीहरूको गुनासो, पिरलो र गनगन गरेर बस्ने तर समाजभित्रको गैरसर्वहारा, गैरक्रान्तिकारी आचरण वा चिन्तन विचार र व्यवहारविरुद्ध आँधी-बेहरी सिर्जना गर्ने गरी सङ्घर्ष सङ्गठित नगर्ने स्थिति छ । यो स्थिति तोडेर वर्ग सङ्घर्षबाटै अघि बढेको वर्ग सङ्घर्षकै क्रममा खारिएका र वर्ग सङ्घर्ष र सामाजिक न्यायका निम्ति सङ्घर्ष, उत्पादन र पूर्वाधार विकासका लागि सँगसँगै लाने सङ्घर्ष संसदीय सङ्घर्ष हो भन्ने नबुझेर पनि स्थानीय वर्ग सङ्घर्ष हुन सकेको छैन । यहाँ जननेता मदन भण्डारीले बारबार भन्ने गर्नुभएको कुरा स्मरण गर्न उचित हुन्छ । उहाँ भन्नुहुन्थ्यो- "सशस्त्र बलबाट परिवर्तन गर्नु र टिकाउनुभन्दा प्रतिस्पर्धाबाट परिवर्तन गर्नु निकै कठिन छ तर गर्नैपर्छ, अर्को उपाय छैन । अन्तिम र निर्णायक शक्ति जनता भएको हुनाले जनतामै क्रान्तिकारी रुपान्तरण ल्याउन आवश्यक छ ।"

## स्थानीय वर्ग सङ्घर्ष कहिलेसम्म ?

स्थानीय वर्ग सङ्घर्ष होस् वा राष्ट्रिय वर्ग सङ्घर्ष अथवा अन्तर्राष्ट्रिय वर्ग सङ्घर्ष, वर्ग रहेसम्म वर्ग सङ्घर्ष जारी रहन्छ र राख्नुपर्छ । वर्ग सङ्घर्ष योजना र उद्देश्य मान्छेद्वारा मान्छेमाथि गरिने शोषण, उत्पीडन, दमन र भेदभाव समाप्तिका लागि हो । समाजको आवश्यकताअनुसारको वस्तु उपलब्ध गर्नसक्ने सक्षम समाज निर्माणका लागि सङ्घर्ष हो । यस कारण वर्ग सङ्घर्ष आन्दोलन र सङ्घर्षका अनेक चरणसम्म जारी रहने विषय हो । केही ठाउँमा केही व्यक्तिमा भ्रम परेको छ- २०४६ को आन्दोलन निर्दलीय तानाशाही व्यवस्थाविरुद्धको सङ्घर्ष थियो, बहुदल प्राप्त भयो, आन्दोलन सकियो । हो, बहुदल प्राप्तिभन्दा अरु कुनै लक्ष र योजना नभएकाहरूका लागि त्यति नै पर्याप्त होला तर आर्थिक सामाजिक साँस्कृतिक भेदभाव र पछौटेपनमा रहनुपरेका श्रमजीवी वर्गका लागि यसले सङ्घर्षका वैधानिक ढोका खोल्यो तर आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारसहितको समतामूलक समाजका लागि सङ्घर्ष बाँकी नै छ ।

समाजमा हुने र नहुनेबीचको खाडल छँदैछ, शोषक र शोषितबीचको खाडल बाँकी छ । अघि बढेको र पछौटे समुदायबीचको खाडल बाँकी छ । अघि बढेको इलाका र पछौटे इलाकाबीचको खाडल बाँकी छ । गरिबलाई ऐन र धनीलाई चैन छँदैछ । यस्तो स्थिति तोड्नका लागि मान्छेद्वारा मान्छेमाथि गरिने शोषण अन्त्यका लागि स्थानीय वर्ग सङ्घर्ष फोहोर फाल्न कुचो आवश्यक भएजस्तै हो । त्यसैले स्थानीय वर्ग सङ्घर्ष रहेसम्म जारी राख्नुपर्छ । अहिले गाउँ गाउँमा वस्ती बस्तीमा व्यापक शोषण, उत्पीडन र दमन छ तर त्यसविरुद्ध वर्ग सङ्घर्ष शिथिल छ । त्यो स्थिति तोड्न वर्ग सङ्घर्षसम्बन्धी स्पष्ट धारणा सम्पूर्ण कार्यकर्ता पङ्क्तिमा पुऱ्याउन सकिएको छैन । यो पनि स्थानीय वर्ग सङ्घर्षले राष्ट्रिय आकार लिन नसक्नु र प्रभावकारी नहुनुको कारण हो ।

## स्थानीय वर्ग सङ्घर्षको तयारी

जब स्थानीय वर्ग सङ्घर्ष तेज हुन्छ, त्यतिखेर कम्युनिष्ट पार्टीको आधार सशक्त हुँदै जान्छ । जब स्थानीय वर्ग सङ्घर्ष शिथिल हुन्छ, त्यस्तो स्थितिमा पार्टीमा गैरसर्वहारा चिन्तन र चरित्र मौलाउने मौका पाउँछ । श्रमजीवी जनतामा उदासिनता छाउन थाल्छ । ग्रामीण क्षेत्र कम्युनिष्ट पार्टी र कम्युनिष्ट आन्दोलनको आधार भूमि हो । त्यो आधार भूमिमा देखापर्ने वर्ग सङ्घर्षको स्थितीले सिङ्गै देशको वर्ग सङ्घर्ष र कम्युनिष्ट आन्दोलन कता जाँदैछ भन्ने निर्क्यौल गर्दछ । स्थानीय वर्ग सङ्घर्ष केमाथि आधारित भएर कहिले र कसरी सञ्चालन गर्ने भन्नेबारे राष्ट्रव्यापी योजना र प्रत्येक गाउँको पहलकदमी हुन आवश्यक छ । ठोस स्थितिको ठोस विश्लेषण गरेर योजनाबद्धरुपमा सङ्घर्षको योजना बनाउनुपर्छ ।

पार्टीको केन्दीय तथा स्थानीय नेतृत्वले आम श्रमजीवी जनताको विश्वास जित्न सकेन भने आन्दोलनका नारा र माग अमूर्त र अस्पष्ट भए भने प्रभावकारी तयारी भएन भने, प्रचारप्रसार उत्साह जगाउने स्तरको भएन भने, अनेक समस्यामध्ये धेरैलाई समेट्न र उत्साहसाथ लाग्ने तत्परता हुनेखालको आन्दोलनको विषय छानिएन भने, स्थानीय कमिटीबीच. पारस्परिक विश्वास एवम् नेतृत्वप्रति विश्वास भएन भने स्थानीय वर्ग सङ्घर्ष प्रभावकारी हुँदैन । आन्दोलन वा स्थानीय निकाय





सङ्घ-संस्थासमेत सबैको बुद्धि, विवेक शक्ति र क्षमतालाई केन्द्रित ढङ्गले परिचालित गरेरमात्रै स्थानीय वर्ग सङ्घर्षले गति लिन्छ । सङ्घर्षको उपलब्धिको रक्षा र थप उपलब्धिका लागि सङ्घर्ष सङ्गठित गर्नुपर्छ । प्रत्येक धक्काले क्रान्ति नै हुन्छ भन्ठान्ने नभए शिथिल हुने सङ्घर्षसम्बन्धी मार्क्सवादी चिन्तनबाट अगुवा पङ्क्ति प्रष्ट हुनुपर्छ । क्रान्तिकारी आन्दोलनका योद्धा वर्ग सङ्घर्षका सञ्चालक निरन्तरता र क्रान्तिकारी धैर्य अङ्गाल्ने असफलताबाट नआत्तिने सफलताबाट नमात्तिने हुनुपर्छ । कहिले फुरुङ्ग र कहिले उदास हुनेले क्रान्ति हाँक्न सक्दैन ।

## सङ्घर्षका विषय

हरेक गाउँ पार्टी कमिटीलाई आफ्नो गाउँको विश्लेषण, आफ्नो विरोधी शक्तिको विश्लेषण, समस्याको गहन विश्लेषण र त्यसमध्ये मूल समस्याको छनौट व्यवस्थित, विनापूर्वाग्रह, यथार्थपरक ढङ्गले गर्नुपर्छ । यो विश्लेषणले विरोधीको घेरा सम्भव भएसम्म साँघुरो बनाउने र आन्दोलन वा वर्ग सङ्घर्षका पक्षमा बढीभन्दा बढीलाई सामेल गर्ने, सामेल गर्न नसकिनेलाई तटस्थ राख्ने र प्रहारको निशाना सीमित अत्याचारीमा केन्द्रित गर्नुपर्छ । हाम्रो देशको मूल उत्पादक शक्ति किसान, मूल उत्पादनको साधन भूमि र मूल बसोबास क्षेत्र ग्रामीण क्षेत्र भएकाले हाम्रो सङ्घर्षको क्षेत्र पनि ग्रामीण क्षेत्र नै हो । तर स्थानीय वर्ग सङ्घर्ष भन्नाले निरपेक्षरुपले ग्रामीण क्षेत्रमा मात्र होइन, सहरबजार र बजारोन्मुख बस्ती पनि स्थानीय वर्ग सङ्घर्षका क्षेत्र हुन् । किसानबाहेक मजदुर क्षेत्र त झन् दिन प्रतिदिन विस्तार हुँदैछ । अझ कृषि मजदुर क्षेत्र पनि दिन प्रतिदिन विस्तार हुँदैछ । अझ कृषि मजदुरको बीचमा पनि ट्रेड युनियन महासङ्घले आफ्नो कार्य क्षेत्र तय गरेपछि २० लाखभन्दा बढी कृषि मजदुर थपिएका छन् । मजदुर वर्ग अत्यन्त ठूलो र सशक्त सङ्गठित आन्दोलनमा जान सक्ने शक्तिको रुपमा छ ।

सहरी गरिब र अन्य आधारभूत तहका सहरी श्रमजीवी वर्गलाई पनि स्थानीय वर्ग सङ्घर्षको दायरामा समेट्न आवश्यक छ । यसरी आधारभूत वर्गलाई समेट्ने गरी सङ्घर्षको विषय छनौट गरेपछि मात्रै स्थानीय वर्ग सङ्घर्षले जमेर गति लिन सक्छ । अहिलेसम्मका

आन्दोलनले शिक्षक, विद्यार्थी, महिला, कर्मचारी, प्राध्यापक, वकिल, डाक्टर, कलाकार, पत्रकारका पेशागत हकहितका माग र माध्यम किसान र त्योभन्दा माथिका किसानका सिचाई, मल, बिउ, उचित मूल्य जस्ता विषयमा केन्द्रित माग प्रचारात्मक क्षेत्रमा केन्द्रित गरेर स्थानीय वर्ग सङ्घर्षले आकार लिन सकेको छैन । हामीले सञ्चालन गर्ने स्थानीय वर्ग सङ्घर्ष वर्तमान समाजको संरचनामा आमूल परिवर्तन ल्याउन गर्नुपर्ने कार्यसँग गाँस्नुपर्छ । वर्तमान अवस्थामा भएका भ्रष्टाचार, जाली, किर्ते, ठगी, चर्को कृषि ऋणमा ब्याज, भूमिहीनता, शोषण, दमन, भेदभावहरूको मूलजरो वर्तमान अर्धसामन्ती अर्धऔपनिवेशिक अवस्था हो । अर्धसामन्ती अर्धऔपनिवेशिक संरचना ध्वस्त पारेर जनताको अधिकार जनतामै सुरक्षा हुने गरी जनताको बहुदलीय जनवादी कार्यक्रम लागू गर्नु वास्तविक समस्याको समाधान गर्नु हो भन्ने कुरालाई मियो बनाउनुपर्छ । यो लक्ष्य हासिल गर्न सङ्घर्षको विषय छनौट गर्नुपर्छ ।

जिल्लामा विकासका लागि लगिएको बजेट र भएको कामबारे हाम्रो पार्टी जानकार हुनुपर्छ । सिचाईका लागि गएको बजेट र भएको काम हेर्न सकिन्छ । सडक खानेपानी, शिक्षा स्वास्थ्यका लागि गएको बजेट र भएको काम दाँजेर त्यहाँ भएको भ्रष्टाचार अनियमितता, ढिलासुस्ती, बजेट ल्याप्स, गलत रिपोर्ट आदिको निरीक्षण निगरानी गरी जानीजानी भएका बदमासी, ढिलासुस्ती र भ्रष्टाचारविरुद्ध सङ्घर्ष गर्नुपर्छ । जनताको सम्पत्तिमा खेलवाड गर्ने हक कसैलाई छैन ।

यसैगरी गाउँगाउँमा जबरजस्ती मोही बेदखली गर्ने, जोती-भोगी आएको जमिनबाट विनाकारण विस्थापित गर्ने, दर्तामा झन्झट गर्ने, ऋण लिन जाँदा घूस माग्ने, ढिलासुस्ती गर्ने, मालपोत, नापी, भूमिसुधार, गुठी कार्यालयले जानीजानी दुःख दिने, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यलयले झुटा मुद्दा लगाउने, जाली सजर्मिन गर्ने, दुःख दिने आदि कामविरुद्ध स्थानीय जनतालाई सचेत सङ्गठित गर्ने र परिआउँदा जनदबाब सिर्जना गरी त्यस्ता क्रियाकलाप रोक्ने । यसैगरी सामन्त जमिनदार वर्गको थिचोमिचो र अन्याय अत्याचारविरुद्ध सङ्गठित शक्तिद्वारा उनीहरूलाई नियन्त्रण गर्ने । महिला, बालक, उत्पीडित जनजातिमाथि गरिने शोषण दमन र





अपमानविरुद्ध सङ्घर्ष गर्ने, भूमिहीन गरिब किसानका लागि पर्ति वा सार्वजनिक जमिन दिलाउन सङ्घर्ष गर्ने । असुरक्षित बस्तीका जनताको हकहितका लागि सङ्घर्ष गर्ने । आम भूमिहीन गरिब किसान परिवार कमैया, हलिया, कृषि श्रमिकको हितका लागि सङ्गठितरुपमा योजनाबद्ध सङ्घर्ष गर्ने । जिल्ला र आफ्नो गाविसमा भएका सबैभन्दा अत्याचारी परिवार पहिचान गर्ने र त्यसविरुद्ध किसानलाई सङ्गठित सङ्घर्षमा उतार्ने गर्नुपर्छ ।

भूमि प्राप्ति र भूमि समस्या समाधान गर्न, मोहियानी हक दिलाउन, चक्लाबन्दी गराउन, भू-उपयोग नीति लागू गराउन, सम्पूर्ण गुठी जमिन विनासर्त रैकरमा परिणत गराउन, विर्ता जमिन विनासर्त रैकरमा परिणत गराउन, विर्ता जमिन जोताहाका नाममा दर्ता गराउन, सिचाई समस्या समाधान गर्न, ग्रामीण कृषि सडक निर्माण गर्न, कृषि सहकारी विकास गर्न, कृषि उद्योग स्थापना गराउन, ग्रामीण रोजगार सिर्जना गर्न सबैखाले शोषणविरुद्ध र सामाजिक न्यायका लागि स्थानीय वर्ग सङ्घर्ष सञ्चालन गर्नुपर्छ । यसैगरी ग्रामीण विद्यालयमा दरबन्दी प्राप्तिका लागि पहल भएको छ वा छैन, दरबन्दीका शिक्षकले राम्रोसँग पढाएका छन् कि छैनन्, विद्यालयले विद्यार्थीको भविष्यप्रति उत्तरदायित्वपूर्ण ढङ्गले काम गरेका छन् कि छैनन्, सो हेर्ने र ठीकठाक ढङ्गले अघि बढाउन मद्दत पुऱ्याउने, त्यसो गर्न दबाब सिर्जना गर्नुपर्ने भए गरिहाल्ने । त्यसैगरी स्वास्थ्य चौकी आवश्यक ठाउँमा स्थापित गर्न दबाब दिने, स्थापित चौकीले जनताको सेवा गरे/नगरेको हेर्ने, अनियमितता लापरबाही भएको छ भने त्यसलाई रोक्ने ।

यसैगरी कृषि, वन र पशुपालन व्यवसायसँग गाँसिएका संस्था स्थापना गर्न जोड दिने, स्थापित संस्थाले कृषक हितका लागि काम गर्न प्रेरित गर्ने नगरे दबाब सिर्जना गरेर कार्य गराउने । पार्टीले स्वतःस्फूर्त ढङ्गले किसानले, स्थानीय जनताले आन्दोलन गर्लान्, हामी साथ दिउँला भनेर पर्खने होइन । पार्टीले जनताको भावना बुझेर त्यसलाई साथ दिनेमात्र होइन, जनताले भोगिरहेका समस्या सङ्कलन गरी त्यसकै आधारमा स्थानीय जनतालाई सङ्गठित गरी तत्कालीन समस्या समाधानका लागि स्थानीय वर्ग सङ्घर्ष सञ्चालन गर्नुपर्छ ।

त्यस्तो स्थानीय वर्ग सङ्घर्ष आमूल परिवर्तनको दिशामा, लक्ष्य प्राप्तिको दिशामा अग्रसर हुनुपर्छ । यसरीमात्रै वास्तवमा स्थानीय वर्ग सङ्घर्षले परिणाम दिन सक्छ । पार्टीले सबै गाविस, सबै नगरपालिका, सबै प्रतिष्ठान सङ्घ संस्थामा यस आधारमा तयारीसाथ स्थानीय वर्ग सङ्घर्षको आँधीबेहरी सिर्जना गर्नुपर्छ । अनिमात्रै शोषणको जरो उखेल्न सकिन्छ । भनसुनवादी कार्यशैलीलाई सङ्घर्षशील कार्यशैलीमा बदलेपछि मात्रै अर्धसामन्ती तथा अर्धऔपनिवेशिक शोषणबाट समाजलाई मुक्त गर्न सकिन्छ ।

विगतका स्थानीय वर्ग सङ्घर्ष, किसान आन्दोलन प्रायः शोषणरुपी रुखका पात चुँड्नेखालका रहे, जरै उखेल्ने प्रकृतिका कमै थिए । यो स्थितिमा परिवर्तन ल्याउन वर्तमान अर्धसामन्ती तथा अर्धऔपनिवेशिक शोषणबाट समाजलाई मुक्त गर्न उत्पादक शक्तिलाई उत्पादनका साधनको हकदार बनाउन स्थानीय वर्ग सङ्घर्षका लागि सचेत, सङ्गठित र सङ्घर्षशील जनाधार निर्माण गर्नु र स्थानीय वर्ग सङ्घर्षलाई तेज गर्नु हामी सबैको प्रमुख दायित्व हो । स्थानीय वर्ग सङ्घर्षलाई स्वतःस्फूर्तरुपमा नछोडी लक्षसँग गाँसेर योजनाबद्ध र राष्ट्रव्यापीरुपमा अघि बढाउनु सबै स्थानीय पार्टी कमिटीको दायित्व हो । यो कार्यमा हाम्रो भूमिका कस्तो रहन्छ, गति त्यसमै निर्भर गर्दछ ।

## हाम्रो दायित्व

- स्थानीयरुपमा हुने गरेका शोषण, दमन, भेदभाव, चर्को ब्याज, भ्रष्टाचार, झुटा मुद्दा, जाली किर्ते गर्ने, उत्पादनका साधनमाथि श्रमजीवी जनतालाई विस्थापित गर्ने, कमजोर पार्ने, उत्पादक शक्तिको विकासमा बाधा दिने, बाधक बन्ने सबै वर्ग, समूह र व्यक्तिविरुद्ध सङ्गठितढङ्गले सङ्घर्ष गर्नुपर्छ र भनसुनवादी कार्यशैलीलाई सङ्घर्षशील कार्यशैलीमा रुपान्तरित गर्नुपर्छ ।
- किसान र स्थानीय  श्रमजीवी जनतामाथि हुने गरेको शोषणको सामान्य विरोध र असन्तुष्टि मात्रै व्यक्त गर्ने होइन, शोषणको पातमात्रै चुड्नेढङ्गले होइन, शोषणको आधार कारण र जरा नै उखेल्ने उद्देश्यका साथ वर्ग सङ्घर्ष सञ्चालन गर्नुपर्छ । विगतका कतिपय वर्ग सङ्घर्ष शोषण समाप्त गर्ने दिशातर्फ





आधार भत्काउने उद्देश्यसाथ सङ्घर्ष सङ्गठित गर्ने कुरामा ध्यान कम गएको पाइन्छ ।

- स्थानीय वर्ग सङ्घर्षको उद्देश्य स्थानीय जनतालाई केही दिलाएर खुशी पार्ने प्रकृतिको मात्रै नभई स्थानीय श्रमजीवी जनतालाई नै उत्पादनका साधनको मालिक बनाउने लक्षसँग आधारित हुनुपर्छ ।
- स्थानीय श्रमजीवी जनता खासगरी किसान र मजदुर बहुसङ्ख्यक छन् । सामन्त जमिनदार वर्ग, दलाल तथा नोकरशाही पुँजीपति वर्ग, विदेशी एकाधिकारी पुँजीपति वर्ग अल्पसङ्ख्यक छन् । तर बहुसङ्ख्यक ती मजदुर किसान अल्पसङ्ख्यकसँग माग राख्ने अवस्थामा छन् । यो स्थितिलाई तोडेर बहुसङ्ख्यक श्रमजीवी वर्गले राज्य सञ्चालन गर्ने क्षमता सिर्जना गर्न स्थानीय वर्ग सङ्घर्ष सङ्गठित गर्नुपर्छ ।
- जाली किर्ते गर्ने, ज्यालामा ठग्ने, मोही बेदखली गर्ने, घूस माग्ने, ढिलासुस्ती गर्ने, सार्वजनिक र सरकारी सम्पत्तिको हिनामिना गर्ने, श्रमजीवी जनतालाई अन्याय, अपहेलना अनादर गर्ने, जाली मुद्दा लाउने, छुवाछुत गर्ने,
- महिलामाथि अत्याचार गर्ने, चर्को ब्याज खाने जस्ताका विरुद्ध सङ्घर्ष तेज गर्नुपर्छ ।

यसरी स्थानीय वर्ग सङ्घर्षको ज्वालामा सारा शोषण र अन्यायका शक्तिलाई आम जनताबीच नाङ्गेझार पार्ने, जनताको बीचबाट विस्थापित गर्ने, शोषण, उत्पीडित र भ्रष्टाचार गरेको सम्पत्ति जनतालाई फिर्ता गर्न बाध्य पार्ने कार्यमा स्थानीय वर्ग सङ्घर्ष सङ्गठित गर्न जुझारु र लडाकु शक्तिले मात्र सञ्चालित गर्न सक्ने हुँदा त्यसतर्फ योजनाबद्धरुपले लाग्नुपर्छ ।

◆

# परिच्छेद - पाँच

## बडाल आयोग प्रतिवेदनको सार

### १. भूमिमा रहेको दोहोरो नियन्त्रण अन्त्य गर्नेसम्बन्धी सुझाव

नेपालका ३ हेक्टर (४.५ विगाहा) भन्दा कम जग्गा भएका कृषक परिवार (जग्गावाला) ९५.३१ प्रतिशत छन् । अरुलाई जग्गा कमाउन दिनेमध्ये ८८.५५ प्रतिशत जग्गावाला ३ हेक्टरभन्दा कम जग्गा भएका समूहमा पर्दछन् भन्ने कुरा २०४८ सालको कृषि गणनाबाट देखिएको छ । कानुनीरुपले नापीको मोठ स्रेस्ताअनुसार दर्ता कायम रहेका मोहीको सङ्ख्या ३,७०,२१७ छ । जो कुल कृषक परिवारको १३.५३ प्रतिशतमात्र हुन्छ । उनीहरूले कमाएको जग्गा १,८९,०८० हेक्टर छ । जुन कुल आवादी जग्गाको ७.१३ प्रतिशतमात्र हुन आउँछ । खास जग्गा जोतिरहेका तर मोहियानी हक पाउन नसकेकालाई समेत समावेश गरिएमा (विभिन्न अध्ययन सर्भेक्षण तथा आयोगले समेत गरेको क्षेत्रगत अध्ययन भ्रमणको आधारमा) मोहीको सङ्ख्या ५,६०,००० (२० प्रतिशत) र मोहियानीमा कमाएको जग्गाको क्षेत्रफल ३,१२,००० हेक्टर (१२ प्रतिशत) सम्म हुने अनुमान गरिएको छ । उक्त मोहीहरूमध्ये अरुको जग्गा मात्र कमाउने (शुद्ध मोही) केवल १५.५ प्रतिशतमा (कुल कृषक परिवारको ३.१८ प्रतिशत) छन् भने आफ्नो र अरुको जग्गासमेत कमाउने मोहीको सङ्ख्या ८४.५ प्रतिशत देखिन्छ । तराई र उपत्यकामा जम्मा २३ जिल्लामा मात्र मोहीको सङ्ख्या ८० प्रतिशत र मोहियानी जग्गाको ८५ प्रतिशत जग्गा रहेको अनुमान छ ।

मोहीको हक संरक्षण हुन नसकेको, मोहियानी लागेको जग्गामा उत्पादन बढ्न नसकेको (कुतको व्यवस्था प्रभावकारी नहुँदा उत्पादन वृद्धि गर्न प्रोत्साहन नभएको, मोही लागेको जग्गाबाट कम उब्जनी हुने, खेतीमा लगानी गर्ने स्रोत साधनको कमीले) भूमिको स्थायी विकास हुन नसकेको, सक्षम व्यक्ति निष्क्रिय रहेको, जग्गा बाँझिएर कृषि उत्पादनमा ह्रास आएको, गैरनेपालीलाई रोजगारी दिने अवस्था





सृजना भएको र तेस्रो पञ्चवर्षीय योजनादेखि नै द्वैध स्वामित्व अन्त्यको कुरा उठ्नुका साथै सबै राजनीतिक दलहरूले यसमा प्रतिबद्धता व्यक्त गरेको पाईन्छ । मोहियानीसम्बन्धी वास्तविक स्थितिलाई दृष्ट्रिगत नगरी केवल सैद्धान्तिक तथा प्रगतिशीलताको नाममा नयाँ नीति तथा कार्यक्रम बनाउनुमात्र उपयुक्त हुँदैन । यसर्थ समाजमा पर्ने विभिन्न प्रतिकूल प्रभावलाई पनि ध्यानमा राखी वर्तमान प्रजातान्त्रिक व्यवस्थाद्वारा निर्देशित विभिन्न व्यवस्थाअनुरुप समाजलाई ग्राह्य हुनसक्ने नीति तथा कार्यक्रम बनाउनुपर्ने हुन्छ ।

यसै क्रममा जग्गावाला र मोहीलाई निश्चितता हुने वातावरण सिर्जना गरी कृषिमा श्रम तथा लगानी बढाउनमा प्रोत्साहित गर्ने, भूमिको उचित उपयोगबाट उत्पादकत्व अधिकतम वृद्धि गर्ने, सामाजिक न्याय प्रदान गर्ने जस्ता उद्देश्य प्राप्त गर्ने तथा व्यावहारिक पक्षलाई समेत दृष्ट्रिगत गरी कार्यान्वयनमा जटिलता नहुने किसिमका व्यवस्था गर्नु उपयुक्त हुन्छ । यिनै कुरालाई विचार गरी भूमिमा रहेको दोहोरो नियन्त्रण प्रथा अन्त्य गर्ने सम्बन्धमा नियमानुसार सिफारिस गरिएको छ ।

### जग्गामा एकै व्यक्तिको हक भोग कायम गर्ने

वर्तमान मोहियानी व्यवस्थामा जग्गाको स्वामित्व एक जनामा र जोत भोग गर्ने व्यक्ति अर्को रहने गरेको हुँदा एउटा जग्गामा सबै प्रकारको हक (स्वामित्व तथा जोत भोग), एकै व्यक्तिको कायम गर्ने व्यवस्था गर्नुपर्दछ । यसले गर्दा खेती गर्ने कार्यमा निश्चित व्यक्तिको बढी श्रम तथा लगानी केन्द्रित भई भूमिको स्थायी विकास तथा उत्पादन वृद्धि हुने र एउटै साधन वा सम्पत्तिमा दुई व्यक्तिको आर्थिक स्वार्थले हुने झै-झगडा सदाको लागि अन्त्य भई जग्गावाला र मोही दुवै पक्षलाई निश्चितताासमेत हुनेछ ।

### जग्गावाल र मोही दुवैको हक हिस्सा आधा-आधा कायम गर्ने

नेपालमा २०१२ सालभन्दा पहिलेसम्म मोहियानी हकलाई सम्पत्तिसरहको हक मानी खरिद बिक्री हुने कानुनी व्यवस्था थियो । गुठी जग्गाको मोहियानी हक हालसम्म पनि खरिद बिक्री हुने व्यवस्था छ । भूमिसम्बन्धी ऐन, २०२१ ले पनि जग्गावालाले मोहियानी लागेको

जग्गा आफूलाई घर बनाउनका लागि लिनुपरेमा मोहीलाई जग्गाको मूल्यको २५ प्रतिशत दिनुपर्ने व्यवस्थाले अप्रत्यक्षरुपले मोहियानी लागेको जग्गामा मोहीको एक चौथाइ हक हिस्सा रहेको कुरालाई सिद्धान्तः मानेको देखिन्छ । सो आधारमा नै मोही र जग्गावालाबीच आपसी समझदारीअनुसार जग्गा बाँडफाँट गर्ने वा हक हिस्सा कायम गरी मूल्य लिने प्रथा व्यवहारमा चलिआएको कुरा सर्वविदितै छ । यस सम्बन्धमा विभिन्न ठाउँमा जग्गाको माग, मूल्य तथा कुन पक्ष बढी सवल तथा सक्षम छ वा कसलाई बढी आवश्यकता छ सोही अवस्थाअनुसार व्यवहारमा मोहीको हक पहाडमा तथा तराईमा कम्तीमा २५ प्रतिशत र काठमाडौं उपत्यकामा बढीमा ६० प्रतिशतसम्म तथा जग्गावालाको हक हिस्सा काठमाडौंमा कम्तीमा ४० प्रतिशत तथा पहाडमा र तराईमा बढीमा ७५ प्रतिशतसम्म रहेको देखिएको छ ।

मोही र जग्गावालाको हक-हिस्सा विभिन्न ठाउँअनुसार वा ठूला तथा साना जग्गावालाको सम्बन्धमा विचार गर्दा कानुनी औचित्य तथा अन्य दृष्टिले समेत उपयुक्त हुने देखिएन । त्यसकारण सामाजिक न्याय र औचित्यका साथै व्यावहारिक तथा कार्यान्वयनका दृष्टिले समेत मोही लागेको जग्गामा मोही र जग्गावालाको हक हिस्सा आधाआधा गर्नु उपयुक्त हुने सिफारिस गरिएको छ ।

## अवधि तोकी एउटा जग्गामा एकै व्यक्तिको सबै प्रकारको हक (जोतपोत) कायम गर्ने प्रक्रिया

मोही लागेको जग्गामा मोही र जग्गावालाको आधा-आधा हक-हिस्सा लाग्ने व्यवस्था भएपछि निश्चित अवधि (१ वर्षदेखि २ वर्षभित्र) मा देहायबमोजिमको प्रक्रिया अपनाई एउटा जग्गामा सबै प्रकारको हक एकै व्यक्तिको कायम गर्ने व्यवस्था गर्नुपर्दछ ।

क. जग्गा नै बाँडफाँट गर्ने : मोही र जग्गावाला दुवै पक्ष खेती व्यवसायमा नै संलग्न व्यक्ति भए सम्बन्धित जग्गाको नरमकरम मिलाई आपसी मञ्जुरीअनुसार आधा-आधा बाँडफाँट गर्न तोकिएको सरकारी निकायमा तोकिएको अवधिभित्र निवेदन दिई





जग्गाको कित्ताकाँट गरी सोहीअनुसार सम्बन्धित पक्षको नाममा जग्गा दर्ता गरी जग्गा धनीपूर्जा दिनुपर्ने हुन्छ ।

ख. आपसी समझदारीअनुसार कारोबारबाट सबै जग्गामा एकै व्यक्तिको कृषि स्वामित्व प्रदान गर्ने : एक पक्षले खेती गर्न नचाही आफ्ना हक हिस्साको आधा जग्गा पनि अर्को पक्षलाई मूल्य लिई हक हस्तान्तरण गर्न सक्नेछ । त्यसरी हक हस्तान्तरण स्वामित्व परिवर्तन हुँदा निवेदनको आधारमा कारवाही गरी रजिष्ट्रेसन दस्तुर नलाग्ने व्यवस्था गर्नुपर्दछ ।

ग. आफ्नो हिस्सामा पर्ने जग्गा अरुलाई बिक्री गर्न सक्ने : मोही र जग्गाधनीको आ-आफ्नो हक हिस्सामा पर्ने जग्गा बिक्री गर्दा पहिलो प्राथमिकता सम्बन्धित अर्को पक्षलाई दिनुपर्नेछ । निजले नलिने भएमा मात्र अरुलाई बिक्री गर्न पाउने व्यवस्था गर्नुपर्दछ । तर अरुलाई बिक्री गर्दा भने रजिष्ट्रेसन दस्तुरमा छुट दिनुहुँदैन ।

## न्युनतम इकाइभन्दा कम हुने गरी जग्गाको कित्ताकाँट नगर्ने

मोही र जग्गावालाबीच आ-आफ्नो हक हिस्साअनुसार जग्गा नै बाँडफाँट गर्न नपाउने व्यवस्था गर्नुपर्दछ । त्यस्तो व्यवस्थामा दुई पक्षमध्ये एक पक्षले नै जग्गााको सबै हक लिई अर्को पक्षलाई निजको हक-हिस्साअनुसार जग्गाको मूल्य दिनुपर्नेछ । तर यसरी जग्गाको सबै हक एक पक्षलाई दिँदा जसको अरु जग्गा नै (घरबारीसम्म) नरहने अवस्था हुने भएमा त्यस्तो व्यक्तिले सो जग्गा प्राप्त गर्ने प्राथमिकता पाउनुपर्दछ ।

## मोही कायम हुने व्यवस्था

मोही भन्नाले दर्तावाला मोहीमध्ये हालसम्म खास जग्गा जोतिरहेका व्यक्ति भन्ने बुझ्नुपर्दछ । मोहीमा दर्ता रहेका तर हाल जग्गा जोतभोग गर्न छोडिसकेको प्रमाणित भएमा उनीहरूलाई मोही मानिनु हुँदैन । त्यस्तो व्यक्तिको नाम मोहीको लगतबाट कट्टा गरिनेछ । साथै अरुको जग्गा निश्चित सर्तमा तोकिएको अवधिदेखि लगातार जोतिरहेका तर मोहियानी हक पाउन नसकेकाहरूको सम्बन्धमा भने प्रत्येक जिल्लामा तोकिएको आयोग वा अधिकारी वा समितिबाट गाउँ

गाउँमा टोली पठाई वास्तविक कुरा बुझी छानविन गरी खास जग्गा जोत्ने व्यक्तिलाई मोहियानी हक दिई यस कार्यक्रममा समावेश गरिनुपर्दछ । दर्ता नभएका तर लगातार ३ वर्ष वा सोभन्दा बढी समयदेखि मोहीको हैसियतले दर्ता गर्दा जग्गाको न्युनतम इकाईको क्षेत्रफल (बेचबिखन गर्न बन्देज लगाइएको) सम्मको जग्गा हुने जग्गावालाको जग्गामा भने मोहियानी हक नलाग्ने व्यवस्था गर्नुपर्दछ । त्यस्तो न्यूनतम इकाईको सम्बन्धमा हदबन्दीको परिच्छेदको दफा ५.९.४ मा उल्लेख भएअनुसार तराई तथा भित्री मधेशमा ०.०६७ हेक्टर (२ कट्ठा) पहाडी क्षेत्रमा ०.०२५ (१ रोपनी), हिमाली क्षेत्रमा ०.१ हेक्टर (२ रोपनी), सहरी क्षेत्रमा ०.०१ हेक्टर (४ आना) रहेको छ ।

नयाँ मोही कायम गर्ने काम निकै जटिल तथा समस्यायुक्त पनि हुन सक्ने हुँदा वास्तविकताको आधारमा जाँचबुझ तथा छानविन गरेर मात्र विवादरहित किसिमले टुङ्गोमा पुग्न उपयुक्त हुने हुँदा प्रत्येक जिल्लामा गठन गरिने समितिमा सकभर त्यहाँ रहेका राजनीतिक दलहरूको पनि प्रतिनिधित्व हुने किसिमको व्यवस्था गर्नु आवश्यक हुनेछ ।

## मोहियानी हक अंशियार वा हकवालामा जाने

नयाँ व्यवस्थाअनुसार मोहीको हक हिस्साअनुसारकै जग्गा वा जग्गाको मूल्य नपाउँदै मोहीको मृत्यु भएमा निजको मोहियानी हक एकाघरको अंशियारको व्यवस्था गरिनुपर्दछ । त्यस्ता अंशियार नभएमा उक्त हक-हिस्सा अरु हकवालालाई जाने व्यवस्था गर्नुपर्दछ ।

## ज्यालामा वा ठेक्कामा खेती गराउन सक्ने

उक्तबमोजिमको कृषक स्वामित्व स्थापना भएपछि मोहियानी हकसम्बन्धी सबै व्यवस्था खारेज गर्नुपर्ने हुन्छ । तर कुनै जग्गावालाले खेती कार्यमा लगाउने खर्च व्यहोरी सबै बन्दोबस्त तथा व्यवस्थापन आफैँले गरी ज्यालामा कसैलाई काममा लगाई खेती गर्न यस व्यवस्थाले बाधा पुग्नु हुँदैन । साथै निश्चित अवधिका लागि आफैँले खेती गर्न नसक्ने भएमा अरुलाई ठेक्कामा कमाउन दिन सकिने व्यवस्था गरिनुपर्दछ तर सोको लगत राख्ने व्यवस्था गर्नु पनि उपयुक्त हुनेछ ।





## निष्कर्ष

माथि उल्लेखित व्यवस्थाअनुसार मोहियानी लागेको जग्गामा मोही र जग्गावालाको आधा-आधा हक-हिस्सा लाग्ने व्यवस्था भएपछि आफ्नो हिस्साको जग्गामा सबै प्रकारको हक कायम हुने हुँदा आपसी समझदारीअनुसार नै जग्गा बाँडफाँट गर्ने वा आफ्नो हिस्साको जग्गाको मूल्य लिई अर्को पक्षलाई पूरै जग्गा दिने तथा अरुलाई पनि जग्गा बिक्री गर्नसक्ने व्यवस्थाले आपसी कारोबारद्वारा स्वतः कृषक स्वामित्व सृजना हुनेछ । सोको लागि सरकारी स्तरबाट अन्य कुनै थप व्यवस्था गर्नुनपर्ने हुँदा कार्यान्वयनमा सरलता हुनेछ ।

भूमिलाई कृषि उत्पादनको साधनको रुपमा प्रभावकारीरुपले प्रयोग हुने व्यवस्थाका लागि भने जग्गाको स्वामित्व खेती गर्ने व्यक्तिको हातमा नै रहने उपायका लागि कृषि भूमि कृषिकै कार्यमा प्रयोग हुनुपर्ने र बाँझो खेतमा जरिवाना क्रमशः बढाउँदै लगी निश्चित अवधिपछि जफत नै गर्ने जस्ता व्यवस्था पनि गरिएमा भूमिलाई सम्पत्ति सञ्चय गर्ने दृष्टिले मात्र राख्ने मनोवृत्ति पनि निरुत्साहित हुनेछ । जसले गर्दा क्रमशः भूमि खास खेती गर्ने व्यक्तिको हातमा रहने र कृषि उत्पादन पनि बढ्दै जाने हुन्छ ।

## गुठी व्यवस्थाका सम्बन्धमा गर्नुपर्ने कार्यको सारांश

गुठी र गुठी संस्थानको पहिलो र महत्वपूर्ण कार्य दाताको इच्छाअनुसार धार्मिक र साँस्कृतिक कार्य अनपेक्षितरुपमा सञ्चालन गर्नु रहेको छ तापनि यसको लागि आवश्यक आयस्था जुटाउने क्रममा जग्गा प्रशासनमा नै संस्थानको ध्यान केन्द्रित छ । यसले गर्दा हुनुपर्ने धार्मिक एवम् साँस्कृतिक कार्य भइरहेका छन्/छैनन् भन्नेतर्फ संस्थानको ध्यान जान सकिरहेको छैन । यो निश्चय पनि राष्ट्रिय हित अनुकूल नहुँदा संस्थानको ध्यान क्रमशः यसतर्फ केन्द्रित गर्दै लैजान तथा संस्थानबाट जग्गा प्रशासनको बोझ क्रमशः घटाउँदै लैजानसमेत निम्नानुसार कार्य तत्कालै सुरु गर्नुपर्ने देखिन्छ :

## जग्गा व्यवस्था

१. गुठी रैतान नम्बरी जग्गाको कुत असुली, नामसारी, दाखेल-खारेजसमेतको कार्य मालपोत कार्यालयले गर्ने र मालपोत तथा कुत रकम एकमुष्ट बजेट विनियोजन गरी सरकारले गुठी संस्थानलाई दिने ।

२. गुठी अधिनस्थ जग्गा रैतान नम्बरी गर्ने प्रक्रियालाई सरलीकरण गर्दै जानुका साथै रैतान नम्बरीवापतको रकम खास जोताहा किसानले तिर्न/बुझाउन सक्ने किसिमले निर्धारण गर्ने ।

३. पहाडतर्फको गुठी अधिनस्थ जग्गाको मूल्य अति न्युन हुनाले रैतान नम्बरी गर्ने कामबारे व्यापकरुपले प्रचार-प्रसार गर्ने वा समस्या भए सो समाधान गर्ने । त्यस्तो पनि हुन नसकेमा रैतान नम्बरी गर्दा लाग्ने मूल्य धेरै कम भएकाले त्यस्तो लाग्ने रकमबाट एकमुष्ट सरकारले आफ्नो बजेटमा व्यवस्था गरी संस्थानलाई दिने र त्यस्तो जग्गा स्वतः मोहीको नाममा रैतान नम्बरीमा दर्ता गरिदिने ।

४. सरकारले उपयोग गरेको गुठी जग्गाको क्षतिपूर्तिवापतको रकम यथासमयमा संस्थानलाई उपलब्ध गराइदिने ।

५. गुठी तैनाथी उद्योग व्यापारको दृष्टिले महत्वपूर्ण जग्गा संस्थान आफैंले घर, पसल, (Shoping Complex) बनाई भाडामा दिने, संयुक्त लगानी गर्ने, लामो अवधिको लागि भाडा (Lease) मा दिने र संरक्षण गर्नुपर्ने जग्गा छुट्याई सोअनुसार व्यवस्था गर्ने । सोबाहेकका गुठी तैनाथी जग्गा मालपोत कार्यालयले रजिष्ट्रेसन प्रयोजनको निमित्त तोकेको न्युनतम मूल्यमा नघट्ने गरी लिलाम बढाबढ गरी गुठी रैतान नम्बरीमा परिणत गरिदिने ।

## देवस्थल सञ्चालन व्यवस्था

१ खर्चको दरबन्दी पुनरावलोकन गरी अनावश्यक कटाई आवश्यक समावेश गरी अद्यावधिक गर्ने ।





२ राष्ट्रिय दृष्टिले महत्वपूर्ण मानिने मठ मन्दिर, जात्रा आदिलाई मात्र संस्थानले व्यवस्था र सञ्चालन गर्ने । अन्य देवस्थलको व्यवस्था र सञ्चालन स्थानीय गुठी व्यवस्थापन समितिले गर्ने ।

३ हरेक मठ-मन्दिरसमेतमा हुने धार्मिक, सामाजिक, साँस्कृतिक कार्य भए/नभएको, धर्म लोप भए/नभएको जस्ता कुरा हेरी व्यवस्थित गर्न र केन्द्र र स्थानीयस्तरमा सम्पर्क सूत्रका रुपमा काम गर्न जिल्ला गुठी विकास समिति गठन गर्ने ।

४ हरेक धार्मिक सम्प्रदाय पहिचान गरी राजगुठीअन्तर्गत रहेका देवस्थलहरूमा काम गर्ने व्यक्तिले पालना गर्नुपर्ने आचरणसम्बन्धी नियम बनाई लागू गर्ने ।

५ कुनै कुरा निर्माण गर्दा वा मठमन्दिर आदि जीर्णोद्धार, मर्मत, सम्भार आदि गर्दा संस्थान आफैंले गर्न सक्ने गरी पुरातत्व विभागसँग समन्वयको व्यवस्था मिलाउने । निर्माण जीर्णोद्धारको निमित्त हरेक वर्ष सरकारले रकम निकासा दिने व्यवस्था गर्ने ।

६ देवस्थल आदिका रकमी खान्गीदारहरूको रकम नगदीमा तोकिदिने । जग्गा खान्गीका रुपमा नराख्ने व्यवस्था गरी तिर्जा व्यवस्थालाई पूर्णतयाः हटाउने ।

७ धार्मिक, साँस्कृतिक, पुरातात्विक दृष्टिले महत्व भएका बेचल्तीका गहनाको छुट्टै सङ्ग्रहालय बनाउने । त्यस्तो महत्व नभएका गरगहना भाँडा-कुँडा आदि लिलाम बढाबढमा बिक्री गर्ने ।

८ श्रद्धालु भक्तले चढाएको गहना, भेटी आदिको हिसाब-किताब राख्ने व्यवस्था मिलाउने ।

## आर्थिक व्यवस्था

१. आयका स्रोत पहिचान गरी बढी फाइदा हुने किसिमले आर्थिक व्यवस्था परिचालन गर्ने ।

२. संस्थानको अक्षयकोषमा रहेको रकम ब्याङ्कको मुद्दती खातामा नराखी घर, पसल, (Shoping Complex) बनाउनमा लगाउने

वा उद्योगधन्दा, ब्याङ्क आदि खोली सञ्चालन गर्ने वा सेयर (Share) खरिद गर्नमा लगाउने । साथै बढी जोखिम नहुने र मूलधन नडुब्ने किसिमले स्थायी सम्पत्ति निर्माण गर्ने कार्यमा लगानी गर्नमा प्राथमिकता दिने । त्यस्तो लगानीबाट प्राप्त हुने आम्दानीमध्ये २५ प्रतिशत खर्च नगरी पुनः लगानी गर्ने वर्तमान व्यवस्था कायमै राख्ने ।

३. अक्षयकोषमा जाने रकम कुनै पनि हालतमा अन्य कार्यमा खर्च नगर्ने ।

४. वक्यौता रकम प्रभावकारीरुपले असुल गर्न निश्चित अवधिका लागि विशेष सहुलियन दिने व्यवस्था गर्ने ।

५. छुट गुठीको जग्गा रैतान नम्बरी भई आएको रकमको ब्याज नदिई अनिवार्यरुपमा दरबन्दी पुनरावलोकन गरी मिलाई सोअनुसार खर्च दिने व्यवस्था गर्ने ।

## व्यवस्थापनका सम्बन्धमा

१. संस्थानको सङ्गठन तथा कर्मचारी व्यवस्था कामको प्रकृतिअनुसार सङ्गठनात्मक सुधार गरी प्रशासकीय खर्चमा कमी गर्ने व्यवस्था गर्ने ।

२. गुठी जग्गासम्बन्धी सम्पूर्ण कार्य रैकर जग्गाको प्रशासन गर्ने कार्यालय (मालपोत कार्यालय) ले नै गर्ने र धार्मिक, सामाजिक एवं साँस्कृतिक कार्यमात्र गुठीले गर्ने हुँदा यसलाई संस्कृतिसम्बन्धी कार्य हेर्ने मन्त्रालयअन्तर्गत छुट्टै निकाय स्थापना गरी कार्यमा विशिष्टता ल्याउने व्यवस्था गर्ने ।

## श्री पशुपतिनाथ गुठीको सञ्चालन व्यवस्था

१ ताडपत्र, लालमोहर, तोकसदर, हुकुम प्रमाङ्गी आदिबाट गुठी जग्गाको प्रशासन हुने व्यवस्थाको बदलामा पशुपतिनाथको गुठी जग्गाको सम्बन्धमा पनि अन्य गुठी जग्गासरहकै वर्तमान कानुनी व्यवस्थाअनुसार गर्ने ।





क) यस गुठीका मोहीले कुतका रुपमा विभिन्न वस्तु वा सेवा दिने वर्तमान व्यवस्थाको बदलामा अन्य गुठी जग्गाको मोहीले सरह, तोकिएको किसिमअनुसारको कुत नै बुझाउन पाउने व्यवस्था गर्ने ।

ख) यस गुठीको जग्गा पनि अन्य राजगुठीका जग्गासरह र सोही आधारमा गुठी रैतान नम्बरीमा परिणत गराउन पाउने व्यवस्था मिलाउने ।

२ पशुपतिनाथ अन्तर्राष्ट्रियस्तरमा समेत प्रसिद्धि पाएको राजगुठी हुँदा छुट्टै उच्चस्तरीय निकायबाट सञ्चालन हुने वर्तमान व्यवस्थालाई अझ प्रभावकारी बनाउने ।

## वर्तमान हदबन्दीको व्यवस्था

२०२१ सालमा लागू गरिएको हदबन्दीअनुसार तराईमा २५ बिगाहा, पहाडमा ८० रोपनी र काठमाडौं उपत्यकामा ५० रोपनी कायम गरिएको र घरघडेरीका लागि तराईमा ३ बिगाहा, पहाडमा १६ रोपनी र काठमाडौं उपत्यकामा ८ रोपनीसम्म छुट दिइएको छ । यस्तो हदबन्दी व्यवस्था त्रुटिपूर्ण छ किनभने तल्लो पहाडको तीन बाली हुने जमिन र हिमाली क्षेत्रको १ बालीका लागि १ वर्षभन्दा बढी समय लाग्ने जमिनको पनि हदबन्दी एउटै छ । पहाड तथा हिमाली क्षेत्रमा भन्दा तराईको हदबन्दी करिब ४ गुणा बढी रहेको छ । त्यसरी नै उक्त भूमिसुधार कार्यक्रमको कार्यान्वयन पक्ष पनि त्रुटिपूर्ण रहेको पाइन्छ । सबै जिल्लामा उक्त कार्यक्रम एकैपटक लागू नहुनु, समयमा नापी नहुनु, कार्यान्वयन प्रक्रिया लामो हुनु, राजनीतिक प्रतिबद्धताको कमी हुनु र प्रशासनिक यन्त्र पनि प्रभावकारी नहुनु आदि कारणले गर्दा उल्लेखित कार्यक्रम प्रभावकारी रहेन । जसले गर्दा हदबन्दीभन्दा माथिको सबै जमिन राज्यले प्राप्त गर्न सकेको देखिँदैन । उक्त कार्यक्रमबाट केवल ३१,२०३ हेक्टर अर्थात् कुल खेतीयोग्य जमिनको १.५ प्रतिशत जमिन राज्यले प्राप्त गरी २९,१२४ हेक्टर भूमि मोही तथा भूमिहीनलाई वितरण गरिएको थियो ।

हाम्रो देश भौगोलिक बनोट र जलवायुको हिसाबले नै विविधतायुक्त भएको हुँदा भिन्नभिन्न ठाउँको कृषि उत्पादन क्षमतामा पनि विविधता

पाइन्छ । मुलुकको कुल भौगोलिक क्षेत्रफलको अत्याधिक हिंस्सा हिमाल र पहाडले ओगटेको छ । त्यसको पनि ठूलो क्षेत्र कृषि उत्पादनको निमित्त योग्य छैन, साथै कृषि उत्पादनयोग्य क्षेत्रको उत्पादन क्षमता पनि कम छ । तराई, भावर र पहाडका कतिपय बेंसीमा वार्षिक तीन खेतीदेखि लिएर हिमाली क्षेत्रमा तीन वर्षमा दुई खेतीमात्र लिन सकिने भौगोलिक तथा पर्यावरणीय स्थिति पनि छ । त्यसैले नयाँ हदबन्दी कायम गर्दा एकातिर जमिनको अधिकतम उपयोग हुन सकोस् भनी उत्पादन गर्न सक्षम श्रमशक्तिलाई ध्यान दिनुपर्दछ भने अर्कातिर भिन्नाभिन्नै भौगोलिक क्षेत्रका आधारमा भिन्नाभिन्नै किसिमको हदबन्दी कायम गरिनु उपयुक्त हुने देखिन्छ ।

पहाडी तथा भिरालो जमिनको उत्पादन बहन गर्ने क्षमता (Land Capability) तराई तथा समथर उपत्यकाको तुलनामा कम हुन्छ भने उत्पादन लागत पनि बढी हुन्छ  यसको अतिरिक्त जति जति जमिनको भौगोलिक उचाइ बढ्दै जान्छ, उति उति नै बाली पाक्ने अवधि पनि लामो हुँदै जाने गर्दछ । उदाहरणका लागि तराई तथा पहाडका बेंसीमा ३ महिनामा पाक्ने मकै बाली हिमाली क्षेत्रमा ९ महिनामा पाक्छ । तसर्थ नेपालको सन्दर्भमा तराई, मध्य पहाड र हिमाली क्षेत्रका लागि भू-उपयोगको आधारमा अलग-अलग हदबन्दी कायम गरी वर्तमान हदबन्दीमा परिवर्तन गर्नु व्यावहारिक तथा विज्ञानसम्मत हुनेछ ।

## हदबन्दीका आधार

देशको भौगोलिक विविधता, भूमिको उत्पादकत्व, भू-उपयोगको प्रणाली, जनसङ्ख्याको चाप तथा जनसङ्ख्या र कृषि भूमिको अनुपात र भूमिहीन तथा अति साना किसानको सङ्ख्या क्षेत्रगतरुपमा अलग अलग रहेको तथा ग्रामीण र सहरी क्षेत्रबीच रोजगारका अवसर, विकासका पूर्वाधार जमिनको मूल्यमा रहेको ठूलो असमानतालाई दृष्टिगत गरी नयाँ हदबन्दीको आधार तय गरिएका छन् ।

हिमाली क्षेत्र ज्यादै विकट, परम्परागतरुपमा पशुपालन व्यवसाय र त्यसका लागि चरनको लागि बढी आवश्यकता पर्ने र दुई बाली चक्र लिन तीन वर्षभन्दा बढी समय लाग्ने हुँदा यो क्षेत्रमा हदबन्दी अन्य





क्षेत्रहरूमा भन्दा बढी राखिनु उपयुक्त देखिन्छ । त्यसरी नै काठमाडौं उपत्यकामा जमिनको मूल्य, उत्पादकत्व र उपयोगिता बढी भएको जमिनको सीमितता तथा जनसङ्ख्याको बढी चाप र रोजगारको अवसरसमेत केन्द्रित भएकाले यस क्षेत्रमा सबैभन्दा कम हदबन्दी कायम गरिनु उपयुक्त देखिन्छ ।

यसर्थ क्षेत्रगत तथा भौतिक पूर्वाधारका आधारमा निम्नानुसार ५ समूहमा जमिनको नयाँ हदबन्दी कायम गरिनु उपयुक्त हुन्छ ।

| क्षेत्र | अधिकतम हदबन्दी | बिगाहा/रोपनी |
|---|---|---|
| १. तराई तथा भित्री मधेश | ३ हेक्टर | ४.५ बिगाहा |
| २. मध्य पहाडी क्षेत्र | २ हेक्टर | ४० रोपनी |
| ३. हिमाली क्षेत्र | ४ हेक्टर | ८० रोपनी |
| ४. सहरी क्षेत्र | १ हेक्टर | २० रोपनी |
| ५. काठमाडौं, ललितपुर र भक्तपुरको नगरपालिका क्षेत्र | ०.५ हेक्टर | १० रोपनी |

काठमाडौं उपत्यकाबाहिरका नगरपालिका, जिल्ला सदरमुकाम र सहर बन्नेतर्फ उन्मुख तोकिएको सहरी क्षेत्र १ हेक्टर, २० रोपनी वा १.५ बिगाहा एकभन्दा बढी क्षेत्रमा एक परिवारको जमिन भएको खण्डमा विभिन्न क्षेत्रमा समानुपातिकरुपमा जग्गाको हदसम्मको जग्गा राख्न पाइने व्यवस्था गरिनुपर्दछ ।

## सहरी जमिनमा कर व्यवस्था

सहरी जमिनमा छुटाछुटै हदबन्दी कायम गरे पनि सो जमिनलाई सहरी सम्पत्ति मानेर त्यसको मूल्याङ्कनका आधारमा प्रगतिशील कर लगाउने व्यवस्था गर्नुपर्दछ । उक्त जमिनको मूल्य वृद्धिका आधारमा प्रगतिशील कर पनि बढाउँदै लैजानुपर्दछ ।

## परिवारको परिभाषा

हदबन्दीको प्रयोजनका लागि एक परिवार भन्नाले लोग्ने, स्वास्नी र तिनका छोराछोरी भएको परिवारलाई सम्झनुपर्दछ । तर यस्तो परिवारका सदस्यमध्ये ५ जनाभन्दा बढी भए बालिग सदस्य भएमा प्रत्येक बालिगलाई तराईं, भित्री मधेश, पहाड र हिमाली क्षेत्रमा आधा-आधा हेक्टरका दरले र उपत्यकामा ०.२ (२ रोपनी) हेक्टरका दरले थप जमिन दिइनेछ । यसरी थपिने जमिन जतिसुकै बालिग सदस्य भएको परिवार भए पनि ४ जना बालिगसम्मले बढीमा २ हेक्टरभन्दा थप जमिन पाउने छैनन् । त्यस्तै काठमाडौं उपत्यका र तोकिएका सबै सहरी क्षेत्रको हकमा बढीमा ४ जना बालिगसम्मले ०.१ हेक्टरका दरले जम्मा ०.४ हेक्टरसम्म थप जमिन पाउन सक्नेछन् । तर परिवारका सदस्यको अंशवण्डासम्बन्धी हकमा प्रचलित कानुनबमोजिम हुनेछ ।

## हदबन्दीमाथि प्राप्त हुने जमिनको अनुमान

राष्ट्रिय कृषि गणना २०४८ अनुसार प्रस्तावित हदबन्दी कायम गरेबाट हिमाली क्षेत्रमा ७ हजार, पहाडी क्षेत्रमा १ लाख १३ हजार र तराईमा १ लाख ८६ हजार गरी जम्मा ३ लाख ६ हजार हेक्टर जमिन निस्कने देखिन्छ । तर जनसङ्ख्याको वृद्धि, परिवारमा रहेका नाबालक पनि बालिग भई अंशवण्डा भई जमिनको विभाजन हुने र प्रस्तावित हदबन्दीभन्दा बढी जमिन हुने किसानले निरन्तर स्वामित्व हस्तान्तरण गर्ने, प्रक्रियाले गर्दा प्रस्तावित भूमिसुधार कार्यक्रम २०५३-०५४ सालसम्म लागू हुन्जेल हदबन्दीमाथिको जमिन उल्लेखनीयरुपमा घट्न गई करिब १ लाख हेक्टरसम्म वितरणका लागि राज्यले प्राप्त गर्नसक्ने अनुमान गरिएको छ ।

कृषि गणना २०४८ अनुसार प्रस्तावित हदबन्दी कायम गर्दा हिमाली, मध्य पहाड र तराईमा (भित्री मधेशसमेत) क्रमशः ०.८, ६ र ८.५ प्रतिशत ठूला जग्गावालालाई प्रभावित पार्ने देखिन्छ । भूमिसुधार कार्यक्रम लागू हुन्जेल अर्थात् ०५३/५४ सम्ममा परिवार सङ्ख्या र जमिन खरिद बिक्रीमा वृद्धि हुने हुँदा माथि उल्लेखित प्रभावित परिवारको सङ्ख्या उल्लेखनीयरुपमा घट्ने अनुमान गरिन्छ ।





## हदबन्दीमाथिको जमिन प्राप्त गर्ने प्रक्रिया

१ हदबन्दी कार्यान्वयनका लागि प्रत्येक जग्गावालाले अधिराज्यभरि आफ्नो तथा परिवारको सदस्यको स्वामित्व रहेको सम्पूर्ण जग्गाको वितरण तोकिएको ढाँचामा निश्चित अवधिभित्र पेश गर्ने व्यवस्था गर्ने । सोअनुसार विवरण पेश गर्दा आफूले राख्ने र छोड्ने जग्गा खुलाई पेश गर्नुपर्ने व्यवस्था हुनुपर्दछ ।

त्यस्तो फारममा परिवारका अन्य सबै सदस्यको नाम, उमेर, नागरिकता नम्बर पनि खुलाई लिने व्यवस्था भएमा पछि कार्यान्वयनमा सरलता हुनेछ ।

२ कसैले पनि आफ्नो जग्गा हक हस्तान्तरण वा खरिद बिक्री गर्दा दुवै पक्षले हदबन्दीभन्दा बढी जग्गा छैन भन्ने प्रमाणित कागजसाथ पेश गर्नुपर्नेछ ।

३ नयाँ भूमिसम्बन्धी ऐन लागू भएपछि कुनै कारणले (जस्तै : अंशवण्डा, अपुताली आदिबाट) हदबन्दीभन्दा बढी जग्गा आफ्नो स्वामित्वमा आएमा सोको विवरण ३५ दिनभित्र पेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ एक परिवारका सम्पूर्ण सदस्यका नामको नेपाल अधिराज्यभित्रको जमिनको एउटै जग्गाधनी प्रमाणपूर्जा कायम गर्नेतर्फ आवश्यक कानुनी व्यवस्था गरी कारबाही अगाडि बढाउनुपर्दछ । त्यस्तो पूर्जामा नागरिकताको नम्बर र फोटोसमेत रहने व्यवस्था हुनुपर्दछ ।

५ भूमिसुधार कार्यक्रम लागू गर्ने सिलसिलामा जमिनको स्वामित्व र जमिनको टाइटल दुवैलाई कम्प्युटरको केन्द्रीय प्रणालीमा राखी दुवैलाई मिलाएर चेक गरी एक व्यक्तिको नाममा रहेको देशभरिको जमिन देखिने गरी रेकर्ड तयार गर्ने काम तुरुन्त आरम्भ गर्ने व्यवस्था गर्नुपर्दछ ।

६ जमिन पुनः सर्भे गरी नयाँ नाप नक्सा तयार पारी जमिनको आधुनिक स्रेस्ता तथा रेकर्ड सिष्टम निर्माण गर्ने काम क्रमशः सुरु गरिनुपर्दछ ।

७ जग्गावालाहरूबाट प्राप्त जग्गाको विवरणमध्ये हदभन्दा माथिको फाँटबारीहरूका सम्बन्धमा कार्यालयमा रहेको लगत स्रेस्तासमेत भिडाई बुझ्नुपर्ने बुझी प्राप्त हुने जग्गाको निश्चित अवधि दिई सूचना प्रकाशित गर्नुपर्दछ । त्यसमा कसैको उजुरी परे सोसमेत छानविन गरी प्राप्त गरिने जग्गाको अन्तिम फाँटबारी प्रकाशित गर्ने व्यवस्था गरिनुपर्दछ ।

८ कुनै जग्गाधनीले आफ्नो जमिनको झुटो तथा अधुरो विवरण पेश गरेमा वा हदभन्दामाथिको जमिन लुकाइछिपाई राखेको पाइएमा त्यस्ता जग्गा जफत गरिनेछ । यसरी लुकाइछिपाई राखेको जमिनको सुराक दिने कुनै पनि व्यक्तिलाई जमिनको केही हिंस्सा तोकिएबमोजिम पुरस्कारस्वरुप राज्यले दिने व्यवस्था हुनुपर्दछ ।

९ हदबन्दीभन्दा माथिको जमिन प्राप्त गर्ने र वितरण गर्ने निश्चित अवधि तोकी सोभित्र समाप्त गर्ने व्यवस्था गर्नुपर्दछ ।

१० भूमिसुधार कार्यक्रम देशभरि एकैचोटि कार्यान्वयन गरिनुपर्दछ ।

## हदबन्दीबाट प्राप्त जमिनको वितरण

प्रस्तावित हदबन्दीबाट निस्केको जमिन, खेतीयोग्य, ऐलानी तथा पर्ति सम्पूर्ण जमिनमध्ये राज्यलाई विविध प्रयोगका लागि छुट्याई बाँकी जमिन देहायको प्राथमिकताअनुसार वितरण गरिनुपर्दछ । यसरी वितरण गरिँदा सम्बन्धित जिल्लाका बासिन्दालाई प्राथमिकता दिइनुपर्दछ ।

## जमिन वितरणका लागि प्राथमिकताहरू

१ कमैया

२ भूमिहीन किसान (अरुको जमिनमा काम गर्ने भूमिहीन सुकुम्बासी कृषि-श्रमिक)





३ ०.१ हेक्टरभन्दा कम जमीन भएका कृषक

४ ०.२ हेक्टरभन्दा कम जमिन हुने परिवार तर यस्ता कृषि परिवारका सदस्यमध्ये कोही जागिर तथा अन्य पेशामा संलग्न भए त्यस्ता परिवारले जमिन वितरणमा प्राथमिकता पाउने छैनन् ।

## न्युनतम एकाइभन्दा कम जग्गा बेचबिखनमा बन्देज

वर्तमान अवस्थामा सुकुम्बासीको सङ्ख्या द्रुतगतिमा बढ्दै गएको छ । आफूसँग भएको जमिन पनि बेचबिखन गरी सुकुम्बासी बन्ने क्रम पनि जारी रहेको देखिन्छ । तसर्थ वर्तमान अवस्थामा सुकुम्बासीको सङ्ख्या नियन्त्रण गर्ने र जग्गाधनीले देहायका क्षेत्रमध्ये कुनै एउटामा न्युनतम जमिनबाट आफ्नो हक छाड्न नपाउने व्यवस्था गर्नु उपयुक्त देखिन्छ । साथै तल लेखिएको न्युनतम धितो जफत गर्नबाट वा दण्ड सजायवापत वा कुनै प्रकारले स्वामित्व हस्तान्तरण हुनबाट बन्देज लगाउने नीति कडाइका साथ लागू गर्नुपर्दछ ।

(क) तराई तथा भित्री मधेस क्षेत्र ०.०६७ हेक्टर (२ कट्ठा)

(ख) पहाडी क्षेत्र ०.०५ हेक्टर (१ रोपनी)

(ग) हिमाली क्षेत्र ०.१ हेक्टर (२ रोपनी)

(घ) सहरी क्षेत्र ०.०१३ हेक्टर (४ आना)

## हदबन्दीमा छुट

भूमिसुधार कार्यक्रम हुँदा सरकारी भोगचलन वा स्वामित्वमा रहेका जग्गा, गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति र कूटनीतिक सुविधा प्राप्त विदेशी सङ्घ संस्था र विदेशी कूटनीतिक नियोगले भोगचलन गरेका र गुठी संस्थानअन्तर्गतका जमिनमा हदबन्दी लाग्ने छैन । यसबाहेक राज्यले आवश्यक ठानेमा कारणसमेत खुलाई निम्न संस्थालाई तोकिएको हदसम्म देहायका काममा प्रयोग हुने गरी छुट दिन सकिने व्यवस्था गरिनुपर्दछ ।

१. शिक्षण संस्था, स्वास्थ्यसम्बन्धी संस्था वा अन्य सामाजिक सङ्घ-संस्था

२. औद्योगिक प्रयोजनका लागि आवश्यक जमिन

३. वित्तीय संस्थाका नाममा धितोवापत वा धितो सरकारी स्वामित्वमा आएको जमिन

४. आवास परियोजना सञ्चालनका लागि स्वीकृति लिएको संस्था

५. वनजङ्गल तथा वृक्षरोपणका लागि प्राप्त जमिन

६. सहकारी खेती गर्ने संस्था वा फर्म

७. औद्योगिक कच्चा पदार्थ र निकासीजन्य खेतीका लागि आवश्यक जमिन

कृषि व्यवसायमा छुट दिँदा भौगालिक विशेषताका आधारमा तुलनात्मकरुपमा बढी उपज तथा आय दिने चिया, कफी, फलफूल रेशम, जडिबुटी, मसला जस्ता औद्योगिक बाली तथा पशुपालनका लागि तोकिएको सर्त, हद र काममा रहेसम्म कम्पनी ऐनअन्तर्गत दर्ता भएका कृषि फार्म तथा सहकारी कृषि फार्मलाई हदबन्दीमा छुट उपयुक्त हुन्छ । भू-उपयोगको नीतिअनुसार सिचाइ नचाहिने बालीलाई सिचाई हुने ठाउँमा यस्तो छुट दिइनु उपयुक्त हुँदैन । त्यसरी छुट पाएका जमिनमा त्यस्तो छुट प्राप्त गर्दा उल्लेखित कार्य तोकिएको समयमा वा दुई वर्षभित्र उपयुक्त कारणविना तोकिएको काममा प्रयोग नगरेमा जफत गर्न सकिने नीति लिइनुपर्दछ ।

अब बन्ने ऐन लागू हुने अवस्थासम्म हदबन्दीमा छुट प्राप्त गर्नेहरूले पनि पुनः हदबन्दीमा छुट प्राप्त गर्नका लागि सरकारको स्वीकृति लिनुपर्नेछ । त्यस्तो छुट प्राप्त गरी काम नगरेकाका हकमा छानविन गरी तोकिएको काममा प्रयोग नभएको ठहर भएमा त्यस्तो जमिनसमेत जफत गर्ने नीति हुनुपर्दछ । यसले विभिन्न बहानामा हदबन्दीभन्दा बढी जमिन लुकाई राख्ने प्रवृत्ति समाप्त हुनेछ ।

## चक्लाबन्दी गर्ने उपाय

कृषि उत्पादनमा लागत तथा श्रम शक्तिको बचत गर्न, उन्नत प्रविधि अपनाउन, सरल र व्यावहारिक बनाउन र बाली व्यवस्थापनमा सुधार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न देहायबमोजिम चक्लाबन्दी कार्यक्रम लागू गरिनेछ । चक्लाबन्दी कार्यक्रम निम्नानुसार दुई किसिमले गरिनेछ :





## क. कार्यक्रमका रुपमा सञ्चालन हुने

राज्यले चक्लाबन्दीको कार्यक्रम तर्जुमा गरी देशभर चरणबद्धरुपमा रहेका प्रक्रिया अपनाई सञ्चालन गरिनुपर्दछ ।

१. समथर भूमिको हकमा निश्चित क्षेत्र तोकी उक्त क्षेत्रमा कृषि बाटो, कुलो तथा ट्युबवेल र पानीको निकास योजना बनाउनेछ । उक्त क्षेत्रभित्र रहेका सबै कृषि जमिनको लेआउट र प्लटिङ गरिनुपर्दछ ।

२. उक्त क्षेत्रभित्र उत्पादकत्व र जमिनको मूल्य समान नभएका जमिन भए सम्पूर्ण जमिनको मूल्याङ्कन गरी जसको जति मूल्य पर्ने जमिन छ, सोअनुरुपले क्षेत्रफल भएको नयाँ प्लट बनाउने व्यवस्था गरिनुपर्दछ । चक्लाबन्दी गरिने क्षेत्रमा एक व्यक्तिको जतिसुकै टुक्रा जमिन भए पनि सबैको मूल्याङ्कन गरी उक्त मूल्य बराबरको एक ठाउँमा जति जमिन पर्दछ, त्यति जमिन उपलब्ध गराउने व्यवस्था गरिनुपर्दछ ।

३. उक्त क्षेत्रभित्र नयाँ निर्माण हुने बाटो, सिचाइ र पानीको निकासका लागि आवश्यक पर्ने सार्वजनिक जमिन समानुपातिकरुपमा सबै जग्गावालाले व्यहोर्नुपर्ने व्यवस्था गर्नुपर्दछ ।

४. पहाडी क्षेत्रको भिरालो जमिन तथा गराहरूका उत्पादकत्व, मूल्य यातायातको सुविधा, सिचाइको अवस्थामा ज्यादै भिन्नता पाइने हुँदा ती क्षेत्रमा पनि सम्पूर्ण जमिनको मूल्याङ्कन गरी एक किसान परिवारलाई एकै ठाउँमा जमिन पार्नु उपयुक्त हुन्छ । यसो गर्दा चक्लाबन्दी गरिने निश्चित क्षेत्रमा राम्रो जमिन कमी र नराम्रो जमिन बढी भएमा जमिनको मूल्याङ्कनका आधारमा नराम्रो वा कम मूल्यको आफ्नो जमिन अर्को परिवारमा जाने भए त्यसको बदलामा कम क्षेत्रफलको राम्रो तथा बढी मूल्य पर्ने जमिन प्राप्त हुने व्यवस्था गरिनुपर्दछ ।

५. पहाडी क्षेत्रमा एकै ठाउँमा चक्लाबन्दी हुन नसक्ने अवस्थामा खेत तथा पाखो जमिनको अलग अलग ब्लक बनाई ती ब्लकमा चक्लाबन्दी गरिनु उपयुक्त हुन्छ ।

## ख. स्वेच्छाबाट हुने चक्लाबन्दी

निश्चित क्षेत्रका किसानले व्यक्तिगत, समूहगत वा गाउँ विकास समितिहरूले स्वेच्छाले चक्लाबन्दी गर्न चाहेमा राज्यले विशेष अनुदान, विकास कार्यक्रममा प्राथमिकता र अन्य प्रोत्साहन दिनेखालका व्यवस्था गरिनुपर्दछ । स्वेच्छाले वा स्वस्फूर्त चक्लाबन्दी कार्यक्रम गर्न चाहने, समूह वा गाउँ विकास समितिले निम्नानुसार सुविधा तथा विकास कार्यक्रममा प्राथमिकता पाउनु उपयुक्त देखिन्छ । यस्तो किसिमको कार्यक्रमलाई सम्बन्धित निकायले प्राथमिकता दिनुपर्दछ ।

१. चक्लाबन्दी गरी एउटै ब्लकमा जमिन आउने किसिमले किसानले स्वेच्छाले आपसमा जमिन साटासाट गर्न चाहेमा राज्यले विशेष अनुदान वा रजिष्ट्रेसन दस्तुरमा छुट, कृषि ऋणमा प्राथमिकताजस्ता सहुलियत प्रदान गरी प्रोत्साहन गर्नुपर्दछ ।

२. आफ्नो गाविसको पूरै जमिन चक्लाबन्दी गर्ने गाविसहरूले केन्द्रबाट पाउने अनुदान तथा अन्य सिचाई, बाटो, ग्रामीण विद्युतीकरण, सञ्चार जस्ता विकास कार्यक्रममा प्राथमिकता पाउनुपर्दछ ।

३. सहकारी खेती प्रणालीअन्तर्गत सङ्गठितरुपले वा किसान समूहले आ-आफ्नो जमिनको स्वामित्व यथावत् राखी खेती तथा बजार व्यवस्थासम्बन्धी सम्पूर्ण कामको व्यवस्थापन संयुक्तरुपमा सञ्चालन हुनेगरी सामूहिक खेती प्रणालीलाई राज्यले विशेष अनुदान, कृषि, सेवा, कृषि बजार, सहुलियत दरमा कृषि ऋण, कृषि बाटो, ग्रामीण विद्युतीकरण जस्ता पूर्वाधार निर्माणमा प्राथमिकता दिनुपर्दछ ।

चक्लाबन्दी आफैँमा बृहत् किसिमको कार्यक्रम भएकाले यसलाई भूमिसुधार कार्यक्रम सँगसँगै लैजाँदा राज्यको ध्यान र साधनमा विभाजन हुने हुँदा यी दुवै कार्यक्रम त्यति प्रभावकारी नुहुन पनि सक्छन् । त्यसर्थ भूमिसुधार र अन्य कार्यक्रमलाई प्रथम चरण र चक्लाबन्दी कार्यक्रमलाई दोस्रो चरणमा कार्यान्वयन गर्नु उपयुक्त





हुनेछ । तर हदबन्दी र दोहोरो स्वामित्वको समस्या नभएका ठाउँ तथा नमुना गाउँमा चक्लाबन्दी पनि प्रथम चरणमै कार्यान्वयन गर्न सकिन्छ ।

## २. सुझाव कार्यान्वयनको आवश्यकता

नेपालको भूमिको अवस्था, त्यसको वितरण अवस्था, सुधार गरिनुपर्ने कारण र त्यसले उत्पादकत्व वृद्धिमा पार्ने प्रभाव आदिबारे गम्भीर अध्ययनसहित बडाल आयोगले दिएका निष्कर्ष उचित छन् कि छैनन् भन्ने जनताको यो जिज्ञासा मेट्न सघाउ पुग्छ भन्ने ठानेर हामीले सो आयोगको केही महत्वपूर्ण निष्कर्ष सम्मिलित गरेका हौं । जुन वर्तमान क्रान्तिकारी वैज्ञानिक भूमि सुधारका लागि महत्वपूर्ण छन् । तसर्थ यसको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ । यो प्रतिवेदन कार्यान्वयन सम्बन्धमा निम्न तथ्य स्मरणीय छन् :

### नेपालमा भू-स्वामित्वको वर्तमान स्थितिको संरचनामा परिवर्तन गर्ने

सबैभन्दा पछिल्लो राष्ट्रिय कृषि गणना २०४८ अनुसार हाम्रो देशको कुल भौगोलिक क्षेत्रको १८ प्रतिशत भूमि कृषियोग्य छ । करिब २७ लाख कृषक परिवार २६ लाख हेक्टर भूमिमा आश्रित छन् । राष्ट्रिय जोतको औसत आकार ०.९५ हेक्टर अर्थात् १८.६ रोपनी (१ विघा ८ कट्ठा) अर्थात् १ प्रतिशत छ । जसको स्वामित्वमा कुल कृषि भूमिको ३० प्रतिशत भू-भाग पर्दछ । अर्कातिर ५ हेक्टर (१०० रोपनी) भन्दा बढी जमिन हुने धनी किसान १.५ प्रतिशत छन् । यो तथ्याङ्कले भूमिको भू-स्वामित्वमा ज्यादै ठूलो असमानता रहेको पुष्टि गर्दछ । तराई र हिमाली क्षेत्रमा जोतको औसत आकारमा पनि असमानता छ । तथ्याङ्कले तराईमा १.३३ हेक्टर, पहाडमा ०.७७ हेक्टर र हिमाली भेगमा ०.६८ हेक्टर भएको कुराको पुष्टि गरेको छ । पहाडी क्षेत्रमा भन्दा तराईमा जमिनको स्वामित्वमा बढी असमानता देखिन्छ । साना तथा भूमिहीन जोताहा किसान पहाडमा भन्दा तराईमा बढी देखिन्छन् ।

भूस्वामित्वमा जस्तै गुणस्तरयुक्त र सिचाई सुविधा भएको जमिनको वितरणमा पनि धेरै असमानता पाइन्छ । ठूला तथा धनी किसानसँग साना किसानको तुलनामा उर्वर, धनहर तथा सिचित जमिनको

अनुपात धेरै छ । आधा हेक्टरभन्दा कम जमिन हुने किसान परिवारसँग उनीहरुको कुल जमिनमध्ये २० प्रतिशत जमिनमात्र सिचित छ भने ४ हेक्टरभन्दा बढी जमिन हुनेसँग २७ प्रतिशत सिचित भूमि छ । त्यसरी नै साना किसानको जमिनमध्ये ३८ प्रतिशत धानखेती हुने जमिन छ भने ठूला किसानसँग धानेखेती हुने जमिन ६४ प्रतिशत देखिन्छ । यसरी जोतको आकार बढ्दै जाँदा स्तरयुक्त जमिनको अनुपात पनि बढ्दै गएको पाइन्छ ।

यसरी कृषि उत्पादनको प्रमुख साधनका रुपमा रहेको जमिनको असमान वितरण ढाँचाले गर्दा कृषि आयको वितरण प्रणालीमा समेत असमानता कायम हुन गई गरिब र धनीबीचको दूरी बढ्दै गएको देखिन्छ । एकातिर खेती गर्ने गरिब तथा भूमिहीन किसानले आवश्यक जमिनको र अन्य उत्पादनका साधनहरूको अभावमा आफ्नो श्रमशक्ति पूर्णरुपमा प्रयोग गर्न नपाई गरिब र बेरोजगार बन्नुपर्ने बाध्यात्मक स्थिति छ भने अर्कातिर अनुपस्थित भूमिपति तथा ठूला किसानको स्वामित्वमा रहेको जमिन पूर्ण उपयोग हुन सकेको छैन र कृषि उत्पादनमा धेरै ह्रास आएको छ । फलस्वरुप देशले वर्सेनि व्यापकरुपमा खाद्यान्न आयात गर्नुपरेको छ र आयातको दर बढ्दो छ । साना किसान गरिब तथा भूमिहीन हुँदै गएका छन् भने ठूला किसान झन् धनी बन्दै गएका छन् । कृषि उत्पादन वृद्धि गर्न, आम जनताको आर्थिक स्थिति सुधार्न र जमिनमा रहेको निष्क्रिय पुँजीलाई उद्योगधन्दातर्फ उन्मुख गराउन जमिनको स्वामित्वको संरचनामा परिवर्तन गर्नुपर्ने स्थिति छ । त्यसकारण वर्तमान हदबन्दी घटाई नयाँ हदबन्दी कायम गर्न आवश्यक छ ।

## हदबन्दी व्यवस्थाको पुनरावलोकन गर्न

२०२१ सालमा लागू गरिएको हदबन्दीअनुसार तराईमा २५ विघा, पहाडमा ८० रोपनी र काठमाडौं उपत्यकामा ५० रोपनीसम्म छुट दिइएको छ । यस्तो हदबन्दी व्यवस्था त्रुटिपूर्ण छ । किनभने तल्लो पहाड तीन बाली हुने जमिन र हिमाली क्षेत्रको १ बालीका लागि १ वर्षभन्दा बढी समय लाग्ने जमिनको पनि हदबन्दी एउटै छ । पहाड तथा हिमाली क्षेत्रमा भन्दा तराईको हदबन्दी करिब ४ गुणा रहेको छ । त्यसरी नै उक्त भूमिसुधार कार्यक्रमको कार्यान्वयन पक्ष पनि त्रुटिपूर्ण





रहेको पाइन्छ । सबै जिल्लामा उक्त कार्यक्रम एकैपटक लागू नहुनु, समयमा नापी नहुनु, कार्यान्वयन प्रक्रिया लामो हुनु, राजनीतिक प्रतिबद्धताको कमी हुनु र प्रशासनिक यन्त्र पनि प्रभावकारी नहुनु आदि कारणले गर्दा उल्लेखित कार्यक्रम प्रभावकारी रहेन । जसले गर्दा हदबन्दीभन्दा माथिका सबै जमिन राज्यले प्राप्त गर्न सकेको देखिँदैन । उक्त कार्यक्रमबाट उल्लेख्य जमिन राज्यले प्राप्त गर्न सकेको देखिँदैन । उक्त कार्यक्रमबाट केबल ३१ हजार २ सय ३ हेक्टर अर्थात् कुल खेतीयोग्य जमिनको १.५ प्रतिशत जमिन राज्यले प्राप्त गरी २९ हजार १ सय २४ हेक्टर भूमि मोही तथा भूमिहीनलाई वितरण गरिएको थियो । त्यसैले हालको सन्दर्भमा वर्तमान हदबन्दी व्यवस्थाको पुनरावलोकन गर्न ढिलो भइसकेको छ ।

हाम्रो देश भौगोलिक बनोट र जलवायुको हिसाबले नै विविधतायुक्त भएको हुँदा भिन्नभिन्न ठाउँको कृषि उत्पादन क्षमतामा पनि विविधता पाइन्छ । मुलुकको कुल भौगोलिक क्षेत्रफलको अत्याधिक हिस्सा हिमाल र पहाडले ओगटेको छ । त्यसको पनि ठूलो क्षेत्र कृषि उत्पादनको निमित्त योग्य छैन, साथै कृषि उत्पादनयोग्य क्षेत्रको उत्पादन क्षमता पनि कम छ । त्यसैले नयाँ हदबन्दी कायम गर्दा एकातिर जमिनको अधिकतम उपयोग हुन सकोस् र अर्कोतर्फ उत्पादकत्व वृद्धि होस् भन्ने विषयमा ध्यान दिनु जरुरी छ ।

पहाडी तथा भिरालो जमिनको उत्पादन बहन गर्ने क्षमता तराई तथा समथर उपत्यकाको तुलनामा कम हुन्छ भने उत्पादन लागत पनि बढी हुन्छ । यसका अतिरिक्त जतिजति जमिनको भौगोलिक उचाइ बढ्दै जान्छ, उतिउति नै बाली पाक्ने अवधि पनि लामो हुँदै जाने गर्दछ । उदाहरणका लागि तराई तथा पहाडका बेसीमा ३ महिनामा पाक्ने मकै बाली हिमाली क्षेत्रमा ९ महिनामा पाक्छ । तसर्थ नेपालको सन्दर्भमा तराई, मध्य पहाड र हिमाली क्षेत्रका लागि भू-उपयोगका आधारमा अलगअलग हदबन्दी कायम गरी वर्तमान हदबन्दीमा परिवर्तन गर्नु व्यावहारिक तथा विज्ञानसम्मत हुनेछ । सोका लागि बडाल आयोगको प्रतिवेदन कार्यान्वयन गर्न जरुरी छ ।

## कृषि उत्पादन वृद्धि गर्न

मेसिनीकरण नभएको र कतिपय ठाउँमा भविष्यमा पनि हुने सम्भावना नरहेको नेपालको वर्तमान सन्दर्भमा ठूला तथा धनी किसानको जमिनको तुलनामा साना किसानको जमिनको उत्पादकत्व उल्लेखनीयरुपमा बढी भएको विभिन्न अध्ययनबाट पुष्टि भएको छ । नेपाल राष्ट्र ब्याङ्कको सबैभन्दा पछिल्लो सर्भेअनुसार जति-जति जोतको आकार बढ्दै गयो, भूमिको उत्पादकत्व पनि घट्दै गएको पाइएको छ । जबकि साना किसानसँग ठूलो किसानको तुलनामा कम गुणस्तरको भूमि छ । एक हेक्टरभन्दा कम जमिन हुने किसान परिवारको हकमा बाली सघनता १ सय ६६ प्रतिशत छ भने ५ हेक्टरभन्दा बढी जमिन हुने परिवारको हकमा सघनता १ सय १७ प्रतिशतमात्रै छ । अर्थात् जति जति जोतको आकार बढ्दै गयो, उति उति नै बाली सघनता पनि घट्दै गएको पाइन्छ । यसप्रकार ठूला किसानसँग भएको जमिनको अधिकतम उपयोग हुन सकेको छैन ।

जोतको आकार बढ्दै जाँदा कृषि उत्पादकत्व घट्दै गएको देखिन्छ । एउटै भौगोलिक क्षेत्रका साना किसानले एक हेक्टर जमिनबाट करिब १२ हजार रुपैयाँ मूल्य पर्ने उब्जनी लिने गर्दछन् भने ५ हेक्टरभन्दा बढी जमिन हुने किसानले प्रतिहेक्टर करिब ६ हजार रुपैयाँको उब्जनी लिने गरेको पाइएको छ । यसबाट यो प्रष्ट हुन्छ कि साना किसानले बढी मेहनत गरी जमिनको समुचित उपयोगबाट जमिनको गुणस्तर कम भए पनि बढी उत्पादन लिने गर्दछन् । तर जमिनको असमान वितरण भएकाले बढी मेहनत गरी बढी उब्जाउ लिने किसानसँग ज्यादै कम जमिन छ भने श्रम साधन नभएका तथा अनुपस्थित जग्गाधनीसँग जमिनको मात्रा बढी छ । त्यसैले जमिनमा हदबन्दी कायम गरी सोभन्दा माथिको जमिन श्रमशक्ति भएका तथा भूमिहीन किसानलाई वितरण गरेमा कृषि उत्पादनमा उल्लेखनीयरुपमा वृद्धि हुनेछ ।

## सामाजिक न्याय कायम गर्न

भूमि प्रकृतिप्रदत्त सम्पदा र कृषि उत्पादनको प्रमुख साधन हो । अधिकांश नेपाली जनताको गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको प्रबन्ध यसैमाथि निर्भर छ । मानव सभ्यताको अस्तित्वका





लागि आधारभूत आवश्यकता परिपूर्ति गर्न भूमिको समुचित उपयोग हुनु अनिवार्य हुन्छ । भूमिलाई आफ्नो आवश्यकताभन्दा बढी सम्पत्तिका रुपमा सञ्चय गरी मानव जातिको अस्तित्वको आधारका रुपमा रहेको खाद्यान्न उत्पादनमा ह्रास आउन दिने अधिकार कसैलाई पनि हुनुहुँदैन । जमिन सीमित साधन भएकाले आफूले कमाउन सक्ने वा आफ्नो आधारभूत आवश्यकता पूरा गर्ने हदभन्दा बढी जमिन ओगटिराख्न दिनु उचित र न्यायसङ्गत हुँदैन । जमिन प्राकृतिक सम्पदा भएकाले यसलाई अन्य मानवनिर्मित सम्पत्तिसँग दाँजेर हेरिनु पनि हुँदैन र यसको वितरणमा ठूलो असमानता रहनु उचित देखिँदैन । त्यसैले हदबन्दीको माध्यमबाट जमिनको समतामूलक वितरण प्रणाली कायम गर्नु सामाजिक न्यायको दृष्टिले आवश्यक छ ।

नेपाली जनताको सिप र क्षमताले तत्काल उत्पादनमा वृद्धि ल्याउन सक्ने उत्पादनको प्रमुख साधन भूमि हो । उक्त साधन सीमित व्यक्तिको स्वामित्वमा बढी रहँदा बहुसङ्ख्यक नेपाली झन्झन् गरिब र बेरोजगार बन्दैछन् । भूमिको हदबन्दी कम गरी प्राप्त हुने जमिन भूमिहीन तथा गरिब किसानलाई वितरण गर्दा तीव्र ढङ्गले नयाँ रोजगार सिर्जना, उत्पादनमा वृद्धि, आय वृद्धि तथा गरिबीको निवारण गर्न र देशको समग्र आर्थिक तथा सामाजिक विकास गर्न योगदान पुग्छ । राज्यले कृषि विकासका लागि सिचाइ, मल, उन्नत बिउ, प्रविधि, बजार तथा बाटोको व्यवस्था मिलाएर पनि त्यसको प्रत्यक्ष फल जमिन हुनेहरूले मात्र प्राप्त गरिरहेका छन् । चार रोपनीभन्दा कम जमिन हुने करिब ५ लाख र भूमिहीन अनुमानित ५ लाख गरी कुल १० लाख कृषक परिवारलाई त्यसको खास फल पुगेको छैन । तसर्थ यस्ता अति साना र भूमिहीन किसानलाई प्रत्यक्ष लाभ पुऱ्याउनका लागि भूमिको हदबन्दी घटाई प्राप्त हुन आएको जमिन पुनर्वितरण गर्नु अनिवार्य हुन आउँछ ।

## औद्योगिकीकरणको पूर्वाधार खडा गर्न

हदबन्दीको माध्यमबाट समतामूलक ढङ्गले भू-स्वामित्व वितरण गर्नाले कृषि आयको वितरण प्रणालीमा समेत समता कायम हुन्छ । त्यसबाट कृषि उत्पादनमा वृद्धि हुनुका साथै साना किसानको आर्थिक जीवनस्तर उठ्छ र उनीहरूको क्रयशक्तिमा वृद्धि हुने हुँदा औद्योगिक

वस्तुहरूको खपतमा पनि वृद्धि हुन्छ । परिणामतः आन्तरिक बजार विस्तार हुन जान्छ । औद्योगिक वस्तुका लागि आन्तरिक बजार निर्माण र विस्तार हुँदा आन्तरिक तथा बाह्य लगानीकर्तालाई आकर्षित गर्छ र उद्योगधन्दा तथा गैरकृषि क्षेत्रको विकास र विस्तार हुन जान्छ । कुनै पनि विदेशी लगानीकर्ताले आफ्नो आन्तरिक तथा बाह्य बजारको अवसर नदेखेसम्म जस्तोसुकै खुला आर्थिक नीति भए पनि त्यो देशमा उद्योग स्थापनाका लागि लगानी गर्न चाहँदैन । त्यसरी नै अर्को महत्वपूर्ण पक्ष के छ भने जमिनको स्वामित्वमा वर्तमान हदबन्दी उचितरुपमा घटाउँदा ठूला किसान र अनुपस्थित जग्गाधनीको जमिनमा रहेको निष्क्रिय पुँजी क्षतिपूर्तिमार्फत् गैरकृषि तथा उद्योगधन्दातर्फ उन्मुख हुनेछ । जसले गर्दा देशमा औद्योगिकीकरणका लागि आर्थिक तथा भौतिक पूर्वाधार खडा भई आजका ठुला किसान तथा जग्गावाल भोलिका उद्योगपतिमा रुपान्तरित हुनेछन् ।

## रोजगारीको अवसर अभिवृद्धि गरी गरिबी उन्मूलन गर्न

वर्तमान हदबन्दी घटाई हदभन्दा माथिको जमिनको स्वामित्व भूमिहीन तथा गरिब किसानलाई दिनाले कृषि उत्पादनको प्रमुख साधनका रुपमा रहेको भूमिको समुचित उपयोग हुन गई उनीहरूको आर्थिक तथा भौतिक जीवनस्तर माथि उठ्नेछ । कृषि उत्पादनमा वृद्धि हुँदा कृषि श्रमिकको ज्यालामा वृद्धि हुनुका साथै ग्रामीण रोजगारको अवसरमा पनि वृद्धि हुनेछ । कृषिको दीर्घकालीन योजना २०५२ ले अनुमान गरेअनुसार कृषि क्षेत्रमा एक प्रतिशतले वृद्धि भएमा यसले गैरकृषि क्षेत्रमा १.५ प्रतिशतले वृद्धि ल्याउँछ । यसले शिक्षा, स्वास्थ्यलगायत् अन्य सामाजिक तथा वातावरणीय क्षेत्रमा प्रत्यक्षरुपमा सकारात्मक प्रभाव पार्नेछ । गैरकृषि क्षेत्रका पूर्वाधार खडा भई उद्योगधन्दाको विकासले कृषि क्षेत्रमा बढ्दो जनसङ्ख्या चाप कम हुनुका साथै कृषि र गैरकृषि क्षेत्रमा समेत रोजगारका अवसर अभिवृद्धि हुनेछन् । परिणामस्वरुप हाम्रो जस्तो देशमा गरिबी निवारण सम्भव हुनेछ ।





## वातावरण संरक्षण गर्न

ग्रामीण जनसमुदायमा भूमिहीन तथा साना किसानको बाहुल्य रहेको र खाद्यान्नको बढ्दो आवश्यकताका लागि जङ्गल अतिक्रमण गर्ने प्रवृत्ति उनीहरूमा बढेको छ । ग्रामीण रोजगारीका अभावमा दाउरा तथा काठ बेचविखन गरी दैनिक आवश्यकता टार्न उनीहरूले वनजङ्गलमै आश्रित हुनुपर्ने हुँदा वनसम्पदा र वातावरणमा ह्रास आएको छ । यस्ता भूमिहीनलाई हदबन्दीमाथिको जमिन वितरण गरी जोतको आकार बढाउँदा आफ्नै खेतबारीको उत्पादनले उनीहरूको जीवन निर्वाह पनि हुन सक्ने हुँदा वनमा आश्रित व्यक्तिहरूको वर्तमान चाप घट्न जानेछ र वातावरणीय संरक्षणमा पनि योगदान पुग्नेछ । जनसङ्ख्याको ठूलो हिस्साको आयवृद्धिले कृषि उत्पादनको माग संरचनामा परिवर्तन ल्याई सिमान्त जमिनमा फलफूल र वृक्षरोपणका प्रक्रिया बढ्ने हुँदा त्यस्ता जमिनमा भू-क्षय क्रमिकरुपमा घट्दै जानेछ ।

नेपालमा भूस्वामित्वको विवरण

| जोतको आकार | हिमाल | | पहाड | | तराई | | नेपाल अधिराज्य | |
|---|---|---|---|---|---|---|---|---|
| हेक्टरमा | कृषि परिवार % | स्वामितवको जमिन % | कृषि परिवार % | स्वामितवको जमिन % | कृषि परिवार % | स्वामित्वको जमिन % | कृषि परिवार % | स्वामितवको जमिन % |
| ०.१ हे.भन्दा कम | ५.५ | ०.५ | ७.० | ०.५ | ९.७ | ०.४ | ७.५ | ०.४ |
| ०.२-०.२ हे. | ११.२ | २.४ | १०.६ | २.० | ८.० | १.० | ९.६ | १.५ |
| ०.२-०.२ हे. | २६.४ | १८.२ | ३०.८ | १३.४ | २१.६ | १२.४ | २६.७ | ९.४ |
| ०.५-१ हे. | २९.० | ३०.० | २९.० | २६.४ | २१.६ | १२.४ | २६.० | १९.२ |
| १-३ हे. | १६.३ | ३५.९ | २१.२ | ४२.४ | ३२.९ | ४४.३ | २५.५ | ४३.० |
| ३-५ हे. | १.१ | ५.९ | १.६ | ७.६ | ५.७ | १७.३ | ३.२ | १२.६ |
| ५ हे. भन्दा माथि | ०.५ | ७.१ | ०.५ | ७.७ | २.८ | १९.४ | १.५ | १३.९ |
| जम्मा | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

◆

# परिच्छेद - छ

## सार्वभौमसत्ता सम्पन्न जनता र कमैया प्रथा

### सामान्य परिचय

कमैया प्रथा एक प्रकारको दास प्रथा नै हो । नेपालको पश्चिम तराई र भित्री मधेशका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङमा यो प्रथा केन्द्रित छ । बृहत् नेपाली शब्दकोशले कमैया शब्दको अर्थ यसरी दिएको छ । "जग्गाधनीबाट नगदी वा जिन्सी लिएर सपरिवार अर्काको जग्गा कमाउने वा सोसरहका किसान ।" "साह्रै जोतिन सक्ने, कमाइवाल, आर्जनी, पौरखी वा हिम्मती ।"

शब्दकोशको उक्त भनाइले पनि कमैया अन्य कृषि श्रमिकभन्दा पृथक भएको सङ्केत गर्दछ । तर यतिमात्रै हैन, कमैया प्रथा आजको युगमा साधारणतया कल्पना नगरिनेखालको दासप्रथाकै अवशेष हो । यसलाई सामान्य शोषण उत्पीडनमा परेका भूमिहीन तथा गरिब किसानको स्थितिमा मात्रै बुझ्न खोज्नु अपर्याप्त नै हुन्छ । एक जना भूमिहीन वा गरिब किसानले अर्काको खेतबारीमा काम गर्दा उसले आफ्नो ज्याला तोक्न सक्छ, काममा जान वा नजान सक्छ । यतिमात्र होइन, कुनै दिन ऊ काम गर्न मन नलागे नगर्न पनि सक्छ । कामको प्रकृति र क्षेत्र बदल्नसमेत सक्छ, तर कमैया त्यस्तो गर्न स्वतन्त्र हुँदैन । करारबाट कमैया बस्ने, नबस्ने तय गरिए पनि पुरानो सौकी (ऋण) का कारण भूमिहीन भएको र वैकल्पिक बाँच्ने आधार नभएको हुनाले ऊ कमैया बस्न र करार गरी बस्न विवश हुन्छ । कमैया बसिसकेपछि ऊ एक प्रकारको दास भैसकेको हुन्छ । मालिकका हरेक आदेश उसले पालन गर्नुपर्छ । तर मालिकलाई उसले कुनै कर्तव्य पालना गराउन सक्ने अवस्था रहँदैन । कमैयाका हरेक विवशता र बाध्यताका कारण लिनुपर्ने सौकी (ऋण) को ब्याजदर मनपरी ढङ्गले तोकिन्छ । कुनै मेला, पर्व हेर्न जाँदा वा बिमारी पर्दा वा आफन्तकहाँ जाँदा दैनिक काममा भाग लिन नपाउँदाको जरिवाना उसले तिर्नुपर्छ ।





उता मालिकको काम नभएको बेला भने कमैयालाई अरूको ज्याला गर्न पठाएर, खेतबारीको काम वा भारी बोक्न पठाएर ज्याला लिएर मालिकले खाने गर्छ । त्यतिमात्र होइन, जङ्गलका काठ चोरी गर्न पठाएर वा अन्य गैरकानुनी काममा पठाएर मालिकले लाभ लिने तथा पक्राउ दण्ड जरिवाना पायो भने उसको सौकी (ऋण) थपिनेसमेत गर्छ । हरेक दिन कमैया, बुक्रही, भैसवार, गैवार, बर्दिवार, छेकवार, कमलरी सबैले अर्थात् कमैया उसकी श्रीमती वा अरु महिलाले घरको काम, छोराछोरी वा वृद्ध बाबुआमा जो, भैंसी, गाई, बाख्रा, कुखुरा चराउनेदेखि लिएर घाँस, दाउरा गर्ने र भकारो सोहोर्ने गर्दछन्, उनीहरूले पनि २४ घण्टामा १८, १९ घण्टा काम गर्नुपर्छ । यसरी कमैया राख्ने मालिक सबै अधिकारबाट सुसज्जित र कमैया र उसका परिवार सबै कर्तव्य मात्र पालन गर्न बाध्य हुने स्थितिमा रहन्छन् । यी सबै कुराले गर्दा कमैया प्रथाअन्तर्गत हुने गरेका शोषण अरु कृषि श्रमिकको भन्दा फरक र दास प्रथा झल्काउनेखालका छन् ।

### कमैयासम्बन्धी केही तथ्य

कमैया समस्याबारे ६ वर्षदेखि अध्ययन अनुसन्धान गर्ने, समस्याको पहिचान गर्ने, समाधानका उपाय पत्ता लगाउने, समाधानमा सघाउ पुऱ्याउने अठोटका साथ अघि बढेको अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) ले "नेपालमा कमैया प्रथाभित्र बाँधा मजदुर" नामको २०४९ मा प्रकाशित पुस्तकमा उल्लेख भएअनुसार कमैयासम्बन्धी निम्न तथ्याङ्क देखिन्छ ।

९६.३ प्रतिशत कमैया निरक्षर छन्, ९३.२ प्रतिशत कमैया थारु जातिका छन् । १५.५ प्रतिशत कमैया २० वर्षमुनिका छन् । ७५.८७ प्रतिशत कमैया ४० वर्षभन्दा मुनिका छन् । हरेक कमैया परिवारको सदस्य सङ्ख्या सरदर ६.३४ प्रतिशत रहेका छन् । ७२ प्रतिशत कमैयाको आफ्नो घर छैन । ९८.२ प्रतिशत कमैयाको आफ्नो जमिन छैन । ३.३ प्रतिशत कमैया ४ पुस्तादेखि लगातार कमैया बस्दै आएका छन् । २१.६३ प्रतिशत कमैया ३ पुस्तादेखि र २८ प्रतिशत कमैया २ पुस्तादेखि कमैया बस्दै आएका छन् । काममा गयल हुने कमैयालाई दिनको रु. ५४ सम्म जरिवाना हुन्छ । कते कतै रु.३००/- सम्म दैनिक जरिवाना गरेको पनि पाइन्छ । नेपालको संविधान २०४७ ले

नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गरेको ५ वर्ष बितिसक्दा पनि कमैया समस्या यथावत् रहनुले प्रजातन्त्र र संविधानको उपभोग सीमित वर्गले मात्रै गर्न पाएको कुरालाई असत्य भन्ने ठाउँ छैन ।

## नेपाल अधिराज्यको संविधान २०४७ र कमैया प्रथा

नेपालमा दासप्रथाको उन्मूलन राणा प्रधान मन्त्री चन्द्रशमशेरको पालामा ७१ वर्षपहिले १९८१ वि.सं. मा भएको हो । त्यसै बेलादेखि दासदासी राख्न नपाउने व्यवस्था भयो तर हाम्रो देशका कतिपय ठाउँमा आज पनि दासप्रथाको अवशेष भेटिन्छ । त्यसमा पनि कमैया प्रथा दासप्रथाकै रुपमा कायम छ । हाम्रो संविधान २०४७ को भाग ३ को मौलिक हकका सम्बन्धमा धारा ११ को समानताको हक, धारा २० मा शोषणविरुद्धको हकबारे प्रष्ट उल्लेख गरिएको छ । धारा २० मा भनिएको छ- "मानिसलाई बेचविखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छाविरुद्ध काम गराउन निषेध गरिएको छ । त्यस्तो कार्य कसैले गरेमा कानुनद्वारा दण्डनीय हुनेछ ।"

यो कमैया प्रथा, धारा ११ र २० को विपरीत छ । माथि कमैयासम्बन्धी केही तथ्य उल्लेख गरिएका छन् । तथ्यले देखाइसकेको छ, सौकी (ऋण) तिर्न नसकेकै कारणबाट ३ पुस्ता ४ पुस्तादेखि लगातार कमैया बस्न विवश छन् । हरेक वर्षका माघीमा (माघे सङ्क्रान्ति) कमैयाको किनबेच जस्तै हुने गर्छ । जति वर्ष काम गर्दै गयो, उति उति सौकीको बोझ थपिँदै जाने प्रथाले गर्दा एउटा मालिकबाट अर्को मालिक फेरिँदा पुरानो सौकी तिरेर नयाँले लैजान्छ । स्वतन्त्र र आफ्नै घरबार नभएका कमैया पशुजस्तै एक घरबाट अर्को घरमा सर्न बाध्य छन् ।

यसरी काम गर्दै जाँदा, कमैया र उसका साथमा सँगै काममा जानुपर्ने बुक्रही, भैसवार, गैवार, वर्दिवार, र छेकवार भएर काम गर्नेले गोरु चराउन लाँदा हराएमा वा बाघले खाएमा उसकै थाप्लोमा ऋण थपिन्छ । काम गर्दा टुट्फुट भएमा उसकै थाप्लोमा ऋण थपिँदै जान्छ । काम गर्दागर्दै बिरामी पऱ्यो र अर्कोलाई ज्यालामा काम लगाउनुपऱ्यो भने दिनको सालाखाला रु. ५०/- देखि रु. ३००/- सम्म पनि





तिर्नुपर्ने हुन्छ । त्यो पनि उसको सौकीमा जोडिँदै जाने गर्छ । त्यस्तै चाडपर्व, बिहेवारी, दुःख, बिमारी पर्दा लिएको ऋणको ब्याज मालिकको इच्छाबमोजिम जोडिने गरी थपिँदै जान्छ । यो स्थितिलाई हेर्दा हाम्रो संविधानको धारा २० र ११ का विरुद्ध कमैयामाथि शोषण, उत्पीडन र असमानता कायम भएको छ ।

हाम्रो संविधानले सार्वभौमसत्ता नेपाली जनतामा रहनेछ भनेर प्रष्ट किटान गरेको छ । सार्वभौसत्ता सम्पन्न नेपाली जनताभित्र कमैया पनि पर्छन् । तर एउटा सार्वभौमसत्ता सम्पन्न जनताका रुपमा कमैयालाई व्यावहारिक यथार्थमा पुऱ्याउने कार्य हालको कमैया प्रथा कायमै राखेर सम्भव हुँदैन । त्यसकारण हाम्रो संविधानको न्युनतमरुपमा पालना गर्न पनि कमैया मुक्त हुनैपर्छ । उनीहरूले बाँच्न पाउने र समानताको हक उपभोग गर्नका लागि आफ्नो स्वतन्त्र झुपडी, सौकी मिनाहा वा मुक्त जीवनका साथै न्युनतमरुपमा आफ्नै जमिन पाउनु उनीहरूको मानवीय हक नै हुन जान्छ ।

कमैयालाई नेपालको स्वतन्त्र नागरिक हकभोगको उपयोगका लागि पनि उल्लिखित व्यवस्था अनिवार्य हुन जान्छ ।

## मानवअधिकारको दृष्टिमा कमैया प्रथा

संयुक्त राष्ट्र सङ्घको आर्थिक सामाजिक परिषद्को ३० अप्रिल १९५६, निर्णय नं. ६०८ द्वारा जेनेभामा बोलाइएको अधिकार प्राप्त सम्मेलनले ७ सेप्टेम्बर १९५६ मा पारित "दासत्व दासव्यापार वा दासत्वसरहका संस्था तथा प्रचलनको उन्मूलनसम्बन्धी सहायक अभिसन्धि" विपरित हाम्रो देशमा कमैया प्रथा विद्यमान देखिन्छ । ४० वर्षअघि संयुक्त राष्ट्र सङ्घले संसारका कतिपय ठाउँमा अवशेषको रुपमा रहेको दासत्व वा सोसरहका व्यवहारलाई समेत उन्मूलन गर्ने ध्येयले भएका अभिसन्धिका कुरालाई ४० वर्षपहिले नै संयुक्त राष्ट्र सङ्घको सदस्य भइसकेकाले हाम्रो देशमा अझै पनि कमैया प्रथा जस्तो दासत्वसरहका शोषणमा नेपाली नागरिकको ठूलो सङ्ख्या रहिरहनु अत्यन्त दुःखको कुरा हो ।

उक्त अभिसन्धिको दफा १ धारा १ को (ख) दासत्वका सम्बन्धमा प्रष्ट भनिएको छ -"दास प्रवृत्ति अर्थात् मोहीको अवस्था वा हैसियत जो

कानुन प्रथा वा सम्झौताको कारण अर्को व्यक्तिको जमिनमा श्रम गर्न र बाँच्न बाध्य हुन्छ र जो यस्तो अर्को व्यक्तिलाई कुनै कुरा लिई वा नलिई सेवा प्रदान गर्न ठेकिएको हुन्छ, जो आफ्नो हैसियत बदल्न स्वतन्त्र हुँदैन ।"

अभिसन्धिका उक्त भनाइले हाम्रो देशमा अझै विभिन्नरुपमा कायम कमैया प्रथालाई दास प्रवृत्तिकै प्रथाका रुपमा प्रमाणित गर्दछ । यसकारण पनि संयुक्त राष्ट्र सङ्घको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा-पत्र र विभिन्न अभिसन्धिका भावनाविपरित रहेको कमैया प्रथा अन्त्य नगरिकन हामी मानवअधिकारको पक्षमा उभिएको ठहर्दैन ।

## कमैया मुक्ति- प्रयास र अखिल नेपाल किसान सङ्घ

अखिल नेपाल किसान सङ्घले स्थापनाकाल वि.सं. २००८ सालदेखि नै सबैखालका सामन्ती, अर्धसामन्ती, शोषण, उत्पीडन, दमन र भेदभावविरुद्ध सङ्घर्ष गर्दै आएको छ । आमरुपमा नेपाल कम्युनिष्ट पार्टी र अखिल नेपाल किसान सङ्घकै विचारबाट अभिप्रेरित भएर भीमदत्त पन्तले "कि जोत हलो, कि त छोड थलो, यदि हैन भने अब छैन भलो" भनेर सुदूर पश्चिमाञ्चल र पश्चिमाञ्चलमा एउटा आँधी नै सृजना गर्नुभएको थियो । तर २००७ सालपछि बनेको सरकारले भीमदत्त पन्तसमेत दर्जनौं क्रान्तिकारी योद्धाको हत्या गरी शोषक, सामन्त वर्गको पक्षपोषण गऱ्यो । जनचेतनाको कमी, प्रखर आन्दोलनको अभाव, समान्त वर्गको बोलवाला, कम्युनिष्ट पार्टी र अनेकिसङ्घको कमजोर प्रभाव भएको कारण त्यस क्षेत्रमा कमैया र हलिया प्रथा जस्तो दास प्रवृत्तिकै अर्को रुप अझै रहन गयो । ४० दशक र खासगरी २०४६ को जनआन्दोलनपछि कमैया मुक्ति प्रयासमा व्यापकरुपमा आवाज उठ्न थाल्यो । बहुदलीय राजनीतिक व्यवस्था स्थापनापछि २०४७ मा पोखरामा भएको अखिल नेपाल किसान सङ्घको तेस्रो राष्ट्रिय सम्मेलनले कमैया मुक्तिका लागि विशेष प्रयास गर्नुपर्नेमा धयान आकर्षण गऱ्यो । यति हुँदाहुँदै पनि हरक्षेत्रबाट जे/जति प्रयास हुनु आवश्यक थियो, अनेकौं कारणले गर्दा त्यो हुन सकेन ।





## कमैयाका मुक्तिका लागि संसदमा उठेका आवाज

२०४८ को आमनिर्वाचनपछिको संसदको पहिलो अधिवेशनदेखि नै ने.क.पा. (एमाले) को तर्फबाट कमैया मुक्तिका निम्ति तत्काल कदम चाल्नुपर्ने कुरा उठ्न थाल्यो । "प्रतिनिधिसभा यो संकल्प गर्दछ कि कमैया मुक्तिका निम्ति आवश्यक सबै कदम तुरुन्तै चाल्ने अठोट गर्दछ ।" यस्तो प्रस्ताव दर्ता नं. १ मै केशव बडालबाट दर्ता भयो । तर संसदमा छलफलमा ल्याउन मानिएन । लगातार चौथो अधिवेशनसम्म पटकैपिच्छे दर्ता नं. १ कै रुपमा उक्त प्रस्ताव नेकपा एमालेका तर्फबाट प्रस्तुत भयो तर यसका लागि नेपाली कङ्ग्रेसको सरकार जवाफ दिन र छलफल गर्न कहिल्यै तयार भएन । नेकपा एमालेका सांसदको साह्रै चर्को दबाबपछि यसलाई नेपाली कङ्ग्रेसद्वारा "जरुरी सावर्जनिक महत्वको प्रस्ताव" को रुपमा स्तर घटाएर छलफलमा ल्याइयो । यसरी संसदमा तत्कालीन प्रतिपक्षी दल ने.क.पा. (एमाले) को कमैया मुक्तिका लागि सदनभित्र र बाहिरबाट प्रयास जारी रह्यो । २०५१ को मध्यावधि निर्वाचनपछि एमालेको सरकारले कमैया मुक्तिका लागि ठोस कदम चाल्दै थियो । यस्तैमा सरकार फेरियो । त्यसपछि कयौं वर्ष सरकारी प्रयास शिथिल अवस्थामा रह्यो तर हाम्रो दबावमूलक आन्दोलन भने जारी थियो ।

## कमैया मुक्ति अभियान र कमैया मुक्ति मञ्च

मानवअधिकारवादी गैरसरकारी संस्थाका रुपमा क्रियाशील इन्सेकले देशका कुनाकाप्चासम्म मानवअधिकारको हनन केवल प्रहरी र प्रशासनको दमनबाट मात्र हैन, सामन्ती भू-स्वामित्वका अवशेषका कारण पनि हनन भएको छ भन्ने कुरा खोतल्ने कार्यमा समेत थुप्रै प्रयास गरेको देखिन्छ । नेपालका प्रसिद्ध मानवअधिकारवादी योद्धा प्रकाश काफ्ले र सुशील प्याकुरेलको अगुवाइमा इन्सेकले २०४८ बाट बर्दिया, कैलाली र कञ्चनपुरमा कमैयाको स्थिति अध्ययन गर्ने काम थालेको देखिन्छ । हुँदा हुँदा यसले कमैया मुक्ति अभियानका रुपमा सचेत सङ्गठित र सङ्घर्षशील ढङ्गले कमैया मुक्ति प्रयासमा कमैया आफैँ जागरुक हुने स्थितिसम्म पुऱ्यायो ।

राष्ट्रिय अधिवेशन गरेर उद्देश्य र कार्यक्रमसहितको "कमैया मुक्ति मञ्च" गठन गरी अघि बढ्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने कार्यसमेत इन्सेकले गरेको पाइन्छ । दुई पुस्तादेखि कमैयाकै रुपमा भुक्तभोगी काशीराम थारुको अध्यक्षतामा गठित "कमैया मुक्ति मञ्च" को गठनले भविष्यमा उल्लेखनीय कार्य गर्नेछ भन्ने आशा त्यतिबेलै गरिएको थियो । यस मञ्चले आफ्नो नीति, सिद्धान्त र कार्यक्रम प्रष्टरुपमा अघि सारेको छ । हालै "कमैया मुक्ति मञ्च" ट्रेड युनियन महासङ्घको एउटा घटकका रुपमा सङ्गठित भैसकेकाले कमैयाबाट कृषि मजदुरका रुपमा रुपान्तरित गर्नका लागि कदम चाल्न ट्रेड युनियन महासङ्घको नेतृत्वमा "कमैया मुक्ति मञ्च" अघि बढ्नु आवश्यक भइसकेको छ ।

◆



# परिच्छेद - सात

## विगतका प्रेरक प्रसङ्ग

### १. भूमिसुधारका प्रखर हिमायती जगन्नाथ आचार्य

२०४६ को जनआन्दोलनमा जगन्नाथ आचार्य नेपाली कङ्ग्रेसको तर्फबाट उपत्यका सङ्घर्ष समितिमा संयोजक हुनुहुन्थ्यो । म ललितपुर, भक्तपुरसमेत वागमती अञ्चल र जनकपुर अञ्चलका रामेछाप, दोलखासमेतको आन्दोलन परिचालन कमिटीको प्रमुख तथा तत्कालीन ने.क.पा. (माले) को अञ्चल प्रमुख थिएँ । आन्दोलन संयुक्तरुपमा लैजानुपर्छ भन्ने भावनाका सशक्त हिमायती भएका हामी दुवैको धेरै कुरा मिल्थ्यो । आ-आफ्नाढङ्गले आ-आफ्ना प्रभाव क्षेत्रमा केन्द्रित हुँदै संयुक्त सङ्घर्षलाई प्रभावकारी ढङ्गले लानुपर्छ भन्ने विचार मिलेका कारण पारस्परिक विश्वासको वातावरण हुनु स्वाभाविकै हो । आन्दोलनको सफलतासँगै बहुदलीय व्यवस्थाको स्थापनापछि विभिन्न सन्दर्भमा भेटघाट र छलफल हुने गर्थ्यो । नेपाली कङ्ग्रेसका अरु नेतामा भन्दा आचार्यमा भूमि समस्याबारे राम्रो दृष्टिकोण पाइएको हुनाले मेरो विशेष भेटघाट, छलफल र कुराकानी हुन्थ्यो । अघि-अघिको पातलो भेटभाट २०४८ को आमनिर्वाचनपछि बाक्लिँदै गयो । देशमा विकराल भूमि समस्या, किसानका समस्या र ग्रामीण समस्याबारे छलफल भइरहन थाल्यो । आमनिर्वाचनमा उहाँ भक्तपुर निर्वाचन क्षेत्र नं. २ बाट विजयी हुनुभयो । म काभ्रेको क्षेत्र नं. ३ बाट विजयी भएर आएँ । संसद्मा भेटघाट नियमित हुन थाल्यो । २०४८ यताका १३ वर्षसम्म उहाँसँग छलफल, भेटघाट, विचार-विमर्श टुटेन । २०४८ को आमनिर्वाचनपछि बनेको निर्वाचित सरकारका भूमिसुधार मन्त्रीका रुपमा जगन्नाथजीलाई पाउँदा दुई प्रतिस्पर्धी दलका भए पनि हाम्रोबीचमा व्यक्तिगत तीतोपन कहिल्यै भएन ।

म नेकपा (एमाले) को केन्द्रीय सदस्य र अखिल नेपाल किसान सङ्घको महासचिव थिएँ । त्यसैले भूमिसुधार मन्त्रीसँग अनेक

विषयमा छलफल, बहस-वार्ता, सहमति-असहमति, समर्थन विरोध भइरहन्थ्यो । संसद्को पहिलो अधिवेशन २०४८ असारबाट सुरु भयो । मैले कृषि, भूमि, जलस्रोत, वन र उद्योगसँग सम्बन्धित अनेक प्रस्ताव दर्ता गराएको थिएँ । त्यसमध्ये संसद्भित्रको सबैभन्दा महत्वपूर्ण प्रस्ताव सङ्कल्प प्रस्ताव दर्ता गराएको थिएँ । प्रस्तावमा समग्र भूमिसुधारको प्रस्तावबाहेक कमैयाको सम्पूर्ण सौकी मिनाहा गरी उनीहरूलाई मुक्त गर्ने र गरिखान पुग्ने जमिन प्रत्येक परिवारलाई उपलब्ध गराउने विषय थियो । तर त्यो प्रस्ताव प्रथम अधिवेशनभर नै छलफलमा आउन सकेन । सुरुमा समय नपुगका कारण अध्ययन गर्न नभ्याएर नआएको भन्ने जानकारी भयो । तर सिङ्गै अधिवेशन ( लगभग तीन महिना) भरिमा पनि आएन । दोस्रो, तेस्रो, चौथो अधिवेशनमा पनि यो छलफल हुन सकेन । यो किन छलफलमा ल्याइएन भनेर तत्कालीन सभामुख माननीय दमननाथ ढुङ्गाना र जगन्नाथ आचार्यजीसँग मैले गम्भीर ढङ्गले सोधेँ । दमनजीले भन्नुभयो- 'सरकार जवाफ दिन तयार छैन । त्यस्तो अवस्थामा प्रस्ताव छलफलमा ल्याउनु उचित हुँदैन ।' मैले जगन्नाथजीलाई 'यति महत्वपूर्ण प्रस्ताव हरेक अधिवेशनमा दर्ता नं. १ मा दर्ता गरेको छु तर छलफलमा किन ल्याउनुभएन ?' भन्दा उहाँले भन्नुभयो- 'तपाईंको भावनासँग म सहमत छु तर अप्ठेरो र बाध्यता बुझिदिनुपर्‍यो । मैले आफ्नै स्पिरिटअनुसार काम गर्न पाएको छैन । सामन्तहरूको सञ्जालले अघि बढ्न दिएको छैन ।' प्रस्टै बुझिन्थ्यो- उहाँ आफ्नै पार्टीभित्र पनि सङ्घर्ष गरिरहनुभएको छ ।

संसद्मा छँदासम्म हामीले एउटै समितिमा रहेर काम गर्‍यौं । प्राकृतिक स्रोत साधन तथा वातावरण समितिमा लगातार दुई कार्यकालमा रहेर काम गर्दा नेपाली कङ्ग्रेसबाट विजयी सांसद्, मन्त्रीहरूसँग धेरै छलफल-बहस, तर्क-वितर्क भए । तर जगन्नाथजीलाई भूमिज्ञाताका रुपमा जसरी सम्मान गर्न, आदर गर्न उत्साह आउँछ, त्यो चरित्र मैले अरुमा पाउन सकिनँ ।

वि.सं. १९८१ मा भक्तपुरमा जन्मनुभएका आचार्यले सुरुदेखि नै ग्रामीण जनताबारे, किसान हकअधिकार र इज्जतबारे अध्ययन, अनुसन्धान, विश्लेषण र तिनको पक्षमा सङ्घर्ष गर्दै आउनुभयो ।





२०१५ सालको आमचुनावमा उहाँको मूख्य नारा नै "जसको जोत उसको पोत" थियो । यही नाराले उहाँलाई नेपाली कङ्ग्रेसको तर्फबाट विजयी बनायो । यसैबेला देशका अनेक भागमा र खासगरी भक्तपुरका किसानलाई सचेत, सङ्गठित र सङ्घर्षशील बनाउन लागिरहनुभयो ।

२०१५ सालपछि विर्ता उन्मूलन गर्ने, जमिनदारी शोषण समाप्त गर्ने, भूमिसुधार गर्ने कार्य सुरु गर्ने उहाँको अग्रणी भूमिका थियो । २०१७ सालपछिको सिङ्गो पञ्चायती कालभरि निर्वासित भएर होस् वा स्वदेशमा रहेर, सामन्ती शोषणका विरुद्ध प्रजातन्त्रका पक्षमा जुझिरहनुभयो । पार्टीभित्र पार्टीबाहिर जता पनि उहाँ सङ्घर्ष गर्नबाट पछि हट्नुभएन । तर सिङ्गै पार्टीलाई विश्वासमा लिएर सामन्ती उत्पादन सम्बन्ध विरोधी सङ्घर्षमा सबैलाई हाँक्न भने उहाँले सक्नुभएन । सङ्घर्ष सञ्चालन गर्ने नेताले आफूले सही विचार बोकेर मात्र पुग्दैन, आफ्नो पार्टी र परिवेशका मिल्दोजुल्दो शक्तिलाई सँगसँगै लिएर हिँड्न पनि सक्नुपर्छ । नेताले परिस्थितिलाई, परिवेशलाई, समुदायलाई र आफू रहेको पार्टीका सबै साथीलाई आफ्नो विचार वरिपरि सङ्गठित गर्न र परिणामसम्म पुर्‍याउन सक्नुपर्ने हुन्छ तर त्यसो गर्न उहाँ सफल हुनुभएन । आफू र उहाँसँग मन मिल्ने केही साथी लिएर विभिन्न गतिविधि गर्नुभयो तर त्यसले इच्छित परिणामसम्म उहाँलाई पुर्‍याउन सकेन ।

मान्छे भन्ने गर्छन्, माओवादी समस्या अभाव, गरिबी, शोषण, उत्पीडन, असमानताका कारण सिर्जना भएको होइन । सिङ्गै पञ्चायतकालमा झन् धेरै शोषण थियो, अन्याय थियो, अत्याचार थियो, बोल्ने, लेख्ने, सभा सम्मेलन गर्ने, चुन्ने-चुनिने, सरकार बनाउने अधिकारसम्म थिएन । त्यस्तो स्थितिमा सशस्त्र सङ्घर्ष भएन । बहुदलीय व्यवस्थ स्थापना भएको पाँचै वर्षमा यस्तो विध्वंसात्मक र हिंसात्मक युद्ध भयो । त्यसैले यसको कारण गरिबी र असमानताको मात्र होइन भन्ने गरिन्छ । वास्तविकता के हो त ?

सिङ्गै पञ्चायतकालभरि कङ्ग्रेस, कम्युनिष्ट सबैले सङ्घर्ष गरेका थिए । पार्टी प्रतिबन्धित थियो । एकदलीय, तानाशाही व्यवस्था थियो । कार्यकारिणी अधिकार सम्पूर्णरुपले राजामा थियो । पञ्चायती व्यवस्था

ढलिसकेपछि, बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना भएपछि देशमा विद्यमान विकराल समस्या समाधानका लागि दलीय प्रतिस्पर्धाबाट आउने राजनीतिक दलले जनताको भावनाअनुरुप राज्यसञ्चालन गर्नेछन् भन्ने आशा थियो । बहुदलीय व्यवस्था स्थापना भयो । २०४८ सालमा आमनिर्वाचन भयो । नेपाली कङ्ग्रेसको बहुमतको सरकार गठन भयो । नेकपा (एमाले) प्रतिपक्षी दलको रुपमा स्थापित भयो । हालका माओवादी नेता डा. बाबुराम भट्टराईको नेतृत्वमा बनेको संयुक्त जनमोर्चा, नेपाल तेस्रो सबैभन्दा ठूलो पार्टीको रुपमा संसद्मा उपस्थित भयो । यसबेला संसदीय व्यवस्थामार्फत् सुधारका कदमबाट पनि समाजका समस्या हल गर्न सकिन्छ भन्ने आशामा सबै थिए ।

२०४८ को आमनिर्वाचनपछि बनेको नेपाली कङ्ग्रेसको सरकारको समग्र गतिविधिलाई सबैले नजिकबाट नियालेर हेरिरहेका थिए । पक्ष र विपक्षका बीचको क्रियाकलाप देशको विकराल समस्या हल गर्न गम्भीर नभएको अनुभूत हुँदै गएको थियो । जगन्नाथजी किसान हकहित र इज्जतका पक्षमा उभिनुभएको थियो । समग्र भूमिसुधार, क्रान्तिकारी भूमिसुधारबारे केही अस्पस्ष्टता भए पनि उहाँको मन-मस्तिष्कमा भूमिमा क्रान्तिकारी परिवर्तन गर्नुपर्ने कुरा मुख्य एजेण्डा थियो । उहाँले संसद्मा प्रस्तुत गर्नुभएका विधेयकमध्ये गुठी संस्थान ऐन, विर्ता उन्मूलन ऐन महत्वपूर्ण थियो । संसद्को "प्राकृतिक स्रोत साधन र वातावरण संरक्षण समिति" मा यसै विषयमा ३१ दिनसम्म छलफल भयो । उहाँले प्रस्तुत गर्नुभएको विधेयकमा मैंले संशोधन प्रस्ताव दर्ता गरेको थिएँ । अनेक संशोधनमध्ये बहस लम्बिने महत्वपूर्ण विषय थियो- "सम्पूर्ण गुठी जमिन पहिले रैकरमा परिणत गर्ने अनि मठमन्दिर, मस्जिद, गुम्बा, चर्च जे-जे छ, त्यसको कार्यसञ्चालनमा राज्यले वैकल्पिक उपायको खोजी गर्ने, खेती नगरिएका सहर बजारका पाटीपौवा, पसल, पर्ति जमिनमा व्यावसायिक कम्प्लेक्स बनाएर गुठीको आय बढाउने । किसानले जोतीभोगी आएको जमिन जोताहाकै नाममा दर्ता गर्ने र अन्य जमिनसरह तिरो लिने व्यवस्था गर्ने । देशको राजगुठी जमिनको ठूलो भाग पशुपति गुहेश्वरीअर्न्तगत पर्ने र त्यसको सञ्चालन गुठी मालपोत कतैबाट नहुने र अमालकोट कचहरीबाट हुँदा त्यस्ता जमिनका मोहीले अत्यन्त कष्ट भोगिरहेको हुनाले त्यसबाट पार





पाउन गुठीसम्बन्धी विधेयक प्रभावकारी परिवर्तन गर्न आवश्यक ठानी हामीले संशोधन प्रस्ताव प्रस्तुत गरेका थियौं ।"

संशोधनको एउटा बेहोरा यस्तो थियो- 'पशुपति भण्डार तहविल, अमालकोट कचहरी तथा पशुपति गुहेश्वरीका मोहीले चर्चिंदै आएको जमिनको व्यवस्था गुठी संस्थानले गुठी संस्थान ऐनबमोजिम गर्नेछ ।' ३१ दिनको छलफलपछि प्रस्ताव पारित भयो । यस विषयलाई जगन्नाथजीले बडो हार्दिक ढङ्गले स्वीकार गर्नुभयो । यो विषय निर्णयमा पुग्न नदिन भूमिसुधार मन्त्री जगन्नाथजीलाई अनेक क्षेत्रबाट अनेक प्रकारका दबाब आएको थियो । त्यसलाई उहाँले अस्वीकार गर्नुभयो । केही समयपछि भक्तपुर सल्लाघारीनेरको राजा वीरेन्द्रको परिवारका नाममा (वा परिवारको) भएको जमिनमा पर्न गएको लगभग एक रोपनी आफ्नो जमिन पाउनुपर्ने भनेर गरेको उजुरीका आधारमा जगन्नाथजीले उक्त जमिन पीडित पक्षलाई दिलाउनुभयो । यसमा राजाका नामको सम्पत्ति "अनतिक्रम्य" हुने प्रावधान मिचेको आरोप पनि मन्त्री जगन्नाथजीलाई लाग्यो । उहाँले २०२१ सालको भूमिसुधार कार्यक्रमले तोकेभन्दा बढी राख्नेहरूको जमिन जफत गर्ने घोषणा गर्नुभयो । त्यस्तो गर्ने राजपरिवारकै सदस्य भए पनि नछोड्ने कुरा पत्रपत्रिकामा अन्तर्वार्तामार्फत् सार्वजनिक गर्नुभयो । यसै क्रममा तत्कालीन वन मन्त्री वीरमणि ढकालको हदमाथि लुकाएर राखेको जमिन, तत्कालीन दरबारका सैनिक सचिव ऋृषिकुमार पाण्डेले ओगटेको नुवाकोटको जमिन, झपाको हिमालय टी स्टेटको राजाकै जमिन, मोरङ क्यानिङ कम्पनीका नाममा ओगटेको नगेन्द्रप्रसाद रिजालको जमिन, सूर्यबहादुर थापाको नाममा उत्तरपानी कृषि फर्मको नाममा लुकाएको जमिन जफत गर्ने निर्णय मन्त्री जगन्नाथले मन्त्रालयबाट गर्नुभयो । तर 'जमिन ऐन/कानुनविपरीत उद्योगका नाममा राखी उद्योगमा प्रयोग नगरी लुकाउने नियतले गरेको' भनी सम्बन्धित जिल्लाका भूमिसुधार अधिकारीले निर्णय गर्नुपर्नेमा मन्त्रीले त्यो गराउन नसक्नुभएको हुनाले पछि अदालतले मन्त्रीको निर्णय उल्टाएर जमिनदारकै पक्षमा फैसला गऱ्यो ।

अवैधरुपमा चर्चिएका जमिन जफत गर्ने क्रम थाल्नुभएपछि नेपाली कङ्ग्रेसभित्रकै कतिपय व्यक्तिको स्वार्थमा बाधा पर्ने देखियो । र,

जगन्नाथजीलाई आफ्नै पार्टीभित्रका नेता तथा प्रधान मन्त्रीबाट यसो नगर्न दबाव परेको उहाँले संसद्मा बताउनुभएको थियो । यस्तो सवालमा व्यक्तिगत भेटघाटमा उहाँले हामीसँग भन्नुभयो- "सामन्तवादले दरवारियालाई मात्र होइन, प्रजातान्त्रिक समाजवादमा विश्वास गर्ने हाम्रै पार्टीलाई पनि गाँजेको रहेछ ।" यस्तो परिस्थितिमा जगन्नाथजीलाई सामन्त जमिनदार, दरबारिया जमिनदार र नेपाली कङ्ग्रेसभित्रकै सामन्ती मनोवृत्तिका व्यक्तिले अनेक षड्यन्त्र गरेर कमजोर बनाउन, असफल बनाउन लागिपरेको उहाँ बताउनुहुन्थ्यो ।

एकपटक २०४९ को आखिरतिर हिउँदे अधिवेशनको बेला अनेक प्रमाणसहित मकहाँ आयो- "नवलपरासी जिल्लाको गैंडाकोट गाविसमा पर्ने २ सय ३६ रोपनी जग्गा नेपाली कङ्ग्रेसको भातृ सङ्गठन "नेपाल किसान सङ्घ" का अध्यक्ष सूर्यभक्त अधिकारीजी र उहाँका परिवारका नाममा गैरकानुनी ढङ्गले दर्ता गरियो । यस्तो खबर आएपछि वास्तविकता के हो बुझ्न संसद्को बैठकमा मैले गम्भीर ढङ्गले कुरा उठाएँ । 'भूमिसम्बन्धी ऐनले तोकेभन्दा पनि बढी जमिन, अत्यन्त गरिब परिवार "बोटे परिवार" समेत अनेक परिवार बसोबास गरिरहेको नारायणघाटको पुलपारि पूर्व-पश्चिम राजमार्ग नजिकैको ऐलानी जमिन एक हप्ताभित्रको दर्खास्तको आधारमा यसरी सत्ताको आडमा दर्ता गर्नु राष्ट्रिय सम्पत्तिको लुट र गरिब बोटे परिवारविरुद्धको हमला हो, यो जमिन ज-जसले भोगिआएका छन्, तिनकै नाममा दर्ता हुनुपर्छ, भनेर हामीले संसद्मा उठायौं । विषय गम्भीर भएकोले हाउसमा निकै चर्काचर्की भयो । पछि संसद्कै लविङमा मन्त्री जगन्नाथले मसँग भन्नुभयो- "तपाईंले ममाथि गम्भीर आरोप लगाउनुभयो । यो जमिन दर्तामा मेरो कुनै संलग्नता छैन । मलाई विस्थापित गर्न र हटाउन पार्टीभित्रैबाट चालिएको षड्यन्त्र हो यो । मलाई भूमिसुधार मन्त्रीबाट हटाउन गरिएको षड्यन्त्र हो । म हटेपछि आउने भूमिसुधार मन्त्रीले मेरो जति मात्रै पनि सुधारको काम गर्ने छैन । यसबारे यथार्थ बुझिदिन आग्रह गर्दछु ।" यसको केही समयपछि सायद २०५० साल वैशाखतिर उहाँले राजिनामा दिनुभयो ।

उहाँ भूमिसुधार मन्त्रीबाट हटेपछि उहाँले थाल्नुभएको सुधारका कदम प्रायः स्थगित भए । शिक्षा तथा संस्कृति मन्त्रालयबाट पशुपति क्षेत्र





विकास कोष विधेयक प्रस्तुत भयो । यस ऐनमा "पशुपति क्षेत्रभित्रका राजगुठीको व्यवस्था पशुपति क्षेत्र विकास कोषले नै गर्न सक्नेछ" भनेर आयो । यसले गुठी संस्थान ऐन व्यवस्थालाई विस्थापित गर्न शिक्षा मन्त्री जगन्नाथजीले गुठी जमिनमा गर्न खोज्नुभएको सुधारलाई घुमाउरो तरिकाले अस्वीकार गर्न लगाइयो । यो विधेयकमा पनि अनेक संशोधन, छलफल, बहस र विवाद भयो । यसबारे यहाँ उल्लेख गर्नु उचित हुँदैन । तर यति सत्य हो कि भूमिसुधार मन्त्रीबाट हटिसकेपछि पनि प्रतिनिधिसभाका सदस्यको हैसियतले यो समितिमा आएर आफ्ना अडान प्रस्तुत गर्न जगन्नाथजी पछि पर्नुभएन ।

जगन्नाथजी भूमिसुधार मन्त्रीबाट हट्नुभएपछि मन्त्रालयबाट पशुपति क्षेत्रभित्रका पशुपति, गुहेश्वरीसमेतका नाममा विभिन्न जिल्लामा रहेका राजगुठी जमिनबारे अध्ययन तथा पूर्वाधार तयार गर्नुपर्ने भएको हुनाले यो दफा कार्यान्वयन नगर्न/नगराउन गुठी संस्थानलाई पत्र पठाइयो । यसरी सामान्य सुधारका कदमलाई पनि पार्टीभित्रबाटै सहयोग नपाएपछि उहाँ बहुत् दुःखी हुनुभयो । पछि मध्यावधि निर्वाचन भयो । एमालेको सरकार आयो । त्यो सरकारले उच्चस्तरीय भूमिसुधार आयोग मेरो अध्यक्षतामा गठन गऱ्यो । उच्चस्तरीय भूमिसधार आयोगले प्रस्तुत गरेका विषयप्रति जगन्नाथजी अत्यन्त सकारात्मक हुनुहुन्थ्यो । सबै पार्टी एक भएर यसलाई लागू गर्नुपर्छ, म पनि सक्दो सघाउँछु भन्नुहुन्थ्यो ।

उहाँले २०५८ को असोज महिनामा प्रकाशित भएको इन्सेकको मुखपत्र "प्राची" मासिकमा भन्नुभएको छ, *"बडाल आयोगको प्रतिवेदनको प्रस्तावित हदबन्दी प्रस्ताव ज्यादै व्यावहारिक छ । उचित र अत्यावश्यक छ तर हदवन्दी कम भयो, यसलाई बढाउनुपर्छ भनेर विभिन्न कुरा अगाडि ल्याएका छन् । सामन्तीहरूको मन राख्न बडाल आयोगको प्रस्तावलाई परिवर्तन गर्नुहुँदैन । बडाल आयोगमा भएका तथ्याङ्क, नीति र कुरा फेर्नु हुँदैन । यसैअनुसार हदबन्दी लगाउनुपर्छ, बढाउनु हुँदैन ।"* उहाँको उक्त भनाइले कहाँ कति हदसम्म निष्पक्ष र भूमिसुधारको क्रान्तिकारी स्पिरिटप्रति प्रतिबद्ध हुनुहुन्थ्यो भन्ने पुष्टि गर्दछ । उहाँ भन्नुहुन्थ्यो- *"यदि बहुदलीय व्यवस्था स्थापनापछि बहुसङ्ख्यक ग्रामीण गरीब तथा भूमिहीन किसानको विश्वास*

*जित्नेगरी भूमिमा क्रान्तिकारी परिवर्तन गर्न सकेको भए माओवादी विद्रोहले विकराल रुप लिने थिएन । एमालेको तर्फबाट आएको भूमिसुधार आयोगको प्रस्ताव पनि लागू हुन सकेन । मेरै पार्टी कङ्ग्रेसले साथ दिएन । दरबारियाहरू मेरोविरुद्ध लागिपरे । यस्तो स्थितिमा माओवादी, जो संसद्को तेस्रो प्रमुख पार्टीका रुपमा संसद्मा थिए, उनीहरू शान्तिपूर्ण तरिकाले सामन्ती हैकमविरुद्ध गएर परिणाम ल्याउन सकिँदैन भन्ने निष्कर्षमा पुगेर हिंसाको बाटो रोज्न पुगे । त्यो स्थिति आउनुमा २०४६ सालपछि पनि आमजनतालाई अनुभूत हुनेगरी परिवर्तन नभएकै कारण हो भन्ने मलाई लाग्छ ।"*

२०५८ मा प्रधान मन्त्री शेरबहादुर देउवाले भूमिसुधार गर्ने भन्नुभयो । त्यसमा पनि बडाल आयोगको प्रतिवेदनअनुसार गर्ने भनेपछि नेकपा (एमाले) को भातृ सङ्गठन अखिल नेपाल किसान सङ्घले शेरबहादुरजीको प्रस्तावित भूमिसुधारको समर्थनमा जुलुसै निकालेर समर्थन गर्‍यो । त्यस दिन राति टेलिफोनमा जगन्नाथजीसँग मेरो कुरा भएको थियो । उहाँले भन्नुभयो- "मेरो विचारमा शेरबहादुरले गर्ने आँट गरे पनि पार्टीले साथ दिँदैन । मेरो अनुभवले त्यही भन्छ ।" यथार्थ पनि त्यस्तै भयो । नेपाली कङ्ग्रेसका वरिष्ठ नेताहरूले नै त्यस कदमलाई साथ दिन सकेनन् । कतिपयले विरुद्धमा वक्तव्यको बाढी नै ल्याउन थाले । अन्त्यमा तत्कालीन प्रधान मन्त्री तथा भूमिसुधार मन्त्री शेरबहादुर देउवाजीले परिवारको परिभाषा र हदबन्दीको मात्रा यस्तो राख्नुभयो, जुन आधारमा जमिन उकास निस्कन सक्ने स्थिति नै रहेन । २०४२ सालमा लगभग सवा करोड जनसङ्ख्या भएको बेला राष्ट्रिय पञ्चायतमा प्रतिपरिवार १० विघाको हदवन्दी प्रस्तावित गरिएको थियो । २०५८ मा भएको नेपालको जनगणनामा २ करोड ३२ लाख जनसङ्ख्या पुगिसकेको बेलामा २०४२ को भन्दा पनि बढी ११ विघाको हदवन्दी प्रस्ताव गरेर वास्तवमा समस्या समाधान हुने कुरै थिएन । यसपछि एकपटकको भेटघाटमा जगन्नाथजीले भन्नुभएको थियो- देख्नुभयो कस्तो भूमिसुधार भयो ?

अन्तिम समयसम्म पनि जगन्नाथजी किसानका नाथका रुपमा आफूलाई स्थापित गरेर जानुभयो । उहाँ सामन्ती भूस्वामित्व अन्त नगरिकन किसानका समस्या समाधानतर्फ कदम अघि बढ्न सक्तैन





भन्नुहुन्थ्यो । भूमि वितरण र स्वामित्वमा सामाजिक न्याय नभएसम्म उत्पादकत्व बढ्नै सक्तैन भन्ने उहाँको विश्वास थियो ।

वास्तवमा यो देशको प्रमुख उत्पादक शक्ति किसान, प्रमुख उत्पादनको साधन भूमि, कुल ग्रार्हस्थ उत्पादनको ४० प्रतिशतभन्दा बढी कृषि क्षेत्रले नै उत्पादन गर्छ । कुल जनसङ्ख्याको लगभग ७५ प्रतिशत जनशक्तिलाई यसैले धेरथोर काम दिएको छ । यो क्षेत्र नउठिकन देश उठ्दैन । यो क्षेत्रमा उत्साह बढ्न सकेन भने कतै उत्साह बढ्न सक्दैन । आज पनि हामी यदि जगन्नाथ आचार्यलाई आदर सम्मान गर्न चाहन्छौँ भने क्रान्तिकारी भूमिसुधार गर्न तयार हुनैपर्छ । सम्पूर्ण भूमिहीन तथा गरीब किसानलाई उत्पादनको साधन भूमि उपलब्ध गराउनै पर्छ । हत्या हिंसाबाट समाजलाई मुक्त गराउन भूमिसुधार नगरी हुँदैन । गत नौ वर्षमा गोली, बारुद र हतियारमा भएको खर्च क्रान्तिकारी भूमिसुधार गर्न खर्च गरिएको भए हाम्रो देशले यो हत्या हिंसाको विभत्स अवस्था व्यहोर्नुपर्ने थिएन । अब पनि समय बितेको छैन, त्यसका लागि राज्य तयार भएमा शान्ति सम्भव छ । जगन्नाथजीको इच्छा पनि त्यही थियो ।

## २. पुष्पलाल र किसान आन्दोलन

नेपालको कम्युनिष्ट आन्दोलन २०१९ सालमा भएको तेस्रो महाधिवेशनपछि एकताबद्ध रहन सकेन । कमरेड तुलसीलाललाई तेस्रो महाधिवेशनले नेता छानेपछि कमरेड पुष्पलालले असहयोग गर्न थाल्नुभयो । अहिले हामीले निष्पक्ष ढङ्गले विश्लेषण गर्दा पनि कमरेड पुष्पलाल र तुलसीलाल दुवैजना क्रान्तिको पवित्र उद्देश्यमा अन्तिम दमसम्म निरन्तर लागिरहने सम्मानित व्यक्तित्व हुनुहुन्छ भन्ने कुरा प्रष्ट छ । तर उहाँहरू एकताबद्ध भएर दुवै र सबैमा भएको ऊर्जालाई एकीकृत कम्युनिष्ट आन्दोलन र एकीकृत कम्युनिष्ट पार्टीका लागि लगाउन सक्नुभएन । १ सय ४ वर्षे जहानियाँ राणा शासनलाई परास्त गरेर ल्याएको बहुदलीय व्यवस्था २०१७ साल पुस १ गते नै खोसिएको थियो । सारा राजनीतिक अधिकार पञ्चायती जञ्जीरले बाँधिएका थिए । जनताको बोल्ने, लेख्ने, सभा-सम्मेलन गर्ने, चुन्ने-चुनिने अधिकार पञ्चायती जेलमा कैद थिए ।

कमरेड मनमोहन अधिकारी, कमरेड मोहनविक्रम, विपी कोइरालालगायत् धेरै जना जेलमा बन्द थिए । हजारौँ कार्यकर्ता भूमिगत थिए । यस्तो बेलामा भएको तेस्रो महाधिवेशनमा पास गरिने नीति, छनौट गरिने नेता भरसक सर्वसम्मत हुनुपर्ने, सर्वसम्मत हुन नसके निर्वाचनबाट छानिएको नेतालाई जनवादी केन्द्रीयताको सिद्धान्तअनुरुप सबैले स्वीकार गर्नुपर्ने तर त्यस्तो भएन । नेपाली कम्युनिष्ट आन्दोलनका धरोहर कमरेड पुष्पलाल जस्ता महान् नेता पनि धैर्य गुमाउन पुग्नुभयो । कमरेड पुष्पलाल र तुलसीलालले 'कुन बाटो' 'मूल बाटो' भन्ने अलग दस्तावेज महाधिवेशनपछि प्रचार गरेर कार्यकर्तामा आन्योल र निराश हुने गरी लानुभयो र क्रमशः कम्युनिष्ट पार्टी विभाजनतर्फ जान थाल्यो ।

यसै क्रममा विभाजित कम्युनिष्ट पार्टीका विभिन्न घटकमध्ये एउटा घटकको तर्फबाट पार्टी एकता वार्ताका लागि २०३३ साल कात्तिकमा कमरेड पुष्पलालसँग कुरा गर्न अर्का एक जना कमरेड र म वनारस गएका थियौँ । कमरेड पुष्पलालसँगको मेरो पहिलो तथा अन्तिम भेट पनि त्यही हुन गयो । त्यसताका कमरेड पुष्पलालको चर्को विरोध हुने गर्थ्यो । कमरेड मोहनविक्रमले तत्कालीन चौथो महाधिवेशनका नेताको हैसियतले लेख्नुभएको पुस्तक 'गद्दार पुष्पलाल' धुवाँधार प्रचारको क्रममा थियो । कमरेड पुष्पलालप्रति आरोप र लान्छनाले मलाई कुनै प्रभाव पार्न सकेको थिएन । उहाँबारे जतिसुकै आलोचना र लान्छना सुनेको भए तापनि उहाँका कतिपय सवालमा चित्त नबुझेको भए तापनि, प्रभावशाली नेता भए पनि पार्टीलाई एकताबद्ध पार्न नसकेको कुरामा चर्कै गुनासो भए तापनि कमरेड पुष्पलाल इमान्दार कम्युनिष्ट हुन् भन्ने मेरो विश्वासमा प्रश्न उठेको थिएन । यसैले हामीले पार्टी एकताका लागि पहल गर्न एकता अभियानको नेता भइदिनसमेत अनुरोध गर्‍यौं ।

दशैंको बेला थियो । कमरेड बलराम उपाध्याय पनि कमरेड पुष्पलालसँग हुनुहुन्थ्यो । हामीले केही प्रस्ताव राख्यौँ । अत्यन्त हार्दिक स्वभावको, अत्यन्त शालीन ढङ्गले विषयवस्तुमा प्रस्तुति दिनुभयो । स्वभाव, शैली र व्यक्तित्वबाट म अत्यन्त प्रभावित भएको थिएँ । केही





बेरपछि हामीले कमरेड बलरामबाहेक कमरेड पुष्पलालसँग मात्रै बसेर कुरा गर्ने वातावरण माग्यौँ र त्यसैगरी कुराकानी भयो ।

हामीले कम्युनिष्ट आन्दोलनलाई जतिसक्दो चाँडो एकताबद्ध ढङ्गले लैजानका लागि पहल गर्नुपर्ने कुरा राख्यौँ । सैद्धान्तिकरुपले उहाँले आवश्यकता नै त्यही हो भन्नुभयो तर उहाँ बहुत दुःखित मुडमा हुनुहुन्थ्यो । भर्खरै मात्र कमरेड जीवराज आश्रित, कमरेड मोदनाथ प्रश्रितसमेतका कमरेडहरूले कमरेड पुष्पलालसँगको सम्बन्ध तोडेको समय रहेछ । त्यसअघि कमरेड रुपलाल विश्वकर्मा, कमरेड रोहितसमेत अनेक कमरेडले पार्टी छोडिसकेका थिए । पार्टीको साङ्गठनिक तथा आर्थिक स्थिति कमजोर हुँदै गएको कुराकानीका क्रममा उहाँले हामीलाई जानकारी गराउनुभयो । भेटघाट र कुराकानीको क्रम जारी राख्ने, आ-आफ्ना दस्तावेजहरूको आदान-प्रदान जारी राख्ने सहमतिसाथ हामी बिदा भयौँ । हिँड्ने बेलामा उहाँले मलाई भन्नुभयो- "कमरेड माओत्सेतुङको पाँचौँ भोलुम काठमाडौँमा आइपुगेको होला, त्यो एकप्रति मलाई पठाइदिनुहोला ।" मेरा कानमा रेकर्ड गरिएको कमरेड पुष्पलालको अन्तिम वाक्य पनि त्यही हुन पुग्यो । त्यसपछि उहाँसँग भेट हुन सकेन ।

कमरेड पुष्पलालसँगको भेट र सहकार्य अत्यन्त कम भए तापनि मैले आफूलाई कम्युनिष्ट आन्दोलनमा समाहित गर्दा आदरपूर्वक सुनिएको नाम कमरेड पुष्पलाल नै हो । उहाँका विचार, उहाँले प्रस्तुत गर्नुभएका लेख, रचना र दस्तावेज नै मार्क्सवादी सिद्धान्तप्रतिको प्रथम आकर्षण थियो । उहाँबाट अनुवाद भएको कम्युनिष्ट पार्टीको घोषणापत्र नपढी कम्युनिष्ट पार्टीमा लाग्ने कमैमात्रै होलान् । उहाँ केवल नेपाल कम्युनिष्ट पार्टीको संस्थापक नेतामात्रै होइन, कम्युनिष्ट आन्दोलनलाई सैद्धान्तिक, वैचारिक हिसाबले पनि महत्वपूर्ण योगदानकर्ता व्यक्तित्व हुनुहुन्छ । यति हुँदाहुँदै पनि कमरेड पुष्पलालले पार्टिभित्रका विवाद र सङ्कटका बेलामा, उहाँको सम्पूर्ण क्षमतालाई आन्दोलनको नेताको रुपमा सदुपयोग गर्ने मामलामा कमी रहन गएको पाइन्छ ।

२०१० सालमा प्रथम महाधिवेशन भयो । महाधिवेशनले कमरेड मनमोहन अधिकारीलाई पार्टी नेताका रुपमा छनौट गर्‍यो । पार्टी

प्रतिबन्धित थियो । किसान आन्दोलन चलिरहेको थियो । किसान आन्दोलनप्रति कमरेड तुलसीलाल, कमरेड पुष्पलाल र कमरेड मनमोहन सबैको सकारात्मक दृष्टिकोण थियो । किसान आन्दोलनबारे जति समान धारणा थियो, त्यही मात्रामा पार्टीले अघि सारेका नीतिबारे र नेतृत्वबारे ऐक्यबद्धता थिएन । वैचारिक तथा साङ्गठनिक सवालमा मतान्तर थियो । यसै क्रममा २०१२ सालतिर कमरेड मनमोहन अधिकारी लामै समयका लागि उपचार गर्न चीन जानुपर्ने भयो । कार्यबाहक महासचिव कमरेड पुष्पलाललाई दिएर जाने मनमोहनको प्रस्तावलाई उहाँले स्वीकार गर्नुभएन । कार्यबाहक महासचिव केशरजङ्ग रायमाझीले हात पारे । यो स्थितिमा पुराना कुरा बिर्सेर कार्यबाहक दायित्व बोकेर पार्टीलाई सम्हाल्नुपर्थ्यो, त्यसो नगर्नुभएका कारण अवसरवादीको नेतृत्वमा पार्टी फस्न पुग्यो ।

अर्को कुरा तेस्रो महाधिवेशनले कमरेड तुलसीलाललाई पार्टी नेता छानिसकेपछि पूरै शक्ति लगाएर पार्टी निर्माण, विकास र विस्तारमा सहयोगी भएर लाग्नुपर्थ्यो, त्यसो नगरिकन तुलसीलाललाई असहयोग गर्नु हुँदैनथ्यो । हामीलाई पनि लाग्छ महाधिवेशनले पुष्पलाललाई छनौट गरेको भए राम्रो हुन्थ्यो होला, तर त्यसो हुन नसक्दैमा गुटबन्दीमा लाग्नु, दोस्रो व्यक्तिको रुपमा आफूलाई क्रियाशील राख्न नसक्नु उपयुक्त थिएन । त्यसपछि क्रमशः तयारी गर्दै २०२५ सालमा एउटा राष्ट्रिय सम्मेलन गरेर अलग्गै पार्टी बनाउनुभयो । यसले विधिवत्रुपमा पार्टी विभाजन भयो । विभाजनपछि त्यसअघि कुनै पनि बेलाको भन्दा शक्तिशाली सङ्गठन बनाउन पुष्पलाल सफल हुनुभयो, तर त्यसलाई निरन्तरता दिन सक्नुभएन । पार्टीका ऊर्जावान् र सक्षम नेता कार्यकर्तालाई समेत समेट्न र थेग्न सक्नुभएन । यो उहाँको असङ्ख्य राम्रा गुणसँगै देखिएका खोट हुन् ।

## कमरेड पुष्पलालका राम्रा पक्ष

तत्कालीन नेपालको आर्थिक, सामाजिक, राजनीतिक स्थितिको सही र विषद् विश्लेषण गरेर नेपाली क्रान्तिको सङ्गठित दस्ताको रुपमा नेपाल कम्युनिष्ट पार्टीको स्थापनामा पहल गर्नुभयो, स्थापना गर्नुभयो । कम्युनिष्ट पार्टीको घोषणापत्र प्रकाशित गरी नेपाली समाजका प्रगतिशील तथा जागरुक जनसमुदायमा पुऱ्याएर ठूलो गुण





लगाउनुभयो । एक शताब्दीभन्दा लामो समयसम्म जहानियाँ शासन सञ्चालन गर्ने निरङ्कुश तानाशाही राणा शासन समाप्त गरेर प्रजातान्त्रिक संसदीय व्यवस्थाका लागि पार्टीलाई अघि बढाउनुभयो । सर्वहारा श्रमजीवी बर्गको मुक्तिका लागि प्रधान अन्तरविरोध छुट्याउने र त्यसविरुद्ध निशाना केन्द्रित गर्न सफल हुनुहुन्थ्यो ।

पुष्पलाल प्रष्टै भन्ने गर्नुहुन्थ्यो- प्रतिक्रियावादी व्यवस्था जसले सञ्चालन गरिरहेको छ, आमरुपमा क्रान्तिको तत्कालीन मुख्य शत्रु त्यही हो । राणाकालमा राणा शासन समाप्त नगरेसम्म श्रमजीवी जनताको आन्दोलन अघि बढ्न सक्तैन, त्यसकारण राणाशाहीको निरंकुश शासनविरुद्ध सङ्घर्ष केन्द्रित गर्नु क्रान्तिकारिता हो । त्यसैगरी उहाँले २०१७ साल पुस १ गतेको प्रतिगामी कदमपछि भन्नुभयो- विघटित संसदको पुनर्स्थापना अहिलेको प्रमुख माग हो । पञ्चायती व्यवस्थाको अन्त्यका लागि बहुदलीय व्यवस्थाका पक्षधर एक भएर आन्दोलन हाँक्नुपर्छ, सधैं भन्नुहुन्थ्यो । तर उहाँले आफ्नै हातमा पार्टीको नेतृत्व भएकै बेलामा पनि कङ्ग्रेस कम्युनिष्ट संयुक्त जनआन्दोलनलाई कार्यान्वयन गर्न भने सक्नुभएन । तर पनि उहाँले सुरुमै प्रस्तुत गर्नुभएको विचारले २०४६ सालमा सकारात्मक रुप लिन सक्यो ।

कमरेड पुष्पलालले प्रस्तुत गर्नुभएको कार्यक्रमको सवाल प्रधान अन्तरविरोधको सवाल, पार्टी निर्माणको सवाल अत्यन्त व्यावहारिक र सही छन् । दुर्भाग्य भनौं कि संयोग भनौं, जब उहाँले नेतृत्व गर्नुभएको नेपाल कम्युनिष्ट पार्टीले व्यापक विकास र विस्तार गर्न थालेको थियो, त्यही बेलामा उहाँविरुद्धको प्रचार व्यापकरुपमा विस्तारित भयो । यस्तो किन भयो ? कहीं हाम्रो आन्दोलनलाई कसैले बिथोलिरहेको त थिएन ? पार्टीका नेतामध्ये कतिपय समकक्षी नेतालाई आन्दोलनका बैरीले कसैलाई उचाल्ने, प्रशंसा गर्ने, फुर्क्याउने र स्थापित पार्टी र त्यसको नेतृत्वलाई विस्थापित गर्ने षड्यन्त्रमा कोही परेको त थिएनन् ? प्रश्न गरिने ठाउँ देखिन्छ ।

कमरेड पुष्पलाल २००६ सालदेखि नै पार्टी नेता हुनुहुन्थ्यो । उहाँले अघि सारेकै नीतिका आधारमा पार्टी अघि बढिरहेको थियो । २०१० सालमा स्थानीय निर्वाचनमा भाग लिने काम भयो, त्यसको विरोध

भएन । २०१५ सालमा भएको आमनिर्वाचनमा भाग लियौँ, त्यसको पनि त्यसरी विरोध भएन, खुदै मोहनविक्रम उम्मेदवार हुनुहुन्थ्यो । नीति तथा कार्यनीतिको गहन विश्लेषण गर्ने हो भने कमरेड पुष्पलाललाई दक्षिणपन्थीको आरोप लगाउनुपर्ने कुनै त्यस्तो खास कारण देखिँदैन ।

जब २०२५ सालपछि कमरेड पुष्पलालको नेतृत्वमा सङ्गठनात्मक शक्ति व्यापक विस्तार भयो, अनि पार्टीभित्रैबाट पनि पुष्पलाललाई विस्थापित गर्ने चाल चाल्न थालियो । पार्टी बाहिरको शक्तिले पनि अनेक लान्छना लगाएर विस्थापित गर्न थाले । अलग समूहका वामपार्टीहरूले पनि उहाँको विरोध गर्न थाले । कमरेड पुष्पलाललाई विस्थापित गर्न कसरत गर्नेहरूमा तत्कालीन चौथो महाधिवेशन अर्थात् हालको नेकपा (मसाल), नेकपा (माओवादी), कमरेड शम्भुरामसमेतका नेता देखिनुहुन्छ । आज आएर कमरेड प्रचण्डदेखि लिएर क. झलनाथ खनाल, माधव नेपाल, मोहनविक्रम, शम्भुराम, विष्णुबहादुर मानन्धरसमेत सबैले पुष्पलालको प्रशंसा र सम्मान गरेको पाइन्छ । प्रत्येकले आत्मसमीक्षा गर्नुपर्छ । त्यसबेला किन गद्दार भनियो ? किन अत्यन्त असहिष्णु, अश्लील र तुच्छ गालीगलौज गरियो । उहाँमाथि लान्छनायुक्त विरोधको कारण कम्युनिष्ट आन्दोलनलाई क्षति पुगेको छैन ? छ भने त्यस्तो क्रियाकलापका लागि प्रायश्चित गर्नु आवश्यक छैन ? नेपाल कम्युनिष्ट आन्दोलन तथा प्रजातान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व कमरेड पुष्पलाल हामीबाट बिदा हुनुभएको छ । उहाँको स्मृति दिवसको सन्दर्भमा नेपालका सम्पूर्ण वामपार्टीले आ-आफ्ना उग्रवामपन्थी तथा दक्षिणपन्थी भूल सच्याएर, अहम् र दम्भबाट मुक्त भएर साझा हितका सवालमा एकताबद्ध भएर अघि बढ्न सक्यौँ भने कमरेड पुष्पलालप्रति सच्चा श्रद्धा हुनेछ । कमरेड पुष्पलाल लालसलाम ! लालसलाम !! लालसलाम !!!

## ३. कमरेड तुलसीलाललाई सम्झादा

सन् १९१६ को मेमा जन्मनुभएका अमात्य १९९७ को अगस्ट (अर्थात् २०५४ साल साउन १७ गते) हामीबाट बिदा हुनुभएको थियो । ललितपुरको एक सामान्य परिवारमा जन्मनुभएका अमात्यले भारतबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको थियो । भारतमा





अध्ययन गर्ने क्रममा ब्रिटिस उपनिवेशवादका विरुद्धको भारतीय स्वतन्त्रता सङ्ग्राममा सहभागी हुने क्रमसँगै उहाँमा राजनीतिको छाप परेको थियो । उहाँ सुरुमा नेपालका राणाशाहीहरूको पारिवारिक अधिनायकत्वविरुद्धको सङ्घर्षसँगै राजनीतिमा लागेपछि जीवनभर त्यस अठोटमा अडिग रहनुभयो । सामन्ती भूस्वामित्व अन्त्य गर्ने र लोकतान्त्रिक ढङ्गको आर्थिक-सामाजिक व्यवस्था स्थापना गर्ने अठोटका साथ राजनीतिमा लागेपछि अमात्य जीवनभर त्यस अठोटमा अडिग रहनुभयो ।

उहाँको ८१ वर्षे जीवन आन्दोलन, सङ्घर्ष, जेल-नेल, सर्वस्वहरण, स्वदेश-विदेशका कष्टकर जेल-निर्वासित जीवन, भूमिगत जीवनका रूपमा नै बित्यो । अखिल नेपाल किसान सङ्घका संस्थापक अध्यक्ष, पहिलो र दोस्रो राष्ट्रिय सम्मेलनबाट निर्वाचित अध्यक्ष, नेकपाको तेस्रो महाधिवेशनबाट निर्वाचित महासचिव, ०१५ सालको आमचुनावपछि कम्युनिस्ट पार्टीका तर्फबाट संसद्मा प्रतिपक्षी दलको नेता, ०४६ को जनआन्दोलनमा संयुक्त वाममोर्चाको मानार्थ अध्यक्ष, चीनका लागि नेपालका राजदूत र नेकपा (एमाले) स्थायी कमिटीका सदस्यका रूपमा उहाँले विभिन्न जिम्मेवारी बहन गर्नुभएको थियो । त्यसैगरी, राणाशाहीविरोधी आन्दोलन, अखिल नेपाल किसान सङ्घको अध्यक्षका हैसियतले सामन्ती भू-स्वामित्वको अन्त्य गर्ने र लोकतान्त्रिक ढङ्गले कृषि अर्थतन्त्रको पुनःगठन गर्ने, स्वाधीनता र स्वाभिमानका लागि आमरूपमा देशभरि र खासगरी बारा, पर्सा, रौतहट, सर्लाही, धनुषा, महोत्तरी, सिरहा र सप्तरीमा हुने गरेको चरम शोषण, उत्पीडन, भेदभाव र जाली-किर्ते कामविरोधी सङ्घर्षको अगुवाइ गर्दै, तराईका थारु, मुसहर, चमार, डोम, खत्वे, हलखारेलगायत्का शोषण र अपमान भोग्न बाध्य किसान जनसमुदायको स्वाभिमानका लागि गरिएको आन्दोलनको अगुवाइ गर्नुभयो ।

साँच्चै भन्नुपर्दा उहाँ तराईका श्रमजीवी जनतामा जागरण ल्याउन र सम्मानजनक जीवन जिउने बनाउनका लागि अघि बढ्न प्रेरित गर्ने प्रेरक व्यक्तित्व हुनुहुन्थ्यो । सन् २००८ देखि ०१२ सालसम्म भएको किसान आन्दोलनलाई उग्रताको आरोप लगाउँदै त्यसबेलाको पार्टी नेतृत्वले कारबाही गर्दासमेत शान्तिपूर्ण सङ्घर्षअन्तर्गत लाखौँ

रुपैयाँका जाली तमसुक च्यात्ने र जलाउने काम गरेर उहाँले अत्याचारी शोषक जमिनदारलाई कायल पार्नुभएको थियो। त्यही आन्दोलनको राप र तापकै कारण ०१५ को प्रथम आमचुनावमा उहाँ ललितपुरबाट, अर्का केन्द्रीय नेता कमलराज रेग्मी पाल्पाबाट तथा तुलसीलाल कमरेडको मुख्य कर्मथलो रौतहटबाट अत्यन्त सामान्य किसान नेता हरदयाल महतो र सेख फर्मान चुनाव जितेर संसद्मा आउन सफल हुनुभएको थियो। त्यसले के देखाउँछ भने मुट्ठीभर सामन्त र हुनेखानेको माझमा मात्रै पार्टी अल्मल्लियो भने बहुसङ्ख्यक किसानले साथ छाड्छन्। बहुसङ्ख्यक श्रमजीवी किसान-मजदुरका साथ छाडिएन र तिनको निरन्तर विश्वास आर्जन गर्न सकियो भने निर्वाचन र आन्दोलनमा पनि तिनले सधैँ साथ दिन्छन् भन्ने यो ज्वलन्त प्रमाण हो।

२००७ सालको परिवर्तनपछि नेपाली जनताले धेरै ठूलो अपेक्षा गरेका थिए। भूमिहीनले जमिन पाउने, कमैया, हलिया र चर्को ऋणमा डुबेकाहरूले जालिफटाहा-शोषकको शोषणबाट मुक्त हुने आशा गरेका थिए। त्यसकै लागि किसान आन्दोलन भएको थियो। तर, त्यसलाई राणा-कङ्ग्रेस सरकारले दबायो। फलतः ००७ सालमा आएको लोकतन्त्र सबैका लागि हुन सकेन। सबैका लागि लोकतन्त्र नभएपछि सधैँका लागि पनि भएन। र, ०१७ सालको काण्ड भोग्नुपर्‍यो। त्यसले यो प्रमाणित गरेको छ कि आर्थिक स्वतन्त्रताबिनाको लोकतन्त्र वास्तविक लोकतन्त्र हुन सक्तैन। ०१७ सालपछिको पञ्चायती निरङ्कुश व्यवस्थाले सबै पार्टी र जनसङ्गठनमाथि प्रतिबन्ध थोपर्‍यो। देशभरि पार्टीको काम अस्तव्यस्त भयो। पार्टीको तत्कालीन महामन्त्री डा. केशरजङ्ग रायमाझी राजाको कदमलाई समर्थन गर्न पुगे। त्यस्तो अवस्थाबाट पार्टीपङ्क्ति निकै चिन्तित थियो। त्यस स्थितिमा ०१७ साल फागुनमा जेलबाहिर भएका प्रायः सबै नेताले पहल गरी भारतको दरभङ्गामा एउटा विस्तारित बैठक गरे। त्यो बैठक 'दरभङ्गा प्लेनम' का रूपमा प्रख्यात् छ। ९ महिनाभित्र पार्टी महाधिवेशन बोलाउने र रायमाझीको गलत विचार र चालिनुपर्ने कदमबारे त्यही महाधिवेशनले निर्णय गर्ने गरी दरभङ्गा प्लेनम सकियो। तर, तत्कालीन नेतृत्वले महाधिवेशन गर्ने कुनै सुरसार गरेन। फलस्वरूप क्रान्तिका लागि मर्न/मार्न तयार रहेका कार्यकर्ता





नेतृत्वविहीन र निर्णयविहीन भए। त्यस्तो अवस्थाबाट पार्टीलाई जोगाउन र महाधिवेशनको तयारी गर्न अन्तर-जोनल सामञ्जस्य समिति गठन भयो र त्यसको सचिव कमरेड तुलसीलाललाई छानियो। अन्तर-जोनल सामाञ्जस्य समितिअन्तर्गत सबै जिल्ला कमिटी आबद्ध भए। ती सबै जिल्ला कमिटीलाई समेटेर महाधिवेशनको तयारीमा जुट्दै पार्टीलाई सङ्कटबाट पार लगाउन र रायमाझीको आत्मसमर्पणवादी सोच र व्यवहारबाट मुक्त भई आमूल परिवर्तनकारी शक्तिलाई सचेत सङ्गठित र सङ्घर्षशील बनाउन पार्टीले पुनःजीवन पाउन जरुरी थियो।

अन्तर-जोनल सामान्जस्य समितिको सचिवका हैसियतले तेस्रो महाधिवेशनमा राजनीतिक प्रतिवेदन कमरेड तुलसीलालले नै प्रस्तुत गर्नु उपयुक्त हुने निर्णय भयो। त्यसका लागि अन्तर्राष्ट्रिय परम्परा पनि प्राप्त भएकाले वैधानिकताको प्रश्न उठ्न नसक्ने कुरामा आयोजक सबैको सहमति भयो। त्यसै आधारमा कमरेड तुलसीलालले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नुभयो।

उक्त प्रतिवेदनमा राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम र त्यसको व्याख्या उल्लेख्य थियो। साथै, सङ्घर्षको नारा- 'सार्वभौमसत्ता सम्पन्न संसद्को प्राप्तिका लागि सङ्घर्ष गर्नुपर्ने' थियो।

उल्लिखित माग र नारामा सबै पार्टीलाई सामेल गर्न सकिने कमरेड तुलसीलालको जोड थियो। तर, त्यस प्रस्तावको विपक्षमा खासगरी 'राष्ट्रिय प्रजातन्त्र'को कार्यक्रमको विपक्षमा कमरेड पुष्पलाल र हिक्मतसिंह भण्डारी आदि हुनुहुन्थ्यो। ६ जना तटस्थ, बाँकी ८० जनाको समर्थन थियो। ('संस्मरणका पानाहरू' पृष्ठ १५३)

'यथार्थभन्दा धेरै परका कुरा गरेर सफल हुन सकिँदैन। राजाले सम्पूर्ण अधिकार खोसेको स्थिति छ। दुईतिहाई स्थान जितेको नेपाली कङ्ग्रेसको सरकार अपदस्थ गरिएको छ। कम्युनिस्ट पार्टीले शक्ति आर्जन गरिसकेको छैन। भएको शक्ति पनि एकताबद्ध छैन। अन्तर्राष्ट्रिय शक्ति पनि हाम्रो अनुकूल छैन। यस्तो बेलामा पार्टीले अङ्गाल्ने कार्यक्रम र नारा स्थिति र शक्ति-सुहाउँदो हुनुपर्छ। यसबेला राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम, सार्वभौमसत्ता सम्पन्न संसद् राजाको

हातबाट सम्पूर्ण शक्ति खोसेर जनताको हातमा हस्तान्तरण गर्ने नीति तथा कार्यक्रम नै उपयुक्त छ । यसको विपक्षमा जान कङ्ग्रेस र अरू राजनीतिक पार्टीलाई पनि अप्ठ्यारो पर्छ । त्यसैले यो समयसापेक्ष कार्यक्रम हो' भन्ने कमरेड तुलसीलालको विश्लेषण र व्याख्याले महाधिवेशन प्रतिनिधि सन्तुष्ट भएका थिए ।

राष्ट्रिय प्रजातन्त्रको कार्यक्रममा संयुक्त मोर्चासम्बन्धी कमरेड तुलसीलालको विचार आज पनि सान्दर्भिक छ । उहाँले लेख्नुभएको छ- 'नेपाली कङ्ग्रेसको वर्गचरित्रलाई राम्रो याद नगर्दा नै उसको गल्तीको मात्रै कुरा गरेर ऊसँग मोर्चा बनाउनुहुन्न भन्ने भनाइ कसैको छ भने अर्कोतिर नेपाली कङ्ग्रेस जमिनसँग सम्बन्ध भएको व्यावसायिक पुँजीपति हुँदा र नेपालको व्यावसायिक पुँजीमा भारतीय व्यापारीकै कब्जा भएको हुँदा यो पार्टी भारतीय पुँजीपति वर्गको पार्टी हो भन्ने कसैको भनाइ छ । नेपाली कङ्ग्रेस पुँजीवादी पार्टी अवश्य हो तर यो सिधै भारतीय पुँजीपति वर्गको पार्टी नभई नेपालकै पुँजीपति वर्गको पार्टी हो ।

नेपाल एक अविकसित देश हुँदा यहाँको पुँजीपति वर्ग कमजोर छ । यस्तो पुँजीपति वर्गको सम्बन्ध जमिनसँग पनि रहनु स्वाभाविक हो । साथै, यसको सम्बन्ध साम्राज्यवादी तथा विदेशी एकाधिकारी पुँजीपति र भारतीय पुँजीपति वर्गसँग पनि छ । यसैकारण यसको दोहोरो चरित्र छ भन्ने मानिआएकै कुरा हो । पुँजीवादी पार्टी भएको हुँदा एकतन्त्रीय हुकुमशाहीको विरोधमा यो क्रान्तिकारी पार्टी पनि हो, साथै यो पार्टीको सम्बन्ध विदेशी साम्राज्यवाद तथा भारतीय पुँजीसँग पनि रहिआएको हुँदा प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने तथा सामन्तवादी अवशेष र साम्राज्यवादी स्वार्थ र विदेशी पुँजी तथा भारतीय पुँजीको कुचक्र र प्रभावबाट देशलाई मुक्त गर्ने क्षमता यो पार्टीले राख्दैन भन्ने कुरा पनि प्रष्ट छ । निश्चय पनि सिद्धान्त र कार्यक्रम छोडी दुई पार्टीबीचका विलिनीकरण संयुक्त मोर्चा होइन । जहिले पनि आफ्नो राजनीति र कार्यक्रमलाई स्वतन्त्र राखेर नै संयुक्त मोर्चा गरिन्छ भने हाम्रो तमाम कार्यक्रम त्यस पार्टीले मञ्जुर नगर्ने भएकाले यस पार्टीसँग मोर्चा नै गर्नुहुन्न भन्ने सवाल उठ्दैन । नेपाली कङ्ग्रेसले गरेका गल्ती अथवा सम्झौतापरस्त नीतिका कारण संयुक्त मोर्चा नै





नगर्ने सवाल उठ्दैन । एकता र सङ्घर्ष नै संयुक्त मोर्चाको सही नीति हुँदा कङ्ग्रेसका क्रान्तिकारी भावनासँग एकता र त्यस पार्टीभित्रको विदेशी-साम्राज्यवाद तथा विदेशी एकाधिकार पुँजीवादसँगको सम्झौतापरस्त नीतिसँग सैद्धान्तिक सङ्घर्ष गर्ने गरी संयुक्त मोर्चा हुन सक्छ ।'

आजभन्दा ४६ वर्षअघिको चेतनामा पनि कमरेड तुलसीलालले प्रस्तुत गर्नुभएको कार्यक्रमभित्रको उक्त अंशले नेपालको राजनीतिलाई मार्गदर्शन गरिरहेको तथ्य वर्तमान सरकारको निर्माणले देखाइरहेको छ । हाम्रो मुलुकको राजनीतिक माहोललाई चर्का नारा, चर्का कुरा र पछिल्लो चरणमा चर्को हिंसात्मक द्वन्द्वले प्रभाव पारे पनि कमरेड तुलसीलाल अमात्यले त्यसबेला प्रस्तुत गर्नुभएको कार्यक्रमकै सेरोफेरोमा नै अहिले पनि अघि बढेको छ ।

कमरेड तुलसीलाल सधैँ जोड दिने गर्नुहुन्थ्यो- 'जबसम्म आर्थिकरूपले देश आत्मनिर्भर हुँदैन, तबसम्म राजनीतिकरूपले स्वतन्त्र हुन सक्दैन ।' उहाँको यस भनाइको मर्मलाई सबैले मनन गर्नैपर्छ । सिङ्गापुर आकारमा सानो मुलुक भए पनि कसैले हेप्न र हस्तक्षेप गर्न सक्तैन । तर, संसारका कतिपय आकारमा ठूला-ठूला देश पनि आर्थिकरूपले पराजित हुँदा जहिले पनि विदेशी हस्तक्षेपको सिकार भएका छन् । हाम्रै देश पनि सामान्य आवश्यकता पूर्तिका लागि पनि मित्रराष्ट्र गुहार्ने अवस्थामा छ । तर, त्यसको प्रभाव र विभिन्न प्रकारका दबाब र हस्तक्षेपबाट मुक्त हुन सकेको छैन । यसको अनेकौँ कारण भए पनि प्रमुख कारण आर्थिक परनिर्भरता नै हो । देशको जमिन, जङ्गल, जल, जडिबुटी र जनताको श्रमलाई प्रभावकारी परिचालन गर्न सक्दा हाम्रो देश गरिब छैन । तर, भएका साधन स्रोतको पनि उपयोग गर्न नसकेका कारण आज हामी विदेशी ऋण र सहयोगको भरमा विकास कार्यक्रम सञ्चालन गर्न बाध्य छौँ । यसबाट मुक्ति पाउन कठोर प्रयास गर्नु आवश्यक छ । देशले मोरङबाट मात्रै मातृकाप्रसाद, विश्वेश्वरप्रसाद, गिरिजाप्रसाद, मनमोहन अधिकारी, नगेन्द्रप्रसाद रिजाललगायत्लाई प्रधान मन्त्री बनायो तर भारतले बनाएको कोसी बाँध भत्केपछि मेची र कोसी अञ्चल नै मूलभूमिबाट पुलको अभावमा सङ्कटमा परे । तराई बन्द

भयो, ताप्लेजुङको मान्छे झापा झऱ्यो तर काठमाडौँ आउने बाटो पाएन। पहाडी भाग एउटा सडकले पनि जोडिएन। नेपालका प्रायः सबै प्रधान मन्त्री तराईमा जन्मिनुभएका र तराईमै बस्ने हुनाले पहाडी क्षेत्रको विकासमा ध्यानै गएन। कमरेड तुलसीलाल काठमाडौँ उपत्यकाको ललितपुरमा जन्मिए पनि उहाँ अधिकांश समय तराईका गरिब, किसान, भूमिहीन, दलित समुदायको जीवनस्तर उठाउने मनसायले लगातार लागिरहनुभयो। देश हाँक्ने नेताले सिङ्गो देशलाई आफ्नो मन-मस्तिष्कमा राख्न सकेन भने त्यो राजनेता हुँदैन। कमरेड तुलसीलालबाट सिक्नुपर्ने महत्वपूर्ण विषय यो पनि हो।

कमरेड तुलसीलाल एक अविश्रान्त राजनायक हुनुहुन्थ्यो भन्ने कुराको प्रमाण धेरैतिर खोज्नुपर्दैन। उहाँ मिर्गौलाको बिरामी हुनुहुन्थ्यो र 'डाइलोसिस' कै भरमा बाँच्न विवश हुनुहुन्थ्यो। तर, पनि उहाँले चुपचाप सुतेर समय बिताउनुभएन। उहाँको मृत्यु हुनुभन्दा दुई दिनपहिले ०५४ साल साउन १५ गते 'के यसैगरी गरिबी निवारण होला ?' शीर्षकको लेख लेख्नुभएको थियो। त्यस लेखमा राज्यले अङ्गालिरहेको आर्थिक नीतिप्रति कडा असन्तुष्टि व्यक्त गर्नुभएको पाइन्छ। उहाँले आफ्नो देशप्रतिको माया र स्वयम् देश विकासप्रतिको चिन्ता त्यस लेखमा झल्काउनुभएको छ। मित्रराष्ट्रले निर्माण गरेर नेपाल सरकारलाई उपहार दिएका उद्योग-कलकारखाना निजीकरण गरिएकोमा उहाँले कडा आपत्ति व्यक्त गर्नुभएको छ। त्यही लेखको अन्त्यमा उहाँले व्यक्त गर्नुभएको विचार अझ सान्दर्भिक छ -

'देशको बागडोर सम्हाल्ने नेता तथा मन्त्रीले इमानदारीपूर्वक यो देश कसरी बनाउने भन्ने कुरामा ध्यान दिनुपर्छ। जबसम्म मन्त्री र सचिव जस्ता जिम्मेवार व्यक्तिले आफू पहिले बन्ने अनि मात्र देश बनाउने भन्ने भावनाले काम गर्छन्, तबसम्म देश बन्दैन। तसर्थ, जिम्मेवार व्यक्तिले आफ्नो सम्पूर्ण ध्यान देश बनाउनेतिर लगाउनु आवश्यक छ। नेताले सम्पूर्ण जनतालाई एक ढिक्का बनाएर आफ्नो राष्ट्रिय अर्थतन्त्र मजबुत बनाउने योजना लिएर काम गरेमा १० वर्षमै देशलाई चम्काउन सकिन्छ। र, विश्वको एक नमुना राष्ट्रका रूपमा स्थापित गर्न सकिन्छ। त्यस्तो नीति लिने सरकारलाई जनताले गिर्न पनि दिने छैनन्। होइन अहिलेकै चालले चल्ने हो भने सरकारका





जिम्मेवार व्यक्ति व्यक्तिगतरूपले धनी बन्दै जालान् तर देश र जनताको जीवन ध्वस्त पारेर छाड्नेछन्। अनि गोर्वाचोभजस्तै आफू पनि बेपत्ता, पार्टी पनि बेपत्ता। देश र जनताको जीवन पनि ध्वस्त हुन पुग्नेछ।' *(तुलसीलाल अमात्य, 'अविश्रान्त राजनायक' पृष्ठ ४०।)*

कमरेड तुलसीलालमा जातीय-क्षेत्रीय भावना थिएन। उहाँ वर्गीय भावना र वर्गीय चेतनाको विकासमा बढी जोड दिनुहुन्थ्यो। सबै जात, सबै भाषा, सबै धर्म र सबै क्षेत्रका श्रमजीवी जनता नै हाम्रा आधार हुन्। राष्ट्रको रक्षा र राष्ट्र निर्माणका आधार पनि तिनै हुन् भन्ने उहाँको दृढ धारणा थियो। हामी सबैले उहाँको यो भावनालाई सूक्ष्म ढङ्गले मनन गर्नु सान्दर्भिक हुनेछ।

◆

# परिच्छेद - आठ

## अन्तर्राष्ट्रिय अनुभव

### १. जापानको अनुभव

१९४६ अक्टुबरबाट जापानमा भूमिसुधार कार्यक्रम सुरु गरियो । दुई वटा कानुन "Ownerfarmer Establishment special law" / Revised Agricultureal Adjustment Law" द्वारा भूमिसुधारको ठोस कार्यक्रम सुरु भयो । होकाइडोबाहेक सबै प्रान्तमा अरुलाई कमाउन दिने जमिनदारले १ हेक्टरमात्रै जमिन राख्न पाउने र स्वयम् खेती गर्नेले ३ हेक्टरसम्म जमिन राख्न पाउने गरी हदबन्दी तोकियो । तर “होकाइडो” टापुमा चाहिँ आफैं खेती गर्नेले १२ हेक्टरसम्म र अरुलाई कमाउन दिने गरेको जमिनदारले ३ हेक्टरसम्म जमिन राख्न पाउने गरी भूमिसुधारको कार्यक्रम अघि बढ्यो । यसरी जोताहा र मोहीलाई पनि ३ हेक्टरबाट नबढ्ने गरी सीमित मूल्य लिएर जमिन वितरण गरियो । जमिनदारको हदबन्दीभन्दा माथिको जमिनको सीमित क्षतिपूर्ति दिने व्यवस्था गरिएको थियो र कतिपय जमिनदारलाई क्षतिपूर्तिवापत् औद्योगिक प्रतिष्ठानको सेयर र स्वामित्व दिएर कृषिबाट उद्योगतर्फ आकर्षित गरिएको थियो ।

जापानको भूमिसुधार कार्यक्रमले लाखौं ग्रामीण गरीब किसानको जीवन उक्सन गयो । १९ लाख ८० हजार हेक्टर जमिन अर्थात् जापानको कुल खेतीयोग्य जमिनको ३८% भूमि ४० लाख मोही, भूमिहीन तथा अत्यन्त गरीब किसानमा, अत्यन्त सीमित किस्ता मूल्यमा वितरण गरियो । यो प्रकृतिको भूमिसुधार कार्यक्रमका साथै अन्य विकासमा तीव्रता ल्याउन र योजनाबद्ध विकास गर्ने कार्यक्रम पनि आउन थाले । १९५२ मा कृषि भूमि ऐन आयो । यो ऐनले भू उपयोगबारे व्यावहारिक र कडा कानुन लगायो । जसअनुसार कृषि भूमिलाई गैरकृषि प्रयोजनमा लगाउन नपाउने गरियो । जोताहाको अधिकारलाई पनि पूर्ण संरक्षण दिने काम भयो । यो भूमिसुधारको कार्यक्रमले उत्पादन बढ्यो । रोजगारी बढ्यो । जनतामा क्रयशक्ति बढ्यो । जमिनदार उद्योगधन्दा र गैरकृषि पेशामा लागे । उनीहरूको





जीवन पनि पहिलेको भन्दा खुसी, दक्ष र राम्रो हुँदै गयो । देशको अनेक भागमा सहरीकरण र औद्योगिक विकास तीव्र ढङ्गले बढ्दै गयो । यो भूमिसुधार कार्यक्रमले कृषिबाट उद्योगतर्फ क्रियाशील भएर लाग्न ग्रामीण धनाढ्यलाई प्रेरितमात्रै गरेन, जनतासँग विभिन्न मात्रामा छरिएर रहेको पुँजी, अनुत्पादक क्षेत्रमा लगानी भइरहेको पुँजीलाई उद्योगतर्फ लाग्न राज्यले पनि विभिन्न उपायमार्फत् प्रेरित गर्न थाल्यो ।

### २. उत्तर कोरियाको अनुभव

कोरियाली जनताको भावनालाई बुझ्ने कोरियाली श्रमिक पार्टीले उत्तर कोरियामा १९४६ को ५ मार्चबाट ३१ मार्चभित्र अत्यन्त चुस्तीका साथ ५ हेक्टरभन्दा बढी जमिन भएका जमिनदार, जापानी उपनिवेशवादी र तिनका मतियारले ओगेटेका सबै जमिन गरी ९ लाख ६३ हजार हेक्टर अर्थात् उत्तर कोरियाको कुल खेती गरिएको भूमिको ४५% जमिन जफत गरियो । यो जमिन कृषि श्रमिक, भूमिहीन किसान र अत्यन्त थोरै जमिन भएका किसानमा गरी ६ लाख ८० हजार परिवारमा वितरण गरियो । वितरण विनामूल्य अत्यन्त छोटो समयमा बढो फूर्तिका साथ भयो र क्रमशः सबै भूमि सामूहिक र राजकीय ढङ्गले प्रयोग हुन थाल्यो ।

यो कार्यक्रमले दक्षिण कोरियामा पनि ठूलो दबाब पर्न गयो । यदि दक्षिणमा पनि भूमिसुधार नगर्ने हो भने त्यसले गम्भीर असर पार्ने कुराको मूल्याङ्कन भयो । त्यतिमात्र होइन, उत्तर कोरियाको भूमिको स्वामित्व र उपभोग गर्ने मामिलामा, भूमिको उत्पादकत्व र सामाजिक न्यायको क्षेत्रमा भए/गरिएका प्रगतिले त्यस क्षेत्रको परिवर्तनका लागि आधार तयार पार्न थाल्यो । भूमिमाथिको सामन्ती स्वामित्वबाट किसान र कृषि श्रमिकलाई मुक्त गरेपछि आउने परिवर्तनको नमुना पेश गर्ने देशमध्ये उत्तर कोरिया महत्वपूर्ण देशमा पर्छ ।

### ३. दक्षिण कोरियाको अनुभव

त्यहाँका शासकले २१ जुन १९४९ मा सम्पूर्ण भूमिसम्बन्धी सूचना सङ्कलन गर्ने आदेश जारी गरे र तीव्रढङ्गले काम सुरु भयो । १०

मार्च १९५० मा नयाँ भूमि ऐन जारी भयो । २८ अप्रिलमा विस्तृत नियमावली घोषणा गरियो । यसले दक्षिण कोरियाव्यापी हलचल पैदा गऱ्यो । यसरी थालिएको भूमिसुधार कार्यक्रमले कोरियाली किसानमा ठूलो परिवर्तन ल्यायो । कुल कृषक परिवारमध्ये ४५% मोही किसान थिए, अरु गरीब किसान र भूमिहीन किसान पनि थिए । यिनको जीवनमा परिवर्तन ल्याउन भूमिसुधारबाहेक अरु कुनै उपाय पनि पर्याप्त हुने थिएन । त्यहाँ भूमिसुधार गर्दा देशका केही विकट ठाउँ छाडेर आमरुपमा ३ हेक्टर हदबन्दी तोकिएको थियो । माथि भनिएबमोजिमको सूचना सङ्कलन अभियानबाट भूमिहीन किसान र अत्यन्त थोरै जमिन भएका गरीब किसानमा वितरण गर्नका लागि धान खेत ३,६३,१३१ हेक्टर, पाखोबारी २३७९९७ हेक्टर र पहिले जापानीको नियन्त्रणमा भएको २३२८३२ हेक्टर रहेको पाइयो । यो जमिन उपयुक्त र वैज्ञानिक तरिकाले वितरण गर्न केही समय लाग्यो ।

१९५७ सम्ममा आइपुग्दा ४७००२२ हेक्टर जमिन, ९५२७३१ परिवार भूमिहीन किसान र गरीब किसानमा वितरण गरिसकेको र वितरण गर्न बाँकी जमिन वितरण गर्ने क्रम जारी राखेको पाइन्छ । योबाहेक जमिनदारको जमिन कमाउने मोहीलाई हदबन्दीको दायराभित्र रहेर जमिन पाउने गरियो । जमिनदारले हदबन्दीभित्रको जमिन आफैँले कमाएको भए राख्न पाउने तर मोहियानी लागेको भए जुन खेतबारीमा जति मूल्यको उत्पादन हुन्छ, त्यसको ३०% का दरले ५ वर्षसम्म भूमिपतिलाई बुझाएपछि सो जमिन मोहीको नाममा दर्ता गर्ने व्यवस्था गरियो । एक वर्षको उत्पादनको ३०% कति हुन्छ त्यसलाई ५ ले गुनेर आउने मूल्य चाँडै भुक्तान गरेमा चाँडै, नत्र ५ वर्षमा जमिन आफ्नै हुने भयो । यसरी मोही किसानका लागि राम्रो अवसर मिलेको मात्र होइन, बढीभन्दा बढी उत्पादन गर्ने वातावरण पनि सिर्जना भयो ।

जमिनदारको हदमाथिको जमिनका लागि क्षतिपूर्ति दिने व्यवस्था गरिएको थियो । क्षतिपूर्ति दिनका लागि सरकारी वण्ड, नगद र यो क्रममा ९० वटा सरकारी उद्योग कलकारखाना दिएर पनि भुक्तानी गरिएको थियो । भूमिसुधार कार्यक्रम लागू गर्ने क्रममा केही रोचक अनुभव पनि रहेछ । भूमिसुधारका कारण आफ्नो जमिनको हक जाने





भएपछि जमिनदार विरोधमा झण्डा उठाउन थाले । त्यसपछि भूमिसुधार कार्यक्रम सञ्चालकले भने- भूमिसुधार गर्न मद्दत गऱ्यौँ भने हदभित्रको जमिन बच्छ, नत्र क्रान्तिको ज्वाला चारैतिर फैलिएर तिम्रो हदभित्रको ३ हेक्टर र अरु चल सम्पत्ति पनि जान सक्छ ।" यस्तो प्रचारको हुण्डरी मच्चाएपछि जमिनदार पनि छट्पटिँदै उकुसमुकुस हुँदै चूप लागेर स्वीकार्न बाध्य भए ।

## ४. ताइवानको अनुभव

१९५३ मा संसद्ले जमिन जोत्नेको हुने ऐन पास गऱ्यो । यो ऐनले धान खेतको अधिकतम् हदबन्दी ३ हेक्टर तोक्यो भने पाखोमा केही बढी हदबन्दी तोकको छ । हदबन्दीभन्दा बढी जमिनको क्षतिपूर्तिबापत जमिनबाट उत्पादन हुने वार्षिक उत्पानको २.५ गुणा जमिनदारलाई दिने, त्यसमा वार्षिक ४% ब्याजसहित १० वर्षमा भुक्तान दिने व्यवस्था गरिएको थियो । भुक्तान दिने विधिमा ७०% सरकारी वण्डबाट र ३०% कम्पनी र कारखानाका सेयरबाट दिने व्यवस्था गरिएको थियो । यसरी ताइवानमा भएको भूमिसुधार कार्यक्रमबाट आफ्नै जमिनमा खेती गर्ने किसान ५७% मात्र भएकोमा कार्यक्रम लागू भैसकेपछि ९०% पुगे । त्यसपछिको उत्पादकत्व १६८% ले वृद्धि भयो ।

## ५. भियतनामको अनुभव

भियतनाम दक्षिण पूर्व एसियाको पूर्व दक्षिणतर्फको एउटा महत्वपूर्ण राष्ट्र हो । ३,३१,११४ वर्ग किलोमिटर क्षेत्रफल र ८३,३०५,००० जनसङ्ख्या भएको उत्तर दक्षिण लाम्चो भएको अर्थात् उत्तर दक्षिण लम्पसार परेको र मुखमा ठूलो आहारा हालेको अजिङ्गर जस्तै देखिने भियतनामको पश्चिमतर्फ कम्पुचिया र लाओस्, उत्तरतर्फ चीन र दक्षिण तथा पूर्वतर्फ समुद्रले घेरिएको देश हो । भियतनामको उत्तर दक्षिण लम्बाइ १६०० किलोमिटर छ भने चौडाइ साँघुरो भएको मध्यभागमा केवल ४० किलो मिटरमात्रै छ । उत्तरतर्फ रातो नदी र त्यसले बनाएको फाँट छ भने दक्षिणतर्फ मेकङ नदी र त्यसले बनाएको फाँटले भियतनामलाई उवर्रा भूमि उपलब्ध गराएको छ ।

भियतनाम कृषिप्रधान देश हो । त्यहाँ धान, रबर, फलफूल, माछा, मकै, उखु, तरकारीलगायत् मुख्य उत्पादन हुन्छ । देशको कुल भूभागको २२ प्रतिशत कृषि भूमि छ । कुल श्रमशक्तिको ६५ प्रतिशत कृषिमा छन् । भियतनाममा १ करोड २० लाख हेक्टर कृषियोग्य भूमिमा खेती गरिएको छ ।
धान खेत मात्रै ४० हेक्टर छ ।  दक्षिणको मेकङ नदी बेसीमा ३० लाख हेक्टर छ । उत्तरको रातो नदी बेसीमा ८ लाख हेक्टर छ । अन्यत्र सबैतिर जोड्दा २ लाख हेक्टर छ । माछापालनमा प्रयोग भएको १० लाख हेक्टर, फलफूल खेतीमा ७ लाख हेक्टर, उखु, मकै रबर, तरकारीलगायत् अन्य उत्पादनमा प्रयोग भएको ६० लाख हेक्टर छ ।
भियतनामभर १ करोड २० लाख घर छन्, त्यसमा र अन्य सार्वजनिक प्रयोगमा आएको पनि जमिन छ । भियतनामभर १ करोड २० लाख हेक्टर जङ्गल छ । क्रान्तिअघि अधिकांश जमिन सामन्त, जमिनदार र पुँजीपति तथा नोकरशाहीको अधीनमा थियो ।

१९५४ पछि उत्तर भियतनाम र १९७५ पछि दक्षिण भियतनाममा पनि सम्पूर्ण जमिन जमिनदारबाट विनामुआब्जा जफत गरेर भूमिहीन किसान तथा आमकिसानमा वितरण गर्नेगरी भूमिसुधार गरियो । यसरी जफत गरिएको सम्पूर्ण जमिन राज्यद्वारा नियन्त्रित र निर्देशित समूहमार्फत् खेती गराइयो । यसलाई सहकारी खेती भनियो ।
सम्पूर्ण कृषि भूमि राज्य नियन्त्रित 'सहकारी' मार्फत् खेती गराउन थालेपछि व्यापक उत्पादन बढ्ला भन्ने भियतनामी अधिकारीहरुको आशा पूरा भएन । शोषण हट्यो । भेदभाव हट्यो । समानता भयो तर गरिबी घटेन । गरिबीको समानतामात्रै हात लाग्यो । सामाजिक, न्याय त भयो तर उत्पादकत्व बढेन, यसले समस्या झन् थप्दै गयो । उत्पादकत्व घट्दै घट्दै २०७ टन प्रतिहेक्टर सालखालामा झर्‍यो ।

१९८८ तिर मुस्किलले १ करोड ९० लाख टनमात्र उत्पादन हुन थाल्यो । यो उत्पादन भियतनामी जनतालाई बिहान-बेलुकी खान पनि नपुगेर आयात गर्नुपर्ने भयो । यो उत्पादकत्व घट्नुको कारण के हो ? के गरेमा प्रतिइकाई उत्पादकत्व बढाउन सकिएला ? के गरेमा सामाजिक न्याय पनि हुने, उत्पादकत्व पनि बढ्ने स्थिति सिर्जना गर्न सकिएला ? जस्ता प्रश्नमाथि व्यापक खोज/अनुसन्धान हुन थाल्यो ।





भियतनामको भूमि नीति सम्बन्धमा मात्रै २५८ वटा अनुसन्धान अभिलेख प्रकाशित भएका छन् । यो सबै अनुसन्धानपछि १९८९ मा भियतनाम कम्युनिष्ट पार्टीको पोलिटब्युरोको बैठकले ऐन कानुन संशोधन गरी खेती गर्ने किसानलाई नै जमिन दिने निर्णयले मात्र उत्पादकत्व बढ्छ भन्ने अनुसन्धानले देखाएको महसुस गर्‍यो । इन्स्टिच्युट अफ पोलिसी एन्ड स्ट्राटेजीमा एग्रिकल्चर एन्ड रुरल डेभलपमेन्टका महानिर्देशन डोङ नेक थाई भन्छन्- 'वास्तवमा उत्पादक शक्ति उत्साहित र प्रोत्साहित नभई उत्पादकत्व बढ्दो रहेनछ ।' यो महसुस भएपछि भियतनामी सरकारले जमिन लिजमा दिने निर्णय गर्न थाल्यो । त्यसपछि त्यही नीतिअनुरुप १९९३ मा भूमिसम्बन्धी नयाँ ऐन पारित गर्‍यो । भूमि ऐन १९९३ भन्छ- सम्पूर्ण जमिन भियतनामी जनताको हो भन्ने सद्धान्तको आधारमा बनेको भूमि ऐनले
भूमि हस्तान्तरण गर्न पाइने
सट्टापट्टा गर्न पाइने
लिजमा दिन पाइने
वंशगत हस्तान्तरण गर्न पाइने
निश्चित स्थानमा निश्चित जमिन निश्चित समयका लागि लिजमा लिन/दिन पाइने व्यवस्था भयो ।

यसरी किसानलाई लिजमा जमिन दिँदा एक परिवार (सालाखाला ५ जना) का लागि उत्तर र मध्य भियतनाममा २ हेक्टर प्रतिपरिवार र दक्षिणमा प्रतिपरिवार ३ हेक्टर धानखेत लिजमा लिन पाइने व्यवस्था भयो ।

यसैगरी फलफूल खेतीका लागि प्रतिपरिवार बढीमा १० हेक्टरसम्म ५० वर्षका लागि

धान खेत उत्तरमा २ हेक्टर र दक्षिणमा ३ हेक्टर बढीमा २० वर्षका लागि लिजमा दिने व्यवस्था गर्‍यो ।

वनको हकमा प्रतिपरिवार बढीमा ३० हेक्टर बढीमा ७० वर्षका लागि लिजमा दिन सकिने ऐन पारित भयो ।

भियतनाममा जनसङ्ख्याको तुलनामा जमिन निकै कम भएकाले लिजमा दिने जमिन पनि सीमित मात्रै दिनसक्ने अवस्था छ ।

अनुसन्धानले पनि देखाएको छ- उत्तरमा प्रतिपरिवार ०.२३ हेक्टरमात्रै जमिन छ भने दक्षिणतर्फ प्रतिपरिवार करिब १ हेक्टर पर्न आउँछ । यसकारण पनि जमिन लिजमा दिँदा पनि सिमाङ्कन जरुरी महसुस गऱ्यो । फेरि भियतनामको उत्पादकत्वको अनुसन्धानले पनि थोरै जमिन हुने किसानको उत्पादकत्व ठूलो कित्ता जमिन हुनेको भन्दा बढी देखिएको छ । यसकारण पनि जमिनको सीमा सीमित राख्न जरुरी छ । भियतनामले धान खेतलाई अति महत्व दिँदै तोकिएको धानखेतमा अरु बाली लगाउन नपाउने कडा व्यवस्था पनि गरेको छ । खासगरी १९९८, २००० र २००१ मा परिमार्जन भएको भूमि ऐनले धान खेतलाई अन्य प्रयोजनका लागि प्रयोग गर्न नपाउने कडा व्यवस्था गरेको छ । यही नीतिका आधारमा अहिलेसम्म करोड हेक्टरभन्दा बढी खेतीयोग्य जमिन खेती गर्ने किसानमा वितरण गरिसकेको छ । भियतनाममा अहिले खेतीपातीमा लागेका प्रायः सबै किसानले आफ्नै नाममा जमिन पाएका छन् । यसपछि उत्पादकत्वमा व्यापक वृद्धि भएको छ । राज्य नियन्त्रित सामूहिक खेती गर्दाको अवस्थामा १ करोड ९० लाख टन उत्पादन भएकोमा लिजमा भए पनि किसानमा स्वामित्व हस्तान्तरण गरेपछि ३ करोड ६० लाख टन उत्पादन हुन थाल्यो । उत्पादकत्व वृद्धिका लागि उत्पादक शक्तिको मनोविज्ञान नबुझी चालिएको पुरानो कदम गलत सावित भयो ।

## भियतनाममा भूमि वर्गीकरण

**(क) धानखेतका रुपमा मात्र प्रयोग जमिन**

मकै, भटमास, उखु, चिया, कफी उत्पादन गर्ने जमिन
फलफूल खेतीका लागि प्रयोग हुने जमिन
सामुदायिक वन र पशुपालन व्यवसायका लागि घाँस उत्पादन गर्ने जमिन,
माछापालनका लागि प्रयोग गर्ने जमिन
नून उत्पादन गर्ने जमिन
वृक्षरोपण गरी कास्ट उत्पादन गर्ने जमिन

रबर उत्पादनमा वृक्षरोपण गर्ने जमिन

**(ख) गैरकृषि तथा गैरवनस्पति क्षेत्रमा प्रयोग हुने जमिन**

आवास क्षेत्रका लागि प्रयोग हुने जमिन





राज्यका विभिन्न क्षेत्रका कर्मचारी आवासका लागि प्रयोग हुने जमिन
सेना, प्रहरी र प्रतिरक्षाका लागि आवश्यक जमिन
औद्योगिक तथा व्यापारिक क्षेत्रका लागि प्रयोग हुने जमिन
स्कुल, कलेज, अस्पताल, खेल मैदान, पार्क, बाटिका, पिकनिक स्पटमा प्रयोग हुने जमिन,
धार्मिक मठमन्दिर, गुम्बा, मस्जिद, गिर्जाघरलगायत्मा प्रयोग हुने जमिन
अन्तिम संस्कार र समाधिका लागि प्रयोग हुने जमिन ।

**(ग) भूमि उपभोगकर्ताको अधिकार**

भियतनामको भूमिसम्बन्धी ऐन १९९३, १९९८, २०००, २००१, २००४ का विभिन्न ऐन र संशोधित ऐनले भूमि उपयोगकर्ता व्यक्ति वा संस्थाका लागि अधिकार र कर्तव्यबारे प्रष्टरुपमा उल्लेख गरेको छ । यसमा उल्लेख भएका अधिकार यसप्रकार छन्-
भूमि प्रयोगकर्ता किसान वा अन्य प्रयोजनका लागि प्रयोगकर्ताको कानुनी हक रक्षा गर्नु राज्यको दायित्व हुनेछ ।
आफूले प्रयोग गर्न अधिकार प्राप्त जमिन विनिमय गर्न पाउनेछन् ।
कसैलाई उपयोगका लागि सिफारिश गर्न पाउनेछन्,
भाडामा लगाउन पाउनेछन्,
सब लिजमा दिन पाउनेछन्,
सरकारले पुनः सो जमिन प्राप्त गर्न चाहेमा प्रयोगकर्ता किसान वा अन्य प्रयोगकर्तालाई क्षतिपूर्ति दिनुपर्नेछ । यसका लागि कानुनी व्यवस्था छ ।
लिजमा जमिन प्राप्त गर्नेले तोकिएको सर्तमा म्याद थप हुन सक्नेछ ।

**(घ) भूमि उपयोगकर्ताको कर्तव्य**

भियतनाममा जमिन उपयोगकर्ताका लागि तोकेको कर्तव्य पूरा गर्नु उसको दायित्व हुनेछ, कानुनबमोजिम कर्तव्य पालना नगरेमा दण्डको भागिदार हुनेछ ।
तोकिएको सीमा र क्षेत्रफलभित्र मात्र भोगचलन गर्न पाउने

जमिनको सुरक्षा गर्नुपर्ने,
जमिनको उर्वरा शक्तिको रक्षा गर्नुपर्ने वा अन्य प्रयोजनका जमिनको पनि सोहीअनुसार रक्षा गर्नुपर्ने ।

वातावरणीय सन्तुलन कायम राख्न आवश्यक व्यवस्था गर्नुपर्ने
सो जमिनमा कुनै बहुमूल्य खनिज वा पुरातात्विक महत्वका वस्तु फेला परेमा कानुनबमोजिम सम्बन्धित निकायमा जानकारी गराउनुपर्ने
लिजको अवधि सकिएपछि सरकारलाई फिर्ता गर्ने वा कानुनबमोजिम म्याद थप गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यसरी भूमि राज्यको हो, राज्यले भोगचलन गर्न दिएबापत निश्चित कर्तव्य पालना गर्नु नागरिक दायित्व हो भन्ने किटानी व्यवस्था भएकाले भू-उपयोग अनुशासनको विशेष व्यवस्था गरेको छ । 'मेरो जमिन म जेसुकै गरौं' भन्ने नेपाली मानसिकता भियतनाममा नियन्त्रण भएको पाइयो । कानुनमा भूमि निरीक्षकको व्यवस्था गरेर कानुनबमोजिम प्रयोग भए/नभएको हेर्ने र आवश्यक कारबाही गर्ने व्यवस्था प्राकृतिक स्रोत तथा वातावरण मन्त्रालयले गर्ने व्यवस्था छ । भियतनाममा भूमिसुधार तथा भूमिसम्बन्धी सम्पूर्ण विषय प्राकृतिक स्रोत तथा वातावरण मन्त्रालयले हेर्ने गरेको छ । सँगसँगै यसको विकास प्रक्रियालाई अघि बढाउन, कृषि तथा ग्रामीण विकास विभागले बढी भूमिका निर्वाह गर्ने व्यवस्था छ । यसरी १९५४ अघि सिङ्गै भियतनाममा, १९५४ पछि दक्षिण भियतनाममा रहेको सामन्ती भूस्वामित्वलाई १९७५ पछि पूरै भियतनामबाट उन्मूलन गर्न उनीहरु सफल भए । राज्य नियन्त्रित, सामूहिक कृषि उत्पादन प्रणालीले सामाजिक न्यायमा योगदान गरे पनि उत्पादकत्व वृद्धिमा यसले योगदान गर्न सकेन भन्ने निष्कर्ष निस्क्यो र १९८६ पछिको दोइमोइ कार्यक्रमले उत्पादक शक्तिलाई भूमि उपलब्ध गराउने तर राज्य नियन्त्रित सामूहिक उत्पादन प्रणालीको स्थानमा व्यक्तिगतरुपमा उत्पादन भण्डारण बिक्री वितरण गर्न पाउने गरी जमिन लिजमा दिएपछि नै उत्पादकत्व निकै वृद्धि भयो । सामाजिक न्याय हुने तर उत्पादकत्व वृद्धि नहुने अनि गरिबी, भोकमरी र अभावको समानताबाट मुक्ति पाए । सामाजिक न्यायसँगै उत्पादकत्व वृद्धिका लागि उत्पादक शक्ति उत्साहित, प्रोत्साहित र आत्मविश्वासका साथ





काम गर्ने वातावरण सिर्जना भयो । भियतनामको भूमिसुधार कार्यक्रमको उक्त ३ प्रकारको अनुभवबाट संसारका धेरै देशले सिक्न सक्ने हामीले अनुभव गर्‍यौं । प्रमुख उत्पादक शक्ति किसान र प्रमुख उत्पादनको साधन भूमिका क्षेत्रमा सामाजिक न्यायपूर्ण उत्पादकत्व वृद्धि भएमात्रै गैरकृषि क्षेत्रको विकासमा गति आउने यहाँबाट प्रमाणित भएको छ ।

## ६. भारतमा भएको भूमिसुधारको सामान्य झलक

अप्रिल १९, १९९५ मा भूमि सम्बन्धमा अनुभव आदान-प्रदानका लागि हामी केराला गएका थियौं । त्यहाँ हामीले संसारकै प्रथम जननिर्वाचित कम्युनिस्ट मुख्य मन्त्री इ.यम.इस नमुन्द्री पाद, प्रोफेसर आई.एस. गुलाती, पूर्व भूमिसुधार र सहकारी मन्त्री चन्द्रसेखर नायर (त्यतिबेला एनिमल हस्वेण्ड्री खाद्य सप्लाई मन्त्री), उन्नी कृष्णन पालघाट, जिल्लाका प्रमुख के. चन्द्रशेखरन, प्रो.यम. सिमनाकरण, प्रोफेसर आइज्याक थोमस, प्रो. माइकल ठाडाकान, प्रो. के.एन.राज, भि.यस अच्युतानन्द, विकेन्द्रीकरणविद् विजयानन्द, प्रो. माइकललगायत्सँग भेटघाट गरेर भूमिसुधार कृषि, सहकारी, ग्रामीण विकास, निरक्षरता उन्मूलन र समग्र किसान आन्दोलन तथा व्यवस्थापनसम्बन्धी अध्ययन गर्ने कार्यक्रम थियो । यो भ्रमण अत्यन्त रोचक ज्ञानवर्द्धक र उपयोगी भयो । यो भ्रमणमा मसहित डा. शिव शर्मा, धर्मदत्त देवकोटा, मोहनबहादुर बम, रेवती ढकाल गएका थियौं । हाम्रो समय व्यस्तसँग बितेको थियो । १९ तारिखदेखि २२ तारिखसम्मको भ्रमणबाट जे देखियो, जे/जस्तो अनुभव आदान-प्रदान गरियो, त्यो अनुभव सर्वसाधारण सबैका लागि, खासगरी कृषि भूमि र ग्रामीण विकासमा चाख राख्ने र अनुसन्धानकर्ताका लागि, पूर्व मुख्य मन्त्री इ.यम. यस नमुन्द्रीपन्द, चन्द्रशेखर नायर, प्रो. आइ यस गुलाती, चन्द्र शेखरन नायर, के. चन्द्रन, प्रो. यम. सिमनाकरण र प्रो आइज्याक थोमससँग भएका छलफल र प्रस्तुतिबाट प्राप्त विषयलाई सङ्क्षेपमा यहाँ प्रस्तुत गरिएको छ । त्यसमा पनि पूर्व मुख्य मन्त्री इ.यम.यस. नमुन्द्रीसँग भएका कुरालाई बढी स्थान दिन उपयुक्त ठानिएको छ । उहाँ हामीसँग कुराकानी गर्दा ८६ वर्षको हुनुहुन्थ्यो । त्यो उमेरमा पनि २ घण्टाभन्दा बढी समय हाम्रा लागि दिएर ठूलो गुन

लगाउनुभएको थियो । त्यो उमेरमा पनि श्रमजीवी जनताप्रति, भूमिहीन किसानप्रति, दलितमा पछि परेका जनताप्रतिको स्नेह, सम्मान र केही गर्नुपर्छ भन्ने भावना अमूल्य थियो ।

केरला भारतको मध्यम साइजको राज्य हो । यहाँ लोकसभामा ५४३ सिटमध्ये २० सिटको प्रतिनिधित्व हुने गर्दछ । यहाँ सन् १८६८ सम्म राजाकै हालिमुहाली थियो । राजाले नै १८६८ सम्म तीनखण्डको दुई खण्ड जमिनमा कब्जा जमाएर बसेका थिए । १८६८ पछि जमिन जोत्नेलाई नै हक दिने निर्णय गरे । तर पनि त्यहाँ भूमि समस्या हल भएन । गैरमुस्लिम क्षेत्रमा जति सहज ढङ्गले जोत्नेले हक पाए, मुस्लिम बाहुल क्षेत्रमा त्यस्तो हुन सकेन । भारत ब्रिटिस उपनिवेशबाट स्वतन्त्र भएपछि दक्षिण केरालाको जमिनमा जे/जति सुधार भयो, उत्तरमा त्यो पनि हुन सकेन । समग्रमा स्वतन्त्र भारतमा पनि सामन्ती जमिनदारी भूमि व्यवस्था कायमै रह्यो । जेसी कुमारको नेतृत्वमा १९४५ मा भूमिसुधार कमिसन त बनेको थियो । यो कमिसन निक्कै महत्वपूर्ण थियो भन्ने व्याख्या मिस्टर माइकलले हामीसामु गरे ।

त्यो आयोगको प्रतिवेदनले जमिनको हदबन्दी, जमिन प्राप्त गर्ने विधि, वितरण गर्ने तरिकाबारे बताएको रहेछ । प्रतिवेदनको सबैभन्दा बढी विहार, उत्तर प्रदेश, मध्य प्रदेशबाट विरोध भएपछि केन्द्र सरकार लागू गर्नबाट पछि हट्यो ।

इ.यम.यस. नमुन्द्रिपादले हाम्रो भेटमा जोड दिएर भने- "बहुसङ्ख्यक किसान भएको देशमा, भूमिहीन र मोही किसान भएको देशमा जोताहको समस्या हल भयो भने धेरै समस्याको् हल हुन्छ ।" उनले जोड दिएर भने- हामीले सन् १९५७ मा सरकार बनायौँ, भूमिसम्बन्धी ऐन ल्यायौँ । भूमिसुधार गर्न सरकारले न्यायिक अधिकार पनि लिएको थियो । प्रत्येक गाउँ पञ्चायतमा प्रभावशाली किसान कमिटी बनाएर भूमिसुधारको पक्षमा जनमत निर्माण गर्न आवश्यक आधार बनाइयो । ठाउँ हेरिकन कतै २.५ एकड, कतै ५ एकडदेखि २५ एकडसम्म फरक-फरक हदबन्दी कायम गरेका थियौँ । १९५९ मा पास भएको ऐनले मोहीले १/१६% कुत बुझाउनुपर्ने तय गऱ्यो । यदि कुनै मोहीले ४ वर्षको कुत एकै वर्षमा बुझाएमा जमिन सबै मोहीको हुने व्यवस्था





गरिएको थियो । भूमिसुधारको विरोध गर्ने, असहयोग गर्नेहरूलाई सम्झाउन र भूमिसुधार कार्यक्रम लागू गर्ने स्थानीय कृषक, कृषि विज्ञ, ट्रेड युनियन मिलेर कार्यक्रम सफल पार्न मद्दत गरेका थिए । तर सुप्रिम कोर्टले अल्ट्राभाइरस भयो (असंवैधानिक भयो) भनेर राज्य सरकारको निर्णय बदर गर्न आदेश दियो । यसपछि इ.यम.यस.नमुन्द्रीपादको सरकारलाई नेहरू सरकारले भङ्ग गऱ्यो र राष्ट्रपति शासन लागू गऱ्यो ।

यसपछि १९६३ मा अर्को चुनाव भयो । यसबेला कङ्ग्रेस पार्टीको सरकार बन्यो । अल्पसङ्ख्यकहरूले कम्युनिष्ट पार्टीलाई भोट दिएनन् । कम्युनिष्ट पार्टी हाऱ्यो । मत १९५७ मा ३६% थियो, १९६३ मा ४०% मत आयो तर अल्पसङ्ख्यक बढी भएको निर्वाचन क्षेत्रमा क.पा. हाऱ्यो । तर कङ्ग्रेसकै सरकार बने पनि भूमिसम्बन्धी ऐन ल्याउन बाध्य भए । यो कङ्ग्रेसले ल्याएको भूमिसम्बन्धी ऐनमा जमिनदारलाई फाइदा हुने गरी ३५ एकडको हदबन्दी कायम गऱ्यो । कृषि मजदुरलाई जमिन दिने कुरा पनि हटायो । तर १९७० को निर्वाचनमा कम्युनिष्ट पार्टीको बहुमत आयो । यसपछि भारतीय संविधानको धारा ९, जसका आधारमा राज्य सरकारले बनाएको भूमिसम्बन्धी ऐनलाई अल्ट्राभाइस (असंवैधानिक) भनेको थियो, त्यो धारा खारेज गराएर प्रत्येक राज्यले भूमिसम्बन्धी ऐन बनाउन पाउने व्यवस्था गऱ्यो । यसरी केरला सरकारले नयाँ भूमि ऐन बनाएर केरलाभरिमा ४८ लाख एकड जमिन २८ लाख परिवारले प्राप्त गरे । यसमा भूमिहीन कृषि मजदुर र मोही किसान पनि परेका छन् । ५ लाख सुकुम्बासीले घर बनाउन पुग्ने जमिन पाए । यसबेला पनि कङ्ग्रेस पार्टी र जातीय सङ्गठन जमिनदारको पक्षमा उभिए तर केरालामा प्रशस्त जमिन भएका, नमुद्री र नायरले भूमिसुधार कार्यक्रमलाई सकेजति मद्दत गरे । यो अलि अनौठो संयोग देखियो ।

नमुद्री भन्छन्- "भूमिसुधारका चर्का चर्का कुरा गर्नेहरूमध्ये पनि जब साँच्चै भूमिसुधार कार्यक्रम हुन थालेपछि त्यसको विरुद्धमा उभिनेहरू पनि हामीले देख्यौँ, भोग्यौँ ।" उनी भन्छन्- "समाज परिवर्तन हुन्छ । केरालामा ७० वर्षपहिले पुरुष विवाह गरेर महिलाको घरमा जाने गर्थे, अहिले महिला पुरुषको घरमा आउँछन् । श्रमिक किसान र भूमिहीन

किसानलाई शोषण उत्पीडन र दमन गर्ने सामन्त जमिनदार अहिले खासगरी भूमिसुधार राम्ररी सफल भएका ठाउँमा, त्यहाँका दलित र अल्पसङ्ख्यकको जीवनस्तर, शैक्षिक र स्वास्थ्य स्तर, पहिलेका जमिनदारको भन्दा सुन्दर र व्यवस्थित छ ।”

भूमिसुधार भनेको केवल भूमि प्राप्ति गर्ने विषय मात्रै होइन, पशुपालन र कृषि क्षेत्रमा आधुनिकीकरण र वैज्ञानिकीकरण पनि सँगै लानुपर्छ । शिक्षाद्वारा मानव संशाधन क्षमता वृद्धिमा त्यत्तिकै जोड दिनुपर्छ । प्रत्येक गाउँमा सहकारी संस्था र सक्षम बनाउने कार्यक्रम व्यवस्था गरिनुपर्छ । अनिमात्रै भूमिसुधार कार्यक्रमले सार्थकता पाउँछ ।

हामी पालघाट पनि गएका थियौं । पालघाट जिल्लाका सेक्रेटरी के. चन्द्रनले बडो मार्मिक ढङ्गले भने- “हाम्रो प्रयास केवल हदबन्दीबाट जमिन प्राप्त गर्नुमात्र होइन, सामन्तवादको सामन्ती शोषण र विभेदको अन्त गर्नु पनि हो । भूमिसुधारपछि जनतामा राम्रो परिवर्तन आएको छ । भूमिहीन गरीब, किसान र दलित समुदायमा पहिले जस्तो हीनताबोध छैन । स्वाभिमानी स्वभाव शैलीको विकास भएको छ । शिक्षा र क्रयाशक्ति तीब्र विकास भएको छ । तर यो कार्यक्रम सजिलै आएको होइन, हजारौं किसानले बलिदानपूर्ण सङ्घर्ष गरे । गएको ३६ वर्ष सङ्घर्षै-सङ्घर्षका वर्ष हुन् । भूमि ऐन पास गराउनमात्रै ५ सयभन्दा बढी किसानले बलिदान गरेका थिए । त्यसकारण भूमिसुधार कार्यक्रम गराउनु सजिलो काम होइन ।”

केरलाको भूमिसुधार कार्यक्रम र त्यसको प्रशंसा गर्दै हरकिसान सिंह सुरजित आफ्नो पुस्तक “भारतमे भूमिसुधार” को पृष्ठ १२९ र १३० मा भन्छन्- “१९५७ को दोस्रो आमचुनावपछि केरलामा पहिलोपटक गैरसरकारी सरकार बन्यो । कमरेड इ.यम.यस. नमुन्द्रीपादको नेतृत्वमा कम्युनिष्ट पार्टीले सरकार बनायो । यसमा कयौं किसान आन्दोलनका नेता सरकारमा सामेल भएका थिए । यो सरकारले किसानका हितमा अनेक कार्यक्रम ल्याएर, नयाँ तरङ्ग उमङ्ग ल्याएका थिए । आमरुपमा जनवादी आन्दोलन र खासरुपमा जमिनदारी उन्मूलनको सङ्घर्षको इतिहासमा कोशेढुङ्गा सावित भएको छ ।”





हरकिसान सुरज्जित भन्छन्- “केरालामा सत्ता सम्हालेको ६ दिनकै दिन बेदखली रोक्ने आदेश जारी गऱ्यो ।”

१. तमाम उपलब्ध सरकारी जमिनलाई कृषि मजदुर र गरीब किसानमा वितरण गर्ने ।

२. बेदखली रोक्ने आदेश जारी गऱ्यो ।

३. भूमि सम्बन्धमा केरला एग्रेरियन रिलेसन बिल १९५७ मा व्यापक कानुनको निर्माण गरेर इ.यम.यस. नामुद्रीपादले किसानका सच्चा नेता सावित गर्न सफल भए भनेका छन् । यसरी दक्षिण एसियामा केरलाको विकास तीव्र र शिक्षित सभ्य नागरिक हुनुमा भूमिसुधारको महत्वपूर्ण स्थान छ ।

भारतको सबै लोकसभा निर्वाचन क्षेत्रको समग्र विकासको इण्डिया टुडेको २४ सेप्टेम्बर २००८ को सर्वेक्षणमा भारतका ५४३ निर्वाचन क्षेत्रमध्ये १०० वटा सबैभन्दा उम्दा निर्वाचन क्षेत्रमा केरालामा सबै २० वटै निर्वाचन क्षेत्र पर्नुलाई केरालामा भएको भूमिसम्बन्धी प्रगतिशील कदम नै मुख्य कारण हो भनेर विज्ञ भन्ने गर्छन् । विकासका अनेक सूचाङ्कमध्ये ११ वटा सूचाङ्कमा केरालाको स्तर संयुक्त राज्य अमेरिकाको स्तरमा भएको तथ्यले पनि केरालामा भएको भूमिसुधारले केवल भूमि समस्या मात्र होइन, शिक्षा, स्वास्थ्य, सरसफाई, सभ्यता, शान्ति सुरक्षा, सुरक्षित खानेपानी, सिचाई सबै क्षेत्रमा राम्रो प्रभाव पारेको देखिन्छ ।

◆

# परिच्छेद - नौ
## भूमि र संविधान

भूमिसुधार, संविधानमा भूमि, क्रान्तिकारी भूमिसुधार, भूमिमा क्रान्तिकारी परिवर्तन, व्यापक कृषि क्रान्ति, कृषिमा क्रान्तिकारी परिवर्तन, जेसुकै नामकरण गरे पनि भूमिसुधार सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि उपयुक्त भूमि व्यवस्था गर्नका लागि हो । सामाजिक न्याय र उत्पादकत्व वृद्धि यसको मुख्य लक्ष्य हो । अहिलेसम्मको समस्या जो, वर्षैभरि खेतबारीका काम गर्छ उसको पेटभरी खान, आङभरि लागाउन, आरामसँग आफ्नै घरमा बस्न, बिरामी हुँदा औषधी उपचार गर्न, केटाकेटी पढाउन र लेखाउन पाएको छैन । जो काम गर्छ ऊ भोकै पर्छ, जो काम गर्दैन उसको भकारी भरिन्छ । यस्तो स्थितिमा आमूल परिवर्तन गर्न क्रान्तिकारी भूमिसुधार आवश्यक छ । भोक र गरिबीमा कति पीडा हुन्छ भन्ने कुरालाई नीति-निर्माताले, सिङ्गै राज्यसञ्चालकले, ऐनकानुन निर्माताले आत्मसात् गरुन्, अनुभूति गरुन् भन्ने यस लेखको आसय हो । हाम्रो मनासय कसैका विरुद्ध लक्षित छैन  केवल अन्याय, विभेद, शोषण, उत्पीडनबाट सिङ्गै समाज मुक्त गर्नु हो । अवैधानिक, अव्यावहारिक, अन्यायपूर्ण सामाजिक, आर्थिक संरचनालाई सामाजिक न्यायमा आधारित उत्पीडकत्व वृद्धिका लागि उत्साहबर्द्धक संरचनाको निर्माणमा योगदान गर्नु हो ।

हामी राष्ट्रियताको कुरा गर्छौं, स्वतन्त्रताको कुरा गर्छौं, लोकतन्त्रको कुरा गर्छौं, न्याय, समानताका कुरा गर्छौं, सबैका लागि लोकतन्त्र हुनुपर्छ भन्छौं तर सबैका लागि लोकतन्त्र आएको छैन । जब सबैका लागि लोकतन्त्र छैन, तब त्यो सधैंका लागि पनि टिक्न सक्दैन, यो हुनेहरूले बुझ्नैपर्ने कुरा हो ।

सन् २००१ को राष्ट्रिय गणनालाई आधार मान्ने हो भने पनि कूल परिवार सङख्या ४२ लाख ५३ हजारमध्ये २ लाख १७ हजार परिवार *( १० लाख ८५ हजार जनसङ्ख्या)* सँग छाप्रो बनाउने जमिन पनि छैन ।





अर्को आठ लाख तीन हजार परिवार *(४० लाख १५ हजार जनसङ्ख्या)* सँग खेती गर्ने जमिन छैन, छाप्रो वा करेसाबारीमात्रै छ । यो दुवै जोड्दा १० लाख २० हजार परिवार भनेको लगभग एक चौथाई परिवार हो । यिनको घर आङ्गनमा लोकतन्त्र आयो कि आएन ? यिनीहरूमा खुशी छायो कि छाएन, राज्यले यिनीहरूलाई आफ्नै परिवार ठान्यो कि ठानेन ? यिनीहरूको पीडामा आफूलाई समाहित गर्‍यो कि गरेन ? संविधान, ऐन-कानुनले यो समुदायको वास्तविक मर्मलाई सम्बोधन गर्‍यो कि गरेन ? गर्‍यो भने त्यसलाई व्यवहारमा लागू गर्नका लागि राज्यसंयन्त्रले आफूलाई मानसिकरूपले त्यो मर्मसङ्गतढङ्गले आत्मसात् गर्‍यो कि गरेन, राजनीतिक दल, सम्बन्धित श्रमिक सङ्गठनहरूले आत्मसात गरे कि गरेनन् ? नागरिक समाज तथा मिडिया जगतले साथ दियो कि दिएन ? शिक्षण संस्थाले विद्यार्थीबीच अध्यापन गराउन सोहीबमोजिमको व्यवस्था गर्‍यो कि गरेन ? यी कुरा महत्वपूर्ण छन् ।

आर्थिक, सामाजिक क्रान्तिविनाको राजनीतिक क्रान्ति अधुरो, अपुरो र अपाङ्ग हुन्छ । हामीकहाँ १९५० मा पनि त क्रान्ति भएकै हो नि, २०४६ मा पनि भएकै हो तर आर्थिक, सामाजिक क्षेत्रमा क्रान्तिकारी परिवर्तन हुन सकेन । ०६२/०६३ को जनक्रान्ति भएको पनि ३ वर्ष पुग्न लाग्यो तर आर्थिक, सामाजिक क्षेत्रमा अझै केही भएको छैन । अहिले पनि मुख्य समस्यामा ध्यान केन्द्रित हुन सकेको छैन । आन्तरिम संविधानले उल्लेख गरे पनि सामेल हुने हो कि होइन भन्ने चिन्ता बढ्न थालेको छ । लोकतन्त्रका लागि हामी अग्रिम मोर्चामा रहेर सङ्घर्ष गर्‍यौं । अब आर्थिक, सामाजिक रुपान्तरणका लागि फेरि अग्रिम मोर्चामा रहेर लड्न बाँकी नै छ । हामीले निरन्तरता र क्रान्तिकारी धैर्यलाई सशक्त बनाउनै पर्छ ।

लोकतन्त्र प्राप्तिको सङ्घर्षमा भूमिहीन गरीब कृषि श्रमिक, कमैया, हलिया, आम किसान, वन उपभोक्ता महासङ्घअन्तर्गतका संस्था, ट्रेड युनियनसँग आबद्ध श्रमिक किसान सङ्घ/सङ्गठनसँग आबद्ध किसान, नागरिक समाजका सदस्य तथा राजनीतिक दलको अथक प्रयासबाट लोकतन्त्र स्थापना भएको हो । लोकतान्त्रिक आन्दोलनमा सम्पूर्ण साझेदार पेशाकर्मीको सहभागिता थियो । लोकतन्त्र रक्षा र विकासका लागि पनि श्रमजीवी जनताको प्रमुख भूमिका आवश्यक छ । त्यसैले

संविधान निर्माण क्रममा यो विशाल सङ्ख्यामा रहेका लोकतन्त्रका सेनानी भूमिहीन किसान, हलिया, कमैया, कमलरी, वास्तविक सुकुम्बासी, असुरक्षित बस्तीका जनता, आम श्रमजीवी, दलित समुदाय, महिला, पछाडि परेका क्षेत्रका जनताको उत्साह जगाउने, आत्मविश्वास जगाउनेखालको संविधान निर्माण गरिनुपर्दछ । आवाजविहीनको आवाज बनेर संविधान बोल्नुपर्छ । अधिकारहीनको अधिकार बनेर संविधान आउनुपर्छ । बासबिहीन र भूमिहीन किसानको आवाज बनेर आउनुपर्छ । प्रत्येक श्रमजीवी जनतामा नयाँ उत्साह र जाँगर जगाउने संविधान बन्नुपर्छ । हामी सबै यसका लागि दृढतापूर्वक लाग्नुपर्छ तर यतिले मात्रै पुग्दैन भन्ने कुरा भुल्नु हुँदैन ।

संविधान राम्रै बन्यो र हामीले चाहेजस्तै बन्यो । त्यसैअनुसार ऐन कानुन र नियम पनि बन्यो तर व्यवहारमा लागू भएन भने त्यसको अर्थ हुँदैन । हामीलाई थाहा छ- २०१९ को पञ्चायती संविधानको मुख्य ध्येय नै *“शोषणरहित समाजको परिकल्पना गर्ने”* थियो तर व्यवहारमा के भयो ? हामी भुक्तभोगी छँदैछौं । मैले यहाँ भन्न खोजेको कुरा के हो भने उचितखालको संविधान बन्नुपऱ्यो । उचितखालको ऐन बन्नुपऱ्यो । उचितखालको नियमावली बन्नु र त्यो संविधानले परिकल्पना गरेको फल आम श्रमजीवी जनताले पाउनुपऱ्यो । भूमिहीन तथा उत्पीडित श्रमजीवी जनताले त्यसको फल पाउनुपऱ्यो ।

अब बन्ने संविधानमा सम्पूर्ण नेपालीको विचार समेटिनुपर्छ । प्रत्येक कृषि श्रमिक, औद्योगिक श्रमिक, सेवा क्षेत्रका श्रमिकलगायत् सबै क्षेत्रका श्रमिकले यो संविधान मेरै लागि हो र हाम्रै लागि बनेको हो भन्ने विश्वास गर्ने आधार हुनुपर्छ । देशमा सम्पूर्ण भूमिहीन किसान, मुक्त कमैया, हलिया, आम कृषि श्रमिक, गैरकृषि क्षेत्रका श्रमिकमा उत्साह, जाँगर जागृत गर्नेखालको हुनुपर्दछ । राष्ट्रले हाम्रा लागि गरेको छ र हामीले हाम्रो राष्ट्रका लागि, राष्ट्रियताका लागि, राष्ट्रिय अखण्डताका लागि, सामाजिक न्याय र उत्पादन वृद्धिका लागि केही गुर्नपर्दछ । यो देश मेरो हो, देशले मेरो श्रम, सिप र मेहेनत खोजेको छ, म त्यसका लागि समर्पित भएर लाग्नेछु, भन्ने भावना जगाउन सक्नुपर्दछ ।





केही समयपहिले हामीले *“आफ्नो गाउँ आफै बनाउँ”* भन्ने कार्यक्रम अघि सारेका थियौं । यो कार्यक्रम अघि बढाउनुपर्दछ भनेर कोड गर्नेमध्ये एक जना म पनि थिएँ । कार्यक्रम लागू पनि भयो । पहिले ६ महिनाका लागि प्रत्येक गाविसमा ३ लाख, पछि वर्षको ५ लाख र अहिले १५ देखि ३० लाखसम्म जाने गरेको छ । यो कार्यक्रमको नामकरण र कार्यक्रमको उद्देश्य प्रत्येक गाउँवासीमा राष्ट्रिय भावना जागृत हुन सकोस् । मैले परिश्रम गरेर गाउँ बन्छ, प्रत्येक गाउँको विकास भए देशकै विकास हुन्छ । जति हामी विकास गर्दै जान्छौं त्यति हामी स्वावलम्बी हुँदै जान्छौं । सानातिना विकासे कामका लागि विदेशीका सामु हात पसार्नु पनि पर्दैन । क्रमशः आफ्नो देश आफै बनाउँ भन्ने अभियान लागू गर्न सकिन्छ भन्ने थियो तर सोचे जस्तो भएको छैन । कतिपय स्थानमा त विकासको रकम बाँडिचुँडी खानेसम्मका अपराध भएका छन् । मैले यो सन्दर्भ जोड्नुको अर्थ छ । तय भएको नीतिबाट लक्षित समुदायले त्यो कति प्राप्त गरे भन्ने कुराले महत्व राख्छ । हामीकहाँ समस्या नीतिको भन्दा पनि नीतिले दिएको अधिकार लक्षित समुदायले प्राप्त गर्न कठिन हुने गरेको विगत इतिहास छ । उत्पादनका साधनबिहीन, गरीब वर्गका कुरा क्रमशः ओझेल पर्दैछन् । जातीय कुरा मुखरित भएर आउँदैछ । जातीय विभेदका सबै आधार समाप्त हुनुपर्छ म पनि भन्छु, तर वर्गीय समस्यालाई नजरअन्दाज गर्ने, कम आँक्ने र बेवास्ता गर्ने चिन्तनले सामाजको समस्या हल गर्न सक्दैन । यसबारे राज्य खुलस्त र पारदर्शी हुनुपर्छ ।

भूमिहीनता उत्पानका साधनहीनता, गरिबी र पछौटेपन अचानक आइपरेको र आइपर्ने विषय होइन । राज्यले सामाजिक सुरक्षाका अन्य कार्यक्रमबाट पन्छिँदै जाने र सबै काम बजारलाई छाडिदिने हो भने समस्या झनै विकारल हुने निश्चित छ । यस कारण शिक्षा, स्वास्थ्य, आवास, र सुरक्षाबारे राज्यले निर्वाह गर्नुपर्ने भूमिकालाई सँगसँगै लानुपर्ने हुन्छ । कुनै पनि नागरिक बालक, महिला, दलित, खाद्यअधिकार, शिक्षा आर्जन गर्ने अधिकार, स्वास्थ्य उपचार पाउने अधिकारबाट सज्जित हुनुपर्छ । अन्यथा आम भूमिहीनलाई जमिन प्राप्ति भयो, भोलि स्वास्थ्य उपचार गर्न महङ्गा नर्सिङ होमको सहारा लिनुपऱ्यो भने, फेरि भूमिहीन हुने क्रम रोकिने छैन । अर्थात्

भूमिहीनमा भूमिको पहुँच पुऱ्याउने कार्यक्रमसँगै सामाजिक सुरक्षाका अरु कार्यक्रम पनि सँगै लैजान जरुरी छ । यस आलेखमा संविधानमा भूमि समस्या समाधानमा कसरी जानुपर्ला भन्ने विषयकै सेरोफेरोमा केन्द्रित हुन उपयुक्त ठान्छु । जसरी सबै नीतिको माउनीति राजनीति हो भनिन्छ, त्यसैगरी मानव सभ्यता र मानव विकासको मुख्य आधार भूमि नै हो । कृषिसँगमात्र होइन, आमाको गर्भबाट बाहिरिएपछि मृत्युपर्यन्त भूमिसँग हामी गाँसिएका हुन्छौं । आमाको गर्भबाट बाहिरिएपछि जुन भूमिले हामीलाई बस्नका लागि स्थान, खानाका लागि खाद्य पदार्थ, हिँडडुल गर्न उत्पादनका विभिन्न प्रक्रिया सञ्चालन गर्ने जमिन आवश्यक पर्छ, त्यसैले मातृभूमि भन्छौं । मातृभूमिलाई आमालाई जत्तिकै माया सम्मान र स्नेह गर्छौं । जसको बस्नका लागि बास छैन, कृषिमा काम गर्छ तर आफ्नो जमिन छैन उसले कस्तो पीडा भोगिरहेको होला, एकपटक कल्पना गरौं । यिनै भावनालाई अब बन्ने संविधानले सम्बोधन गर्नुपर्छ । ऐन कानुनले खुलस्त सम्बोधन गर्नुपर्छ । सबै श्रमजीवी जनतालाई सम्बोधन गर्नुपर्छ । अझै भन्नुपर्दा कृषि श्रमिक जनता जसको कार्य थलो एक ठाउँबाट अर्को ठाउँमा सार्न मिल्दैन, राज्यसँग निकटता हुँदैन, अरु उद्योग, व्यापार व्यवसाय जस्तो चाहेको ठाउँमा लान मिल्दैन, ती कृषि श्रमिकको उत्साह, जाँगर, आत्मविश्वास जगाउने गरी संविधानले बोल्नुपर्छ । त्यो संविधानलाई प्रत्येक श्रमजीवी जनताले आफ्नै ठान्ने, आफ्नै भनेर विश्वस्त हुने हुनुपर्छ । वर्तमान संविधानसभा तिनै श्रमजीवी जनताले बनाएका हुन् । तिनैले संविधानसभासम्म पुग्न आन्दोलन गरेका हुन् । क्रान्तिकारी भूमिसुधार केवल वामपन्थीको कार्यसूची होइन । संसारका विभिन्न देशमा वामपन्थी र गैरवामपन्थी दुवैखाले सरकारले भूमिसुधार कार्यक्रम प्रभावकारीढङ्गले सञ्चालन गरेको इतिहास छ । जसमा जापान, उत्तर कोरिया, दक्षिण कोरिया, चीन, ताइवान, भारतलगायत्का देशमा विभिन्नढङ्गले सञ्चालन गरेका छन् । हामी अहिले संविधानसभामार्फत् नयाँ संविधान निर्माण गर्ने क्रममा छौं । यसबेला संसारका विभिन्न देशले भूमि तथा प्राकृतिक स्रोतबारे संविधानमा के-कस्तो तरिकाले सम्बोधन गरेका छन् भन्ने जानकारी पनि सान्दर्भिक हुनेछ । त्यसैले यहाँ केही देशका नमूना प्रस्तुत गरेको छु :-





## १. दक्षिण कोरियाको संविधानमा भूमि

संविधानको धारा १२१ मा भनिएको छ-*"राज्यले खेती गरिएको जमिनको हकमा जमिन जोत्नेको कार्यक्रम लागू गर्ने नयाँ कदम सञ्चालन गर्नेछ । मोहियानीलगायत् कुत खाने प्रथालाई समाप्त गरेको छ ।"*

धारा १२२ भूमि ऐन सम्बन्धमा- *"राज्यले कानुनबमोजिम भूमि सम्बन्धमा अधिकतम उपयोग गर्न, उत्पादकत्व बढाउन, नागरिकका जीवनमा समृद्धि ल्याउन आवश्यक कदम चाल्न सक्नेछ ।"*

धारा ८६ मा भनिएको छ- *"कृषि भूमि कृषकमा वितरण गरिनेछ । यसको आधार जमिन जोत्नेको हुनेछ ।"*

उक्त आधारमा बनेको ऐन जनवरी १९४९ ले किटानी गरी निम्न कुरा घोषणा गऱ्यो:

*"जोतको पुराना सबै तरिका समाप्त गरी जमिन जोत्नेको सिद्धान्तअनुसार लागू गरिनेछ । भू-स्वामित्वलाई आधिकारिकता दिइयो । विशेष परिस्थितिमा बाहेक जोत्नेको हक स्थापित गरियो । राज्यले प्राप्त गरेको जमिनको दिने क्षतिपूर्ति र लिने दस्तुरबारे निर्णय गर्ने अधिकार राज्यमा रहने गरियो ।*

### के लेखिएको छ त ?

### कोरियाको भूमिसुधार

कोरियामा १० मे १९४८ मा चुनाव भयो । चुनावपछि कोरियन डेमोक्रेटिक पार्टी र कन्जरभेटिभ पार्टीले नेतृत्व सम्हाले । भूमिसुधार गर्लान् भन्ने ठानेका थिएनन् तर सरकार गठन गर्नेबित्तिकै १५ अगष्ट १९४८ बाट नै भूमिसुधार ऐन ड्राफ्ट गर्न थालिहाले । उनीहरूले बनाएको संविधानको धारा ८६ मा प्रष्टै भनेको थियो- कृषि भूमि किसानमा वितरण गरिनेछ । *(Farm land shall be distributed to farmers)* यो संविधान बनाउनुभन्दा पहिले कमिटीले तीनवटा सुझाव दिएको थियो :

*१. पुरानो वरिष्ठ अफिसरको समूह*

*२. पूर्व न्यायाधीशको नेतृत्वको समूह*

*३. कोरियन युनिभर्सिटीका प्रोफेसरको समूह*

उक्त समूहमध्ये तेस्रो समूह अर्थात् कोरियन युनिभर्सिटीका प्रोफेसर यू चीन-ओ *(Yu Chin- O)* को प्रस्तावलाई कोरियन डेमोक्रेटिक पार्टीका अध्यक्षले उचित ठह्र्याए । कोरियन डेमोक्रेटिक पार्टीका संस्थापक अक्ष्यक्ष किम सोङ्ग-सु, जो कोरियन यूनिभर्सिटीका पनि संस्थापक प्रमुख थिए, यिनैले यो प्रस्तावको पक्षमा सरकारलाई प्रभावित गर्न ठूलो भूमिका खेलेका थिए । यद्यपि यी किम सोङ्ग-सु 'होनाम' प्रान्तका ठूला जमिनदार थिए । उनको मात्रै २,९९३ हेक्टर धान खेत र २५४ हेक्टर बारी थियो । उनले सारा जमिनदार र कोरियन डेमोक्रेटिक पार्टीका नेता तथा कन्जरभेटिभ पार्टीका नेतालाई भने- उत्तर कोरियाले सम्पूर्ण भूमिहीन किसानलाई निशुल्कः जमिन दिएको घोषणा गरिसकेको छ । यदि हामीले मोही र भूमिहीन किसानलाई सन्तुष्ट गर्न सकेनौं भने हाम्रो सरकार टिक्न सक्तैन । यो त्याग गर्ने बेला हो, त्यसका लागि सबै तयार होऊ, मेरो पनि ३,००० हेक्टर जमिन छ, म ३ हेक्टरमा साँघुरिन तयार छु ।

त्यस बेला दक्षिण कोरियामा २०,६५,००० किसान परिवार थिए, जसमा आफ्नो जमिन जोत्ने १३.९ प्रतिशत थिए । आफ्नो र अरुको जोत्ने ३४.८ प्रतिशत थिए, अरुको जमिनमात्र कमाउने ४० प्रतिशत थिए । दक्षिण कोरियाको जम्मा २२,२६,००० हेक्टर जमिनमध्ये १४,७०,००० हेक्टर जमिन मोहियानी लागेको थियो ।

जम्मा जमिनको यो करिब ६५ प्रतिशत हो । १९४५ मा जापानले संयुक्त राज्य अमेरिकासँग आत्मसमर्पण गरेपछि जापानीहरूको नियन्त्रणमा रहेको २,७३,००० हेक्टर जमिन कोरियन सरकारको नियन्त्रणमा थियो । यी सबै जमिन "जमिन जोत्नेको सिद्धान्त"अनुसार मोहीलाई बिक्री गर्ने गरी भूमिसुधार कार्यक्रम लागू गरियो । राज्यसँग रहेको २,६३,००० हेक्टर जमिन राज्यले मोही किसानलाई बिक्री गर्ने निर्णय गऱ्यो । बिक्री गर्दा चल्तीको मूल्य होइन, वार्षिक उब्जनी कति हुन्छ त्यसको तीन गुणा मूल्य मोहीले तिर्नुपर्ने भयो । कुल तिर्नुपर्ने





रकम मोही किसानले एकै पटक तिर्न नसक्ने हुनाले १० वर्षमा किस्ताबन्दीबाट त्यही जमिनको कमाइबाट तिर्नुपर्ने गरियो । जमिनमा पूर्ण स्वामित्व मोही किसानकै हुने भयो । यसले सामाजिक न्याय र उत्पादकत्व वृद्धि दुवै भयो । जमिन मालिक उद्योगतर्फ लागे । यसरी कोरियामा भएको भूमिसुधारले भूमिहीन कृषि उत्पादनमा दत्तचित्त भएर लागे, खेती नगर्ने भूमिपति पनि उद्योग, व्यापार र व्यवसायतर्फ लागे । यस्तो कृषि र गैरकृषि दुवैतर्फ तीव्र विकास भयो । यो स्थिति हाम्रो देशमा सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि महत्वपूर्ण अनुभव हुन सक्छ ।

## २. जापानको संविधान र भूमिसुधार

जापानको संविधान सन् १९४६ को धारा २९ को (२) र (३) लाई आधार मानेर त्यहाँ भूमिसम्बन्धी ऐन ल्याइएको छ । जापानको संविधानको धारा २९ को (२) मा भनिएको छ- "सम्पत्ति अधिकारको परिभाषा ऐनमा व्यवस्था गरिनेछ, खासगरी सामाजिक हितसँग गाँसिएको सवालमा" *(Propriety Right Shall be defined by law in conformity with the public welfare)* धारा २९ को (३) मा भनिएको छ- "निजी सम्पत्ति सार्वजनिक हितका लागि प्राप्त गर्दा क्षतिपूर्ति दिइनेछ" *(Prorate property may be take for public use upon that compurgation therefore)*

जापानमा भूमिसुधारको सन्दर्भमा जाँदा त्यहाँको किसान आन्दोलनले खेलेको भूमिका बिर्सन मिल्दैन । जापानमा सन् १९२२ मा "जापान किसान युनियन" गठन भएको थियो । यसमा मूलतः मोही किसान सङ्गठित भएका थिए । १६३० सदस्य मिलेर स्थापना भएको जापान किसान युनियनको यो सङ्ख्या १९३५ मा पुग्दा ६,८२४ सदस्य पुगेको थिए । उनीहरूको माग कुत घटाउने र जोतको ग्यारेन्टी थियो । यसरी क्रमशः विकसित हुँदै गएको मोही किसानको आन्दोलनको बलले भूमिसुधारको वतावरण बनाइरहेकै थियो । यसै क्रममा १९२५ मै तत्कालीन सरकारले अत्यन्त सस्तो ब्याजदरमा मोहीले जमिन किनून् भनेर ऋृण दिने व्यवस्था पनि गरेको थियो । एग्रिकल्चरल एसोसियसनले १९२२ र सेन्ट्रल ब्याङ्कमा इण्डस्ट्रियल को-अपरेटिभले १९२३ पनि बनाएको थियो । यसले किसानमा आफ्नो आन्दोलनको

दबाबको प्रभाव परेकाले उत्साहित पनि भएका थिए । १९४० बाट भूमिसुधार कार्यक्रम नै लागू गर्न प्रयास गरेको थियो । दोस्रो विश्वयुद्धका क्रममा संयुक्त राज्य अमेरिकाले जापानको नागासाकी र हिरोसिमामा अणुबम प्रहार गरेपछि जापानले आत्मसमर्पण गऱ्यो । जापानमा अमेरिकी सेनाको दबाब बढ्दै गयो । गाउँगाउँमा किसान खासगरी मोही किसान सशक्त आन्दोलनमा थिए । त्यस वेला अमेरिकीले जापानमा भूमिसुधार गर्न दबाब दिन थाले ।

जापानमा लोकतन्त्र स्थापित गर्न, सैनिकीकरणबाट जोगाउन ग्रामीण क्षेत्रमा क्रान्तिकारी परिवर्तनका लागि भएकोमा किसान आन्दोलनलाई शिथिल पार्न भूमिमा क्रान्तिकारी परिवर्तन गर्न जरुरी थियो । जापानको अर्थतन्त्र मूलतः हल्का उद्योग र कृषिमा आधारित थियो । ग्रामीण गरिबी, सस्तो श्रम, सस्तो खाद्य उत्पादनका कारण गाउँमा व्यापक गरिबी थियो । त्यसमा परिवर्तन ल्याउन औद्यागिकीकरण बनाउन, आधुनिक उद्योगमा जान दक्ष जनशक्ति आवश्यक थियो । यी सबै कारणले भूमिमा परिवर्तन आवश्यक भइसकेको थियो । यसै कारण अक्टोबर १९४६ बाट भूमिसुधार कार्यक्रम सुरु भयो । यसै वर्ष भू-स्वामित्वसम्बन्धी र कृषिसुधार तथा व्यवस्थापन ऐन पास भयो । जसअनुसार अनुपस्थित जमिनदारको हकमा सिङ्गै जापानमा एक हेक्टर र होकाइडोमा चार हेक्टर बाँकी राखेर सम्पूर्ण जमिन सरकारलाई सरकारले तोकेको रेटमा बेच्नैपर्ने भयो । जसले सम्पूर्ण जमिन आफैं जोत्ने गरेको छ, तिनको हकमा सिङ्गै जापानमा बढीमा तीन हेक्टर र होकाइडोमा १२ हेक्टर राखेर अरु सबै जमिन सरकारले तोकेको रेटमा सरकारलाई बेच्नुपर्ने बाध्यकारी कानुन पारित गऱ्यो ।

जापानमा सरकारी जमिन लिजमा दिँदा प्रतिइकाई जति शुल्क रेन्ट लिने गरिएको थियो १९४५ मा त्यही आधारमा धान खेतको त्यसको ४० गुणा र बारीको ४८ गुणा मूल्य जमिनदारलाई क्षतिपूर्ति दिने सर्तमा हदमा थियो । सम्पूर्ण जमिन राज्यले किन्यो । जमिन मालिकलाई प्रतिवर्ष ३.६५ प्रतिशत ब्याजसहित २२ वर्षमा भुक्तान गर्ने गरी सरकारले जमिन लियो । मोही किसानलाई पनि त्यही दररेटमा जमिन वितरण गऱ्यो ।





यसरी जमिन वितरण गर्न प्रत्येक गाउँमा कमिटी बनाइएको थियो । यस्तो कमिटीमा तीनजना जमिनदार, दुई जना आफैं खेती गर्ने किसान, पाँच जना मोही किसान गरी १० जना रहने व्यवस्था मिलाइएको थियो । यस्तो कमिटीले प्रत्येक गाउँको वास्तविक अवस्था पत्ता लगाउन, कुनै प्रकारको छलछाम हुन नदिन भूमिका निभाउन सफल भयो । यो भूमिसुधार कार्यक्रम अत्यन्तै छिटो सम्पन्न भएको थियो । अक्टोबर १९४८ मा पुग्दा ९० प्रतिशत जमिन जमिनदारबाट राज्यले किनिसकेको थियो भने डिसेम्बर १९४८ सम्ममा किनेको जमिनको ९० प्रतिशत मोही किसानलाई बिक्री गरिसकेको थियो । अर्थात् भूमिसुधारको घोषणा भएको दुई वर्षमै महत्वपूर्ण काम सम्पन्न गर्न सफल भयो । यसबीचमा १७,६०,००० किसानबाट १७,५६,००० हेक्टर जमिन सरकारले किन्यो र ४७,४८,००० किसान परिवारमा वितरण गऱ्यो । यसबाहेक सरकारसँग १,९३,००० हेक्टर जमिन बचत पनि भयो । यसरी जापानमा भूमि सम्बन्धमा आमूल परिवर्तन भयो ।

मोही लागेको जमिन ४६.६ प्रतिशतबाट पाँच प्रतिशतमा झऱ्यो केवल दुई वर्षको अवधिमा । यसरी किसानका हातमा जमिन भूमिपतिका हातमा पैसा, त्यसले उद्योग व्यापार-व्यवसायमा पूर्णरूपले लाग्ने आधार बन्यो । यसले प्रत्येकलाई तोकिएको पेशामा वृद्धि लागत र पुँजी लागत गर्न प्रेरित गऱ्यो । यसपछि जापानमा औद्योगिक विकास र सहरीकरणको व्यापक विस्तारमा योगदान गऱ्यो । आज जापान संसारको दोस्रो ठूलो अर्थतन्त्र हुन सफल हुनुमा भूमिसुधार र सहकारीको व्यापक विकासलाई विज्ञले जस दिने गरका छन् ।

## ३. ताइवानमा भूमिसुधार

ताइवानमा भूमिसुधार कार्यक्रम तीन चरणमा गरेको पाइन्छ ।

१. कूत घटाउने कार्यक्रम १९४९ मा

२. राज्यको जमिन भूमिहीन तथा मोहीलाई बिक्री-वितरण १९५१ मा

३. जमिन जोत्ने कार्यक्रम १९५३ बाट लागू गरियो ।

### *पहिलो चरण*

पहिलो कुत घटाउने कार्यक्रममा चलनचल्तीको कुतभन्दा निकै कम तय गर्न राज्यले बाध्य बनायो । यसअन्तर्गत मोहीबाट उत्पादनको

१७.५ प्रतिशतभन्दा बढी बाली लिन नपाइने र मोहियानीमा जमिन कमाउन दिँदा ६ वर्षसम्म मोहीबाट खोस्न नपाइने व्यवस्था गरियो । यसबीचमा मोहीले कमाउन नसकेमा अरुलाई कमाउन दिन पाउँछ तर जमिनदारले मोही खोस्न नपाउने गरियो ।

### *दोस्रो चरण १९५१*

यस चरणमा राज्यको स्वामित्वमा भएको जमिन खेती गर्ने किसानलाई बिक्री गर्न थाल्यो । राज्यको जमिन खासगरी दोस्रो विश्वयुद्ध समाप्त हुनुअघि जापानको नियन्त्रणमा भएको जमिन र अन्य सरकारी जमिन भूमिहीन तथा मोही किसानमा बिक्री वितरण गरेको थियो ।

### *तेस्रो चरण*

जनवरी १९५३ मा "जमिन जोत्नेको" भन्ने ऐन पारित गर्‍यो । यसले हदबन्दी बढीमा ३ हेक्टर तोक्यो । हदभन्दा बढीको जमिनमा वार्षिक बालीको अढाई गुणा मूल्य पाउने भए । वार्षिक बाली कति भन्ने निर्क्यौल गर्न १९३८ मा उत्पादन भएको मुख्य बालीलाई उत्पादन मात्र मानिएको थियो । जमिनदारलाई भुक्तान दिनुपर्ने यो मूल्य ७० प्रतिशत सरकारी बन्ड र ३० प्रतिशत सरकारी संस्थानको सेयर दिने निर्णय गर्‍यो । यो तिर्नुपर्ने रकम ४ प्रतिशत ब्याजसहित १० वर्षमा भुक्तान गर्नुपर्ने निर्णय भएको थियो । यसरी १,४३,५६८ हेक्टर जमिन १,०६,०४९ जमिनदारबाट १,९४,८२३ हेक्टर खरिद गरेर जोत्ने किसानमा हस्तान्तरण गरियो । यसरी जोत्ने किसानमा जमिनको पहुँच पुगेपछि उत्पादकत्व बढ्दै गयो । औद्योगिक क्षेत्रको विकासको गति पनि तीव्र हुन थाल्यो । खासगरी १९४९-१९६० को अध्ययन गर्दा जमिनको उत्पादकत्व बढ्यो, श्रमको उत्पादकत्व पनि बढ्यो, बढ्योमात्र होइन, व्यापक मात्रामा बढ्यो । उक्त तीनैवटा कार्यक्रमले सबै क्षेत्रमा सकारात्मक प्रभाव पर्‍यो । केवल आय वृद्धिमात्र होइन, आयको न्यायोचित वितरणले समाजकै स्वरुपमा परिवर्तन ल्यायो ।

## ४. बङ्गलादेशको संविधानमा भूमिसुधार

बङ्गलादेशको संविधानको धारा १४ मा भनिएको छ-*"श्रमजीवी वर्गको मुक्ति गर्नु राज्यको मौलिक दायित्व हो । मजदुर, किसान,*





*पछाडि परेका वर्ग र समुदायलाई सबै प्रकारका शोषण उत्पीडन, विभेदबाट मुक्त गर्नु राज्यको पहिलो दायित्व हो ।"*

धारा १६- ग्रामीण विकास र कृषि क्रान्ति

*"राज्यले प्रभावकारी कृषि क्रान्तिको कार्यक्रम लागू गरेर ग्रामीण जीवनमा परिवर्तन ल्याउनेछ । ग्रामीण विद्युतीकरण, घरेलु तथा साना उद्योग स्थापना गरेर शिक्षा, स्वास्थ्य र सञ्चार सुविधा पुर्‍याएर, यस्ता प्रगतिशील कदम चालेर सहरी र ग्रामीण जमिनबीचको विभेद अन्त्य गरेर समान जीवनस्तर विकास गर्नेछ ।"* भनेको छ । यस आधारमा करिब नेपालकै जति क्षेत्रफल भएको बङ्गलादेशले १५ करोड जनताको भरणपोषण गरेको छ ।

## ५. चीनको संविधानमा भूमिसुधार

चीनको संविधानको धारा १० मा भनिएको छ -*"सहरी जमिनको स्वामित्व राज्यमा रहनेछ । ग्रामीण र सहरउन्मुख गाउँका जमिन जुन राज्यको भनेर तोकिएको छैन, त्यस्ता आवास तथा कृषियोग्य जमिन तथा अन्य पर्ति जमिन स्थानीय जनताको सामूहिक स्वामित्वमा रहनेछ"* भनिएको छ । यस्तो हिसाबले चीनमा सामन्ती भूस्वामित्व अन्त्य भयो । सामाजिक न्यायको आधार सवल भयो । अर्थतन्त्रको उत्पादकत्व बढ्दै गयो ।

## ६. सङ्घीय गणतन्त्र जर्मनीको संविधानमा भूमि

संविधानको धारा १५ सामाजिकीकरण-*"भूमि, प्राकृतिक स्रोत र उत्पादनका साधनहरू सामाजिकीकरणका लागि उपयोग गरिने साधन हुन् । यस्ता साधनहरूको स्थिति हेरी सार्वजनिक स्वामित्वमा, सहकारी स्वामित्वमा र अरु सामुदायिक स्वामित्वमा रहन सक्छन् । विषयको प्रकृति हेरी क्षतिपूर्ति दिनुपर्ने पनि हुन सक्छ । यस्तो क्षतिपूर्तिको व्यवस्था गर्दा धारा १४ को (३) मा उल्लेख गरिएको जस्तो हुनुपर्दछ"*- भनिएको छ ।

धारा १४ को (३) र (४) मा भनिएको छ-*"सम्पत्ति प्राप्त गर्दा ( जमिनलगायत्) सीमित स्रोत लाग्ने मात्रै हुनुपर्छ । क्षतिपूर्ति दिँदा कति दिने भन्ने कुरा केका लागि कुन प्रकृतिको कामका लागि भन्ने आधारमा तय गरिनुपर्छ । यस्तो क्षीतपूर्ति तय गर्दा प्रभावित पक्ष र*

*सार्वजनिक हित दुवैको हितमा सन्तुलन मिलाएर गर्नुपर्छ र त्यो निर्णय सामाजिक न्यायमा आधारित हुनुपर्छ।"*

यस्तो व्यवस्थाले श्रमजीवी जनता खासगरी ग्रामीण क्षेत्रका किसान र कृषि श्रमिक उत्साहसाथ देश निर्माण तथा विकासमा दिलोज्यानले लाग्ने वातावरण तयार भयो ।

## ७. गणतन्त्र अङ्गोलाको संविधानमा भूमि

अङ्गोलाको संविधानको धारा १२ मा भनिएको छ-*"सम्पूर्ण प्राकृतिक सम्पदा माटो वा जमिनसँग सम्बन्धित पानीलगायत्का प्राकृतिक स्रोत, साधान र सम्पत्ति राज्यको हो । यसलाई कसरी प्रयोग र विकास गर्ने भन्ने कुरा राज्यले निर्धारण गर्छ।"*

धारा १२ को (२) ले भन्छ-*"प्राकृतिक सम्पत्तिको रक्षा सदुपयोग र विकास गर्दा सम्पूर्ण समुदायको हितलाई प्राथमिकतामा राख्नेछ।"*

*"जमिन राज्यकै सम्पत्ति हो तर राज्यले जमिनको स्वामित्व व्यक्तिलाई, सहकारी सङ्घ-संस्थालाई औचित्यका आधारमा हस्तान्तरण गर्छ।"*

*"राज्यले जनताको सम्पत्तिको रक्षा र सम्मान गर्छ,, चाहे व्यक्तिको होस्, सहकारीको होस्, वा किसानको सबैको रक्षा जनताको हित अनुकूल गर्नेछ। यसमा कुनै भेदभाव गर्ने छैन।"*

यो व्यवस्थाको प्रभाव खासगरी प्राकृतिक स्रोत परिचालनको क्षेत्रमा सकारात्मक देखिन्छ ।

## ८. इन्डोनेसिया गणतन्त्रको संविधानमा भूमि

इन्डोनेसियाको संविधानको धारा ३३ ले भनेको छ-*"भूमि, पानीलगायत् प्राकृतिक स्रोत राज्यको स्वामित्वमा रहनेछ । र, यसको उपयोग जनताको महान हितका लागि उपयोग गरिनेछ।"*

## ९. आयरल्यान्डको संविधानमा भूमि

आयरल्यान्डको संविधानको धारा १० (२) मा भनिएको छ-*"सम्पूर्ण जमिन खानी, खनिज पदार्थ, पानी सबै नै आयरल्यान्ड राज्यको हुनेछ । राज्यले अस्थायीरूपमा उपयोग गर्न दिन सक्नेछ।"*





सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि क्रान्तिकारी भूमिसुधार महत्वपूर्ण माध्यम हो । सामन्ती भूमि सम्बन्धको अन्त्य गर्नु लोकतान्त्रिक ढङ्गले कृषि अर्थतन्त्रको पुनर्गठन गर्नु, भूमिको परम्परागत सम्बन्धको स्थानमा उत्पादन कार्यमा प्रत्यक्ष संलग्न कृषि श्रमिकमा भूमिको पहुँच पुऱ्याउनु, व्यावहारिक ढङ्गले प्रस्तुत गर्नुपर्छ । अब बन्ने संविधानमा लगभग एक चौथाई जनसङ्ख्यामा रहेका कृषिश्रमिक र करिब ६५% किसान परिवारमा उत्साह र जाँगर जगाउने आधार सहित प्रस्तुत हुनुको विकल्प छैन । यसरी मात्र माटोको रक्षा, मातृभूमिको रक्षा, जमिनको रक्षा, उत्पादकत्वमा वृद्धि हुन सक्छ ।

◆

# परिच्छेद - दश

## कृषक र कृषि क्षेत्रमा अबको जोड

### १. नेपालको औद्योगिक विकासमा क्रान्तिकारी भूमिसुधारको महत्व

औद्योगिक क्रान्ति सम्पन्न गर्नका निम्ति सबैभन्दा पहिले त्यसको बनोटबारे गहिरिनु आवश्यक छ । औद्योगिक क्रान्ति सम्पन्न गर्ने देशमा क्रान्तिको गतिलाई अगाडि बढाउनका निम्ति बाधा, अड्चन के के छन् र के कारणले त्यो अघि बढ्न सकिरहेको छैन ? यसको ऐतिहासिक र वर्तमान अवस्थासम्मका कारणको खोजीनीति र विश्लेषण हुनु जरुरी हुन्छ । भावानात्मकभन्दा यथार्थपरक गरी त्यस आधारमा योजना बनाउने आवश्यकता पर्छ ।

नेपालको औद्योगिक इतिहास हेर्दा शताब्दियौदेखि कृषिबाहेक औद्योगिक क्षेत्रका कतिपय फाँट जस्तै- कला र सँस्कृति, धातु र अधातु वस्तु, कपडा र कलात्मक वस्तुको क्षेत्रमा एसियामा राम्रै स्थान ओगटेको पाइन्छ । तर पहिलो चारणमा नेपाली समाजमा सामन्तवादले जरो गाड्दै गयो । विकासको त्यो गति विशाल दायराभित्र फैलनुको सट्टा निश्चित परिवार र क्षेत्रको उपभोक्ताका निम्ति आवश्यक पर्ने वस्तु निर्माण गर्न सीमित पार्‍यो । त्यसका कारण अन्तर्राष्ट्रिय र छिमेकी देशहरूको बजारसम्म पुग्ने र स्वदेशकै समग्र भागमा पुर्‍याउने गरी वस्तुहरूको उत्पादन गर्न सक्ने अवस्था रहेन ।

नेपालमा पछौटे र सामन्ती अर्थतन्त्रले लामो समयसम्म छोडेन । सामन्ती अर्थतन्त्र भन्नेबित्तिकै ग्रामीण क्षेत्रमा कृषि आधारित समाज ( जसमा आधुनिक औजार र उपकरण तथा विज्ञान र प्रविधिको प्रयोगको अभाव पाइन्छ) मा अनेकखालका असमानता, विकृति र शोषण व्यापक मात्रामा देख्न पाइन्छ । खासगरी राणा शासनको उदयपश्चात् अझै बढी मात्रामा औद्योगिक र आधुनिक विकासका





गति अवरुद्ध भए । यद्यपि दरबारका केही क्षेत्रमा आधुनिक विलासिताका वस्तु उत्पादन भएको पाइन्छ । तर त्यसको आमजनताले रोजगार पाउने र उपभोग गर्नेगरी विकास हुन सकेन ।

दोस्रो विश्वयुद्धको प्रारम्भिक कालमा औद्योगिक विकासका प्रयत्न भएको पाइन्छ । विश्वयुद्धका कारण वस्तुहरूको आयात निर्यातको अभाव भयो । जसले गर्दा नेपालमै कतिपय वस्तुको उत्पादन गर्नुपर्ने आवश्यकता बन्यो । युद्धकै कारणले कतिपय वस्तुको खपतमा वृद्धि भएकाले केही उद्योग स्थापना गर्नुपर्ने आधार सृजना भएको पाइन्छ ।

आधुनिक पुँजीवादी औद्योगिक विकासका निम्ति नेपाल ब्याङ्क लिमिटेड, विराटनगर, जूट मिल, रघुपति जूट मिल, गणपति कटन मिल र जुद्ध मैच फ्याक्ट्रीलगायत् केही उद्योग स्थापना भएका थिए । तर दोस्रो विश्वयुद्ध समाप्त भइसकेपछि फेरि नेपालमा दैनिक उपभोग्य वस्तुको आयातमा सुगमता आएपछि त्यसको गति अवरुद्ध भएको पाइन्छ । वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापनापछि औद्योगिक विकासमा तीव्रता आउन सकेन । २०१७ सालपछि तीस वर्षे पञ्चायती शासनकालमा औद्योगिक विकासका कुरा उठाइए पनि खासै विकास हुन सकेन । २०४६ सालमा बहुदलीय राजनीतिक व्यवस्था पुनर्स्थापनापछिका अवधिमा पनि हरेक पटकका सरकारले औद्योगिक विकासका कुरा व्यक्त गरेका हुन् । आजसम्म अनेक प्रयत्नका बाबजुद पनि नेपालको औद्योगिक विकासको गति अपेक्षित मात्रामा हुन सकेको छैन । स्थापित औद्योगिक प्रतिष्ठानले पनि गति लिन सकेका छैनन् । अधिकांश उद्योग रुग्ण अवस्थामा छन् ।

घरेलु तथा साना उद्योग महासङ्घले आफ्नो छाताभित्रको जुन तथ्याङ्क (लगभग एक लाख एघार हजार) प्रस्तुत गरेको छ जसमा सामान्य ढङ्गले सञ्चालन भएका उद्योग तीस प्रतिशतभन्दा बढी देखिँदैनन् । त्यस्तै, ठूला उद्योगको अहिलेको ताजा अवस्था हेर्दा वार्षिक कुल राष्ट्रिय उत्पादनको दश प्रतिशतभन्दा बढी आफ्नो स्थान बढाउन सकिने देखिँदैन ।

नेपालका २००७ सालको हाराहारीमा हेर्दा अन्तर्राष्ट्रिय औद्योगिक विकासका क्रममा खासगरी एसियाली देश कोरिया, चीन, ताइवान

आदिमा प्रतिव्यक्ति आय घटिरहेको, औद्योगिक क्षेत्र पनि अत्यन्त पछौटे अवस्थामा रहेको र नेपालको भन्दा पनि अझै जर्जर सामन्ती अर्थतन्त्रमा जकडिएको अवस्थामा थिए । तर ती देशले अहिले आर्थिक विकासमा निकै ठूलो फड्को मार्न सफल भएका छन् किन ? यो खोजी गर्नुपर्ने विषय हो । नेपालमा पनि शासकहरूले आफ्नो कार्यकालमा विकास होस् भन्ने चाहेका हुन्छन् । यति हुँदा पनि विकासको गति अगाडि बढ्न नसक्नुका खास कारण खोतलिनु अवश्यक छ । र, यस सम्बन्धमा अध्ययन भइरहेको पनि छ ।

उद्योग विकासका निम्ति सबैभन्दा पहिले उत्पादक शक्तिको उत्पादन कार्यमा लाग्न सक्ने वातावरण सिर्जना भएको छ कि छैन ? औद्योगिक विकासका पूर्वाधार बाटो, विद्युत्, बजार, उपभोग क्षमताको अवस्था कस्ता छन् ? आदि कुरालाई पनि अत्यन्तै महत्वका साथ हेरिनुपर्छ । जहाँ ठूलो सङ्ख्यामा जनता सामन्ती र अर्धसामन्ती शोषणमा परेका हुन्छन्, उनीहरूको क्रय शक्ति हुँदैन, रोजगार सिर्जना भएको हुँदैन । त्यस्तो अवस्थामा उद्योगले आफ्ना उत्पादन पर्याप्त मूल्य तिरेर किन्न सक्ने ग्राहक पाउन सक्दैनन् । यस्तो परिस्थितिमा औद्योगिक प्रतिष्ठान स्थापना गर्ने निजी क्षेत्र वा सरकारी क्षेत्रले पनि पर्याप्त प्रोत्साहन पाउन सकेका छैनन् । यसका लागि औद्योगिक विकासका पूर्वाधार तयार गरिनु आवश्यक हुन्छ ।

## औद्योगिक विकासमा सहयोगी पक्षको विश्लेषण

नेपालको औद्योगिक विकास प्रयास असफल हुनुमा सुक्ष्म दृष्टिले हेर्दा हालसम्म पनि लगभग १८ वटा जिल्लामा यातायातको सुविधा पुगेको छैन । लगभग दश लाख परिवार अत्यन्तै आर्थिक अभावमा छन् । तिनीहरूको सङ्ख्या झण्डै ५५ लाख छ । जो भूमिहीन वा ज्यादै न्यून जमिन भएको अवस्थामा वा बाह्रै महिना अरुको खेतमा काम गर्नुपर्ने अवस्थामा छन् । उद्योगमा काम गर्नका निम्ति न्युनतम शैक्षिक योग्यता पनि छैन । वर्षमा एक जोर लुगा र जुत्ता किनेर लाउन कठिन छ । नुहाउन साबुन किन्न सक्दैनन् । बेलामा औषधी गर्न नसकेर अकालमा मर्न बाध्य छन् ।





यसभन्दा केही माथिल्लो तहको जनसङ्ख्याको झण्डै एक तिहाई हिस्सा गरीब किसानअन्तर्गत पर्दछन् । उनीहरूको अवस्था पनि दयनीय छ । आफ्नो खेतबारीबाट ६-८ महिना खान पुऱ्याउन सक्छन् । उनीहरूसँग न औद्योगिक क्षेत्रमा लगानी गर्न सक्ने क्षमता छ, न त उत्पादित वस्तु उपभोग गर्ने पर्याप्त क्षमता नै छ । अशिक्षा, गरिबी, पछौटेपन, शोषण आदिले गर्दा जीवन कष्टकर छ । नेपालको यो साह्रै ठूलो श्रम शक्ति हो, तापनि यी कारणले उनीहरूमा निराशा र हतासा छ । भविष्यप्रति उत्साहित भएर दिलोज्यानले काम गर्ने वातावरण पाइरहेका छैनन् ।

यीभन्दा माथि मध्यम, उच्च मध्यम र धनी किसान एवम् शहरी क्षेत्रको मध्यम परिवार पर्दछन् । यो वर्ग केही शिक्षित छ । उनीहरूसँग केही मात्रामा उत्पादनका साधन पनि छन् । यो वर्गको लागि पनि देशको आफूसँग भएको पुँजी, साधन र स्रोतलाई पर्याप्त मात्रामा उत्पादन कार्यमा लगाउने र आधुनिक विकासका तमाम क्षेत्रमा सहभागी हुने वातावरण तयार हुन सकेको छैन । नीतिगत, कानुनी र व्यावहारिक सुरक्षा समस्या तथा प्राविधिक जानकारीको अभाव र उपयुक्त उत्साहपूर्ण वातावरणको अभावले त्यो शक्ति पनि औद्योगिक विकासका निम्ति उत्साहित देखिएको छैन ।

यसभन्दा माथिल्लो अत्यन्तै सानो वर्ग छ, जुन जनसङ्ख्याको एक दुई प्रतिशतभित्र पर्छ । त्यो वर्ग आर्थिकरुपले सम्पन्न छ, उसले प्राविधिक जानकारी पनि राख्छ, राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुभवसमेत हासिल गरेको छ । यस वर्गले आफ्नो सामान्य प्रयासमा केही उद्योग खोलेको छ तर त्यसका निम्ति पनि पर्याप्त मात्रामा पूर्वाधारको अभाव छ, यातायात र ऊर्जा क्षेत्रको विकास, बजार व्यवस्थापनको विकास, राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा उत्पादित वस्तुलाई पुऱ्याउनु र उपभोक्तालाई आकर्षित गर्नका निम्ति आधुनिक प्रविधिको प्रयोग जुन मात्रामा हुनुपर्थ्यो, त्यसरुपमा अघि बढ्न सकेको छैन । जेनतेनरुपमा केही विकास भए पनि त्यो अत्यन्तै सीमित अवस्थामा छ । यसरी यस देशको औद्योगिक क्षेत्रको विकास अत्यन्तै पछौटे अवस्थामा छ । र, अन्तर्राष्ट्रिय क्षेत्रमा एसियाका अन्य देश र दक्षिण एसियाकै देशसँग दाँज्दा नेपाल पछाडि परेको छ ।

## औद्योगिक विकासमा भूमिसुधार

यी सबै कुरालाई विचार गर्दा नेपालमा औद्योगिक क्रान्ति सम्पन्न गर्नका निम्ति के गर्नुपर्ला त ? यो प्रश्न जनता र नीति निर्माताका बीचमा ज्वलन्त भएर उभिनुपर्छ । यसैका लागि देशले दीर्घकालीन ढङ्गले औद्योगिक नीति निर्माण गर्नुपर्ने आवश्यकता छ । र, यो आवश्यकता पूरा गर्न सबै सम्बन्धित पक्ष दृढतापूर्वक उभिनुपर्छ । त्यसका लागि सबैभन्दा पहिले क्रान्तिकारी भूमिसुधार सम्पन्न गर्न आवश्यक छ । क्रान्तिकारी भूमिसुधारको प्रारम्भमा खेतबारीमा काम गर्ने किसान परिवारलाई उत्साहका साथ उत्पादनमा लगाउनका निम्ति भूमिमा रहेको सामन्ती शोषण अन्त्य गर्नुपर्छ ।

यसका निम्ति भूमिमा विगतको भन्दा उपयुक्त र निश्चित हदबन्दी लगाउनुपर्छ । जसले गर्दा भूमिको प्रत्येक इन्च पर्याप्त उपयोगमा आउन सक्ने आधार बनोस् । 'मेरो भूमि छ, मैले उत्पादकत्व बढाउनु पर्छ' भन्ने भावनाको विकास गराउनुपर्छ । भूमिको हदबन्दी तोक्दा खेतबारीमा काम गर्ने सम्पूर्ण श्रमिक कृषकले जमिन प्राप्त गर्न सक्नुपर्छ । जसबाट ८१ प्रतिशत किसान परिवारमध्येका निराश, हतास अवस्थामा रहेका ७० प्रतिशतको उत्साह बढाउने वातावरण बन्न सक्छ । 'अब त देशमा हाम्रो पनि केही हक प्राप्त भयो, आफ्नै जमिन पनि भयो । त्यसलाई उत्पादन वृद्धि गर्न लगानी गर्नुपर्छ' भन्ने भावना उनीहरूमा जाग्न सक्छ ।

यसैगरी भूमिमाथिको दोहोरो नियन्त्रण प्रणालीको अन्त्य गर्नुपर्छ । यस प्रणालीकै कारणल पनि "जमिन कमाउन दिउँ- मोही लाग्छ, आफैँ कमाउनका लागि ऊ खेती गर्दैन र बेचेर कम्पनीको अंश किनुँ त्यसको मूल्यभन्दा जमिनको मूल्य धेरै हुन्छ" भन्ने ठानेर जमिन थुपार्ने र बाँझो राख्ने जुन प्रक्रिया छ, त्यो एउटै कारणले मात्रै पनि बाँझो कुल खेती गरेको भूमिको २० प्रतिशत छ । यसरी बाँझो हुनुको तात्पर्य अहिलेको कुल ग्रार्हस्थ उत्पादनको २० प्रतिशत क्षति भइरहेको छ । यसलाई उत्पादनमा लगाउने हो भने राष्ट्रको आर्थिक क्रियाकलापमा निकै ठूलो योगदान पुग्न सक्छ ।





## २. भू-उपयोगको नीति

हामीसँग भू-उपयोग नीति तयार छैन । नेकपा (एमाले) को सरकारले गठन गरेको उच्चस्तरीय भूमिसुधार आयोगले तयार पारेका नीति अझै लागू गरिएको छैन । भू-उपयोग भन्नाले अब्बल दर्जाको खेतीयोग्य भूमि गैरकृषि प्रयोजनमा लैजानु होइन । गैरकृषि प्रयोजनका निम्ति उपयोग गरिने भूमिमा औद्योगिक क्षेत्र, साहित्य, सँस्कृति, शैक्षिक प्रतिष्ठान र आवास क्षेत्र बनाउने वा अन्य प्रयोजनमा लैजानुपर्छ । त्यस्तै गुठी, रैकर, मुद्दा मामिला आदि कारणमा वर्षमा लाखौं किसान परिवार अल्झिने र समय खर्च गर्ने कार्यमा बिताइरहेका छन् ।

उत्पादनशील कार्यमा लाग्ने श्रम शक्ति, मुद्दा मामिलामा फस्ने अवस्थालाई अन्त्य गर्न विशेष कदम चाल्नु जरुरी छ, जसले उत्पादन वृद्धिमा मद्दत पुऱ्याउँछ । यसरी भूमिलाई अत्याधिक सदुपयोग गर्ने आधार सिर्जना गर्नुपर्छ । त्यसको बढी उत्पादकत्वका निम्ति सिचाई क्षेत्रमा क्रान्तिकारी अभियान चलाउनुपर्छ । सरकार, उपभोक्ता र स्थानीय निकायको संयुक्त प्रयास, सबै राजनीतिक दलको संयुक्त सहभागिताबाट सिचाईलाई बृहत्तर ढङ्गले अगाडि बढाउने आधार बनाउनुपर्छ, जसले रोजगार सिर्जना गर्न, उत्पादन बढाउन, क्रयशक्ति वृद्धि गर्न मद्दत पुऱ्याउँछ । यसले औद्योगिक विकासका निम्ति पूर्वाधार बनाउनेमात्र होइन, कच्चा पदार्थ तयार पार्न ठूलो सहयोग पुऱ्याउँछ ।

पहिलो, एक उच्चस्तरीय कार्यान्वयन आयोग गठन र एक आबद्ध स्वतन्त्र विश्लेषणात्मक कार्यान्वयन गर्ने निकायलाई जानकारी दिन्छ । यी दुई निकाय भएमा, पहिले कतिपय निरोपित (Strategic) कृषि योजना असफल भएझैं कृषि विकासका प्रयास फिका हुन सक्छन् ।

दोस्रो, ग्रामीण सडक लगानी योजनालाई अन्यत्र जस्तै भारतको हिमाञ्चल प्रदेश र चीनको पश्चिमी सेचुवानको अनुभवमा न्युनतम साथै कार्यमूलक मान्नुपर्छ । कृषि सडक विभाग खडा गरी त्यसलाई आवश्यक जनशक्तियुक्त पार्नुपर्छ । हाल प्रचलित निर्माणका उपाय प्रयोग गरे तापनि यस क्षेत्रमा नयाँ तरिकाको विकास गराउनुपर्छ ।

ठोस सहयोग कार्यका लागि विदेशी दातृ समूहलाई घच्घच्याउनु र आकर्षित गराउनुपर्दछ ।

तेस्रो, तराईका जिल्ला प्रशासनले भूमिगत जल विकासलाई सडक तथा अन्य प्रमुख उत्पादक तत्वसँगै मिलाएर लानुपर्छ भने कृषि विकास ब्याङ्कले भूमिगत जल विकासका लागि आफ्नो लगानी कार्यक्रमलाई तीव्ररुपले बढाएर लैजानेतर्फ उच्च प्राथमिकता दिनुपर्छ । अर्कोतिर सरकारले चक्लाबन्दी गराउन मिल्ने व्यवस्था गर्नाको साथै भू-स्वामित्वका सवाल छिनोफानो गर्नुपर्दछ । जग्गामा बहुसङ्ख्यक जनताको स्वामित्व स्थापित गरेर र दोहोरो हक प्रणाली अन्त्य हुनुका साथै कृषि विकासको दर द्रुततर र सामाजिक न्यायमा टेवा दिने हुनुपर्छ ।

चौथो, रासायनिक मलको प्रयोगमा द्रुततर अभिवृद्धि हासिल गर्न कृषि सामग्री संस्थानले आफ्नो भूमिका बदल्नुपर्दछ । यसले रासायनिक मलको आपूर्ति र मौजुदा (Stock) पर्याप्त मात्राले बढाएर तीव्र गतिले मुलुकको बढ्दो माग पूरा गराउने र त्यो मागको वृद्धिमा आइपर्ने बाधा हटाउने कार्य गर्नुपर्दछ । जुनसुकै प्रकारको अनुदानले मलको प्रयोग घटाउने हैन, बढाउने व्यवस्था र वातावरण बन्नुपर्छ ।

पाँचौं, नेपाल कृषि अनुसन्धान परिषद् (प्रस्तावित) कृषि विश्वविद्यालयमा र सोसँग प्रसार प्रयत्नले किसानमूलक अनुसन्धान गर्ने तथा त्यसका लागि प्राथमिकता थोरैमात्र तोक्ने व्यवस्था हुनुपर्दछ । यस्तो अनुसन्धानले कृषि उत्पादनका साथै किसानमा आय ह्वात्त बढाउनेखालका कार्यमूलक र व्यावहारिक प्रविधि दिइनेछ । यस परिप्रेक्ष्यमा नेपाल कृषि अनुसन्धान परिषद्ले पाउने साधनको मात्रा बढाउनुपर्दछ । अनुसन्धानको मात्रा बढाउनुपर्दछ । अनुसन्धान र प्रसारका प्रयत्न अन्ततोगत्वा कृषि विश्वविद्यालयको कुशल नेतृत्वमा निर्देशित हुनुपर्दछ ।

यी राम्ररी अनुगमन गरिएका प्रयत्नको असर कृषिको द्रुततर अभिवृद्धि हुनुका साथै गरिबी घटाउने, नारी सहभागिता बढाउने, वातावरण सन्तुलन कायम गर्ने कार्यमा पर्नेछ । यी सफलताले निजी कार्यको प्रतिफल (return) पनि बढाउनेछ । साथै ठोसरुपमा उत्पादनमूलक





असर देखा पर्नेगरी यी कार्यमा साधन परिचालन पनि हुनेछ । प्रस्तावित कृषि विकासको व्यवस्था सरल र प्राथमिकतामा आधारित छ । यो कुनै महत्वाकांक्षी योजना होइन, बरु यसले ल्याउने असर तथा अवसरका सम्भावनाले देशको गरिबी निवारण र विकासको गति तीव्र पार्नमा महत्वपूर्ण भूमिका खेल्छ ।

## ३. गलत आर्थिक नीतिविरुद्ध ठोस कदम आवश्यक

भियतनाम युद्धमा अमेरिकाको पराजयपछि विश्वभरिका एकाधिकारी पुँजीपति वर्गले आफ्नो हैसियत कायम राख्नका लागि आफ्ना नीतिबारे गम्भीर सिंहावलोकन गर्न थाले । भियतनाम युद्धमा अमेरिकाले लाखौं टन बम वर्षा गऱ्यो । लाखौँ भियतनामी सेना र नागरिक मारिए । भिडन्तमा अत्याधुनिक सुरक्षा व्यवस्था र साधन सम्पन्न अमेरिकी सैनिक पनि हजारौँको सङ्ख्यामा मारिए । जनताको शक्ति, राष्ट्रिय भावनाको शक्ति वास्तवमा नै अतुलनीय शक्ति हुँदोरहेछ भन्ने उदाहरण विश्वलाई नै देखाउन भियतनामी सफल भए ।

यो घटनाले विश्व पुँजीवादका नायकलाई आफ्नो नीतिबारे घोत्लिन बाध्य पाऱ्यो । तत्कालीन जी ७ (हाल जी ८) का देशको शिखर बैठक बस्यो । त्यसले पुँजीको शक्तिले जनताको शक्तिलाई नियन्त्रण गर्न सैन्य बल र सैन्य हमलाले मात्र नपुग्ने रहेछ भन्ने निष्कर्षमा पुग्यो । विश्व प्रभुत्वका लागि नयाँ ढङ्गले जानुपर्ने कुरा महसुस गर्न थाल्यो । विकासशील र विकासोन्मुख देशका सत्ताधारी वर्गमा, बौद्धिक समुदाय, नीति-निर्माता र विशेषज्ञमा व्यापक घुसपैठ गरेर आर्थिक क्षेत्रमा आफ्नो पकड दह्रो बनाउने र विस्तार गर्ने नीति तय गर्न थाल्यो । खासगरी सन् १९८० पछि आर्थिक समायोजन कार्यक्रमका नाममा आएको यो नीतिले क्रमशः सहायताको जमाना गयो, व्यापारको जमाना आयो भन्ने आन्तरिक योजनाका साथ उदारीकरण, निजीकरण, खुल्ला औद्योगिक नीति, स्वतन्त्र व्यापार, करको दर घटाउने भन्सार घटाउने, आर्थिक कारोबारबाट राज्यलाई टाढै राख्ने, वित्तीय क्षेत्रमा औद्योगिक क्षेत्रमा, व्यापारिक क्षेत्रमा लगानी गर्न मुनाफा कमाउन निर्वाह आधार सिर्जना गर्न र तेस्रो विश्व सरकारलाई इच्छाअनुसार चलाउन यावत तरिका अपनाउन थाल्यो ।

पञ्चायतकालमै अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व ब्याङ्क, एसियाली विकास ब्याङ्कलगायत्का अन्तर्राष्ट्रिय वित्तीय संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थामार्फत् भित्रिएको यो नीति सन् १९९० पछि बहुदलीय राजनीतिक व्यवस्था स्थापनापछि झन् झन् विस्तारित हुँदै गयो । पञ्चायतकालमै २९ वर्षपहिलेदेखि अमेरिकी सल्लाहकार राखेर सुरु गरेको नयाँ शिक्षा योजनाले तयार पारेको शैक्षिक जनशक्ति कस्तो छ र त्यसले आर्थिक विकासमा पारेको प्रभाव प्रष्टै छ । नेपालबाट विकसित देशमा गएर अध्ययन गरेर आएका र नेपाल पटक्कै नबुझेका विशेषज्ञ, नीति-निर्माता र प्रशासक खासगरी कुलक परिवारका, सेना प्रहरी तथा प्रशासनका माथिल्ला ओहोदामा बसेकाको परिवारका, सामन्ती जमिनदार तथा ठूला व्यापारी परिवारका व्यक्तिले नै दक्ष जनशक्तिको ठूलो हिंस्सा ओगटेको छ । त्यस्ता समुदाय नै आजको राज्यसत्ता सञ्चालनका महत्वपूर्ण ओहोदामा छन् ।

बहुदलीय व्यवस्था स्थापनापछि देशको आर्थिक क्षेत्र सम्हाल्ने प्रायः पश्चिमी क्षेत्रको अनुभवलाई नै नेपालको आर्थिक नीतिको आधार मान्नेकै हातमा रहन गयो । यसले हाम्रो देशको वास्तविकतामा आधारित आर्थिक नीति, हाम्रो देशको जनताको मनोगत अवस्था, देशको वस्तुगत अवस्था, हाम्रो देशको उत्पादनका साधन र उत्पादक शक्तिको अवस्था, देशको पूर्वाधारको अवस्था, हाम्रा देशको भौगोलिक अवस्थिति छिमेकी देशको आर्थिक समाजिक र प्राविधिक क्षमताबीचको अवस्थालाई आधार बनाएर आर्थिक नीति अख्तियार गर्नुपर्ने हो । त्यस्तो हुन सकेन मात्र होइन, विदेशी सङ्घ/संस्था र व्यक्तिको निर्देशनलाई मार्गदर्शन मानेर आर्थिक क्रियाकलाप हुन थाले । आर्थिक नीति बन्न थाले, ऐन कानुन बन्न थाले । त्यसको परिणाम के होला भन्नेतर्फ कतै ध्यान दिइएन । फलस्वरुप बहुदलीय व्यवस्था स्थापना भएको दश वर्षसम्म पनि ठोस गति आएन ।

पञ्चायतकालमा पनि प्रतिव्यक्ति आय दुई सय डलर थियो । अहिले पनि खास बढेको छैन । दश वर्षमा कुनै गति आएन, यथास्थानमा राख्नसम्म सक्यो । सिङ्गो राष्ट्रको हिसाबले वृद्धि भएन । तर, असमानताको मात्रा पहिलेभन्दा बढ्दै गयो । गरिबीको रेखामुनि बहुदलीय व्यवस्था स्थापनाकालमा जति प्रतिशत जनता थिए, आज





पनि त्यति नै प्रतिशत छन् । घटेको छैन, अझै बढ्दैछ । बेरोजगारीको सङ्ख्या बढेको छ । उद्योगधन्दा कलकारखाना बढेको छैन । अझ कपडा उद्योग पहिलेभन्दा तल झरेको छ । देश दिन/प्रतिदिन परावलम्बी हुँदै गएको छ । यसको दोष बहुदलीय व्यवस्थाले बोक्नु परिरहेको छ । के यसबारे सिंहावलोकन, पुनरावलोकन गर्ने बेला भएन ? अब पनि हामीले सच्याउनतर्फ लागेनौँ भने सम्भावित दुर्घनाबाट देशलाई कसैले बचाउन सक्दैन ।

आज असन्तोष, अन्योल, अस्तव्यस्तताको कालो बादलले जताततै अन्धकार बनाएको छ । मजदुर, किसान, उद्यमी, व्यवसायी, कर्मचारी विशेषज्ञ, बुद्धिजीवी, हरक्षेत्रमा असन्तोष, अन्योल छ । देशको आर्थिक नीति जनताको आकाङ्क्षाअनुकूल सञ्चालित छैन । अन्तर्राष्ट्रिय वित्तीय संस्थाले अनेकौं सर्त राखेर दिने ऋणको भारले देशलाई थिचेको छ । देशभित्र क्रियाशील वित्तीय संस्था लगानी गर्ने उपयुक्त स्थान नपाएर निक्षेप सङ्कलनमा दुरुत्साहन गर्न ब्याजदर घटाइरहेका छन् । तर पनि निक्षेप सङ्कलनभन्दा लगानी घट्दै गएको तस्बिर आइरहेको छ । कतिपय होटल, ब्याङ्क वा अन्य संस्थाले सेयर निष्काशन गर्दा सेयरको मात्राभन्दा कयौं गुणा बढी खरिददारको दर्खास्त परेको पाइन्छ । यसको कारण देशभित्र पैसा छ, सामान्य विकास कार्यका लागि वैदेशिक ऋण पर्खनुपर्ने अवस्था छैन तर पनि जनविरोधी र राष्ट्रविरोधी सर्तमा लम्पसार परेर ऋण लिन आतुर हुन्छौं । हामीलाई लाग्छ, विदेशी ऋणको ब्याजदर कम छ तर वास्तवमा डलरको मूल्य वृद्धिको गतिलाई हेर्दा एक प्रतिशत ब्याजदरमा लिएको ऋण तिर्ने बेलासम्म भुक्तान गर्नुपर्ने रकम हिसाब गर्दा तीस प्रतिशतभन्दा महङ्गो पर्न गएको छ ।

२०३२ सालमा प्रतिअमेरिकी डलर दश रुपैयाँ पचास पैसामा पाइन्थ्यो तर अहिले ७३ रुपैयाँ पर्छ । त्यतिखेर एक करोड डलर अहिले ७२ करोड रुपैयाँ तिर्नुपर्छ । यस्तो स्थितिबाट बच्न हाम्रै देशका सञ्चय कोष, बीमा संस्थान, सैनिक कल्याणकारी कोष, नागरिक लगानी कोष, विभिन्न ब्याङ्कसँग भएका रकम र सर्वसाधारण जनताबाट सङ्कलन हुनसक्ने रकमबाट वार्षिक १०/२० अर्ब रुपैयाँको औद्योगिक लगानी गर्न सकिन्छ । विकास निर्माणमा लगानी गर्न सकिन्छ । तर,

वर्तमान आर्थिक नीतिका हिमायती जुनसुकै सर्तको भए पनि विदेशी ऋण लिन उत्साहित देखिएका छन् । निजीकरणको रट लगाएर सरकार चलिरहेको छ । आफ्नै देशको सिप, श्रम, साधन, स्रोत पुँजीलाई अधिकतम् उपभोग गरेर जानेबारे नेपाली कङ्ग्रेसले कहिल्यै सोच बनाएन । वैदेशिक ऋण लिन सक्नुलाई बहादुरी ठान्यो ।

हुँदाहुँदा शिक्षा क्षेत्रमा पनि व्यापक अराजकता बढ्दै गयो । सरकारी शिक्षण संस्थालाई अस्तव्यस्त र अयोग्य सावित गर्ने आधार राज्यले नै बनायो । निजी क्षेत्रका शिक्षण संस्था सरकारी क्षेत्रका शिक्षण संस्थाभन्दा राम्रो देखाउँदै शिक्षा क्षेत्र पनि निजी क्षेत्रलाई नै दिनुपर्छ भन्ने वातावरण सिर्जना गर्न थालियो । सरकारी क्याम्पसमा अनेकखाले बहानामा वर्षमा २ महिना पनि पढाइ नहुने स्थिति सिर्जना गरेर सरकारले शिक्षण संस्था सञ्चालन गर्न नसकिने सावित गर्न खोज्दैछ । त्यसैगरी स्वास्थ्य क्षेत्रमा पनि क्रमशः निजी क्षेत्रका व्यावसायिक नर्सिङ होमलाई मैदान खाली गराउन, सरकारी अस्पतालप्रतिको आकर्षण समाप्त गर्न खोज्दैछ । भर्खरैको घटनालाई हेर्ने हो भने विश्वभर बालक हकहितका सवालमा विश्व बाल दिवस मनाइरहेकै दिन सरकारी बाल अस्पतालले २४०० प्रतिशत शुल्क बढाएर गरीब बालबालिकाविरुद्ध हमला गरेको छ ।

जनताले आफ्नो आय वृद्धि गर्ने ठाउँ पाएका छैनन् । जनताको क्रयशक्ति घट्दै गएको छ । मूल्य व्यापक मात्रामा बढ्दै गएको छ । भ्रष्टचार र कमिसनखोरीका कारण विद्युत् उत्पादन लागत बढ्दैछ । त्यसको मार शुल्क बढाएर साधारण उपभोक्तामा थोपरिन्छ । जनताको आय वृद्धि र उपभोग्य वस्तको मूल्य वृद्धिमा सन्तुलन भएन भने आय घट्दै जाने, मूल्य बढ्दै जाने स्थिति भयो भने बेरोजगारी बढ्दै जाने र मूल्य वृद्धि बढ्दै जाने हो भने यसले विस्फोटक रुप लिन धेरै समय कुर्नु पर्दैन ।

अहिलेको समस्याको मूल कारण गलत आर्थिक नीति हो । गलत आर्थिक नीतिबाट उत्पन्न समस्याको केवल मट्टितेलमा चार रुपैयाँ घटाएरमात्रै बहुसङ्ख्यक जनताका विद्यमान आर्थिक सङ्कट समाधान हुँदैन । यसले समस्यारुपी रुखको केही पात चुँडाल्ने काम गर्ला तर समस्याको रुख अझै झाङ्गिदै जानेछ । गलत नीतिका कारण उत्पन्न





समस्या र गलत नीतिबाट देशलाई मुक्त नगरेसम्म समाधान हुँदैन । मट्टितेलको भाउ बढाउँदा भारत चोरी निकासी हुने डरले बढाएको भन्ने, धानको मूल्य घटाउँदा भारतबाट व्यापक चामल आयात भयो भन्ने गरिएको छ । विद्युत्को महसुल पहिले ४० प्रतिशत बढाइयो, अब फेरि बढाउने हल्ला चलिरहेको छ । विद्युत् प्रतियुनिट ३ रुपैयाँमा भारतले बिक्री गर्छ । ४ रुपैयाँ पचास पैसामा पाकिस्तान र बङ्गलादेशले बिक्री गर्छ । ती देशमा उत्पादित बिजुलीको ठूलो हिंस्सा कोइला र डिजेलबाट उत्पादन गरिन्छ । जुन जलविद्युत्भन्दा महङ्गो पर्छ । तर हाम्रो देशमा खोलामा बहने पानीबाट बनेको बिजुली प्रतियुनिट ६ रुपैयाँ पचास पैसामा जनताले बाल्नुपरेको छ । अझ विद्युत्मा लगानी बढाउन महसुल बढाउने रे ! छिमेकी देशको भन्दा झन्डै दोब्बर मूल्य अहिले नै छ । अझ महङ्गो बनाएपछि विद्युत् उत्पादन गरेर बिक्री गर्ने कुरामा कुन मुर्ख आउला ? यतिमात्र होइन, व्यापक नाफामा चलेको दूरसञ्चार संस्थान हो । अब यसको पनि मूल्य केले बढाउन बाध्य गरायो ? अर्थात् यसमा कुन देशको केले बढाउन बाध्य गरायो ? बुझिनसक्नु छ ।

खानेपानी संस्थानका सयौं कर्मचारी निष्काशनमा परेका छन् । नचाहिने भए नियुक्त किन गरियो, चाहिने भए किन निष्काशन गरियो ? सुनिँदैछ, यो पनि निजीकरणको आधार बनाउन विदेशी दातृसंस्थाकै दबाबमा गरिँदैछ । यदि मूल्य निर्धारण अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूकै दबाबमा गर्ने, निजीकरण उनैको इसारामा गर्ने, कर्मचारी नियुक्त र बर्खास्त पनि उनकै इसारामा गर्ने, नियम कानुन तिनकै निर्देशनमा बन्ने हो भने तत्कालीन भारतीय सामन्ती सत्ताले इष्ट इन्डिया कम्पनीलाई देशै जिम्मा लगाएजस्तै एक दिन हाम्रो देश पनि अन्तर्राष्ट्रिय वित्तीय संस्थाकै अधिनमा पुग्ने त होइन भनेर सोच्ने स्थिति आइसकेको छ । यस्तो स्थितिबाट देशलाई जोगाउने हो भने आर्थिक नीतिमा आमूल परिवर्तन गर्न जरुरी छ । त्यसका लागि क्रान्तिकारी भूमिसुधार, सहकारी अभियान, उत्पादक शक्तिमा उत्पादनका साधनको पहुँच पुऱ्याउने, राष्ट्रको श्रम, पुँजी र स्रोतलाई नयाँ ढङ्गले परिचालन गर्ने कार्य गरेर अघि बढ्न आवश्यक भइसकेको छ । यसबारे देशका अर्थविद्, नीति-निर्माता र सबै राजनीतिक शक्तिले गम्भीर भएर सोच्न हतार भइसकेको छ ।

## ४. जमिनमा नयाँ हदबन्दीको आवश्यकता

नेपाल अर्धसामन्ती अवस्थामा रहेको, पछौटे किसिमको भूमि व्यवस्थापन र उत्पादन प्रणाली भएको, भौगोलिक विविधतायुक्त एक कृषिप्रधान देश हो । यहाँको आर्थिक मेरुदण्डको रुपमा ग्रामीण तथा कृषि क्षेत्र रहेको छ । कुल जनसङ्ख्याको ६५ प्रतिशत जनता कृषि पेशामा आधारित छन् । यहाँ करिब ७० प्रतिशत साना किसान अर्थात् भूमिहीन, गरीब तथा १ हेक्टरभन्दा पनि कम जग्गावाला किसान छन् । यहाँको खेती प्रणाली जीवन निर्वाह गर्ने किसिमको मात्र छ । पर्याप्त प्राकृतिक स्रोत हुँदाहुँदै पनि कृषि उत्पादनमा निरन्तर ह्रास हुँदै आएको छ । खाद्यान्न तथा अन्य कृषि वस्तुको आयातमा वृद्धि भएको छ । गरिबी र कृषि बेरोजगारको सङ्ख्या तीव्र गतिमा बढेको छ । वातावरणीय विनासले विकराल रुप लिएको छ । राष्ट्रिय योजना आयोगका अनुसार ३० प्रतिशतभन्दा बढी नेपाली जनता निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् । कृषकको आर्थिक तथा सामाजिक हैसियत भू-स्वामित्वको परिमाण र भू-उपयोगमा आधारित हुने भएकाले निम्नवर्गीय किसानको आर्थिक तथा सामाजिक स्थिति एकदमै कमजोर हुँदै गएको छ । ग्रामीण क्षेत्रमा रहेको व्यापक गरीबी र उनीहरूको क्रयशक्तिको अभावले गर्दा कृषि तथा गैरकृषि उद्योगले पनि गति लिन सकेको छैन । त्यसकारण भूमिको व्यवस्थापन र भू-स्वामित्वको स्थितिमा उल्लेखनीय परिवर्तन तथा सुधार नगरीकन भूमिको उत्पादकत्व वृद्धि गर्न, गरिबी हटाउन, कृषि रोजगारी वृद्धि गरी क्रयशक्ति बढाउन, उद्योगधन्दालगायत् गैरकृषि क्षेत्र तथा राष्ट्रिय अर्थतन्त्र विकास गर्न पनि सम्भव छैन ।

यसबारे लेनिनले जोड दिनुभएको छ- "प्राविधिक दृष्टिकोणले बृहत् खेती बेस हुन्छ भन्ने तर्कद्वारा अक्सर यस धारणाको विरोध गर्ने प्रयास गरिन्छ । तर यस आपत्तिको मतलब प्रयासः अकाट्य सैद्धान्तिक सत्यको स्थानमा सबभन्दा घटिया किसिमको अवसरवाद तथा क्रान्तिप्रतिको विश्वासघात पेस गरिएको हुन्छ या क्रान्ति सफल हुन्छ भने केही समय उत्पादन घट्न गए पनि सर्वहारा वर्गले हड्बडाउने अधिकार राख्दैन, जसरी उत्तरी अमेरिकामा दास प्रथाका विरोधी बुर्जुवालाई १८६३-१८६५ को गृहयुद्धको फलस्वरुप कपासको





उत्पादनमा हुन गएको अस्थायी कमीले विचलित तुल्याएको थिएन । बुर्जुवाको दृष्टिकोणमा चाहिँ शोषकहरूको उन्मूलन र बुर्जुवाका लागि श्रमिक तथा शोषित जनताको दृष्टिकोणमा चाहिँ शोषकहरूको उन्मूलन र बुर्जुवाका लागि नभएर आफ्नै लागि काम गर्ने स्थिति तयार पार्नु नै सबैभन्दा महत्वपूर्ण कुरा हो । सर्वहारा वर्गको विजय सुनिश्चित तुल्याउनु, यस विजयलाई सुदृढ तुल्याउनु नै सर्वहारा वर्गको पहिलो र मुख्य कर्तव्य हो ।" (लेनिन सङ्कलित रचना, नेपाली अनुवाद, भाग ८, पृष्ठ १७)

कतिपय आफूलाई विशेषज्ञ ठान्ने व्यक्ति भन्ने गर्छन्- हदबन्दी घटाएर जमिन टुक्रिन्छ, साना टुक्रामा उत्पादन कम हुन्छ, जमिनलाई विशाल विशाल प्लटमा खेती गर्दामात्र बढी उत्पादन गर्न सकिन्छ । गरिबी, बेरोजगारी र भूमिहीन समस्यालाई विशाल विशाल औद्योगिक विकासको अभियानले मात्र समस्या समाधान गर्छ । यस्तो भनाईलाई तिखो प्रहार गर्दै क. माओ भन्नुहुन्छ- "ठूला उद्योगको विकास गर्ने तपाईंको इच्छा सक्कली हो कि नक्कली, सवल हो कि दुर्वल, यदि तपाईंको इच्छा नक्कली र दुर्वल छ भने तपाईंले कृषि र साना उद्योगलाई प्रहार गर्नुहुनेछ । तिनीहरूमा लगानी कम गर्नुहुन्छ । यदि तपाईंको इच्छा साँच्चैको र सवल छ भने तपाईंले कृषि र साना उद्योगलाई महत्व दिनुहुनेछ । यसो गर्दा उत्पादन बढ्नेछ र ठूला उद्योगमा लगानी गर्नका निम्ति ठूलो कोष प्राप्त हुनेछ ।" (कमरेड. माओद्वारा प्रस्तुत दश प्रमुख सम्बन्धबाट)

अतः लेनिन तथा माओका भनाइले पनि यसैलाई पुष्टि गर्दछ कि आधुनिक तथा औद्योगिक विकासका लागि क्रान्तिकारी भूमिसुधार गरेर सामन्ती भूस्वामित्व अन्त्य गरी जनवादी ढङ्गले कृषि अर्थतन्त्रको पुनर्गठन नगरी गैरकृषि क्षेत्रको विकास पनि सम्भव छैन र उत्पादक शक्तिको विकास पनि सम्भव छैन ।

## ५. अन्य देशको अनुभव

एसियाका प्रायः सबै औद्योगिक राष्ट्र भूमिसुधारकै माध्यमले गैरकृषि क्षेत्रका पूर्वाधार खडा गरी आज औद्योगिक राष्ट्रका रुपमा विकसित भएका हुन् । कृषि तथा ग्रामीण अर्थतन्त्रमा आधारित समाजवादी तथा

गैरसमाजवादी देशले पनि प्रथम चरणमा भूमिसुधारकै माध्यमबाट कृषि उत्पादनमा उल्लेखनीय वृद्धि र त्यसको समतामूलक वितरण प्रणालीबाट आम जनताको आर्थिक स्तर उठाई ग्रामीण अर्थतन्त्रलाई सवल बनाएको देखिन्छ । ग्रामीण अर्थतन्त्र सुध्रिएपछि मात्र उनीहरूले दोस्रो चरणमा ग्रामीण अर्थतन्त्रबाट औद्योगिकीकरणमा फड्को मारेका हुन् । यी देशको अनुभवबाट औद्योगिकीकरण पूर्वाधार सवल ग्रामीण अर्थतन्त्र हो भन्ने पुँजीवादी देशहरूमा जापान, दक्षिण कोरिया, चीनको ताइवान र केही भारतीय राज्यलाई उदाहरणका रुपमा लिन सकिन्छ ।

चीनमा सन् १९५० मा लागू गरिएको भूमिसुधारले भूमिमा रहेको सामन्ती प्रथा उन्मूलन गरी जोताहा तथा मोही किसानलाई भू-साधन प्रदान गरेपछि सम्पूर्ण ग्रामीण जनशक्ति कृषि उत्पादनमा जुट्यो र कृषि उत्पादनमा तीव्र किसिमले वृद्धि भयो । फलस्वरुप क्रान्तिपूर्व एक छाक खान पनि धौधौ पर्ने चिनिया जनता आज खाद्यान्नमा आत्मनिर्भर मात्र नभई खाद्यान्न निकासी गर्न सक्ने अवस्थामा पुगेका छन् । त्यसरी नै लामो युद्धपछि एकीकरण भएको देश भियतनाम छोटो समयमा नै एसियामा सबैभन्दा बढी चामल निकासी गर्ने राष्ट्र बन्न पुगेको छ ।

यहाँ केही पुँजीवादी देशका उदाहरण पनि छन् । जापान, दक्षिण कोरिया र चीनको ताइवानमा द्वितीय विश्वयुद्धपूर्व सामन्ती भूमि व्यवस्थापन प्रणाली थियो । यी देशमा १९५० को हाराहारीमा लागू गरिएको क्रान्तिकारी भूमिसुधार कार्यक्रमले कृषि उत्पादनमा उल्लेखनीयरुपमा वृद्धिमात्र गरिएको छैन, त्यसले ती देशमा औद्योगिकीकरणमा समेत क्रान्ति ल्याइदिएको छ ।

जापानमा सन् १९४५ सम्ममा कुल कृषक परिवारमध्ये ६९ प्रतिशत भूमिहीन मोही थिए, जसले कुल खेतीयोग्य जमिनको ४६ प्रतिशत भू-भागमा खेती गर्दथे । नयाँ भूमि व्यवस्थाद्वारा जमिनदारलाई एक हेक्टरमात्र जमिन दिइयो । त्योभन्दा माथिको जमिन जग्गाधनीलाई ज्यादै कम क्षतिपूर्ति दिई सरकारले अधिकरण गरी जोताहा तथा साना किसानलाई ३ हेक्टरको हदबन्दी कायम तथा जमिन वितरण गरी त्यसको स्वामित्व पनि प्रदान गऱ्यो । त्यतिबेला जापानमा नेपालमा





जस्तै औसत राष्ट्रिय जोतको आकार एक हेक्टरमात्र थियो । त्यहाँ भूमिसुधार गरेपछि १९ लाख ८० हजार हेक्टर जमिन अर्थात् कुल खेतीयोग्य जमिनको ३८ प्रतिशत भूमि ४० लाख मोही तथा भूमिहीनलाई वितरण गरिएको थियो । यसबाट  कृषि उत्पादनमा निकै वृद्धि भयो । यसले किसानको आर्थिक स्तर बढायो । जमिनदार उद्योगधन्दातर्फ अग्रसर हुँदै जाँदा आज जापान विश्वकै सबैभन्दा शक्तिशाली औद्योगिक राष्ट्रमा रुपान्तरित भएको छ । यहाँ औद्योगिकीकरण भएपछि रोजगारका अवसरमा वृद्धि भयो र जमिनमाथिको चाप घट्न थाल्यो र खेती गर्ने श्रमशक्तिको कमी हुन थाल्यो । त्यसपछि जमिनको हदबन्दी पनि बढाउन थालियो । जापानमा हाल ४ प्रतिशत जनतामा मात्र प्रत्यक्षरुपमा कृषि पेशामा छन् तर प्रशस्त खाद्यान्न उत्पादन हुन्छ ।

दक्षिण कोरियाको पनि जापानकै जस्तो इतिहास छ । यहाँ पनि तोकिएका केही पहाडी क्षेत्रमा बाहेक सबै जमिनमा ३ हेक्टर हदबन्दी कायम गरिएको पाइन्छ । र, यहाँ हदबन्दीभन्दा माथिको जमिनको सामान्य क्षतिपूर्ति दिइएको थियो । भूमिसुधारको माध्यमबाट कृषि उत्पादनमा वृद्धि गरी ग्रामीण जनताको आर्थिक स्थिति उकास्ने तथा देशको औद्योगिकीकरणको वातावरण सिर्जना गर्नेतर्फ अग्रसर भएको पाइन्छ । यसरी उद्योग-धन्दातर्फ बढ्दो आकर्षण र रोजगारले पढे/लेखेका किसानका छोराछोरी सहरतर्फ आउँदा कृषि-भूमिमा रहेको चाप घट्दै गएर हाल यहाँ कृषि क्षेत्रमा केवल १२ प्रतिशत जनसमुदाय मात्र संलग्न रहेका देखिन्छन् । परिणामस्वरुप यहाँ कृषि श्रमिकको अभावले गर्दा जमिनको हदबन्दीमा वृद्धि र कृषिमा यान्त्रिकीकरणको विकास गरिएको छ ।

ताइवानमा पनि क्रान्तिकारी भूमिसुधार लागू भएको थियो । यहाँ सिञ्चित ३ हेक्टर र असिञ्चित तथा पाखो जमिनको हदबन्दी ६ हेक्टर कायम गरिएको थियो । यहाँको भूमिसुधारको मोडेल जापान र दक्षिण कोरियाको तुलनामा फरक भएको पाइन्छ । यहाँ भूमिसुधारको माध्यमबाट कृषि उत्पादनका साथै ग्रामीण औद्योगिकीकरण र चक्लाबन्दीमा बढी जोड दिएको देखिन्छ । हदबन्दीभन्दा माथिको जमिन सरकारले अधिकरण गरी मोहीलाई स्वामित्वसहित हस्तान्तरण

गर्नुका साथै जमिनदारलाई विकास-बण्ड र स्टक (औद्योगिक प्रतिष्ठानका सेयर) मार्फत् क्षतिपूर्ति दिइएको थियो ।

## ६. सहकारी सिद्धान्त र शिक्षाको प्रयोग र प्रसार

भनिन्छ, शिक्षा गुरुहरूको पनि गुरु हो । सभ्यता सँस्कृति, अनुसन्धान र विकासको पूर्वाधार शिक्षा हो । भौतिक पदार्थ आधार हो भने त्यसलाई सुक्ष्म अनुसन्धान र विकास गर्न गरिने मानवीय प्रयासलाई शृङ्खलाबद्ध व्यवस्थित र उपयोगी बनाउन शिक्षाले महत्वपूर्ण योगदान गर्दछ । संसारका प्राणी, पदार्थ, घटना र सबै प्रकृतिका बारेमा बुझ्ने, विश्लेषण गर्ने, व्याख्या गर्ने, अनुसन्धान गर्ने, विकास र निर्माण गर्ने, वितरण गर्ने, जनसमक्ष पुऱ्याउने कार्यलाई शिक्षा भनिन्छ । सहकारी शिक्षा, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक क्षेत्रमा कस्तो सोचाई राख्ने भन्ने विषयसँग बढी सम्बन्धित छ । यसकारण सहकारी शिक्षाको महत्वको गहिराईसम्म पुग्नु हामी सबै सहकारी आन्दोलनका सहयात्रीका लागि बढी महत्वपूर्ण विषय हो ।

न्यायपूर्ण समाजको स्थापनामा शिक्षाको महत्व जोड दिँदै प्लेटोले भनेका छन्- "शिक्षाले नै मानिसलाई न्यायिक, आत्मसंयमित, सुरक्षित, पल्लवित र पुष्पित हुन योगदान गर्दछ ।" उनले लेखेको "द रिपब्लिकन" (The Republoicon) पुस्तकलाई रुसोले "शिक्षामा लेखिएको सर्वश्रेष्ठ ग्रन्थ हो" भनेका छन् । वास्तवमै उक्त पुस्तकले शिक्षाबारे त्यस बेलाको चेतनामा साँच्चै नै गहन र व्यावहारिक विचार प्रस्तुत गर्दै भनेको छ- परिवार नै सम्पूर्ण मस्तिष्क विकासको केन्द्र हो" ।

परिवारबाट समाज बन्छ । समाजले नै शिक्षाबारे नीति निर्माण गर्ने हुँदा हरेक परिवारले शिक्षाको प्रथम केन्द्रका रुपमा परिवारलाई व्यवस्थित, न्यायिक, सुसंस्कृत, अनुशासित, सभ्य, परिश्रमी बनाउन सकेमा त्यसै परिवारबाट सहकारी क्षेत्रमा आउने हरेक सदस्य सच्चा सहकारीकर्मी हुनसक्ने निश्चित हुन्छ । परिवारका हरेक सदस्यले अर्को सदस्यप्रति गर्ने व्यवहार, टोलछिमेकमा गर्ने व्यवहार प्राप्त व्यावहारिक तथा सैद्धान्तिक ज्ञानको साटासाट गर्ने गरेमा शिक्षाको प्रथम पाठशाला स्तरीय हुन्छ ।





निकोलाई कपर्निकस, जर्दानो ब्रुनो (प्रथम वैज्ञानिक शहीद), म्याडम क्युरी, आइस्टाइनलगायतका विद्वान् सहकारी क्षेत्रका रोचडेली पायोनियर कुन विश्वविद्यालयबाट कति डिग्री हासिल गरेका थिए वा थिएनन् त्यो महत्वको विषय होइन, तर तिनले गरेको काम र अनुसन्धानले दिएको ज्ञान र शीप मूल्यवान् मानिन्छ । सन् १९२१ मा ब्राजिलमा जन्मिएका, १९६४ मा ब्राजिललाई अशिक्षाबाट मुक्त गराउन लागिपरेका अभियानका अभियन्ता, यसै क्रममा शिक्षा विरोधी तानाशाहको जेल परेका पाउलो फ्रेअरोले जेलमै बसेर किताब लेखेका छन्- एजुकेसन एज अ प्राक्टिस अफ फ्रिडम" । यसमा जनताको समग्र विकासका लागि शिक्षाको महत्वबोध गराएका छन् ।

सहकारी एउटा छुट्टै संसारजस्तै भएकाले सहकारी र शिक्षा अभिन्नरूपमा गाँसिएको छ । गहन शिक्षाले सहकारी भावना जगाउँछ भने सहकारी आन्दोलनमा अन्तरहृदयबाट लागेकामा गहन ज्ञानको भण्डार निर्माण हुन सक्तछ । यसरी सहकारी र शिक्षा अन्तरसम्बन्धित छन् । सहकारीको इतिहास लामो भए पनि आधुनिक सहकारी संस्थासम्बन्धी अवधारणाको जन्मदाता रबर्ट ओवेन हुन् । उनले औद्योगिक क्रान्तिपछि बेलायतमा उत्पन्न भएको विकराल बेरोजगारी, गरिबी, समस्या र सङ्कटबाट पार पाउन अपनाइने लोकतान्त्रिक, समाधान निकाल्ने उपायको अनुसन्धानकै परिणाम सहकारी विचार त्यही समस्यालाई एकथरीको आधुनिक औद्योगिक विकासका औजार स्वचालित मेसिन र अन्य पूर्वाधारलाई दोष दिँदै मेसिन तोड अभियान पनि चलाए । तर रबर्ट ओवेनले मेसिन तोड्ने होइन, यो मानवश्रमलाई सरलपन भएको आविष्कार हो, हामीले विकल्प खोज्नुपर्छ, मेसिन तोड्नुहुँदैन भन्ने ज्ञान उनमा आउनुमा शिक्षाकै देन हो । सहकारी आन्दोलनको इतिहासलाई युरोपले १६५ वर्ष पार गऱ्यो । दक्षिण एसियाले १०० वर्ष पार गऱ्यो, नेपालले आधा शताब्दीभन्दा बढी पार गऱ्यो, अहिलेसम्मको इतिहासको समीक्षा गर्दै त्यसका राम्रा विषय ग्रहण गर्ने र कमजोरी सच्याएर जाने कार्य वा गहनरुपले लाग्नकै लागि सहकारी शिक्षा आवश्यक छ । सामाजिक न्याय उत्पादकत्वमा वृद्धि, वैज्ञानिक प्रयोगका लागि आर्थिक सामाजिक सांस्कृतिक आवश्यकता पूरा गर्ने लोकतान्त्रिक आधार र विधिसहितको व्यवस्थापन विधिबाट सञ्चालन गर्ने व्यावसायिक संरचना नै सहकारी

हो । यस्ता संस्था तथा सङ्घ परिचालनका लागि दिइने शिक्षा सम्बन्धमा यो आलेखमा चर्चा/परिचर्चा गरिनेछ ।

## ७. आर्थिक, सामाजिक रुपान्तरण र आर्थिक मोडल

हाम्रो देश भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक, जातीय र धार्मिक विविधता भएको देश हो । प्राकृतिक र मानवीय स्रोत भएर पनि त्यसको पर्याप्त सदुपयोग गर्न बाँकी रहेको देश हो । हरक्षेत्रमा विविधता भएकाले विविधताबीचको एकता निर्माण गर्न त्यही प्रकारको आर्थिक सामाजिक संरचना हुनु आवश्यक हुन्छ । हाम्रो देशको आर्थिक मोडल मिश्रित अर्थतन्त्रकै मोडलबाट जानुपर्दछ । त्यो मिश्रित अर्थतन्त्रकै मोडलबाट जानुपर्छ, त्यो मिश्रित अर्थतन्त्र क्रमशः समाजवादतर्फ उन्मुख भएको हुनु हरहिसाबले जरुरी छ । छरिएर रहेको श्रम सिप, स्रोत पुँजी र क्षमतालाई समेटेर विकासको गति अलि बढाउन "एकका लागि सबै र सबैका लागि एक" भन्ने जर्मन सहकारी अभियन्ता यफ.डब्लु, रेफिसनको भनाईलाई व्यवहारमा उतार्न जरुरी छ । सँगसँगै नेपाली जनताको मानसिकता बालकदेखि वृद्धसम्म सबैमा मेरो भनेपछि दिनमा १८ घण्टा उत्पादन कार्यमा लाग्न सक्ने क्षमता र चिन्तन भएकाले त्यो क्षमतालाई गतिसाथ लाग्न प्रेरित गर्ने निजी क्षेत्रको पनि महत्वपूर्ण स्थान रहन्छ ।

यसैगरी राज्यको अर्थात् सरकारको पनि महत्वपूर्ण भूमिका रहने र त्यसले विकासको प्रतिफल पहुँच नभएका वर्ग, क्षेत्र र समुदायमा पुग्ने वातावरण सिर्जना गर्न र सन्तुलनकारी भूमिका निभाउन राज्यको पनि भूमिका महत्वपूर्ण हुन्छ । जस्तो सिण्डिकेट र कोर्टलिङको भारबाट उपभोक्ता जनतालाई जोगाउन बल पुग्छ र निजी तथा सहकारी क्षेत्रले समेट्न नसकेका क्षेत्रलाई राज्यले समेट्न सक्ने वातावरण सिर्जना गर्छ । यसरी सहकारी, निजी र सरकारी तिनै क्षेत्रका सबल र प्रभावकारी भूमिका भएको मिश्रित आर्थिक मोडल जुन क्रमशः समाजवादउन्मुख आर्थिक सामाजिक स्वरुपलाई गति दिन बल पुऱ्याउन सकोस्, यस्तो मोडललाई बल पुग्नेगरी सबै आर्थिक सामाजिक रुपान्तरणको कार्यक्रम अघि बढाउनुपर्छ । वर्तमान संविधानमा पनि यसको प्रारुपमा तीनखम्बे आर्थिक संरचनाबारे उल्लेख छ । यो तीनै क्षेत्रको आ-आफ्नो ठाउँमा महत्व छ ।





संसारमा अनेकखाले आर्थिक मोडल भए पनि मूलतः ३ खाले मोडल प्रयोगमा बढी देखिन्छ । एउटा मोडल अर्थशास्त्री किन्सको विचारलाई आदर्श मान्ने विचार हो । अर्थात् मूल बजार अर्थतन्त्रलाई स्वीकारेर अघि बढ्ने विचार हो । यसलाई संयुक्त राज्य अमेरिका, क्यानडा, युरोपका बेलायत, फ्रान्स, जर्मन, इटाली, अष्ट्रेलिया, सिङ्गापुरलगायत्का देशले अपनाएका छन् । यो मोडल पनि सफल देखिएको छैन । अघिपछि बजार अर्थतन्त्र भन्दै ढल्नै लागेपछि राज्यले भार बोक्नुपर्ने स्थिति सन् २००८ को आर्थिक सङ्कटले देखाइसकेको छ । संयुक्त राज्य अमेरिकाबाट सुरु भएको सङ्कट विश्वव्यापी भएको छ ।

अर्को सम्पूर्णरुपले राज्य नियन्त्रित अर्थतन्त्र जसलाई सोभियत मोडल पनि भन्छन्, त्यो पनि असफल भइसकेको छ । भियतनामले पनि सन् १९८६ पछि "दोइमोई" कार्यक्रमबाट राज्य नियन्त्रित अर्थतन्त्रमा परिवर्तन नगरेको भए भियतनाम पनि टिक्ने थिएन । चीनले १९७८ पछि आर्थिक सुधार कार्यक्रम नल्याएको भए सोभियत सङ्घकै हालत हुने खतरा छँदै थियो । अर्थात् राज्य नियन्त्रित अर्थतन्त्र पनि सफल हुनसक्ने देखिएन । यसैले अब अर्थतन्त्रको तेस्रो मोडलको खोजीमा संसारभरका चिन्तक लागेका छन् ।

विकासको गति तीब्र पार्ने नाममा श्रमिक हकलाई बहुराष्ट्रिय कम्पनीको स्वार्थअनुकूल निर्णय गर्ने, सामाजिक न्यायको पक्षलाई तिलाञ्जली दिने तरिकाको विकास अमानवीय विकास हो । प्रतिव्यक्ति आय माथि उठ्ला तर बहुसङ्ख्यक श्रमिक जनता झनझन गरिबी र अभावमा पिल्सिने र सीमित व्यक्तिको स्वामित्वमा भएका कम्पनीले व्यापक नाफा कमाउने, राज्यको राजस्व बाँड्ने हुँदैमा त्यस्तो विकास दिगो हुँदैन । उत्पादकत्व वृद्धि र सामाजिक न्याय सँगसँगै लान सकिने गरी विकासलाई लान तीनखम्बे अर्थ नीति नै उपयुक्त मोडल हो । जसले कल्याणकारी राज्यको अवधारणा अपनाउँदै समाजवादतर्फ पाइला सार्छ । गरिबी अभाव र शोषणबाट श्रमजीवी जनतालाई उकास्ने, मुक्त गर्ने र विकासमा र विकासको प्रतिफल प्राप्त गर्ने हकदारका रुपमा अघि बढाउन बल पुग्ने मोडलले मात्रै विकासलाई दिगो र टिकाउ बनाउन सक्छ । यसका लागि उत्पादनका

साधनबिहीन जनतामा उत्पादनको साधन पहुँच पुऱ्याउने, मानवीय सिप क्षमताको विकास गर्ने, अवसरबाट वञ्चितहरूमा त्यो अवसर उपलब्ध हुने वातावरण सिर्जना गर्न जरुरी छ । मानव विकासबारेका विख्यात् पाकिस्तानी लेखक महबुब हकले आफ्नो पुस्तक "पो भर्टी कार्टुन" मा भनेका छन्- "मानव विकास विकासका तमाम क्षेत्रभन्दा पनि महत्वपूर्ण हो । मानव विकास महत्वपूर्ण हो तर भोको पेट, नाङ्गो आङ, बासबिहीन जनताले मानवीय क्षमता विकासको अवसर पाउने सम्भावना रहँदैन ।"

विश्वविख्यात् व्यक्तित्व बङ्गलादेश ग्रामीण ब्याङ्कका संस्थापक तथा नोवल पुरस्कार बिजेता प्रोफेसर युनुस महमदले गरीब सम्बन्धमा ५ वटा मान्यता सूत्रबद्ध गरेका छन् ।

१. गरीबलाई आफ्नै सिप मेहनतमा मात्रै स्वभिमानी जीवन जिउन सकिन्छ भन्ने मान्यता प्रदान गर्नु ।

२. साहू सामन्तहरूको शोषणबाट गरीबको मुक्ति हुनुपर्छ भन्ने सङ्कल्प सबैमा जगाउनुपर्छ ।

३. गरीबहरूको सिप र परिश्रमको कारणबाट नै धनीहरूले धन कमाउन सकेका हुन्, यसकारण त्यसरी कमाएको धन पनि गरीबको जीवन उत्थान गर्ने कार्यमा प्रयोग हुनुपर्छ भन्ने कुरा सर्वत्र महसुस गराउनुपर्छ ।

४. समाजमा गढेको गरिबीको कुचक्रबाट छुटकारा दिलाउन राष्ट्रव्यापी सशक्तीकरण हुनुपर्छ ।

   नोट : गरिबीको कुचक्र भन्नाले आयमा कमी, बचतमा कमी, लगानी कम, आम्दानी कम, उत्पादन वृद्धिमा कम, क्रयशक्तिमा कम बराबर गरिबी हो ।

५. राष्ट्रिय आम्दानीको सबैभन्दा बढी हिस्सा गरीबहरूबाटै सिर्जना हुन्छ भन्ने कुरा अर्थतन्त्र र आर्थिक नीतिमा देखाउन प्रतिबद्ध हुनुपर्छ ।





(बैङ्करटुर पुअर, प्रो महमद युनुसको अटो वायग्राफी जसलाई प्रो. महमद युनुस र एलेन जोलिसले तयार गर्नुभएको हो, त्यही पुस्तकबाट)

## ८. अनुसन्धान र विकास

अनुसन्धान र विकास एकै सिक्काका दुई पाटा जस्तै हुन् । अनुसन्धानले अविकसित अवस्थाको मुख्य-मुख्य कारणको खोजी गर्छ । त्यो अवस्थामा परिवर्तन ल्याउन ठोस परिस्थितिको ठोस विश्लेषण गरेर सम्भावनाको खोजी गर्छ । आफ्नो देशमा के-के, कस्तो-कस्तो, कुन-कुन क्षेत्रमा के/कस्तो सम्भावना छ, यसको खोजी गर्छ । खोज तथा अनुसन्धानले कामै नलाग्ने अनुमान गरिएका वस्तु तथा सेवा अत्यन्त उपयोगी हुने कुरा पत्ता लगाइदिन्छ । सन् १९४९ मा क्रान्ति सम्पन्न गरेको चीनमा १९७५ सम्म पुग्दा पनि विकासले गति लिन सकेन । त्यसबेला पनि चिनिया जनताले कठोर परिश्रम गरेकै थिए । तर पनि विकासको गति तीव्र हुन सकेन । विकास भनेको भौतिक पदार्थ र श्रममात्रै होइन, विज्ञान र मनोविज्ञानको उत्साहपूर्ण समायोजन पनि हो । अराएको गर्ने, निर्देशन पालना गर्ने, कठोर परिश्रम गर्ने मामिलामा १९४९ देखि १९७५ सम्म पनि कुनै कमी थिएन तर समग्र क्षेत्रको विकासमा तीव्रता आउन सकेन । मान्छे परिश्रमी र इमानदारितामा अहिलेभन्दा राम्रो थियो तर पनि विकासले गति लिन सकेको थिएन । सामान्य विकास मात्र हुन सकेको थियो । तर १९७६ पछि लगभग २७ वर्षको अनुभवलाई ध्यानमा राखेर चिनिया समाजशास्त्री, अर्थशास्त्री, मनोवैज्ञानिक, कृषि वैज्ञानिक र आम वैज्ञानिक शिक्षा तथा स्वास्थ्यविद, राजनीतिज्ञले धेरै अनुसन्धान गरे । अनुसन्धानबाट आर्थिक क्षेत्रको विकासमा व्यक्तिको भूमिका व्यक्तिको मनोविज्ञान, व्यक्तिको रचनात्मक उत्साहबाट गरिएको खोज अनुसन्धान र सोहीअनुरुपको विकास नीति तथा कार्यक्रमको महत्वलाई राज्य सञ्चालकले अनुभूत गर्न थाले । यो अनुभूत हुनका लागि पनि अनुसन्धानको ठूलो महत्व र भूमिका थियो । चीनको अहिलेको विकासको गतिमा तीव्रता हुनुमा दक्ष जनशक्तिको निर्माण र त्यसले विकासका हरसम्भावनाको खोज अनुसन्धान र विज्ञान र प्रविधिको उपयुक्त उपयोग हो ।

भियतनाममा पनि १९५४ मा उत्तर भियतनाम र १९७५ पछि सिङ्गै भियतनाममा समाजवादी आर्थिक संरचनाको निर्माण प्रयास भएर पनि विकासले गति लिन सकेन । यसको कारणको खोजतलासकै लागि २५८ वटा अनुसन्धान त कृषि भूमि र ग्रामीण विकासकै क्षेत्रमा मात्रै भए । यसपछि “दोइमोई” कार्यक्रम लागू गरियो र विकासले गति लियो । यसै क्रममा मानव संशाधन विकासको महत्व बोध पनि त्यही रफ्तारमा हुन थाल्यो । जुन देशमा जति धेरै प्रतिशत दक्ष जनशक्ति त्यसमा पनि विज्ञान र प्रविधिको क्षेत्रमा कृषि भूमि, सहकारी, वन, खनिज र जलशक्तिको वैज्ञानिक प्रयोग क्षमता, जहाँ बढी छ त्यहाँ विकासको गति त्यहीअनुसार बढी वा घटी हुन्छ । अनुसन्धान र विकासका लागि कुल गार्हस्थ उत्पादनको २% सम्म लगानी गर्नुपर्नेमा हाल नेपालले कुल गार्हस्थ उत्पादनको ०.२% मात्रै लगानी गरिरहेको छ ।

हाल अनुसन्धानमा लागेको दक्ष जनशक्तिको तालिका

| **देश (प्रति १० लाखमा)** | **सङ्ख्या** |
|---|---|
| नेपाल | ४७ जना |
| चीन | ७०० जना |
| भियतनाम | ३०० जना |
| संयुक्त राज्य अमेरिका | ४६०० जना |
| जापान | ५३०० जना |

माथिको तालिकाले प्रष्टै बताउँछ- हाम्रो देशमा अनुसन्धान र विकासका लागि पर्याप्त जनशक्तिको विकास हुन सकेको छैन । अनुसन्धान तथा विकासका लागि लगानी तीव्रढङ्गले बढाउँदै लानुपर्छ । अहिले अन्तर्राष्ट्रिय मान्यताअनुसार कुल गार्हस्थ उत्पादनको २% लगानी गर्न जरुरी छ तर हामी धेरै तल छौँ । पाकिस्तानी विद्वान् महबुब हकले लेख्नुभएजस्तै “मानव विकास विकासका तमाम क्षेत्रभन्दा पनि महत्वपूर्ण हो” भन्ने कुरालाई थप पुष्टि गर्छ ।





## ९ परनिर्भरता हैन, आत्मनिर्भरतामा जोड

संसारभरिका श्रमजीवी जनता र एसिया अफ्रिका र दक्षिण अमेरिकासमेत तेस्रो विश्वका सम्पूर्ण जनताले चिन्नुपर्ने, बुझ्नुपर्ने र मान्नुपर्ने एक जना विख्यात् अर्थशास्त्री, समाजशास्त्री, मानवशास्त्री आन्द्रेई गसण्डर फ्रेङ्कका केही भनाई यहाँ उल्लेख गर्न सान्दर्भिक ठानेको छु । भनिन्छ, कार्ल मार्क्सले युरोपका लागि मार्क्सवाद लेखे, आन्द्रेइ गुण्डर फ्रेङ्कले तेस्रो विश्वका लागि मार्क्सवाद लेखे । वास्तवमा नै उनले लेखेका धेरै पुस्तकले संसारका विकासोन्मुख र विकासशील देशका हामीले अध्ययन गर्नैपर्ने विषय छन् । त्यसमा पनि उनले लेखेको रिओरिएन्ट ग्लोबल इकनमी इन एसियन एज (१९९८), डिपेन्डेन्स एक्युमुलेसन एण्ड अण्डर डेभलपमेन्ट (१९७८), डेभलपमेन्ट इन ल्याटिन अमेरिकालगायत् पुस्तकले हाम्रो देशको पछौटेपनको मुख्य कारण पत्ता लगाउन बल पुग्छ ।

उनको विकासप्रतिको दृष्टिकोण, संसारभरिका समाजशास्त्र र विकास अर्थशास्त्र अध्ययन गर्न इच्छुकका लागि महत्वपूर्ण मानिएको छ । उनी भन्छन्- “जब तेस्रो विश्वका देशले पुँजीवादी विश्वसँगको सम्बन्ध सामान्य अवस्थामा राखेको हुन्छ, त्यसबेला तेस्रो विश्वका देशको आर्थिक विकास राम्रो गतिसाथ अघि बढेको हुन्छ । तेस्रो विश्वका देशको अल्पविकासशीलताको अवस्थिति ती देशको आफ्नै कारणले मात्रै त्यस्तो भएको होइन, परम्परागत र स्रोत साधनका कारण पनि होइन, अरु पुँजीवादी देशको शोषण र स्याटलाइटभित्र पारेकाले तेस्रो विश्वको आर्थिक अवस्थाले गति लिन नसकेको हो । त्यति मात्र होइन, अहिलेको अर्धसामन्ती, अर्ध-औपनिवेशिक चरित्रको सिर्जना पनि पुँजीवादी विश्वका ऐतिहासिक सम्बन्धले सिर्जना गर्दछ । विकसित देशको आर्थिक विकास र समृद्धि तेस्रो विश्वका देशको अर्थतन्त्रको पछौटेपन र गरिबी हो । अर्को भाषामा गरीब देश तल पर्नु नै धनी देशको अधिक विकास हो । अहिलेको विकसित देशको विकास भनेको तेस्रो विश्वका अल्प विकासशीलताको विकास हो ।”

आन्द्रेइ गुण्डर फ्रेङ्क (२४ फ्रेवुअरी १९२९-१ अप्रिल २००५) को यो सिद्धान्तलाई विश्वका प्रसिद्ध विश्लेषकहरूले अन्तर्राष्ट्रिय परनिर्भरता क्रान्ति भन्छन् । अर्थात् परनिर्भरता विकासको आधार मानिनु दिगो

विकासका लागि घातक हुन्छ भन्ने कुरा आन्द्रेइ गुण्डर फ्रेङ्कको भनाईको आसय हो ।

संसारका विकसित देशले गरेका राम्रा विधि र प्रविधिबाट सिक्नुपर्छ । छिमेकी देशले गरेका उन्नत विधि र प्रविधिबाट पनि सिक्नुपर्छ तर आफ्नै नीति, सिद्धान्त, कार्यक्रम र प्रयोगबाट आत्मनिर्भर ढङ्गले विकास प्रक्रिया अघि बढाउनुपर्छ । अन्तर्राष्ट्रिय क्षेत्रबाट आउने अनुदान, ऋण, प्रविधिलाई हाम्रो आफ्नो आवश्यकताअनुसारको योजनामा लगानी गर्नुपर्छ । उद्योगधन्दा सञ्चालन गर्दा वस्तु वा सेवा उत्पादन गर्दा आत्मनिर्भरतातर्फ केन्द्रित हुन जरुरी छ । उद्योग खुल्ने तर कच्चा पदार्थ बाहिरको, प्रविधि बाहिरको, श्रमशक्ति बाहिरको, मूल्य अभिवृद्धि २०% पनि नहुनेखालका उद्योग खुलेर देशले केही प्राप्त गर्न सक्दैन । केवल प्रदूषणमात्र भित्राउँछ । हाम्रो देशमा उपलब्ध कच्चा पदार्थ सिप, श्रम, क्षमतामा आधारित र वातावरण मैत्री उद्योगलाई प्राथमिकता दिनुपर्छ । जमिन, जङ्गल, जल, जडिबुटी, जनताको श्रममा आधारित उत्पादन क्षेत्रलाई प्राथमिकता दिनुपर्ने कुरा अरु अध्ययनमा प्रशस्तै सामेल भइसकेको छ । हाम्रो देशमा कृषि, खाद्य तथा पेय पदार्थसँग सम्बन्धित उद्योगको प्रचुर सम्भावना छ । पशुपालन, पंक्षीपालन, दुग्ध पदार्थमा आधारित उद्योगको प्रचुर सम्भावना छ । यसैगरी पूर्वाधार विद्युत्, यातायात, सञ्चार, पर्यटन, क्षेत्रको प्रचुर सम्भावना छ । संसारमा कहीँ नभएको हिमाल, गौतम बुद्धको जन्मथलो लुम्बिनी, जानकीको जन्मथलो, पशुपति, स्वर्गद्वारी, मुक्ति क्षेत्र, दर्जनौं हिमताल, विविधखाले भौगोलिक क्षेत्र हामीसँग छ । यी सबै आत्मनिर्भर प्रकृतिका आर्थिक सामाजिक रुपान्तरणका आधार हुन् ।

नेपाल समुद्र सतहबाट ६०७३ मिटर उचाईदेखि ८८४८ मिटर उचाईसम्मको अत्यन्त विविध रुप-रङ्ग र आकार-प्रकारको भूबनोट भएको र हिमालभन्दा उत्तर पनि ३ वटा जिल्ला भएको देश हुनाले संसारका जुनसुकै क्षेत्रका मानिसले रुचाउने हावापानी हाम्रो देशमा उपलब्ध छ । यस्तो भएकाले स्वास्थ्य पर्यटन र शिक्षा केन्द्र बनाउन सकिने प्रचुर सम्भावना छ । देश सानो भए पनि भौगोलिक विविधता, जातिगत निश्चितता, भाषागत विविधता सांस्कृतिक विविधता, धार्मिक





विविधता भएकाले विविध प्रकारका पर्यटन रुचि भएकाका लागि राम्रो गन्तव्य हुन सक्छ ।

संसारमा पाइने प्राय सबैखाले जडिबूटी र वनस्पति यहाँ पाइने हुँदा जडिबुटी रोपण र प्रशोधन उद्योगले नै धेरै ठूलो सम्भावना बोकेको छ । देशमा जलविद्युत्, हावा विद्युत्, सोलर विद्युत् र कतिपय ठाउँमा प्राकृतिक तातोपानीसमेत प्राप्त हुने हुँदा यी सबैलाई ऊर्जालगायत् पानीका ५ प्रयोगलाई सँगसँगै उपयोग गरेर खासगरी खानेपानी, सिचाई, विद्युत्, माछापालन, पर्यटकीय मनोरमलाई सकेसम्म एकीकृत ढङ्गले विकास गरेर हामी राष्ट्रिय अर्थतन्त्रलाई सवल बनाउन सक्छौं । यसैगरी हाम्रो देशमा खनिज पदार्थको पनि प्रचुर सम्भावना छ । सिमेन्ट राष्ट्रिय आवश्यकताको २५% पनि पूरा गर्न सकेका छैनौं तर दर्जनौं सिमेन्ट उद्योग खोल्न कच्चा पदार्थ उपलब्ध छ । म्याग्नेसाइटको विशाल भण्डार छ । ढुङ्गा, बालुवा, गिटी, उद्योग अत्यन्त ठूलो सम्भावना छ । यी तमाम उत्पादन जो आत्मनिर्भर प्रकृतिका छन् । आयात प्रतिस्थापन गर्ने, निर्यात बढाउने, रोजगार सिर्जना गर्ने, गरिबी निवारणमा योगदान गर्ने, उद्योग व्यवसायमा जोड दिन जरुरी छ ।

हरेक विकास कार्यक्रम सामाजिक न्याय र उत्पादकत्व वृद्धिमा बल पुऱ्याउनेखालका हुनुपर्छ । राज्य सञ्चालकहरूको नीति र नियत दुवै ठीक हुन जरुरी छ । उदाहरणका लागि राज्यले गरीबका लागि कृषिमा लगानी बढाएको छ भन्छ । सिचाई, विद्युत्, प्रविधि, यातायात, सञ्चार, गोदामघर निर्माण, कोल्डस्टोर निर्माण, मलमा अनुदान दिएर, न्युनतम् समर्थन दिएर कृषि लगानी वढाउने निर्णय गऱ्यो, यो पनि जरुरी छ । तर लगभग २०% भूमिहीन र अर्ध भूमिहीनले यसबाट के लाभ पाउँछन् ? राज्यले गर्ने लगानी सिमान्तकृत, भूमिहीन, मुक्त कमैया, हलिया, सुकुम्वासी, गरीब किसानले पाए कि पाएनन् ? तिनले उत्साहसाथ विकास कार्यमा लाग्नका लागि उत्साह थपियो कि थपिएन ? प्रश्न यो हो । यसमा राज्यको नीति र नियत दुवै गरीब श्रमजीवी जनतामुखी हुनु जरुरी छ । श्रमजीवी जनतालाई कहिले कायर बनाएर राख्न खोज्ने, कहिले क्रुर क्रियाकलापमा उक्साउन खोज्ने दुवै गलत हो । श्रमिक वर्गको हक र अधिकारका लागि क्रान्तिकारी सही बाटोमा परिचालन गर्न सक्नु नेतृत्वको दायित्व हो ।

हाम्रो देश संयुक्त राज्य अमेरिका, क्यानडा, रुस, बेलायत, ब्राजिल, अष्ट्रेलिया जस्तो विशाल जमिन, खनिज, अन्य स्रोत भएको देश होइन । थोरै जमिन, थोरै खनिज, थोरै कृषि उब्जाउ खेत, त्यसको तुलनामा जनसङ्ख्या धेरै भएकाले भएको स्रोतलाई मानवीय स्रोत साधन, दक्ष परिश्रमी, क्रियाशील भएर राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्र निर्माणमा बल पुऱ्याउनुपर्छ । सन् १९८७ को आर्थिक समायोजन कार्यक्रम, १९९० पछिको उदार अर्थतन्त्र, अनि विश्व ब्याङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोषको राय सल्लाह सुन्ने, आफ्नै समाजका जनताका भनाईलाई महत्व नदिने गरेकाले परनिर्भरता बढ्यो । यसमा व्यापक फेरबदल आउनुपर्छ । आत्मनिर्भर अर्थतन्त्रको निर्माणका लागि सोहीअनुसारको नीति र सफा नियत आवश्यक पर्छ । संसारका सबै मित्रराष्ट्रको राय सल्लाह सुझाव लिनुपर्छ तर नीति, कार्यक्रम, योजनामा हाम्रो आवश्यकता र स्रोत आधारित आत्मनिर्भर अर्थतन्त्र निर्माण गरेर मात्र दिगोरुपले आर्थिक सामाजिक रुपान्तरण गर्न सकिन्छ । माथि बताएजस्तै यी सबै काम गर्न मानव संशाधन विकास वातावरण मैत्री विकास र आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न बल पुग्ने, रोजगार सिर्जना र गरिबी निवारणमा बल पुग्ने क्षेत्रमा लगानी केन्द्रित गर्ने राष्ट्रिय नीति निर्माण गरिनुपर्छ ।

समग्रमा समाजवाद उन्मुख आर्थिक समाजिक मोडेललाई सशक्त हुने गरी नीतिगत कानुनी र व्यावहारिकरुपबाट आर्थिक सामाजिक रुपान्तरणको कार्यक्रम अघि बढाएरमात्र आत्मनिर्भरतातर्फ सिङ्गै देशलाई अघि बढाउन सकिन्छ ।

## १०. आर्थिक, समाजिक रुपान्तरणमा कृषि तथा भूमिको स्थान

विभिन्न अध्ययनले पुष्टि गरिसकेका छन् कि कृषिप्रधान देशहरूमा कृषिमा १% उत्पादकत्व वृद्धि हुँदा गैरकृषि क्षेत्रमा स्वतः १.५% उत्पादकत्व वृद्धि हुन्छ । कृषिमा १% उत्पादकत्वमा ह्रास हुँदा गैरकृषि क्षेत्रमा स्वतः १.५% उत्पादकत्वमा ह्रास हुन्छ । त्यसैले हाम्रोजस्तो देशमा आर्थिक सामाजिक रुपान्तरणका लागि सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि मुख्य क्षेत्र कृषिभूमि र श्रमिकसहित श्रमजीवी जनता भएकाले यो क्षेत्रलाई सम्बोधन गर्नुको विशेष महत्व छ ।





सन् २००१ (वि.सं.२०५८) को कृषि गणनाअनुसार नेपालको कूल परिवार सङ्ख्या ४२ लाख ५३ हजारमध्ये कृषक परिवार लगभग ३३ लाख छ । यो ३३ लाख परिवारभित्र बिल्कुल भूमिहीन परिवार २ लाख १७ हजार, सामान्य घर र करेसाबारी भएको तर खेती गरिखाने जमिन नभएको ८ लाख ३ हजार परिवार छन् । यो दुवै जोड्दा करिव १० लाख २० हजार परिवारमा भूमिको पहुँच छैन । यसमा केही परिवार सहर बजारमा गैरकृषि क्षेत्रको श्रमिक वा सडक व्यापारमा लागेको भए पनि आमरुपमा कृषि श्रमिकका रुपमा ग्रामीण क्षेत्रमा क्रियाशील छन् । यो परिवारभित्र ठूलो मात्रामा दलित परिवार छ र बाँकी विभिन्न जाति जनजातिका भूमिहीन किसान छन् ।

सन् १९६४ (वि.सं.२०२१ मा राजा महेन्द्रको पालामा भएको भूमिसुधार कार्यक्रम) मा भएको भूमिसुधार कार्यक्रममा तराईमा हदबन्दी १७ हेक्टर, पहाड र हिमाली भेगमा ४ हेक्टर, काठमाडौँ उपत्यकामा २.५ हेक्टर कायम गरिएको थियो । यसले काठमाडौँ र पहाड तथा हिमाली क्षेत्रको तुलनामा तराईमा सीमित व्यक्तिमा जमिन केन्द्रीत रहन गयो र तराईमा खासगरी तराईका दलित समुदाय मुसहर, चमार, डोम, खत्वे, हलखोर, झाँगड, दुसाध, राजवंशी, थारु, दरै, सहनी, माझी, बोटे, दनुवारलगायत्का कृषि श्रमिक भूमिहीन छन् । उक्त भूमिसुधार कार्यक्रममा देशभरबाट जम्मा ४५ हजार विघा जमिन हदबन्दीभन्दा बढी प्राप्त गरेको थियो । त्यसमा लगभग २२ हजार विघा बर्दियाबाट र बाँकी देशभरबाट प्राप्त जमिन पनि स्थानीय रैथाने भूमिहीनमध्ये अत्यन्त थोरैले पाए । कतिपय जिल्लामा पाउँदै पाएनन् । उक्त भूमिहीन किसान परिवारका सदस्य अत्यन्त गरीब, आमरुपमा निरक्षर भएकाले वैदेशिक रोजगारमा समेत जान सकेनन् । जनसङ्ख्याको लगभग एक चौथाई ओगट्ने कृषि श्रमिकको समस्या प्रभावकारीरुपले अब बन्ने संविधानमा सम्वोधन हुनैपर्छ ।

दक्षिण एसियाको कृषि उत्पादन तथा भूमिसम्बन्धी अध्ययनले देखाएको छ- प्रतिघर परिवार ३ हेक्टरभन्दा बढी जमिन हुने किसान परिवारको प्रतिइकाई उत्पादकत्व त्योभन्दा घटी जमिन हुनेको उत्पादकत्वभन्दा बढी भएको पाइन्छ । यसैले सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि क्रान्तिकारी भूमिसुधार आवश्यक छ ।

हामीले हाम्रो भूमिसम्बन्धी व्यवस्था कस्तो र कसरी गर्ने भन्ने कुराको अध्ययनको आधार सर्वप्रथम नेपालको वास्तविकतालाई मुख्य आधार मान्नुपर्छ । अन्तर्राष्ट्रिय अनुभव लिंदा जनसङ्ख्याको तुलनामा थोरै खेतीयोग्य जमिन भएका भियतनाम, बङ्गलादेश, चीन, कोरिया, जापानलाई हेर्नुपर्छ । रसिया, संयुक्त राज्य अमेरिका, क्यानाडा, अस्ट्रेलिया, बेलायत, ब्राजिल, भेनेजुयला, अर्जेन्टिनालाई आधार मानेर हुँदैन ।

क्रान्तिकारी भूमिसुधार वा भूमिसुधार भन्नाले हदबन्दी तोक्नुमात्र होइन, जमिनको चक्लाबन्दी गर्नु, छुट मोही दर्ता गर्नु, मोहीका पक्षमा हुने गरी जमिनको दोहोरो स्वामित्व अन्त गर्नु, खेती गरिएका गुठी जमिन जोताहाका नाममा रैकर गर्नु, भूमि उपयोग नीति लागू गर्नु, विर्ता जमिन जोताहाको नाममा दर्ता गर्नु, सिचाईको व्यवस्था गर्नु, बजारसम्म जोड्ने गरी कृषि सडक निर्माण गर्नु, राष्ट्रव्यापी कृषि सहकारीको सञ्जाल निर्माण गर्नु, कृषि उपयोग विकासका लागि आवश्यक प्रोत्साहन र पूर्वाधार निर्माण गर्नु, कृषि श्रमिकका लागि कल्याणकारी कार्यक्रम सञ्चालन गर्नु, पशुपालन विकास र विस्तारका साथै सोहीअनुरुपको वन तथा अन्य आधार सिर्जना गर्नु, यीमध्ये कुनै एउटा कार्यक्रम छुटेमा वास्तविक भूमिसुधार हुँदैन । यी सबै कार्यक्रमलाई एकीकृत ढङ्गले लागू गरिनुपर्दछ र त्यसलाई नै छोटकरीमा क्रान्तिकारी भूमिसुधार भनिन्छ । समग्र कार्यक्रमभित्र हदबन्दीको विषय १०% मात्रै हो तर आमरुपमा मानिस भूमिसुधार भनेको हदबन्दी मात्रै बुझ्ने गर्छन् ।

अरु सम्पत्ति र भूमि एकै वा उस्तै होइन । भूमिको हदबन्दी सम्पत्तिमाथिको नियन्त्रण पनि होइन । अन्य सम्पत्ति जति पनि आर्जन गर्न सकिन्छ तर जमिन सीमित छ र यसलाई एक इञ्च पनि बढाउन सकिँदैन ।

नेपाली समाजमा खासगरी नेपालको राजनीतिमा भूमिसुधार एउटा विवादित विषय बनेको छ । नेपालको अदालत, निजामती, जङ्गी, उद्योगपति, व्यापारी, कानुन व्यवसायी, अर्थशास्त्री, पत्रकार, बुद्धिजीवी र प्रायः सबै राजनीतिक दलका नेता, मध्यम किसान, धनी किसान र जमिनदार वर्ग स्रोतबाट आएका हुनाले आफ्नै वर्ग स्वार्थअनुरुपको





नीति, निर्णय र व्यवहार गर्छन् । मुखले बोले पनि अन्तर दिलबाट भूमिसुधारप्रति रुचि राख्दैनन् । आमरुपमा देशभरी, खासरुपमा सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र मध्यपश्चिम र सुदूरपश्चिमका पहाडी जिल्लामा भूमिहीनताको समस्या चर्को छ ।

त्यस भेगका दलित समुदायमा झन् डरलाग्दो भूमिहीन समस्या छ । उनीहरूको आवाज प्रभावकारी हुन सकेको छैन । त्यही भेगका माथिल्लो वर्गकाले मूल समस्यालाई ओझेल पार्ने गरी अरु नै मुद्दालाई चर्को स्वरले उठाइरहेका छन् । भूमिहीनताको समस्यालाई जसरी उठाउनु पर्थ्यो, त्यसरी उठाएका छैनन् ।

मेरै अध्यक्षतामा बनेको उच्चस्तरीय भूमिसुधार आयोगले कानुनबमोजिम व्यक्तिले चर्चेको जमिन हदबन्दीभन्दा बढी देखिन आए तोकिएको मुआव्जा दिएर राज्यले अधिग्रहण गर्ने सिफारिस गरेको छ । त्यतिखेर (२०५२) भूमिसुधार सम्पन्न गर्न करिव ४५ अर्ब लाग्ने अनुमान गरिएको थियो । राज्यले त्यसलाई स्वीकार गर्न सकेन । तर त्यसपछिको द्वन्द्वमा राज्यले गोलाबारुद, बन्दूक र रक्षामा धेरै खर्च गऱ्यो । रक्षा खर्चको वृद्धिले उत्पादकत्वमा कुनै वृद्धि गर्दैन । नगरी नहुने क्षेत्रमा खर्च गर्न राज्यले आँट गरेन, जसको कारण द्वन्द्व बढ्यो । उक्त आयोगको प्रतिवेदन इमानदारीपूर्वक लागू गरेको भए द्वन्द्वको सम्भावना ८०% टर्ने थियो । अब लोकतान्त्रिक गणतन्त्र नेपाललाई दिगो पार्न, आर्थिक, सामाजिक रुपान्तरणमा जोड दिनुपर्छ ।

## ११. नेपालमा भूमिसुधार

नेपालमा पुँजीवादको विकास प्रयास छ दशकपहिलेबाट भएको हो तापनि पुँजीवादको विकास अत्यन्त मन्द गतिले भएको छ । अहिले पनि देशको जनसङ्ख्याको लगभग २५ प्रतिशत भूमिहीन रहनु, कृषि क्षेत्रमा लगभग ६५ प्रतिशत जनशक्ति क्रियाशील रहनु, देशको कृषि ग्रार्हस्थ्य उत्पादनमा प्रमुख स्थान रहे पनि संलग्न श्रमशक्ति प्रतिशतको तुलनामा आधामात्र आय हुनु यसको लक्षण हो ।

परम्परागत र पछौटे उत्पादन प्रणाली कायम छ । अधिकांश स्थानमा उत्पादन औजार परम्परागतखालकै कायम छ । उत्पादन पूर्वाधार

पुरानै छ। उत्पादन व्यवस्थापन अधिकांश स्थानमा परम्परागत नै छ। हिमाली क्षेत्र १५ प्रतिशत, मध्य पहाडी भाग ६८ प्रतिशत र तराई १७ प्रतिशत भूभागमध्ये तराईका फाँटबाहेक अन्यत्र आधुनिक औजार प्रयोग हुन सकेको छैन। भूमिहीनमा जमिनको पहुँच पुगेको छैन।

मध्ययुगीन प्रकारकै हलो, गोरु, राँगा, कुटो, कोदालो, खर्पन, डोको र नाम्ला जस्ता उत्पादनका साधन प्रयोग गर्न बाध्य छन्। सस्तो ज्याला, साहूको चर्को व्याज, हलिया, कमैया, हली-गोठाला, खेतालाका रुपमा शोषणमा जीउन बाध्य छन्। जनसङ्ख्याको १३ प्रतिशतभन्दा बढी रहेका दलित समुदायमाथि दोहोरो शोषण कायमै छ। एक्काइसौं शताब्दीमा पनि छुवाछुत जस्तो अमानवीय प्रथा हट्न सकेको छैन। आधा जनसङ्ख्या रहेका महिलामाथिको विभेद समाप्त भएको छैन। देशका कुल जमिन दर्तामध्ये महिलाका नाममा १० प्रतिशत पनि छैन। जमिनमा आफ्नो हक नभएकै कारण उनीहरु समाजमा अनेक पीडा र प्रताडना बेहोर्न बाध्य छन्।

भूमिहीनकै सङ्ख्या लगभग १० लाख परिवार हुनु, तिनले जीउनका लागि अत्यन्त न्युन ज्यालामा काम गर्न बाध्य हुनु जस्ता अवस्थाले दुर्गम क्षेत्रका परिवार, महिला र पछाडि परेका जनजाति समुदायको पीडा विकराल छ भन्ने बुझ्न सकिन्छ।

सीमान्त किसान, जसको जमिन थोरै भए पनि पूर्वाधार नभएका कारण जति रगत पसिना बगाए पनि जीवन धान्न धौधौ पर्छ, त्यस्ता परिवारको हालत पीडादायी छ। जमिनको उत्पादकत्व क्षीण हुँदै जानु, गरिबीको दुष्चक्रबाट मुक्त हुन नसक्नु सीमान्त किसानको मार्मिकता छ। यो अवस्थामा क्रान्तिकारी परिवर्तन गर्नैपर्छ।

## किन यस्तो छ त ?

सञ्चारका सरल माध्यमबाट संसारको र हाम्रै देशको सुविधा सम्पन्न स्थानको जीवनबारे सुन्ने, बुझ्ने र देख्ने मौका पाएका छन्। यसबाट आफ्नो जीवन र अरुबीचको अन्तर देखेका छन्। यसले उनीहरुमा उकुसमुकुस र छटपटी भएको छ। यसलाई हल गर्न सामाजिक न्याय र उत्पादकत्व वृद्धि गर्नका लागि कृषि क्रान्ति अपरिहार्य छ।





निराशालाई उत्साहमा बदल्न, पछौटे उत्पादन प्रणालीलाई अग्रगामी उत्पादन प्रणालीमा रुपान्तरण गर्न, भूमिहीनमा जमिनको पहुँच पुऱ्याउनु, पूर्वाधार विकास गर्न, प्रत्येक किसानमा खासगरी भूमिहीन तथा गरीब किसानमा, मध्यम किसानमा, आम किसानमा, कृषि पेशाप्रति उत्साहित र आशावादी बनाउन भूमि तथा कृषिमा क्रान्तिकारी परिवर्तन गर्नैपर्छ।

कृषि क्षेत्रमा रहेका सम्पूर्ण उत्पादक शक्तिमा आत्मविश्वास र हौसला पैदा नगरी उत्पादकत्व बढ्न सक्दैन। भूमिहीनमा जमिनको पहुँच र सम्पूर्ण कृषि पेशालाई मर्यादित र लाभकारी छ भन्ने विश्वास जगाउन आवश्यक छ। सबै क्षेत्रमा नीतिगत कानुनी र व्यावहारिक क्षेत्रमा क्रान्तिकारी परिवर्तन जरुरी छ। कृषि क्रान्तिको मूल उद्देश्य यसैमा अन्तरनिहित हुनुपर्छ।

## १२. क्रान्तिकारी भूमिसुधार भनेको के हो ?

हाम्रो देशमा क्रान्तिकारी भूमिसुधार भन्नु नै भूमिहीनमा जमिनको पहुँच पुऱ्याउनु हो। मोही किसानमा मोहियानी हक स्थापित गर्नु हो। गुठी जमिनको हक जोताहा किसानमा स्थापित गर्नु हो। जमिनको स्वामित्व महिला पुरुष दुवैमा कायम हुने व्यवस्था गर्नु हो। विर्ता प्रथा खारेज गर्नु हो। सम्पूर्ण जमिनको भू-उपयोग नीति तर्जुमा गरी लागू गर्नु  हो र जमिनको चक्लाबन्दी गर्नु हो।

प्राप्त जमिनमा सिचाइका लागि आकाशे पानी, जमिनमुनिको पानी, साना, मझौला र ठूला सिचाइ आयोजनाको सञ्जाल निर्माण गरी लागु गर्नु, पानीका पाँच प्रयोगलाई वैज्ञानिक ढङ्गले, एकिकृतरुपले उपयोगमा ल्याउनु, जस्तो : खानेपानी, सिचाइ, विद्युत् उत्पादन, माछापालन र पर्यटकीय मनोरमका लागि। कृषि सडक वा अन्य यातायातको सञ्जाल निर्माण गर्नु र प्रत्येक उत्पादन इकाइसम्म त्यसको पहुँच पुऱ्याउनु रहेको छ। यसैगरी किसानसँग छरिएको पुँजी, छरिएको श्रम, छरिएको सिप र अनुभव, छरिएको स्रोतलाई सहकारी संस्थाहरुको बृहत् सञ्जाल निर्माणका लागि राज्यद्वारा पूर्वाधार विकास गर्नु र प्रत्येक सहकारी सदस्यलाई पहलकदमी साथ अघि बढ्न प्रेरित गरिनुपर्छ। यसरी निर्माण गरिएको समग्र कार्यक्रम एकीकृत ढङ्गले लागू गरिने कार्यक्रमलाई नै क्रान्तिकारी भूमिसुधार भनिन्छ।

## कृषि क्षेत्रको जनशक्ति किन पलायन हुँदैछ ?

राज्यले भूमिहीन, गरीब किसानमात्र होइन, आम किसानमा उत्साहसाथ लागिरहने वातावरण बनाउन नसकेको हुनाले कृषि पेशाप्रति आकर्षण होइन, विकर्षण बढेको छ ।

कृषि उत्पादनमा हरेक देश, हरेक मौसममा आत्मनिर्भर हुन जरुरी छ । आयात तथा निर्यात व्यापार गर्न सकिन्छ तर कुनै पनि नाकाबन्दीको सम्भावनालाई ध्यानमा राखेर आफूलाई पुग्ने खाद्य पदार्थ उत्पादन गर्नुपर्छ, नत्र देशको स्वतन्त्रतामै सङ्कट आउन सक्छ । यसका लागि क्रान्तिकारी भूमिसुधारसँगै कृषि क्रान्तिलाई गाँसेर लैजानुपर्छ । कृषि भन्नेबित्तिकै अन्न, फलफूल, तरकारी पशुपक्षी पालन व्यवसाय, दुग्ध व्यवसाय, माछा पालन व्यवसाय, चिया, कफी, चिनी, मौरी पालनलगायत् खाद्य पेय सबै पदार्थ पर्दछ । यसलाई त्यही उचाइबाट बुझ्दै र व्यवहारमा लागू गर्नुपर्छ ।

जमिन उपयोग गर्दा जहाँ, जेका लागि उपयोग गर्दा बढी प्रतिफल प्राप्त हुन्छ, बढी वातावरणमैत्री हुन्छ, प्रतिइकाइ बढी लाभ हुन्छ, माथि बताइएको आधारभूत सिद्धान्तका आधारमा रहेर गर्नुपर्छ ।

## वनलाई उत्पादनमूलक बनाउनुपर्छ

खेती गरिएको जमिनको दोब्बर क्षेत्रफल वन सिमानामा पर्छ । त्यो वनलाई उत्पादनमूलक बनाउनुपर्छ । गरिबी निवारण गर्न, रोजगार सृजना गर्न, आयात प्रतिस्थापन गर्न, निर्यात वृद्धि गर्न र वातावरण संरक्षण गर्न वनस्पति र वन्यजन्तु रक्षाका लागि बल पुग्छ र कार्वन व्यापारमा पनि लाभ लिन सकिन्छ । यतिमात्र होइन, माटोको रक्षा, माटोको उर्वरा शक्तिको रक्षा, मातृभूमिको रक्षाका लागि यो महत्त्वपूर्ण कार्य हुन्छ ।

## गैरकृषि क्षेत्रमा प्रयोग हुने जमिनबारे

जमिनको उपयोग कृषिमा मात्र हुँदैन । आवास, सडक, सार्वजनिक निर्माण, उद्योग, पर्यटन, व्यापारिक केन्द्र, खेल मैदान, यातायातका विविध उपयोग, स्कुल, कलेज, अस्पताल निर्माण लगायत क्षेत्रमा





जमिनको प्रयोग हुन्छ । तर यस्ता कार्यमा कस्तो जमिन प्रयोग गर्ने ? यसबारे राज्यको प्रष्ट नीति बन्न जरुरी छ ।

कृषि जमिनलाई गैरकृषि प्रयोजनमा दुरुपयोग हुनबाट जोगाउने उपाय मौकामै गरेनौं भने परिणाम गम्भीर हुन्छ । अल्पकालीन लाभलाई व्यक्तिले हेर्छ, राज्यले तत्कालका समस्या हल गर्न खोज्दा दीर्घकालसम्मको सोच बनाएर समग्र योजना तर्जुमा गर्नुपर्छ । यसबारे समग्र भूमि उपयोग नीतिलाई कडाइसाथ लागू गरिएन भने गम्भीर परिणाम आउन सक्छ । यसबारे भियतनामबाट सिक्न सकिने प्रशस्तै विषय छन् ।

भूमिको व्यवस्थापन अर्थात् क्रान्तिकारी भूमिसुधार कार्यक्रम केवल वामपन्थी पार्टीहरुको विषयमात्रै होइन । युरोपमा सामन्ती भूस्वामित्व अन्त्य गर्न र पुँजीवादी विकासमा तीव्रता दिने कार्यमा त्यहाँका पुँजीवादी र पुँजीवादी सरकारको भूमिका प्रमुख थियो । जापान, कोरिया र चीनको ताइवानमा पनि गैरवामपन्थी पार्टी र सरकारकै नेतृत्वमा क्रान्तिकारी भूमिसुधार भएका थिए । यस कारण हाम्रो देशमा पनि क्रान्तिकारी भूमिसुधार कार्यक्रम पुँजीवादी कार्यक्रम नै भएकाले लोकतान्त्रिक पार्टीहरुको विमति हुनुपर्ने कारण छैन ।

पुँजी निर्माण र पुँजीको विकासका लागिमात्र होइन, समाजमा असमानता, अन्याय र अभावका कारण उत्पन्न हुने द्वन्द्व न्युन गर्न पनि क्रान्तिकारी भूमिसुधार अपरिहार्य छ ।

- कतिपयले क्रान्तिकारी भूमिसुधार भनेको केवल भूमिहीनलाई जमिन वितरण गर्ने विषयमात्रै बुझ्ने गरेका छन् । क्रान्तिकारी भूमिसुधार भनेको सम्पूर्ण भूमि क्षेत्रमा सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि बृहत् कार्यक्रम हो । केवल भूमि वितरणको विषयमात्रै होइन ।
- भूमिहीनमा जमिनको पहुँच पुऱ्याउने भनेको जमिन बढी भएर मात्र होइन, जसको वैकल्पिक पेशा पनि छैन, पेशा प्राप्त गर्ने तत्काल सम्भावना पनि छैन, वैकल्पिक सिप विकास पनि भएको छैन, तिनलाई जमिन उपलब्ध गराउने आधार सृजना गर्नु राज्यको दायित्व हो ।

- कति भन्ने गर्छन्- 'अब जमिन वितरण गर्ने होइन, उद्योगको विकास गर्ने र रोजगारीको व्यवस्था गर्नुपर्छ।' तर यो कुरा जिम्मेवारीबाट पन्छनका लागि व्यक्त गरिने विषय हो। एउटा उखान छ- 'भोकाएको भन्छ डाँडावारि खाउँ, अघाएको भन्छ डाँडापारि खाऊँ।' त्यस्तै समस्या नभएका सम्पन्नहरु यही भन्ने गर्छन्, जसलाई जीवन निर्वाहको कुनै समस्या छैन, तिनको भनाइ हो यो।

- कतिपय नेता र कतिपय विज्ञ पनि भन्ने गर्छन्- 'भूमिसुधार भनेको तराईको जमिन खोस्नका लागि बहाना हो।' यस्तो सोचाइ शतप्रतिशत गलत हो। वि.स. २०२१ (सन् १९६४) मा भएको भूमिसुधारमा तराईमा १७ हेक्टर, पहाडमा ४ हेक्टर र काठमाडौंमा २.५ हेक्टर हदबन्दी कायम गरियो। यसकारण पनि तराईमा भूमिहीनताको समस्या बढी हुन गयो। जमिन सीमित व्यक्तिमा केन्द्रित रहन गयो। त्यसमा थप तत्कालीन पञ्चायती सरकारले स्थानीय भूमिहीन किसानलाई प्राथमिकता दिन सकेन। त्यसमा थप कुरा वि.स. २०२१ (सन् १९६४) को भूमिसुधार कार्यक्रमले हदभन्दा बढीको जमिन पनि अति न्युनमात्रै प्राप्त गऱ्यो। देशभरबाट ४५ हजार बिघा जमिन प्राप्त गरेको थियो, जसमा लगभग २२ हजार बिघा बर्दिया जिल्लाबाट र बाँकी अन्यत्रबाट प्राप्त गरेको थियो। त्यो पनि सबै भूमिहीनमा वितरण गर्न सकेन।

- वि.स. २०५३ (सन् १९९५) को उच्चस्तरीय भूमिसुधार आयोग (बडाल आयोग) ले प्रष्ट भनेको छ- जमिन उपलब्ध गराउँदा जुन गाविसमा जमिन प्राप्त हुन्छ, सर्वप्रथम त्यही गाविसका भूमिहीन किसानमा वितरण गरिनुपर्छ। त्यसमा पनि भूमिहीन दलित, अल्पसङ्ख्यक, कमैया र हलियालाई प्राथमिकता दिनुपर्ने कुरा प्रस्तुत गरिएको थियो। गाविसका भूमिहीनलाई वितरण गरेर बाँकी रहेको खण्डमा मात्र छिमेकी गाविस वा जिल्लामा वितरण गरिनुपर्ने त्यसमा उल्लेख छ।

- भूमिहीन तथा सिमान्त किसानले उत्पादनको साधन भूमि प्राप्त गरेपछि र त्यसलाई उत्पादनशील बनाउन अन्य उत्पादनका





पूर्वाधार राज्यले व्यवस्था गरेपछि भूमिहीन तथा गरिब किसानमा उत्साह जाग्छ। त्यसबाट श्रमिकमा शक्ति पैदा हुन्छ। त्यो शक्तिले उत्पादकत्व बढ्छ। यसरी सामाजिक न्याय र उत्पादकत्व वृद्धि सँगसँगै हुने हुँदा क्रान्तिकारी भूमिसुधार कार्यक्रमले समाजमा शान्ति र अमनचैन कायम गर्न मद्दत पुग्छ। शान्तिपूर्ण वातावरणले लगानी बढ्छ। लगानी बढेपछि रोजगार सृजना हुन्छ। राजश्व वृद्धि हुन्छ। राजश्व बढेपछि लोककल्याणकारी कार्यमा खर्च गर्ने क्षमता बढ्दै जान्छ। यसले देशको समग्र अर्थतन्त्रको चक्रमा सकारात्मक परिणाम देखिन थाल्छ।

- अहिलेको अवस्थामा लाखौं भूमिहीन किसान परिवारको लाखौं श्रमशक्ति सदुपयोग हुन सकेको छैन। क्रान्तिकारी भूमिसुधार कार्यक्रमले त्यो श्रमशक्तिलाई भरपुर सदुपयोग गर्ने वातावरण सृजना गर्ने हुँदा गैरकृषि क्षेत्रको उत्पादनमा पनि तीब्रता आउन थाल्छ। सामन्ती उत्पादन प्रणाली र व्यवहार समाप्त हुँदै जान्छ। नयाँ लोकतान्त्रिक आधार सबल हुँदै जान्छ। लोकतन्त्र सबै श्रमजीवि जनताको घर आङ्गनमा स्थापित हुँदै जान्छ।

- क्रान्तिकारी भूमिसुधार कार्यक्रम सफल बनाउन सबैको सहयोग आवश्यक छ। यो क्षेत्रमा जागरण नआई अरु क्षेत्रको विकासमा गति आउन सक्दैन।

- अरु सम्पत्ति र भूमि एकै होइन। अरु सम्पत्ति आर्जन गर्दै थप्न सकिन्छ तर भूमिको क्षेत्रफल थपौं भनेर थपिँदैन। उखानै छ- 'जहाँ भूमिसुधार, त्यहाँ विकास अभियान, जहाँ सामन्ती भूमि व्यवस्था, त्यहाँ असमानता र पछौटेपन।'

- जापान, कोरिया, चीन, ताइवान, भियतनामको विकासमा गति ल्याउन भूमिसुधारकै प्रमुख भूमिका छ। ती देशलाई हेर्दा राज्य नियन्त्रित भूमि व्यवस्थापनमा पनि विकासले गति लिन सकेन, सामन्ती भूमि व्यवस्थाले पनि विकासमा गति दिन सकेन। जब लोकतान्त्रिक ढङ्गले किसानमा, भूमिहीन कृषि श्रमिकमा जमिनको पहुँच पुगेपछि नै विकासको गति तेज भयो, कृषि

उत्पादकत्वमा तेजी आयो, कृषि विकासको गतिले गैरकृषि क्षेत्रको विकासमा गति ल्याउन बल पुऱ्यायो ।

- देश श्रमजीबी जनताको हो । मुठ्ठीभर सामन्तको मात्र होइन । त्यसैले सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि क्रान्तिकारी भूमिसुधारको समग्र कार्यक्रम देश विकासको गति तीव्र पार्ने पूर्वाधार हो भन्ने कुरा महसुस गर्न भियतनाम एउटा अध्ययन गर्नुपर्ने देश हो भन्ने अनुभूति भएको छ ।

## सार सङ्क्षेपमा

मध्यपहाडी भेगका यी दश जिल्लाको विकासका लागि केमा जोड दिने ? सामन्ती भूस्वामित्वका सबै रुप अन्त्य र लोकतान्त्रिक ढङ्गले कृषि अर्थतन्त्रको समग्र विकासबारे माथि नै चर्चा गरिसकिएको छ । यसपछि गर्नुपर्ने काममा सडक यातायात नपुगेका ठाउँमा पुऱ्याउने र कतिपय ठाउँमा रोपवे यातायात सञ्चालन गर्नुपर्छ ।

- साना मझौला तथा ठूला सिचाई कार्यक्रम सञ्चालन गर्ने (सतह, आकासे, सीम सबै) ।
- विद्युत् योजना साना मझौला तथा ठूला सबैखाले सञ्चालन गर्ने र ग्रामीण विद्युतीकरण युद्धस्तरमा सञ्चालन गर्ने । यसका लागि स्थानीय समुदाय, सहकारी, स्थानीय निकाय, राज्य र अन्तर्राष्ट्रिय सहयोग जुटाउन युद्धस्तरमा काम थाल्नुपर्छ ।
- वनलाई सकेसम्म सामुदायिक वनका रुपमा लैजाने र त्यसबाट पशुपंक्षी पालन, फलफूल तथा मौरीपालन, जडिबुटी तथा वनस्पती उत्पादन, डाले घाँस र पानी संरक्षण योजना सञ्चालन गर्ने, माटो संरक्षण र चरन नियन्त्रण गर्ने र रोजगार सिर्जना गरी गरिबी निवारण गर्नुपर्छ ।
- पशुपंक्षी पालन, मौरी पालन, तरकारी फलफूल उत्पादनबाट रोजगार सिर्जना गर्न व्यापक प्राविधिक पूर्वाधार र बजार, भण्डारन कोल्डस्टोरको व्यवस्था गर्नुपर्छ ।





- यस क्षेत्रको जनसङ्ख्या हेरेर आवश्यकताअनुसार र एक निर्वाचन क्षेत्रमा कम्तिमा एउटा प्रविधिक शिक्षालय स्थापना गरी प्राविधिक जनशक्ति निर्माण गर्नुपर्छ ।
- पुँजी, श्रम र सिप पर्याप्त परिचालन गर्ने सहकारीलाई सबैको सिप शक्ति र सम्भावना उपयोग गर्ने माध्यमका रुपमा विकास गर्ने ।
- यस भेगका पर्यटकीय प्राकृतिक तथा पुरातात्विक महत्वका रमणीय स्थानमा पर्यटक आकर्षणको केन्द्र विकास गरी रोजगार तथा व्यापार विकास गर्ने ।
- श्रमप्रति सम्मान, लोकतन्त्रप्रति आस्था, राष्ट्र र राष्ट्रियताप्रति समर्पण, विज्ञानको भरपुर प्रयोग गरेर देशको विकासमा प्रत्येक नागरिकको दायित्व भएको भावना जागृत हुनेगरी सञ्चार तथा प्रचारप्रसार गरेर समग्र विकासमा योगदान गर्न सकिन्छ ।

## १३. कृषि क्षेत्रमा बढ्दो अन्तर्राष्ट्रिय दबाब र सामनाको तयारी

आज संसार अत्यन्त साँघुरो घेरामा बाँधिएको छ । जतिसुकै अलग्गै र तटस्थ बस्छु भने पनि त्यस्तो सम्भावना क्षीण हुँदै गएको छ । संसारको कुनै पनि देश वा विश्वका घटना वा काम-कारबाही अन्तरसम्बन्धित छन् र अन्तर्राष्ट्रिय प्रभावबाट अलग्गै रहनसक्ने अवस्था अन्त्य भएको छ । संयुक्त राष्ट्र सङ्घमात्र होइन, त्योभन्दा पनि शक्तिशाली भएर विश्व व्यापार सङ्गठन आइरहेको छ । अन्तर्राष्ट्रिय वित्तीय संस्था र विश्वका विकसित शक्तिशाली राष्ट्रको हैकम पनि ब्रिटिस साम्राज्यवादको बोलवाला भएको बेलाभन्दा कम छैन ।

एक्काइसौं शताब्दी वा तेस्रो सहस्राब्दीमा हामी प्रवेश गरिसकेको भए पनि सैन्य बल र वित्तीय अल्पतन्त्रको दबाबबाट, न्याय निरुपण गर्ने अवस्थाबाट विश्व मुक्त हुन सकेको छैन । हतियारको होड र धम्की यथावत् छ भने विकासोन्मुख तथा विकासशील देशको आर्थिक विवशताबाट फाइदा उठाउँदै अनेक प्रकारका हानीकारक सर्तमा कैद गर्ने क्रम तीव्र हुँदै गएको छ । जुन क्रियाकलापबाट विकसित देशलाई दीर्घकालीन लाभ हुन्छ, आफ्नो व्यापार लगानी र प्रभाव विस्तार हुन्छ ।

त्यसकै पूर्वाधारका रुपमा ऋण वा अनुदान दिने र त्यसकै माध्यमबाट नियन्त्रण र हैकम विकासशील, विकासोन्मुख र अन्य कमजोर शक्ति भएका विकसित देशमा समेत लाद्ने काम गरिरहेका छन् । साम्राज्यवादी शक्ति-समय र परिस्थितिअनुसार निहित स्वार्थ पूरा गर्न उपयुक्त कार्यनीति अपनाउँछन् ।

एक जमाना थियो, उन्नाइसौं शताब्दीको उत्तरार्द्ध र बीसौं शताब्दीको पूर्वार्द्ध साम्राज्यवादी शक्तिले कमजोर देशमा सोझै हस्तक्षेप गरेर आफ्नै गभर्नर वा शासक नियुक्ति गरेर त्यहाँको स्रोतसाधन, सम्पत्ति र शक्तिमा कब्जा जमाउँथे । सन् १९१४ देखि १९१६ को प्रथम विश्वयुद्धपछि यो रफ्तार मन्द भयो र दोस्रो विश्वयुद्धपछि विश्वव्यापीरुपमा राष्ट्रिय मुक्ति आन्दोलन र प्रजातान्त्रिक तथा समाजवादी आन्दोलनले तीव्र प्रगति गरेपछि औपनिवेशिक सत्ता कायम गर्ने अभियान असफल हुँदै गयो । समय फेरियो, शोषणको रुप पनि फेरियो । एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकाका पछौटे देशले पनि फेरि प्रगति गर्न थाले । स्वाभिमान, स्वाधीनता र प्रजातान्त्रिक आन्दोलनले जनतामा नयाँ जागरण पैदा हुन थाल्यो । यस परिप्रेक्ष्यमा पुरानै ढाँचाको उपनिवेश र हैकम चल्न सक्ने अवस्था समाप्त हुँदै गयो ।

ठूला एकाधिकारी कम्पनी र तिनकै हितरक्षक हैकमवादी शासक अन्तर्राष्ट्रिय वित्तीय संस्थाको कुटिल प्रयत्नमा विश्वका विकासशील देशका शासक, नीति निर्माता, प्रशासन यन्त्रभित्रका महत्वपूर्ण व्यक्ति, विभिन्न राजनीतिक दल, राजा-महाराजा र सैनिक अधिकारीसमेतलाई प्रलोभनमा पारेर उनीहरूकै स्वार्थअनुकूल नीति निर्माण गर्न, कानुन निर्माण गर्न दबाब सिर्जना गर्ने गरिरहेका छन् । त्यतिमात्र होइन, स्वार्थअनुकूल सोच राख्न तयार नहुने, राष्ट्रिय हितअनुकूलको सोच, स्वाभिमान र दृष्टिकोण भएका सशक्त राजनेताको हत्या गराउने र आफ्नो हितविपरित नजाने वा आफ्नै हितअनुकूल क्रियाशील हुनेहरूको सत्ता स्थापित गर्न र टिकाउन जस्तोसुकै षड्यन्त्र पनि गर्ने काम तीव्र भएको छ ।

दोस्रो विश्वयुद्धपछि पनि हजारौं राजनीतिक हत्या भएका छन् । त्यसकोपछाडिको कारण माथि उल्लेख भइसकेको छ । अब यस्तो षड्यन्त्र पनि टिक्नसक्ने हालतमा छैन । त्यसैले आर्थिक तथा सैनिक





शक्ति राष्ट्रहरूको स्वार्थरक्षाका लागि आर्थर डङ्कलको प्रस्तावअनुरुपको विश्व व्यापार सङ्गठन बनेको छ । विश्व व्यापार सङ्गठनको वर्तमान नीति, मत्स्य न्यायमा आधारित छ । अधिकांश देश सदस्य भइसकेको यो सङ्गठनलाई नकार्न पनि सकिँदैन र यसको वर्तमान नीतिलाई सकार्न पनि सकिँदैन ।

अब विश्व व्यापार सङ्गठनमा सम्बद्ध विकासशील तथा विकासोन्मुख देशले सशक्तढङ्गले आफ्नो राष्ट्रिय हितअनुकूल यो सङ्गठनले तय गरेका नीतिमा व्यापक संशोधन गरेर सामाजिक न्यायमा आधारित भएर कदम चाल्न दृढतापूर्वक लाग्नुपर्छ । २००१ को मई १४ देखि २० सम्म ब्रसेल्समा भएको अति कम विकसित राष्ट्रहरूको तेस्रो दशकीय सम्मेलनमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्न सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाबाट जाने प्रतिनिधिले हाम्रो जस्ता देशहरुको समस्या कसरी प्रस्तुत गर्ने, कसरी विश्व जनमत विकासशील तथा विकासोन्मुख देशको पक्षमा सिर्जना गर्ने, अति कम विकसित देशको विकासमा प्रमुख बाधक तत्व के हो र त्यसलाई कसरी निर्मूल गर्ने आदिबारे गहन प्रस्ताव प्रस्तुत गर्नु आवश्यक छ ।

विश्व व्यापार सङ्गठनले संयुक्त राज्य अमेरिकाको सियाटलमा आयोजना गरेको बैठक असफल भएको थियो । संयुक्त राज्य अमेरिकामा आयोजित यस प्रकारको बैठकमा भएको व्यापक विरोध र अमेरिकी सरकारको हस्तक्षेप र दमनको दृश्य देख्ने र दमनमा पर्नेले संयुक्त राज्य अमेरिकाको प्रजातन्त्रलाई नजिकबाट राम्रैसँग हेरे, राम्रैसँग बेहोरे ।

उदारीकरण, निजीकरण र बजारमुखी अर्थव्यवस्थाको वकालत गरेर कहिल्यै नथाक्ने संसारका तथाकथित ठूला राष्ट्रले आफैँ नाङ्गेझार हुने गरी दोहोरो नीति अख्तियार गरेका उदाहरण जताततै पाइन्छ । १९८४ देखि सुरु गरेर १९८८ मा पुग्दा मूलमन्त्रकै रुपमा उदारीकरण, निजीकरण, विश्वव्यापीकरण र बजारमुखी अर्थव्यवस्थाको तरफदारी गर्ने राष्ट्रमध्यको अगुवा संयुक्त राज्य अमेरिकाले जापानबाट आयात गरिने मोटरलगायत्का वस्तुमा एकै पटक २०० प्रतिशतभन्दा बढी भन्सार लगाएर आफ्नो राष्ट्रिय उत्पादनको संरक्षण गरेको छ । मोटर कारलाई अत्यावश्यक वस्तुभित्र राखिँदैन भने पनि अन्य अत्यावश्यक

वस्तुमा लगाएको भन्सार दरले उदारीकरणको ढोँगीको पर्दाफास हुने कुरालाई रोक्न सकिँदैन ।

कृषि उत्पादनलाई अति आवश्यकीय वस्तुमा राखिन्छ । संयुक्त राज्य अमेरिकाले चिनीलगायत्का कृषि उपजमा लगाएको भन्सार दर हेर्दा उदारीकरणको दबाब केवल विकासोन्मुख र विकासशील देशकै लागि मात्रै हो कि भन्ने शङ्का व्यक्त गर्ने ठाउँ प्रशस्तै छ । जापानले गहुँ आयात गर्दा ३०० प्रतिशतभन्दा बढी भन्सार लगाउने गरेको छ भने गहुँबाट उत्पादित वस्तुमा लगभग ४०० प्रतिशत भन्सार लगाउने गरेको छ । क्यानाडाले बटर, चिज, अण्डाजस्ता कृषि उपजमा लगभग ३०० प्रतिशतभन्दा बढी भन्सार लिने गरेको छ । युरोपेली सङ्घले गहुँ आयातमा १६० प्रतिशतभन्दा बढी भन्सार लगाएको छ ।

एकातिर आफ्ना कृषि उत्पादनलाई विभिन्नखाले सहुलियत र अनुदान दिने अर्कातिर अन्तर्राष्ट्रिय बजारबाट आयात गरिने वस्तुमा ठूलो मात्रामा भन्सार लगाएर आफ्ना कृषि उपजको संरक्षण र विकासशील तथा विकासोन्मुख देशले उत्पादन गरेका कृषि उपजलाई हतोत्साही गर्न चर्को भन्सार लगाउने काम गरेको छ । विश्व व्यापार सङ्गठन, अन्तर्राष्ट्रिय वित्तीय संस्था र ती संस्थाका सञ्चालकका हैसियत राख्ने देशको दबाबमा नेपालको कृषि क्षेत्रले पीडा भोगिरहेको छ र रासायनिक मलमा लगभग शतप्रतिशत दिने गरेका अनुदान व्यापक मात्रामा कटौती भएको छ । स्यालो ट्युवेल सिचाइ कार्यक्रमका लागि दिने गरेको ६० प्रतिशत अनुदान पूरै हटाएको छ । यो के खालको उदारीकरण हो ?

यदि साँच्चैको उदारीकरण गर्न खोजेका हो भने आजको युगको सभ्य समाजले गर्नुपर्ने थियो । विकासशील तथा विकासोन्मुख र अति कम विकसित देशहरूको उत्पादन र त्यहाँको श्रमशक्ति विकसित देशमा निर्वाधरुपले जान पाउने र निर्यात गर्न पाउने हुनुपर्छ । विकसित देशका उत्पादन अति कम विकसित देश वा विकासोन्मुख देशले आफ्ना साना उत्पादकको हितलाई ध्यानमा राखेर नियन्त्रण गर्न पाउने व्यवस्था हुनुपर्छ ।

हाम्रो देश अति कम विकसित देशको सूचीमा पर्दछ । निजीकरण र उदारीकरणको प्रारम्भिक कार्यका रुपमा 'आर्थिक समायोजन कार्यक्रम'





का रुपमा सुरु गरियो । निजीकरणबाट बढी लाभ भयो ? भूमि, सिचाइ, कृषि, सडक, विद्युतीकरण, पिउने पानी, शिक्षा, स्वस्थ्यजस्ता कुरामा के-कस्तो प्रगति भयो ? आधारभूत तहका जनताले उपयोग गर्ने वस्तुको मूल्य र गुणस्तरमा के-कस्तो प्रगति भयो ? रोजगारी के-कति मात्रामा बढ्यो ? समग्रमा आधारभूत तहका श्रमजीवी वर्गले के लाभ पाए ? हेरिनुपर्ने विषय यो हो । विगतका समीक्षाको विषय पनि यही नै हो ।

हामीले हाम्रोजस्तै अति कम विकसित र विकासोन्मुख देशको समेत प्रतिनिधित्व गर्दै हाम्रो उत्पादनका लागि विकसित देशको श्रम-बजारमा सरल ढङ्गले प्रवेश पाउनुपर्छ । हतियार तथा विलासी क्षेत्रमा गरिने खर्चमा व्यापक कटौती गरी अति कम विकसित देशका लागि आ-आफ्नो देशको कुल सैनिक तथा सामरिक क्षेत्रको खर्चको १० प्रतिशत पूर्वाधार विकासका लागि अनुदान दिने व्यवस्था गरिनुपर्छ । अनिमात्रै भन्न सकिन्छ- सोचाइ सकारात्मक दिशातर्फ मोडिँदैछ ।

## १४. मध्यम किसानको बेवास्ता देशकै लागि हानिकारक

किसान एउटा निश्चित वर्ग होइन, वर्ग समुदाय हो । आमरुपमा कृषि पेशामा संलग्न भएर आफ्नो जीवनयापनको कार्य गर्नेलाई किसान भन्ने गरिन्छ । किसानभित्र भूमिहीन किसान, गरिब किसान, मध्यम किसान, धनी किसानसमेत यी चारैवटा वर्ग तहका किसानलाई आमरुपमा किसान नै भनिन्छ । ठूला जमिनदार, जो आफैं जमिनमा काम त गर्दैनन् तर ठूलाठूला जमिनको प्लटका मालिक छन्, त्यस्तालाई सामान्यतया किसान नभनेर सामन्त जमिनदार वर्ग भन्ने गरिन्छ । उल्लेखित चार तहका किसान समस्याग्रस्त छन् । भूमिहीन किसानको समस्या उत्पादनको साधनबिहीनताको छ । कमैयाको समस्या पनि उत्पादनको साधनबिहीनताकै छ । गरीब किसानको न्युन उत्पादनको साधन गरिबी, अभाव आदि छँदैछ । कमैया, भूमिहीन किसान, गरिब किसानका समस्या र समाधानका बारेमा विभिन्न राजनीतिक दल, किसान सङ्घहरू, ट्रेड युनियन, विविध सङ्घ/संस्थाले आवाज उठाउँदै आएका छन् । तर आमरुपमा मध्यम किसानका समस्या र त्यसको समाधानका बारेमा कोही गम्भीर भएको

देखिँदैन । यहाँ मध्यम किसानका समस्याबारे चर्चा गर्न सान्दर्भिक ठहरिएको छ ।

सामान्यतया १० रोपनी (आधा हेक्टर) देखि ६० रोपनी (३ हेक्टर) सम्म जमिन भएका र आफैँ खेतबारीमा काम गर्नेलाई (ठाउँ हेरिकन) मध्यम किसानका रुपमा लिने गरिएको छ । उनीहरु खासखास सिजनमा कामको चाप भएको बेला, बाली लगाउने भित्र्याउने बेलामा ज्यालामा कृषि श्रमिक प्रयोग गर्ने गर्छन् । यस्ता किसानका समस्या के छन् ? यो वर्गका समस्याबारे अलग्गै ध्यान आवश्यक छ ।

समाज विकासको क्रममा विविधखाले अनुभव भोगिरहेको यो वर्गले सुख र दुःखका महत्वपूर्ण पक्षलाई नजिकबाट सङ्गाल्न गर्न पाएको हुन्छ । समाजका सम्पन्न वर्गको रहन-सहन चाड पर्व, रीतिरिवाज, शिक्षा दीक्षा, देश दुनियाबारे निहालेर हेर्ने र स्वयम् अनुभव गर्ने मौका यस वर्गले पाएको हुन्छ । यसैगरी समाजका अत्यन्तै तल्लो वर्गका मानिससँग पनि यो मध्यम किसान परिवारका सदस्यको निकट सम्पर्क हुन्छ । अत्यन्त अशिक्षित पछौटे, आवारा, जुवाडे, जँड्याहा, हुल्याहासम्म पनि उसको नजर पुगेको हुन्छ ।

त्यसैगरी सभ्य, शालीन, परिश्रमी, विद्वान् भद्रभलाद्मी व्यक्तिहरूसँग पनि यसको निकटता हुन्छ । ठूला सामन्त वर्ग, अत्याचारी वर्ग, शोषक वर्गको घृणित क्रियाकलाप जालझेल, षड्यन्त्र बेइमानी, बदमासी र भ्रष्टाचारबारे पनि उसलाई थाहा हुन्छ । यस्तो आजको विकासबारे पनि यो वर्गले बुझ्ने कुरामा बढी जिज्ञासा रोखेको हुन्छ । ज्ञान विज्ञान, सिप कौशलका लागि भगीरथ प्रयत्न गरेर आफूलाई योग्य बनाउन यो वर्ग हदैसम्म प्रयत्नशील  हुन्छ र सामान्यतया समाज विकासको गतिलाई तरङ्गित गर्ने कार्यमा यसले आफूभन्दा तल्लो वा माथिल्लो वर्गलाई समेत घच्घच्याउने गर्छ ।

२०४८ को कृषि गणनाअनुसार १० देखि २० रोपनीसम्म जमिन भएका मध्यम किसान २९ प्रतिशत र २० देखि ६० रोपनीसम्म जमिन भएका मध्यम किसान १६ प्रतिशत छन् । यी दुवै स्तरका मध्यम किसानको सङ्ख्या ४५ प्रतिशत हुन जान्छ । हाम्रो देशको सिङ्गो भागमा हरक्षेत्रमा निर्णायक भूमिका खेल्न सक्ने सबैभन्दा जोस, जाँगर र क्षमता भएको यो वर्ग आज अत्यन्त सङ्कटमा छ । यो





वर्गमा पेशाप्रति दोमन छ, दृष्टिकोण डोलायमान छ, अस्थिर मनस्थितिमा छ । राम्रो वा नराम्रो, उपयोगी वा हानिकारक सबै कुराले छिटो प्रभाव पार्न सक्ने तहको चेतनास्तर पनि यो वर्गमा छ । त्यसैले यो वर्गभित्रका सदस्य बढी चञ्चल पनि देखिएका छन् ।

उपर्युक्त परिप्रेक्ष्यमा मध्यम किसान परिवारमा छोराछोरीलाई जसरी पनि शिक्षादीक्षा दिनुपर्छ, राष्ट्रको योग्य र सक्षम नागरिक बनाउनुपर्छ भन्ने भावना पनि प्रवल देखिन्छ । जमिन बेचेर, जायजेथा बेचेर, ऋण गरेर भए पनि छोराछोरी पढाउन जोड गरिरहेका छन् । यो प्रयत्न अत्यन्त सकारात्मक पनि हो । यसले समाजलाई योग्य नागरिक उपलब्ध गराउन मद्दत पुर्‍याएको हुन्छ । यो राम्रो पक्ष पनि हो । तर यसले गर्दा मध्यम किसान परिवारका पाका आमाबाबुका निम्ति अब थेग्नै नसक्ने अवस्था सिर्जना हुन थालेको छ । प्रवेशिका वा त्योभन्दा माथिको परीक्षा पास गरिसकेका छोराछोरी आमरुपमा खेतीपातीका काम गर्न रुचि नदेखाउने गर्छन् । एक तहको शिक्षा आर्जन गरिसकेपछि घरमा गएर घाँस-दाउरा ल्याउने, मलका डोका बोक्ने, पशुपालन व्यवसाय वा खन-जोत गर्ने काममा सहभागी हुन रुचि नराख्ने, अरु अध्ययनका लागि दबाब गर्ने, सहरमा पढ्ने छोराछोरीको लागि खर्चवर्चको व्यवस्था गर्नुपर्ने, पाए स्वदेशमा नपाए विदेश जान खोज्ने, घरमा काम गर्ने जनशक्तिको अभाव हुने, ज्यालामा काममा लगाउँदा नाफा नबस्ने, आफैं काम गर्न उमेर आदिका कारण कष्टकर हुने जस्ता पारिवारिक कारणले गर्दा छोराछोरीको पढाईसँगै कृषि कार्यसँग मोहभङ्ग भई जमिन बेच्ने, बसाई सर्ने, पेशा फेर्ने, त्यस्तो सम्भव नभएका परिवार र ठाउँमा विविधखालको अन्तरविरोध बढ्ने जस्ता अवस्था मध्यम किसानभित्रको अघिल्लो वर्गका किसान परिवारले भोगिरहेका छन् ।

एकातिर यस्तो आन्तरिक परिवारिक कारण र पेशा थेग्न कठिनाई परेको छ भने अर्कातिर सरकारी नीतिका कारण पनि यो वर्ग गम्भीर पीडा भोग्दैछ । एउटा मध्यम किसान परिवारको झाँकी यस्तो पनि देखिएको छ- ६५ वर्षका बूढा र ६० वर्षकी बूढी घरमा छन् । उनका छोरीहरू विवाह भएर घर घर गइसकेका छन् । दुईवटा छोरामध्ये जेठोको विवाह भइसकेको छ । दुवै छोरा सहरमा पढ्न बस्छन् । बुहारी कहिले घर, कहिले माइत गर्छिन् । खेती दुईतिर छ । गाई भैंसी

छन् । बिहानै उठेर गाई भैँसीको स्याहार गर्नु, दूध दुहुनु, बजार वा सङ्कलन केन्द्रमा बिक्री गर्नु, घरमा पशु-पंक्षीलाई आहारा, घाँसको जोहो गर्नु, दिउसो खाना खाएर खेतबारी मेलामा जानु, फेरि साँझ घरमा आएर तिनै कार्य गर्नु, हरेक दिन यी कामले त्यस्तो परिवारलाई छाड्दैन । कहिले कुलो बनाउन जाउ, कहिले सडक निर्माण वा श्रमदान गर्न जाउ, कहिले मलको धोक्रो र डोको लिएर आउ, बाह्रै महिना बाह्रै काल कामबाट फुर्सद हुँदैन । दूध र अन्य कृषि उपज बिक्री गरेर सहरमा पढ्ने छोराछोरीलाई खर्च पठायो, खर्च पुग्यो कहिल्यै भन्दैनन् । हर वस्तुको मूल्य वृद्धिले सहर सताइएको छ ।

किसान उत्पादनको मूल्य नपाएर सताइएको छ । २४ घण्टामा १८ घण्टाको कामको चापले बुहारी दुखित छिन् । बुढेसकालमा पनि सास फेर्न फुर्सद नभएको र सधैँ घाटा र ऋणमा डुब्दै जानुपरेकाले घरपरिवार पिरिएको छ । कृषि विकास ब्याङ्कले गैराबारी लिलामका लागि विज्ञापन गरेको खबरले बूढा चिन्तित छन् । ६० वर्षको उमेरमा पनि तीर्थ गर्ने मौका नपाएकोमा घरबूढी चिन्तित छिन् । उता सहरमा पढ्ने छोराहरू घरबाट पर्याप्त खर्च नपाएको, कामको खोजी गर्दा काम पनि नपाएको, परीक्षामा सब्जेक्ट लागेको पीर, डेरा भाडा तिर्न नसकेको पीरले भौतारिइरहेका छन् । सहरमा सञ्चार माध्यममा हरेक दिन हत्या, हिंसा, चोरी, डकैतीको बारदातका समाचारले ढाकेको हुन्छ । देशमा अशान्ति, अन्यौल, अस्तव्यस्तता हुनुमा मध्यम किसान परिवारभित्रका शिक्षित वेरोजगारको समस्या राज्यले हल गर्न नसक्नु र मध्यम किसान परिवारभित्रको सन्तुलनमा आएको विघटन र अस्थिर मनस्थितिलाई उत्साहित गर्न सहज उत्पादन, औजार र आधार उपलब्ध नहुनु पनि महत्वपूर्ण कारण भएको छ ।

मध्यम किसान देशको सर्वाङ्गीण विकासको मेरुदण्ड हो । देशको कुल जनसङ्ख्याको लगभग आधा हिंसा ओगट्ने यो वर्ग तुलनात्मकरुपमा स्वाभिमानी, सचेत र सक्षम वर्ग पनि हो । यसले कृषि क्षेत्रमा क्रान्तिकारी परिवर्तनको चाहना राखेको छ । गाउँगाउँमा बस्ती-बस्तीमा शोषण, अन्याय, अत्याचारको अन्त्य चाहेको छ । गाउँगाउँमा कृषि सडक, सिचाई, कृषि सहकारी, कृषि उद्योग, कृषि बजारको राम्रो व्यवस्था चाहेको छ । आफूले उत्पादन गरेको वस्तुको उचित मूल्य चाहेको छ तर त्यस्तो पाउन सकेको छैन । जताततै निराशाजनक





स्थितिमात्रै उसले व्यहोर्नु परिरहेको छ । पाँच सात वर्ष पहिले रासायनिक मल पाँच रुपैयाँ प्रतिकिलोमा खरिद गर्थ्यौं र धान पनि पाँच रुपैयाँ प्रतिकिलोमा बेच्थ्यौ । अहिले डिएपी मल एक किलोको २० रुपैयाँमा किन्नुपर्छ, युरिया ११ रुपैयाँमा किन्नुपर्छ । धान आज पनि पाँच रुपैयाँ प्रतिकिलोमा बेच्न बाध्य छ । उसले किन्ने वस्तुको मूल्य वृद्धि भएको भएकै छ, बिक्री गर्ने वस्तुको मूल्य पाइरहेको छैन ।

गाउँमा पूर्वाधार विकासको गति निराशाजनक छ । आफ्ना छोराछोरी बेरोजगारको सिकार भएको हेरिरहेको छ । यसले मध्यम किसानको सारै ठूलो हिंस्सालाई छटपटीमा पारेको छ । सरकार हाँसको चाल न कुखुराको चालमा छ । मध्यम किसानको यो समस्यालाई समस्याका रुपमा लिइएको छैन । किसान असङ्गठित शक्ति भएका हुनाले यसले केही गर्न सक्तैन भन्ने भ्रममा रहेर अझै अरु समय यस्तै रहने हो भने देशको आधा जनसङ्ख्यामा रहेको यो वर्गको साथमा भूमिहीन, गरीब, कमैयालगायत्का आधारभूत श्रमजीवी वर्गको संयुक्त विद्रोहका लागि धेरै समय कुर्नुपर्दैन भन्ने अनुमान सहजै गर्न सकिन्छ ।

अब यो वर्ग सत्ताधारी शोषक वर्गको भ्रम र जाललाई राम्रोसँग बुझ्न सक्ने तहमा पुगेको छ । अब किसान हो, यो अचेत र असङ्गठित छ भनेर कसैले हेप्न खोज्छ भने त्यसको सामना गर्न सक्ने सङ्गठित भएर उत्रन सक्ने तहमा पुगिसकेको छ । आफ्नो हक, अधिकार र इज्जतका लागि के गर्नुपर्छ, के गर्न आवश्यक छ भन्ने कुरा आजको किसानले बुझेका छन् । शान्तिपूर्ण र समझदारीबाट समस्याको समाधानमा लाग्नु राज्यको बुद्धिमानी ठहरिन्छ । युरोपमा २०० वर्षअघि नै सामन्ती भू-स्वामित्व अन्त्य भयो, कृषिमा आधुनिकीकरण, व्यवसायीकरण यान्त्रिकीकरण भयो । त्यो युरोपले सारा संसारलाई विकास के हो भन्ने कुरा गरेरै देखायो । पूर्वी एसिया र दक्षिणपूर्वी एसिया पनि दोस्रो विश्वयुद्धताका र त्यसपछि सामन्ती भू-स्वामित्व अन्त्य गर्दै आधुनिकीकरणतर्फ लाग्यो तर दक्षिण एसिया अझै सामन्ती भू-स्वामित्व र अर्ध सामन्ती शोषण तथा पछौटेपनको सिकार भइरहेको छ ।

विज्ञान र प्रविधिको यत्रो विकासको स्तरमा पुगेको विश्वमा नेपालका ग्रामीण जनतासँग जमिन, सिचाई, कृषि सडकसमेत छैन । यसलाई

तोड्न कृषिमा क्रान्तिकारी परिवर्तनविना सम्भव छैन भनेर सबै विज्ञ पक्ष लागिरहेको छ । यस्तो बेलामा पनि यथास्थितिवादी शक्ति संवैधानिक तथा कानुनी बारबन्देज पन्छाएर अघि बढ्न चाहँदैन भने अब आउने आँधीले सबै यथास्थितिवादी शक्तिलाई उडाएर लानेछ ।

## १५. कृषि-श्रमिकको उत्थान आवश्यक

कृषि उत्पादन कार्यमा श्रम बिक्री गर्ने ज्यालादारी, जो भूमिहीन वा अत्यन्त थोरै जमिन भएका ग्रामीण परिवारका सदस्य छन्, तिनलाई कृषि श्रमिक सम्झनुपर्दछ । हाम्रो देशमा कृषि-श्रमिक सहर, गाउँ, सबैतिर वृद्धि हुँदै गएका छन् । अन्न, फलफूल तरकारी, पशुपालन, उखु, सूर्ती, चिया, अलैंची, अदुवालगायत्का नगदेबालीसमेत तमाम कृषि उत्पादन गर्ने कार्यमा कृषि श्रमिक संलग्न छन् । तथ्याङ्कअनुसार जमिन हुँदै नभएका र अत्यन्तै थोरै अर्थात् ०.२ हेक्टरभन्दा कम जमिन भएका ग्रामीण किसान परिवार मात्रै १० लाख छन् । जसमा कुल जनसङ्ख्या ५५ लाख र पूरै काम गर्ने उमेरका २० लाख अर्थात् प्रतिपरिवार २ जना कृषि श्रमिकको दरले २० लाख क्रियाशील उमेरका छन् ।

यतिमात्रै होइन, ग्रामीण क्षेत्रको कम उब्जाउ हुने, सिचाई नुहने पाखो, खोरिया जमिन भएका ०.५ हेक्टरसम्म जमिन हुने परिवार पनि कृषि श्रमिकका रुपमा, अस्थायी ज्यालादारी काम गर्दछन् । स्वदेशमा कृषि र गैरकृषि क्षेत्रको श्रम गर्ने र विदेशमा गएर पनि निम्नस्तरको श्रम बजारमा आफूलाई सामेल गर्दछन् । यसभित्र पनि एउटा ठूलै हिस्सा कृषि-श्रमिकको रुपमा काम गर्ने गरेको पाइन्छ ।

उक्त प्रकृतिका कृषि-श्रमिकबाहेक नेपालको पश्चिम भागमा खासगरी कैलाली, कन्चनपुर, बाँके, बर्दिया, दाङमा कमैया, हलियाको रुपमा हली, गोठाला, हरूवाचरुवाका रुपमा छन् । यी कृषि श्रमिकको जीवन अत्यन्त मध्ययुगीन प्रकृतिको पिछडिएको अवस्थामा छ । कम्युनिष्ट पार्टी र अनेकिसङ्घले कृषि-श्रमिकको मुक्तिका लागि आवाज उठाउने, सचेत र सङ्गठित गर्ने, नेकपा (एमाले) सरकारमा पुगेको बेला ठोस कार्यक्रम अघि सारेर काम गर्न थालेको पाइएको थियो । तर पनि उनीहरुको अलग्गै सङ्गठनको अभाव भने झन टड्कारो महसुस भएको छ ।





## १६. किसान सङ्घ र कृषि श्रमिक सङ्गठनबीच अन्तरसम्बन्ध

अखिल नेपाल किसान सङ्घ २००८ सालमा स्थापना भएको हो । यो सङ्घ आम किसान अर्थात् भूमिहीन किसान, गरिब किसान, मध्यम किसान र धनी किसानसमेतको प्रतिनिधित्व गर्ने र सामन्त, जमिनदार वर्गको विरुद्ध सचेत, सङ्गठित र सङ्घर्षशील भूमिका निर्वाह गर्दै आएको सङ्गठन हो । यस सङ्गठनले आमरुपमा मध्यम किसानदेखि भूमिहीन किसानलाई सँगसँगै सदस्यता वितरण गर्ने र कमिटीमा सङ्गठित गर्ने काम गर्दै आएको छ । ग्रामीण क्षेत्रमा रहेको सामन्ती शोषण, उत्पीडन र साम्राज्यवाद तथा सबैखाले प्रतिक्रियावादी शोषण उत्पीडनका विरुद्ध जुझारु सङ्घर्ष गर्दै आएको संस्था अनेकिसङ्घ हो । स्थापनाकालदेखि आजसम्म पनि अखिल नेपाल किसान सङ्घले नेपालमा सञ्चालित प्रजातान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निभाएको छ । आम किसान र कृषि मजदुरको हक अधिकार र इज्जतका लागि "जी कहो" आन्दोलन, जाली तमसुक च्यात्ने आन्दोलनदेखि, उचित मूल्य, समयमा मल बिउ, सिचाईलगायत्का माग राखेर आन्दोलन गरेको छ । त्यसैगरी बनी (ज्याला) वृद्धि गर्ने आन्दोलन पनि गरेको छ ।

यसरी गरिने आन्दोलनमा किसान सङ्घमै पनि मूलतः मध्यम किसानको नेतृत्व स्थापित हुँदै आएको छ र कृषि श्रमिकको नेतृत्व स्थापित हुन नसकेको र तत्काल स्थापित हुन नसक्ने पनि देखिएको छ । त्यसको वस्तुगत कारण पनि विद्यमान छ । किसान सङ्घ मूलतः मध्यम किसान बाहुल्य सङ्गठन भएकाले टोल तहदेखि गाउँ, इलाका, जिल्ला, अञ्चल र केन्द्रमा पनि क्रमशः बाहुल्य रहँदै आएको छ । राणा शासनविरुद्ध सामन्त जमिनदार वर्गको विरुद्ध र निरङ्कुश तानाशाही व्यवस्थाविरुद्ध सङ्घर्ष गर्दा भूमिहीन किसानदेखि धनी किसानसम्मको एउटै मोर्चा बन्न सक्ने अवस्था थियो । अब बहुदलीय राजनीतिक व्यवस्था स्थापना भइसकेको वर्तमान अवस्थामा सङ्घर्षको स्वरुप केही फेरिएको छ । भूमिहीन र गरीब किसान वर्ग स्रोतबाट आएको कृषि श्रमिकको स्वार्थ र मध्यम तथा धनी किसानका स्वार्थ समान हुँदैनन् । उदाहरणका लागि मध्यम तथा धनी किसानको मुख्य माग हुन सक्छ- सिचाईको व्यापक व्यवस्था, मल, बिउ, कीटनाशक औषधी सरल मूल्यमा सुलभ तरिकाले प्राप्त गर्नु, उत्पादित कृषि

उपजको लाभकारी मूल्य प्राप्त गर्नु, बजारको राम्रो प्रबन्ध हुनु, गोदाम घर, शीतभण्डारको राम्रो व्यवस्था गरिनु, गाउँ गाउँमा कृषि सडक र ढुवानी व्यवस्था सुगम हुनु, सरल ब्याजदरमा ऋणको सुविधा उपलब्ध गराउनु आदि ।

उता भूमिहीन किसान र अत्यन्त कम जमिन भएका गरीब किसान परिवारका कृषि श्रमिकका माग निकै नै फरक हुन्छ । माथि भनिएको मध्यम र धनी किसानका माग कृषि श्रमिकको हितको प्रतिनिधित्व गर्दैन । कृषि-श्रमिकका माग धनी र मध्यम किसानका मागसँग कुनै कुरामा मेल खाने भए तापनि मूलरुपमा विशिष्टता हुन्छ । सामान्यतया कृषि श्रमिकका माग निम्नानुसार हुन सक्छन् :

## विविध पक्ष

- उत्पादित वस्तु बजारसम्म ल्याउनका निम्ति कृषि सडकको व्यापक विस्तार गरिनु जरुरी छ । ग्रामीण क्षेत्रबाट जुनसुकै वस्तु ल्याउन र बजारमा उत्पादित उपभोग्य वस्तु गाउँसम्म पुऱ्याउन त्यही सडकको माध्यमबाट सकिन्छ । यसबाट बचत क्षमता बढ्छ । बचतले लगानी क्षमता बढाउँछ र लगानीले औद्योगिक विकासका निमित्त पुँजी निर्माण गर्ने आधार तयार पार्छ ।
- सामूहिक ढङ्गले मिलीजुली काम गर्ने र उत्पादन गर्ने कृषि सहकारीको विकास पनि आवश्यक छ । यसबाट स-साना बचतकर्ताको बचतबाट ठूलो कोष खडा हुन सक्छ । साना-साना उत्पादकको संयुक्त प्रयत्नबाट ठूलो मात्रामा उत्पादन विकास गर्न सकिन्छ ।
- यी सबै कुराका साथै अत्यन्तै महत्वपूर्ण अर्को पक्ष कृषि उद्योगलाई केन्द्रविन्दु बनाएर अघि बढ्नु हो । कृषिमा आधारित उद्योग भन्नेबित्तिकै नेपालमा मूल्य अभिवृद्धि सबैभन्दा धेरै पर्न जान्छ । त्यसको कच्चा पदार्थ हामीसँग छ । उत्पादन कार्यमा लाग्ने श्रमशक्ति हामीसँग छ । त्यसबाट निर्माण हुने वस्तु बाहिरबाट आयात गरिएका वस्तु नभई नेपाली वस्तुबाटै तयार हुन सक्छ । औद्योगिक विकासले यथार्थमा नेपाली जनताको प्रतिव्यक्ति आय वृद्धि गर्न सक्छ ।





- जुन देशमा जनताको पर्याप्त मात्रामा क्रयशक्ति छ, आयवृद्धि छ र बचत क्षमता छ, त्यहाँ अन्तर्राष्ट्रिय लगानीकर्ता पनि लगानी गर्न उत्साहित हुन्छन् । यसले बाहिरी लगानीको मात्राको आवश्यकताको पूर्वाधार पनि तयार हुन्छ । हाल देशको बजेट घाटामा छ, बचत शून्य छ र देश ऋणमा डुबेको छ । उत्पादन वृद्धि हुने सम्भावना नभएकाले विदेशी लगानीकर्ता उत्साहित नभएका हुन् । त्यसैले औद्योगिक विकासको पूर्वाधार तयार पार्न, यन्त्रउपकरणको आयात र पुँजी निर्माण गर्न क्रान्तिकारी भूमिसुधारले ठूलो योगदान गर्छ ।
- अन्तर्राष्ट्रिय अनुभवमा एसिया महादेशका कोरिया, चीन, ताइवान र जापानलाई उदाहरणका रुपमा लिन सकिन्छ । ती देशमा दोस्रो विश्वयुद्धपछि भूमिसुधारका कार्यक्रम लागू भए । त्यसअगाडि त्यहाँ पनि विकासको गति शून्य थियो । कोरिया र ताइवानको त नेपालको प्रतिव्यक्ति आयभन्दा धेरै बढी थिएन । त्यहाँ तीव्र ढङ्गले भूमिको हदबन्दी तीन हेक्टरमा झारेर भूमिसुधार गरियो । लाखौँ भूमिहीन किसानबीच समानढङ्गले भूमि वितरण भयो । यसबाट जनतामा आएको उत्साह उत्पादक शक्तिमा आएको जाँगर, उत्पादक शक्तिको हातमा पर्न गएको भूमि मूल कारक बनेर आज ती देश औद्योगिक विकासमा धेरै अगाडि बढेका छन् । प्रतिव्यक्ति आय धेरै बढी छ ।
- भारतकै उदाहरण लिने हो भने पनि त्यहाँ भूमिको अधिकतम सदुपयोग गरिएका प्रान्त र अरु प्रान्तमा प्रतिव्यक्ति आय धेरै अन्तर छ । केरलाको मात्र उदाहरण हेर्दा प्रतिव्यक्ति आय, शिक्षा, स्वास्थ्य र अन्य पूर्वाधार विकासको आधार र विहारको विकासको आधारलाई दाँज्ने हो भने पनि निकै अन्तर पाइन्छ । यसले के देखाउँछ भने क्रान्तिकारी भूमिसुधारले औद्योगिक विकासमा निकै ठूलो योगदान पुऱ्याउन सक्छ ।
- क्रान्तिकारी भूमिसुधार कुनै व्यक्ति वा समुदायमा केन्द्रित हुने होइन । यो देशको समग्र अर्थतन्त्रलाई माथि उठाउन गर्नुपर्ने आधार हो । केही व्यक्तिको भनाइमा क्रान्तिकारी भूमिसुधार वा भूमिको हदबन्दी बेकारका कुरा हुन् । त्यसैले औद्योगिक विकास

हुन सक्दैन भन्ने तर्क पनि छ । तर यथार्थ के हो भने क्रान्तिकारी भूमिसुधार लागू हुन नसकेको अवस्थामा धेरै जमिन आफूसँगै राखेर सम्पन्न छु भन्ने ठूला जमिनदार, मझौला जमिनदार र भूमिपति पनि उत्साहित छैनन् । उनीहरूको पनि जीवनस्तर माथि उठ्न सकेको छैन । किनभने उनीहरूले पनि आधुनिक उपभोग्य वस्तुको प्रयोग गर्न सक्ने अवस्था छैन । तर थोरै जमिन भएका र आधुनिक उत्पादन प्रणालीमा समावेश भएका पुँजीवादी उत्पादनका आधार औद्योगिक क्षेत्रमा सामेल भएका मान्छेले कतिपय ठाउँमा निकै राम्रो प्रगति गर्न सकेका छन् ।

- क्रान्तिकारी भूमिसुधारको हदबन्दी लागू गर्दा भूमिपतिका लागि आधुनिक औद्योगिक उत्पादनको क्षेत्रमा अगाडि बढ्ने आधार राज्यले बनाइदिने काम गरेपछि उनीहरू निराश हुनुपर्ने, हतास हुनुपर्ने र हामीमाथि दमन वा अन्याय भयो भनेर सोच्नुपर्ने कुनै कारण रहँदैन । किनकि नेपालको सन्दर्भमा सामन्ती भू-स्वामित्वका आधारमा अडेका मान्छेभन्दा त्यसभित्रैबाट पुँजीवादी अर्थतन्त्रमा आफूलाई समाहित गरेका उद्योगपति, व्यापारी, व्यवसायीका जीवनस्तर र आर्थिक आधार माथि पुग्न सकेको छ ।
- औद्योगिक विकासका निम्ति क्रान्तिकारी भूमिसुधार सँगसँगै गर्नुपर्ने काम के के हुन् ? उद्योग विकासमा लगानीलाई प्रोत्साहित गर्न व्यापार र उद्योगलाई एउटै नजरले हेर्ने काम गर्नुहुँदैन ।उद्योगमा ठूलो मात्रामा पुँजीको लगानी र प्राविधिक क्षमता आवश्यक पर्दछ । उसले बजारको खोजी र प्रचारप्रसार गर्नुपर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उपभोक्तालाई सन्तुष्ट पार्न गुणस्तरीय वस्तु उत्पादन गर्नुपर्छ । यसका निम्ति औद्योगिक नीतिमा उपयुक्त आधार तय गरी सन्तुलित बनाउन आवश्यक छ । अनेकखालका प्रशासनिक झन्झटबाट निराश हुने वातावरण, निर्णयमा ढिलासुस्ती र दुःख दिने आदि कुरा हुनुहुँदैन । यसनिम्ति सबै क्षेत्र तयार हुनुपर्छ ।
- कानुन र नियमबमोजिम राज्यको राजश्व तिर्नु कर्तव्य हो भन्ने वातावरण बनाइदिनुपर्दछ । उत्पादन र लाभको विना लेखाजोखा गर्नु, जबर्जस्ती करभार थोपरी व्यवसायीलाई निराश बनाउनुहुँदैन ।





जसका कारण उनीहरू औद्योगिक क्षेत्रबाट फर्केर जमिन किनेर थुपार्नेतिर नलागून् । अहिले अनुत्पादक क्षेत्रमा लगानी गर्ने काम भइरहेका छन् । त्यसलाई रोकी उद्योगमा लगानी गराउनुपर्छ । त्यसबाट नै हाम्रो भविष्य सुनिश्चित हुन्छ भन्ने कुरातर्फ प्रोत्साहित गरिनुपर्छ । त्यसैगरी उत्पादन कार्यमा लाग्ने किसान, खेतीहर मजदुर, गोठाला आदिले पनि आफ्नो सिप र क्षमताको पर्याप्त प्रयोग गरेपछि त्यसबाट लाभ पाउन सकिन्छ भन्ने आधार राज्यले खडा गरिदिनुपर्छ । उत्साहित उत्पादक शक्तिबाट नै कुनै पनि फाँटको विकास सम्भव छ । अहिलेको उत्पादक शक्ति र उत्पादन सम्बन्धबीच सम्बन्ध सुमधुर बनाउन पर्याप्त प्रयत्न गरिनुपर्छ ।

- नवौँ योजनाले गरिबी निवारणलाई प्रमुख प्राथमिकता तोकेको छ । पछिल्लो तथ्याङ्कअनुसार कुल जनसङ्ख्याको कुल श्रमशक्तिको १४ प्रतिशत पूर्ण बेरोजगार र ४५ प्रतिशतभन्दा बढी अर्ध बेरोजगार रहेको देखाउँछ । प्रत्येक वर्ष २.५ प्रतिशतका दरले जनसङ्ख्या वृद्धि हुनाले त्यही रफ्तारमा बेरोजगारको सङ्ख्या पनि बढ्दै गएको छ । रोजगार सिर्जना प्रत्येक वर्ष हुनुपर्छ । २.५ प्रतिशत भन्नाले लगभग ५ लाखभन्दा बढी नयाँ रोजगारीको सङ्ख्या सिर्जना प्रत्येक वर्ष हुनुपर्छ । यसो हुन नसकेमा यथावत् अवस्था पनि रहँदैन । बरु ऋणात्मक ढङ्गले योभन्दा पनि बढी बेरोजगारी बढ्ने खतरा रहन्छ ।
- गरिबी निवारणका निम्ति रोजगारी सिर्जना गर्ने ठूलो आधार भूमि, कृषि, वन, औद्योगिक र सेवा क्षेत्र नै हुन् । यसमा पनि सबै भन्दा बढी श्रमशक्तिको सिप प्राप्त हुने क्षेत्र भूमि नै हो । त्यसैले क्रान्तिकारी भूमिसुधार औद्योगिक विकासका निम्ति अपरिहार्य भएको कुरा माथि उल्लेखित विविध पक्षबाट पुष्टि हुन्छ । नेपालको औद्योगिक विकास विशुद्ध विदेशी लगानीबाट मात्र सम्भव छैन ।
- यी सबै अधार दृष्टिगत गरेर व्यवस्थित योजनासहित अगाडि बढ्न सकियो भने मात्र नेपालमा औद्योगिक क्रान्ति सम्भव छ ।

## १७. कृषि विकासको समस्या र समाधान

- नेपालमा द्रुततर आर्थिक अभिवृद्धिको थालनी गर्ने समय आइसकेको छ । त्यसका लागि आधारभूत प्राथमिकता तयार गरिएको छ । देशमा भौतिक पूर्वाधार, मानवीय पुँजी र संस्थाहरूको न्युनतम पूर्वाधार बनिसकेको छ । ती सबै कुराले द्रुततर कृषि विकासको थालनीका लागि उपयुक्त वातावरण बनाएका छन् । देशमा विद्यमान असमान भू-स्वामित्व, दोहोरो हक प्रणाली र खण्डीकरणका प्रक्रिया कृषि विकासका बाधकका रुपमा छन् । जग्गाको पुनर्वितरण, मोहियानीको अन्त्य र चक्लाबन्दीका कार्यक्रमले सामाजिक न्याय कृषि विकासका प्रयासलाई बढी फलदायी बनाउनेछन् ।
- द्रुततर अभिवृद्धि गराउन सुरु गर्ने ठाउँ ग्रामीण नेपाल नै हो, जहाँ धेरै ठूलो भाग लिने क्षेत्र कृषि हो भने ती ग्रामीण जनता र तिनका साधनको लगानीद्वारा उत्पादनशीलता बढाउने आधार कृषिजन्य प्राविधिक प्रवाह तथा ग्रामीण पूर्वाधार नै प्रमुख मानिन्छ ।
- त्यसैले कृषि विकासका लागि चारवटा प्राथमिकता प्रदत्त उत्पादक तत्व सिचाई, सडक, प्रविधि र रासायनिक मल हुन् । यी सबै प्रविधि अन्तरसम्बन्धित छन् र यिनले उत्पादनशीलता बढाउँछन् । त्यसैगरी केही मूल्यवान् वस्तुका उत्पादनमा प्राथमिकता तोकिएको छ, जसले कृषि आयाममा नाटकीयरुपमा वृद्धि ल्याउने छ । यी वस्तुमा जोड दिनाले खासगरी पहाडमा प्रादेशिक सन्तुलन कायम हुन्छ । यसले प्रत्यक्षरुपले कृषिजन्य वस्तुको उत्पादन अभिवृद्धिद्वारा र अप्रत्यक्षरुपमा गैरकृषि क्षेत्रमा रोजगारी सिर्जना गर्न तथा गुणात्मक असरहरूद्वारा गरिबी कम गर्नमा ठूलो मद्दत गर्नेछ । रोजगारमूलक असरले सहरीकरणलाई विकेन्द्रित गराउनेछ ।

◆◆◆





## सन्दर्भ सामग्री

१ दीर्घकालीन कृषियोजना
२ नेपाल वायोडाइभरसिटी स्ट्राटिजी, युएनडिपी
३ किसान आन्दोलन ५० वर्ष
४ भियतनाम शान्ति र विकास प्रतिष्ठानका कार्यकारी उपाध्यक्ष सन डक लुइको कार्यपत्र र उनीसँग भएको छलफल
५ जनरल इन्ष्टिच्युट अफ पोलिसी एण्ड स्ट्राटेजी फर एग्रिकल्चर एण्ड रुरल डेभलपमेन्टका भाइस डाइरेक्टर डा.दोङ डोक थाइको प्रस्तुति तथा छलफल
६ बेइजिङ रिभ्युमा प्रकाशित चुज्युन र जेभ चियाज्फीको फिनान्सियल क्राइसिस विषयक लेख
७ भियतनाम स्टाटिक्स ब्युरोको प्रतिवेदन
८ केशव बडाल लिखित सहकारी सिद्धान्त र प्रयोग
९ एग्रिकल्चरता लेण्ड रिफर्म इन कोरिया : ए रेड्रोस्पेकटिभ एण्ड प्रोस्पेक्टिभ रिम्पू , १९९३, लेखक–डोङ्ग–बाई ली (Dong Bsi Lee)
१० दि इभोलुशन अफ जापानस लेण्ड पोलिसिस इन्द इस्ट एसिपन कन्टेक्स्ट–१९९३, लेखक–आकिरा ताका हासी (Akira Takahashi)
११ रिफ्लेक्सन अन लेण्ड रिफर्म इन जापान, लेखक–यासिकाई निसिडा (Yashikai Nishida) १९८३
१२ कोरियास पलार्म लेण्ड रिफर्म एण्ड लेण्ड टेनर सिस्टम, कोरिया करल इकनमिक इन्स्टिच्युट १९९१
१३ उच्चस्तरीय भूमिसुधार आयोगका प्रतिवेदन (बडाल आयोग),
१४ कन्स्टिच्युसन अफ द वर्ड कोलुम नं. १, लेखक–कुमार चुडाल र नरेन्द्रप्रसाद खनाल २००४
१५ भियतनाम र भूमिसुधार, केशव बडाल, २०६६
१६ संविधानमा भूमिसुधार, जगत बस्नेत